# भ्रष्टाचार :
# वैचारिक आन्दोलन
## (प्रबन्धसङ्ग्रह)

**भरत जङ्गम**



**भ्रष्टाचार : वैचारिक आन्दोलन**
**(भ्रष्टाचारविरोधी ६५ वटा प्रबन्धहरूको सँगालो)**


| | | |
|---|---|---|
| लेखक | : | भरत जङ्गम |
| प्रकाशक | : | एकीकृत विकास केन्द्र, नेपाल<br>गौतममार्ग, बनेपा, काभ्रे<br>दूरभाष : ०११-६६२९६२ |
| संस्करण | : | प्रथम |
| प्रकाशनकाल | : | साउन २०६१ |
| प्रकाशनप्रति | : | २००० |
| सर्वाधिकार | : | लेखकमा |
| टङ्कक | : | गीता मञ्जुश्री |
| भाषाशुद्धिकर्ता | : | गङ्गाराम गड्तौला |
| प्राप्तिस्थान | : | जङ्गम निवास, बानेश्वर, काठमाडौं<br>दूरभाष : ०१-४४७०४८८<br>एकीकृत विकास केन्द्र, नेपाल, बनेपा, काभ्रे<br>दूरभाष : ०११-६६२९६२ |
| मुद्रक | : | सगरमाथा अफसेट प्रेस<br>बिजुलीबजार, काठमाडौं<br>दूरभाष : ०१-४७८१३५० |
| मूल्य | : | रु. १००।- |
| ISBN | : | 99946-30–09–1 |

Bhrashtachar : Baicharik Aandolan
(A Collection of Essays)

# लेखकीय

नेपाल विश्वको अति कम विकसित मुलुकको श्रेणीमा पर्दछ र अत्यधिक आर्थिक भ्रष्टाचार हुने मुलुकका रूपमा पनि चिनिन्छ। अशिक्षा र गरिबीले पीडित बहुसंख्यक जनता बसोबास भएको हाम्रोजस्तो मुलुकमा नैतिकवान समूहको नेतृत्व राज्य व्यवस्थाले नपाएको हुँदा यो चौतर्फि भ्रष्ट व्यवस्थाको सिर्जना भएको हो । सामाजिक, सांस्कारिक, नैतिक, साहित्यिक, धार्मिक र शैक्षिक उत्थान नै विकासका लागि पहिलो श्रृङ्खला हो। तर यी क्षेत्रहरू नेपालजस्तो मुलुकमा राजनीतिक क्षेत्रको अतिक्रमणमा परेका छन्। त्यसैले राजनीतिक क्षेत्र जबसम्म नैतिकवान हुँदैन, तबसम्म ती क्षेत्रलाई पनि शुद्ध रूपमा विकास गर्न सकिँदैन। झन् राजनीतिक क्षेत्रले आर्थिक भ्रष्टाचारलाई नेपाली जीवनशैलीकै रूपमा विकास गराई सकेकाले राष्ट्रभित्रको प्रत्येक क्षेत्रलाई आर्थिक भ्रष्टाचारले आ□नो प्रभावक्षेत्रभित्र पारिसकेको छ। तसर्थ आर्थिक भ्रष्टाचार नेपालको विकासका लागि धमिरा सावित भएको छ।

मुलुकको सर्वतोमुखी विकास गराउन मुलुकभित्रको आर्थिक भ्रष्टाचारलाई नियन्त्रण गर्नुपर्दछ। मुलुकभित्रबाट जबसम्म आर्थिक भ्रष्टाचार हटाउन सकिँदैन, तबसम्म मुलुकभित्रका कुनै पनि क्षेत्रमा हुने भ्रष्टाचारको निवारण हुन सक्तैन। सामाजिक, शैक्षिक, साहित्यिक, धार्मिक आदि कुनै पनि क्षेत्रको भ्रष्टाचार हटाउन राष्ट्रिय भावनाले ओतप्रोत सांस्कारिक र नैतिक भावनाको विकास गराउनुपर्ने हुन्छ र यसका निम्ति राष्ट्रिय अभियान नै चलाउनुपर्दछ। राजनीतिक क्षेत्रलाई विशुद्ध नबनाईकन अन्य क्षेत्रहरू सुध्रिन सक्तैनन्। मुलुकको सर्वतोमुखी विकासको अवरोधकका रूपमा देखापरेको अशुद्ध राजनीतिक क्षेत्रलाई विशुद्ध राजनीतिक क्षेत्रमा परिवर्तित गराउनुपर्ने हुन्छ।

भ्रष्टाचारले नेपाललाई मात्रै पिरोलेको होइन, विश्व नै यसबाट ग्रसित छ। विशेषतः विश्वका अल्पविकसित तथा अविकसित मुलुकहरू भ्रष्टाचारबाट ग्रस्त छन्। यस्तो अवस्थामा त्यस्ता मुलुकहरूले भ्रष्टाचारलाई हटाई सर्वथा स्वतन्त्र र मौलिक परिचयसहितको मुलुकका रूपमा आफूलाई प्रस्तुत गराउन सामूहिक प्रयास गर्नु अत्यन्त आवश्यक भइसकेको छ। भ्रष्टाचारग्रस्त मुलुकहरूबीच समन्वय कायम गरी भ्रष्टाचारविरोधी विचारको र कार्यकलापको अनुभवको आदानप्रदान गर्दा भ्रष्टाचारमुक्त सुशासन कायम गर्न सबैलाई सजिलो पर्नेछ।

अहिले 'भ्रष्टाचारविरुद्ध विज्ञान' विकास हुने क्रममा छ र यसलाई पूर्णतः स्थापित गर्नु समयको माग पनि बनिसकेको छ। त्रिभुवन विश्वविद्यालयको समाजशास्त्र, राजनीतिशास्त्र, अर्थशास्त्र, व्यवस्थापन, जनप्रशासन तथा कानुन सङ्कायका स्नातकोत्तर तहका विद्यार्थीहरूले गर्नुपर्ने अनुसन्धानमा भ्रष्टाचारविरुद्ध विज्ञानका बारेमा अनुसन्धान सुरु गर्दा अनुसन्धाता विद्यार्थीहरूलाई मद्दत पुगोस् भन्ने हेतुले भ्रष्टाचारसँग सम्बन्धित पूर्वप्रकाशित विभिन्न प्रबन्धहरूलाई एकै ठाउँमा राखी पुस्तकको रूप दिइएको हो। यस पुस्तकबाट अनुसन्धानको क्षेत्रमा सहयोग पुग्नेछ भन्ने विश्वास मैले लिएको छु।

विजयादशमी, २०६१ साल



**भरत जङ्गम**

# प्रकाशकीय

भ्रष्टाचार वर्तमान विश्वको महारोग हो र यसलाई हटाउनु वर्तमान विश्वको सबैभन्दा ठूलो चुनौती हो। भ्रष्टाचारबाट विश्वलाई मुक्त पार्न गरिने भ्रष्टाचारविरोधी अभियानअन्तर्गत भ्रष्टाचारबाट ग्रस्त भएका अल्पविकसित तथा अविकसित मुलुकहरूबीच भ्रष्टाचारविरोधी सन्जाल तयार पार्ने र त्यही सञ्जालका माध्यमबाट सबैमा मानवीय कर्तव्यपक्षको स्मरण गराउने, भ्रष्टाचारविरोधी विचार-दर्शन र भ्रष्टाचारका उदाहरणहरू उल्लेख भएका पुस्तकहरू प्रकाशित गरी व्यापक रूपमा प्रचार-प्रसार गराउने, शिक्षणसंस्थामा भ्रष्टाचारविरोधी दर्शन पाठ्यक्रमकै रूपमा अध्ययन-अध्यापन गराउने, भ्रष्टाचारका सम्बन्धमा अनुसन्धान गराउने, भ्रष्टाचारविरोधी पत्रिकाहरूको प्रकाशन गर्ने, चिनिएका भ्रष्टाचारीहरूलाई सामाजिक बहिष्कार गर्ने आदि कार्यक्रम सञ्चालन गर्न सकिन्छ।

यसका निम्ति मानवीय कर्तव्यपक्षलाई सर्वप्रथम छलफलमा ल्याउनु आवश्यक छ। 'मानव-अधिकार' को प्रसङ्ग सर्वस्वीकृत र सर्वमान्य हुँदाहुँदै पनि 'मानव-अधिकार' लाई आधार बनाई भित्रिन पुगेका यावत् विकृतिहरूको निराकरण 'मानव-कर्तव्य' को प्रसङ्गबाट मात्र हुन सक्छ। अधिकारका साथसाथै कर्तव्यलाई पनि जोड दिने गरिएको भए भ्रष्टाचारको यत्रो दबदबा बढ्ने नै थिएन। त्यसैले भ्रष्टाचारग्रस्त मुलुकहरूले 'मानव-कर्तव्य' का पक्षमा जोडदार रूपमा आवाज उठाउनुपर्दछ र 'मानव-कर्तव्य' लाई सामूहिक प्रयासको कडीका रूपमा स्वीकार गरी आफ्नो अभियानलाई अगाडि बढाउनुपर्दछ।

नेपालमा पनि भ्रष्टाचारविरोधी अभियानहरू सञ्चालन भइरहेका छन्। भ्रष्टाचारविरुद्ध कार्य गर्न विदेशी अनुदान लिने र त्यही अनुदानमा पनि भ्रष्टाचार गरी भ्रष्टाचारविरुद्ध अभियान सञ्चालन गर्नेहरू एक थरी छन्। आफ्नै विवेक, श्रम, स्रोत र साधनलाई परिचालन गरी स्वस्फूर्त रूपमा राष्ट्रको मायाले भ्रष्टाचारविरुद्ध अभियान सञ्चालन गर्नेहरू अर्का थरी छन्। अनुदान लिएर अभियान सञ्चालन गर्नेहरूको अभियानले प्रभाव त धेरै देखाउँदैन, तर उनीहरूको प्रचार-प्रसार व्यापक रूपमा हुन्छ। स्वेच्छाले अभियान सञ्चालन गर्नेहरूको अभियान प्रभावकारी बनेको हुन्छ, तर उनीहरूको प्रचार-प्रसार कम मात्र हुन्छ। नेपालको परिप्रेक्ष्यमा भरत जङ्गम दोस्रो स्वरूपका व्यक्ति हुनुहुन्छ। उहाँ विदेशी अनुदान नलिईकन आफ्नै विवेकले आफ्नो स्रोत र साधनलाई परिचालन गराई राष्ट्रको मायाले स्वस्फूर्त रूपमा भ्रष्टाचारविरुद्ध अभियानको सञ्चालन गरिरहनुभएको छ। उहाँको अभियानले प्रभावकारिता त देखाएको छ, तर प्रचार-प्रसार पर्याप्त मात्रामा हुन सकेको छैन।

भ्रष्टाचारविरोधी अभियान सञ्चालन गर्ने क्रममा भरत जङ्गमले भ्रष्टाचारसम्बन्धी विविध विषयहरूमा टिप्पणीहरू लेखी विभिन्न पत्रिकाहरूमा प्रकाशन गराउनुभएको थियो। तिनै प्रबन्धहरूलाई दस भागमा विभक्त गरी यो सङ्ग्रह तयार भएको हो।

भ्रष्टाचारको विरोधमा जनचेतना जगाउन र भ्रष्टाचारविरोधी अभियानलाई अझ सशक्त पार्न स्वतन्त्र विचार मञ्चले २०५३ साल मार्ग ७ गतेदेखि भ्रष्टाचारविरुद्ध आन्दोलन सञ्चालन गर्दै आएको छ। मञ्चले सञ्चालन गरेको आन्दोलन आज नवौं वर्षमा प्रवेश गर्दैछ। भ्रष्टाचारविरुद्धको आन्दोलनमा यो पुस्तक सहयोगी तथा मुलुकमा बढ्दै गएको भ्रष्टाचार नियन्त्रणको क्रममा सहायक सिद्ध हुनेछ भन्ने विश्वासका साथ यस संस्थाबाट यो "भ्रष्टाचार : वैचारिक आन्दोलन" नामक पुस्तक प्रकाशन गरिएको हो। यसका लागि लेखकप्रति कृतज्ञता ज्ञापन गर्दै पुस्तक प्रकाशनमा सहयोगी हुनु भएका सबैप्रति यो संस्था आभार प्रकट गर्दछ।

मार्ग ७, २०६१ साल

**हरि मञ्जुश्री**





## प्रबन्धसूची

**सन्दर्भ : भ्रष्टाचारसम्बन्धी चिन्तन**

१. भ्रष्टाचार-निवारणको उपाय ७
२. भ्रष्टाचार र भारतीय प्रधानमन्त्री गुजरालको सत्याग्रह ११
३. घूस, लूट र छूटको राजनीति १४
४. भ्रष्टाचार-निवारणको प्रसङ्ग १७
५. भ्रष्टाचार-निवारणमा इच्छाशक्तिको खाँचो २०
६. भ्रष्टाचार र पारदर्शिताको प्रसङ्ग २३
७. भ्रष्टाचार-निवारण : हाँसको चाल न कुखुराको २६
८. राजनीतिकर्मी र बढ्दो भ्रष्टाचार २८
९. भ्रष्टाचार-नियन्त्रण : नयाँ युगको माग ३२
१०. भ्रष्टाचारविरुद्ध शैक्षिक अभियानको खाँचो ३६
११. भ्रष्टाचारी खोज्न प्रहरीलाई जङ्गलमा तैनाथ गराउनुपर्दैन ३९
१२. भ्रष्टाचार सर्वसम्मत छ ४२
१३. भ्रष्टाचारविरुद्ध आन्दोलन र उपलब्धि ४५
१४. राजदूत राल्फ फ्र्याङ्कको कथन : भ्रष्टाचार र आतङ्कवाद ४८

**सन्दर्भ : दलीय स्वार्थपूर्तिका लागि गरिएको काम र परिणाम**

१५. राजनीतिक दल र भ्रष्टाचार-निवारणको प्रसङ्ग ५१
१६. सत्ताको आडमा आर्जित सम्पत्ति कुनै पनि सुरक्षाकवचले बचाउन सक्तैन ५४
१७. हतियारको खरिदमा कमिसनको खेल ५७
१८. मुलुकमा बढ्दो भ्रष्टाचारले जन्माएको माओवादी विद्रोह ६०

**सन्दर्भ : सरकारको हैसियतले गरिएको आर्थिक भ्रष्टाचार**

१९. राज्यकोषबाट दोहोरो सुविधा लिनु अपराध ६३
२०. प्रसङ्ग भ्रष्टाचारको : बिक्री सरकारी उद्योगको ६६
२१. सांसदहरूले माग गरेको विकासकोष रकम गैरकानुनी ६९
२२. सम्पत्तिको बिक्री मात्र समस्याको समाधान होइन ७२

**सन्दर्भ : सरकारबाट भएगरेको अवैधानिक कार्यवाही**

२३. आइतबार बिदाको कारण राज्य, जनता र राष्ट्रसेवक सबै शोषित ७५
२४. सार्वजनिक लेखासमितिको वैधानिकतामा लागेको प्रश्नचिह्न ७८
२५. मदिराको बढ्दो उत्पादन र माओवादीको जनआह्वान ८१
२६. चुनावमा नेपाली मूलका विदेशी सेना र संवैधानिक सङ्कट ८४
२७. शिक्षण संस्थान बन्द र सरकारी दायित्व ८७

**सन्दर्भ : सरकारबाट भएको राजनीतिक भ्रष्टाचार**

२८. विशेषाधिकार भएको राजनीतिक भ्रष्टाचार ९०
२९. प्रधानमन्त्री थापा र भ्रष्टाचार-निवारणको प्रसङ्ग ९५
३०. प्रदीप नेपालको लेख र राष्ट्रसेवक ९८
३१. माननीय सांसदहरूलाई नागरिकका तर्फबाट खुलापत्र १००

३२. प्रतिनिधिसभामा तस्करहरूको लस्कर छ : मुलुकका प्रधानमन्त्री १०३

सन्दर्भ : न्यायक्षेत्रमा भएको भ्रष्टाचार
३३. न्यायाधीशहरूको क्रियाकलाप र अर्दलीको तलब १०६
३४. बेरूजुले उब्जाएका प्रश्नहरू १०९
३५. नेपालका न्यायाधीशहरू न्यायमूर्तिमा परिणत हुन सकेका छैनन् ११२
३६. न्यायक्षेत्रमा आएको अन्योलको समाधान अदालतबाट ११५
३७. अन्धो कानुनका अगाडि उपस्थित छ न्यायक्षेत्रमा भएको घूसकाण्ड ११८
३८. न्यायपालिकाले नै उपभोग गरेको अवैधानिक बिदा १२१

सन्दर्भ : संवैधानिक प्रश्न र वैधानिक अड्चन
३९. सशस्त्र प्रहरी बल र क्षेत्रीय प्रशासक नाटकीय ढङ्गले स्थापित हुन खोजेका छन्१२५
४०. प्रधानमन्त्रीय प्रणालीको सोच नै संविधानविपरीत १२९
४१. गैरसंवैधानिक सोचको उपज हो प्रधानमन्त्रीय प्रणाली १३२
४२. शाही घोषणा र शून्यताको निकास १३५
४३. प्रतिनिधिसभाको विघटनले बल्झाएका सङ्कटहरू १३८
४४. आसन्न निर्वाचन र संवैधानिक सङ्कट १४०
४५. अदालतबाट श्री ५ को अधिकारको संरक्षण १४२
४६. सङ्कटकाल लागू भएको अवस्थामा निर्वाचन गराउन मिल्दैन १४५
४७. निर्वाचन आयोगका लागि बहसनोट १४८
४८. संविधानको धारा १२७ को प्रयोग र त्यसले उब्जाएका प्रश्नहरू १५१
४९. अस्थायी भनिएको स्थायी निर्णय र देउवाको हैसियत १५४
५०. राष्ट्रिय सभा अन्यायमा, संविधान उपेक्षित १५७

सन्दर्भ : राजनीतिक प्रश्न र समाधान
५१. नयाँ मन्त्रिपरिषद्को जिम्मेवारी र वर्तमान अवस्था १६०
५२. व्यक्तिवादी सोच र सर्वदलीय बैठक १६४
५३. अवसरको खोजमा राजनीतिक दल र जनचेतना-कार्यक्रम १६७
५४. चन्द मन्त्रिपरिषद्ले गति लिन सकेन १७०

सन्दर्भ : शाही नेपाल वायुसेवा निगम र भ्रष्टाचार
५५. कहिले सुध्रेला शानेवानिको अवस्था ? १७४
५६. जहाजमाफियाको नियोजित व्यवस्थाउपर कानुनी उपचारको खाँचो १७७
५७. शानेवानिको जहाज बिक्री, धमिजा र लाउडा काण्डमा एउटै गिरोह १८०
५८. काण्डैकाण्डले पुरिएको शानेवानि र मन्त्री शर्माको कथन १८४
५९. भ्रष्टाचारको छानबिन गर्ने अधिकारीले नै बदनियत गरेमा कसले ........ १८८

सन्दर्भ : बैङ्कहरूभित्र भएको भ्रष्टाचार
६०. मुलुकलाई नैतिक पुरुष र कुशल शासकको खाँचो छ १९१
६१. कुमारी बैङ्कको कुमारीत्वमाथि नै प्रश्नचिह्न लागेको छ १९५
६२. कमिसनको खेलमा अन्योलग्रस्त बैङ्किङक्षेत्र १९८
६३. तनावग्रस्त आर्थिक क्षेत्र र मुलुकको भविष्य २०२
६४. बैङ्क र बैङ्किङक्षेत्र ठूलो भ्रष्टाचारको अखडा २०५
६५. भ्रष्टाचारकै कारणले बैङ्क डुबानमा तर उद्योगी विदेशमा २०९



❑ यसै पुस्तकबाट : २१२ ❑

## सन्दर्भ : भ्रष्टाचारसम्बन्धी चिन्तन

# भ्रष्टाचार-निवारणको उपाय

भ्रष्टाचार बीसौँ शताब्दीको उपज हो। यसको अर्थ पहिले भ्रष्टाचार थिएन भन्न खोजिएको होइन, थियो तर नगन्य रूपमा हुने गर्थ्यो। त्यो समाजमा भ्रष्टाचार आजको जस्तो सङ्क्रामक रोगका रूपमा फैलिएको थिएन र त्यसरी हेर्नुपर्ने अवस्था पनि थिएन। विकासोन्मुख मुलुकमा लागेको यो रोगको निदान साधारण उपचार-विधिले हुन सक्तैन भन्ने कुरा यसले गाड्दै गएको र फैलाउँदै गएको जराबाट नै प्रमाणित भएको छ। यो नयाँ रोग हेर्दा केही पनि देखिँदैन। केही बोलूँ वा खुट्याऊँ भन्दा प्रमाण जुट्तैन। यसको नियन्त्रणभन्दा दिनप्रतिदिन अझ अरू बढी झाङ्गिने प्रवृत्ति प्रबल हुँदै गएको देखिन्छ। साधारण ऐन तथा नियमले नियन्त्रित हुने भ्रष्टाचार आज संस्थागत रूपमा विकसित हुँदै सर्वत्र फैलन समर्थ भएको छ।

**भ्रष्टाचार बढ्ने कारण**

- यो अनुकरणीय हुन्छ, जस्तै एउटाले देखेपछि अर्काले त्यसै गर्न खोज्छ।
- सत्ताशक्तिले मात्र साधारण मुलाहिजा गरे पुग्ने तर त्यसको प्रतिफल धन प्राप्त हुने हुन्छ।
- धनप्राप्तिपछि नैतिकता र अनैतिकताको सवाल बन्द गर्न प्राप्त धन प्रयोग हुने हुँदा धन नै सर्वश्रेष्ठ बन्न गएको छ।
- यो अपराध नै हो भनेर दण्डसजाय गर्ने कुनै ठोस तथा प्रभावकारी कानुनी व्यवस्थालाई अवलम्बन गरिएको छैन।
- सबैले विरोध गरेको देखिन्छ तर मौका पाएपछि त्यही विरोधी पनि यसको लपेटाबाट बच्न सकेको छैन। त्यसैले यो केवल देखावटी विरोध मात्र भएको छ।
- मुलुकमा ठीक-दुरुस्त तथ्याङ्क नहुनु, आयकर प्रभावकारी रूपमा लागू नहुनु, सम्पत्ति कर असुल गर्ने रेकर्ड नहुनु, सार्वजनिक पद धारण गर्ने व्यक्तिले

गोलमटोल सम्पत्ति विवरण दिनु वा नदिनु र पछि धन-सङ्कलन गरेपछि पैतृक सम्पत्ति भनेर प्रमाण जुटाउनु र जुट्नु, उद्योगको नाममा फेक उद्योगहरू सञ्चालित हुनु र वैध व्यापारभन्दा अवैध व्यापार सञ्चालित हुनु आदि-आदिले गर्दा यसले बढावा पाएको छ ।

## भ्रष्टाचारप्रति नीतिहीन व्यक्तिहरूको विचार

- भ्रष्टाचार गर्नु हुँदैन, तर पार्टी चलाउन धनको आवश्यकता पर्छ, त्यो जुटाउँदा भ्रष्टाचार हो भनेर मान्नु हुँदैन ।
- हिजो जेल-नेल खाएर दुःख पाएका नेता तथा कार्यकर्ताले केही धनको सङ्कलन गरे भन्दैमा ठूलो अपराध गरेको मान्नु हुँदैन ।
- पार्टीलाई चन्दा दिने वा सहयोग पुऱ्याउने व्यापारीहरूलाई पार्टी सत्तामा पुग्दा उनीहरूको व्यापारलाई मद्दत गर्नैपर्छ, आखिर भोलि पनि त चन्दा वा सहयोग माग्नुपर्छ †
- भ्रष्टाचार कुन मुलुकमा छैन ? विश्वका सबै साना-ठूला मुलुकमा भ्रष्टाचार भइरहेको हुन्छ । हाम्रो मुलुकमा पनि सानोतिनो भ्रष्टाचार हुनु स्वाभाविक हो ।
- मह काढ्नेले हात चाट्छ । यस्तोमा टाउको दुखाउनु आफैं बेवकुफ बन्नु हो ।
- कर्मचारीले काम गरिदिएबापत लिने वा लिन आशा राख्ने रकमलाई पनि घूस भन्नु हुँदैन । कर्मचारीलाई तलबले मात्र कहाँ खान पुग्छ ?
- आर्थिक सहयोग लिने वा दिने कार्यमा कमिसन लिनु-दिनुपर्छ, त्यसैले यो कुनै अपराध होइन । त्यस्तै, सानो-ठूलो टेन्डरकार्यमा पनि कमिसनको व्यवस्था हुन्छ, यो रोक्नै सकिँदैन ।

यसभन्दा पहिले यो भ्रष्टाचारकार्यलाई बढाउने वा विकसित हुन मद्दत गर्ने तत्त्वका बारेमा चर्चा गरौं –

पार्टीलाई आर्थिक अनुदान सङ्कलन हुने विभिन्न स्रोतलाई गोपनीय राख्ने विधि नै भ्रष्टाचार बढाउने बलियो पक्ष हो । पार्टीले अनुदान खुला स्वीकार्नुपर्छ र गोप्य अर्थसङ्कलन बहिष्कार गर्नुपर्छ, वा सकेसम्म पार्टीले अनुदान-चन्दा लिनु नै हुँदैन ।

उचित वा अनुचित जसरीसुकै पैसा कमाओस्, पैसा कमाएका व्यक्तिहरूको समाजमा सम्मान हुन्छ । एकतन्त्रीय राणाशासन र निर्दलीय व्यवस्थाका अनैतिक व्यक्तिबाट प्रभावित यो समाज आज पनि उही दबाइएको मनस्थिति बोकेर भ्रष्टाचारी व्यक्तिलाई साथ दिन्छ र भ्रष्टाचार गर्न अझ उक्साउँछ । यस्तो सामाजिक मनोवृत्ति रहेसम्म भ्रष्टाचारको अन्त हुँदैन ।

यति रकम बुझिलिएँ भनेर भरपाई दिएर वा लिएर कसैले घूस लेनदेन गर्दैन । तसर्थ यसको प्रमाण हुँदैन । बिनाप्रमाण अदालतले दण्ड-सजाय तोक्न सक्तैन । साथै, कसैको नियतका बारेमा अदालतमा किटानसाथ व्याख्या वा छलफल हुन सक्तैन । फेरि त्यसमा व्यक्तिको मौलिक हक र अधिकारलाई संविधानले ग्यारेन्टी गरेको छ ।



यस परिप्रेक्ष्यमा विचार गर्दा वर्तमान अवस्थामा भ्रष्टाचारीलाई प्रभावकारी रूपमा दण्ड-सजाय तोकिने कानुनी व्यवस्था कमजोर भएको देखिन्छ ।

## अख्तियार दुरुपयोग अनुसन्धान आयोग

नेपाल अधिराज्यको संविधान, २०४७ को भाग १२ ले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको व्यवस्था गरेको छ । यसको काम, कर्तव्य, अधिकार र कार्यविधिका सम्बन्धमा संविधानमा स्पष्ट गरिएको छ । आयोगको कार्यविधि व्यवस्था गर्न बनेको ऐन, २०४८ आएपछि मात्र आ1 नो कार्यविधि सञ्चालन गर्नुपर्नेमा व्यवस्थित ऐनका केही दफाहरू संविधानसँग नै बाझिएका हुँदा ऐन प्रकाशित गर्नेबित्तिकै आयोग कार्यरत हुन सकेन, अर्थात् आयोग ५ वर्षसम्म पूर्ण निस्क्रिय रह्यो । यसतर्फ कसैको ध्यान गएन, कारण यो ऐनद्वारा आयोग सक्रिय हुँदा सार्वजनिक पद धारण गर्ने व्यक्तिहरूको इच्छापूर्तिमा बाधा पर्थ्यो । पछि जनस्तरबाट नै आयोग सबल, सक्षम र सशक्त बनाउन ऐतिहासिक पाइला चलाइयो र अन्तमा सम्मानित सर्वोच्च अदालबाट २०५३ असोज ८ गते निर्णय भई अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई सशक्त, सबल र शक्तिसम्पन्न भनेर स्थापित गरियो । भ्रष्टाचारका विरुद्धमा आयोग सक्रिय हुन्छ भन्नेमा सम्पूर्ण देशवासीको निभिसकेको उत्साहमा केही मात्रामा अङ्कुर टुसाउन थालेको छ । यो स्थितिमा आयोगलाई नैतिक बल प्रदान गर्न सबै क्षेत्रबाट सहयोग जुट्नुपर्नेछ ।

नेपाल अधिराज्यको संविधानको भाग १२ को धारा ९८, उपधारा १, २, ३, ४, ५ र ६ ले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ । यस धाराअन्तर्गत पूर्ण सबल र शक्तिसम्पन्न छ भन्नेमा हामी विश्वस्त छौँ । केवल यसको कार्यविधिको अभ्यास कसरी थालनी हुन्छ, हेर्नुछ ।

## विशेष प्रहरी विभाग

भ्रष्टाचार निवारण ऐन, २०१७ को व्यवस्थापछि विभिन्न समयमा संशोधन भई हालसम्म ऐन सक्रिय छ । यसअन्तर्गत विशेष प्रहरी विभाग स्थापित भई भ्रष्टाचार-निवारणको कार्यमा कार्यरत छ । तर कसरी यो विभाग सञ्चालन भइरहेछ, त्यो हामी सबैले जान्दै र भोग्दै आएका छौँ । यो विभागको पूर्व-इतिहासलाई विचार गर्दा बीसको दशकमा भ्रष्टाचारको विरुद्धमा केही प्रभावकारी कार्यहरू कार्यान्वयन गराएर संवैधानिक व्यवस्था भएपछि यो विभाग निस्क्रिय हुँदै गयो ।

कहिले गृह मन्त्रालयअन्तर्गत राख्ने, कहिले मन्त्रिपरिषद् सचिवालयअन्तर्गत राख्ने र विभागीय प्रमुखलाई छोटो समयसम्म मात्र कार्यरत गराउने प्रचलनले गर्दा यो विभाग प्रभावहीन हुन गएको देखिएको छ । तर पनि यसलाई प्रदान गरिएको ऐनमा केही संशोधन गरी सञ्चालन गर्ने हो भने यो भ्रष्टाचार-निवारणका लागि सशक्त र प्रभावकारी विभाग साबित हुन सक्छ ।

### राजस्व अनुसन्धान विभाग

यो विभाग राजस्व चुहावटलाई रोकथाम गरी बढी से बढी राजस्व सङ्कलनमा बल पुऱ्याउने उद्देश्य राखी २०३२ सालमा अर्थ मन्त्रालयको महाशाखाका रूपमा खडा भएको हो । हालै मात्र विभागलाई राजस्व चुहावट नियन्त्रण ऐन, २०५३ र विदेशी मुद्रा नियमित गर्ने ऐन व्यवस्था भएको छ र विभागको कार्यक्षेत्रलाई स्पष्ट पारिएको छ । समय-समयमा केही कारवाही भएको देखिए तापनि विभागीय प्रमुखमा कर्तव्य-पालनभन्दा मन्त्रीमुखी हुनुपर्ने मनस्थिति रहिरहने हुँदा प्रमुख र अन्य कर्मचारीको ग्यारेन्टीको व्यवस्था भएको खण्डमा यो विभागलाई आ□नो उद्देश्य पूरा गर्न कठिनाइ पर्ने थिएन कि ?

### राज्यव्यवस्था

- सरकारले विभिन्न किसिमका नियन्त्रणका कानुन बनाउन सक्छ र लागू गर्न सक्छ । तर सरकारमा गरौं भन्ने उत्कट इच्छा हुनुपर्छ ।
- भ्रष्टाचारद्वारा जम्मा गरेको सम्पत्तिलाई सरकारले जफत गर्न सक्छ । यति मात्र होइन, बिगोबमोजिम अन्य सम्पत्ति पनि दण्डस्वरूप जफत गर्न सक्छ । यसरी प्राप्त सम्पत्तिको केही अंश भ्रष्टाचारविरुद्ध उजुरी गर्नेलाई पुरस्कृत गर्ने व्यवस्था गरेर भ्रष्टाचारीलाई निरुत्साहित बनाउनुपर्छ ।
- भ्रष्टाचार-निवारणको कार्यमा निकायलाई पूर्ण सहयोग पुऱ्याउनुपर्छ । यथेष्ट रकमको निकासा गरेर, आवश्यकताअनुसारका कर्मचारी जुटाइदिएर, कामअनुसार मूल्याङ्कन गरी उत्साहित बनाइराख्ने काम गरेर र अनुसन्धान तहकिकातमा हस्तक्षेप नगरेर सहयोग पुऱ्याउन सकिन्छ ।
- पार्टीका लागि गोप्य चन्दा लिने-दिने व्यवस्थाको अन्त गर्नुपर्छ । यसबाट पार्टीको र यससँग संलग्न व्यक्तिहरूको प्रतिष्ठा र गरिमा बढ्नेछ । व्यापारीबाट चन्दासङ्कलन गर्ने प्रवृत्ति पार्टीभित्र रहिरहँदा पार्टी कमजोर हुँदै जान्छ र नेता तथा कार्यकर्ता धनमुखी हुन्छन् ।
- पार्टीमा अवैध पैसा सङ्कलन गर्ने कार्यले बहुदलीय व्यवस्था फस्टाउन सक्तैन । सधैं चुनाव धनमुखी भयो भने जनविश्वास हराउँदै जान्छ र नेता तथा कार्यकर्ता व्यापारीमा परिणत भएको जनताले महसुस गर्छ ।
- पार्टीले आ□नो उद्देश्यभित्र नै भ्रष्टाचार-निवारण गर्ने विषयलाई समावेश गरी भ्रष्टाचारविरुद्धमा अभियान सञ्चालन गर्नुपर्छ । यसो भएमा मात्र पार्टीको असल छवि जनताले देख्न पाउनेछ ।

**कान्तिपुर दैनिक, २०५३ फागुन २४ गते शुक्रबार**



# भ्रष्टाचार र भारतीय प्रधानमन्त्री गुजरालको सत्याग्रह

सङ्क्रामक रोगको रूपमा फैलिएको भ्रष्टाचारले हाम्रो जस्तो गरिब मुलुकलाई ज्यादै सताएको छ । यो रोगले ग्रस्त मुलुकहरूमा राजनीतिक आर्थिक, एवं सामाजिक जीवन भयावहपूर्ण स्थितिमा गाँजिएको छ । यसको रोकथामको उपाय प्रभावकारी रूपमा फेला परिसकेको छैन । त्यसैले भ्रष्टाचार फैलिने क्रिया जारी छ । दिनप्रतिदिन यसको अतिक्रमणको क्षेत्र थपिँदैछ । समयमै यसलाई नियन्त्रण गर्न सकेनौं भने सर्वत्र फैलिएर हाम्रै अस्तित्व समाप्त गरिदिनेछ । यो तथ्य विश्वपरिप्रेक्ष्यमा एउटा विकासोन्मुख नेपालजस्तो देशका जागरुक नागरिकले लिएको चिन्ता हो ।

यही १९९७ अगस्ट १५ का दिन विशाल भारतका प्रधानमन्त्री इन्द्रकुमार गुजरालले लालकिल्लाबाट रहस्योद्घाटन गर्नुभयो – भारतको सरकारी क्षेत्र भ्रष्टाचारको रोगले ग्रस्त छ, त्यसको निदानको उपायको खोजीमा उहाँ लाग्नुहुन्छ । भ्रष्टाचारविरुद्ध सत्याग्रह सञ्चालन गर्नुपर्ने आवश्यकतालाई मुम्बईको एउटा कार्यक्रममा सार्वजनिक रूपमा प्रकट गरेको कुरा पनि उहाँले लालकिल्लाको भाषणमा दोहोऱ्याउनुभयो । यसको आवश्यकता र औचित्यबारे दुई मत होइन, तर यसको प्रभावकारिता र उपलब्धिका बारेमा चिन्तन गर्नुपर्ने अवस्था आएको छ ।

नेपालमा जनस्तरमा सर्वप्रथम 'स्वतन्त्र विचार मञ्च' ले भ्रष्टाचारविरोधी आन्दोलनको आह्वान गरेको हो । मञ्चद्वारा २०५३ साल मङ्सिर ७ गते काठमाडौंमा 'भ्रष्टाचार निवारणका उपाय' विषयक गोष्ठी गरेर प्रत्येक वर्ष मङ्सिर ७ गतेलाई भ्रष्टाचारविरुद्ध दिवस मनाउने निर्णय लिएको छ । भ्रष्टाचार-निवारणका उपायको खोजीका क्रममा त्यस विचार मञ्चमा संलग्न व्यक्तिहरू पूर्ण रूपले लागिरहेका छन् तर सरकारी स्तरमा भने भ्रष्टाचारविरुद्धमा कुनै कार्यक्रम सञ्चालन भएकै छैन । यस क्षेत्रमा सरकार पूर्णरूपेण उदासीनसमेत छ । यो क्षेत्र उपेक्षित रहनु अत्यन्त दुःखदायी स्थिति हो, जबकि यसले सबै क्षेत्र ढाकेर अन्धकार बनाइसकेको छ ।

भ्रष्टाचार-नियन्त्रण गर्न सर्वप्रथम भ्रष्टाचार निवारण ऐन, २०१७ को व्यवस्था भयो । २०३४ सालमा आएर अख्तियार दुरुपयोग निवारण आयोग खडा भयो । आयोग संवैधानिक अङ्गका रूपमा आएको हुँदा यसले प्रभावकारी रूपमा काम गर्छ कि भन्ने आमजनताले विश्वास बोकेका थिए । तर भ्रष्टाचार निवारणको उद्देश्य बोकेर आएका विशेष प्रहरी विभाग र आयोग दुवै असमर्थ साबित भए । केही कानुनी त्रुटि भएका कारणले पनि यी दुवै निकाय निकम्मा साबित भए । पछि नेपाल अधिराज्यको संविधान, २०४७ ले पनि अख्तियार दुरुपयोग अनुसन्धान आयोगको व्यवस्था गऱ्यो । तर संविधानका केही धारासँग व्यवस्थित ऐनका केही दफाहरू आपसमा बाझिएका कारण आयोग ६ वर्षसम्म निस्क्रिय रह्यो । हालसम्म यसका लागि आवश्यक ऐन बन्न सकेको छैन । यसतर्फ कसैको चासो गएको पनि छैन । अख्तियार दुरुपयोग

अनुसन्धान आयोग सशक्त र प्रभावकारी हुँदा आजको जस्तो खुलेआम भ्रष्टाचार चल्न सक्तैन । त्यसैले यसलाई नाममा मात्र सीमित राखिएको छ ।

यो मुलुकमा आजको जस्तो खुलेआम भ्रष्टाचार हिजो थिएन । हिजोका दिनहरूमा भ्रष्ट व्यक्ति थिएनन् भन्न खोजिएको होइन, तर तिनीहरूमा सरम भन्ने वस्तु थियो जो उनीहरूको मनमस्तिष्कबाट हटिसकेको थिएन । तिनीहरू आपसमा सोच्ने र भन्ने गर्थे – 'घूस खानु पाप हो ।' यसका अतिरिक्त भोलि मर्नुपर्छ भन्ने धर्मको चेष्टा पनि थियो । यस्ता धार्मिक तथा सामाजिक भयका कारण पनि केही हदसम्म भ्रष्टाचारमा नियन्त्रण हुने गर्थ्यो । केही विकृत एवं लालची प्रवृत्तिका मान्छेहरूले घूस खाए भने पनि देशलाई नोक्सानीमा नपारौँ वा समाजको चलन नबिथोलौँ भन्ने किसिमबाट सुटुक्क खान्थे । यस्तो घूस खाएको छरछिमेकी र इष्टमित्रले चाल पाएपछि त्यस्ता घुस्याहालाई हेलाका दृष्टिले हेर्न थाल्थे र घुस्याहाले पनि समाजमा टाउको निहुर्‍याएर नै बाँच्नुपर्थ्यो वा कोठाको कोठै सडेर मर्थे । त्यति खेर भ्रष्टाचारले आजको जस्तो सामाजिक मान्यता पाएको थिएन ।

दिन गए कथा भएर । आजको दिन आयो घुस्याहाहरू बुद्धिमान् र टाठाबाठा नेता बनेर । केही वर्षअघिसम्म घूसको कुरा गर्दा हामीहरू भारतको रेलवे स्टेसनमा टी० टी० बाबूले घूस खाएको आहान गर्थ्यौं । साथै हाम्रो अदालतको बहिदार र बिचारीले घ्यूको ठेकी घूस खाएको कुरा गरेर भ्रष्टाचारको बखान गर्थ्यौं । यी अतीतका सबै घटनाहरू आजको व्यवहारले सामान्य तुल्याएको छ, तथापि यसको सुरुको विन्दुलाई पन्छाएर यसको अध्ययन पूरा हुन सक्तैन ।

हिजो सीमित क्षेत्रमा हुने भ्रष्टाचार वर्तमानमा आएर सीमापार हुन थालेको छ । आजको भ्रष्टाचार त आधारभूत आवश्यकताको खोजी गर्न जीवनलाई कुल्चिएर स्वार्थी र अवसरवादीसँग आबद्ध हुन पुग्यो, समाज र देशको उन्नतिलाई पन्छाएर व्यक्तिको सम्पन्नतासँग गाँसिन पुग्यो र राष्ट्रिय अस्तित्व र अस्मितालाई दाउमा लगाएर विदेशीसँग नाङ्गिन पुग्यो । यसरी व्यक्ति, समाज र पूरै देशलाई गाँजेर यसले अनैतिक र मूल्यहीन अवस्थामा पुर्‍याउने भयो ।

यो समस्या हाम्रो मात्र होइन, छिमेकी देश भारतको पनि रहेछ भन्ने कुरा प्रधानमन्त्री गुजरालको भाषणबाट स्पष्ट हुन आउँछ । कमसेकम भष्टाचार बढेको र त्यसको निवारण गर्नुपर्ने आवश्यकतालाई महत्त्व दिएर भारतका सरकारप्रमुख प्रधानमन्त्री आई० के० गुजरालले विषयलाई सार्वजनिक गराएर कर्तव्य पूरा गर्नुभएको छ । तर हाम्रो देशमा सत्तारूढ जिम्मेवार मन्त्रीहरू कानमा तेल हालेर बसेका छन् भने सांसदहरू निर्वाचनका लागि अर्थसङ्कलनमा व्यस्त छन् । वर्तमान नेपाल सरकारका तीनै अङ्गका जिम्मेवार व्यक्तिहरू भ्रष्टाचारले चुर्लुम्म डुबेका देखिन्छन् । त्यसैले कसैलाई पनि भ्रष्टाचारको नियन्त्रण वा निवारण गर्नेतर्फ चासो छैन ।

भारतीय राजनीतिको अनुकरण गर्न सिपालु राजनीतिक दलहरूका नेताहरूले शिक्षा लिऊन् – गुरुले के आह्वान गरे र के सिकाउने कोसिस गरे ? लालुप्रसादको नीतिलाई चाँडै नै छोटो समयमै सिकेर तदनुसार आ□नो राजनीतिक शैली तयार



गर्न सक्ने नेताहरूले प्रधानमन्त्री गुजरालको योजनालाई पनि आयात गरिदिए पनि वेश हुने थियो कि ? गुजरालले घोषणा गर्नुभयो – "राष्ट्रको कुनै पनि पदाधिकारी तथा मन्त्रीले भ्रष्टाचार गरेको उजुरी मकहाँ ठाडै ल्याउनुहोस्, म कारवाही गरेर देखाइदिन्छु ।" भ्रष्टाचारका विरुद्धमा सार्वजनिक रूपमा सरकारप्रमुखले बोलेको यो पहिलो हो । भ्रष्टाचारविरुद्ध कारवाही गर्छु भनेर सार्वजनिक रूपमा गुजराल वचनबद्ध हुनुभयो । उहाँले अब आ□नो नैतिकताको कारणले पनि भ्रष्टाचारविरुद्ध कमजोर ऐन-कानुनलाई मजबुत बनाई भ्रष्टाचारविरुद्धमा प्रभावकारी रूपमा योजना सञ्चालन गर्नुपर्छ ।

गुजरालले भ्रष्टाचारविरुद्ध 'सत्याग्रह' गर्नुपर्ने खाँचो औंल्याउनुभयो । एउटा व्यवसायीले अथवा काम लिनुपर्ने व्यक्तिले घूस नदिने कार्यक्रम सञ्चालन गर्नेलाई सत्याग्रह भन्नुभएको हो । तर एउटा व्यवसायी व्यक्तिले सत्याग्रह गरेर कुन हदसम्म सफलता पाउन सक्छ यसबारेमा केही भन्न सकिँदैन । मेरो अनुभवले भन्छ – सत्याग्रह हालको स्थितिमा भावना मात्र हो, यो वास्तविक जीवनमा असफल हुन्छ ।

नेपालभित्र पनि आन्दोलन चलेको छ । भ्रष्टाचार-निवारणका उपायको खोजीमा छलफल, सभा, गोष्ठी र विचारको अन्तर्क्रिया सुरु भएको छ । यति मात्र होइन, भ्रष्टाचार-निवारणको अभ्यास सुरु भएको छ । सुरुवात भएको हुँदा नतिजा फलदायी देखिएको छैन, बरु त्यसको विरुद्धमा शत्रुता बढेको छ । भारतमा सत्याग्रहको भर्खर आह्वान भयो । तर यहाँ सुरु गरिएको धेरै भइसक्यो । यसरी व्यवसाय-कार्यमा घूस नदिने निर्णय लिँदा धेरै नोक्सानीहरू बेहोर्नुपरेको छ र सहन गर्नुपरेको छ । तर पनि अभ्यास जारी छ ।

भारतमा भ्रष्टाचारविरुद्ध कसरी सत्याग्रह सुरु हुन्छ ? समाजका सम्पूर्ण अङ्ग नै भ्रष्ट भएको अवस्थामा कसरी सत्याग्रहद्वारा सफलता हासिल हुन्छ ? त्यसको हामी अध्ययन गर्नेछौं । एउटा व्यवसायी व्यक्ति आ□नो काम सफल बनाउन वा सम्पन्न गराउन घूस नदिएर सत्याग्रहमा सम्मिलित हुन सक्छ कि सक्तैन ? यो व्यवसायीहरूका लागि व्यावहारिक छ कि छैन ? यसको जवाफ भविष्यमा आउने नै छ । यसको कार्यान्वयन पक्ष कस्तो रहन्छ ? कुन र कुन स्तरबाट घूस-सत्याग्रह सञ्चालन गर्ने ? जनस्तरबाट यसलाई कसरी स्वीकार गरिन्छ र सरकारले कस्तो कार्यक्रम तय गर्छ ? आदिको नतिजा हेरी क्रमबद्ध योजना बनेमा सफल हुन सक्छ । कुनै पनि नवीन योजना सुरु हुन गाह्रो हुन्छ । पछि त्यही जीवनशैली बन्न सक्छ ।

**हिमालय टाइम्स, २०५४ भाद्र ९ गते सोमबार**

# घूस, लूट र छूटको राजनीति

आज सबै क्षेत्र एउटै शब्दले गुञ्जायमान भएको छ 'भ्रष्टाचार।' घर-घरमा बोल्ने, छलफल र चिन्तन गर्ने तथा अखबारमा लेख्ने विषय भ्रष्टाचार भएको छ।

साधारण नागरिकले यसलाई कसरी बुझेका छन्, यसको अध्ययन बाँकी नै छ तर राजनीतिजीवीहरूले भने यसको अनेकानेक अर्थ लगाएर, बठ्याइँको आडमा शब्दलाई खेलाएर, विभिन्न किसिमले जनताको मनमस्तिष्क अलमलिने किसिमबाट गलत व्याख्या गरेर अवसर छोपिरहेका छन्। पदमा पुगेपछि आर्थिक लाभ अनिवार्य जुट्ने र जुटाउने मनस्थिति बोकेका पार्टीनेता, कार्यकर्ता तथा पढे-लेखेका देखावा शिक्षितवर्ग नै यसका प्रेरक तत्त्व हुन्, जुन समुदायलाई जनता र मुलुकले विश्वास सुम्पिनुपर्छ।

तलबले खान नपुग्दा काम गरी रिझाएर पुरस्कारको आशा राख्ने तल्लो वर्गका कर्मचारी, आर्थिक लाभ लिने उद्देश्य राखेर मसिनो बोली बोल्दै जनता र सरकार झुक्याउन सिपालु कर्मचारी, बदनियत नै राखेर आफूले पाएको अधिकार दुरुपयोग गर्ने भ्रष्टाचारी, ढिलासुस्ती वा विपरीत कार्य गर्ने मनोवृत्ति राख्ने राष्ट्रसेवकका नाउँमा कार्यरत देशद्रोही, सरकारलाई हानिनोक्सानी नपुर्‍याई व्यापारीहरूको कमजोरीको आडमा अर्थसङ्कलन गर्ने बाठा कर्मचारी, खुलेआम मुलुकको राजस्व मार्ने काम गर्ने अख्तियारसम्पन्न अधिकारी, अल्पबुद्धिको आडमा गरेको निर्णयले मुलुक र जनतालाई पर्न जाने वा पार्ने सत्तासीन पदाधिकारी तथा जानाजान जनता र मुलुकलाई धोका दिई व्यक्तिगत वा सामूहिक लाभ पुर्‍याउने राजनेता एवं राजनीतिक व्यक्तिहरू आदिलाई भ्रष्टाचारको परिधिभित्र समावेश गरी छुट्टाछुट्टै परिभाषित गर्नुपर्ने आवश्यकता भएको छ। भ्रष्टाचारको व्यापकतालाई अर्थमा सीमित नगराएसम्म यसको मर्मलाई बुझ्न कठिन हुनेछ।

भ्रष्टाचारीहरू कमिसनलाई भ्रष्टाचार मान्न तयार छैनन्। वर्तमानको विवादमा एकले भन्छ कमिसन खानु भ्रष्टाचार हो, तर अर्कोले भन्छ यो विश्वव्यापी आम रूपमा स्वीकार्य भएको हुँदा भ्रष्टाचार होइन। यो विवादको टुङ्गो पनि चाँडै नै नलगाएमा भोलि कमिसनको गलत व्याख्या लगाएर आजका राजनेताहरूले भोलि मुलुकलाई नै विप्लव गराउन बेर लगाउँदैनन्। यसबारेमा आम जनताले गम्भीरतापूर्वक चिन्तन गर्नुपर्ने आवश्यकता आइसकेको छ।

यही हप्ता छिमेकी देश पाकिस्तानका पूर्वप्रधानमन्त्री बेनजीर भुट्टोको सम्पूर्ण सम्पत्ति पाकिस्तानका दुई अदालतले रोक्का गरेका छन्। अदालतले उनको मात्र होइन, उनकी आमा तथा जेलमा रहेका उनका पतिसमेतको सम्पत्तिलाई रोक्का राख्ने ठहर गरेका छन्। भ्रष्टाचार निवारणसम्बन्धी कार्यालयले भुट्टोपरिवारबाट भएका भ्रष्टाचार र अनियमितताका विरुद्ध दायर गरेका रिट-निवेदनहरूमा पन्जाबको प्रान्तीय विशेष अदालत र रावलपिन्डी अदालतले उक्त निर्णय दिएको हो। यसरी रोक्का



भएको कारणले भुट्टोपरिवारको तीस करोड डलरबराबरको सम्पत्ति प्रभावित भएको छ।

अब विश्व साँघुरिसकेको छ। विश्वको एक कुनामा भएको घटना अर्को कुनामा तुरुन्त प्रसारण हुने प्रविधिको विकास भइसकेको हुँदा हिजोका भ्रष्टाचारमा लिप्त व्यक्तिहरूले बुझ्नुपर्ने आवश्यकता भइसकेको छ। पाकिस्तानका पूर्व प्र० म० बेनजीर भुट्टोको विस्तृत समाचार सर्वप्रथम न्युयोर्क टाइम्सले १९९७ नोभेम्बर २५ मा छापेको थियो। भ्रष्टाचार आमसरोकारको विषय भएको हुँदा सबै क्षेत्र यस विषयमा सजग र जागरुक छन् वा हुन्छन् भन्ने कुरा हाम्रो मुलुकका राजनेताले पनि गम्भीरतापूर्वक धारण गर्नुपर्ने आवश्यकता छ।

भ्रष्टाचार बीसौँ शताब्दीको उपज हो। अझ यसलाई किटानसाथ भन्नुपर्दा दोस्रो महायुद्धपछि यसले पूर्णरूपले विकसित हुने मौका पायो। दोस्रो महायुद्धपश्चात् जब अन्तर्राष्ट्रिय सम्बन्ध स्थापित हुन थाल्यो, एक देशका नागरिक अर्को देशमा गएर कामकाज गर्ने वा सहयोग आदान-प्रदान गर्ने काम सुरु भयो। प्रविधि र प्राविधिक सहयोगका कारण एक समाजको आचरण, संस्कृति तथा विकृति अर्को समाजमा सरुवा हुने कार्य पनि सुरु भयो। यही कारणले गर्दा गरिब (आर्थिक रूपले) मुलुकको सम्पत्तिका रूपमा रहेका स्थानीय समाजका मूल्य र मान्यताले रूपान्तरित हुने मौका पाए। सबै पश्चिममुखी हुँदै गए। समाज र मुलुकको हितभन्दा व्यक्तिगत फाइदालाई प्रमुखता दिँदै गरिब मुलुकका सबै टाठाबाठा विस्तारै-विस्तारै व्यक्तिवादी हुँदै गए।

विश्वका विकासोन्मुख मुलुकहरू यो भ्रष्टाचारजस्तो सङ्क्रामक रोगले ग्रसित भएका छन्। यसको निदान नभएमा विकास रोकिनेछ भन्ने कुरा बुझेर नै आज सर्वत्र यसको निदानका लागि जागरुकता देखिएको छ। भारतमा इन्दिरा काङ्ग्रेस पतन हुनुको मूल कारण पनि भ्रष्टाचार साबित भएको छ भने दक्षिणपूर्वी एसियाका मुलुकहरू थाइल्यान्ड, मलेसिया र इन्डोनेसियाको आर्थिक अवनतिको कारण पनि भ्रष्टाचार नै ठहर भएको छ।

सरकारप्रमुखहरूले भ्रष्टाचारका विरुद्धमा बोल्न थालेको हामीले सुन्न थालेका छौँ। विशाल भारतका प्रधानमन्त्रीका हैसियतले १९९७ अगस्त १५ का दिन इन्दरकुमार गुजरालले लालकिल्लाबाट भ्रष्टाचारका विरुद्धमा बोल्नुभयो। त्यस्तै गत फागुन ८ गते प्रतिनिधिसभाको रोस्ट्रमबाट नेपालका प्रधानमन्त्रीको हैसियतले सूर्यबहादुर थापाले सांसदहरूको मूल्य-निर्धारण भएर खरिद-बिक्री भइरहेको यथार्थताको रहस्योद्घाटन गर्नुभयो। अल्पमत प्राप्त भए पनि लोकसभाको विश्वास लिएर प्रधानमन्त्री भएका भारतका वर्तमान प्रधानमन्त्री अटलविहारी बाजपेयीले मुलुकमा व्याप्त भ्रष्टाचारको डटेर मुकाबिला गर्ने प्रण गर्नुभएको छ। त्यस्तै, नेपालका वर्तमान प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले पनि स्वच्छ र भ्रष्टाचाररहित सरकार सञ्चालन गर्ने निर्णय व्यक्त गर्नुभएको छ। तर संयोग भनौँ वा आकस्मिकता, यी दुवै देशका नवगठित मन्त्रिमण्डलबाट एक हप्ता पनि बित्न नपाउँदै भ्रष्टाचारकै कारणले मन्त्रीहरूले राजीनामा गर्नुपर्ने स्थितिको सिर्जना भएको छ। के यी दुवै सरकारले भ्रष्टाचार नियन्त्रण गर्न सक्लान् ? यिनीहरूले गरेको अठोट र प्रण

परिपूर्ति हुन सक्ला ? यी प्रश्नका जवाफका लागि संवेदनशीलहरूको मनमस्तिष्कमा ठेस लाग्न गएको छ ।

भारत र नेपाल दुवै एकै प्रकृतिका समस्याले ग्रस्त मुलुक हुन् । अझ स्पष्ट शब्दमा भन्नुपर्दा भारतको हरेक घटनाबाट नेपालको आर्थिक, राजनीतिक र सामाजिक क्षेत्र प्रभावित हुने गर्छ । भारतीय नक्कल गर्नु नै वर्तमान राजनेताहरूको मूल कर्तव्य प्रमाणित भएको अवस्थामा त अन्य नवीन प्रविधि सोच्ने वा विचार गर्नेतर्फ यिनीहरूको ध्यान जान सक्ने अवस्था नै छैन ।

यी दुवै देशमा अस्ति घूस चल्थ्यो, हिजो भ्रष्टाचार चल्यो र आज लूट चलिरहेको छ । घूस खानेलाई घुस्याहा भन्दा लज्जित हुन्थे र शिर निहुर्‍याएर हिँड्थे । भ्रष्टाचार गर्नेलाई भ्रष्टाचारी भन्दा छाती तन्काएर भ्रष्टाचारको परिभाषा माग्छन्, जवाफशून्य भएपछि नवधनाढ्य कहलिन्छन् । यसै प्रकारले सबैको मान बढ्दै गयो । हिजोको भ्रष्टाचार आज लूटमा परिणत भयो । पदाधिकारी सबै लुटाहा भए । निर्वाचनमा भाग लिए र निर्वाचित भए । सबै नेता कहलिए, राजनेता ठहरिए । सरकारमा पुगे फेरि लुट्न थाले । घूस र लूटका बीचको भ्रष्टाचार छूटमा परिणत भयो । नतिजामा अल्पमत र अस्थिर सरकार व्यहोर्नुपर्‍यो । यो रोगको निदानको खोजी सबै क्षेत्रबाट हुनु आवश्यक भएकोले आज सबैको चासो यसतर्फ बढ्दै गएको छ ।

**साप्ताहिक विमर्श, २०५५ वैशाख २५ गते शुक्रबार**

**भरत जङ्गम – 'पचास प्रसङ्ग' बाट**

## सबल कर्मचारीतन्त्रको आवश्यकता

कर्मचारी भनेको सरकारको अङ्ग हो । शरीरको एक अङ्ग कमजोर हुँदा पूर्ण शरीरलाई प्रभाव पार्छ । त्यसैले सरकारभित्रको कुनै पनि अङ्ग कमजोर भएमा त्यसको उपचार गरिहाल्नुपर्छ । उपचार भएन भने भित्रभित्रै तनाव बढ्न गई समस्याले विकराल रूप लिन सक्छ, पछि समाधानको बाटो नै पाइँदैन । त्यसैले आफू सबल र सक्षम कसरी हुन सकिन्छ भनेर सरकारले मात्र होइन, सबैले निरन्तर सोचिरहनुपर्छ । आजको एक टाँकाले भोलिको नौ टाँकाको नोक्सान बचाउँछ ।

**– लङ्गडो सङ्गठन र कर्मचारी-आन्दोलन**



# भ्रष्टाचार-निवारणको प्रसङ्ग

भ्रष्टाचार बढ्न पनि यसरी बढ्यो कि सबै क्षेत्रलाई गाँजेर सम्पूर्ण क्षेत्रलाई रोगग्रस्त तुल्याइसक्यो । अब यो रोगबाट मुक्तिका लागि विशेष उपचारविधिको खाँचो छ । समयमै यसको निराकरणको उपाय पहिल्याउन सकेनौं भने वा यसका बारेमा गम्भीरतापूर्वक सोच गरेर ठोस निर्णय लिन सकेनौं भने यसले हामीलाई अपाङ्ग मात्र बनाएर छोड्ने होइन कि मृत्युमा नै परिणत गरिदिन सक्छ । भ्रष्टाचारलाई सरल रूपले हेर्न वा यसको दूरगामी प्रभावलाई बेवास्ता गरी पन्छाउन कुनै हालतले पनि मिल्ने अवस्था छैन । हिजोसम्म मामुली र सानो रोग मानिएको यो भ्रष्टाचार आज सङ्क्रामक रोगकै रूपमा देखा पर्न थालेको छ ।

सृष्टिको सुरुदेखि नै मानिसले अनेकानेक समस्या र आपतविपत भोग्दै आएका छन् । मेडिकल साइन्सको उत्पत्ति नभएसम्म मानव-समाजले अनेकानेक शारीरिक रोगव्याधिको मुकाबिला गर्नुपर्थ्यो । बिफर, औलो र कलेराजस्ता सङ्क्रामक रोगको महामारीको अतिक्रमणले जनजीवन र समाजलाई तहसनहस बनाएर छोड्थ्यो । गरिब मुलुकमा यसको निरन्तरतालाई पन्छाउन र रोगलाई नियन्त्रण गर्न ज्यादै नै कठिन स्थितिको सामना गर्नुपर्थ्यो र आज पनि विश्वका धेरै देशहरूले त्यस्ता सङ्क्रामक रोगको डटेर नै मुकाबिला गरिरहेका छन् । हाल केही वर्षयता आएर त्योभन्दा कडा सङ्क्रामक रोगका रूपमा मानसिक विकृतिको रोग 'भ्रष्टाचार' ले गरिब एवम् विकासोन्मुख सबैजसो मुलुकहरूलाई ढपक्क ढाकिसक्यो । यो नयाँ रोगको उपचार-विधि के हो ? कसरी निदान गर्ने ? यी प्रश्नहरू उत्तररहित भएर बसेका छन् । त्यसैले हामीजस्ता विकासोन्मुख मुलुकमा समय-समयमा तानाशाहीले टाउको उठाउने गर्छ । पाकिस्तान र बङ्गलादेशको सैनिक शासन हाम्रा लागि ताजा उदाहरण बनेर बसेका छन् ।

पहिले-पहिले भ्रष्टाचार थिएन भन्न खोजिएको होइन, भ्रष्टाचार पहिले पनि थियो तर नगन्य रूपमा हुने गर्दथ्यो । भ्रष्टाचारको प्रभाव राष्ट्रिय उन्नतिमा बाधक भएर खडा हुँदैनथ्यो । भ्रष्टाचारले आजको जस्तो अस्थिर राजनीतिको रचना गर्न सक्तैनथ्यो । लाज र सरमलाई नै छोडेर वर्तमानमा भएजस्तो नग्नताको खुला प्रदर्शन हुँदैनथ्यो । 'घुस्याहा' भनाउन कोही पनि चाहँदैनथे । किनभने तिनीहरूमा लाज र सरम भन्ने वस्तु विद्यमान थिए । तर आजका सबै सत्तासीनहरू इमानदारी र नैतिकताबाट वञ्चित भएका छन् ।

यसरी भ्रष्टाचारले उग्र रूप लिने काम दोस्रो महायुद्धपश्चात् मात्र भएको अनुमान गर्न सकिन्छ । विश्वको राजनीतिक परिप्रेक्ष्यमा जब दुई महाशक्तिहरूले साना, गरिब एवम् विकासोन्मुख राष्ट्रहरूलाई आ□नो ढाल बनाई राजनीतिको आडमा
अवसर छोप्ने खेल सुरु गरे, त्यहीँदेखि गरिब देशमा धनी राजनेताहरू पैदा हुन थाले ।

राजनेतालाई नै भ्रष्ट बनाइदिएपछि आ□नो स्वार्थ सजिलै पूरा गर्दै शक्तिसम्पन्न राष्ट्र झन् सम्पन्न हुँदै गए भने गरिब राष्ट्र झन्-झन् गरिब हुँदै उनीहरूकै आशामुखी भएर बाँच्न बाध्य भए ।

सत्ताको दुरुपयोग र राष्ट्रिय धनको शोषणद्वारा मुट्ठीभर व्यक्तिहरू राज्यसत्ता कब्जा गर्न समर्थ भए । यो घिनलाग्दो खेललाई प्रजातान्त्रिक अभ्यास गरेको भनी दलिल पेस गर्न थालियो । निमुखा र गरिब जनता पनि सत्तासीन व्यक्तिहरूले अर्थ-सङ्कलन गर्न पाउनुपर्छ र ती अन्य साधारण जनताभन्दा बेग्लै वर्ग हो तथा समाजमा उनीहरूको भिन्नै अस्तित्व कायम हुनुपर्दछ भन्ने मनस्थितिको सिकारमा परे । यही सोचाइले गर्दा पद र अधिकारमा पुगेका व्यक्तिहरूले आ□नो नैतिकता र इमान्दारीलाई बन्धक राखी आफू सम्पन्न हुन जुनसुकै हथकन्डा अपनाएर पनि धन-सङ्कलन गर्ने कार्यमा व्यस्त हुन पुगे । त्यसैले विकासोन्मुख मुलुकहरूमा सत्ताको नजिक सीमित वर्ग वा निश्चित परिवार मात्र पुग्न सफल भएका छन् । वास्तविकतामा तिनीहरू नै भ्रष्टाचारका मूल नायक हुन् ।

पानीको प्रकृति हुन्छ माथिबाट तल झर्नु । त्यस्तै, भ्रष्टाचार पनि माथि सुरु नभई तल देखा नै पर्दैन । पानीको मूल नै विषाक्त भएपछि स्वच्छ पानीको आशा राख्नु मूर्खता हो ।

हाम्रो मुलुकमा (१) राजस्व असुल गर्नुपर्ने भन्सारलाई नै तस्करीका लागि खुला गरी सीमाक्षेत्रलाई ठेक्कामा सञ्चालन गर्न-गराउन गोप्य रूपमा बोलकबोल गराएर व्यक्तिगत वा पार्टीका लागि रकम असुल गर्ने कार्य हुन्छ । (२) खुला आर्थिक नीति अवलम्बन गराउने नाउँमा मुलुकको सम्पत्ति व्यक्तिलाई हस्तान्तरण गर्ने-गराउने कार्य हुन्छ । (३) कुनै पदमा नियुक्ति दिँदा लाखौं रुपियाँ लिने-दिने कार्य हुन्छ । (४) सत्तापरिवर्तनका लागि सांसद भेडाबाखासरह खरिद-बिक्री भइदिन्छन् ।

यति मात्र होइन, देशको सर्वशक्तिमान् पदमा रहेका प्रधानमन्त्रीले मुलुकको सर्वोच्च निकाय प्रतिनिधिसभाको रोस्ट्रममा बसेर भ्रष्टाचार भएको, भइरहेको र हुने तथ्यलाई खुला रूपमा स्वीकार गरिसक्ता पनि त्यस्ता अयोग्य र गैरजिम्मेवार व्यक्तिलाई कुनै औंला नै नठड्याई वा कुनै कार्यवाही नै नगरी निजले रोस्ट्रमबाट बकेको बकपत्रलाई निरीह जनताले सुनेर र सहेर बस्नुपर्ने भएपछि यो मुलुकमा भ्रष्टाचारको नियन्त्रण कसरी हुने ?

हरेक सरकारमा आउने नयाँ प्रधानमन्त्रीले भ्रष्टाचार बढेको छ भन्दै त्यसको नियन्त्रणका लागि कडाभन्दा कडा कार्ययोजना बनाउने नारा दिएर आउँछन् तर यो नारामा मात्र सीमित हुने गर्छ । २०४७ सालपछि ६ जना विभिन्न पार्टीका प्रधानमन्त्रीले काम गर्ने मौका पाए, तर यो ८ वर्षको अवधिमा भ्रष्टाचारको प्रक्रिया र रूप भने परिवर्तित हुँदै राष्ट्रिय धनको नोक्सानी भयो र व्यक्तिहरू भने नवधनाढ्य हुन पुगे ।

नयाँ वर्ष २०५५ सँगै नेपाली काङ्ग्रेस सरकारमा प्रवेश गऱ्यो । यद्यपि काङ्ग्रेस अल्पमतमा थियो तर एकल सरकार बनाउन समर्थ भयो । नेपाली काङ्ग्रेसका सभापति तथा संसदीय दलका नेता गिरिजाप्रसाद कोइरालाले भ्रष्टाचार-



नियन्त्रणको नारालाई बुलन्द गर्दै प्रधानमन्त्री पदको शपथ लिनुभयो, तर आजसम्मका उहाँका कुनै पनि क्रियाकलापले भ्रष्टाचार-नियन्त्रण हुने सङ्केत देख्न पाइएको छैन । कतै यो कार्यावधि पनि राजनीतिक खेल र भेलझैं रङमडिएर ढुङ्ग्रिने त होइन ? भ्रष्टाचारविरुद्धको न्यानो नारा केवल नारामा मात्र सीमित रहने त होइन ? हो, यसको मुकाबिला गर्न अत्यन्तै कठिन छ । असम्भव त होइन, तर जिउँदो मान्छेको खाँचो छ ।

हुन त भ्रष्टाचार संस्थागत रूपमा झाङ्गिएर सर्वत्र यसको जरा फैलिएको अवस्थामा नैतिकता, वैधानिक जिम्मेवारी, पदीय दायित्व वा कर्तव्य तथा नीतिगत मूल्यको कुरा उक्साउनु व्यर्थ हुनेछ, तर पनि चुप लागेर बस्ता त्यस्ता भ्रष्टाचारी समूहलाई बल पुग्न जाने हुन्छ । त्यसैले यसबारेमा सबै बुद्धिजीवी, चिन्तक, पत्रकार र राष्ट्रवादी समूहले बोल्ने, लेख्ने वा औंल्याउने कार्यलाई निरन्तरता दिइरहनुपर्छ र यसको खुलेर विरोध गर्ने वातावरण तयार हुनुपर्छ । आज नभए भोलि यो सङ्क्रामक रोगको निदान गर्न सक्ने युगपुरुषको पक्कै जन्म हुनेछ । यही आशामा बाँच्नुपरेको छ ।

**साप्ताहिक विमर्श, २०५५ जेठ १५ गते शुक्रबार**

**भरत जङ्गम – 'पचास प्रसङ्ग' बाट**

## 'अख्तियार दुरुपयोग' को अर्थ

राज्यव्यवस्थाको जिम्मा लिएका मन्त्री होउन् वा उच्च पदका कर्मचारी होउन्, तिनले गरेको प्रत्येक निर्णयले राज्यव्यवस्था, जनता र देशमा प्रत्यक्ष असर परेको हुन्छ, त्यसको नतिजा मुलुकले भोग्नुपरेको हुन्छ, चाहे त्यो व्यक्तिगत आर्थिक लाभ पुऱ्याउने दृष्टिले गरिएको काम-कार्यवाही होस् वा पाएको अख्तियारको ठीकसँग प्रयोग नभएको अवस्था होस् । त्यसैले अख्तियारको दुरुपयोग भन्नाले बढी बुद्धि भई निहित स्वार्थपूर्ति गर्न गरेको निर्णय वा पदीय योग्यताको अभावमा मूर्खतापूर्वक गरेको निर्णय होस् वा अर्काको प्रभाव वा आ□नो अहम्को आधारमा गरिएको निर्णय, जसले राज्यव्यवस्था र जनतालाई तुरुन्तै वा कालान्तरमा गई हानि-नोक्सानी पुऱ्याउँछ भने यी सबैले अख्तियार दुरुपयोग गरेको ठहरिन्छ । केवल बदनियतपूर्वक गरेको निर्णयलाई मात्र अख्तियार दुरुपयोग भन्दा नियत जाँच्ने मापदण्ड के हो ? कुन नियतको हदपछि बदनियत भन्ने ? मान्छेको नियत कहिल्यै पनि नराम्रो हुँदैन तर समय र परिस्थितिले गर्दा मान्छेको नियत नराम्रो हुन्छ । त्यसैले मुलुकलाई हानि-नोक्सानी हुन जाने कुनै पनि काम-कार्यवाही अधिकारप्राप्त व्यक्तिबाट हुन्छ भने त्यो अख्तियार दुरुपयोग भएको ठहर्छ ।

**– अख्तियार दुरुपयोग : जिम्मेवारी अधिकारको निर्णय**

# भ्रष्टाचार-निवारणमा इच्छाशक्तिको खाँचो

हाम्रोजस्तो विकासोन्मुख देशका नेताहरूले सत्तामा नपुगेसम्म सत्तारूढहरूले गरेको भ्रष्टाचार र राज्यका अन्य अङ्गमा भएको भ्रष्टाचारको तीव्र आलोचना गरेका हुन्छन् । आफू सत्तामा पुग्नका लागि भ्रष्टाचारको विरुद्धमा मरिमेटेर लागेका हुन्छन् । सत्तामा पुगेको केही समयसम्म यो नारा कायम नै रहे पनि समय बित्तै जाँदा नेताले बोलेको बोली र जनतालाई दिएको आश्वासन पनि निस्तेज हुँदै जान्छन् । यो हाम्रो देशको मात्र रोग होइन । अन्यत्र पनि यही रोगले नेता र त्यस्ता नेतृत्वका सरकारहरू प्रभावित हुने गरेका छन् ।

भारतका प्रधानमन्त्रीको हैसियतले १९९७ अगस्ट १५ का दिन लालकिल्लाबाट इन्दरकुमार गुजरालले भ्रष्टाचार-निवारण गर्ने अठोट व्यक्त गर्नुभएको थियो । तर आफू नै अल्पमतको र संयुक्त सरकारको नेतृत्व लिनुभएका कारण उहाँले आ□नो अठोटलाई भाषणमा मात्र सीमित राख्नुपऱ्यो । त्यस्तै, पाकिस्तानका प्रधानमन्त्री नवाब सरिफले भ्रष्टाचारको विरोध त गर्नुभयो तर केवल विपक्षी दलका लागि मात्र । परिणाममा भूतपूर्व प्रधानमन्त्री बेनजीर भुट्टोको सम्पूर्ण सम्पत्ति रोक्का रहेर कारवाही सुरु भएको छ । त्यति मात्र होइन, पुराना सरकारका अन्य अधिकारीहरूको समेत भ्रष्टाचारको पर्दाफास हुन थालेको छ । तर स्वयम् सत्तारूढ नेता र वर्तमान अधिकारीका बारेमा भने कारवाही शून्य देखिन्छ । यसै गरी बङ्गलादेशका प्रधानमन्त्री खालिदा जियाले भ्रष्टाचार-निवारण गर्ने अनेकानेक योजना बनाइरहेको समाचार प्राप्त भएको छ । तर पनि प्रभावकारी रूपमा यसका निराकरणका उपायहरू भने लागू भएका छैनन् । यसरी अरू केहस मुलुकहरूमा पनि भ्रष्टाचार-निवारणको उपाय असफल छ वा सफल हुन सकेको छैन । हाम्रो मुलुकमा अहिले त्यस्तो उपाय गर्न हतार भएको छैन भन्न खोजिएको होइन । आ□नो देश र परिस्थितिअनुसार गर्नुपर्ने रहेछ, गर्नुपर्छ र गरेका छन् ।

भ्रष्टाचार-नियन्त्रणको कार्यविधितर्फ विचार गर्ने हो भने छिमेकी मुलुकमा मात्र होइन विश्वका अन्य मुलुकमा पनि भ्रष्टाचार-निवारण गर्ने निकायलाई मुलुकको संविधानमा व्यवस्था भएको छैन । नेपाल मात्र त्यस्तो मुलुक हो जसको संविधानको भाग १२ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको व्यवस्था भएको छ । यस हिसाबले हेर्दा यो देशमा भ्रष्टाचार-निवारण गर्ने निकायलाई सरकारबाट स्वतन्त्र राखिएको हुँदा अत्यन्त शक्तिशाली हुनुपर्ने थियो । तर आयोग यति कमजोर छ, जुन कुरा भन्न नै अप्ठ्यारो महसुस हुन्छ ।

यसको पूर्व-इतिहासलाई विचार गरौँ । सर्वप्रथम पञ्चायती संविधानको २०३२ सालको संशोधनमा 'अख्तियार दुरुपयोग निवारण आयोग' आयो । त्यस समयको आयोगको अधिकारक्षेत्रलाई विचार गर्दा हालको आयोगको भन्दा बेग्लै थियो । त्यस आयोगलाई भ्रष्टाचारको विरुद्धमा छानबिन गर्ने, अनुसन्धान गर्ने र फैसला



गर्नेसमेतको अधिकार थियो भने हालको आयोगलाई केवल अनुसन्धान गर्ने अधिकार छ । एकतर्फ भ्रष्टाचार-निवारणको निकायलाई संविधानमा व्यवस्था गरेर शक्तिवान् छ है भनेर देखाउन खोज्ने, अर्कोतर्फ कार्यविधि ऐन दिँदा वा व्यवस्था गर्दा आयोगलाई अपाङ्ग बनाएर राख्ने कार्यले गर्दा वर्तमान नेपालको भ्रष्टाचार-नियन्त्रण गर्ने निकाय पूर्णरूपले निस्क्रिय हुन पुगेको हो ।

नेपाली काङ्ग्रेसका नेता गिरिजाप्रसाद कोइरालाले प्रधानमन्त्री हुनेबित्तिकै 'भ्रष्टाचार-नियन्त्रण पहिलो आवश्यकता हो' भन्ने नारा बुलन्द गर्नुभएबाट भ्रष्टाचार-नियन्त्रणका पाइलाहरू क्रमशः अब चालिनेछन् भन्ने अपेक्षा बढेको थियो । तर समय बित्दै जाँदा उहाँको बुलन्दी नारामा मन्दताले गति पक्रेको आभास हुन थाल्यो । गर्न त आज गरे पनि भोलि गरे पनि नगरी सुखै छैन । आखिर जुन काम गर्नुपर्छ त्यो गर्नु नै पर्छ । आजको एक टाँकाले भोलिका दस टाँकाहरू बचत गर्छ ।

विभिन्न चरणमा विभाजन गरी भ्रष्टाचार-नियन्त्रणका उपायहरू तय गर्नुपर्छ । एकै पटक सम्पूर्ण योजनाको तर्जुमा गर्न र लागू गर्न कठिन हुन्छ । पहिलो पाइला अत्यन्तै सरल छ । त्यो हो अख्तियार दुरुपयोग अनुसन्धान आयोगका लागि प्रभावकारी कार्यविधि ऐनको व्यवस्था । यो ऐन नआएको पनि थिएन । नेपाल अधिराज्यको संविधान, २०४७ लागू हुनेबित्तिकै आयोगको ऐन २०४८ व्यवस्था भयो तर त्यस ऐनमा भएको व्यवस्थित कार्यविधि र संविधानका धाराहरू आपसमा बाझिन गएका कारणले गर्दा पूर्ण पाँच वर्षभन्दा बढी आयोग निस्क्रिय रह्यो । पछि २०५३ कातिर्क ६ गते सर्वोच्च अदालतबाट संविधानसँग बाझिएका ऐनका दफाहरू खारेज गरेपछि आयोग विस्तारै चल्न-चट्पटाउन थालेको हो । यसबाट पनि आयोग जुन रूपमा सबल हुनुपर्ने हो, त्यो हुन सकेको छैन । यसैबीच धेरै पहिलेदेखि भ्रष्टाचार-निवारणका सम्बन्धमा काम गर्दै आएको 'विशेष प्रहरी विभाग' को कार्यक्षेत्र आयोगको अधीन हुन आएको हुँदा 'विशेष प्रहरी विभाग' लाई उपत्यकाभित्र मात्र सीमित गराइदियो । यसरी संविधान र ऐनको समन्वय मिलाउन सबै निकायहरू गज्याङमज्याङ भई अस्पष्ट हुन पुगेका छन् ।

आयोगको ऐनको संशोधित मस्यौदा २०५३ सालको अधिवेशनमै पेस हुने भनेर कानुन मन्त्रालय र संसदीय व्यवस्था मन्त्रालयको चक्कर लगाउँदै थियो । त्यस वर्ष विधेयक सामान्य वा अर्थविधेयक के हो भन्ने समाचार बाहिर आयो । कस्तो हास्यास्पद तर्क पेस गर्छन् सरकारी ओहदामा बस्नेहरू † यस्तो सानो कुराको त टुङ्गो लगाउन नसकेर अलमलिएका छन् भने यिनीहरूले राष्ट्रका जटिल समस्याको समाधान कसरी गर्ने होलान् † सम्झँदा दुःख लाग्छ । त्यसपछि चार अधिवेशन समाप्त

भइसक्ता पनि आयोग ऐनका लागि विधेयक पेस हुन सकेको छैन ।

विधेयक पेस हुनुभन्दा अगाडि विभिन्न निकायमा गएर राय लिने, थपिने वा मेटिने काम हुन्छ । सारांशमा भन्ने हो भने सबल, सक्षम, सशक्त र पूर्णताका लागि

थपघट गरिने चलन छ। तर यो आयोगको मस्यौदामा भने ठीक त्यसको विपरीत नीति लिइएको महसुस भएको छ। मस्यौदालाई सरकारी कर्मचारीहरू आ□नो स्वार्थको अनुकूल बनाउन प्रयत्नशील छन् भने मन्त्रीहरू आ□नो र दलीय स्वार्थका आधारमा मस्यौदालाई परिवर्तन गर्न विवश छन्। हाल भएको मस्यौदा आयोगको अनुकूल भएको छैन। यो यो परिवर्तन हुनुपर्छ भनेर आयोगले किटानसाथ कानुन मन्त्रालयलाई केही साताअगाडि अनुरोध गरेको छ। अब हेर्नुछ, कानुन मन्त्रालयले आयोगको अनुरोधअनुसार संशोधन गरेर विधेयक प्रस्तुत गर्छ वा आयोगलाई अपाङ्ग नै बनाइराख्ने खालको विधेयक प्रस्तुत गर्छ।

सानो देश, सानो ठाउँ, सानै कार्ययोजनाले भ्रष्टाचार-नियन्त्रण हुन सक्छ। त्यसमा पनि नेपालको संविधानले भ्रष्टाचार-निवारणलाई आ□नो अङ्गका रूपमा स्वीकार गरिसकेको हुँदा यहाँ अत्यन्तै प्रभावकारी रूपमा भ्रष्टाचार-नियन्त्रण गर्न सकिन्छ। केवल भ्रष्टाचार-नियन्त्रण गर्छु भन्ने प्रबल इच्छाशक्ति बोकेको राजनेताको मात्र खाँचो छ। हामी प्रभावकारी रूपमा भ्रष्टाचार-नियन्त्रण गर्न समर्थ भयौं भने हाम्रो मुलुक र समाजको विकास त हुन्छ नै, त्यसका साथसाथै छिमेकी देशहरू, जो अथाह भ्रष्टाचारको खाल्डोमा जकडिएका छन् र जसले यसबाट उम्कने उपायहरूको खोजी गरिरहेका छन्, लाई समेत सहयोग पुग्नेछ। विश्वको सानो देश सिङ्गापुरको भ्रष्टाचारविरोधी कार्यविधि ठूला-ठूला देशका लागि मूल पाठ साबित भइरहेको छ। के हामी आफूलाई त्यस्तो स्वच्छ, नैतिकवान् र इमानदारीको पाठ सिकाउन सक्ने सबल मुलुकमा परिणत गर्न समर्थ हुन सक्छौं ?

**कान्तिपुर दैनिक, २०५५ जेठ ३१ गते मङ्गलबार**

**भरत जङ्गम – 'पचास प्रसङ्ग' बाट**

## कार्यपालिका मानव–शरीरजस्तै हो

मानव-शरीरको टाउकोमा रहने मस्तिष्क मन्त्रिपरिषद् हो भने मन दलीय सिद्धान्त हो। मन र मस्तिष्कले निश्चित गरेपछि मात्र शरीरका अङ्ग-प्रत्यङ्गहरूले आ□नो प्रभाव पार्न थाल्छन्। यो प्राकृतिक नियमको विरुद्ध शरीरको कुनै अङ्ग सङ्गठित भएर शरीर, मन र मस्तिष्कलाई प्रतिक्रिया जनाउन थाल्छ भने अपाङ्ग सावित हुन्छ र स्वच्छ शरीरका लागि अनुपयोगी सावित भएर अलग हुन सक्छ।

**– कर्मचारी 'राजनीतिक हतियार' हुन पुगे**



# भ्रष्टाचार र पारदर्शिताको प्रसङ्ग

विश्वको राजनीतिक समुदायलाई एउटा समस्याले नराम्रोसँग गाँजेको छ। यसको विरोधमा उठ्न थालेको जनआवाजले समस्या नयाँजस्तो देखिएको छ। अर्को शब्दमा भन्नुपर्दा यो समुदायलाई सरुवा रोगले अतिक्रमण गरेर अस्वस्थ तुल्याइदिएको छ। खास गरी विकासोन्मुख मुलुक, जहाँ अशिक्षित र गरिब नागरिकहरूको बसोबास छ, जहाँ आर्थिक विकासको अत्यन्तै खाँचो छ र मान्छे भएर बाँच्ने आधारभूत आवश्यकता परिपूर्ति गर्नु नितान्त अनिवार्य छ, त्यस्तो मुलुक सञ्चालन गर्न जिम्मा लिएका र लिन खोज्ने अवसरवादीको जमातलाई यो रोगले बढो चाँडो आक्रमण गर्ने गरेको छ। सत्तामा पुगेका र पुग्ने कोसिसमा लागेका सम्पूर्ण राजनीतिकर्मीहरू यो सरुवा रोगको लपेटामा फस्न पुगेका छन्। यो रोगले यिनीहरूलाई चाँडो अतिक्रमण गर्नाको मूल कारण हो यिनीहरूसँग भएको नैतिकता र इमानदारीको कवच त्यो रोगविरुद्ध प्रतिरक्षा गर्न समर्थ नहुनु।

राज्यव्यवस्थामा संलग्न व्यक्तिहरू स्वच्छ, इमान्दार र नैतिक हुनु अनिवार्य छ। ती व्यक्तिहरू बेइमान, अवसरवादी र अनैतिक भइदिए भने साधारण जनताको जीवनस्तर कसले उठाउने र मुलुकलाई विकासको बाटोमा कसले लगाउने ? यो विश्वमा धेरै कम राजनेता मात्र नैतिक र इमानदार देखिएका छन्। अधिकांश राजनीतिक नेताहरू लुच्चा र चटकीजस्ता भएर जनतालाई झुक्याई आफू मात्र बन्ने काम गरिरहेका छन्।

भ्रष्टाचारको वातावरणलाई कायम राख्ने काम विश्वमा संस्थापित वित्तीय संस्थाहरू र सम्पन्न मुलुकका सरकारमा कार्यरत कतिपय कर्मचारीको बदनियतपूर्ण कार्यले गरेको छ। गरिब मुलुकका सरकार र सरकारसँग सम्बद्ध निकायहरूमा भ्रष्टाचार व्याप्त भएको महसुस गरेर विश्वका धेरै संस्थाहरू यसप्रति चिन्तित हुन थालेको पनि देखिएको छ। तर यस्ता संस्थाहरूले पनि भ्रष्टाचारको निराकरणको उपाय यही हो र यसै गरी नियन्त्रण गर्नुपर्छ भनेर किटान भने गर्न सकेका छैनन्। हुन पनि यो रोग शरीरसँग सम्बन्धित नभएर भावनासँग सम्बन्धित भएको कारण छिट्टै र चाँडै उपाय पहिल्याउन गाह्रै हुन्छ।

विश्वबैङ्कले विकासोन्मुख मुलुकमा लगानी गरेको रकमको पच्चीस प्रतिशत पनि त्यस मुलुकको विकासका लागि खर्च हुँदैन। जुन उद्देश्यप्राप्तिका लागि लगानी भएको हुन्छ, त्यसको ठूलो रकम हिनामिना र व्यक्तिगत सम्पत्तिमा परिणत हुने गरेको ठहर गरेपछि यसबारेमा विश्वबैङ्क स्वयंले अध्ययन सुरु गरेको छ। पारदर्शी बनाउँदा भ्रष्टाचार नियन्त्रण हुन सक्छ कि भन्ने लक्ष्य राखेर पारदर्शी हुनुपर्छ र पारदर्शी बनाउनुपर्छ भनेर यसतर्फ पनि विश्वबङ्कले लगानी सुरु गरेको छ। यति खेर विश्वबैङ्क विकासका लागि मात्र विकासोन्मुख मुलुकमा लगानी गर्दैन, जनताको जीवनस्तर उठाउने मुलुकको विकासकार्य पारदर्शी होस् भनेर पनि लगानी गर्न थालेको छ।

यो पारदर्शितालाई यही दशकमा विश्वबैङ्कका पूर्वकर्मचारी तथा जर्मनीका नागरिक डा० पिटर इजेनले चिनारी गराए र विश्वबैङ्कलाई यस कार्यमा संलग्न गराउन पनि समर्थ भए। डा० पिटर इजेन अफ्रिकाका धेरै मुलुकहरूमा चौध वर्षसम्म विश्वबंङ्कका कर्मचारी भएर विभिन्न स्थान र तहमा बसी काम गरेका र त्यहाँ भएका भ्रष्टाचारबाट पूर्ण परिचित भएका कारणले उनले भ्रष्टाचार-नियन्त्रणका लागि पारदर्शितालाई औँल्याए। जर्मनीलाई केन्द्र बनाएर उनले विश्वका सबैजसो प्रजातान्त्रिक मुलुकमा आ□नो शाखा खोलेका छन्। विश्वबैङ्कले यस कार्यका लागि लाखौँ डलर लगानी गरेको छ। तर यो पारदर्शिताले भ्रष्टाचार-नियन्त्रण पूर्णरूपले हुन्छ भन्न कठिन छ, कारण भ्रष्टाचार यस्तो महारोग हो जो एउटै उपायले मात्र समाधान हुँदैन।

‘ट्रान्सपरेन्सी इन्टरनेसनल’ नामक जर्मनीमा केन्द्रीय कार्यालय भएको संस्थाको शाखा नेपालमा समेत खुलेको छ। यो संस्थाले पारदर्शी नीतिलाई कतिसम्म अमल गर्न लगाई सरकार र गैरसरकारी संस्थालगायत वित्तीय संस्थाहरूमा हुने र भए-गरेका भ्रष्टाचारलाई नियन्त्रण गर्न सक्छ, यसबारेमा काम नै नहेरी अड्कल गर्न मिल्दैन तर वित्तीय कारोबारमा ‘पारदर्शी नीति’ लागू गराउन सके निश्चय नै भविष्यमा हुने र वर्तमानमा भएका अनुचित कार्यको भने भन्डाफोर हुनेछ।

नेपालमा अन्य संस्थाहरूका साथै नेपाली काङ्ग्रेसको भ्रातृसंस्था ‘तरुण दल’ ले भ्रष्टाचार-नियन्त्रणका लागि जिल्ला-जिल्लामा आ□नो अभियान सञ्चालन गर्न थालिसकेको छ। हाल तरुण दलले मन्त्रीहरूको सम्पत्ति सार्वजनिक गर्न आह्वान गरेको छ तर त्यसलाई सत्तारूढ मन्त्रीहरूले बेवास्ता गरेर तरुण दललाई हाँक दिएका छन्। सत्तारूढ नेपाली काङ्ग्रेसको भ्रातृसंस्था भएको हुँदा यसमा केही प्रश्न उठेका छन्।

नेकपा एमालेको भ्रातृसंस्था अनेरास्ववियु र नेकपा मालेसँग सम्बद्ध विद्यार्थी सङ्घले पनि भ्रष्टाचारको खुलेर विरोध गर्ने आ□नो कार्यक्रम बनाएका छन्। यसरी हेर्दा भ्रष्टाचारविरुद्ध सबै क्षेत्र आन्दोलित भएका छन्। तर भ्रष्टाचारको गतिमा भने कुनै परिवर्तन वा मन्दी आएको देखिँदैन। त्यसैले यसलाई यति सजिलै नियन्त्रण गर्न सकिन्छ भन्न सकिँदैन।

सत्य हो – भ्रष्टाचार-नियन्त्रणबिना राजनीतिक वातावरण स्थिर हुन सक्तैन। अस्थिर राजनीतिक वातावरणमा देशविकास सम्भव छैन। देशको आर्थिक विकासबिना सर्वसाधारण जताको जीवनस्तर उठ्न सक्तैन। जनताको जीवनस्तर उठाउन नसक्ने व्यवस्था कुनै पनि हालतमा ‘प्रजातन्त्र’ हो भनेर प्रमाणित हुन सक्तैन।

प्रजातन्त्र कायम गर्ने तथा प्रजातान्त्रिक विकास गर्ने हो भने भ्रष्टाचार-नियन्त्रण मात्र पहिलो आवश्यकता हो। त्यसैले विश्वका सबै मुलुकले आ□नो मुलुकको विकास र प्रजातन्त्रलाई दिगो राख्ने चाहना गर्ने हो भने भ्रष्टाचार-नियन्त्रण मात्र पहिलो आवश्यकता हो। त्यसैले विश्वका सबै मुलुकले आ□नो मुलुकको



विकास र प्रजातन्त्रलाई दिगो राख्ने चाहना गर्ने हो भने भ्रष्टाचार-नियन्त्रणको कार्ययोजना तयार गरी लागू गर्नुपर्छ। यसतर्फ सम्बन्धित राजनेताले ध्यान पुऱ्याउन सकेनन् भने मुलुकमा राजनीतिक अस्थिरता कायम नै रहन्छ। त्यस्तो राजनीतिक अस्थिरतामा प्रजातन्त्र बाँच्न सक्तैन र विस्तारै-विस्तारै तानशाही जन्मने वातावरण सिर्जना हुन थाल्छ। अफ्रिकाका धेरै मुलुकहरूले यस्तै स्थितिका कारण स्थायी वा अस्थायी रूपमा तानाशाहीलाई निम्त्याएको उदाहरण पनि छ।

**कान्तिपुर दैनिक, २०५५ असार १६ गते मङ्गलबार**

**भरत जङ्गम – ‘पचास प्रसङ्ग’ बाट**

## जनताको विश्वास जित्ने सरकारको उपाय

रोजगारी र उचित आर्थिक लाभ दिन सक्ने सरकारले मात्र जनताको विश्वास जितेको हुन्छ। अनियन्त्रित बजारको व्यवस्था र जनताको आर्थिक अवस्था बिगार्ने सरकार लामो अवधिसम्म टिक्न सक्तैन। त्यसैले कुनै पनि दल वा व्यक्ति सत्तामा आउनेबित्तिकै उसको आर्थिक कार्यक्रम जनसमक्ष आउनुपर्छ र जनतालाई राहत दिने कार्यक्रम तुरुन्त सञ्चालन भएको हुनुपर्छ।

वर्तमान सरकार बजार-नियन्त्रण गर्न असमर्थ भएको कारणले प्रजातन्त्रको विकृत रूप देख्न थालेका निमुखा तथा गरिब जनताले बोल्न पाउने स्वतन्त्रताभन्दा खान र लाउन पाउने व्यवस्था चाहिएको महसुस गर्न थालेका छन्। निरङ्कुश उर्लँदो बजारले जनजीवन अस्तव्यस्त हुन थालिसक्यो। अब जनताको धैर्यको बाँध फुट्ने अवस्थामा पुगिसक्यो।

**– दर्पण सत्तारूढका लागि : यथार्थ जनताका लागि**

# भ्रष्टाचार-निवारण : हाँसको चाल न कुखुराको

'घूस लिन्या र घूस दिन्या दुवै मुलुकका महाशत्रु हुन्' भन्ने उक्ति श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको हो । यो मुलुकका निर्माताले दिएको दिव्योपदेशलाई वर्तमानमा नेपालीहरूबाटै उपहास भइरहेको महसुस गरिएको छ । घूस खाने र राष्ट्रको सम्पत्ति हिनामिना गर्ने व्यक्ति देशद्रोही हुनुपर्नेमा रूपान्तरित भएर तिनीहरू नै सभ्य, जानकार तथा जिम्मेवार कहलिएका छन् र सतारूढसमेत बन्न पुगेका छन् । हिजो घूस खुवाउने र खाने भ्रष्टाचारी मुलुकका शत्रु ठहर हुन्थे भने आज तिनीहरू मुलुककै संरक्षकका रूपमा सत्ता कब्जा गरेर बसेका छन् ।

भ्रष्टाचार गर्नुपर्छ र शासनमा टिकिरहनुपर्छ भन्ने राणाकालमा प्रतिपादित नीतिलाई आजसम्म पनि टाठाबाठा नेता तथा कार्यकर्ताले 'दिव्योपदेश' का रूपमा पालन गरिरहेका छन् । घूस आफू पनि खाऊ र अरूलाई पनि खाने वातावरण बनाइदेऊ भन्ने नाराका साथ नेतृत्वपङ्क्तिमा पुगेका व्यक्तिहरूले 'भोको पेटले आजको आवश्यकतालाई महत्त्व दिन्छ, भोलिको विकासलाई भन्दा' भन्ने राम्ररी बुझेका छन् । जनताको गरिबीलाई विचार गर्दा स्वच्छ र सही ढङ्गबाट चुनाव सम्पन्न हुन सक्तैन तथा चुनावमा विजयी हुन सिद्धान्त र नीतिभन्दा रुपियाँ-पैसाको आवश्यकता पर्छ भन्ने कुरा ती जिम्मेवार पदमा पुग्ने र पुग्न खोज्ने व्यक्तिहरूले राम्ररी बुझेका छन् ।

त्यसैले सत्तामा नपुगेसम्म 'भ्रष्टाचार-नियन्त्रणबिना मुलुक बन्न सक्तैन' भनेर आवाज घन्काउने नेताहरूले पनि पदभार सम्हाल्नेबितिकै यसलाई चटक्क छोड्ने अथवा यसबाट टाढा हुने बाध्यता देखाइरहेका छन् । भ्रष्टाचार-नियन्त्रणको कुनै ठोस योजना आएमा आफू नै नियन्त्रित भइने वा आफैँ बाँधिने भयले नेताहरू सताइएका छन् । यसलाई जुनसुकै किसिमबाट पनि निस्तेज अवस्थामा राख्न यिनीहरूको प्रयत्न जारी रहिरहेको छ ।

मुलुकमा भ्रष्टाचार-नियन्त्रण गर्नका लागि अनेकानेक हुकुम, आदेश, सवाल र अन्य लिखित कानुनको व्यवस्था हुँदै आए । मुलुक र समाज जति नयाँ युगमा प्रवेश गर्दै गयो, भ्रष्टाचारको रूप पनि बदलिँदै जटिल रूपमा प्रस्तुत हुन थाल्यो । घूस लिएको दिएको वा भ्रष्टाचार गरेको कुनै ठोस कानुनी प्रमाण हुँदैन, केवल घूस खाने र खुवाउने व्यक्तिको जीवनस्तर बढ्दै र घट्तै गएको परिवर्तित अवस्थालाई विश्लेषण गरेर किटान गर्न सक्नुपर्छ । यसमा अदालतले अन्य अपराधको जस्तो प्रकृतिले प्रमाण जुटाउन सक्तैन । त्यसैले यसको नियन्त्रणका लागि पनि त्यस्तै वैज्ञानिक विधि अपनाएर नियन्त्रणका उपायहरू तयार गर्न सक्नुपर्छ । यो कार्य सत्तासीनहरूको हो ।

भ्रष्टाचार निवारण ऐन, २०१७ आएपछि केही प्रभावकारी रूपमा यसतर्फ सरकारको चासो गएको देखिएको थियो । ऐन निस्काशन हुनेबित्तिकै त्यस ऐनको एकलौटी प्रयोग विशेष प्रहरी विभागले गर्न थाल्यो । पछि आएर यो ऐनलाई पञ्चायतका अञ्चलाधीश र प्रमुख जिल्ला अधिकारीले पूर्ण रूपले प्रयोग गर्न थाले ।



यो भ्रष्टाचार निवारण ऐन आजसम्म पनि जिउँदै छ, तर विवादको भुमरीमा फसेर प्रायः निस्क्रिय अवस्थामा छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ आउँदा विशेष प्रहरी विभागलगायत अन्य निकायले प्रयोग गर्ने अधिकारलाई प्रत्यायोजन गर्नुपर्ने भयो । २०१७ सालदेखि मुलुकभरि भ्रष्टाचारविरुद्धको मुद्दा सञ्चालन गर्दै आएको विशेष प्रहरी विभागलाई उपत्यकाका तीन जिल्लामा मात्र सीमित गराइयो ।

भ्रष्टाचार-नियन्त्रण गर्ने निकाय पनि संवैधानिक अङ्गका रूपमा २०३४ सालमा प्रस्तुत भएको हो । अख्तियार दुरुपयोग निवारण आयोग व्यवस्थित भयो । त्यस व्यवस्थाअनुसार आयोगका आयुक्तहरूमध्ये नै एक जना छानबिन अधिकृतका रूपमा परिणत भई पूर्ण अनुसन्धानकार्य सुरु गरिन्थ्यो र मुद्दा लाग्ने ठहर भएपछि अन्य आयुक्तहरू सम्मिलित आयोगमा मुद्दा दायर हुने व्यवस्था थियो । यसरी पेस भएको मुद्दामा आयोगसमक्ष पुर्पक्ष भए-नभएको निर्णय हुने र सो निर्णयमा चित्त नबुझेमा अख्तियार दुरुपयोग पुनरावेदन अदालतमा पुनरावेदन जाने व्यवस्था थियो । आयोग र विशेष प्रहरी विभागको कार्यक्षेत्रलाई ऐनद्वारा नै किटानसाथ तोकिएको हुँदा दुवै निकाय सक्रियताका साथ भ्रष्टाचार नियन्त्रणका कार्यमा संलग्न थिए ।

तर अहिले स्थितिमा परिवर्तन भएको छ र भ्रष्टाचार-नियन्त्रण गर्ने आयोगको गति 'हाँसको चाल न कुखुराको चाल' भनेजस्तो भएको छ ।

**कान्तिपुर, २०५५ साउन २२ गते शुक्रबार**

**भरत जङ्गम – 'पचास प्रसङ्ग' बाट**

## स्वच्छ वातावरणका लागि इमानदार व्यक्ति

भ्रष्टाचार भन्नाले व्यक्तिगत आर्थिक लाभ पुऱ्याउने मात्र होइन, व्यक्तिको भ्रष्ट आचार (काम-कार्यवाही), जसले राज्यसत्तालाई नोक्सान पुऱ्याउँछ, लाई पनि मान्नुपर्छ । त्यसैले स्वच्छ प्रजातान्त्रिक वातावरण सिर्जना गर्न अधिकारसम्पन्न व्यक्ति अत्यन्तै योग्य (दायित्वबोध भएको), इमानदार र दूरदर्शी हुनु जरुरी छ । यो स्थितिको सिर्जना आयोगलाई शक्तिसम्पन्न बनाएमा मात्र सम्भव छ । त्यसैले पञ्चायतकालको जस्तो कार्यविधि ऐन बनेको खण्डमा राज्यसत्ता र जनता दुवै धोकामा पर्छन् ।

**– अख्तियार दुरुपयोग : जिम्मेवारी अधिकारको निर्णय**

# राजनीतिकर्मी र बढ्दो भ्रष्टाचार

वर्तमान विश्वको राजनीतिक रङ्गमञ्चमा आज एउटै समस्याले सताएको छ। त्यो हो कुनै पनि मुलुकको राजनीतिक क्रियाकलापमा संलग्न व्यक्तिको प्रबल इच्छा नै जसरी पनि आर्थिक रूपमा सम्पन्न हुने खालको हुनु। राजनीतिमा संलग्न व्यक्तिहरूमा यो इच्छा जाग्रत हुनु भनेको वर्तमानले स्वीकार गर्न खोजेको प्रजातन्त्र अर्थात् असल शासन-पद्धतिविरुद्धको वातावरण तयार हुनु हो। प्रजातन्त्रको चाहना राख्नेले भ्रष्टाचार-नियन्त्रणको विधिलाई हार्दिक रूपमा अङ्गिकार गर्नुपर्छ, अन्यथा प्रजातन्त्र मनपरीतन्त्रमा परिणत हुन्छ र मनपरीतन्त्र कुनै पनि मुलुकमा लामो अवधि टिक्न सक्तैन। त्यसैले प्रजातन्त्र र भ्रष्टाचार एकै साथ रहन र बाँच्न सक्तैनन्।

सत्तामा पुगेका र पुग्न खोज्ने जोकोही पनि धनाढ्य हुने इच्छाबाट टाढा हुन नसक्नुको कारणले गर्दा प्रायः धेरै मुलुकका जिम्मेवार व्यक्तिहरू यसका सिकार हुन पुगेका छन् र भ्रष्टाचार गर्न विवश भएका छन्। चाहे ती सम्पन्न मुलुकका पढे-लेखेका विद्वान् होउन् वा गरिब मुलुकका सर्वहारा विद्वान् होउन्, सबै-सबै नै बिनापरिश्रम र बिनाविलम्ब आर्थिक रूपले सम्पन्न हुन लालायित देखिन्छन्। यो आजको आधुनिक विश्वको नयाँ रोग हो। यो नयाँ समस्याले विश्वका सबैजसो राजनीतिक समुदायलाई नराम्रोसँग प्रभावित पारेको छ र सबैजसो राजनीतिक नेताहरूको मनमस्तिष्कलाई यसले आफूतर्फ खिच्न समर्थ भएको छ।

विश्वका सबै मुलुकका क्रियाशील राजनेताहरू यसबाट अनभिज्ञ छैनन्। यसबारेमा भरपूर ज्ञान भइसक्ता अर्थात् मुलुकमा भ्रष्टाचार बढेको छ भन्ने जानकारी हुँदाहुँदै पनि किन नजानिँदो भएर चुप रहन्छन् र यसतर्फ गम्भीरताका साथ सोच गर्दैनन् ? किनभने यसबाट ती राजनेता स्वयम्लाई फाइदा पुगिरहेको हुन्छ। आर्थिक रूपमा सम्पन्न भएका मुलुक र क्षेत्रहरू सबैका आकर्षणका केन्द्र भएजस्तै धनी राजनेताका निकट पनि सर्वसाधारण पछि लाग्ने गरेका छन्। त्यसैले पनि राम्रा र नैतिकवान् नेताहरू भ्रष्टाचार गर्न बाध्य हुन्छन् र छोटो अवधिमा आ□नो अस्तित्व पनि मेटाइरहेका हुन्छन्।

खास गरी विकासोन्मुख मुलुक, जहाँ अशिक्षित र गरिब नागरिकहरूको बसोबास छ र जहाँ आर्थिक रूपमा विपन्न वर्गको बाहुल्य छ, त्यहाँ यो भ्रष्टाचारको रोगले चाँडो अतिक्रमण गर्छ र गर्ने गरेको छ। किनभने त्यस्ता मुलुकमा विकासको अत्यन्तै खाँचो हुन्छ र मान्छे भएर बाँच्ने आधारभूत आवश्यकता परिपूर्ति गर्नु नितान्त अनिवार्य हुन्छ। त्यस्तो समयमा आन्तरिक र बाह्य जुनसुकै स्रोतबाट भए पनि रकम जुटाएर विकासका लागि लगानी गर्नुपर्ने हुन्छ। त्यस्तो जुटाउनुपर्ने रकम सहयोग वा ऋण केही पनि हुन सक्छ। त्यो रकम जुटाउँदा संलग्न व्यक्तिहरूको मनोभावमा आएको र आउने विकृतिले नै भ्रष्टाचारलाई जन्म दिन्छ।



अर्को अवस्थालाई विचार गर्ने हो भने सम्पन्न मुलुक अर्थात् दातृ मुलुकका सहयोग वा ऋण रकमको निकासा गर्ने जिम्मा पाएकाहरूका गिद्धेदृष्टिकै कारण भ्रष्टाचारको गर्भाधान हुन्छ। साथसाथै गरिब मुलुक सञ्चालन गर्न जिम्मा लिएका र लिन खोज्ने जमातलाई यसले चाँडो प्रभावित गर्छ। त्यो समूह जतिसुकै सुविचार लिएर प्रवेश गरेको होस्, त्यो धमिलो वातावरणको चपेटामा चाँडो पर्छ र घुलमिल हुन्छ, जसको कारणले अन्ततोगत्वा त्यो समूह सबैका नजरमा अवसरवादी प्रमाणित भइदिन्छ। यसै क्रमले विकासोन्मुख मुलुक सञ्चालन गर्न सत्तामा पुगेका र पुग्ने कोसिसमा लागेका सम्पूर्ण राजनीतिकर्मीहरू भ्रष्टाचारी साबित भइदिन्छन्। यस तथ्यलाई विचार गर्दा कुनै पनि मुलुकका राजनीतिकर्मीहरूले आ□नो सेवाभावको विश्वासमा दृढता ल्याउन सक्तैनन् भने त्यस मुलुकको राज्यव्यवस्था सम्हाल्छु भनेर सत्तामा जाने जमर्को गर्नु भनेको आ□नै परिचय र अस्तित्वलाई दाउमा लगाउनु हो।

राज्यव्यवस्थामा संलग्न हुनु वा सत्ता सम्हाल्नु भनेको असल नतिजाप्राप्तिका लागि जनकल्याणकारी विचारको माध्यमद्वारा शुद्धताका साथ असल कामको प्रदर्शन गरेर मुलुक र जनताको सेवा गर्नु हो। सत्तामा पुग्नेबित्तिकै कोही मान्छे ठूलो वा मान्य हुन सक्तैन। मान्छे ठूलो र मान्यवर त्यति बेला हुन्छ, जति बेला उसले असल विचारको माध्यमद्वारा नैतिकता र इमानदारीबाट विचलित नभई मुलुक र जनताको सेवा गर्न सक्छ। सत्ता सम्हाल्ने क्रममा राम्रो कामको प्रदर्शन गर्न पनि सकिँदैन र लाभप्रद नतिजा पनि निस्कन सक्ने वातावरणको अभाव छ भन्ने लागेमा सत्तामा पुग्नुभन्दा सत्ताबाहिर बसेर सेवा गर्नुमा कल्याण हुन्छ। सत्तामा पुगेर मात्र मुलुक र जनताको सेवा गर्न सकिन्छ भन्ने गलत धारणालाई हरेक राजनीतिमा समर्पित व्यक्तिले बिर्सन सक्नुपर्छ, तब मात्र मुलुक र जनताले राहत पाउन सक्छ। त्यसैले स्पष्ट छ कि यो भ्रष्टाचारजस्तो सङ्क्रामक रोगले ती व्यक्तिहरूलाई चाँडो अतिक्रमण गर्छ जो नैतिक रूपले कमजोर र सत्ताभोगका लागि लालायित भएका कमजोर मनस्थितिका हुन्छन्।

भ्रष्टाचारको वातावरणलाई कायम राख्ने काम विश्वमा संस्थापित वित्तीय संस्थाहरू र त्यसमा कार्यरत कर्मचारीहरूको बदनियतका कारण पनि हुन्। साथै सम्पन मुलुकको सरकारमा कार्यरत कतिपय कर्मचारीको कूटनीतिक दाउपेच र व्यक्तिगत लोभ लिने लालची प्रवृत्तिका कारणले पनि गरिब मुलुकका सरकारमा संलग्न व्यक्तिहरू भ्रष्ट भएका हुन्छन्। गरिब देशको सरकारसँग सम्बद्ध निकायहरूमा भ्रष्टाचार व्याप्त भएको महसुस गरेर विश्वका धेरै संस्थाहरू यसप्रति चिन्तित हुन थालेको पनि देखिएका छन्। तर यस्ता संस्थाहरूले पनि भ्रष्टाचारको निराकरणको उपाय भने सही किसिमबाट पहिचान गर्न सकिरहेका छैनन्। अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूमा यो नयाँ रोगको अतिक्रमणबारेमा अनुसन्धान सुरु भए पनि त्यसको मूल उत्पत्तिको जानकारीको अभावमा यसको नियन्त्रणका लागि ठोस नीति अख्तियार गर्न सकेका छैनन् ‘यही हो र यसै गरी नियन्त्रण गर्नुपर्छ’ भनेर

किटान गर्न कठिन भएको कारण। यो रोग नयाँ हो र यसको प्रकृति पनि विभिन्न देशमा भिन्नाभिन्नै प्रकृतिले विकसित भएको छ। यथार्थमा विचार गर्दा यो रोग शरीरसँग सम्बन्धित नभएर भावनासँग सम्बन्धित भएको कारण छिट्टै र चाँडै उपाय पहिल्याउन पनि गाह्रै हुन्छ।

विकासोन्मुख मुलुकमा प्रजातन्त्र कायम राख्ने हो तथा प्रजातान्त्रिक विकास गर्ने हो भने सर्वप्रथम भ्रष्टाचार नियन्त्रण मात्र पहिलो आवश्यकता हो। त्यसैले विश्वका सबै मुलुकले आ□नो मुलुकको विकास र प्रजातन्त्रलाई दिगो राख्ने चाहना गर्ने हो भने भ्रष्टाचार-नियन्त्रणको कार्ययोजना तयार गरी तुरुन्त लागू गर्न सक्नुपर्छ। अमुक देशमा व्याप्त भ्रष्टाचारको नियन्त्रणकार्य अमुक देशले गर्नेछ वा गरोस् भन्ने पर्खाइ हुनु हुँदैन। जति सक्यो, जसरी सकिन्छ र जुन विधि अख्तियार गर्दा भ्रष्टाचार-नियन्त्रण योजना कार्यान्वयनतर्फ बढ्न सक्छ, सो कार्ययोजना तर्जुमा गरी लागू गर्ने कोसिस गर्नुपर्छ। यसतर्फ सम्बन्धित राजनेताले ध्यान पुऱ्याउन सकेनन् भने मुलुकमा राजनीतिक अस्थिरता कायम नै रहन्छ। त्यस्तो राजनीतिक अस्थिरतामा प्रजातन्त्र बाँच्न सक्तैन र विस्तारै-विस्तारै तानाशाही जन्मने वातावरण सिर्जना हुन थाल्छ। अफ्रिकाका धेरै मुलुकहरूले यस्तै स्थितिका कारण स्थायी वा अस्थायी रूपमा तानाशाहीलाई निम्त्याएका छन् र त्यस्तो तानाशाही व्यवस्थाले जरो गाडेको छ। त्यस्तै, एसियाका विकासोन्मुख मुलुकहरू क्याम्बोडिया, बर्मा, बङ्गलादेश र पाकिस्तान आदिका उदाहरणहरू पनि ताजै छन्।

मुलुकको राज्यव्यवस्थामा संलग्न व्यक्तिहरू स्वच्छ, इमानदार र नैतिक हुनु अनिवार्य छ। ती व्यक्तिहरू बेइमान, अवसरवादी र अनैतिक भइदिए भने साधारण जनताको जीवनस्तर कसले उठाउने र मुलुकलाई विकासको बाटोमा कसले लगाउने ? यो विश्वमा धेरै कम मुलुकका राजनेता मात्र नैतिक र इमानदार देखिएका छन्। विकासोन्मुख मुलुकका अधिकांश राजनीतिक नेताहरू लुच्चा र चटकीजस्ता भएर जनतालाई झुक्याई आफू मात्र बन्ने काम गरिरहेका छन्। यसको कमजोर पक्ष राजनीतिक दल पनि हो। कुनै काम नपाएपछि राजनीतिमा प्रवेश गर्ने प्रवृत्ति गरिब मुलुकको नयाँ रोग हो। वास्तविकतामा ती लफङ्गाहरू, जसले समाजको उन्नतिमा केही योगदान दिन सक्तैनन् र परिश्रम गरेर खान सक्तैनन्, त्यस्ता मानव-विकासका शत्रुहरू मात्र राजनीतिमा प्रवेश गरेका हुन्छन् र राजनेताका वरिपरि घुमेर राजनीतिक कार्यकर्ता हुन पुग्छन् र प्रजातन्त्रलाई शोषणको माध्यम बनाउँछन्। साथै, प्रजातान्त्रिक नियमअनुसार समय-समयमा हुने निर्वाचनबाट त्यस्ता छट्टुहरूले भरपूर फाइदा लुट्ने गरेका हुन्छन्। यो तथ्य राजनेतालाई पत्तो नै हुँदैन कि उसले लफङ्गा र अनैतिक समूहको घेराभित्र बन्द भएर नैतिकता र इमानदारी हराइरहेको छ।

आज विश्वका प्रायः सबै मुलुकमा प्रजातन्त्र छ र राजनीतिक रूपमा खुला वातावरण छ। यो स्वच्छ वातावरण कायम गर्न ज्यादै कठिन छ। गरिब मुलुकका जनता अशिक्षित पनि हुन्छन् भन्ने कुराको बोध राजनेतामा हुँदैन। उनका वरिपरि घुम्नेहरूलाई मात्र उनीहरूले जनता ठानेका हुन्छन् र उनीहरूको दृष्टि त्यसभन्दा



टाढा जान पनि सक्तैन। यो आधुनिक युगमा सञ्चारका दृष्टिले विचार गर्दा विश्व नै एक भइसकेको अवस्थामा पनि उही पुरानो संस्कार बोकेका नेताहरूको बाहुल्य वर्तमान राजनीतिमा रहनु ठीक होइन। साथै, राजनीतिकर्मीहरूमा पनि पुरानै मनस्थिति रहिरहने हो भने असल शासनको आशा राख्नु पनि व्यर्थ हुनेछ। युगले मागेअनुसारका राजनीतिकर्मीको संलग्नताले मात्र विकासोन्मुख मुलुकमा प्रजातन्त्र बाँच्न सक्छ।

❑

**भरत जङ्गम – 'पचास प्रसङ्ग' बाट**

## कर्मचारीको व्यक्तिगत सम्पत्तिको विवरण आवश्यक

सरकारी कामको जिम्मा लिएका मन्त्रीहरूको मात्र होइन, सम्पूर्ण कार्यरत कर्मचारीहरूको पनि व्यक्तिगत सम्पत्तिको विवरणको रेकर्ड राख्ने व्यवस्था हुनुपर्छ। यो व्यवस्था लागू गर्न एउटा छुट्टै कार्यालयको जरुरत पर्छ भने पनि यस्तो कार्यालयको स्थापनाले राज्यलाई नोक्सान होइन फाइदा नै हुन्छ। यस्तो फाइदा पुग्ने कार्यालय खोल्नुपऱ्यो भने राज्यलाई आर्थिक भार हुन्छ भनेर पन्छाइन्छ भने यो मान्छेलाई काम दिनुपऱ्यो भनेर अनावश्यक कार्यालय खोल्न र खोलाउन पल्केका व्यक्तिहरूले हरेक सरकारलाई असहयोग नै गरेका छन्। यो तथ्यलाई जनताले चुनेर पठाएका जनप्रतिनिधिले बुझ्न नसक्ने र मन्त्री महोदयले भुल्ने हो भने कसरी भ्रष्टाचार-निवारणको थालनी हुन्छ ?

**– सम्पत्ति-विवरणको थालनी र वर्तमान मन्त्रीहरू**

# भ्रष्टाचार-नियन्त्रण : नयाँ युगको माग

भ्रष्टाचार-नियन्त्रणबिना राजनीतिक स्थिर वातावरण आउन सक्तैन । अस्थिर राजनीतिक वातावरण रहिरहेमा आर्थिक विकास हुन सक्तैन । आर्थिक विकासबिना मुलुक र जनताको जीवनस्तर उठ्न सक्तैन र जनताको जीवनस्तर उठाउन नसक्ने सरकार लामो अवधि टिक्न सक्तैन ।

यो नयाँ सन्देश हो नयाँ शताब्दीका लागि, नयाँ सूत्र हो युगका लागि, र यो सूचना हो नयाँ पुस्ताका लागि । यसको अनिवार्यता र आवश्यकताका बारेमा विचार गर्न कतै जानुपर्दैन, कुनै पुस्तकका ठेलीलाई अध्ययन गर्नुपर्दैन, केवल आफू र आ□नै परिवेशलाई नियाले पुग्छ, आ□नै र सँगैकाहरूको भूतकाललाई मूल्याङ्कन गरे पुग्छ । हरेक बिहानीले दिनको सूचना गरेजस्तै वर्तमानले भविष्यको अड्कल गर्छ । आज व्यक्तिमा मात्र होइन परिवार, समाज र सिङ्गो राष्ट्रलाई नै भ्रष्टाचारले आ□नो मुट्ठीभित्र गाँज्न सफल भइसकेको छ ।

अल्पविकसित एवं विकासोन्मुख मुलुकमा सरकार परिवर्तन भइरहने कारण समाजमा व्याप्त भ्रष्टाचार हो । तर यो सरकार परिवर्तनको विन्दुको दूरीलाई भने त्यहाँको भ्रष्टाचारको फैलावटले निश्चित गरेको हुन्छ । अर्थात् भ्रष्टाचार ज्यादै तीव्र गतिले अगाडि बढिरहेको भए परिवर्तनको अवधि छोटिन्छ र भ्रष्टाचारको गति कम भएको भए सत्तापरिर्वतनको अवधि केही लम्बिन सक्छ । परिवर्तन भने निश्चय हुन्छ । परिवर्तनले अस्थिरता कायम गर्छ र अस्थिरताले अविश्वास जन्माउँछ । अविश्वासको साथमा अनैतिकता जोडिन्छ । यी सबै सत्तापरिवर्तनका लागि भ्रष्टाचारले निम्त्याएर ल्याउने तत्त्वहरू हुन् ।

भ्रष्टाचारव्याप्त समाजले मुलुकमा राजनीतिक स्थिर वातावरण रचना गर्न सक्तैन र राजनीतिक रूपले अस्थिर समाजले विकासको बाटो समाउन र उन्नतितर्फ लम्कन पनि सक्तैन । त्यसैले ती मुलुक, जो अस्थिर राजनीतिक वातावरणमा लपेटिएका छन्, का प्रमुख तथा प्राथमिक कार्य नै भ्रष्टाचार-नियन्त्रण हो ।

भ्रष्टाचार-नियन्त्रणबिना मुलुक-विकासका लागि एक पाइला पनि चाल्न सकिँदैन । तर भ्रष्टाचार-नियन्त्रण त्यति सजिलो पनि छैन, जति हामी सरल ढङ्गले भन्ने गर्छौं । यसको नियन्त्रण अभियानकै रूपमा अख्तियार गर्दा पनि यो चाँडो नियन्त्रणको परिधिभित्र जकडिन सक्तैन ।

यो नवीन सूत्रको सूत्रपात त्यस परिप्रेक्ष्यमा भयो जति खेर विश्वका तमाम विकासोन्मुख मुलुकहरू भ्रष्टाचारले ग्रस्त भए । यो मुलुकको मात्र भ्रष्टाचारका बारेमा यो चिन्ता भएको होइन । विश्वका साना र ठूला सबै विकासोन्मुख मुलुक यो नयाँ रोगले ग्रस्त भएका छन् । विकासोन्मुख राष्ट्र चाहे अफ्रिकाको इथियोपिया वा नाइजेरिया होस् वा एसियाको भारत वा पाकिस्तान होस्, सबैजसो गरिब मुलुकलाई



यो नयाँ रोगले अतिक्रमण गरिसकेको छ । हाम्रो अगाडि स्पष्ट छ भारतमा हालै सम्पन्न भएको मध्यावधि चुनाव र गठन भएको गठबन्धित सरकारको गठन । छिमेकी मुलुक भारतमा गत तीन वर्षको अवधिमा तीन प्रधानमन्त्री परिवर्तन भएको कसैबाट छिपेको छैन । साथै दुई तिहाई बहुमतले विजयी पाकिस्तानको सरिफ-सरकार साधारण सेनाधिकारीबाट अपदस्थ हुनुपऱ्यो । टाढाको बखान गर्नुभन्दा आ□नै मुलुकलाई दस वर्षको मूल्याङ्कन कसीमा लगाएर हेरौं । यो दस वर्षको अवधिभित्र सात पटक प्रधानमन्त्री फेरिने काम भयो र चार पटक विभिन्न राजनीतिक सिद्धान्त अख्तियार गरेका दलहरूको मिलिजुली संयुक्त सरकार बन्यो । यस्तो परिवर्तित राजनीतिक माहोलले सधैं अस्थिरता र अविश्वास जन्माउँछ । यो सबैलाई थाहा भएकै हो । तर अस्थिरता र अविश्वासको वातावरण केले जन्माउँछ, सोको जानकारी धेरैलाई छैन ।

यस मुलुकको प्रतिनिधिसभाजस्तो जिम्मेवार निकायमा अनेक घटना घटे, जो नैतिकताका दृष्टिकोणले र दलीय प्रजातान्त्रिक व्यवस्थाका आधारमा मूल्याङ्कन गर्दा अत्यन्तै निकृष्ट र अनुचित ठहर भए । जस्तै, जुन दलको सरकार छ त्यस दलको सरकारका विरोधमा त्यसै दलका सभापतिले विपक्षीमा मत दिएर सरकार गिराएर देखाए । त्यस्तै, बहुमतको सरकार चलाएका प्रधानमन्त्रीले राखेको प्रस्तावमा अस्वीकृति जनाउन संसद्सदस्यहरू अनुपस्थित भइदिँदा संसद् नै विघटन भएर मुलुकले उपचुनावमा उभिन बाध्य हुनुपऱ्यो । मुलुकको वर्तमानको आर्थिक अवस्थालाई विचार गर्दा एउटा चुनाव सम्पन्न गर्न सरकार र जनता दुवैले गर्ने खर्चलाई हिसाब गर्दा कमभन्दा कम पनि पाँच अरब रुपियाँ खर्च मुलुकले बेहोर्नुपर्छ । हाम्रो जस्तो गरिब मुलुकले पाँच अरब रुपियाँको कुनै विकास-योजना पाए कति राम्रो हुने थियो भन्ने बारेमा बताइरहनु पर्दैन ।

प्रजातन्त्र भनेको मुलुक र जनताको सर्वाङ्गीण विकास गर्न समर्थ व्यवस्था हो । राजनीतिक दाउपेच गर्ने, भोका-नाङ्गा र अनैतिक समूहले सत्ता कब्जा गर्ने र मुलुक र जनताको धन बटुलेर नवधनाढ्य बन्ने व्यवस्था यो होइन, तर भयो । यसको रोकथामको उपाय के त भन्ने कुराको खाँचो कसैले महसुस गरेको छैन । आज प्रजातन्त्रको नाउँमा विश्वका अन्य मुलुकमा अनैतिक र गलत तत्त्व अगाडि बढेजस्तै हाम्रो देशमा पनि त्यस्तै जनता र मुलुकमारा छद्मभेषीहरू सत्तासीन हुन पुगेका छन् । अब यस्तो स्थितिमा कसरी यो देशको विकास हुन्छ र प्रजातन्त्र यही परिवेशमा बाँच्न सक्छ भनेर ढुक्क हुने ?

बीसौं शताब्दीको मध्यकालमा जन्मेको यो भ्रष्टाचारजस्तो नौलो रोगले अन्य मुलुकमा जस्तै यो सुन्दर र शान्त मुलुकमा पनि प्रवेश गरेर साधारण जनताको जीवनलाई नै अस्तव्यस्त पार्न थालिसकेको छ । हिजोसम्म कमिसनको अर्थ नबुझ्ने जनप्रतिनिधिहरू आज बिनाकमिसनको योजनाको नामसम्म पनि उच्चारण गर्न मान्दैनन् । बढी ऋण-सहयोगले चल्ने मन्त्रालयबाहेक अन्य मन्त्रालयमा मन्त्री नहुने अडानमा बस्ने निर्लज्ज व्यक्तिहरू पनि देखिए । आर्थिक उपार्जन गर्न पाए देश नै कसैलाई जिम्मा लाउन आतुर व्यक्तिहरूको समूह पनि सुगठित भएको धेरैले देखेका

छन् । तर यो सबै हुनुको पछाडि सङ्क्रामक रोगले अतिक्रमण गरेको छ भन्ने जानकारी भने थोरैलाई मात्र छ ।

यो रोगको सुरुवात दोस्रो विश्वयुद्धपछि भएको हो र यसले विश्वका अल्पविकसित मुलुकको गरिबी र अभावको रङ्गमञ्चमा आधा शताब्दीसम्म खेल्ने र फैलने मौका पायो । हुन त कालको दृष्टिले विचार गर्ने हो भने यो अत्यन्तै छोटो अवधि हो, यसले फैलन र सबै क्षेत्रमा पुग्न समय लिनुपर्ने हो तापनि यो सङ्क्रामक रोग भएको र यसको चाँडो फैलन सक्ने प्रवृत्ति र स्वभाव भएको कारणले गर्दा यसले आ□नो गतिलाई तीव्र बनाउन समर्थ भयो । अत्यन्तै छिटो र ज्यादै छोटो समयमा विश्वका तमाम गरिब राष्ट्रहरूलाई आ□नो प्रभावमा गाँज्न यो सफल भयो ।

यसको उत्पत्तितर्फ अर्थात् यो कसरी र कुन माध्यमद्वारा भयो भन्नेतर्फ विचार गरौँ । जब विश्वमा कहलिएका र नायकत्व कायम गरेका विकसित मुलुकहरूले लामो समयदेखि राजनीतिक रूपले साना र गरिब राष्ट्रलाई आ□नो उपनिवेश बनाएका थिए, प्रजातन्त्रका जननी मानिने सबै सम्पन्न राष्ट्रहरू गरिब र निमुखा स-साना राज्यहरूमाथि खुलेर शोषण गर्ने गर्थे चाहे त्यो संयुक्त राज्य अमेरिका होस् वा संयुक्त अधिराज्य ग्रेट ब्रिटेन होस् । आफूलाई सर्वोत्कृष्ट प्रजातन्त्रको प्रतिपादन गरेको हवाला दिने विश्वकै जिम्मेवार राष्ट्रहरूले गरिब राष्ट्रहरूलाई खुलेर शोषण गरेका थिए । त्यस बखत गरिब राज्यका नागरिक मान्छेका रूपमा होइन, पशुसमान किनबेच हुने गर्दथे । यति मात्र होइन, गरिब राज्यका टाठा-बाठासँग साँठगाँठ मिलाएर राज्य नै कब्जा गरेर प्रत्यक्ष शासन गरेका थिए । यस्तो कुप्रवृत्तिको विरोधमा बीसौँ शताब्दीको बिहानले धावा बोल्यो र राजनीतिक वातावरणमा शुद्धता दिन अनेक प्रयत्न गऱ्यो । यही समयमा साना र ठूला राज्यहरूमा जनसमर्थित सरकारहरू खडा भए । विश्वका धेरै मुलुकहरूले आ□नो सरकार बनाउने मौका पाए । तर नवनिर्मित जनताका नेताहरूको अहम्, महत्त्वाकाङ्क्षा र कुप्रवृत्तिको उपजस्वरूप पुनः द्वन्द्व सुरु भयो । यसै अवधिमा प्रथम र द्वितीय युद्ध भए । यी युद्धले एउटा नयाँ समयलाई अङ्गिकार गऱ्यो, त्यो थियो राजनीतिक रूपमा ठूला राष्ट्रहरूले गरिरहेको अधिनायकत्वको समाप्ति र स्वराजको स्थापना ।

तर ती ठूला र विकसित राज्यले कमजोर र निमुखालाई कँज्याउने र शोषण गर्ने आ□नो पुरानो प्रवृत्तिलाई चटक्कै छोड्न सकेनन् र शोषणको अर्को विधि निर्माण गरे, त्यो हो सबै अल्पविकसित र विकासोन्मुख मुलुकलाई आर्थिक उपनिवेश बनाउनु । आ□नो प्रभुत्ता कायम गर्न अनेकानेक प्रयत्न र प्रयास जारी राखे । राजनीतिक रूपमा असफल भएका ती राष्ट्रहरूले स-साना राज्यलाई दयाको भिख दिने र आर्थिक सहयोग गर्ने नयाँ योजना बनाए । यसले ती मुलुकप्रति आकर्षण कायम राख्न सफल त भए, तर पनि त्यसबाट चित्त नबुझाई ती गरिब राष्ट्रका धनी मस्तिष्कलाई तालाबन्दी गर्ने अनेकानेक योजनाहरू सञ्चालन गर्न थाले । आज त्यसैको फलस्वरूप विश्वका अल्पविकसित र विकासोन्मुख राष्ट्रहरू भ्रष्टाचारको दलदलमा फसेका छन् ।



भ्रष्टाचारले ग्रस्त कुनै पनि मुलुकका सम्पूर्ण जनता र मुलुकको भविष्य अनिश्चित बाटोमा डोरिएको हुन्छ । राज्यले गर्ने सबै काम बन्द हुन्छन् । राज्यसत्ता सधैँ अर्को मुलुकको भरमा रहनुपर्ने हुन्छ । राजनीतिक रूपले हेर्दा स्वतन्त्र भए पनि वास्तविक रूपमा त्यस राज्यले परतन्त्रलाई बाध्यताका साथ स्वीकार गर्नुपर्ने परिस्थिति सिर्जना हुन्छ । साथै, त्यस मुलुकको कुनै इज्जत र अस्तित्व रहँदैन, जुन मुलुक अन्य धनी मुलुकबाट आ□नो देश चलाउन सल्लाह र सुझाव सङ्कलन गर्न व्यस्त रहन्छ ।

धनी मुलुकले अनेकानेक देखावटी कार्यक्रम सञ्चालन गरेर अनुत्पादक कार्यमा ती गरिब देशका जनशक्तिलाई अलमल्याएका हुन्छन् । जस्तै : गरिब मुलुकको जनसङ्ख्या कसरी नियन्त्रण गर्ने, महिलामाथिको शोषण कसरी हटाउने र बालश्रमको कसरी कटौती गर्ने भन्ने चिन्ता धनी मुलुकलाई भएको जस्तो देखाइएको हुन्छ र त्यसको नियन्त्रणका लागि भनेर अथवा त्यस्ता नचाहिने कार्यक्रमका लागि तिनीहरू आर्थिक सहयोग पनि जुटाइदिन्छन् तर कुनै लाभप्रद उद्योग सञ्चालन गरेर गरिब मुलुकका जनतालाई सहयोग गर्दैनन् ।

भ्रष्टाचार-नियन्त्रण नै आजको मूल आवश्यकता हो । यसलाई सबैले बुझिदिए यसको रोकथाम चाँडो हुन्छ । यद्यपि यो समस्या यस मुलुकको मात्र नभएर विश्वका सबै अल्पविकसित मुलुकहरूको साझा समस्या हो । तर यसलाई विश्वकै समस्या भएकाले हामीले मात्र गरेर हुँदैन भनेर निच मार्नु हुँदैन । जुन-जुन मुलुकहरू यो रोगलाई चाँडो नियन्त्रण गर्छन्, ती-ती मुलुकहरू चाँडै उन्नतिपथमा हिँड्न थाल्छन् । जुन मुलुक अलमलमा परेर यसको नियन्त्रणको उपायको सोच नगरी बस्छ, त्यो मुलुकले विकासका लागि पछि पर्नुपर्छ । त्यसैले हामी उन्नति चाहन्छौँ भने भ्रष्टाचारलाई नियन्त्रण गरौँ र हामी विकास चाहन्छौँ भने यसका विरुद्ध धावा बोलौँ ।

**कान्तिपुर दैनिक, २०५६ पुस १७ गते शनिबार**

# भ्रष्टाचारविरुद्ध शैक्षिक अभियानको खाँचो

भ्रष्टाचार-नियन्त्रणका लागि विश्वका धेरै मुलुकले आ-आ□नो हिसाबबाट भ्रष्टाचार-नियन्त्रणका कार्ययोजनाहरू लागू गरेका छन् तापनि यसको विकासको गतिलाई भने रोक्न वा बदल्न सकेका छैनन्। साथै भ्रष्टाचार-निवारणका लागि विश्वबैङ्कले ठूलो धनराशि एउटा संस्थामाथि लगानी गरेको छ तापनि लगानीको अनुपातमा त्यति प्रभावकारी रूपमा सफलता हासिल गर्न सकेको छैन। केवल पारदर्शिताको नारासम्म विकासोन्मुख मुलुकलाई चिनारी गराएको छ। यतिले मात्र विकासोन्मुख मुलुकमा भ्रष्टाचार-नियन्त्रित वातावरण सिर्जना हुन सक्छ भन्ने लाग्दैन। यसलाई यसको उत्पत्तिको पहिचान र यसको मूल प्रवाहको गतिको स्पष्ट जानकारी दिएपछि मात्र यसको निराकरणको उपाय अख्तियार गर्न सकिन्छ।

हामीले पाएको नयाँ सूत्रलाई यसरी हेरौँ – भ्रष्टाचार राजनीतिक स्थिर वातावरणको बाधक भएर खडा भएको छ भने आर्थिक विकासको अवरोधक ठहर भएको छ। त्यसैले स्पष्ट हुन आएको छ कि भ्रष्टाचारको निवारणबिना राजनीतिक स्थिर वातावरण आउन नै सक्तैन र राजनीतिक स्थिरताको अभावमा आर्थिक विकास सम्भव छैन। आर्थिक विकासबिना जनताको जीवनस्तर उठ्न सक्तैन। जनताको जीवनस्तर उठाउन नसक्ने सरकारको प्रकृति परिवर्तनशील हुन्छ र त्यस्तो परिवर्तित अवस्थाले अराजकता जन्माउँछ।

त्यसैले, भ्रष्टाचार – यो शब्द परिभाषित हुन खोजेको छ। यो विषयले विस्तृत व्याख्या मागिरहेको छ। यसले आ□नो उत्पत्तिको मूल चिन्न चाहेको छ। यसको प्रकृति र पहिचान कायम हुन चाहेको छ। यसै सन्दर्भमा हामीलाई पनि यसको मूल प्रवाहको पहिचान जान्नु आवश्यक भइसकेको छ। तर यो तब मात्र सम्भव छ, जब यस विषयमा हामी विस्तृत रूपमा गहिरिएर अध्ययनमा संलग्न हुन्छौं। यो विषय नौलो भएको कारणले गर्दा सहज रूपमा यो स्वीकारयोग्य साबित भइरहेको छैन। कुनै पनि नयाँ वस्तु अभ्यस्तताको कारणले मात्र सरल तथा सहज हुन सक्छ।

अब हामीलाई खाँचो छ – भ्रष्टाचारमुक्त समाजको रचना कसरी गर्ने ? समाजमा हराउँदै गएको नैतिक मूल्य र मान्यतालाई कसरी पुनर्स्थापित गर्ने ? विश्वासको वातावरण कसरी पैदा गर्ने ? मुलुकका सबै क्षेत्र अर्थात् राजनीतिक, आर्थिक र सामाजिक क्षेत्रहरू यसबाट ग्रसित हुन पुगिसकेको अवस्थामा कसरी यसबाट यी क्षेत्रहरूलाई मुक्ति प्रदान गर्ने ? यी प्रश्नहरूलाई विचार गर्दा हामीले तत्काल अल्पकालीन र दीर्घकालीन योजना सञ्चालन गर्नु आवश्यक महसुस गरेका छौँ। तर अल्पकालीन योजनाले छोटै समयमा प्रभाव दिने हुँदा त्यस्तो योजना सञ्चालन गर्न सरकारी स्तरबाट मात्र सम्भव हुन्छ। जनस्तरबाट त लामो समय लिने र दूरगामी प्रभाव पार्ने योजना मात्र सञ्चालन हुन सक्छन् अर्थात् दीर्घकालीन।



यसअन्तर्गत यही चैत्र १५ गते एउटा ऐतिहासिक कार्यको बीजारोपण हुने कार्य भयो। त्यो हो भ्रष्टाचारविरुद्ध विषयक अध्ययनका लागि अन्तर्क्रिया-कार्यक्रम।

यद्यपि यो भ्रष्टाचारविरुद्धका विषयमा विश्वका कुनै पनि विश्वविद्यालयले आजसम्म पठनपाठन सुरु गराएका छैनन्। त्यसो हुँदैमा यो अध्ययनको विषयमा पर्दैन भन्न मिल्दैन। भ्रष्टाचार सामाजिक समस्याका रूपमा खडा भएको छ भने आर्थिक अवरोधक पनि साबित भइसकेको छ, यति मात्र होइन कानुनी राज्य र सुशासनलाई स्पष्ट हाँक दिइसकेको छ। यस परिप्रेक्ष्यमा विषयको महत्ता र गाम्भीर्यलाई हेरी यसको अध्ययन आवश्यक भइसकेको महसुस भएको छ। यो अन्तर्क्रिया-कार्यक्रमले भ्रष्टाचारविरुद्धको विषय अध्ययनअन्तर्गत आउन सक्छ भन्ने कुराको नतिजा दिन समर्थ भएको छ।

त्रि० वि० पाटन संयुक्त क्याम्पस, समाजशास्त्रका विद्यार्थी र शिक्षक सहभागी भएको अन्तर्क्रिया-कार्यक्रम चैत १५ गते बिहान ७ बजेदेखि ९ बजेसम्म भएको थियो भने सोही दिन साँझ ५ बजेदेखि ७ बजेसम्म त्रि० वि० त्रिचन्द्र बहुमुखी क्याम्पसको समाजशास्त्र विभागमा सम्पन्न भएको थियो। पाटन संयुक्त क्याम्पसका प्रमुख खगेन्द्र भट्टराईले भ्रष्टाचारजस्तो रोगबाट मुक्तिका लागि अध्ययन र अध्यापन नै खाँचो भएको व्यहोरा व्यक्त गर्नुभएको थियो भने समाजशास्त्रका विभागीय प्रमुख रेशराज अधिकारीले नौलो विषयको पठनपाठन सुरु गर्नुअघि यस्तै अन्तर्क्रिया हुनुपर्ने हो भनेर सहभागीलाई अवगत गराउनुभयो। त्यस्तै, त्रिचन्द्र बहुमुखी क्याम्पसका प्रमुख डा० सिद्धवीर कर्माचार्यले समयको मागअनुसार भ्रष्टाचारविरुद्धको पढाइ सुरु गर्नुपर्ने आवश्यकता भइसकेको छ भन्नुभयो। ती दुवै कार्यक्रममा त्रि० वि० का उपकुलपतिका प्रतिनिधिका रूपमा सल्लाहकार डा० बद्रीनाथ श्रेष्ठ उपस्थित भएर त्यस कार्यक्रमको शोभा बढाइदिनुभएको थियो। हाललाई समाजशास्त्रअन्तर्गत भ्रष्टाचारविरुद्धमा शोधकार्य सुरु भएमा केन्द्रले गर्न सक्ने सहयोग उपलब्ध गराइदिने आश्वासनसमेत दिएर कार्यक्रमका सहभागीहरूको उत्साह बढाउनुभएको थियो। यी माथि उल्लिखित दुवै अन्तर्क्रिया-कार्यक्रमको संयोजन गर्ने अवसर भने यही स्तम्भकारले पाएको थियो।

वास्तवमा भ्रष्टाचारविरुद्धको नौलो विषयको अध्ययन सुरु गराएर यसको पहिचान र आवश्यकतालाई हामीले चाँडोभन्दा चाँडो विश्वका अन्य विश्वविद्यालयमा पुऱ्याउनुपरेको छ। यो असम्भव छैन। कारण केही वर्षअघिसम्म व्यवस्थापन र वातावरणविज्ञानको पहिचान नपाएका विश्वसमुदायले तिनलाई सर्वस्वीकृति प्रदान गरिसकेका छन्। भोलि नेपालजस्तो गरिब एवं पिछडिएको मुलुकबाट अध्ययन सुरु भएको विषय विश्वको अन्य विश्वविद्यालयमा अध्ययन-अध्यापन सुरु हुन सक्तैन र हुनु हुँदैन भन्ने छैन। केवल हामीमा अठोट र जागरणको खाँचो छ। हामी सजिलैसँग यो विषयलाई विश्वको सामु राख्न सक्ने छौँ।

हामीले चिनेजानेको हिमालभन्दा बेग्लै अत्यन्तै विकट भ्रष्टाचार नामक हिमालको आरोहण गर्न कठिन त जरुर नै छ, तापनि हाम्रो अध्ययनमा लगन र गम्भीर चासो भएमा त्यो विकटता सरलतामा परिवर्तन हुन्छ र त्यो नचिनेको र नसुनेको हिमालको कणकण हाम्रो जानकारीभित्र सहज प्रवेश गर्न सक्छ। केवल त्यो आरोहणयात्रा सुरु गर्न तयार मात्र हामी हुन सक्नुपर्छ।

भ्रष्टाचारविरुद्धको अध्ययन हामीले सुरु गर्न सक्यौं भने विश्वका लागि त्रिभुवन विश्वविद्यालय नयाँ विषयको क्षितिज उघार्ने प्रथम विश्वविद्यालयका रूपमा चिनिनेछ र विश्वका लागि नवीन विषयको पथप्रदर्शक हुने मौका पाउनेछ। साथै, नेपालजस्तो गरिब देशले पनि भ्रष्टाचारविरुद्धका दक्ष जनशक्ति विश्वका अन्य मुलुकमा सगौरव सहयोगस्वरूप पठाउन सक्नेछ।

**कान्तिपुर दैनिक, २०५६ चैत्र २६ गते शनिबार**

**भरत जङ्गम – 'पचास प्रसङ्ग' बाट**

## वैज्ञानिक ठगी बढ्ने स्थिति

प्रजातन्त्रमा कानुनको आधारमा राज्यव्यवस्था सञ्चालन हुन्छ। राज्यमा कानुनको बर्खिलाप काम-कार्यवाही गर्ने व्यक्ति वा संस्थालाई कानुनबमोजिम दण्ड-सजाय हुन्छ। यसरी कानुनको मर्यादा रहँदा प्रचलित व्यवस्थाप्रति जनविश्वास बढ्छ। गैरकानुनी क्रियाकलाप मुलुकभित्र विस्तार हुँदा पनि सरकारले केही नगरी खुला छुट दिइरहन्छ भने जनता अन्यायमा पर्छन् र राष्ट्रलाई घात हुन्छ। यो कसैले बिर्सने कुरा होइन।

**– वैज्ञानिक ठगी : भाग्यशाली कुपन**



# भ्रष्टाचारी खोज्न प्रहरीलाई जङ्गलमा तैनाथ गराउनुपर्दैन

भ्रष्टाचार देखिँदैन, यो सत्य हो। भ्रष्टाचारको प्रमाण हुँदैन, यो पनि सत्य हो। भ्रष्टाचार-नियन्त्रण गर्न कठिन छ, यसलाई सबैले बुझेका छन्। नदेखिने अपराध हो भन्ने बुझेर वा प्रमाण जुटाउन सकिन्न भन्ने जानकारी पाइसकेपछि पनि यसको नियन्त्रणको उपाय नखोजिनु हाम्रो गल्ती हो। सत्तासीनहरू यी सबै बुझेर पनि अबुझको अभिनय गर्न व्यस्त छन्। भ्रष्टाचार-नियन्त्रण गर्ने नाराका साथ आएका यस मुलुकका सबै सरकारले भ्रष्टाचारमै चुर्लुम्म डुबेर जनताको विश्वसमा ठेस पुऱ्याएका छन्। त्यसैले यस मुलुकमा भ्रष्टाचार घट्नुको साटो भ्रष्टाचारको बढ्ने गतिमा तीव्रता आएको हो।

वर्तमान नेपाल आतङ्कवाद, भ्रष्टाचार र कुशासनले ग्रस्त भएको छ र यी मुलुकका शत्रुका रूपमा खडा भएका छन्। आतङ्कवादको अन्त, भ्रष्टाचारको नियन्त्रण र सुशासन-पद्धतिद्वारा चुस्त प्रशासन कायम गर्ने उद्देश्य लिएर एक महिनाअघि नेपाली काङ्ग्रेसका सभापति गिरिजाप्रसाद कोइराला चौथो पटक प्रधानमन्त्री पद सम्हाल्न आइपुग्नुभयो। श्री कोइरालाका नाराबाट प्रभावित हुँदै मुलुकमा भ्रष्टाचारका विरुद्धमा कार्यरत कैयौं संस्थाहरूले सहयोग गर्ने वचन दिए। यति मात्र होइन, प्रमुख प्रतिपक्षी दलका नेता माधवकुमार नेपालले पनि भ्रष्टाचार-नियन्त्रणको कार्यक्रममा सहयोग गर्ने वचन दिए।

गिरिजाप्रसाद कोइरालाले प्रधानमन्त्री पद सम्हाल्नेबित्तिकै दिनुभएको मूल नाराको कुनै पनि पक्षको कार्य-सुरुवात आज एक महिना भइसक्ता पनि हुन सकेको छैन। तर शोषित एवं पीडित जनता भने आतङ्क समाप्त हुन्छ, भ्रष्टाचार-नियन्त्रण हुन्छ र मुलुकमा सुशासन सुरु हुन्छ भन्नेमा आशाका साथ विश्वास गरेर बसेका छन्। मुलुकमा प्रजातन्त्र बहाली भएको दस वर्ष बितिसक्ता पनि सुशासन पाएनन्, आर्थिक विकास हुन सकेन भने जनता र मुलुकले अर्को कस्तो राजनीतिक प्रणालीको खोजी गर्ने ? यो अत्यन्तै चिन्ताको विषय बनेको छ।

"भ्रष्टाचार देखिँदैन, त्यसैले नियन्त्रण गर्न कानुन मात्र सम्भव नहुने हुनाले भ्रष्टाचार-नियन्त्रणका लागि सरकार कठोर हुनुपर्नेछ। यस विषयमा प्रधानमन्त्री, मन्त्री, सांसद तथा उच्चपदस्थ व्यक्तिहरूले आ□नो पूर्व-अवस्था र हैसियतलाई ऐनामा हेरेर काम गर्नुपर्छ।" – यो भनाइ हाम्रो होइन, गत वैशाख ३ गते विराटनगरको एउटा कार्यक्रममा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले भन्नुभएको हो। यद्यपि यो भनाइ भ्रष्टाचारविरुद्धका कार्यमा कार्यरत हामीजस्ता आम नागरिकको भनाइ हो।

यस तथ्यलाई प्रधानमन्त्रीको पदबहालीकै अवस्थामा बुझ्नुभएको र गर्छु भन्ने मनसाय व्यक्त गर्नुभएकोमा जनतामा आशाका अङ्कुर टुसाएका छन् ।

उक्त भनाइबाट प्रधानमन्त्री कोइराला भ्रष्टाचार-नियन्त्रणका रेखानजिक पुग्नुभएको आभास हुन्छ । उहाँले उठाउने कार्यक्रम कसरी सञ्चालन हुने हो, कस्तो योजना तयार हुने हो, आम जनता उत्सुकताका साथ प्रतीक्षामा छन् । हुन त धेरै बोल्ने काम भने कम गर्ने नेताहरूकै हारमा उभिन पुग्नुभएका ने० का० का नेता गिरिजाप्रसाद कोइरालाले तीन वर्षमा मुलुकलाई सुनको टुक्रा बनाइदिन्छु वा सिङ्गापुरजस्तो बनाउन सक्छु भनेर असम्भव गफ भने गर्नुभएको छैन । गरे र गर्न खोजे उहाँको उमेर, वर्तमान राजनीतिक माहोल र प्रधानमन्त्रित्वको समयावधिले रोक्न सक्तैन ।

भ्रष्टाचारको प्रमाण हुँदैन र भ्रष्टाचारीलाई कानुनअनुसार कार्यवाही गर्न सकिँदैन भन्नेतर्फ पनि प्रधानमन्त्री कोइराला सतर्क हुनुभएको बुझिन्छ । भ्रष्टाचारीमाथिको कार्यवाही कानुनले मात्र सम्भव नहुने देखेर नै उहाँ सरकारले कठोर नीति अवलम्बन गर्नुपर्ने देख्नुहुन्छ । शक्तिमा बसेका र शक्तिको परिचालन गर्ने मौका पाएका सबै व्यक्तिलाई आ□नो पूर्व-अवस्था र हैसियतलाई ऐनामा हेरर काम गर्नुपर्ने कुरा आ□ना सहयोगीलाई श्री कोइराला सम्झाउनुहुन्छ । श्री कोइरालाले यो केवल बोल्नुपर्ने भएर मात्र बोल्नुभएको हो वा काम गर्ने कार्ययोजनाका साथ बोल्नुभएको हो भन्नेतर्फ जनचासो आकर्षित भएको छ ।

विराटनगरकै अर्को सभामा वैशाख २ गते प्रधानमन्त्री कोइरालाले भन्नुभयो – "माओवादीहरू प्रत्यक्षमा गोली हान्छन् र उनीहरू देखिएका शत्रु हुन् तर भ्रष्टाचारीहरू देखिएका छैनन् । देखिएका माओवादी परास्त गर्न सकिन्छ तर नदेखिएका भ्रष्टाचारीहरूसँग मुकाबिला गर्न गाह्रो छ ।"

हो, भ्रष्टाचार-नियन्त्रण-कार्य जटिल काम भएको हुँदा श्री कोइरालाले यसलाई बढो मार्मिक ढङ्गले आ□नो अभिव्यक्ति अगाडि बढाउनुभएको छ । तर त्यसै भाषणकै क्रममा एउटा हाँसोउठ्दो वाक्य पनि यसरी प्रयोग गर्नुभयो – "म भ्रष्टाचारीलाई खोजिरहेको छु ।" अर्थात् श्री कोइरालाको जानकारीमा भ्रष्टाचारीहरू छैनन्, कुनै हराएको वस्तु हो जसलाई खोजेर पत्ता लगाउनुपरेको छ । यस्ता अपत्यारिलो अभिव्यक्तिले शङ्का उत्पादन गर्छ भन्ने कुरामा श्री कोइराला अनभिज्ञ हुनुहोला जस्तो लाग्दैन ।

प्रधानमन्त्री कोइरालाले देखिने र नदेखिने शत्रुहरूलाई औंल्याउँदै भ्रष्टाचारीहरूबाट भयभीत हुनुभएजस्तो आभास पनि व्यक्त गर्नुभएको छ । प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई यसै स्तम्भमार्फत सुझाव छ कि जसरी देखिने शत्रुलाई पहिचान गर्न र त्यससँग मुकाबला गर्न प्रहरीलाई जङ्गलमा तैनाथ गर्नुपर्छ, नदेखिने शत्रुलाई त्यसरी गोलीगठ्ठा भिरेको प्रहरीजत्थाको आवश्यक छैन । केवल प्रधानमन्त्रीले फोहरी राजनीतिभन्दा माथि उठेर अर्थात् बाहिरिएर मुलुकको शुद्ध प्रधानमन्त्रीको हैसियतले हेर्ने हो भने सिंहदरबारका प्रत्येक कोठामा भ्रष्टाचारीहरूको



अनुहार स्पष्ट देख्न सक्नुहुनेछ, आ□नै वरपर सुलसुले सलबलाएजस्ता घुँडा टेकेर नतमस्तक भएर शक्तिविनिमयमा व्यस्त कार्यकर्ताहरूको पहिचान गर्न सक्नुहुनेछ र मन्त्रिपरिषद्को टेबलमा प्रभुत्व जमाएर बसेका सहयोगीको हिजोको अवस्था र हैसियतको जानकारी र वर्तमानका भ्रष्ट कार्यले चम्केका अनुहार र उनका प्रवृत्ति छर्लङ्ग देख्न सक्नुहुनेछ । तर प्रधानमन्त्री कोइराला आफैँ बिलखबन्द तथा द्विविधामा हुनुहुन्छ भने दृष्टिदोषको कारणले भ्रष्टाचारीको छेउपुच्छर देख्न सक्नुहुने छैन ।

साँच्चै नै श्री कोइरालाले आ□नो सत्ताकालमा भ्रष्टाचार-नियन्त्रणका कार्यको थालनी गर्नुभयो भने सुशासन र चुस्त प्रशासनको मुलुक र जनताले तुरुन्त उपभोग गर्न पाउनेछन्, तथा गरिब र निमुखा जनताले काम र माम पाए भने आतङ्ककारी हर्कत स्वतः निस्तेज हुँदै जानेछ । आजको ठीक एक महिनाअघि श्री कोइरालाले प्रधानमन्त्री पद पाउनेबित्तिकै बोल्नुभएको र लिनुभएको उद्देश्यमा भ्रष्टाचार-नियन्त्रण नै मूल हो । भ्रष्टाचार-नियन्त्रित वातावरणमा कुशासन र आतङ्क फैलने अवस्था ज्यादै न्यून हुन्छ । त्यसैले भ्रष्टाचार-नियन्त्रणको व्यवस्था अख्तियार गर्न सक्नुभयो वा नियन्त्रणका बाटाहरू तयार गर्न सक्नुभयो भने श्री कोइरालाको नाम नेपाली राजनीतिक इतिहासमा स्वर्ण-अक्षरले लेखिनेछ । होइन भने श्री कोइराला पूर्वका क्रूर शासकको हारमा उभिन पुग्नुहुनेछ ।

**कान्तिपुर दैनिक, २०५७ वैशाख १५ गते बिहीबार**

**भरत जङ्गम – 'पचास प्रसङ्ग' बाट**

## भाँडभैलोको नियन्त्रण आवश्यक

मनपर्दो र भाँडभैलो बढ्दै गयो भने पछि नियन्त्रण गर्न सकिँदैन । समयमै रोक्न सकिएन भने पछि व्यवसाय गरिआएका व्यक्तिहरूको मनोबल बढ्न सक्छ र सार्वजनिक स्थल व्यक्तिगतमा परिणत हुन सक्छ । यो अत्यन्त सार्वजनिक र महत्त्वपूर्ण प्रश्न हो ।

**– खुला मञ्च कि खुला बजार ?**

# भ्रष्टाचार सर्वसम्मत छ

"सरकारले सञ्चालन गरेका योजनाहरूमा भ्रष्टाचार भएको छैन भन्दिनँ, कति छ भनेर किटान गर्न सक्ने अवस्था पनि छैन । तर प्रकाशित रिपोर्टका आधारमा भन्नुपर्दा योजनालाई छुट्याइएको रकमको तीस प्रतिशत पनि योजनामा खर्च हुँदैन र सत्तरी प्रतिशत रकम हिनामिना हुन्छ, म यो स्वीकार गर्छु ।" – यो भनाइ सर्वसाधारण जनताको नभई वर्तमान समयमा मुलुकको उच्च पदमा बसेका तथा सत्तापक्षका एक जिम्मेवार व्यक्ति चक्रप्रसाद बाँस्तोलाको हो ।

यति मात्र होइन, उहाँले भन्नुभयो – "जुन मुलुकका जनताले भ्रष्टाचार गरेर कमाएको सम्पत्तिलाई वैधता प्रदान गर्छ अर्थात् पौरखी सम्झने गर्छ भने भ्रष्टाचार रोकिने अवस्था पनि देखिँदैन ।"

यो भनाइलाई नेपाल टेलिभिजनले गत बिहीबार साँझ 'बहस' कार्यक्रममा प्रसारण गरेको थियो । कार्यक्रममा मन्त्री चक्रप्रसाद बाँस्तोला सरकार सम्हालेका एक जिम्मेवार मन्त्री होइन, भ्रष्टाचारविरुद्धका नेताका रूपमा प्रस्तुत हुनुभएको थियो, अनि मूर्ख नेपाली जनताले चाहिँ बुझेर वा नबुझेर कार्यक्रमलाई हेर्ने र सुन्ने गरेका छन् ।

तीन महिनाअगाडि गिरिजाप्रसाद कोइरालाले चौथो पटक प्रधानमन्त्रीको पद सम्हाल्नेबित्तिकै भन्नुभएको थियो – "यी मुलुकका शत्रुका रूपमा खडा भएका आतङ्कवादको अन्त, भ्रष्टाचारको नियन्त्रण र सुशासन पद्धतिद्वारा चुस्त प्रशासन कायम गर्ने उद्देश्य लिएर आएको छु ।"

तर कोइरालाको केटाकेटीलाई चकलेट दिने कथनलाई उनकै क्याबिनेटका मन्त्रीले हाँक दिएका छन् र सार्वजनिक टेलिभिजन-प्रसारणबाट मुलुकमा भ्रष्टाचार व्याप्त भएको व्यहोरा जनतालाई सूचित गरेका छन् । भनाइमा तथ्यता छ, तापनि बेइमानीयुक्त बोलाइमा जनताले भरोसा गर्ने र विश्वास गर्ने ठाउँ छैन । कारण, सरकारमा बसेकाले भ्रष्टाचार भएको महसुस गरिसकेको राम्ररी देखिसकेपछि बुझपचाएर जनतालाई धोका दिनु हुँदैन । सरकारमा सम्मिलित व्यक्तिको पूर्ण जानकारीमा योजनाको सत्तरी प्रतिशत रकम व्यक्तिगत सम्पत्तिमा परिणत भएको छ भने त्यो भ्रष्टाचार हुनुलाई आर्थिक क्षेत्रमा राज्य-आतङ्क भएको मान्नुपर्छ ।

'म भ्रष्टाचारीलाई खोजिरहेको छु ।' – यो भनाइ प्रधानमन्त्री कोइरालाको हो । अर्थात् श्री कोइरालाको जानकारीमा भ्रष्टाचारीहरू छैनन् । भ्रष्टाचारी कुनै हराएको वस्तु हो, जसलाई खोजेर पत्ता लगाउनुपरेको छ । यस्ता अपत्यारिला शब्दजाल बुनेर सत्ताको समय लम्ब्याउने तरखरमा रहनुभएका गिरिजाप्रसादजीलाई चक्रप्रसादजीले भ्रष्टाचारी देखाउन सक्नुहुन्छ भन्नेमा जनताले विश्वास लिएका छन् । टेलिभिजन-प्रसारणमा बाँस्तोलाजीले गिरिजाप्रसाद कोइरालाले जस्तो अनभिज्ञता दर्शाउनुभएको छैन । भ्रष्टाचारका बारेमा पूर्ण जानकारी भएको व्यहोरा मात्र उहाँले व्यक्त गर्नुभएन,



भ्रष्टाचारका विरुद्धमा जनचेतना अभिवृद्धि गर्न जिल्लाहरूमा भ्रमण सुरु गरेको जानकारी पनि नेपाली जनतालाई दिनुभयो । के जनताले यी दुवै सत्तासीन व्यक्तिले भनेका र बोलेका कुराको पत्यार गर्नुपर्छ ? यी कुनै नाटकका पात्र हुन् वा मुलुक र जनताको सेवा गर्ने जिम्मा लिएका जिम्मेवार व्यक्ति हुन् ? निश्चय गर्न अत्यन्तै गाह्रो परेको छ ।

जनजागरणका लागि सञ्चालन भएको नेपाल टेलिभिजनका सञ्चालक इन्द्र लोहनीको आक्रामक प्रश्नबाट पनि धेरै लुकेका र लुकाउन खोजिएका तथ्य जनसमक्ष आउन समर्थ भएका हुन् । सरल र सहज रूपमा मन्त्री बाँस्तोलाले सत्तरी प्रतिशत रकम हिनामिना हुन्छ भन्नुभएको छैन । यो राज्यसत्ता सम्हालेका र सरकारमा बसेकाले बोल्नै नहुने बोली हो । यो बोलीप्रति उहाँकै क्याबिनेटका सहकर्मीहरूले आपत्ति जनाउनुपर्छ र प्रधानमन्त्रीले जनसमक्ष स्पष्टीकरण दिनुपर्छ कि सरकारद्वारा सञ्चालित योजनाहरूमा भ्रष्टाचार हुँदैन । 'जहाँ भ्रष्टाचार हुन्छ त्यहाँ कार्यवाही पनि हुन्छ' भन्नुपर्छ । साँच्चै नै आफूलाई प्रजातान्त्रिक सरकारको सञ्चालक हुँ भन्ने लाग्छ भने राज्यको सत्तरी प्रतिशत रकम भ्रष्टाचार हुँदा पनि ती व्यक्तिहरू सत्तामा बसिरहन मिल्दैन । तर निर्लज्ज र अनैतिकहरूको कुनै औषधि नै हुँदैन ।

भ्रष्टाचार-नियन्त्रण गर्ने नाराका साथ आएका यस मुलुकका सबै सरकार भ्रष्टाचारमै चुर्लुम्म डुबेका छन् र राज्यकोषलाई खुलेआम लुटेका छन् । स्पष्ट शब्दमा भन्नुपर्दा राजनीतिमा नेतृत्व लिने वर्तमानका नेता तथा कार्यकर्ताले जनविश्वास गुमाइसकेका छन् । यो मुलुकमा हिजोभन्दा पहिले घूस चल्थ्यो, हिजो भ्रष्टाचार चल्यो र आज लूट चलिरहेको छ । यस्तो अवस्थामा वर्तमान सरकारले जनकल्याण र मुलुकको विकास गर्छ भन्नेमा कसैको विश्वास छैन । सर्वसाधारण जनताको धैर्यको बाँध फुटेको कारणले पनि राजनीतिक नेताहरूका विरुद्ध सशस्त्र क्रान्ति गर्नुपर्ने छिटफुट आवाज सुन्न थालिएको छ । यो प्रजातन्त्र सुदृढीकरणको पाइलामा अवरोध हो । यसलाई जिम्मेवार नेताहरूले गम्भीरताका साथ चिन्तन तथा अङ्गिकार गरेनन् भने प्रजातन्त्रको भविष्य अन्धकारमा परिणत हुनेछ ।

मुलुक र जनताका विरुद्धमा लागेका देखिने र नदेखिने दुई प्रकारका शत्रुहरू हुन्छन्, जसलाई पहिचान गर्न कठिन हुन्छ । आज तथ्याङ्कमा सम्मिलित भनिएका सशस्त्र विद्रोहीहरू भोलिका असल शासक पनि हुन सक्छन् र आजका प्रजातान्त्रिक शासक भोलि घातक पनि सिद्ध हुन सक्छन् ।

एउटा वर्ग जनविद्रोहका नाउँमा जङ्गलबाट सामाजिक र राजनीतिक आतङ्क मच्चाइरहेको छ भने अर्को वर्ग सफेदपोसमा सत्ता कब्जा गरेर आर्थिक आतङ्क चलाइरहेको छ । यसलाई विचार गरेर चेतनशील जनताले समयमै तथ्य पहिचान गर्न सक्ता बढी हुने नोक्सानीबाट यो मुलुक र जनता दुवै जोगिन सक्नेछन् ।

हिजो प्रजातन्त्रप्राप्तिका लागि आम चेतनशील नागरिक चिन्तित थियो र प्रजातन्त्रप्राप्तिका लागि सङ्घर्षमा उत्रिएको थियो । आज मुलुकले प्रजातन्त्र प्राप्त गरिसकेको हुँदा अब समाजसुधारको कार्यमा आम बुद्धिजीवी उत्रनुपर्ने समयले माग गरेको छ । सत्तामा जाने र जान खोज्नेले के बुझ्नु जरुरी भएको छ भने प्रजातन्त्रमा

सत्तामा जानु भनेको प्रतिष्ठाभन्दा बढी बदनामी कमाइ गर्नु हो र सत्ताबाहिर बसेर समाजसुधारका कार्यमा संलग्न हुँदा सधैँ महान् हुन सकिन्छ ।

मन्त्रिपरिषद् सम्हालेका बेला मुलुक र जनताप्रति बोक्नुपर्ने दायित्वबाट उन्नतिमा जुट्ने राज्यकोषको रकम सत्तरी प्रतिशत हिनामिना भएको देख्न र सार्वजनिक रूपमा स्वीकार गर्न सक्ने मन्त्री बाँस्तोला सरकारबाट बाहिरिएर समाज-सुधारको कार्यमा जुट्ता इमानदारी प्रमाणित हुन्छ । चेतनशील जनता देखाउने र चपाउने दुवै दाँत डिच्याएर देखाएको हेर्न सक्तैन । सत्तासीनले के बुझ्नुपर्‍यो भने अब जनता अबुझ छैन र आर्थिक क्षेत्रमा भएको राज्य-आतङ्कलाई सहन गर्ने स्थितिमा छैन ।

**कान्तिपुर दैनिक, २०५७ साउन २ गते सोमबार**

**भरत जङ्गम – 'पचास प्रसङ्ग' बाट**

## उचित न्यायप्रणालीको आवश्यकता

हाल हाम्रो मुलुकमा न्याय प्रदान गर्ने प्रणाली हाम्रो देशको उपज होइन । यो न्यायिक पद्धति पूर्ण विकसित देश, जहाँका जनता ९० प्रतिशतभन्दा बढी शिक्षित एवम् चेतनशील छन्, बेलायत, फ्रान्स, जर्मनी, जापान र अमेरिकाजस्ता मुलुकहरूमा मात्र प्रभावकारी रूपमा सफल हुन सक्छ । तर साँच्चै भनूँ भने यो न्यायिक पद्धति त्यति प्रभावकारी हुन नसकेकोले अझ वास्तविक न्याय सरल ढङ्गबाट कसरी दिन सकिन्छ भनेर यो न्यायिक पद्धतिको विकल्पको खोजीमा कैयौँ चिन्तक र बुद्धिजीवीहरू लागिरहेका छन् । यो अवस्थामा हाम्रो जस्तो अल्पविकसित तथा ८० प्रतिशत निरक्षर नागरिक बसोबास गर्ने मुलुकमा कस्तो न्यायप्रणालीको व्यवस्था गर्नुपर्ने हो, यो साँच्चिकै गम्भीर विषय हाम्रो सामु छ ।

**– वकिली व्यवस्था : सबैका लागि न्याय**



# भ्रष्टाचारविरूद्ध आन्दोलन र उपलब्धि

भ्रष्टाचार फैलिएको समाजमा मूल्य हराएको हुन्छ र नैतिकतालाई त्यसले तिलाञ्जली दिइसकेको हुन्छ । त्यस्तो समाजको प्रत्येक सदस्य स्वार्थी हुन्छ र अवसरको खोजीमा मानवीय मूल्यबाट वञ्चित भइसकेको हुन्छ । साथै, हानथाप र अस्तव्यस्तताका कारण उन्नतिशून्य जीवन व्यतीत गर्न बाध्य हुन्छ । यस्तो मूल्यहीन समाजलाई लामो अवधिसम्म चल्न र टिक्न दिनु हुँदैन । यसको सुधारका लागि जतिसक्तो चाँडो उपचारविधि अपनाई मानवोचित समाजको रचना गर्नुपर्छ । अन्यथा त्यसको दुष्परिणामले समाजसँग सम्बद्ध सबैले कष्टदायक समयको सामना गर्नुपर्छ ।

भ्रष्टाचारको नियन्त्रणबिना मुलुक विकासको बाटोमा एक पाइला पनि अगाडि बढ्न सक्तैन । तर भ्रष्टाचार-नियन्त्रण त्यति सजिलो पनि छैन जति सरल ढङ्गले हामी भन्ने गर्छौं । यसको नियन्त्रणका लागि सबै क्षेत्र जागरुक भई अभियानकै रूपमा यसको विरोधमा उठ्न सके मात्र यो चाँडो नियन्त्रणको परिधिभित्र जकडिन सक्छ । अन्यथा यसलाई स्पर्श गर्न पनि सकिँदैन । यही उद्देश्यलाई हृदयङ्गम गरी 'स्वतन्त्र विचार मञ्च' ले भ्रष्टाचारविरोधी आन्दोलन सञ्चालन गर्दै आएको छ । यो आन्दोलन यही मार्ग ७ गतेदेखि चार वर्ष पूरा गरी पाँचौँ वर्षमा प्रवेश गरेको छ । मञ्चले २०५३ साल मङ्सिर ७ गतेदेखि भ्रष्टाचारको विरुद्धमा आन्दोलन गर्ने निर्णय गरेर विभिन्न क्रियाकलापको माध्यमद्वारा भ्रष्टाचार-नियन्त्रण-कार्यमा आफूलाई समर्पित गरेको छ ।

'स्वतन्त्र विचार मञ्च' ले लिएको अठोटले भन्छ – भ्रष्टाचार राजनीतिक स्थिर वातावरणको बाधक भएर खडा भएको छ भने आर्थिक विकासको अवरोधक ठहर भएको छ । त्यसैले भ्रष्टाचारको नियन्त्रणबिना राजनीतिक स्थिर वातावरण आउन सक्तैन र स्थिर राजनीतिक वातावरणको अभावमा आर्थिक विकास सम्भव छैन । आर्थिक विकासबिना जनताको जीवनस्तर उठ्न सक्तैन र जनताको जीवनस्तर उठाउन नसक्ने राजनीतिक व्यवस्था मुलुकमा लामो अवधिसम्म चल्न पनि सक्तैन । त्यसैले भ्रष्टाचार-नियन्त्रण मात्र एक उपाय हो हाम्रो सर्वाङ्गीण विकासका लागि । हुन पनि जुन मुलुकमा भ्रष्टाचार बढेको छ त्यो मुलुकमा आर्थिक विकास रोकिएको हुन्छ, सामाजिक संरचना खलबलिएको हुन्छ र राजनीतिक अस्थिर वातावरण सिर्जना भएको हुन्छ । वर्तमान नेपालमा यही देखिएको छ जो पहिले कथाका रूपमा मात्र श्रवण गरिन्थ्यो ।

कुनै पनि मुलुकमा मूल रूपमा भ्रष्टाचार प्रमुख उपायले नियन्त्रित हुन्छ – १) भ्रष्टाचारविरुद्धको सशक्त कानुन बनाएर, र २) सामाजिक सरमको भय अर्थात् नैतिक मूल्यस्थापित समाजको निर्माण गरेर । वर्तमान नेपाली समाज यी दुवैबाट वञ्चित भएको छ । त्यसैले नेपाली समाजमा भ्रष्टाचारले संस्थागत रूपमा झाङ्गिने मौका पाएको छ । संस्थागत रूपमा विकसित हुने अवसर पाएको हुँदा वर्तमानमा चलेको

भ्रष्टाचारलाई भ्रष्टाचार नै हो भनेर सङ्ज्ञा दिन पनि गाह्रो भएको छ। हिजोसम्म सत्तासीनहरू घूस खान्थे भने आज तिनीहरू ऐन-नियम मिलाई वा त्यसको परिधिभित्र रहेर देश र जनतालाई दिनदहाडै लुटिरहेका छन्।

'स्वतन्त्र विचार मञ्च' ले आन्दोलनलाई चार वटा विभाग खोलेर भ्रष्टाचारको खुलेर विरोध गर्दै आएको छ – १) सडक-आन्दोलन विभाग, २) भ्रष्टाचारसम्बन्धी अनुसन्धान विभाग, ३) कानुनी उपचार विभाग, र ४) प्रकाशन विभाग। यी विभागहरूमा क्रमशः सडक-आन्दोलन विभागबाट भ्रष्टाचारविरोधी जनचेतना जगाउन जनसभा तथा जन-अन्तरक्रिया कार्यक्रम चालु राखेको छ। अनुसन्धान विभागले भ्रष्टाचारसम्बन्धी अनुसन्धान गर्ने क्रममा सरकारी स्तरबाट हुने गरेका भ्रष्टाचारसम्बन्धी धेरै वटा घटनाहरू, सरकारमाथि हावी हुनेहरू र बैङ्कमाफियाहरू पत्ता लगाएको छ, जसलाई क्रमशः उपचारको परिधिभित्र समावेश गर्दै लाने योजना बनाएको छ। कानुनी उपचार विभागअन्तर्गत ऐन-नियम र कानुन बनाएर भ्रष्टाचार गर्नेहरू र प्रचलित कानुनको आडमा भ्रष्टाचार गर्नेहरूका विरुद्ध अदालतमा मुद्दा-दायर गर्ने व्यवस्था गरेको छ। त्यस्तै, प्रकाशन विभागअन्तर्गत लुकिछिपी रहेका सरकारी तथा गैरसरकारी प्रतिवेदन र भ्रष्टाचारका काण्डहरूलाई उजागर गर्ने गरी 'नेपाली आवाज' (भ्रष्टाचारविरुद्ध विशेषाङ्क) प्रकाशित गर्दै आएको छ।

यो आन्दोलनका क्रममा 'स्वतन्त्र विचार मञ्च' ले छोटो समयमा उल्लेखनीय सफलता हासिल गरेको छ। २०४८ सालदेखि निस्क्रिय रहेको अख्तियार दुरुपयोग अनुसन्धान आयोग २०५३ साल मङ्सिरदेखि नै क्रियाशील हुन थाल्यो। सांसदहरूले पाएको मोटरको भन्सारछूट सुविधा मन्त्रिपरिषद्को निणर्यद्वारा २०५५ सालमा कटौती भयो अर्थात् पजेरो-संस्कृतिको अन्त भयो। त्यस्तै, संसद् पदाधिकारी तथा सदस्यको पारिश्रमिक तथा सुविधासम्बन्धी ऐन, २०५२ को दफा २५ ले पूर्वसांसदहरूलाई विशेष भत्ताको व्यवस्था गरेको थियो। पूर्वसांसदले पाउने पेन्सन अनुचित ठहर गर्दै 'स्वतन्त्र विचार मञ्च' को तर्फबाट दिएको रिट-निवेदनका आधारमा सर्वोच्च अदालतबाट २०५७ कात्तिक १६ देखि लागू हुने गरी सो पेन्सनको दफा खारेज भयो। यस निर्णयबाट राष्ट्रकोषबाट खर्च हुने करोडौँ रुपियाँ बचत हुन आउँछ भने राजनीति सेवाका लागि गरिने पवित्र काम हो, बाँच्नका लागि गरिने पेसा होइन भन्ने प्रमाणित भएको छ।

भ्रष्टाचारले ग्रस्त कुनै पनि मुलुकको सम्पूर्ण जनता र मुलुकको भविष्य अनिश्चित बाटोमा डोहोरिएको हुन्छ। राज्यले जनताका लागि गर्ने र गर्नुपर्ने काम बन्द हुनेछन्। राज्यसत्ता सधैँ विदेशी मुलुकको निगाहमा बाँच्नुपर्ने हुन्छ। राज्यले परतन्त्रलाई बाध्यताका साथ स्वीकार गर्नुपर्ने परिस्थितिको सिर्जना हुन्छ। त्यसपछि मुलुक र त्यहाँ बसोबास गर्ने जनताको कुनै इज्जत र अस्तित्व कायम रहन सक्तैन। यसका लागि राज्यसत्तामा पुग्ने व्यक्तिहरू नैतिक रूपमा इमानदार हुनु जरुरी छ। वर्तमान नेपालको राजनीतिक आकाशमा नैतिकताको खोजी बत्ती बालेर गर्नुपर्ने



अवस्था सिर्जना भएको छ। यो बत्ती बाल्ने कामको थालनी 'स्वतन्त्र विचार मञ्च' ले गरेको छ।

प्रजातन्त्र भनेको मुलुक र जनताको सर्वाङ्गीण विकास गर्न समर्थ व्यवस्था हो। राजनीतिक दाउपेच गर्ने, राजनीतिजस्तो पवित्र सेवाकार्यलाई पेसाका रूपमा लिई क्रियाशील हुने, सत्ताकब्जा मात्रलाई राजनीति भनिने, राज्यको सम्पत्तिलाई व्यक्तिगत धनमा परिवर्तन गर्ने व्यवस्थाको नाम प्रजातन्त्र होइन।

आज प्रजातन्त्रका नाउँमा मुलुकमा अनैतिक र गलत तत्त्व अगाडि बढेर शासन कब्जा गरेका छन्, प्रजातन्त्रको गलत परिणाम फैलाइरहेका छन्। त्यसैले मुलुकका सचेत नागरिक अब चुप लागेर बस्ने बेला छैन। सबैले राज्यव्यवस्था कब्जा गरेर बस्ने ती मुलुकमारा छद्मभेषीहरूको नकाब उतार्न एकजुट हुनुपरेको छ र 'स्वतन्त्र विचार मञ्च' को आन्दोलनलाई अगाडि बढाउन हातमा हात मिलाउनुपरेको छ।

**कान्तिपुर, २०५७ मङ्सिर १२ गते सोमबार**

**भरत जङ्गम – 'पचास प्रसङ्ग' बाट**

## वैज्ञानिक ठगीबाट सावधान !

विश्वका विकसित एवम् विकासोन्मुख मुलुकहरूमा केही फटाहाहरूले सरकार र जनतालाई ठगी गर्ने अनेकानेक वैज्ञानिकता र तरिकालाई प्रयोग गरिरहेका हुन्छन्। यस्तो वैज्ञानिक जालमा कहिले जनता त कहिले सरकार र कहिले सम्पूर्ण मुलुक फस्छ र केही व्यक्तिहरू बडो छोटो अवधिमा धनाढ्य बन्छन्। यसलाई रोक्न सरकार र जनता ज्यादै चनाखो हुनुपर्छ, होइन भने कुनै पनि समयमा डुबिन्छ।

**– वैज्ञानिक ठगी : भाग्यशाली कुपन**

# राजदूत राल्फ फ्र्याङ्कको कथन : भ्रष्टाचार र आतङ्कवाद

विश्वको विकसित एवं शक्तिसम्पन्न राष्ट्र संयुक्त राज्य अमेरिकाले यस मुलुकको विकासका लागि सहयोगको हात बढाएको पचास वर्ष पूरा भएको छ। अमेरिकी सहयोग नियोगको नाउँमा सञ्चालित कार्यक्रमले यस मुलुकमा औलो-उन्मूलनदेखि कृषिविकास र अन्य भौतिक विकासका कार्यक्रमसमेत सञ्चालन गरेर नेपाललाई गुन लगाएको छ।

यसै सन्दर्भमा गत हप्ता काठमाडौँमा स्वर्णजयन्ती-समारोहको आयोजना भएको थियो। नेपालमा शान्ति र सद्भावको कामना गर्दै आयोजित सो समारोहमा अर्थमन्त्री महेश आचार्यका अतिरिक्त श्री ५ को सरकारमा कार्यरत उच्च पदासीन व्यक्तिहरूको उपस्थिति थियो। समारोहमा आ□नो मन्तव्य दिँदै अमेरिकी राजदूत राल्फ फ्र्याङ्कले नेपालसम्बन्धी आन्तरिक चिरफारको अभिव्यक्ति प्रस्तुत गर्नुभयो। राजदूत राल्फको कथनले नेपालीको शिर निहुऱ्याएको थियो। विदेशी कूटनीतिक नियोगका पदाधिकारीले के-कति र कुन हदसम्म बोल्न हुन्छ भन्ने कुरा वैदेशिक मामलाका विज्ञलाई थाहा होला, तर हाम्रो वास्तविकताको बोध अरूले गराउँदा लाज लाग्नु स्वाभाविक हो। यद्यपि ती सत्य थिए तर उहाँबाट व्यक्त गरिने त्यो विषय थियो वा थिएन, यो प्रश्न आम नेपालीलाई खट्केको छ।

राजदूत राल्फले नेपालमा बढ्दो सशस्त्र विद्रोह र अनियन्त्रित भ्रष्टाचार नै मुलुक-विकासका बाधक हुन् भन्दै स्पष्ट शब्दमा भन्नुभयो – "राजनीतिक नेता र सरकारी अधिकारीसँग सुशासनप्रति प्रतिबद्धता कायम राख्न आग्रह गर्दछु।"

कति सरम लाग्ने वाक्य। राजनीतिक नेता तथा सरकारी उच्च पदाधिकारीहरू कुशासनमा सम्मिलित छन्, त्यसैले सुशासनमा प्रतिबद्ध हुन एक जना कूटनीतिक व्यक्तिले आग्रह गर्नुपरेको छ। राजदूत राल्फले वर्तमान सरकारका कमी-कमजोरीलाई पूरा चिरफार गरी नेपालबन्दले पार्ने नोक्सानीसमेतलाई औँल्याउनुभयो र अमेरिकाले सहयोग गर्नेभन्दा बढी नोक्सानी हुने कुरा पनि सम्झाउनुभयो। एउटा विदेशीले यो देशमा मूर्खतापूर्ण शासन-व्यवस्था चलेको र कुशासनले प्रजातन्त्र सुदृढ नहुने सङ्केत गर्दा कुनै पनि स्वाभिमानी नेपालीका छातीमा चोट लाग्नु स्वाभाविक हो। तर सरकारमा आसीन नपुंशक एवं हुतिहाराका लागि भने राजदूत राल्फले दिएको निर्देशन पथप्रदर्शक साबित हुनेछ।

वर्तमान नेपाल आतङ्कवाद, भ्रष्टाचार र कुशासनले ग्रस्त भएको छ र यिनीहरू मुलुकका शत्रुका रूपमा खडा भएका छन्। आतङ्कवादको अन्त, भ्रष्टाचारको नियन्त्रण र सुशासनयुक्त पद्धतिद्वारा चुस्त प्रशासन कायम गर्छु भन्ने प्रण गर्दै नेपाली काङ्ग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाले चौथो पटक प्रधानमन्त्री पद



सम्हाल्नुभएको थियो। तर यसैबीच शाही सेनाले जहाज खरिद गर्ने काण्ड र शानेवानिको लाउडा एयर काण्डले त प्रधानमन्त्री कोइरालाको प्रणलाई खुला रूपले नङ्ग्याइदियो। मुलुकमा आतङ्क र भ्रष्टाचार दुवै प्रतिस्पर्धात्मक रूपले अगाडि बढिरहेका छन्। छोपछाप गर्ने र टालटुल पार्ने कार्यअन्तर्गत गृहमन्त्री गोविन्दराज जोशीले राजीनामा दिए भने अख्तियार दुरुपयोग अनुसन्धान आयोगको लाउडा एयरसम्बन्धी अनुसन्धान सुरु भएपछि पर्यटन तथा नागरिक उड्डयनमन्त्री तारिणीदत्त चटौतले राजीनामा गरेका छन्।

साँच्चै नै प्रधानमन्त्री कोइरालाले आ□नो सत्ताकालमा भ्रष्टाचार-नियन्त्रणको कार्य थालनी गर्नुभएको भए मुलुकमा सुशासन र चुस्त प्रशासन सुरु हुने थियो, जुन कुरा उहाँ हरेक पटकको सत्ता सम्हाल्दा बोल्नुहुन्छ। सत्तामा आउनुअगाडि भ्रष्टाचारको तीव्र विरोध गर्नुहुने श्री कोइराला सत्तामा बस्ता पनि भ्रष्टाचारको मौखिक विरोध गर्ने कार्य जारी नै राख्नुहुन्छ, यद्यपि भ्रष्टाचार-नियन्त्रण गर्ने कार्य भने पटक्कै गर्नुहुन्न। त्यसैले मुलुकमा आतङ्ककारी क्रियाकलाप बढेको छ। मुलुकभित्र भ्रष्टाचार र आतङ्कवाद बढेको दोष बोक्ने कुरामा यो सत्तासीन कोइराला-सरकारले पूर्ण जिम्मेवारी लिनुपर्छ।

सत्तारूढ व्यक्तिहरूले भ्रष्टाचार गरेनन् र मुलुकका गरिब र निमुखा जनताले काम र माम पाए भने आतङ्ककारी हर्कत स्वतः निस्तेज हुँदै जान्छ। सर्वसाधारण जनतालाई काम र मुलुकलाई विकास आजको माग हो। मीठा कुरा र भाषणले गरिब जनताको पेट भरिँदैन र मनपर्दो बोल्न पाउने वातावरणले विकासको काम सुरु हुन सक्तैन। चिलले कुखुरा लग्यो भनेर निमुखा जनताको ध्यान अन्यत्र पारेर लुट्न सिपालु आजका सत्तासीनहरूले जनता झुक्याउने यो हर्कतलाई त्याग गरेर मुलुक र जनताको विकासका लागि नजुटेमा निमुखा र गरिब जनता स्वतः विद्रोही हुन पुग्नेछन्।

राजनीतिक रङ्गमञ्चमा आज एउटै समस्याले सताएको छ, त्यो हो राजनीतिक क्रियाकलापमा संलग्न कुनै पनि व्यक्तिको मूल इच्छा नै जसरी पनि आर्थिक रूपमा सम्पन्न हुने। राजनीतिमा संलग्न व्यक्तिहरूमा यो इच्छा जाग्रत हुनु भनेको वर्तमानले स्वीकार गर्न खोजेको प्रजातन्त्र अर्थात् असल शासनपद्धतिको विरुद्धको वातावरण तयार हुनु हो। प्रजातन्त्रको चाहना राख्नेले भ्रष्टाचारको नियन्त्रणको विधिलाई हार्दिक रूपमा अङ्गिकार गर्न सक्नुपर्छ अन्यथा प्रजातन्त्र मनपरीतन्त्रमा परिणत हुन्छ र मनपरीतन्त्र कुनै पनि मुलुकमा लामो अवधि टिक्न सक्तैन। प्रजातन्त्र र भ्रष्टाचार एकै साथ रहन र बाँच्न सक्तैनन्। त्यसैले भ्रष्टाचार-नियन्त्रणबिना राजनीतिक वातावरण स्थिर हुन सक्तैन। अस्थिर राजनीतिक वातावरणमा देशविकास सम्भव छैन। देशको आर्थिक विकासबिना सर्वसाधारण जनताको जीवनस्तर उठ्न सक्तैन र जनताको जीवनस्तर उठाउन नसक्ने व्यवस्था 'प्रजातन्त्र' हो भनेर प्रमाणित पनि हुन सक्तैन।

भ्रष्टाचारको वातावरणलाई कायम राख्ने काम विश्वमा संस्थापित वित्तीय संस्थाहरू र त्यसमा कार्यरत कर्मचारीहरूको बदनियतका कारण पनि हुन्। साथै

सम्पन्न मुलुकको सरकारमा कार्यरत कतिपय कर्मचारीको कूटनीतिक दाउपेच र व्यक्तिगत लाभ लिने लालची प्रवृत्तिका कारणले पनि गरिब मुलुकका सरकारमा संलग्न व्यक्तिहरू भ्रष्ट भएका हुन्छन् । दातृ मुलुक र अन्य अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूको गलत नीतिका कारण पनि गरिब मुलुकका जिम्मेवार व्यक्तिहरू प्रभावित भएका हुन्छन् । यो कटु सत्यलाई पनि कसैले भुल्नु हुँदैन ।

मुलुकमा क्रियाशील राजनीतिक नेता तथा कार्यकर्ता र उच्च पदका कर्मचारीहरू सबैलाई मुलुकमा भ्रष्टाचार बढेको बारेमा पूर्ण ज्ञान छ । यसबारेमा भरपूर ज्ञान भइसक्ता पनि अर्थात् मुलुकमा भ्रष्टाचार बढेको छ भन्ने जानकारी हुँदाहुँदै पनि किन नजानिँदो भएर चुप रहन्छन् र यसतर्फ गम्भीरताका साथ सोच गर्दैनन् ? किनभने यसबाट ती राजनेता स्वयम्लाई फाइदा पुगिरहेको हुन्छ । यसरी जिम्मेवार राजनीतिक नेताले ध्यान पुऱ्याउन सकेनन् भने मुलुकमा राजनीतिक अस्थिरता बढ्दै जान्छ र अराजकता फैलन्छ । त्यस्तो राजनीतिक अस्थिरता र अराजकतामा प्रजातन्त्र बाँच्न सक्तैन, विस्तारै-विस्तारै मुलुकभरि आतङ्क फैलिन्छ र तानाशाही जन्मने वातावरण सिर्जना हुन थाल्छ ।

मुलुकको राज्यव्यवस्थामा संलग्न व्यक्तिहरू स्वच्छ, इमानदार र नैतिकवान् हुनु अनिवार्य छ । ती व्यक्तिहरू बेइमान, अवसरवादी र अनैतिक भइदिए भने साधारण जनताको जीवनस्तर उठ्न सक्तैन । त्यसरी जनताको जीवनस्तर माथि उठ्न नसक्ने अवस्थामा सर्वसाधारण जनता पनि विद्रोहमा उत्रिन पुग्छन् । यही परिप्रेक्ष्यमा मुलुकमा आतङ्कवादले फैलन पाएको हो ।

आतङ्कवादलाई जन्माउने कारक तत्त्व राज्यमा व्याप्त भ्रष्टाचार हो । त्यसैले राज्यसत्तामा बस्ने नै सर्वप्रथम स्वच्छ र इमानदार भएमा मात्र आतङ्कवाद निस्तेज हुन पुग्छ । यो तथ्य अमेरिकी राजदूत राल्फले यी अबुझ शासकहरूलाई स्मरण गराउन खोज्नुभएकोमा उहाँलाई साधुवाद छ । तर यो सत्यलाई भुलेर मुलुकमा आतङ्क फैलाउन बल प्रदान गर्ने भ्रष्ट राजनीतिक नेताहरूलाई भने धिक्कार छ ।

**कान्तिपुर दैनिक, २०५७ माघ २७ गते शुक्रबार**



**सन्दर्भ : दलीय स्वार्थपूर्तिका लागि गरिएको काम र परिणाम**

# राजनीतिक दल र भ्रष्टाचार-निवारणको प्रसङ्ग

सर्वत्र भ्रष्टाचार छ भनेर सुन्नुपरेको छ । हुन पनि भ्रष्टाचार यसरी बढ्यो कि त्यति सजिलै यो नियन्त्रित हुने अवस्थाको सङ्केत कहीँ-कतैबाट देखिँदैन । एक-दुई क्षेत्रमा मात्र यसद्वारा अतिक्रमण भएको भए यसलाई नियन्त्रण गर्न सकिने थियो, तर सबै क्षेत्र भ्रष्टाचारबाट ग्रस्त हुन पुगेको हुँदा अब यति सजिलै नियन्त्रित हुने सम्भावना छैन । भ्रष्टाचाररूपी रोगले ग्रस्त समाज विस्तारै-विस्तारै स्वार्थी, बेइमान, गैरजिम्मेवार तथा अनैतिक बन्दै जान्छ र अन्तमा आ□नो अस्तित्वबाट च्यूत भई परिवर्तित हुन पुग्छ । अर्थात् मानवीय प्रवृत्ति रूपान्तरित भएर दानवीय प्रवृत्तिले समाजलाई ढाक्न पुग्छ, त्यसपछि काटाकाट र मारामारले युग-परिवर्तनको निम्तो दिन्छ । यो अवस्था समाज-विकासका लागि बाधक हो र प्रजातान्त्रिक विकासको अवरोधक हो ।

हिजो हाम्रो लडाइँ प्रजातन्त्रका लागि थियो, स्वच्छ र स्वतन्त्र वातावरणका लागि थियो । दलीय विचारले शासन गर्न पाउनुपर्छ भन्ने माग प्रजातन्त्रको स्थायित्वका लागि थियो । यी सब व्यर्थ गए । सबै हाम्रा इच्छा र आकाङ्क्षा धुलिएर माटोमा मिल्न तयार भइसके । प्रजातन्त्रका नाउँमा मनपरीतन्त्र र अवसरवादीतन्त्र विकसित हुँदै जान लागे । हाम्रो खोजको प्रजातन्त्रले हामीलाई नै खान लागिसक्यो । यसको मूल स्रोत भ्रष्टाचार भएको हुँदा यसको नियन्त्रणबिना स्वच्छ प्रजातन्त्रको कल्पना नै गर्न सकिँदैन ।

भ्रष्टाचार साधारण रोग होइन । यो रोगले ग्रस्त व्यक्ति वा समुदाय वा दल बाहिरी रूपमा केही नदेखिए पनि भित्री रूपमा भने अत्यन्तै सताइएको हुन्छ अर्थात् भयभीत मात्र होइन, सतर्क पनि हुन्छ । ती व्यक्ति वा दलको भित्री भाग बिगार्ने र सडाउने क्रमको बेग भने कम हुँदैन । विद्युत-प्रसारणजत्तिकै तेजिलो र द्रुतगतिमा यसले आ□नो प्रभावलाई जमाएको हुन्छ । यसको प्रभावमा एक पटक जो पर्छ, त्यसको अस्तित्व नै समाप्त गरी यसले रूपान्तरित गराइदिन्छ । दलहरूमाथि यसको प्रभावबारेमा विचार गरौं –

**नेपाल कम्युनिस्ट पार्टी (एमाले) :**

गत फागुन २२ गतेले नेकपा एमालेलाई अपाङ्ग बनाइदियो। यो रोगको अतिक्रमण जब हुन्छ, यसले नोक्सानी जरुर पु¥याउने गर्छ। त्यस दिन मुलुकको संसद्मा सबैभन्दा धेरै स्थान ओगट्न समर्थ भएको नेकपा (एमाले) लाई दुई फ्याकमा बाँडिदियो। जुट्ता शक्ति बटुलिने र फुट्ता कमजोर हुने सत्यतालाई नै हाँक दिँदै यो रोगबाट ग्रस्त भएका नेताहरूले फुट्ता शक्तिसञ्चय हुने विश्वास व्यक्त गरेको पनि सुनियो। यो फूट सैद्धान्तिक (राजनीतिक) कारणले भएको होइन, सबैको जानकारीमा छ। सत्तामोह नै यो फूटको चुरो हो। सत्तामा पुगेपछि हुने चामत्कारिक श्रीवृद्धि नै यो बरबादीको कारकतत्त्व हो। लोभले पाप बढाउँछ र पापले नास गर्छ। रोगग्रस्त व्यक्ति वा समूह यसतर्फ विचार पु¥याउन सक्तैन।

नेताहरूले जुन समूहमा आफूलाई विलीन गराएर जीवनका महत्त्वपूर्ण क्षणहरूलाई लगानी गरे, जुन आधारमा उभिएर आ□नो व्यक्तित्व विकास गरे, जुन सिद्धान्तलाई मुलुकभरि फैलाएर पार्टीलाई सबैभन्दा ठूलो प्रमाणित गरेर देखाए र जुन नीति अख्तियार गरेर देशको शासकसमेत हुन पुगे, आज त्यही नेकपा (एमाले तथा माले) भित्र एकले अर्कालाई 'देशद्रोही' भन्न दुवै पक्षले हिचकिचाएनन्। वास्तवमा ती नेताहरू बोलिरहेका छन्, तर ती बोल्ने त यो रोगले ग्रस्त रोगीहरू बोलिरहेका र आफैं नाङ्गिरहेका छन्। यो कस्तो सिद्धान्तबाट नै च्यूत गराउने नशा रहेछ ? बोली फेरिने, पार्टी फेरिने साथै जनता र मुलुक दुवै धोकामा पर्ने कस्तो महारोग रहेछ ?

**नेपाली काङ्ग्रेस :**

सर्वप्रथम अन्तरघात नेपाली काङ्ग्रेसबाट नै सुरु भएको हो। नेताहरूको सत्तामोहले छत्तीसे र चौहत्तरेको जन्म गरायो। पालैपालो घुर्की देखाउँदै, सहयोग र असहयोगको जन्जाल पार गर्दै जसोतसो एक ढिक्का देखिएको कसैबाट छिपेको छैन। अनि दुवै थरी बेलाबेलामा सत्तामा पुगेर आ□नो स्वार्थ पूरा गर्न पाएपछि मात्र 'जुट कायम' भएको देखाइएको छ। गत वैशाखमा पार्टीसभापति गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा गठित मन्त्रिपरिषद्मा अनावश्यक व्यक्तिहरूलाई समावेश गर्नुपरेको पीडा प्रधानमन्त्री कोइरालालाई नै थाहा होला। उहाँको यो यत्न र समूहको घात, अन्तर्घात, घुर्की र फूर्ति हेर्दा यो पार्टी पनि खतराबाट भने मुक्त छैन।

**नेपाल सद्भावना पार्टी :**

हिन्दीको नारालाई प्रमुखता दिँदै र तराईको पूर्ण प्रतिनिधित्व गर्न सक्ने दाबी गर्दै सङ्गठित भएको नेपाल सद्भावना पार्टीका नेताहरूमा छोटै अवधिमा मनमुटाव भएको देखियो। तुरुन्तै पार्टी फुटेर 'जनता दल' को जन्म भयो। गालीगलौजदेखि एकले अर्कालाई अवसरवादी र भ्रष्टाचारीको आरोप लगाउँदै खुला रूपमा मतभेद भएको देखाए। फेरि सत्तासम्झौता भयो, राप्रपाको संयुक्त सरकारमा वन मन्त्रालय कब्जा गर्न पाएपछि 'जनता दल' हरायो। पुनः सद्भावना पार्टी एकीकृत भयो। रोगीहरू रोगको चापको आधारमा अस्पताल पस्ने र निस्कने गर्छन्, त्यही भयो।



**नेपाल मजदुर किसान पार्टी :**

कम्युनिस्ट आन्दोलनमा संलग्न नेपाल मजदुर किसान पार्टीका चार सदस्यमध्ये दुई सदस्य अर्थात् पचास प्रतिशत दलबदल भइदिए। नेकपा एमालेजस्तो ठूलो पार्टीले लाजै नमानस् एक जनालाई आ□नो पार्टीभित्र भित्र्यायो भने अर्का एक जनालाई अपहरण गरिएपछि नेपाली काङ्ग्रेस र राप्रपाको संयुक्त सरकारमा मन्त्री बनाइयो। यसरी अप्रजातान्त्रिक संस्कृतिको विकासमा ठूला र जिम्मेवार पार्टी नै संलग्न भएको पाइयो।

**राष्ट्रिय प्रजातन्त्र पार्टी :**

राष्ट्रिय प्रजातन्त्र पार्टीको जन्म नै भ्रष्टाचारको दलदलबाट भएको हुँदा जतिसुकै सुकिलो देखिन खोजे पनि अनुहारभरि पोतिएको त्यो भ्रष्टाचारको टड्कारो मैलो सबैले देखेकै छन्। त्यसैले राष्ट्रिय प्रजातन्त्र पार्टीको फूट र जूटलाई त्यति गहिरिएर केलाउनुपर्ने आवश्यकता छैन। पञ्चायती गुटबन्दी कायम नै राखेर खडा भएको राष्ट्रिय प्रजातन्त्र पार्टी एउटै नाम, एउटै दल कायम भएर नेपाली राजनीतिमा निस्कन खोजे तापनि यसको जन्ममा थापा र चन्द दुई भिन्न समूह भएर देखा प¥यो। च्याँखे बल्झाउने दाउ बोकेका दुवै समूह प्रथम निर्वाचनमा बेग्लाबेग्लै समूह भएर जनसमक्ष प्रस्तुत भए पनि दोस्रो निर्वाचनमा एक हुन पुगे। तर ती दुई समूहका सदस्यहरूले भने मौसमअनुसार एक समूहबाट अर्को समूहमा ओहोरदोहोर गर्ने क्रिया जारी राखे। राप्रपाका सदस्यहरूले आफूलाई यसरीसम्म परिवर्तित गराएर देखाए कि विभिन्न दल र गुटका तीन प्रधानमन्त्री हुँदा पनि मन्त्री पदमा टिकिरहेको जनताले प्रत्यक्ष देखे र अनैतिकताको चरम विन्दुको अनुभव गरे।

राष्ट्रिय प्रजातन्त्र पार्टीभित्रका ती रोगीहरूको खेलले तिनीहरू स्वयम्लाई फसाइदियो। चन्द समूहबाट निर्वाचित केही सदस्यहरू थापा समूहमा गएर अप्राकृतिक रूपमा चिट्केर बस्नुपरेको छ। त्यस्तै, अन्य दलबदल गरेका नेताहरूले आफूलाई कसरी प्रस्तुत गर्छन् र जनताले त्यस्ता व्यक्ति वा समूहलाई कसरी स्वीकार गर्छ, यो भविष्यको गर्भभित्र छ।

प्रजातन्त्रको नाउँमा मनपर्दो तन्त्र गरेर अवसरलाई छोपी स्वार्थसिद्ध गर्ने नेताहरूलाई जनताले चिन्न थालेका छन्। साथै, त्यस्ता दानवीय प्रवृत्तिलाई बढावा दिई मुलुक र जनतालाई धोका दिने समूहलाई पनि जनताले जान्न थालेका छन्। यी सबै काला कर्तुत बहुदलीय व्यवस्थाका विकृतिका उदाहरण भएर नेपालको प्रजातान्त्रिक विकासको इतिहासमा अमिट रूपमा लेखिनेछन्, जब भ्रष्टाचारविरुद्ध चरणबद्ध पाइला चाल्न सुरु गरिनेछ।

**साप्ताहिक विमर्श, २०५५ जेठ २९ गते शुक्रबार**

# सत्ताको आडमा आर्जित सम्पत्ति

# कुनै पनि सुरक्षाकवचले बचाउन सक्तैन

भ्रष्टाचारको नाइकेसँग भ्रष्टाचारको रोक लगाउनका निमित्त कुनै आवाज उठाउनु व्यर्थ हुनेछ भनी एमालेका नेताहरूले खुलामञ्चमा गत हप्ता दोहोऱ्याई-तेहेऱ्याई भन्नुभएको सत्यतालाई आम बुद्धिजीवीले चिन्ताका रूपमा ग्रहण गर्नुपर्ने भएको छ। हो, आज मुलुक भ्रष्टाचारले व्याप्त छ। प्रधानमन्त्री कोइरालाले राजीनामा नदिएसम्म भ्रष्टाचार-प्रकरणमा दोषी ठहरिन सक्ने कोइरालाका नजिकका नातेदारहरूलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बयान लिन नसक्ने स्पष्ट छ। जुन दिन प्रधानमन्त्री कोइराला शक्तिबाट हटेर अलग बस्छन् सोही दिनदेखि आयोगमा पेन्डिङमा परेका फाइलहरू खुल्ने बलियो सम्भावना देखिएको छ। यो ११ वर्षमा सबैभन्दा लामो अवधिसम्म प्रधानमन्त्री बनेका कोइरालाका नजिकका नातेदार र निजका सहायकहरूले आर्जन गरेको अकुत सम्पत्तिको छानबिन सुरु हुनेछ। ती व्यक्ति, जसलाई नेपाली समाजले पहिलेदेखि चिनेका छन्, तिनीहरूको सम्पत्तिको आर्जन भ्रष्टाचारबाट भएकोमा कुनै मतभिन्नता छैन, तर भ्रष्टाचारलाई प्रमाणित गर्न भने कानुनको आधारलाई अङ्गिकार गर्नु नै पर्छ। त्यसका लागि बाटो प्रशस्त गर्न प्रधानमन्त्री कोइरालाले राजीनामा दिनु नै पर्छ भन्ने आवाज धेरै क्षेत्रबाट उठेको छ।

एमालेले आयोजना गरेको उक्त सभामा वर्तमान कोइराला-सरकारसँग वार्ता नगर्ने घोषणासँगै प्रधानमन्त्री कोइराला प्रमुख अतिथि भएको कुनै पनि कार्यक्रममा एमालेले भाग नलिने भनी प्रधानमन्त्री कोइरालालाई राजनीतिक र सामाजिक बहिष्कार गर्ने घोषणा गरेको छ। यो सङ्कल्पलाई आमजनताले समेत अनुसरण गर्नुपर्ने कुरा पनि त्यत्तिकै महत्त्वपूर्ण छ। प्रधानमन्त्रीको पदमा बहाल रहेका गिरिजाप्रसाद कोइरालाले लाउडा जहाज भाडामा लिँदा भ्रष्टाचार गरेको हुँदा पदबाट राजीनामा दिन माग गर्दै एमालेलगायत सबै प्रतिपक्षी दलहरूले गत माघ २६ गतेदेखि चैत्र २३ गतेसम्म संसद्को कुनै पनि कार्य अगाडि बढ्न नदिएर सफलतापूर्वक ५७ दिन लामो विरोध सम्पन्न गरेको तथ्य पनि हाम्रो सामु छ। संसद्को १९ औँ अधिवेशन बन्द भएपछि प्रमुख प्रतिपक्षीलगायत सबै दलहरू सडक-आन्दोलनमा उत्रिएका छन्।

त्यस्तै लेखक, साहित्यकार र कलाकारहरूको समूहले गत चैत २९ गते काठमाडौँको भद्रकालीमा जम्मा भएर चिन्ताका रूपमा विरोध-प्रदर्शन गरे। २०४६ सालको जनआन्दोलनका क्रममा मुख र हातमा कालोपट्टी बाँधेर लेखक, साहित्यकार र कलाकारले तत्कालीन आन्दोलनलाई साथ दिएका थिए भने अहिले टाउकोमा कालोपट्टी बाँधेर विरोधमा उत्रिएका छन्। ११ वर्षपछि विरोधमा पुनः देखिएका लेखक, साहित्यकार र कलाकारको यो साङ्केतिक कालोपट्टी-बँधाइले अनेक अर्थ उब्जाएको छ।

सडक-आन्दोलनमा उत्रिएका एमालेसहित छ वामसमूहले वैशाख ३ गते सोमबारदेखि प्रधानमन्त्री कोइरालालाई सिंहदरबारको कार्यकक्षमा छिर्न नदिने भएका छन्। यो निर्णय अत्यन्तै कठोर र जोखिमपूर्ण महसुस भएको छ। हुन पनि वक्तव्यमा भनिएको छ – 'यो हाम्रो आन्दोलनको अन्तिम युद्ध हो।' भ्रष्टाचारीको राजीनामा



नआएसम्म अहोरात्र बाटो छेकी सिंहदरबार जाने नाकाहरू बन्द गर्ने योजना बनाएका समूहले रत्नपार्क र पुतलीसडकलगायतका सडक अवरुद्ध गरी प्रधानमन्त्री कोइरालालाई सिंहदरबार छिर्न नदिने भएका छन्। यद्यपि यो गैरकानुनी प्रक्रिया हो तर आजको मुलुकको परिस्थितिले यसलाई स्वीकार गर्न र यसको सफलताका लागि सबै एक जुट भइदिन जोडदार माग गरेको छ। सबै कार्य विधिसम्मत हुँदैन भन्ने प्रधानमन्त्री कोइरालालाई थाहा नभएको होइन। उहाँले प्रत्यक्ष अनुभव गरेका २००७ फागुन ७, २०१७ पुस १ र २०४६ चैत्र २४ जस्ता तिथिमिति देखिएकै छन्।

कोइराला-सरकार कति अप्रजातान्त्रिक र कुटिल छ भन्ने कुराको प्रमाण चैत २६ मा निस्क्रिय भएका तीनवटा अध्यादेशहरू दोस्रो पटक ल्याएकोलाई लिन सकिन्छ। २०५६ माघ-फागुनमा बजेट तर्जुमा गर्दा सशस्त्र प्रहरी बलको परिकल्पना गरी आ० व० २०५७।५८ को बजेट पेस गर्दा सशस्त्र प्रहरी फोर्सका लागि ४५-३-३८० अन्तर्गत रु. १ अरब ८६ करोड ५० लाख रकम विनियोजन गराउन सक्नेले त्यसै बखतमा सशस्त्र प्रहरी बलको विधेयक किन संसद्मा प्रस्तुत गर्न नसकेको ? विनियोजित रकमलाई खर्च गर्न अध्यादेश र ऐनको आवश्यकता महसुस नगरिए पनि आधा वर्ष बितिसकेपछि मात्र किन अध्यादेश आवश्यक ठहर भयो ? सशस्त्र प्रहरी बल गठन हुनुअघि यति ठूलो रकम छुट्याएर राख्नुको पछाडि के रहस्य छ ? यो रकमबाट कति रकमको हतियार खरिद भयो, कोमार्फत खरिद भयो, कुन प्रकारले त्यसको भुक्तानी भयो, आर्थिक नियमविपरीत के-के निर्माण भयो र कति, कहाँ, के खर्च भयो ? हेलिकोप्टर उडानको कति घन्टा बढाई भुक्तानी गरियो ? आदि प्रश्नका उत्तर जनताले खोज्नेछ। एक मन्त्रालयबाट अर्को मन्त्रालय हुँदै यो रकम बेहिसाबसँग खर्च भएको छ र कोइराला-सरकारमा संलग्न व्यक्तिहरूले कमिसन कुम्ल्याएका छन्। शान्तिसुरक्षाको नाममा खर्च गर्दा कुनै हिसाब देखाउनु नपर्ने परम्पराको फाइदा यो पटक पनि लिन समर्थ भएका छन्। यसरी मुलुकको कोष खुला लूट गर्न पाइँदैन। भोलि जनताले यसको असुली गर्छ भन्ने कुरा कमिसनखोरले सोच्न सकेका छैनन्।

संसद्को १८ औँ अधिवेशन चार महिना लामो अवधिसम्म चलेको थियो। त्यस बखत सशस्त्र प्रहरी बल गठन गर्नुपर्ने आवश्यकता नठान्ने सरकारले १९ औँ अधिवेशन बस्नु दुई हप्ताअगाडि अर्थात् २०५७।१०।९।२ मा सशस्त्र प्रहरी बल गठनसम्बन्धी अध्यादेश, २०५७ ल्याएर मुलुकको जिम्मेवार संसद्लाई छल्ने कोसिस गऱ्यो। संसद् बस्ता-नबस्तै हतार-हतार सशस्त्र प्रहरी बल गठन गऱ्यो। सरकारले अध्यादेश जारी गर्नु हुँदैन भन्न खोजिएको होइन, आवश्यकताअनुसार संविधानको अधीनमा रही अध्यादेश जारी गर्न सक्छ; तर अध्यादेशद्वारा लामो अवधि मुलुक चलाउन सक्तैन। कारण, विधिको राज्यसञ्चालन गर्नुपर्ने प्रजातान्त्रिक देशमा अध्यादेशले राज्यसञ्चालन गर्न मिल्दैन। अध्यादेश स्वयम्मा ऐन होइन, यो केवल ऐन निर्माण नगुरुन्जेलसम्म ऐनसरहको काम गर्ने एउटा दस्तावेज मात्र हो।

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ७२ ले अध्यादेश आउन सक्ने व्यवस्था गरेको छ। त्यसमा लेखिएको छ कि जारी भएको अध्यादेश ऐनसरह मान्य हुनेछ। धारा ७२ (२) मा लेखिएको छ – 'संविधानको धारा ७२ ले संसद् नबसेको अवस्थामा तत्काल केही गर्नुपर्ने आवश्यक छ भन्ने भएमा मात्र अध्यादेश आउन

सक्छ।' यो नितान्त अस्थायी हुनेछ र संसद् नबसेको अवस्थामा राज्यका तर्फबाट नगरी नहुने कार्यलाई फुकाउनसम्म गरिने व्यवस्था हो। यसलाई लामो अवधिसम्म क्रियाशील गराउन मिल्दैन। त्यसमा पनि धारा ७२ (२) को क, ख र ग ले अध्यादेश निस्क्रिय हुने बाटो स्पष्ट गरिदिएको छ। तर अध्यादेश सक्रिय गराउनेबारेमा भने सो धारा मौन छ। त्यसैले यो स्पष्ट छ कि यो केवल आकस्मिक उपचारको विधिलाई पूरा गर्न मात्र ल्याइने अस्थायी व्यवस्था हो। यसले स्थायित्व पाउन सक्तैन। छिमेकी भारतको बिहारराज्यमा यसै गरी अध्यादेशले निरन्तर कार्य गरेकोमा भारतको सर्वोच्च अदालतले त्यस्तो अध्यादेशले गरेको कार्य बदर गरी अध्यादेशले गरेको कार्यलाई गैरकानुनी घोषित गरेको छ। त्यसैले यहाँ पनि हाल श्री ५ को सरकारले संविधानको धारा ७२ को गलत किसिमबाट प्रयोग गरेर अप्रजातान्त्रिक, अनैतिक र गैरसंवैधानिक किसिमबाट हिटलरी शासनको परिपाटीको अभ्यास सुरु गरेको छ।

संविधानको धारा ७२ (२) को (ग) अनुसार निस्क्रिय भएको सशस्त्र प्रहरी बल गठन गर्नेसम्बन्धी अध्यादेश, २०५७ ले गठन गरेको प्रहरी सङ्गठन खारेज नभई स्थापित भएको मितिदेखि नै निरन्तर चलिरहेको हुँदा पुनः आएको अध्यादेश क्रियाशील गराउन संविधानको कुनै पनि धाराले मद्दत गर्दैन। जुन अध्यादेशबाट गठन भएको हो, सो नै संविधानबमोजिम निस्क्रिय भएपछि सो सशस्त्र प्रहरी सङ्गठन स्वतः खारेज हुन्छ र नयाँ अस्तित्वमा आएको अध्यादेशले पुनः सशस्त्र प्रहरी बलको गठन गर्नुपर्छ। यो विधिसम्मत सिद्धान्त हो, तर यसलाई बेवास्ता गरिएको छ।

मूल प्रकरण कमिसन र भ्रष्टाचारको हो। राज्यकोषको रकम सञ्चालन गर्दा राज्यलाई नोक्सानी र शक्तिवान्लाई फाइदा पुऱ्याउने काम भइरहेको हुँदा विधिसम्मत कार्य हुन नसकेको हो। प्रजातन्त्रमा कानुनले राज गर्नुपर्छ, व्यक्ति वा समूहले होइन। तर यहाँ दल र समूहले राज गर्नुपर्छ भन्ने धारणाको विकास भएकोले अन्योलको वातावरण सिर्जना भएको हो। यसको निर्क्योल चाँडो नगरे यस्तै अराजकतालाई प्रजातन्त्रको सङ्ज्ञा दिएर सत्तासीनहरू लुटपाट गर्न व्यस्त रहन सक्छन्। त्यसैले यसका विरुद्धमा सबै नागरिक एक जुट भएर लाग्नुपर्ने बेला आइसकेको छ।

**२०५८ वैशाख ३ गते सोमबार**



# हतियारको खरिदमा कमिसनको खेल

दक्षिण अफ्रिकाको जोहानेसबर्गमा हुने दिगो विकाससम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनमा भाग लिनका लागि प्रधानमन्त्री शेरबहादुर देउवा गत भदौ ९ गते आइतबार दलबलका साथ त्यसतर्फ प्रस्थान गर्नुभएको थियो। पूर्वघोषित कार्यक्रमअनुसार प्रधानमन्त्री देउवा जोहानेसबर्गमा नगई अन्य काममा अलमलिन पुग्नुभएको छ। शिखरसम्मेलनमा भाग लिन गएको दलका प्रमुख हुनुभएका प्रधानमन्त्री देउवा त्यस शिखरसम्मेलनतर्फ नै नलागी भ्रमणदलका अन्य सदस्यलाई छोडेर बेल्जियमको ब्रसेल्समा तीन दिनसम्म अड्कनुभयो। उहाँको बेल्जियमको बसाइले त्यहाँको सरकारमा भुइँचालो मच्चाइदियो र यसैबीच बेल्जियमका उपप्रधानमन्त्री म्याग्दा एलभोएटले सरकारबाट राजीनामा दिनुपऱ्यो। यति मात्र होइन, बेल्जियमको मिलिजुली सरकारमा ठूलो फूट आयो र सरकार सङ्कटमा अल्झिन पुग्यो। प्रधानमन्त्री देउवाको अनधिकृत ब्रसेल्सको बसाइ कूटनीतिक क्षेत्रमा चर्चाको विषय बनेको छ भने नेपालको शिर निहुरिन पुगेको छ। प्रधानमन्त्रीजस्तो गरिमामय पदमा बसेका व्यक्तिले यसरी एक कामका लागि गएको बहाना बनाई अर्को काम गरेर मुलुक र जनता दुवैलाई छल्नु नहुने थियो। यसरी प्रधानमन्त्री देउवाले मुलुक र जनतालाई गलत सूचना दिएर राज्यव्यवस्थालाई ठाडो धोका दिनुभएको छ।

परराष्ट्र मन्त्रालयले प्रकाशित गरेको कार्यक्रमअनुसार भोलि १७ र १८ गते प्रधानमन्त्री देउवाले जोहानेसबर्गमा हुने विश्वका अन्य मुलुकका शीर्षस्थ नेताहरूका साथ दिगो विकाससम्बन्धी अत्यन्तै गम्भीर विषयमा छलफलका लागि गोलमेचमा भाग लिनुपर्ने थियो। रियो दि जेनेरियोमा दस वर्षअघि सम्पन्न सम्मेलनपछि भएको प्रतिबद्धता तथा त्यसको उपलब्धिको लेखाजोखा गर्न र भावी कार्यक्रम निर्धारण गर्न शिखर बैठक अहिले दक्षिण अफ्रिकाको जोहानेसबर्गमा बसिरहेको छ र विश्वका करिब ९० राष्ट्रका नेताहरूले सो सम्मेलनमा भाग लिइरहेका छन्। तर यो मुलुकका सरकारप्रमुख हुनुभएका प्रधानमन्त्री देउवा भने हतियारखरिदको रन्कोमा परेर सबै निर्धारित कार्यक्रमलाई पन्छाई युरोपतिर भौँतारिइरहनुभएको छ। पूर्वनिर्धारित कार्यक्रमअनुसार भदौ २० गते आउनुपर्ने प्रधानमन्त्री देउवा घोषित कार्यक्रममा भाग नै नलिई व्यक्तिगत भ्रमणजस्तो युरोपका मुलुकहरूको भ्रमण गरी भोलि सोमबार काठमाडौँ आउँदै हुनुहुन्छ। प्रस्थान गर्ने समयमा पत्रकारहरूलाई हतियारको खरिदबारेमा अनभिज्ञता जाहेर गर्ने प्रधानमन्त्री देउवाको भोलिको आगमन अत्यन्तै लज्जास्पद साबित हुनेछ।

प्रधानमन्त्री देउवालाई राणाकालीन प्रधानमन्त्रीय प्रणालीका प्रधानमन्त्री सरहको अधिकार प्राप्त छ भन्न मिल्दैन। उहाँलाई नेपालको प्रचलित कानुनअन्तर्गत रही काम गर्न मात्र प्रधानमन्त्री बनाइएको हो र राणाप्रधानमन्त्रीजस्तो उहाँलाई

नेपालको कानुन मिच्ने वा राज्यको नीति र सिद्धान्तविपरीत मनलाग्दो गर्न राज्यले छूट दिएको छैन। त्यसैले एक कार्य घोषणा गरी अर्को कार्य गर्ने वा राज्यबाट पृथ्वीसम्मेलनमा भाग लिनका लागि खटिएका व्यक्तिले राज्यको आदेशलाई अपहेलना गरी खटाइएको स्थान र तोकिएको कार्य सम्पन्न नगरी मनोमानी गर्ने व्यक्तिलाई राज्यले दण्ड दिन सक्छ भन्ने कुरा कसैले पनि भुल्नु हुँदैन। संविधानको धारा ९८ (२) अनुसार सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य गरी अख्तियारको दुरुपयोग गरेको देखिएमा आयोगले निजलाई सचेत गराउन वा विभागीय वा अन्य आवश्यक कारवाही गर्न सक्ने व्यवस्था छ। मुलुकको कोषलाई व्ययभार दिई, आम नागरिकलाई छली, अनावश्यक कार्यक्रम बनाई रक्षा मन्त्रालयका उपसचिव वा शाही सेनाका प्राविधिक अधिकृतले सम्पन्न गर्न सक्ने कामका लागि प्रधानमन्त्री पदलाई सम्मिलित गराइएको कार्य प्रचलित कानुनको बर्खिलाप भएको स्पष्ट देखिन्छ। हतियारको खरिदका सम्बन्धमा प्रधानमन्त्री देउवाको पूर्ण चाख रहेको र उनकै चाखका कारण हतियार खरिद हुन लागेको भन्ने पूर्ण व्यहोरा गत सोमबार पूर्ण रूपमा खुल्न आएको हुँदा उनका विरुद्धमा यो उजुरी लेख्नुपर्ने आवश्यकता भएको हो।

बेल्जियमको हतियारनिर्माता कम्पनी फेब्रिक नेसनल हर्स्टलबाट ५.५६ एम० एम० को राइफल पाँच हजार पाँच सय थान श्री ५ को सरकारलाई खरिद गराउन नेपालको एक कुख्यात हतियारएजेन्ट लामो समयदेखि क्रियाशील थियो। त्यो खरिद हुन लागेको राइफलको वास्तविक बिक्रीमूल्य तीन सय डलर भए पनि हतियार-निर्यातक मुलुकले मूल्यनिर्धारणको आधारमा कर असुल गर्ने र हतियार खरिद-बिक्री हुने भएमा हतियारको निर्यात र आयात गर्ने दुवै मुलुकका सरकारी पदाधिकारीलाई निर्यातक कम्पनीले कमिसन दिनुपर्ने कारणले गर्दा सो राइफलको मूल्य ६०० यू० एस० डलरसम्म राखी खरिद-बिक्री हुने गरेको बुझिएको छ। तर यस पटक भने बेल्जियमको उक्त कम्पनीसँग नेपालले खरिद गर्न लागेको सो राइफलको मूल्य यू० एस० डलर ८०० कायम भएको छ। यसभन्दा अघि पनि कमिसनएजेन्टको बहकाउमा लागेर श्री ५ को सरकारले जर्मनीमा निर्मित जी० ३६ राइफल यू० एस० डलर ६०० मा खरिद गर्न तयार भएको थियो तर जर्मनीको संसद्ले नेपालजस्तो गरिब मुलुकमा हतियार बेच्न प्रतिबन्ध लगाएपछि सो बिक्रीकार्य रोकिएको थियो।

कुनै पनि वस्तु खरिद-बिक्री गर्नुपर्दा श्री ५ को सरकारले आर्थिक कार्यविधि ऐन, २०५५ र त्यसअन्तर्गत बनेका नियम तथा आर्थिक प्रशासनसम्बन्धी नियमहरूको अधीनमा रही गर्नुपर्ने हुन्छ। लिखित कानुनको पालना नगरी मनपर्दो हिसाबले गर्दा गैरकानुनी कार्य ठहर हुन जान्छ, त्यस्तो गैरकानुनी कार्य गर्नेलाई कानुनले दण्ड-सजायसमेत तोकेको हुन्छ। कानुनको पालना गर्दा कुनै पनि कार्य सामान्य देखिन्छ भने कानुनभन्दा बाहिर गएर काम-कारवाही गर्दा सर्वत्र हलचल मच्चिन्छ। अझ कमिसनको चलखेल हुने खरिद-बिक्रीमा त मुलुक मात्र होइन, विश्वका अन्य मुलुकहरूसमेत प्रभावित हुने गर्छन्। जसरी अहिले बेल्जियमलगायत युरोपका अन्य मुलुकहरूमा बेल्जियम सरकारमा आएको फूटका बारेमा सम्पूर्ण युरोपेलीहरू



चिन्ताग्रस्त हुन पुगेका छन्। साथै, प्रधानमन्त्री देउवाको बेल्जियम-बसाइका बारेमा स्वयम्ले सर्वत्र स्पष्टीकरण दिँदै हिँड्नुपर्ने अवस्था सिर्जना भएको छ।

प्रतिव्यक्ति प्रतिवर्ष आय यू० एस० डलर २०० भएको मुलुकका नागरिकका लागि यू० एस० डलर ८०० का दरले एक राइफलको मूल्य चुक्ता गर्नु भनेको ४ नागरिकको एक वर्षको आय कटौती हुनु हो। एउटा राइफल भित्र्याउन करिब रु. ६३ हजार खर्चिनुपर्ने देखिन्छ, त्यो एक राइफलबराबरको रु. ६३ हजार एक परिवारलाई उद्योग खोल्न सहयोग प्रदान गर्ने हो भने एक परिवारमा रहने कमभन्दा कम चार व्यक्तिको जीवनयापन सजिलै हुन सक्छ भन्ने कुरातर्फ श्री ५ को सरकारको ओहदामा बसेकाहरूको ध्यान गएको देखिँदैन। गरिब मुलुक, बहुसङ्ख्यक जनता गरिबीले सताइएको अवस्था र आर्थिक मन्दीले देशको अर्थव्यवस्था तहसनहस भएको अवस्थामा ५,५०० थान राइफल खरिद गरेर श्री ५ को सरकारले यो मुलुक र जनताको हित अथवा अहित, केका लागि यो महँगो हतियार खरिद गर्ने योजना बनाएको हो, बुझ्न सकिएको छैन।

यस स्थितिलाई मुलुक र जनताले सहन गर्नु यो मुलुक र जनता दुवैको दुर्भाग्य हो। आफैँलाई धिक्कार छ भन्नुबाहेक हामीसँग केही उपाय छैन। बरु बेल्जियम-सरकारले नेपालजस्तो गरिब मुलुकलाई हतियार बेच्न स्वीकृति दिएकोमा विरोध जनाउँदै त्यहाँको मिलिजुली सरकारका प्रभावशाली उपप्रधानमन्त्री एवं स्वास्थ्य र वातावरणमन्त्री म्याग्दा एलभोएटले सरकारमाथि गम्भीर शङ्का भएको आरोप लगाउँदै सरकारबाट राजीनामा दिएकी छिन्। त्यति टाढा बसेर पनि नेपाली मनोभावलाई बुझेर नेपालीको हितमा निर्णय लिने बेल्जियम जनताकी नेतृ म्याग्दा एलभोएटलाई नेपाल र नेपाली नागरिकका तर्फबाट साधुवाद छ।

**नेपाल समाचारपत्र, २०५९ भदौ १६ गते आइतबार**

**भरत जङ्गम – 'पचास प्रसङ्ग' बाट**

## खुलापनबाट मात्र प्रजातन्त्र बाँच्तैन

खुलापनलाई अघि सार्दैमा प्रजातन्त्र बाँच्तैन। आवश्यकीय नियन्त्रण र कानुनको संरक्षणले मात्र प्रजातन्त्रमा स्थायित्व आउँछ। त्यसैले राजनीतिक समूहसँग राजनीतिक ढङ्गले मुकाबिला गर्न पनि जान्नुपर्छ, होइन भने पदत्याग गरिदिनुपर्छ।

**– योग्य शासक र नेपाल बन्द**

# मुलुकमा बढ्दो भ्रष्टाचारले जन्माएको माओवादी विद्रोह

हिजोआज नेपालका आम नागरिकलाई दुई विषयले चिन्ताग्रस्त तुल्याएको छ। ती हुन् राजनीतिक रूपमा माओवादी समस्या र मुलुकमा बढ्दो भ्रष्टाचार। यी दुवै एकै पटक बढ्नुमा बहुदलीय राजनीतिक व्यवस्थामा सत्तामा संलग्न दलहरू दोषी देखिएका छन्। यी संलग्न दलहरू खास गरी सत्तारूढ दलले नै प्रजातान्त्रिक किसिमबाट प्रस्तुत हुन नसक्ता यो अवस्थाको सिर्जना भएको हो। मुलुकमा भ्रष्टाचार यतिसारो नबढेको भए माओवादीले यति चाँडै यस्तो उग्र रूप लिने थिएनन् भन्ने आम बुद्धिजीवीको भनाइ रहेको छ। राजधानीमा बसेका सत्तासीनहरू भ्रष्टाचार गर्न व्यस्त छन् भने गाउँका निमुखा जनताहरू माओवादीमा भर्ती हुन आतुर छन्। भ्रष्टाचारीहरू राजधानीका सडकहरूमा चिप्लिने कारमा दौडेर राजनीति गरेको नाटक गरिरहेका छन् भने माओवादीहरू गाउँ-गाउँमा जनसरकार खडा गरेर वास्तविक राज गर्न थालेका छन्। त्यसैले भ्रष्टाचार नै यो माओवादीको जननी हो।

पञ्चायती व्यवस्थामा विस्तारै बढ्दै गएको भ्रष्टाचारको बेगले बहुदलीय व्यवस्थामा आएर तीव्रता पाएको हो। हाल भ्रष्टाचारले मुलुकको सबै क्षेत्रलाई गाँजेर रोगग्रस्त तुल्याइसक्यो। अब यो रोगबाट मुक्तिका लागि विशेष उपचारविधिको खाँचो छ। समयमै यसको निराकरणका उपाय पहिल्याउन सकेनौँ भने वा यसका बारेमा गम्भीरतापूर्वक सोच गरेर ठोस निर्णय लिन सकेनौँ भने यसले हामीलाई अपाङ्ग मात्र बनाएर छोड्ने होइन, मुलुकमा नै विप्लव गराउन सक्नेछ। आज यसको विरुद्धमा गरिब निमुखा जनता आ□नो अधिकारको खोजी गर्दै अगाडि बढेका छन् भने भोलि यसैको कारणले गृहयुद्ध सुरु भएर हाम्रो ठूलो धनजनको क्षति हुनेछ।

भ्रष्टाचारलाई सरल रूपले हेर्ने वा यसको दूरगामी प्रभावलाई बेवास्ता गरी पन्छाउन कुनै हालतले पनि मिल्ने अवस्था छैन। हिजोसम्म मामुली र सानो रोग मानिएको यो भ्रष्टाचार आज सङ्क्रामक रोगकै रूपमा देखा पर्न थालेको छ। बिफर, औलो र कलेराजस्ता सङ्क्रामक रोगको महामारीको अतिक्रमणले जनजीवन र समाजलाई तहसनहस बनाएर छोडेजस्तो अब यो भ्रष्टाचारको रोगले सताउन थालेको छ। गरिब मुलुकमा यसको निरन्तरतालाई पन्छाउन र रोगलाई नियन्त्रण गर्न ज्यादै नै कठिन स्थितिको सामना गर्नुपर्ने भएको छ। यो नयाँ रोगको उपचारविधि के हो ? कसरी निदान गर्ने ? यी प्रश्नहरू उत्तररहित भएर बसेका छन्। त्यसैले हाम्रो जस्तो विकासोन्मुख मुलुकमा समय-समयमा तानाशाहीले टाउको उठाउने गर्छन्। पाकिस्तान र बङ्गलादेशको सैनिक शासन हाम्रा लागि ताजा उदाहरण हुन्। त्यसैले बहुदलीय व्यवस्थाको विरोधमा हाम्रो मुलुकमा माओवादी जत्था सबल, सशक्त र प्रभावशाली हुँदै आएको सङ्केत प्राप्त हुन थालेको छ।



भ्रष्टाचार अहिले मात्र बढेको हो, पहिले थिएन भन्न खोजिएको होइन। भ्रष्टाचार पहिले पनि थियो तर नगन्य रूपमा हुने गर्थ्यो। भ्रष्टाचारको प्रभाव राष्ट्रिय उन्नतिमा बाधक भएर खडा हुँदैनथ्यो। भ्रष्टाचारले आजको जस्तो अस्थिर राजनीतिको रचना गर्न सक्तैनथ्यो। लाज र सरमलाई नै छोडेर वर्तमानमा भएजस्तो नग्नताको खुला प्रदर्शन हुँदैनथ्यो। घुस्याहा भनाउन कोही पनि चाहँदैनथे। किनभने तिनीहरूमा लाज र सरम भन्ने वस्तु विद्यमान थिए। तर आजका सबै सत्तासीनहरू इमानदारी र नैतिकताबाट वञ्चित भएका छन् र ठाडो राष्ट्रिय धनको लूट मच्चाउन व्यस्त छन्।

विश्वको परिप्रेक्ष्यमा विचार गर्दा यस्तो भ्रष्टाचारले उग्र रूप लिने काम प्रथम विश्वयुद्धपश्चात् मात्र भएको अनुमान गर्न सकिन्छ भने हाम्रो जस्तो भौतिक विकासको नाम नै नसुनेका र थाहा नपाएका मुलुकमा भने दोस्रो विश्वयुद्धपश्चात् मात्र भ्रष्टाचार सुरु भएको देखिन्छ। ती दुवै विनाशकारी युद्धपछि विश्वको राजनीतिक रङ्गमञ्चमा दुई महाशक्तिहरू देखा परे। साम्राज्यवादी र साम्यवादीको बीच घोर घमासान युद्ध छेडियो। बीसौं शताब्दीको सुरु नै विश्वतनावका वर्षहरू साबित भए। साना तथा गरिब राष्ट्रहरूलाई आ□नो ढाल बनाई राजनीतिक फाइदा हासिल गर्न एक थरी लागे भने अर्को थरी गरिब मुलुकको सामाजिक संरचना नै भत्काई मानवीय मूल्य र मान्यताको उपहास गर्न थाले। धनी र बलियाहरूले यस्तै सत्ताको अवसर छोप्ने खेल सुरु गरे भने केही गरिब मुलुकमा पनि धनी राजनेताहरू पैदा हुन थाले। मुलुक चलाउने जिम्मा पाएका राजनेतालाई नै भ्रष्ट बनाइदिएपछि आ□नो स्वार्थ सजिलै पूरा गर्दै शक्तिसम्पन्न राष्ट्र झन् सम्पन्न हुँदै गए भने गरिब राष्ट्र झन्-झन् गरिब हुँदै उनीहरूकै आशामुखी भएर बाँच्न बाध्य भए। सत्ताको दुरुपयोग र राष्ट्रिय धनको शोषणद्वारा मुट्ठीभर व्यक्तिहरू राज्यसत्ता कब्जा गर्न समर्थ भए। यो घिनलाग्दो खेललाई प्रजातान्त्रिक अभ्यास गरेको भन्ने दलिल पेस गर्न थालियो।

निमुखा र गरिब जनता पनि सत्तासीन व्यक्तिहरूले अर्थ-सङ्कलन गर्न पाउनुपर्छ र ती अन्य साधारण जनताभन्दा बेग्लै वर्ग हुन् तथा समाजमा उनीहरूको भिन्नै अस्तित्व कायम हुनुपर्दछ भन्ने मनस्थितिको सिकारमा परे। यही सोचाइले गर्दा पद र अधिकारमा पुगेका व्यक्तिहरूले आ□नो नैतिकता र इमानदारीलाई बन्धक राखी आफू सम्पन्न हुन जुनसुकै हथकन्डा अपनाएर पनि धन-सङ्कलन गर्ने कार्यमा व्यस्त हुन पुगे। त्यसैले विकासोन्मुख मुलुकहरूमा सत्ताको नजिक सीमित वर्ग वा निश्चित परिवार मात्र पुग्न सफल भएका छन्। वास्तविकतामा तिनीहरू नै भ्रष्टाचारका मूल नायक हुन्। पानीको प्रकृति हुन्छ माथिबाट तल झर्नु। त्यस्तै, भ्रष्टाचार पनि माथि सुरु नभई तल देखा नै पर्दैन। पानीको मूल नै विषाक्त भएपछि स्वच्छ पानीको आशा राख्नु मूर्खता हो।

हरेक सरकारमा आउने नयाँ प्रधानमन्त्रीले भ्रष्टाचार बढेको र त्यसको नियन्त्रणका लागि कडाभन्दा कडा कार्ययोजना बनाउने नारा दिएर आउँछन् तर यो नारामा मात्र सीमित हुने गर्छ। २०४७ सालपछि विभिन्न पार्टीका प्रधानमन्त्रीले काम

गर्ने मौका पाए। तर यो १२ वर्षको अवधिमा भ्रष्टाचारको प्रक्रिया र रूप भने एक रत्ति पनि बदलिएन। अहिले पनि प्रधानमन्त्री शेरबहादुर देउवा पहिलोमा माओवादी समस्या समाधान र दोस्रोमा भ्रष्टाचार-नियन्त्रणको नारा लिएर आएका छन्। तर कुखुरा र फुलको अस्तित्व पहिल्याउन नसकेजस्तै प्रधानमन्त्री देउवा पनि कुहिरोमा अल्मलिन पुग्नेछन्।

भ्रष्टाचार संस्थागत रूपमा झाङ्गिएर सर्वत्र यसको जरा फैलिएको अवस्थामा नैतिकता, संवैधानिकता वा वैधानिक जिम्मेवारी र नीतिगत मूल्यको कुरा उठाउनु व्यर्थ हुनेछ। यसको जरा अब सानोतिनो बल प्रयोग गरेर वा कुनै हतियार प्रयोग गरेर उखेल्न सकिने अवस्था देखिँदैन। यसको समाप्ति भनेको मुलुकमा एउटा आमूल परिवर्तनको खाँचो महसुस भएको छ। त्यसैले यसबारेमा सबै बुद्धिजीवी, चिन्तक, पत्रकार र राष्ट्रवादी समूहले बोल्ने, लेख्ने वा औँल्याउने कार्यलाई निरन्तरता दिइरहनुपर्छ र यसको खुलेर विरोध गर्ने वातावरण तयार हुनुपर्छ। आज नभए भोलि यो सङ्क्रामक रोगको निदान गर्न सक्ने एउटा युगपुरुषको खाँचो छ। यो मुलुकमा पक्कै पनि त्यस्तो युगपुरुषको जन्म हुनेछ। त्यो युगपुरुष माओवादीले जन्म दिन्छ वा प्रजातन्त्रवादीले उभ्याउँछ, त्यो भविष्यको गर्भमा भए पनि यस देशका आमनागरिक भने त्यसैको प्रतीक्षामा बसेका छन्।

**नेपाल समाचारपत्र, २०५८ भदौ १ गते शुक्रबार**

**भरत जङ्गम – 'पचास प्रसङ्ग' बाट**

## नैतिक मूल्यको स्थापना आवश्यक

नहुनुपर्ने कुरा भएपछि र गर्न नहुने कुरा गरेपछि 'विपरीत' देखिन्छ, त्यति खेर 'उल्का' भनिन्छ। कुनै पनि योग्य सरकारको दायित्व समाजमा नैतिक मूल्यको ह्रास हुन नदिई स्वच्छ र विश्वसनीय शासन चलाउनु हो। यसै सन्दर्भमा बी० पी० कोइरालाले यो लेखकलाई आजभन्दा एघार वर्षअघि एउटा पत्र पठाउँदै उल्लेख गरेका थिए – 'मेरो राजनीतिक जीवनको उद्देश्य देशमा पुनः नैतिक मूल्यको स्थापना गर्नु हो।' यो भनाइले के जनाउँछ भने त्यसताका देशमा नैतिक मूल्यको ह्रास रहेछ। उनको उद्देश्य नैतिक मूल्यको स्थापना गर्नु रहेको थियो। तत्कालीन शासन-व्यवस्था यही कारणले जनताको विश्वासको विपरीत प्रमाणित हुँदै गयो।

**– चारखालमा चौकादाउ**



**सन्दर्भ : सरकारको हैसियतले गरिएको आर्थिक भ्रष्टाचार**

# राज्यकोषबाट दोहोरो सुविधा लिनु अपराध

समाजमा अपराधले विभिन्न किसिम र रूप धारण गरेका हुन्छन् तथा अपराधलाई नियन्त्रण गर्न पनि समाजमा विभिन्न किसिमका उपाय व्यवस्थित भएका हुन्छन्। मुख्यतः यसको नियन्त्रणको जिम्मा राज्यले लिएको हुन्छ। त्यसैले राज्यका महत्त्वपूर्ण संयन्त्र नै यसको नियन्त्रणका कार्यमा कार्यरत भएका हुन्छन्। जति समाज फैलिएको हुन्छ अर्थात् विकसित भएको हुन्छ, अपराधका किसिमहरू पनि त्यत्तिकै बढ्दै गएका हुन्छन्। कतिपय अपराध कानुनले नियन्त्रण गर्न सक्छ त कतिपय कानुनको नजरभन्दा बाहिर हुन्छ। कुनै कुरा कानुनले स्पष्ट समात्न सकेन भन्दैमा त्यो अपराध होइन भन्न मिल्दैन।

उदाहरणका लागि हामी लिन सक्छौँ – एक लाख रुपियाँ चोर्ने पाकेटमारालाई प्रहरीले समाएर कानुनबमोजिम दण्ड-जरिवानाका लागि अदालतमा प्रस्तुत गर्न सक्तैन, जति एक हजार वा सोबराबरको धनमाल चोरी गर्ने चोरलाई कानुनअनुसार कारवाही अगाडि बढाउन सक्छ। तर त्यसो हुँदैमा पाकेटमारा अपराधी होइन भन्न मिल्दैन। धेरै त्यस्ता अपराधहरू समाजमा उब्जिएका हुन्छन् जसमा कानुनको हात पुगेको हुँदैन। तर सचेत नागरिकले त्यसलाई औँल्याउनुपर्छ र त्यसको नियन्त्रणको आवाज उठाउने बानी बसाल्नुपर्छ। त्यसपछि मात्र राज्यले कानुन बनाउन बाध्य हुन्छ र बनाउँछ।

यहाँ केही हप्ताअघिदेखि उच्च पदाधिकारीले लिएको दोहोरो सुविधाका बारेमा विवाद उत्पन्न भएको छ। सरकारी मन्त्रालयअन्तर्गतका निकाय, आयोग तथा संवैधानिक अङ्गहरूमा कार्यरत पुनः नियुक्ति पाएका केही उच्च पदाधिकारीहरूले निवृत्तिभरण र तलब-भत्ताको दोहोरो रकम बुझ्ने गरेका छन्। साथै सरकारले पनि त्यस्ता पदाधिकारीहरूलाई दोहोरो पेन्सन र तलब-भत्ता दिँदै आएको छ। सरकारी सेवाबाट निवृत्त भई पेन्सन खाइरहेका भूतपूर्व कर्मचारीलाई राज्यले निज स्वस्थ र कार्य गर्न सक्षम सम्झी निजलाई राज्यकोषबाट तलब, भत्ता र अन्य सुविधा उपभोग

गर्न पाउने गरी राज्यकै कुनै पदमा पुनः नियुक्ति दिई कार्य गराउँछ भने निजले निवृत्त हुँदै खाइपाइआएको निवृत्तिभरण र वर्तमानको तलब र भत्ता दुवै खानु हुन्छ वा हुँदैन र राज्यकोषबाट एउटै व्यक्तिले दोहोरो सुविधा उपभोग गर्नु अपराध हो वा होइन आदि विवाद हाम्रो सामु खडा छ ।

हालै प्रकाशित एक समाचारमा भनिएको छ – निजामती सेवाबाट अवकाश भई संवैधानिक पदमा नियुक्त तीन अधिकारीले आफूले उपभोग गर्दै आएको पेन्सन पदमा बहाल रहुन्जेल रोक्का राख्न कौसी तोसाखाना कार्यालयलाई पत्र पठाएका छन् । ती पत्र पठाई पेन्सन रोक्का गर्ने पदाधिकारीहरू हुन् अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त सूर्यनाथ उपाध्याय, सर्वोच्च अदालतका न्यायाधीश गोपालप्रसाद खत्री र नेपाल राष्ट्र बैङ्कका गभर्नर दीपेन्द्रपुरुष ढकाल । यी प्रत्येक पदाधिकारीले वार्षिक करिब १ लाख रुपियाँ पेन्सन छाडेका छन् । ती पदाधिकारीले यो रकम अपराधबोध गरेर छाडेका हुन् वा राज्यकोषमाथि दया प्रकट गरेका हुन्, यो प्रश्न पनि उत्तिकै महत्त्वपूर्ण रूपमा हाम्रा सामु आएको छ ।

राज्यकोषबाट एकै व्यक्तिले दोहोरो महिनावारी खानु हुन्छ कि हुँदैन भन्नेबारेमा हालको कानुन मौन रहेको छ । तर यहाँ कानुनको मौनता हुनेबित्तिकै राज्यकोषको रकम एउटै व्यक्तिका लागि भरणपोषणका लागि दोहोरो खर्च लेखिएको छ र एक व्यक्तिको भरणपोषणका लागि राज्यकोषबाट दोहोरो रकम प्राप्त गर्ने गरिएको छ, जो पूर्ण रूपमा अवैध छ र नैतिकताका दृष्टिले पनि अमान्य छ ।

मुलुकको सेवामा कार्यरत राष्ट्रसेवक आ□नो कार्यबाट निवृत्त भएपछि निवृत्तिभरण दिन ऐनको व्यवस्था छ । साथै, राज्यको जिम्मेवार पदमा आसीन व्यक्तिले तलबभत्ता र अन्य सुविधा पाउने पनि ऐनले नै व्यवस्था गरेको छ । यसरी भिन्नाभिन्नै अवस्थामा भिन्नाभिन्नै ऐनको व्यवस्था भएको छ भन्दैमा एकै व्यक्तिलाई दुवै पृथक् अवस्थाका लागि व्यवस्था भएको रकम दोहोरो दिनु र दिलाउनु भन्ने प्रचलित ऐनको मक्सद होइन भन्ने कुरालाई सरकारमा बस्ने जिम्मेवार व्यक्तिहरूले बुझ्नु सक्नुपर्छ ।

वृत्ति टुटेका अवस्थामा भरणपोषणका लागि राज्यले प्रदान गरेको महिनावारी ( निवृत्तिभरण) वृत्तिमा संलग्न भई राज्यकोषबाट नै महिनावारी (तलब, भत्ता र अन्य सुविधा) लिन थालेपछि निवृत्तिभरणको महिनावारी स्वतः रोकिनुपर्छ । यो आर्थिक नीति हो । राज्यको जङ्गी वा निजामती जुनसुकै सेवामा कार्यरत भएको व्यक्ति होस्, कार्यनिवृत्त भएपछि पनि राज्यले चाहेका बखत निजलाई सोही पद वा त्यसभन्दा महत्त्वपूर्ण पदमा पुनः नियुक्त गरी जिम्मेवारी सुम्पन सक्छ र त्यस्तो निवृत्त कर्मचारीले राज्यले सुम्पेको जिम्मेवारीलाई शिरोधार्य गर्नुपर्छ । यसरी नयाँ पदमा कार्यरत हुँदा राज्यले निवृत्तिभरणलाई रोकेको हुन्छ र जिम्मेवारी दिएमुताबिकको तलब, पारिश्रमिक र अन्य सुविधा प्रदान गरेको हुन्छ । यो सर्वमान्य नियमलाई हाल सरकारले बेवास्ता गरी अपराधलाई वैधानिकता प्रदान गरेको छ ।



राज्य एक कानुनी व्यक्ति भएको हुँदा कानुनले गर्नु भनेर स्पष्ट लेखिएकोमा बाहेक राज्यकोषबाट एक रुपियाँ पनि बढी खर्च लेख्न सरकारलाई कानुनले छुट दिएको छैन । कार्यबाट निवृत्त कुनै सरकारी पदाधिकारीलाई पुनः निश्चित काल र कामको जिम्मेवारी सुम्पँदा पुरानो काम गरेबापतको निवृत्तिभरण र वर्तमानको तोकिएको तलब दुवै लिन र दिन मिल्छ भन्ने किटानसाथ कानुनले निर्देशित गरेकोमा बाहेक त्यस्ता व्यक्तिलाई सरकारले राज्यकोषमा खर्च लेखी दोहोरो रकम दिन मिल्दैन । दिनै नमिल्ने रकम दिएर राज्यले अपराधलाई बढावा दिएको छ ।

त्यसैले राज्यकोषबाट दोहोरो रकम एकै व्यक्तिले बुझिलिनु अपराध हो र भ्रष्टाचार हो । यो तथ्यलाई हृदयङ्गम गरी त्यसरी दोहोरो रकम प्राप्त गरिरहेका व्यक्तिहरूले एक रकम छाड्दा राज्य र राज्यकोषको बढोत्तरी हुनेछ । उच्च ओहदामा पुगिसकेका एक जिम्मेवार तथा प्रबुद्ध नागरिक भएका कारणले पनि नैतिकता र राज्यप्रतिको आ□नो दायित्व बुझेर यस अपराधबाट मुक्ति लिनु वेश हुनेछ ।

**कान्तिपुर दैनिक, २०५७ माघ ९ गते सोमबार**

**भरत जङ्गम – 'पचास प्रसङ्ग' बाट**

## मन्त्रिपद परिवर्तनको असर

मन्त्रिपद स्वचालित मेसिन होइन । जोसुकै र जस्तोसुकै मान्छेलाई पदासीन गराउन सकिन्छ भन्नु पनि ठीक होइन । प्रशासनलाई ठीक हाँक्न सक्ने कुशल चालक बन्न समय लाग्छ । यस्तो चालकलाई कुशलता प्रदान गर्न राज्यले ठूलो लगानी गर्नुपर्ने हुन्छ । त्यसैले मन्त्रिपदको परिवर्तनले सरकारमा अस्थिरता कायम हुन्छ र राष्ट्रविकासको गति अगाडि बढ्नुको सट्टा पछाडि हटिरहेको हुन्छ ।

**– अप्रजातान्त्रिक प्रक्रिया वा प्रजातन्त्र**

# प्रसङ्ग भ्रष्टाचारको : बिक्री सरकारी उद्योगको

भ्रष्टाचार बढ्यो – आज सबैको चिन्ताको विषय एउटै छ । यसरी बढ्यो कि सडक र सदन दुवै अवरुद्ध भइसकेका छन् । राजनीतिमा संलग्न आलाकाँचा कार्यकर्तादेखि पाका भनाउँदा उच्च नेतृत्वतहमा बसेका व्यक्तिहरू पनि यसबाट अछुत हुन सकेका छैनन् । सबै क्षेत्रलाई गाँजेर सम्पूर्णलाई रोगग्रस्त तुल्याइसक्यो । अब यो रोगबाट मुक्तिका लागि विशेष उपचारविधिको खाँचो छ । समयमै यसको निराकरणको उपाय पहिल्याउन सकेनौं भने या यसका बारेमा गम्भीरतापूर्वक सोच गरेर ठोस निर्णय लिन सकेनौं भने यसले हामीलाई अपाङ्ग मात्र बनाएर छाड्ने होइन, मृत्युमा नै परिणत गरिदिन सक्छ । भ्रष्टाचारलाई सरल रूपले हेर्ने वा यसको दूरगामी प्रभावलाई बेवास्ता गरी पन्छाउन कुनै हालतमा पनि मिल्ने अवस्था छैन । हिजोसम्म मामुली र सानो रोग मानिएको यो भ्रष्टाचार आज सङ्क्रामक रोगकै रूपमा देखा पर्न थालेको छ ।

हाल केही वर्षयता आएर त्यसभन्दा कडा सङ्क्रामक रोगकै रूपमा मानसिक विकृतिको रोग भ्रष्टाचारले गरिब एवं विकासोन्मुख सबैजसो मुलुकलाई ढपक्क ढाकिसक्यो । यो नयाँ रोगको उपचारविधि के हो ? कसरी निदान गर्ने ? यी प्रश्नहरू उत्तररहित भएर बसेका छन् । भ्रष्टाचार-समाधानको उपायको खोजी कार्यमा कसैको ध्यान गएको छैन । यो कार्यको मूल जिम्मा सरकार चलाउनेले लिनुपर्छ । तर तिनीहरू नै समयको कमजोरीबाट विधिमिलान गरी लुट्न व्यस्त छन् ।

पहिले-पहिले भ्रष्टाचार थिएन भन्न खोजिएको होइन, भ्रष्टाचार पहिले पनि थियो । तर अहिलेको जस्तो मुलुकको सम्पत्तिका रूपमा रहेका उद्योग र सार्वजनिक सम्पत्ति ठाडै बिक्री-वितरण गरी कमिसन खाने काम हुँदैनथ्यो । भ्रष्टाचारले आजको जस्तो अस्थिर राजनीतिको रचना पनि गर्न सक्तैनथ्यो । लाज र सरमलाई नै छोडेर वर्तमानमा भएजस्तो नग्नताको खुला प्रदर्शन हुँदैनथ्यो । घुस्याहा भनाउन कोही पनि चाहँदैनथे किनभने तिनीहरूमा लाज र सरम भन्ने वस्तु विद्यमान थिए । तर आजका सबै सत्तासीनहरू इमानदारी र नैतिकताबाट वञ्चित भएका छन् ।

यसरी भ्रष्टाचारले उग्र रूप लिने काम दोस्रो महायुद्धपश्चात् मात्र भएको अनुमान गर्न सकिन्छ । विश्वराजनीतिक परिप्रेक्ष्यमा जब दुई महाशक्तिहरूले साना, गरिब एवं विकासोन्मुख राष्ट्रहरूलाई आफ्नो ढाल बनाई राजनीतिको आडमा अवसर छोप्ने खेल सुरु गरे, त्यहाँदेखि गरिब देशमा धनी राजनेताहरू पैदा हुन थाले । राजनीतिक नेतालाई नै भ्रष्ट बनाइदिएपछि आफ्नो स्वार्थ सजिलै पूरा गर्दै शक्तिसम्पन्न राष्ट्र झन् सम्पन्न हुँदै गए भने गरिब राष्ट्र झन् गरिब हुँदै उनीहरूको आशामुखी भएर बाँच्न बाध्य भए । सत्ताको दुरुपयोग र राष्ट्रिय धनको शोषणद्वारा



व्यक्तिहरूले राज्यसत्ता कब्जा गर्न समर्थ भए । यो घिनलाग्दो खेललाई प्रजातान्त्रिक अभ्यास गरेको दलिल पेस गर्न थालियो । निमुखा र गरिब जनता पनि सत्तासीन व्यक्तिहरूले अर्थसङ्कलन गर्न पाउनुपर्छ र ती अन्य साधारण जनताभन्दा बेग्लै वर्ग हुन् तथा समाजमा उनीहरूको भिन्नै मनस्थितिका सिकार हुन पुगे । यही सोचाइले गर्दा पद र अधिकारमा पुगेका व्यक्तिहरूले आफ्नो नैतिकता र इमानदारीलाई बन्धक राखी आफू सम्पन्न हुन जुनसुकै हथकन्डा अपनाएर पनि धनसङ्कलन गर्ने कार्यमा व्यस्त हुन पुगे । त्यसैले विकासोन्मुख मुलुकहरूमा सत्ताको नजिक पुग्नेमा सीमित वर्ग वा निश्चित परिवार मात्र सफल भएका छन् । वास्तविकतामा तिनीहरू नै भ्रष्टाचारका मूल नायक हुन् । पानीको प्रकृति हुन्छ माथिबाट तल झर्नु । त्यस्तै भ्रष्टाचार पनि माथि सुरु नभई तल देखा नै पर्दैन ।

पानीको मूल नै विषाक्त भएपछि स्वच्छ पानीको आशा राख्नु मूर्खता हो । हाम्रो मुलुकमा – १) राजस्व असुल गर्नुपर्ने भन्सारलाई नै तस्करीका लागि खुला गरी सीमाक्षेत्रलाई ठेक्कामा सञ्चालन गर्ने-गराउन गोप्य रूपमा बोलकबोल गराएर व्यक्तिगत वा पार्टीका लागि रकम असुल गर्ने कार्य हुन्छ, २) खुला आर्थिक नीति अवलम्बन गराउने नाउँमा मुलुकको सम्पत्तिलाई व्यक्तिलाई हस्तान्तरण गर्ने-गराउने कार्य हुन्छ, ३) कुनै पदमा नियुक्ति दिँदा लाखौं रुपियाँ लिने-दिने कार्य हुन्छ, र ४) सत्तापरिवर्तनका लागि सांसद भेडाबाख्रासरह खरिद-बिक्री भइदिन्छन् ।

हरेक सरकारमा आउने नयाँ प्रधानमन्त्रीले भ्रष्टाचार बढेको र त्यसको नियन्त्रणका लागि कडाभन्दा कडा कार्ययोजना बनाउने नारा दिएर आउँछन् । तर यो नारामा मात्र सीमित हुने गर्छ । २०४७ सालपछि ६ जना विभिन्न पार्टीका प्रधानमन्त्रीले काम गर्ने मौका पाए । तर यो १० वर्षको अवधिमा भ्रष्टाचार यसरी बढ्यो कि अब जनताले बहुदलीय व्यवस्थालाई परित्याग गर्न तयार हुनुपर्ने अवस्था सिर्जना भएको छ ।

हिजो भन्सारलाई पार्टीको आम्दानीको स्रोत बनाउँदा आज भन्सारमा चोरी-निकासी-पैठारी यति बढ्यो कि नियन्त्रणको कुनै पनि हथकन्डा काम नलाग्ने साबित भयो । अब भन्सारको तस्करी-नियन्त्रण गर्न शाही नेपाली सेना तैनाथ गर्नुपर्ने आवश्यकता सरकारले नै महसुस गरेको छ । भारतीय सीमाक्षेत्रका नाकाहरू र चीनको स्वशासित क्षेत्र तिब्बतका नाकाहरूबाट वर्षेनी अरबौं रुपियाँको माल बिनाभन्सार नेपालमा भित्रन्छ भन्ने कुराको ज्ञान सरकारलाई अहिले मात्र भयो । सीमाक्षेत्रका भन्सारनाकाहरू यसरी बिग्रिएका छन् कि सरकारले चोरी-पैठारी रोक्न सक्ने अवस्था नै देखिँदैन । यो सबै सत्तासीनहरूले बिथोलेको परिपाटीले उब्जाएको समस्या हो ।

त्यस्तै, पार्टीलाई रकम सङ्कलन गर्न आर्थिक उदारीकरणको नारा दिएर सरकारको स्वामित्वमा राम्ररी सञ्चालन भएका उद्योगहरूलाई बिक्री-वितरणमा राखियो । केही बिक्री भए, तर सरकारको कोषमा भने अत्यन्त कम रकम प्राप्त भयो । चीन सरकारले नेपाली जनतालाई काम गरेर खान दिएका उद्योगहरूमध्ये भृकुटी कागज कारखाना, हरिसिद्धि इँटा कारखाना र छालाजुत्ता कारखाना नगन्य मूल्य

दिई सरकारले बिक्री गरेर आर्थिक उदारीकरणको नमुना पेस गरेको थियो। छालाजुत्ता कारखानाका मेसिन-औजार हाल भारतमा पुगेर चलिरहेका छन् भने नेपालकै भूभागमा कागज कारखाना चले पनि सबै भारतीय कामदारहरूले काम पाएका छन्।

यसरी पत्रुका भाउमा सरकारको सम्पत्ति बिक्री गरेर कमिसन खान पल्केका राजनीतिक नेताहरूले नयाँ नारा बुलन्द गरेका छन्। सरकारले उद्योग वा व्यापार गर्नु हुँदैन भन्ने सामान्य ज्ञान पनि नभएका व्यक्तिहरू राजनीतिक पार्टीको माध्यमद्वारा सत्तामा हावी भएका छन्। पञ्चायतकालमा राम्ररी सञ्चालन भई हजारौं व्यक्तिले काम पाएका उद्योगहरू धमाधम बन्द हुन थालेका छन्। हाल हेटौंडा कपडा उद्योग बन्द भयो। बन्द गर्दा पूँजी राज्यकोषको खर्च हुन्छ। त्यसभन्दा पनि कम भाउमा उद्योग हस्तान्तरण गर्ने योजना बनाइएको छ र निकट भविष्यमा कारखाना बेचिँदैछ।

हुन त भ्रष्टाचार संस्थागत रूपमा फाङ्गिएर सर्वत्र यसको जरा फैलिएको अवस्थामा नैतिकता, संवैधानिक वा वैधानिक जिम्मेवारी, पदीय दायित्व र नीतिगत मूल्यको कुरा उठाउनु व्यर्थ हुनेछ, तैपनि चुप लागेर बस्ता त्यस्ता भ्रष्टाचारी समूहलाई बल पुग्न जाने हुन्छ।

त्यसैले यसबारेमा सबै बुद्धिजीवी, चिन्तक, पत्रकार र राष्ट्रवादी समूहले बोल्ने, लेख्ने वा औँल्याउने कार्यलाई निरन्तरता दिइरहनुपर्छ र यसको खुलेर विरोध गर्ने वातावरण तयार हुनुपर्छ। आज नभए भोलि यो सङ्क्रामक रोगको निदान गर्न सक्ने युगपुरुषको पक्कै जन्म हुनेछ, यही आशामा बाँच्नुपरेको छ।

**कान्तिपुर दैनिक, २०५७ चैत ६ गते सोमबार**

**भरत जङ्गम – 'पचास प्रसङ्ग' बाट**

## भाषण सुनेर मात्रै मान्छे बाँच्तैन

प्रजातन्त्रको भाषण सुनेर मान्छे बाँच्न सक्तैन। यो सत्यलाई सबै कार्यकर्ता, नेता र सत्तामा पुगेकाहरूले बिर्सनु र भुल्नु भएन। प्रजातान्त्रिक समाजवादको सिद्धान्त व्यवहारमा उतार्नुपर्ने दलका नेताहरू सबैले आ□नो जिम्मेवारी भुलेजस्तो लागेको छ, सबै बाँडचुँडमा व्यस्त भएजस्तो लाग्छ।

**– दर्पण सत्तारूढका लागि : यथार्थ जनताका लागि**



# सांसदहरूले माग गरेको विकासकोष रकम गैरकानुनी

राष्ट्रिय सभाका सांसदहरूको एक प्रतिनिधिमण्डलले यही पुस १५ गते प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दसँग भेटेर निर्वाचनक्षेत्र विकासकोषको रकम प्रत्येक सांसदले दस लाखका दरले पाउनुपर्ने माग प्रस्तुत गऱ्यो। प्रधानमन्त्री चन्दले पनि प्रतिनिधिमण्डललाई मुलुक आर्थिक सङ्कटमा भए पनि निर्वाचनक्षेत्र विकासकोष रकम दिने आश्वासन दिनुभयो भन्ने खबर सार्वजनिक भयो। यति खेर प्रतिनिधिसभा छैन र राष्ट्रिय सभाको बैठक बसेको छैन। तर माननीय सांसद महोदयहरूले भने निर्वाचनक्षेत्र विकासकोषको रकम माग गर्नुभएको छ र सरकारले दिन लागेको छ भन्ने खबरले बुद्धिजीवीहरू आश्चर्यचकित परेका छन्। निर्वाचनक्षेत्र विकासकोष कार्यान्वयन निर्देशिका बनाएर सांसदहरूले निर्वाचनक्षेत्र विकासकोष २०५२ सालदेखि खर्च गर्दै आएका थिए। सो कोष गैरकानुनी ठहर गर्दै सर्वोच्च अदालतले २०५८ साल असोज ११ गते ऐन बनाएर मात्र खर्च गर्नुपर्ने निर्देशनात्मक आदेश जारी गरेपछि यो २०५८-५९ को बजेटमा यो कोषका लागि रकम व्यवस्था गरिएको थिएन। तर प्रधानमन्त्री चन्दलाई वास्तविकताको जानकारी नभएको हो वा जानकारी भएर पनि राजनीतिक बोली (भ्रूट) बोल्नुपर्ने बाध्यात्मक परिस्थितिको कारणले हो, राष्ट्रिय सभाका सांसदहरूलाई दस लाखका दरले राज्यकोषको रकम दिने आश्वासन दिनुभएको छ। कसरी दिने हो, कसैलाई थाहा छैन, किनभने यो सालको बजेटमा त्यो रकम निकासा भएको छैन। सो कोषको खर्चलाई वैधता दिने ऐन पनि बनेको छैन।

नेपाल अधिराज्यको भूभागलाई जम्मा २०५ निर्वाचनक्षेत्रमा विभाजन गरिएको छ। ती निर्वाचनक्षेत्रबाट निर्वाचित जनप्रतिनिधिहरू प्रतिनिधिसभाका सांसद हुने व्यवस्था छ र ती निर्वाचनक्षेत्रको विकास गर्नका लागि निर्वाचनक्षेत्र विकासकोषको व्यवस्था भएको थियो। वास्तवमा निर्वाचनक्षेत्र विकासकोषको नाउँले नै प्रमाणित गर्छ कि सो विकासकोषको रकम निर्वाचनक्षेत्रभित्रका भौतिक विकासको लागि मात्र खर्चिनुपर्छ। तर अहिले निर्वाचनक्षेत्र नै नभएका राष्ट्रिय सभाका सांसदहरूले निर्वाचनक्षेत्र विकासकोष खर्च गर्नुपर्ने माग गरेका छन् र प्रधानमन्त्री चन्दले दिने आश्वासन दिनुभएको छ।

२०५२ सालमा शेरबहादुर देउवा प्रधानमन्त्री भएको संयुक्त सरकारको समयमा सुरु भएको निर्वाचनक्षेत्र विकासकोषको रकम यो वर्ष शेरबहादुर देउवा प्रधानमन्त्री भएको बेलामा अर्थमन्त्रीको हैसियतले २०५९ साल असार २४ गते जारी गरेको बजेट-अध्यादेशबाट हटाइएको छ। यो कोषलाई शेरबहादुर देउवाले खुसीले हटाएका होइनन्। नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८३ मा ऐनद्वारा विनियोजित एक शीर्षकबाट अर्को शीर्षकमा रकम सार्ने कुरा र अरू आर्थिक

कार्यविधिसम्बन्धी कुरा ऐनद्वारा व्यवस्थित हुनेछ भनिएको छ । यसअनुसार कुनै पनि नीतिगत विषयको चयन र आर्थिक कार्यविधि ऐनद्वारा मात्र व्यवस्थित गरिनुपर्ने स्पष्ट छ । कुनै निर्देशिका र नियमावलीले कोषको रकम खर्च गर्दा गैरकानुनी हुने हुँदा निर्वाचनक्षेत्र विकासकोष ऐन बनाएर मात्र लागू गर्नुपर्ने बाध्यात्मक व्यवस्था भएको कारणले गर्दा यो रोकिन गएको हो ।

संसद्‌सदस्य भन्नाले प्रतिनिधिसभाका लागि जनताद्वारा हाल निश्चित भएको २०५ निर्वाचनक्षेत्रबाट निर्वाचित व्यक्तिहरू र राष्ट्रिय सभाका लागि संविधानको धारा ४६ को प्रक्रियाबमोजिम मनोनीत र निर्वाचित व्यक्तिहरूलाई जनाउँछ । दुवै सदनका सदस्यलाई सांसद भनिन्छ । निर्वाचनक्षेत्र भन्नाले प्रतिनिधिसभाका लागि जनताद्वारा प्रत्यक्ष बालिग मताधिकारका आधारमा आ□नो प्रतिनिधि निर्वाचन गर्ने निश्चित सीमाक्षेत्रलाई जनाउँछ । प्रतिनिधिसभामा निर्वाचित सांसदको निर्वाचनक्षेत्र विकासका लागि छुट्याइएको रकमलाई निर्वाचनक्षेत्र विकासकोष भनिन्छ । निर्वाचनक्षेत्र विकासकोषको रकम त्यस क्षेत्रभित्र मात्र विकासका लागि खर्च गरिनुपर्छ, जुन निर्वाचनक्षेत्रको सीमा किटान भएको क्षेत्र होस् । तर विगतका शासकहरूले त्यस रकमलाई सांसदहरूको व्यक्तिगत चुनावी खर्चका रूपमा धारण गरी राज्यकोषको रकम मनपर्दो ढङ्गबाट खर्च गर्दै आएका थिए ।

निर्वाचनक्षेत्र विकासकोष लागू भएदेखि महालेखा परीक्षकको प्रतिवेदनमा हरेक वर्ष भनिएको छ – यस कोषले बेरुजु मात्र बढाएको देखाएको छैन, निर्वाचनक्षेत्र विकास-कार्यक्रमको रकम हिनामिना र मनपर्दो प्रयोग भएको छ, सांसदहरूले यो कोषको रकमलाई सांसद हैसियतले पाउने तलबभत्ताजस्तो सांसदहरूलाई छुट्याएको विशेष रकम सम्झी मनोमानी हिसाबले लेखा नै नराखी खर्च गर्ने गरेको पाइएको छ । प्रतिवेदनमा दिइएको विवरणमा निर्वाचनक्षेत्र विकासकोषको रकमलाई विकासकार्यमा खर्च नगरी सहकारी संस्थालाई रिभल्बिङ खाता खोल्ने, सांसदहरूले बैङ्कमा व्यक्तिगत खाता खोली रकम राख्ने, कार्यकर्तालाई रकम बाँड्ने, विद्यार्थी छात्रवृत्तिकोषलाई रकम दिने, स्काउट दिवस मनाउन आर्थिक सहायता दिने, राजनीतिक दलको भवन र फर्निचर खरिद गर्नेजस्ता कार्यमा बढी खर्च भएको छ भनी लेखिएको छ ।

मुलुकका सबै निर्वाचनक्षेत्रका सांसदहरूले आ□नो राजनीतिक प्रभाव बढाउन र राज्यकोषको रकम आफूखुसी खर्च गर्न निर्वाचनक्षेत्र विकासकोषको स्थापना गरेका थिए । जिल्ला विकास समितिको समानान्तर रूपमा खडा भएको सो निर्वाचनक्षेत्र विकासकोष सुरुदेखि नै विवादास्पद रह्यो । विगतका अनुभवमा यो कोष विकासका लागि नभई सांसदहरूको राजनीतिक स्वार्थसिद्ध गर्ने र दलीय प्रभाव बढाउने कार्यमा प्रयोग भएको देखियो । संसदीय व्यवस्थामा सांसदले जे गरे पनि छूट हुन्छ भन्ने नारा फैलाई व्यक्तिगत रूपमा विकासकार्य गर्न राज्यकोषको रकम हरेक वर्ष विनियोजन गराई सत्तासीन सांसदहरूले मनपर्दो किसिमबाट खर्च गर्दै आएका थिए । त्यसैले पनि यो कोषको सही उपयोग हुन नसकेको प्रस्ट देखियो ।



प्रतिनिधिसभा र राष्ट्रिय सभाका सदस्यहरू सांसद हुन् र यी पूर्ण राजनीतिक व्यक्ति हुन् । कुनै क्षेत्रको विकास र जिल्लाको विकास गर्ने विकास-कार्यकर्ता होइनन् । इलाका, गाउँ, क्षेत्र र जिल्लाको विकास गर्ने विकास-कार्यकर्ता मुलुकमा हजारौँको सङ्ख्यामा निर्वाचित भएर विकासकार्यमा संलग्न भएका छन् । त्यसैले मुलुकभरिका जिल्लामा जिल्ला विकास पदाधिकारी र गाउँ-गाउँमा गाउँ विकास पदाधिकारी भएको हुँदा यी संसद्‌सदस्यहरूलाई अरू कुनै पनि प्रचलित ऐनद्वारा विकासकार्य गर्नुपर्ने अनिवार्य जिम्मा दिइएको छैन । निर्वाचनक्षेत्र विकास-कार्यक्रम र जिल्ला विकास-कार्यक्रम भनी प्रत्येक आर्थिक वर्षमा भिन्नाभिन्नै शीर्षकअन्तर्गत बजेट व्यवस्था गरी संसद्‌सदस्यजस्तो गरिमामय पदलाई विकास-कार्यकर्ताजस्तो निर्वाचनक्षेत्र विकास गर्नका लागि तोक्नु, तोकिनु र तोक्ने व्यवस्था गर्नु ठीक थिएन । त्यसैले यसको खारेजीका लागि अदालतबाट आदेश आवश्यक थियो र भयो ।

कूल ६० सदस्य रहने राष्ट्रिय सभामा ४५ जना प्रतिनिधिसभाका सदस्यले मनोनयन गर्ने, ५ जना क्षेत्रीय आधारमा र १० जना श्री ५ बाट मनोनयन हुने हुँदा राष्ट्रिय सभाका सांसदहरूको कुनै खास निर्वाचनक्षेत्र तोकिएको नहुने कुरा पनि प्रस्टै छ । निर्वाचनक्षेत्र भएकाले मात्र विकासको रकम खर्च गर्न पाउने व्यवस्थालाई गलत अर्थ लगाई राज्यकोषको रकम लुट्न सिपालु विगतका सांसदजस्तै अहिले पनि राष्ट्रिय सभाका सांसदहरूले प्रतिसांसद रु. १० लाखका दरले निर्वाचनक्षेत्र विकासकोषको रकम निकासाका लागि माग गर्नु अत्यन्तै लाजमर्दो र गैरकानुनी कार्य हो ।

सांसदजस्तो गरिमामय पदमा बसेका जिम्मेवार व्यक्तिहरूले गलत ढङ्गले उक्त रकममा दावा गरेका छन् । संसद् चलेको समयमा रु. २० करोड तलबभत्तामा मात्र खर्च हुने थियो । अहिले संसद् पनि नचलेको अवस्थामा रु. ६ करोड मात्र निकासा भए सांसदहरूले विकासकोषको रकम प्राप्त गर्न सक्ने थिए भनेर प्रधानमन्त्री चन्दलाई दबाब दिइरहेका छन् । राष्ट्रिय सभाका सांसदहरूले मात्र पाउने गरी यही हप्तामा आउने बजेट-अध्यादेशमा उक्त ६ करोड रुपियाँ निर्वाचन विकासकोषका लागि निकासा होस् भनी माग गर्न सांसदहरूले लाज मानेका छैनन् । माग गर्ने राष्ट्रिय सभाका सांसद र निकासा दिने मन्त्रिपरिषद्‌का सदस्य दुवै थरीले वास्तविकताको जानकारी पाएजस्तो लागेन । यो निर्वाचनक्षेत्र विकासकोष भनेको निर्वाचनक्षेत्रभित्र विकासका लागि खर्च गर्नुपर्ने विकासे रकम हो र अदालतको आदेशअनुसार यो खर्च तब मात्र वैध हुन्छ, जब विधिवत निर्वाचनक्षेत्र विकासकोष कार्यान्वयन ऐनको व्यवस्था हुन्छ, अन्यथा यो रकमको निकासाले कानुनी मान्यता प्राप्त गर्न सक्तैन ।

**नेपाल समाचारपत्र, २०५९ पुस २१ गते आइतबार**

# सम्पत्तिको बिक्री मात्र समस्याको समाधान होइन

यो प्रजातान्त्रिक युगमा अर्थतन्त्रमा उदारीकरणको नीतिलाई अवलम्बन गरेमा मात्र द्रुत गतिमा मुलुकको विकास हुन सक्छ भन्ने सिद्धान्तका आधारमा विश्वका विकसित मुलुकहरू अर्थात् अमेरिका र युरोपका धेरै मुलुकहरूले आर्थिक उदारीकरण र खुला बजारनीतिलाई लागू गरेका छन् र त्यसै नीतिअन्तर्गत ती मुलुकहरूको आर्थिक विकास चरम चुलीमा पुगेको छ। ती सफलताका पूर्वाधार हुन् – शिक्षितको प्रतिशत बढी भएको समाजको संरचना र मुलुकको बलियो अर्थतन्त्र। कुनै पनि नीति र व्यवहार लागू गर्न त्यस्तै सुहाउँदो वातावरण र परिस्थितिको पनि आवश्यकता पर्छ भन्ने सिद्धान्तबाट कोही पनि अनभिज्ञ बन्न मिल्दैन।

अर्थतन्त्रमा उदारीकरण नीतिको अख्तियारी भनेको सार्वजनिक सम्पत्ति बिक्री गर्नु होइन र मुलुकले जनहितका लागि चलाएको उद्योग वा सेवालाई निजी क्षेत्रमा हस्तान्तरण गर्नु पनि होइन। तर केही कमिसनखोर र भ्रष्टहरूको बहकाउमा लागेर उदारीकरणको गलत व्याख्या गर्दै मुलुकले दुःख-सुखसँग जोडेका केही औद्योगिक कलकारखाना र संस्थानहरूलाई निजी क्षेत्रमा बिक्री गरी कमिसन बटुल्न कार्यरत केही व्यक्तिहरूको स्वार्थतृप्तिका लागि वर्तमान सरकारले पनि मुलुकको सम्पत्तिलाई बिक्री गर्ने कार्यलाई निरन्तरता दिइरहेकोमा आम जनता दुःखी छन्।

आर्थिक उदारीकरणको नीति लागू गरी देशमा अर्थतन्त्रको विकासमा निजी क्षेत्रलाई संलग्न गराई बढीभन्दा बढी विदेशी पूँजीलाई मुलुकको आर्थिक विकासमा आकर्षित गराउने कार्यक्रम सञ्चालन गर्नुपर्नेमा भएका कलकारखानाहरूलाई बिक्री गरी सो कारखानाका पार्टपुर्जासमेत विदेश निकासा गर्न लगाई भएको उद्योग बन्द गर्नु नै आर्थिक उदारीकरण हो भनेर व्याख्या गरी जनताका आँखामा अब धेरै समयसम्म छारो हाल्न मिल्दैन।

वर्तमान मन्त्रिपरिषद्का अर्थमन्त्री र उद्योग वाणिज्यमन्त्रीबीच सार्वजनिक संस्थानको निजीकरणका सम्बन्धमा मतभेद सुरु भई विवाद उत्पन्न भएको समाचार अएको छ। दाताहरूलाई रिझाउन उदारीकरणको नीतिलाई निरन्तरता दिनुपर्नेमा जोड दिँदै अर्थमन्त्री सार्वजनिक संस्थानहरू निजीकरणमा हस्तान्तरण गर्नुपर्ने अडानमा छन् भने उद्योगमन्त्री केही पर्खेर मात्र यो कार्य अगाडि बढाउनुपर्ने अडानमा छन्। हुन पनि हतारिएर सार्वजनिक संस्थानहरू बिक्री गर्दा सुरुमा नेपाली काङ्ग्रेसको सरकारले बिक्री गरेका हरिसिद्धि इँटा तथा टायल कारखाना, भृकुटी कागज कारखाना र बाँसबारी छालाजुत्ता कारखानाको हविगत हुन पुग्छ।

ती सुरुमा बिक्री गरिएका तीनै कारखाना नेपालको औद्योगिक विकासका लागि छिमेकी मुलुक चीन सरकारले नेपाली जनताका लागि खोलिदिएका



कारखानाहरू थिए। उदारीकरणका नाउँमा ती चलिरहेका कारखानाहरू बिक्री गरेपछि तिनका नतिजा यस प्रकार छन् – इँटा तथा टायल कारखानाको रकम अहिलेसम्म चुक्ता भएको छैन। त्यसको विपरीत त्यो कारखानालाई मुलुकका सार्वजनिक बैङ्कहरूले अरू थप ऋण प्रवाह गर्नुपरेको छ। बाईस करोड मूल्य निर्धारण भएर खरिद-बिक्री गरिएको भृकुटी कागज कारखानाले नेपाल बैङ्क लिमिटेडको मात्र १ अरब ऋणको उपभोग गरी मुलुकको आर्थिक क्षेत्रमा बोझ बनेर बसेको छ। बाँसबारी छालाजुत्ता कारखानाका सबै मेसिनहरूले भारतको कानपुरको एउटा राम्रो छालाजुत्ता कारखाना चलाएर छिमेकी मुलुक भारतको आर्थिक विकासमा टेवा पुऱ्याएका छन्। सरकारले बिक्री गरेका सबै कारखानाहरूको गति त्यस्तै प्रकारको छ। सरकारले कस्तो किसिमिको उदारीकरणको नीति अख्तियार गर्न खोजेको हो, सर्वसाधारण जनता अनभिज्ञ छन्। तर राजनीतिक पार्टीका सरकारले सरकारी स्वामित्वमा रहेका औद्योगिक संस्थानहरू बिक्री गरेर देखाएको नतिजाले उदारीकरणको अर्थ प्रस्ट्याएको छ।

प्रजातान्त्रिक सरकारले उद्योग चलाउँदैन र बन्द-व्यापार गर्दैन भन्ने कुरा केही हदसम्म सत्य हो तर हाम्रो जस्तो मुलुक, जहाँका असी प्रतिशत जनता अशिक्षित छन् र पन्चानब्बे प्रतिशत जनता गरिबीले सताइएका छन्, त्यस मुलुकमा सारा उद्योगधन्दा र व्यापारका सबै क्षेत्र निजी क्षेत्रलाई सुम्पने हो भने मुलुक र जनता दुवै ती खुङ्खार व्यापारीहरूबाट शोषित हुन पुग्छन् र मुलुकको विशाल आर्थिक क्षेत्र एक प्रतिशतको मुट्ठीभित्र जकडिन पुग्छ। त्यसैले उदारीकरणको अर्थ सारा मुलुकको सम्पत्तिलाई निजी क्षेत्रमा हस्तान्तरण गर्नु होइन भन्ने कुरा अब राम्रै बहसको विषय बनेको छ।

एउटा साधारण बैङ्कको व्यवस्थापन चलाउन नेपालमा व्यवस्थापक नपाएर हालै अमेरिकाबाट एक जना व्यवस्थापकलाई भाडामा ल्याई सरकारको पूर्ण स्वामित्व भएको मुलुककै सबैभन्दा ठूलो बैङ्क राष्ट्रिय वाणिज्य बैङ्कलाई विदेशी व्यवस्थापकका हातमा सुम्पने कार्य भएको छ। यसअघि नेपाल बैङ्क लिमिटेडलाई पनि व्यवस्थापन करारमा दिएर नेपालले बौद्धिक दिवालियापनको नजिर कायम गरिसकेको छ। सरम लाग्छ लेख्न पनि, यस मुलुकले एक जना कुशल व्यवस्थापक पाएन भनेर। यो स्थिति किन आयो भनेर सोच्ने र सुधार गर्ने साधारण सोचसम्म गर्न सक्ने राजनीतिकर्मी र सरकारी पदाधिकारीको अभाव भएको कारण मुलुक र जनताले दुःख खप्नुपरेको छ।

मुलुक र जनताको हितका दृष्टिले सार्वजनिक संस्थानहरूको वर्गीकरण गर्ने हो भने अहिले सरकारले चलाएका प्रायः सबैजसो सार्वजनिक संस्थानहरू सरकार स्वयम्ले चलाए मात्र सर्वसाधारण जनताले लाभ लिन सक्छन्। यस मुलुकको भौगोलिक परिस्थिति र सामाजिक संरचनाका आधारमा व्यवस्था मिलाउनुपर्दा मट्टितेल र नुनको सुलभ दरभाउ कायम गरेर मात्र पुग्दैन, ठीक समयमा निश्चित परिमाणको पहुँच पनि त्यत्तिकै आवश्यक पर्छ। अनावृष्टि र अतिवृष्टिले हरेक वर्ष सताउने गाउँघरमा मकै-चामलजस्ता अत्यावश्यक खाद्यान्नको आपूर्तिको भार पनि सरकारले बोक्नुपर्छ। गुठी पनि संस्थान र सांस्कृतिक पनि संस्थान भएको मुलुकमा कुन-कुन संस्थानलाई निजीकरण गर्ने भन्ने कुरा कुनै पनि सरकारले योजना बनाएर

जनसमक्ष प्रस्तुत गर्न सकेको छैन । यस स्थिति र अवस्थामा निजीकरणको नारालाई कायम राख्नु मुनासिब देखिँदैन ।

कुनै दाता राष्ट्र वा संस्थाले भन्दैमा कुनै कुरा गर्नुपर्छ भन्ने बाध्यता छैन । मुलुकको अवस्था र जरुरतलाई पन्छाएर आर्थिक क्षेत्र तहस-नहस होस् भनेर कुनै पनि मित्रराष्ट्रले भन्न सक्तैनन् र भन्दैनन् पनि । तर हामी आफैं भनाइन्छौँ र बुझाउनभन्दा व्यक्तिगत स्वार्थ मनको कुनामा राखेर बुझ्न कोसिस गर्छौं अनि राम्ररी बुझ्छौँ । यसै कारणले अन्तिम नतिजा जहिले पनि व्यक्तिको फाइदा र मुलुकको घाटामा गएर टुङ्गिने गरेको छ । आर्थिक उदारीकरणको नीति अख्तियार गरेपछि के-कति सार्वजनिक संस्थानहरू हस्तान्तरण भए र त्यसबाट कुन-कुन क्षेत्रलाई के-कति लाभ-हानि भयो भनेर दस्तावेज बनाएर देखाउनुभन्दा अन्तर्राष्ट्रिय दबाबमा गर्नुपरेको बाध्यता देखाउन सरकार कहिल्यै पछि परेको छैन । यो कुरा विकासोन्मुख मुलुकका सत्तासीनहरूले कहिल्यै भुल्नु हुँदैन कि सरकारले जहिले पनि जनताका आधारभूत आवश्यकताको पूर्तिका निमित्त पूर्ण संरक्षण प्रदान गर्नुपर्छ ।

हालै मुलुककै ठूला विद्युत् उत्पादक कम्पनीहरूमध्ये अग्रस्थानमा गणना हुने 'बुटवल पावर कम्पनी लिमिटेड' कूल ९५ करोड रुपियाँमा सरकारले इन्टरक्राफ्ट कम्पनीलाई बिक्री गरेर पूर्वसरकारको निजीकरणकार्यलाई निरन्तरता दिएको छ । २०२३ सालमा युनाइटेड मिसन टु नेपाल र नेपाल सरकारबीचको संयुक्त लगानीमा स्थापित उक्त कम्पनीको एकमुस्ट ७५ प्रतिशत सेयर बिक्री गर्ने सरकारले १० प्रतिशत बिडबन्डबापत ८ लाख ८० हजार हाल रकम लिएको छ । किन र कसरी यस्ता सम्झौता हुन्छन् र कसको चाखका आडमा यस्ता सम्झौताका बुँदाहरू निश्चित हुने गर्छन् भन्ने बारेमा सर्वसाधारण जनतालाई जानकारी गराउने व्यवस्था छैन ।

यति खेर धेरै सार्वजनिक संस्थानहरू निजी क्षेत्रमा हस्तान्तरण भइसकेका छन् भने दर्जनौं लाम लागेर पालो कुरेर बसेका छन् । बिक्रीको निर्णयलाई निरन्तरता दिन कुनै बुद्धिमान् मान्छेको जरुरत पर्दैन तर ती बिक्रीको लाममा लागेका रुग्ण उद्योगलाई पुनः सञ्चालनमा ल्याउन साँच्चिकै इमानदार र कर्मशील मान्छेको जरुरत पर्दछ । यो सरकारमा सम्मिलित व्यक्तिहरू साँच्चै नै राष्ट्र र राष्ट्रियताप्रति इमानदार छन् भने थन्किएर बसेका बस र ट्रकका चक्काहरू सडकमा गुड्नुपर्‍यो, निभेका चिम्नीका धूवाँले फेरि आकाश ढाक्नुपर्‍यो र कलकारखानाका गगनभेदी आवाज फेरि गुन्जायमान गराउन सक्नुपर्‍यो ।

**नेपाल समाचारपत्र, २०५९ माघ ७ गते मङ्गलबार**

**सन्दर्भ : सरकारबाट भएगरेको अवैधानिक कार्यवाही**



# आइतबार बिदाको कारण राज्य, जनता र राष्ट्रसेवक सबै शोषित

सरकारमा सम्मिलित राजनीतिक नेताहरूको सनकका कारण मुलुकको प्रशासनिक संरचना नै भताभुङ्ग र लथालिङ्ग हुन पुगेको छ । राज्यलाई आवश्यक पर्नेभन्दा बढी कार्यालय खोली सञ्चालन गर्ने र आवश्यकताभन्दा बढी कर्मचारीको भर्ना गरेर दलका कार्यकर्ता पाल्ने तथा बढीभन्दा बढी सुविधा दिने-दिलाउने कार्य गरेर राज्यकोषको रकम हिनामिना भएको छ । नेताहरूले नियुक्ति दिएका उच्च पदाधिकारीहरू दलप्रति उत्तरदायी भएपछि अरू कर्मचारीहरू पनि भाँडिएर काम पटक्कै नगर्ने प्रवृत्तिका कारण राज्यका लागि प्रशासनयन्त्रमा कार्यरत सबै कर्मचारीहरू बोझ हुन पुगेका छन् । प्रशासनलाई बलियो तुल्याउने नाउँमा नचाहिँदो कार्यक्रम विस्तार गरेर कहिले तीसवर्षे पदावधि कायम गरेर क्रियाशील कर्मचारीलाई अवकाश दिने त कहिले अन्ठाउन्न वर्षको हद लगाएर तन्दुरुस्त कर्मचारी बिदा गर्ने आदि कार्य गरेर कर्मचारीतन्त्रलाई तहसनहस बनाइदिएका छन् । यति मात्र होइन, विश्वका कुनै पनि मुलुकमा नभएको बिदा कायम गरेर मुलुकको प्रशासनिक यन्त्र नै काम नलाग्ने पङ्गु अवस्थामा पुर्‍याइदिएका छन् ।

मुलुकमा सञ्चालित सरकारी कार्यालयहरूमा लामो समयदेखि शनिबार मात्र हप्ताको एक दिन सार्वजनिक बिदा दिइआएकोमा कृष्णप्रसाद भट्टराई प्रधानमन्त्री भएका बखत २०५६ साल भाद्र १ गतेदेखि काठमाडौं उपत्यकामा मात्र लागू हुने गरी आइतबार सरकारी कार्यालयहरूलाई बिदा दिने कार्य सुरु भएको हो । हप्तामा दुई दिन बिदा दिँदा बिजुलीको खर्च बचत हुने, इन्धन बचत हुने, सहरमा प्रदूषण कम भई वातावरणमा शुद्धता आउने आदि दलिल पेस गरेर परीक्षणका रूपमा सुरु भएको आइतबार बिदाले आजसम्म परीक्षणकाल समाप्त गर्न सकेको छैन । पछि सरकारमा आएका गिरिजाप्रसाद कोइराला र शेरबहादुर देउवासमूह र प्रशासनका जिम्मेवार पदमा कार्यरत कर्मचारीहरूले पनि यो अनावश्यक बिदा कट्टा गर्ने चासो देखाएनन् । किनभने एक मूर्खले मूर्खतापूर्ण गरेको निर्णयले व्यक्तिगत रूपमा सबैलाई लाभ भइरहेको छ । तर दुःखको कुरा के हो भने यसबाट राज्य र जनता कति शोषित भएका छन् भन्नेतर्फ कुनै राजनीतिक नेता तथा कुनै जिम्मेवार पदाधिकारीले सोच्न सकेनन् ।

परीक्षणका रूपमा सुरु भएको आइतबारको बिदा उपत्यकाका सरकारी कार्यालयलाई मात्र दिइयो । उपत्यकाबाहिर आइतबार बिदा दिने गरिएको छैन । यो मुलुकमा दुइटा सरकार छैनन्, तर बिदाको व्यवस्था भने केन्द्रसरकार र राज्यसरकारले दिएजस्तो दुई परिपाटीलाई बेग्लाबेग्लै किसिमबाट लागू गरिएको छ । तीन वर्ष पूरा प्रचलनमा आएको यो बिदा कानुन र व्यवहार दुवैअनुसार मिलेको छैन । उपत्यकाका कर्मचारीले वर्षभरिका आइतबार ५२ दिन बढी बिदा बस्न पाउने र त्यही निजामती कर्मचारी उपत्यकाबाहिर कार्यरत हुँदा त्यो सहुलियतबाट वञ्चित हुने हुन् परिरहेछ ।

बिदा दुई प्रकारका हुन्छन् – (१) राज्यव्यवस्थाले जनता र मुलुकको सेवाका लागि कार्यालय खोल्ने र बन्द गर्ने अर्थात् कार्यालय सञ्चालनको बिदा, (२) त्यस कार्यालयमा काम गर्ने कर्मचारीलाई दिने सहुलियत बिदा । यी दुवै बिदा भिन्नाभिन्नै प्रकृतिका हुन् । तर बिदा भनेपछि कर्मचारीको भाषामा बुझ्नुपर्ने हुँदा बिदाका कारणले राज्य र जनता पनि शोषित हुन पुग्छन् भन्ने तथ्य भने जिम्मेवार पदमा पुगेका नेता तथा जिम्मेवार कर्मचारीले बुझ्न सकेनन् । त्यसैले यो बिदाका बारेमा कुरा उठ्नेबित्तिकै 'होइन, यो आई० एल० ओ० नीतिको चालीस घन्टामा कायम गरिएको छ, साथै अन्तर्राष्ट्रिय मान्यता यस्तो-यस्तो छ' भनेर घुमाउरो कुराबाट कामको घन्टा ठीक भएको वकालत गरेर आजसम्म बिदालाई निरन्तरता दिन समर्थ भएका छन् । कामको घन्टा कामदारलाई लागू हुन्छ । तर राज्यको तर्फबाट जनताका लागि पुऱ्याउने सेवा र राज्यले कर्मचारीबाट पाउने सेवामा श्रमनीति लागू गर्न खोज्दा राज्य र जनता शोषित हुन पुग्छन् भन्ने तथ्यबाट सबै अनभिज्ञ रहेको देखियो ।

उपत्यकाका अड्डा-अदालतमा शनिबार ५२ दिन, आइतबार ५२ दिन, दसैं-तिहार ११, पर्व ५, दिवस ३, शुभजन्मोत्सव १, जयन्ती २ र जात्रा ३ गरी सरकारी कार्यालयलाई जम्मा १३० दिन तथा अदालतलाई दसैं ७ र कानुनदिवस १ समेत गरी जम्मा १३८ दिन कार्यालयहरू बन्द हुन्छन् । यसका अतिरिक्त वर्षमा राजकीय भ्रमण र सूर्यग्रहणजस्ता आकस्मिक अन्य बिदाहरू २-३ दिन अरू बिदा थपिन्छन् । यी बिदामा सरकारी कार्यालय बन्द हुन्छन् र कार्यालय बन्द हुँदा त्यहाँ कार्यरत सबैले बिदाको उपभोग गर्न पाउँछन् ।

उक्त कार्यालय बन्द हुने बिदाका अतिरिक्त सरकारी कामका लागि नियुक्त पाएका कर्मचारीहरूलाई ऐनले अरू बिदाको सुविधा प्रदान गरेको छ । भइपरिआउने बिदा १२, घरबिदा ३० र बिरामीबिदा १२ गरी वर्षभरिमा करिब ५४ दिन बिदा पाउँछन्, अर्थात् सरकारी कर्मचारीहरूले ३६५ दिनको वर्षमा करिब २०० दिन त बिदा मनाउन पाउँछन् । त्यस्तै, मुस्लिम वा क्रिस्चियन धर्मावलम्बीले धर्मका नाममा अरू १-१ दिन बिदा पाउँछन् भने महिला-कर्मचारीले हरितालिका, ऋषिपञ्चमी र नारीदिवस थप २ दिन बिदा पाउने गरेका छन् ।

सरकारी अड्डा-अदालतहरूमा अनावश्यक बिदाहरू दिई कार्यालय खुल्नुपर्ने दिनहरूमा कार्यालय बन्द गरी राज्यप्रति शोषण गरेको र नागरिकले गर्नुपर्ने सार्वजनिक कामकाजमा बाधा-व्यवधान खडा गरेको हुँदा त्यस्तो सार्वजनिक



सरोकारको विषयलाई पन्छाउन नमिल्ने भएबाट मुलुक, राज्यव्यवस्था र जनताको मुक्तिका लागि बिदा कति हुनुपर्छ, राज्यले राज्यव्यवस्था सञ्चालन गर्न भर्ना गरेका कामदारबाट वार्षिक कति घन्टा काम लिनुपर्छ, राज्यले निवृत्तिभरण दिनुपर्ने अर्थात् जीवनभर पाल्नुपर्ने व्यक्तिबाट कसरी काम लिनुपर्छ, राज्यका लागि वार्षिक कति घन्टा काम लिनु उचित हुन्छ र मुलुक विकासको अवस्थालाई हेरर वा अन्तर्राष्ट्रिय व्यवस्थालाई हेरेर बिदा कति व्यवस्था गर्नुपर्ने हो आदि सार्वजनिक चासोका विषयलाई त्यत्तिकै पन्छाउन मिल्दैन ।

संयुक्त राज्य अमेरिका र संयुक्त अधिराज्यलगायत युरोपका अन्य मुलुकहरूमा शनिबार र आइतबारको अतिरिक्त बढीमा १२ दिन मात्र सार्वजनिक बिदा घोषित छन् । ती विकसित मुलुकमा वर्षभरिमा जम्मा ११० दिनभन्दा बढी बिदा हुँदैन । भारतको केन्द्रसरकारले हप्ताको दुई दिन बिदा दिए तापनि ११५ दिनभन्दा बढी बिदा दिएको छैन । भारतका राज्यसरकारहरूले हप्तामा एक दिन मात्र सार्वजनिक बिदा दिने हुँदा वर्षमा जम्मा ७० दिन मात्र बिदा दिने गरेका छन् । बङ्गलादेश, पाकिस्तान र श्रीलङ्कामा पनि हप्ताको एक दिन मात्र सार्वजनिक बिदा दिने व्यवस्था छ ।

एकतन्त्रीय शासन भनिने राणाकालमा पनि बिदा र कार्यालय बन्दसम्बन्धमा ऐनसवाल जारी गरी सोहीअनुसार हुने गरेको पाइन्छ । १९८७ साल माघ २८ गते जारी भएको मुलुकी सवालले वर्षभरिको शनिबार र अरू १५ दिन गरी जम्मा ६७ दिन मात्र बिदा दिने व्यवस्था गरेको देखिन्छ । अर्थात् एक वर्षको ३६५ दिनमा सरकारी कार्यालय ६७ दिन मात्र बन्द रहने गरी बिदाको व्यवस्था मिलाइएको रहेछ तर यो प्रजातान्त्रिक सरकारले चाहिँ ऐन नै निर्माण नगरी मनोमानी ढङ्गले सार्वजनिक बिदा घोषित गरी प्रशासनयन्त्रलाई मनोमानी ढङ्गले चलाएको देखिन्छ ।

राज्यव्यवस्थाले जनता र मुलुक दुवैलाई सेवा दिनका लागि राज्यका सेवामूलक संयन्त्र ऐनद्वारा निश्चित गरेका हुन्छन् अर्थात् सरकारी कार्यालयहरू सञ्चालन गर्ने र सेवाका लागि समय निश्चित हुने कार्य सबै विधिसम्मत व्यवस्था गरेका हुन्छन् तर यस मुलुकमा भने बिदाका बारेमा पूरा अन्योल सिर्जना भएको छ । सर्वोच्च अदालतजस्तो पूर्ण विधिसम्मत चल्नु र चलाउने व्यवस्थाको सृजना गर्नुपर्ने गहन जिम्मेवारी पाएकै निकायले गैरकानुनी तरिकाले आइतबार बिदा लिने प्रचलन कायम गरेको छ । न्यायपालिका र कार्यपालिका दुवै निकायअन्तर्गत सञ्चालित कार्यालयहरू यसरी गैरकानुनी रूपमा बिदा दिने व्यवस्था सञ्चालित भएको हुँदा राज्य, जनता र राष्ट्रसेवकसमेत सबै शोषित हुन पुगेका छन् ।

❑

# सार्वजनिक लेखासमितिको वैधानिकतामा लागेको प्रश्नचिन्ह

२०५७ मार्गका केही हप्ताका छापाहरूमा शानेवानिले भाडामा लिएको लाउडा नामक जहाजको समाचारले प्रमुखता पाइआएको थियो र सबैको ध्यान खिच्न पनि समर्थ भएको थियो । शानेवानिले अस्ट्रियाको लाउडा एयरसँग १२ वर्ष पुरानो बोइङ ७६७-३०० विमान भाडामा लिने सम्झौता गऱ्यो । यति मात्र होइन, सम्झौतामा नै उल्लेख नभएको अग्रिम भुक्तानीलाई निगमले यू० एस० डलर २० लाख भुक्तानी पठायो । यसरी बिनाग्यारेन्टी सो लाउडा एयरलाई यू० एस० डलर १० लाख नगद पेस्की र १० लाखको बैङ्क-ग्यारेन्टी गरी जम्मा यू० एस० डलर २० लाख अग्रिम पेस्की दिएपछि मामला चर्कियो र यो मुद्दा प्रतिनिधिसभाको सार्वजनिक लेखासमितिले केलाउन थाल्यो । मुलुकको आर्थिक नियमलाई उल्लङ्घन गरेर पठाएकोमा आपत्ति जनाउँदै यो कार्य पूर्णरूपले अवैध भएको विषयलाई सार्वजनिक गर्दै यो लाउडा जहाज-प्रकरणलाई रोक लगाउन श्री ५ को सरकारलगायत शानेवानिलाई समेत समितिले निर्देशन दियो । तर कार्य रोकिएन, जहाज आयो र नेपाली आकाशमा उड्दै शानेवानिका यात्रुहरूलाई बोक्न थाल्यो ।

प्रतिनिधिसभा सार्वजनिक लेखासमितिले पूर्ण छानबिन गरी गरेको निर्णयका विरुद्धमा जहाज ल्याइएकोमा समितिले आपत्ति जनाउँदै पर्यटनमन्त्री तारिणिदत्त चटौतलाई समितिमा उपस्थित गराई बयान लिँदा मन्त्रीले भ्रष्टाचारको गन्धयुक्त बयान दिनुभयो । बाध्यात्मक परिस्थितिमा जहाज ल्याउनुपरेको स्थितिलाई दोहोऱ्याई-तेहेऱ्याई भन्न खोजे पनि चित्तबुझ्दो जवाफ भने दिन सक्नुभएन, किनभने जहाजमाफियाको कमिसन नै उहाँको बाध्यात्मक परिस्थिति थियो ।

सार्वजनिक लेखासमितिद्वारा दिइएको निर्देशनको अवज्ञा भएको विषयमा समितिले प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई उपस्थित गराउन कोसिस गरेको छ । समितिका अध्यक्ष सुवास नेम्वाङ आफैं गई श्री कोइरालालाई समितिमा उपस्थित हुन अनुरोध गर्नुभएको थियो । त्यो अनुरोधलाई आलटाल गरेपछि समितिले लिखित रूपमा अनुरोध गरेको छ । श्री कोइरालाले यसलाई टाल्न सक्नुहुन्न । श्री कोइरालाले यसै गरी धमिजाकाण्डको नाउँमा चर्चित शानेवानिको जी० एस० ए० नियुक्तिका बारेमा भएको कारवाहीको सिलसिलामा प्रधानमन्त्रीकै हैसियतमा सार्वजनिक लेखासमितिमा उपस्थित भएर बयान दिइसक्नुभएको छ । यसरी प्रधानमन्त्रीको संसदीय समितिमा उपस्थित भई बयान दिने अवस्था सिर्जना हुनु असल शासनका लागि राम्रो होइन । अबको उपस्थिति उहाँका लागि दोस्रो हुनेछ । स्मरण रहोस्, धमिजाकाण्डमा शानेवानिलाई करिब २५ करोड रुपियाँ घाटा लागेको थियो । तर श्री कोइरालाका निकट अनुमानित कमिसनएजेन्टले शानेवानिको खर्च भएको २५ करोडमध्ये कति प्रतिशत हात पार्न समर्थ भए, त्यसको यकिन समाचार भने मौन नै रह्यो । अहिले लाउडा जहाज आइसकेको छ र चल्न थालिसकेको छ । त्यसैले उहाँको उपस्थितिले केवल औपचारिकता मात्र पूरा हुने अनुमान गरिएको छ । लाउडा एयर प्रकरणमा निगमलाई हुने नोक्सानी टार्न सकिने अवस्था कहीँ-कतैबाट देखिएको छैन ।

संसदीय समितिले सरकारलाई दिने निर्देशनको वैधानिकतामाथि प्रश्नचिह्न लगाउँदै सर्वोच्च अदालतका न्यायाधीश श्री लक्ष्मण अर्यालले यही मार्ग २६ गते



एउटा सार्वजनिक सभामा बोल्दै भन्नुभयो – "सर्वोच्च अदालतको एउटा फैसलाबाट सार्वजनिक लेखासमितिले सरकारलाई कुनै निर्देशन दिन नसक्ने र कारवाही गर्न आदेश दिन नसक्ने नजिर स्थापित भएको छ ।"

सूर्य टोबाको कम्पनीको प्रसङ्गमा श्री अर्यालले उक्त कुरा भन्नुभएको थियो । सूर्य टोबाको कम्पनीबाट कम कर असुल गरेको ठहर गरी सार्वजनिक लेखासमितिले २०५३।१२।२ मा १५ करोड ५९ लाख ८० हजार रुपियाँ श्री ५ को सरकारले असुल गर्नुपर्ने निर्णय गरेको र त्यसको कार्यान्वयनका लागि सरकारलाई निर्देशन दिएको थियो । तर निर्देशानुसारको रकम श्री ५ को सरकारको कोषमा असुल हुन सकेन, बरु त्यसको विपरीत सार्वजनिक लेखासमितिको कार्यक्षेत्रलाई कुण्ठित र सीमित गर्ने काम हुन गयो ।

सूर्य टोबाकोको प्रकरण यस प्रकार छ – सूर्य टोबाको कम्पनीले आर्थिक वर्ष २०५०-२०५१ र २०५१-२०५२ मा चुरोट उत्पादन गर्दा उत्पादनका लागि आवश्यकभन्दा बढी कच्चा पदार्थ अर्थात् सुर्ती खपत गरेको देखिएको र उत्पादित चुरोट कम देखिएको हुँदा कच्चा पदार्थ खपतको हिसाबले उत्पादन कम भएको हुँदा असुल हुनुपर्ने अन्तःशुल्क असुल हुन नसकेको ठहर गर्दै महालेखा परीक्षकको वार्षिक प्रतिवेदन २०५२ मा बेरुजु औँल्याई प्रकाशित भएको थियो । यसै सिलसिलामा कम्पनीद्वारा लुकाइएको र छुपाइएको राजस्व असुली गर्ने दायित्व पनि सरकारको भएको हुँदा सो असुली-कारवाही अगाडि बढाइएकै समयमा सूर्य टोबाको कम्पनीले हक हनन भएको भनी त्यसको उपचार खोज्न सर्वोच्च अदालतमा २०५३।१२।२८ मा र २०५४। ५।१२ मा छुट्टाछुट्टै उत्प्रेषणयुक्त रिट-निवेदन दर्ता गरेको थियो र सर्वोच्च अदालतको संयुक्त इजलासबाट २०५४।१२।२६।४ मा फैसला भयो ।

उक्त निर्णयले प्रतिनिधिसभा सार्वजनिक लेखासमितिको अधिकारलाई कुण्ठित गरेको हुँदा सो निर्णयको विरुद्धमा अर्को सिद्धान्त प्रतिपादन नभएसम्म सोही सिद्धान्तले नजिर कायम राख्नेछ भन्दै उक्त सार्वजनिक सभामा बोल्दै न्यायाधीश लक्ष्मण अर्यालले स्पष्ट भन्नुभयो – "सूर्य टोबाको कम्पनीको रिट-निवेदनउपर भएको फैसलालाई चुनौती दिँदै अर्को निवेदन परेको छैन ।"

संसदीय व्यवस्थामा संसद्को नै अङ्गका रूपमा काम गर्ने संसदीय समितिहरूले सरकारलाई निर्देशन नै दिन नसक्नु र समितिले दिएको निर्देशनको वैधताका बारेमा प्रश्न खडा गर्नु उचित होइन । सबै कुरा कानुनी रूपमा एक-एक अक्षर लख्न सकिँदैन र लेखेका कुराहरू पनि सबै अक्षरशः पालना हुन पनि सक्तैनन् भन्ने सत्यलाई बुझेर विस्तारै अभ्यासको माध्यमद्वारा संसदीय समितिहरूलाई बलियो र जिम्मेवार बनाउँदै लानुपर्छ । प्रजातन्त्र बलियो बनाउन प्रजातान्त्रिक अभ्यासलाई निरन्तरता दिइरहनुपर्छ । निरन्तर गरिएको प्रजातान्त्रिक अभ्यासका कारण नै बेलायतमा अलिखित संविधानले पनि वैधानिकता कायम गरेको छ ।

वर्तमान नेपालमा राज्यका तर्फबाट जे-जे ज्यादती र बदमासी भइरहेका छन्, सार्वजनिक सम्पत्तिको खुला लुट भई व्यक्तिगत सम्पत्तिमा रूपान्तरित भइरहेका छन् र राज्यकोषको रकमलाई बपौती सम्पत्तिका रूपमा प्रयोग गरिरहेका छन्, त्यसलाई

कुनै पनि सचेत नागरिकले सहन गर्न सक्ने वा छुट दिन सक्ने अवस्था देखिएको छैन । जनता निरीह छ, शक्तिहीन छ र बोलीविहीन छ भन्दैमा जनप्रतिनिधिलाई पनि त्यही व्यवहार गरिनु हुँदैन । जनताको प्रतिनिधिले सरकारलाई निर्देशन दिन सक्तैन र अङ्कुश लगाउन सक्तैन भन्न पनि मिल्दैन । वैधता भन्ने कानुनमा मात्र लेखिने वस्तु होइन र अदालतको बेन्चले बोल्ने निर्णय मात्र पनि होइन, यो त जनजीवनले स्वीकार गर्न सक्ने र अङ्गिकार गरेको सम्पत्ति पनि हो ।

त्यसैले प्रतिनिधिसभा सार्वजनिक लेखासमितिलाई जनादेश छ कि सरकारले गर्ने गरेको ज्यादती, सत्तासीनले गरेको बेहिसाब र भ्रष्टाचारको छानबिन गरी जनतालाई सुसूचित गर्ने र सरकारलाई ठीक किसिमबाट कार्यवाही गर्न निर्देशन दिने कार्यलाई जारी राख्नुपर्छ र सबैले यसलाई स्वीकार्नुपर्छ ।

**कान्तिपुर दैनिक, २०५७ पुस ३ गते सोमबार**

**भरत जङ्गम – 'पचास प्रसङ्ग' बाट**

## पार्टी–कार्यकर्ताहरूको दायित्व

पार्टी-कार्यकर्ताहरूको दायित्व हो नागरिकहरूमा भरपूर नागरिक अधिकार र कर्तव्यको ज्ञान दिनु र निर्वाचनमा भाग लिन उत्साह प्रदान गर्नु । तर यहाँ भ्रूटमुठको आश्वासन तथा राम्रो र योग्य पार्टीको पनि कटु आलोचना गरेर आ□नो पार्टीप्रति आकर्षण गर्ने प्रवृत्तिले गर्दा स्थानीय विकासको लागि नभएर सत्तासञ्चालन गर्नका लागि भएजस्तो भान पैदा भएको छ ।

**– स्थानीय विकास तथा निर्वाचन-प्रक्रिया**



# मदिराको बढ्दो उत्पादन र माओवादीको जनआह्वान

नेपालीहरूले नयाँ काम खोज्न र सुरु गर्न जानेकै छैनन्, साथै नयाँ किसिमबाट प्रस्तुत हुन पनि कोसिस गरेका छैनन् – यो भनाइ भुक्तभोगीहरूको हो । हुन पनि उद्योगधन्दा र व्यापार-व्यवसायमा अभ्यास नभएका यस मुलुकका जनताले नयाँ कार्यको खोजी गर्न नै जानेका छैनन् भने पनि हुन्छ ।

मुलुकमा तयारी पोसाक उद्योगको बाढी नै आयो, घर-घरमा उद्योग खुले, अहिले क्रमशः बन्द हुँदैछन् । त्यस्तै, यहाँ सेयर खरिद-बिक्री गर्ने लहर नै आयो । ठूला-ठूला उद्योग-व्यवसाय स्थापना गर्ने र बढी मुनाफाको प्रलोभन दिई सर्वसाधारणलाई सेयर बिक्री गरेर मुनाफा आर्जन गर्ने व्यवसाय चल्न थाल्यो । विदेशी लगानीका बैङ्कहरूको सेयर खरिद गर्न र हालै एउटा विकास बैङ्कको सेयर खरिद गर्न आवश्यकताभन्दा बढी दरखास्त पर्‍यो । यति मात्र होइन, होटल हयात रिजेन्सी र रेडिसनको सेयर-खरिदमा मेला नै लाग्यो । यस दृष्टिले हेर्ने हो भने अहिले नेपालमा सेयर बिक्रीका लागि बजार तातो छ र कुनै ठोस नयाँ उद्योगधन्दा मुलुकमा नखुलेको हुँदा सेयर-बजार गर्मिएको छ ।

यही मौका छोपी हिमालयन डिस्टिलरी लिमिटेडले रु. १००।- दरको १७,३४,६०० थान कित्ता सेयर बजारमा २०५८ भाद्र २८ गतेदेखि बिक्री खुला गरेको छ । डिस्टिलरीजस्तो विवादास्पद कारखानाको सर्वसाधारणले सेयर खरिद गर्छन् वा गर्दैनन् भन्नुभन्दा मुलुकमा यसको औचित्य र आवश्यकताका बारेमा पनि सोच गर्नु आवश्यक देखिएको छ । कम्पनीले लामो समयदेखि गृहकार्य गरी सेयरका लागि सफल कार्यान्वयन हुन सक्ने बाटो तयार गरेको देखिन्छ । उक्त निस्काशित सेयर बजारमा सर्वसाधारणले खरिद नगरे पनि काम नरोकिने कार्य सम्पन्न भएको देखिन्छ । सर्वसाधारणले सो बिक्रीमा राखेको सेयर खरिद गरेनन् भने पनि सेयर प्रत्याभूतिको विवरण हेर्दा कम्पनीसँग सेयर खरिद गर्ने गरी एन० आई० डी० सी० क्यापिटल मार्केट्स लिमिटेडको नेतृत्वमा नेपालका साना-ठूला गरी ३२ वटा बैङ्क र फाइनान्स कम्पनीहरूले सेयर खरिद गर्ने प्रत्याभूति गर्ने सम्झौता गरिसकेका छन् । त्यसैले सर्वसाधारणले सेयर खरिद गरेनन् भने पनि कारखानालाई चाहिने रु. १७ करोड ३४ लाख ६० हजारको धनराशि उपलब्ध हुनेछ । तर प्रश्न यति मात्र हो कि ती कम्पनीहरू के आधारमा प्रत्याभूतिको सम्झौता गरे ।

२०५६ कात्तिक १९ मा क्यानडाको सिग्राम कम्पनी लिमिटेडसँग सम्बद्ध भई सम्झौता गर्ने हिमालयन डिस्टिलरी एक वर्षमै २०५७ साल कात्तिक १८ का दिन

पब्लिक लिमिटेड कम्पनीमा परिणत भएको देखिन्छ। २०४२ मा हिमालयन डिस्टिलरी प्रा० लि० मा स्थापित भएको सो हिमालयन डिस्टिलरी र जाउलाखेल डिस्टिलरी भगिनी कम्पनी हुन्। लामो समयदेखि मदिराको उत्पादन र वितरण गर्दै आएका यी कम्पनीहरूले यति ठूलो लागतमा पब्लिक कम्पनी के-कुन आधारमा खोल्न लागेका हुन् भन्नेबारेमा यहाँ विचार-विश्लेषण गर्न लागिएको होइन, केवल मदिरा-उत्पादनका लागि यो मुलुक यति खेर त्यति ठूलो कम्पनीको बोझ उठाउन सक्छ वा सक्तैन र यो समय उपयुक्त हो वा होइन भन्नेतर्फ मात्र विचार गर्न लागिएको हो।

नेपाल कम्युनिस्ट पार्टी (माओवादी) समर्थित महिला सङ्घले रक्सीविरुद्धमा जनचेतना जगाउन केही समयदेखि मुलुकका सबैजसो भागमा कार्यक्रमहरू आयोजना गर्दै आएको छ। धेरै ठाउँमा मदिरा-निषेधित-क्षेत्र घोषणा गर्नसमेत समर्थ भएका छन्। चितवन र राजमार्गजस्तो अत्यधिक मदिरा प्रयोग हुने क्षेत्रमा समेत मदिरा बन्द गराएर छाडेका छन्। त्यति मात्र होइन, सरकारलाई दबाब दिएर काठमाडौँलगायतका सबै सहरहरूमा तोकिएको स्थान र नियन्त्रित रूपमा मात्र मदिरा बिक्री-वितरणको व्यवस्था मिलाउन सम्झौता गरेका छन्। यसै सिलसिलामा आयोजित एउटा कार्यक्रममा भाग लिन जम्मा भएको समूह भड्केर यही २०५८ भाद्र २ गते बाँके जिल्लाको खजुराखुर्द गा० वि० स० वडा नं० ५ मा रहेको शाह डिस्टिलरीमा आगो लगाई कारखाना जलाइदिएका थिए। दसौँ हजार सङ्ख्याको जनसमूहले घेरेर कारखानामा आगो लगाएका र उत्पादित मदिरासमेत जलाई ध्वस्त पारिदिएका थिए। यो काण्डले हालको जनभावनाको स्पष्ट सङ्केत सरकार र उद्योगीहरूमा दिन खोजेको देखिन्छ। वास्तवमा नेपालमा मदिराको प्रयोग ठीक किसिमबाट भइरहेको छैन भन्ने कुरा जो-कोहीले पनि बोल्ने र भन्ने गरेका छन्, त्यस्तै माओवादी समर्थक विद्यार्थी र महिलाहरूले भन्ने गरेका छन्।

राणाको पालामा मदभट्टी रकम ठेक्का लिने मान्छे मुलुकभित्र पाइँदैनथ्यो। अर्थात् यो ज्यादै घटिया काम भएको हुँदा भारतका मुसलमान र तेलीहरूले यसलाई वार्षिक र क्षेत्रगत रूपमा अस्थायी ठेक्का लिई महुवा र सखरको प्रयोग गरेर रक्सी उत्पादन गर्ने गर्दथे। पछि यसमा युरिया मल र अनेक स्वास्थ्यलाई हानि हुने रसायन मिश्रण गरी त्यस्ता ठेकेदारले मदिरा-उत्पादन गरी वितरण गर्न थालेपछि सरकारले विस्तारै नियन्त्रण गर्दै निम्न कोटीको मदिरा पनि सिसीबन्द गर्नुपर्ने अनिवार्यता गरायो। तर उत्पादकले भने प्लास्टिकको पोचमा प्रयोग गरेर पनि जनतालाई ठग्न छोडेनन्। रक्सी-उत्पादक र जनताका बीचमा सधैँ सङ्घर्ष चल्दै रह्यो। जनताले हार्ने र रक्सी-उत्पादकले जितेर पैसा सङ्कलन गर्ने काम भने रोकिएको छैन। तर अब यो परिस्थिति कतिसम्म रहन्छ, हेर्न बाँकी छ।

नेपालमा हाल साना-ठूला गरी ४३ वटा कारखानाले मदिराको उत्पादन गर्ने स्वीकृति प्राप्त गरेका छन् भने २१ वटा कारखानाहरू सञ्चालनमा रहेका छन्। त्यसमा ११ वटा मदिरा-कारखानाले उच्चस्तरीय मदिराको उत्पादन गरिरहेका छन्।



साथै, ५ वटा बियर-उत्पादन गर्ने कारखाना पनि सञ्चालनमै छन्। राजस्व तिर्छौं भन्ने नाराका साथ उत्पादनमा संलग्न ती कारखानाले साबुत राजस्व तिर्ने हो भने छ महिना पनि कारखाना चलाउन सक्तैनन् भन्ने कुरा राजस्व-सङ्कलनमा संलग्न कर्मचारीहरू नै बताउँछन्।

भनिन्छ, यी पेयपदार्थमा बढी आयकरको व्यवस्थाले राजस्व नछली काम नै अगाडि बढाउन सकिँदैन। नेपाली जनताका लागि अन्य आवश्यक वस्तुको तुलनामा यो अल्कोहल उत्पादन गर्ने कारखाना आवश्यकताभन्दा धेरै नै बढी देखिन्छ। यसको लेखा कसले राख्ने ?

यस परिप्रेक्ष्यमा विचार गर्दा हिमालयन डिस्टिलरी लिमिटेडको वीरगञ्जको लिपनीमा ९० करोड रुपियाँ अधिकृत पूँजीमा स्थापित कारखानाले उत्पादन गर्ने प्रतिदिन २० हजार लिटर अल्कोहल कहाँ र कसरी खपत गर्ने, यो प्रश्नको उत्तर भविष्यले मात्र दिनेछ।

अन्नमा आधारित मदिराको उत्पादन गर्न दिन हुन्छ कि हुँदैन भन्ने सरकारसँग ठोस नीति नभएका कारणले गर्दा पनि यो डिस्टिलरीले अन्नमा आधारित मदिरा उत्पादन गर्न इजाजत पाएको देखिन्छ।

यो कारखानाले जडान गरेको उपकरणलाई हेर्दा यसले उच्चस्तरीय मदिरा उत्पादन गर्नेछ, तर यसको बजार कहाँ हो ? भारत वा विश्वका अन्य मुलुक ? सम्भाव्यता अध्ययनको पत्रमा जेसुकै कुरा लेखिएको भए तापनि आखिर त्यो मदिरा नै हो, अत्यावश्यक औषधि होइन र सबै मुलुकमा उत्पादन हुने सर्वसुलभ वस्तु हो, कुनै अप्राप्य चीज होइन। त्यसैले त्यसको पहिलो बजार भनेको नेपाल नै हो। यो सबैले बुझ्न सक्नुपर्छ।

स्पष्ट शब्दमा भन्नुपर्दा सबैले एकै स्वरले भन्नुपर्छ – वर्तमान नेपाललाई आर्थिक विकासमा लान कारखाना चाहिन्छ, तर मदिराको होइन र बाँच्नका लागि जनतालाई अनाज चाहिन्छ, मदिरा होइन।

**नेपाल समाचारपत्र, २०५८ भदौ २३ गते शनिबार**

# चुनावमा नेपाली मूलका विदेशी सेना र संवैधानिक सङ्कट

प्रधानमन्त्री पदमा पुग्नुभएका शेरबहादुर देउवा पदमा रहिरहन जे पनि कबोल गर्नुहुन्छ र जतिसुकै राज्यकोषको रकम नोक्सानीमा परे पनि निकासा गर्न चुक्नुहुन्न, सधैँ राज्यसत्तामा चिप्केर बस्न रुचाउनुहुन्छ। देउवाका बितेका समयलाई नियाल्दा यस्तै देखिन्छ। पहिले उहाँले राज्यकोषको रकम कसरी लुटाउनुहुन्छ भन्ने सङ्क्षेपमा विचार गरौँ। उहाँ २०५२ सालमा प्रधानमन्त्री हुँदा होस् वा अहिले २०५८ सालमा पुनः नियुक्ति हुँदा होस्, उहाँले कहिल्यै पनि राज्यकोषको रकमलाई हिनामिना गर्न कुनै अप्ठेरो वा सरम मान्नुभएको छैन। उहाँ नेपालको पहिलो प्रधानमन्त्री हो जसले भीमकाय मन्त्रिमण्डल बनाएर देखाउनुभयो, चलाउनुभयो र राज्यको कोषको रकम लुट्न र लुटाउन पछि पर्नुभएन। खर्चकै कुरामा, महिला तथा समाजकल्याणमन्त्रीलाई पठाएर पुग्नेमा सारा परिवारका सदस्यसमेत लिएर अमेरिका र बेलायतको भ्रमण गर्नुभयो। जोहानेसवर्ग हिँड्नुभएको मान्छे कमिसनको चक्करमा बेल्जियममा अल्झेर पनि राज्यकोषको रकम खर्च सदर गर्न कत्ति सरम मान्नुभएन। गत मङ्सिर ८ गते रिसले चूर भएको अवस्थामा निर्वाचनको घोषणा गर्ने प्रधानमन्त्री देउवा आगामी कात्तिक २७ गतेका लागि घोषित निर्वाचन जसरी पनि सम्पन्न गर्ने प्रतिबद्धता व्यक्त गर्दै हिँड्न चुक्नुभएको छैन। प्रधानमन्त्रीको घोषणालाई नपत्याउने त कुरा होइन, तर शेरबहादुर देउवाको कुरालाई भने अवश्य पनि शङ्काको कसीमा लगाएर मात्र पत्याउनुपर्छ। किनभने निर्वाचनका लागि बन्नुपर्ने पूर्वाधार र चल्नुपर्ने बाटो अत्यन्तै ढिलासुस्तीमा अल्झेको प्रतीत हुन्छ। यसै क्रमले जाने हो भने आजको ४५ दिनमा सम्पन्न हुनुपर्ने घोषित चुनाव कुनै हालतमा पनि सम्पन्न हुन सक्तैन।

प्रधानमन्त्री देउवाले घोषित समयमा चुनाव सम्पन्न हुन्छ र गराएर नै छाड्छु भनेर ठोकुवा गरे पनि अहिले अधिराज्यका कुनै पनि गाउँ वा सहरमा चुनावको चहलपहल देखिएको छैन। चुनावको तिथि तोकिए पनि काङ्ग्रेसमा आएको फूट र माओवादी आन्दोलनका कारण सरकारका प्रायः सबै निकायमा चुनावप्रति उदासीनता देखिएको छ। गृह मन्त्रालयले माग गरेको रकम अर्थ मन्त्रालयले समयमा निकासा नगर्नु र निर्वाचन आयोगलाई समयमा सबै तहबाट सहयोग नपुग्नुजस्ता समस्यामा सरकारी निकायहरू आपसमा अल्झेका छन्। हालै नियुक्ति पाएका मुख्य निर्वाचन अधिकृतहरूमध्ये केहीले सरकारको दबाबमा गैरकानुनी नियुक्ति पाएको व्यहोरा निर्वाचन आयोगले सार्वजनिक गरेको छ। त्यस्तै, निर्वाचन सम्पन्न गर्न जिम्मेवारी पाएका निर्वाचन अधिकृतहरूलाई श्री ५ को सरकारले पूर्ण सुरक्षाको प्रत्याभूति प्रदान गर्न नसकेको कुरा पनि नवनियुक्त निर्वाचन अधिकृतहरूबाट खुल्न आएको छ।



चुनावमा सुरक्षा दिन वर्तमान सुरक्षाकर्मी पर्याप्त नभएकाले सरकारले नपुग सुरक्षाकर्मीहरूको व्यवस्था गर्न गत हप्ता नियमावलीमा संशोधन गरेको छ। संशोधित नियमावलीमा भूतपूर्व भारतीय र बृटिस गोरखा सैनिकलाई पनि भर्ना गर्न सकिने प्रावधान राखिएको छ। विदेशी मुलुकको सैनिक सेवामा कार्यरत भएका पूर्वसैनिकलाई यहाँको सरकारी कार्यमा विधिवत लिन मिल्छ वा मिल्दैन भन्नेमा विवाद छ। तर, यति छोटो अवधिमा त्यस्तो मिश्रित सैनिक शक्तिलाई समूह बनाई एक बेग्लै प्रकृतिको सुरक्षाकर्मीको समूह तयार गर्न सकिन्छ वा सकिँदैन भन्ने बेग्लै विषय हो। त्यसैले ती विभिन्न देशका सेवामा बसेका र हाल अवकाश पाएर गृहकार्यमा लागेका ती सैनिक जवानहरूलाई तुरुन्त सरकारी सेवामा भर्ती गरेर कार्यक्षेत्रमा खटाउन मिल्दैन। कारण, सैनिक सेवाबाट अवकाशप्राप्त ती भूतपूर्व सैनिकहरूलाई सैनिकको पुनर्ताजगी तालिम दिनुपर्ने अनिवार्य हुन्छ भने निर्वाचनकार्यका लागि छुट्टै विशेष तालिम दिनुपर्ने हुन्छ। यो छोटो अवधिमा यो सबै कार्य सरकारले सम्पन्न गरेर घोषित तिथिमा सुरक्षाकर्मीलाई निर्वाचनक्षेत्रमा पुऱ्याउन सक्छ भन्ने कुरामा पूर्ण शङ्का छ।

प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०४७ को दफा २६ (३) ले भन्छ – 'उम्मेदवारको अन्तिम नामावली प्रकाशित गरेको दिनदेखि मतदान हुने दिनको बीचमा कम्तीमा तीस दिनको अन्तर हुनुपर्नेछ।' अर्थात् मतदाता-नामावलीको प्रकाशन, उम्मेदवारको मनोनयन, दाबी-विरोध इत्यादि सबै अनिवार्य प्रक्रिया पूरा गर्न घटीमा ४० दिन लाग्नेछ। आजको मितिसम्म कुनै पनि राजनीतिक दलहरूले निर्वाचनका लागि उम्मेदवार मनोनयन गर्न सकेका छैनन्। राजनीतिक दलको केन्द्रीय कार्यालयबाट दलको मनोनयनपत्र लिएर निर्वाचनक्षेत्रमा पुग्न पनि समय लाग्ने हुँदा घोषित तिथिमा चुनाव सम्पन्न हुन नसक्ने प्रस्ट देखिन्छ।

प्रधानमन्त्री र गृहमन्त्रीले बोल्दा घोषित समयमा चुनाव गराउन सक्छौँ भन्नुभएको छ। तर उहाँहरूको क्रियाकलाप र काम हेर्दा सो मितिमा सुरु मात्र गर्ने र सम्पन्न गर्न अरू चार-पाँच महिना लगाउने देखिन्छ। लामो समय लाग्दा आफू सत्तामा टिकिरहन सकिन्छ भन्ने उद्देश्यले पनि देउवासमूहले चुनावलाई आलटाल गर्दै लम्ब्याउन खोजेको प्रतीत हुन्छ। चुनावमा भाग लिने सबै राजनीतिक दलहरू पनि घोषित तिथिमा चुनाव सम्पन्न हुन्छ र संविधानको धारा ५३ (४) बमोजिम ६ महिनाभित्र प्रतिनिधिसभाका सदस्यहरू निर्वाचित भइसक्छन् भन्ने कुरामा विश्वस्त छैनन्। श्री ५ को सरकारको घोषित कार्यक्रमबमोजिम मङ्सिर ७ गते सबै प्रतिनिधिसभाका सदस्यको चुनाव सम्पन्न भई प्रतिनिधिसभा विधिवत खडा हुनुपर्छ, अन्यथा संवैधानिक सङ्कट सुरु हुन्छ भन्नेमा प्रधानमन्त्री देउवालाई थाहा नभएको हो वा जानी-जानी बुझ पचाएर व्यूहचक्रको रचना गरिएको हो, बुझ्न सकिएको छैन।

नेकपा (एमाले) को केन्द्रीय समितिको गत हप्ता चार दिनसम्म बसेको बैठकले निर्वाचनसम्बन्धमा लामो छलफल गरेर निचोडमा यथास्थितिमा निर्वाचन हुन नसक्ने ठहर गरेको छ। अरू राजनीतिक पार्टीले पनि त्यसै गरी समयमा निर्वाचन हुन नसक्ने अभिव्यक्ति दिन थालेका छन्। राजनीतिक दलहरूले गत हप्ता

प्रधानमन्त्री देउवालाई ज्ञापनपत्र बुझाएका छन् तर सरकारले त्यससम्बन्धमा कुनै प्रतिक्रिया दिएको छैन। एकातर्फ निर्वाचनका मूल सूत्रधार राजनीतिक दलहरूले सरकारको भनाइ र कार्यप्रति आशङ्का व्यक्त गरेका छन् भने अर्कोतर्फ निर्वाचन हुन सक्ने भन्नेमा मतदाता र उम्मेदवार दुवैले सरकारका क्रियाकलापमाथि विश्वास गर्न सकिरहेका छैनन्। चुनाव हुन थोरै दिन मात्र बाँकी रहँदा पनि साना-ठूला सबै राजनीतिक दलहरूले चुनावका लागि घोषणापत्र र पार्टीका उम्मेदवारको नामावली प्रकाशित गर्न सकेका छैनन्।

अहिले मुलुकमा जुन राजनीतिक शून्यता छाएको छ, यस्तो जनप्रतिनिधिशून्य अवस्था अप्रजातान्त्रिक भनिएको पञ्चायतकालमा पनि आएन। स्थानीय स्वायत्त शासनका सबै कार्यहरू कर्मचारीहरूबाट सम्पन्न गराउन थालिएको छ। यस अवधिमा २०५६ सालको आमनिर्वाचनले दिएको जनादेश र संविधानको धारा ३ बमोजिम यस मुलुकका नागरिकले दिएको अख्तियारीलाई देउवासमूहले गुमाइसकेको छ। २०५७ सालमा बहुमत पाएको नेपाली काङ्ग्रेसको संसदीय दलका नेताको हैसियतले प्रधानमन्त्री हुन पुग्नुभएका देउवाले हाल नेपाली काङ्ग्रेस (प्रजातान्त्रिक) का नेताका रूपमा निर्वाचन आयोगमा नयाँ दल दर्ता गराएपछि निजको असोज ७ गते पहिलेको हैसियत समाप्त भएको छ। यसैले प्रधानमन्त्री देउवाले एक मिनेट पनि बढी सत्तामा बस्नु हुँदैन, तर यति सजिलै प्रधानमन्त्री देउवा कुर्सी छोड्नुहुन्न।

चारैतर्फ हार खाइसकेपछि फेरि देउवा समूह यही असोज १४ र १५ गते नयाँ पार्टीको भेला बोलाएर नेपाली काङ्ग्रेसको मूल प्रवाहमा सम्मिलित हुन पुनः च्याँखे थाप्ने दाउमा बसेको छ। च्याँखे बल्झने वा अल्झने जे भए पनि त्यसको नतिजा भविष्यको गर्भमा छ। तर के स्पष्ट छ भने भ्रष्टाचारी र नवधनाढ्यका घेरामा चुलुम्म डुबेका दुवै समूहले ठीक निर्णय लिन सक्छन् भन्नेमा जनताले विश्वास लिएका छैनन्। जुट्ने र छुट्ने खेल आ□नो ठाउँमा छ, त्यससँग जनताले कुनै गहकिलो आशा राख्तैन, तर आगामी कार्तिक २७ गते सम्पन्न हुनुपर्ने आमनिर्वाचन हुनुपर्‍यो र राजनीतिक शून्य अवस्थाबाट मुलुक र जनताले मुक्ति पाउनुपर्‍यो।

स्पष्ट छ, अब आगामी मङ्सिर ७ गतेभित्र प्रतिनिधिसभाका सदस्यहरू सबै निर्वाचनक्षेत्रबाट निर्वाचित भएर आउन सक्तैनन्। अब संवैधानिक सङ्कट आउनेमा कुनै शङ्का छैन। यो समयको पर्खाइ पनि शेरबहादुर देउवाको प्रधानमन्त्रित्व लम्ब्याउने चाल हो। अहिले मुलुकमा जुन राजनीतिक शून्यता छाएको छ, यस्तो जनप्रतिनिधि-शून्य अवस्था अप्रजातान्त्रिक भनिएको पञ्चायतकालमा पनि आएन। अब संवैधानिक सङ्कटको निकासका लागि संविधानको धारा १२७ को प्रयोग अनिवार्य भएको छ।

**नेपाल समाचारपत्र, २०५९ असोज १३ गते आइतबार**



# शिक्षण संस्थान बन्द र सरकारी दायित्व

शिक्षा, स्वास्थ्य र न्यायजस्ता आधारभूत र मानवीय जीवनका अनिवार्य आवश्यक वस्तु जुन मुलुकका जनताले निःशुल्क प्राप्त गर्छन् ती मुलुकका जनताले नै वास्तविक प्रजातन्त्रको उपभोग गर्न पाएका हुन्छन्। मान्छे भएर जन्मेपछि मान्छे भएर बाँच्न उसले शिक्षा प्राप्त गर्न पाउनुपर्छ, काम गर्न शरीर स्वस्थ राख्नुपर्छ र अन्यायको विरुद्धमा उसले न्याय पाउनुपर्छ। नागरिक जीवनका यस्ता अत्यावश्यक र अनिवार्य प्राप्त गर्नुपर्ने वस्तुलाई पनि शुल्क निर्धारण भएपछि त्यो व्यक्ति, जसले बाँच्न पाउने नैसर्गिक अधिकार पाएको हुन्छ, त्यसबाट वञ्चित हुन पुग्छ। विश्वका धेरै प्रजातान्त्रिक मुलुकका जनताले शिक्षा, स्वास्थ्य र न्याय निःशुल्क प्राप्त गर्न सकेका छन्, त्यसैले त्यहाँ प्रजातन्त्रको स्थायित्व देखिन्छ। तर हाम्रो मुलुकमा भने यी तीनै वस्तुमा मोटो शुल्क निर्धारित भएका छन् र जनताले ती निर्धारित शुल्क चुक्ता गर्न सकिरहेका छैनन्। त्यसैले यहाँको शासन-व्यवस्थामा प्रश्नचिह्न लाग्ने गरेको छ।

यति खेर शिक्षाक्षेत्र तनावग्रस्त छ। हाल मुलुकका शिक्षण संस्थानहरू बन्द छन्। यी शिक्षण संस्थानहरू किन बन्द भएका छन् भन्ने प्रश्नको जवाफ कोहीसँग पनि दुरुस्त छैन। प्रथम पक्ष अखिल (क्रान्तिकारी) ले केही शैक्षिक माग राखी 'शिक्षण संस्थान बन्द' को घोषणा गर्‍यो र त्यसपछि दोस्रो पक्ष (प्याब्सन) को अनुरोधमा विद्यालय बन्द भए। यसै गरी अन्य शिक्षण संस्थानहरू पनि अघोषित रूपमा साथसाथै बन्द भए। यति मात्र होइन, क्याम्पसहरू पनि बन्द भए। ठीक छ, माओवादीका डरले विद्यालयका सञ्चालकहरूले विद्यालय बन्द गरे, तर क्याम्पसहरू किन बन्द भएका छन् ? त्यसको भने कतैबाट पनि सही जवाफ आएको छैन। यसै सन्दर्भमा वर्तमान शिक्षामन्त्री देवी ओझालाई सोधनी गर्दा उहाँलाई पनि थाहा छैन, किन सम्पूर्ण शिक्षण संस्थानहरू बन्द भएका छन्। केहीले बाध्यतावश बन्द गरेका छन् भने केहीले अवसर छोपेर बन्दको घोषणा गरेका छन्। जे भए पनि यसरी सबै शिक्षण संस्थानहरू बन्द हुनु मुलुकका लागि हितकर छैन भन्ने कुरा सबैले बुझेका छन्।

अखिल (क्रान्तिकारी) का विद्यार्थीहरूले विशेष माग राखी उपत्यकाका विद्यालयहरू मङ्सिर २३ गतेदेखि अनिश्चित कालका लागि बन्द गर्न आह्वान गरेका थिए। त्यसरी बन्दको आह्वानपत्रमा निजी स्तरबाट सञ्चालित विद्यालय र महाविद्यालयमा भएको व्यापारीकरणलाई लक्षित गरी मागहरू राखिएका थिए। ती मागमध्ये मुख्य पाँच मागहरू निजी स्तरका शिक्षण संस्थानहरूसँग प्रत्यक्ष सरोकार राख्तथे, ती हुन् – १. विद्यालयमा कार्यरत शिक्षक र कर्मचारीहरूलाई नियुक्तिपत्र दिनुपर्ने, २. शिक्षक र कर्मचारीको न्यूनतम तलब निश्चित हुनुपर्ने, ३. विद्यार्थीहरूबाट प्रत्येक वर्ष असुल गर्दै आएको प्रवेशशुल्क बन्द गर्नुपर्ने, ४.

वर्तमानको शुल्कमा पच्चीसदेखि पचास प्रतिशतसम्म कटौती गर्नुपर्ने, र ५. निजी स्तरबाट सञ्चालित शिक्षण संस्थानलाई सार्वजनिकीकरण गर्नुपर्ने ।

यी मागहरूमध्ये माथिका चार माग नागरिक समाजका दृष्टिकोणले विचार गर्दा त्यस्तो कुनै नाजायजजस्तो लाग्दैन । त्यसैले पनि प्याब्सनले माथिका मागमध्ये क्रमशः तीन माग पूरा गर्ने घोषणा गरिसकेको छ भने चौथो माग पनि घोषणा गर्ने तयारीमा छ । तर कसरी र कुन किसिमबाट गर्छ भन्ने कुरा सार्वजनिक भएको छैन, तापनि विद्यार्थीहरूसँग असुल गरिरहेको वर्तमान शुल्कलाई केही प्रतिशत कटौती गर्ने निश्चित छ ।

यसरी प्याब्सनले गरेको निर्णयलाई कहीँ-कतैबाट स्वागत भएको सुनिएको छैन अर्थात् यो निर्णयलाई माग गर्ने पक्षले स्वीकार गरेको छैन । त्यसैले पनि शिक्षण संस्थानहरू बन्द भइरहेका छन् । यसबारेमा वर्तमान सरकारका पदाधिकारी, निजी स्तरका शिक्षण संस्थानका सञ्चालकहरू र बन्दको आह्वान गर्ने अखिल (क्रान्तिकारी) का बीचमा संवाद हुन नसकेको कारणले नै यो समस्याले जटिल रूप लिएको हो भन्ने अनुमान गर्न सकिन्छ ।

जुन मुलुकमा सरकार अभिभावकका रूपमा स्थापित भएको हुन्छ, त्यो सरकारले अग्रिम रूपमा नै नीति तथा योजना बनाई कार्यान्वयनमा ल्याएको हुन्छ । त्यस्तो सरकारबाट सबै क्षेत्र विश्वस्त हुन्छन् । यो 'शिक्षण संस्थान बन्द' को समस्याका बारेमा वर्तमान सरकारले अखिल (क्रान्तिकारी) का विद्यार्थीले घोषणा गरेको अनिश्चितकालीन शैक्षिक हड्ताल सुरु हुनु चार दिनअघि मात्र अर्थात् मङ्सिर १९ गते शैक्षिक क्षेत्रको सुधारका लागि २९ बुँदे कार्यक्रम घोषणा गरेर कर्तव्य निर्वाह गरेको देखाएको छ । यद्यपि ती घोषित २९ बुँदे कार्यक्रममा नेपाली समाज र माटोविपरीतका नीतिहरू पनि समावेश भएका छन्, जसलाई फेरि संशोधन गर्नुपर्ने देखिन्छ । तर पनि समस्याको समाधान भने हुन सकेन र बन्दकार्यक्रम निरन्तर चलिरहेको छ । यसैबीच प्याब्सनले पनि शिक्षण संस्थान बन्द गर्ने निर्णय गरेर तीन पटकसम्म घोषणा गरिसकेको छ र अब चौथो घोषणा के गर्ने हो, सबै प्रतीक्षारत छन् । यस किसिमबाट सम्बन्धित पक्षहरूका बीचमा तालमेल नहुँदा शिक्षाक्षेत्रमा समस्याले विकराल रूप धारण गर्दैछ ।

शिक्षा ऐनको सातौँ संशोधन र त्यसअन्तर्गत बनेका नियमावलीले तोकेका सर्तहरू सरकारले पूर्ण रूपमा लागू गर्न नसक्ता पनि यो समस्या आएको देखिन्छ । निजी क्षेत्रका विद्यालयहरूको वर्गीकरण गर्ने र विद्यालयको शुल्क निश्चित गर्ने कार्यक्रम यसै शैक्षिक सत्रदेखि थालनी गर्नुपर्नेमा त्यसतर्फ सरकारले ध्यान नै नदिएको कारणले पनि यो समस्याले चर्कने मौका पाएको हो । वास्तवमा निजी विद्यालय र महाविद्यालयहरूमा शैक्षिक माफियाहरूको प्रत्यक्ष वा परोक्ष हात भएको कारणले गर्दा शिक्षाक्षेत्रमा जुनसुकै सुधारका नीति लागू गर्न खोजिए पनि ती सुधारका कार्यक्रमहरू बीचैमा तुहिने गरेको व्यहोरा कसैबाट छिपेको छैन । ऐन र नियमबमोजिम सरकारले यसै शैक्षिक सत्रदेखि लागू गर्नुपर्ने शुल्कसम्बन्धी नीति लागू गरेको भए विद्यार्थी र अभिभावक दुवैलाई आर्थिक रूपमा राहत मिल्ने थियो । ऐन-



नियमविपरीत एक वर्ष मात्र पनि शुल्क असुल गर्न पाए भने विद्यालय र सरकारी कर्मचारी दुवै थरीले मोटो रकम असुल गर्न सक्ने भएका कारणले पनि यो वर्ष शुल्कसम्बन्धी नीति लागू हुन नसकेको देखिन्छ ।

निजी स्तरबाट चलेका शिक्षण संस्थानहरूलाई यो शिक्षा ऐन सातौँ संशोधनले अङ्कुश लगाउने मनसाय राखी गुठी वा कम्पनीमा परिणत गर्नुपर्ने प्रावधानको पनि व्यवस्था गरेको छ । तर वर्षौंदेखि कर नतिरी र हिसाब नदेखाई व्यक्तिगत सम्पत्तिका रूपमा सञ्चालन गर्दै आएका शिक्षामाफियाहरूका लागि यो शिक्षा ऐनको संशोधन फलामको चिउरा साबित भएको छ । यद्यपि नेपालजस्तो मुलुकमा शिक्षण संस्थानलाई व्यापारिक कम्पनीका रूपमा परिणत गर्न मिल्दैन र त्यसरी चल्न पनि सक्तैन । यस्ता लागू हुन नसक्ने नीति निर्माण गर्ने र असफल हुने कार्यले निरन्तरता पाएको हुँदा नै यस्ता समस्याहरू बटुलिन थालेका हुन् ।

नेपालको शैक्षिक क्षेत्रमा २०४६ सालभन्दा अगाडिदेखि नै टुसाएको शैक्षिक माफियातन्त्रले विगत १२ वर्षको समयमा मौलाएर भाङ्गिने मौका पाएको व्यहोरा कसैबाट छिपेको छैन । शिक्षाजस्तो पवित्र विषयलाई उद्योग-कलकारखानाजस्तो हिसाबले सञ्चालन गरेर मनपर्दो किसिमबाट व्यापारीकरण गर्दा पनि श्री ५ को सरकारका जिम्मेवार पदाधिकारीहरूले कुनै नियन्त्रणको बाटो अख्तियार नगरी मनपर्दो हिसाबले चल्न दिएको नतिजास्वरूप अहिले खप्न नसक्ने समस्या देखा परेको हो । यतिखेर निजी क्षेत्रमा सञ्चालित विद्यालयहरू र महाविद्यालयहरू आफैँमा समस्याग्रस्त हुन पुगेका छन् । तर हाम्रा सत्तासीन नेताहरू भने प्रजातन्त्रको दुहाई दिई कामको न्यूनीकरणमा लागेर समस्यालाई अल्झाउन र बल्झाउन थालेका छन् ।

वर्तमानका शिक्षामन्त्री देवीप्रसाद ओझा कुनै समयमा नेकपा (माले) का प्रभावशाली नेतामध्येका हुन् र पहिलेको संयुक्त सरकारमा पनि शिक्षा मन्त्रालय सम्हाल्ने सौभाग्य पाएका व्यक्ति हुन्, साथै उनी एक कुशल शिक्षक पनि हुन् । उनलाई शिक्षाक्षेत्र बुझ्दै नबुझेको नयाँ व्यक्ति भन्न सकिँदैन । त्यसैले उनले यो समस्यालाई बुद्धिमत्तापूर्ण तरिकाले सम्हाल्न सक्नुपर्छ वा नसक्ने हो भने समयमै नसक्ने व्यहोराको जानकारी जनसमक्ष दिएर फुर्सद लिन सक्नुपर्छ । कुनै व्यक्तिको असक्षमताका कारण मुलुक र जनताले क्षति बेहोर्नुपर्‍यो भने शिक्षणसंस्था, विद्यार्थी र त्यसका अभिभावकका लागि सह्य स्थिति रहँदैन ।

**नेपाल समाचारपत्र, २०५९ पुस ७ गते आइतबार**

## सन्दर्भ : सरकारबाट भएको राजनीतिक भ्रष्टाचार

# विशेषाधिकार भएको राजनीतिक भ्रष्टाचार

२०५३ असोज २० गते बसेको राष्ट्रिय सभामा संसद्को विशेषाधिकार हनन सम्बन्धी प्रस्तावबारे सांसद प्रेमबहादुर सिंहद्वारा प्रस्तुत प्रस्तावलाई सर्वसम्मतिद्वारा स्वीकृत गर्दै सदनले विशेषाधिकार समिति गठन गरेको छ । यस समितिमा वरिष्ठ अधिवक्ता तथा सांसद कृष्णप्रसाद घिमिरेलगायत सांसदहरू सुवासचन्द्र नेम्वाङ, बलराम उपाध्याय, ओमकार श्रेष्ठ र हरिदत्त भट्टलाई सम्मिलित गराइएको छ । राष्ट्रिय सभाको विशेषाधिकार हनन भएको बारेमा छानबिन गरी आवश्यक कारवाहीलाई अगाडि बढाउन गठित विशेष समितिले आ□नो कारवाही गर्न थालेको छ । यसै क्रममा 'हिमालय टाइम्स' का सम्पादक मुरारीप्रसाद उपाध्याय तथा उज्ज्वल शर्मालाई बयान लिने काम भइसकेको छ । 'हिमालय टाइम्स' को असोज २० गतेको सम्पादकीयबाट संसद् र सांसदप्रति वितृष्णा फैलाउने कार्य भएको र राष्ट्रिय सभाको विशेषाधिकार हनन भएको आरोप लगाउँदै गठन भएको यस समितिलाई 'गोरखापत्र दैनिक' को र 'सौर्य साप्ताहिक' को लेख, कार्टुन, टिप्पणीका विरुद्धमा पनि छानबिन गरी किनारा लगाउने अधिकार राष्ट्रिय सभाले प्रदान गरेको छ ।

प्रसङ्ग साधारण रहेर पनि विषयको कारणले गर्दा यो गम्भीर हुँदै गइरहेछ । यसतर्फ नसोचूँ र नलेखूँ भन्दा पनि विषयले घच्घच्याएर लेख्न बाध्य गराएको छ ।

संयुक्त राष्ट्रसङ्घको ५१ औं महासभा यही सेप्टेम्बर तेस्रो हप्तामा सुरु हुँदा यो टिप्पणीकार न्युयोर्कमा थियो । सभा सुरु हुनु केही दिनअगाडिदेखि नै सभाको औचित्य र छलफलका प्रमुख विषयहरूका सम्बन्धमा पत्रपत्रिका, रेडियो र टेलिभिजनले आ-आ□ना किसिमबाट टिप्पणी गर्न थाले । सबै देशका प्रतिनिधिहरू सभामा भाग लिन आएको छिटफुट खबर आउन थालेपछि नेपालीका नाताले हाम्रो मुलुकबाट को-को आउन थाले भन्ने ममा जिज्ञासा रहनु स्वाभाविकै थियो । संयुक्त राष्ट्रसङ्घको महासभा सुरु भएको १ हप्तासम्म पनि नेपालबाट प्रतिनिधि नआएको मैले जानकारी पाएपछि न्युयोर्कस्थित नेपालका स्थायी प्रतिनिधि नरेन्द्रविक्रम शाहलाई टेलिफोनद्वारा यसबारेमा सोधखोज गरैं । यस सम्बन्धमा उहाँले भन्नुभयो – "हेर्नुहोस्,



सभा सुरु भइसक्यो, खै, नेपालबाट कोही आउने केही खबर आएको छैन । आउलान्, तर आए पनि नआए पनि काम त रोकिएको छैन । हामीले सुरु दिनदेखि नै भाग लिइरहेका छौँ ।"

यो उहाँको कूटनीतिक बोली थियो । धेरै जानकारी लिने कुरा पनि भएन । अन्तमा मैले अनुरोध गरैं – "को-को आउँदैछन्, जानकारी दिनुभए वेश हुने थियो ।"

हुन पनि विगतका अनुभवहरूले पनि यही बताउँथ्यो । यहाँबाट गएका प्रतिनिधिहरूले राष्ट्रसङ्घको सभामा केवल मूकदर्शक भएर बस्नुबाहेक मुलुक र जनताका लागि केही उपलब्धि हासिल गराएका थिएनन् । यसै क्रममा नेपालबाट जाने प्रतिनिधिका बारेमा टिप्पणी गर्दै न्युयोर्कस्थित नेपाली नियोगका एक जना कर्मचारीले भन्नुभयो – "सभामा के बोल्ने भनेर हामीले लेखेर टाइप गरी राखिदिएकै छौँ । यो लेखको बोली मुलुकका तर्फबाट जसले बोलिदिए पनि के फरक पर्छ ?"

उहाँको भनाइले मलाई एक छिन स्तब्ध तुल्यायो । तर वास्तविकतालाई कसैले नकार्न सक्तैन । हामी के छौँ र कुन तहमा छौँ, हामी सबैलाई थाहा छ ।

यही अक्टोबर ५ तारिख (आश्विन १९ गते शनिबार) का दिन एक जना हाम्रै नियोगका वरिष्ठ अधिकारीले मलाई फोन गरेर भन्नुभयो – "महासभामा भाग लिन भनेर नेपालबाट १९ जना प्रतिनिधि आज न्युयोर्क आइपुगे । सभा लगभग आधा समाप्त भइसक्यो । किन यो पल्टन पठाएको हो, केही बुझ्न सकिएन । कसलाई कहाँ राख्ने, कसलाई कहाँ राख्ने, बडो गाहारो भयो । कोही होटलमा बस्न चाहँदैनन् । ठाडै भन्छन् – हामी कहाँ खर्च गर्न सक्छौं र ? कुनै नेपालीकहाँ वा कुनै कर्मचारीकहाँ मिलाएर राखिदिनुहोस् भनेर अनुरोध गर्छन् । यस्तै किसिमबाट सबै बाँडफाँड भए । केही मकहाँ, केही अर्काकोमा गर्दा प्रतिभा राणा (प्र० म० देउवाकी सासू) चाहिँ एम्बेसेडरको रेसिडेन्समा बस्ने हुनुभयो । भोलि-पर्सिसम्ममा सबैलाई मिलाउनुपर्ला । होटलरुममा मिलाएर (सेयर गरेर) भए पनि एडजस्ट त गर्नैपर्‍यो † "

मेरो एक प्रश्नको उत्तरमा उक्त अधिकारीले भन्नुभयो – "यी प्रतिनिधिहरूमा धेरै नै डलर बचाएर लाने बानी बसिसकेको हुँदा सरकारले पुग्दो रकम दिँदा पनि यिनीहरू खर्च गर्न चाहँदैनन् ।"

मलाई थाहा छ – यो नेपालीको आ□ नै व्यथा हो । गएका सालहरू १९९३ देखि मैले लगातार देखिरहेको छु र अनुभव गरिरहेको छु, यहाँबाट गएका प्रतिनिधिहरू न्युयोर्कमा कसरी बसी बिहान-बेलुकाको गुजारा गर्छन्, कति धाक लगाउँछन् र त्यहाँका नेपालीहरूलाई आ□ नो प्रभावमा पारेर कसरी डलर बचाउँछन् । हाम्रो जस्तो गरिब मुलुकका जनताले बढी खर्च गर्नु (फजुल खर्च) ठीक होइन । यो बचतको सिद्धान्त व्यक्तिगत रूपमा मात्र नभएर सार्वजनिक रूपमा पनि सोचिदिएको वा भइदिएको भए कति वेश हुने थियो ।

यही कुरालाई एउटा पत्रिकाले टिप्पणीका क्रममा सदाशयताका साथ लेखेको विषयलाई सांसद महोदयहरूले संसद्को मर्यादा हनन भयो भनेर होहल्ला मच्चाउनु

पनि त संसद्को मर्यादा हनन भएको होइन त ? यो प्रश्न अहिले सार्वजनिक चासोको विषय हुन आयो ।

नेपाल अधिराज्यको संविधानको धारा ६२ को उपधारा ७ अनुसार विशेष अधिकारको हनन भएको छ वा छैन भन्ने निर्णय गर्ने अधिकार सम्बन्धित सदनलाई मात्र छ । यहाँ नेपालको संविधानको धारा ६२ को उपधारा ३ उल्लङ्घन भएको दावी गर्दै प्रस्ताव विशेषाधिकार समितिमा गएको हुँदा समितिको निर्णय नै अन्तिम हुन्छ । यसबारेमा कुनै अदालतमा बहस-पैरवी वा मुद्दा दायर हुन सक्तैन । सदनलाई कसैले निर्देश गर्न सक्तैन र हुँदैन पनि । सदन आफू स्वयम्मा प्रश्न खडा गर्ने र निर्णय गर्ने अधिकारी भएको हुँदा यहाँ कसैले चासो राख्नु पनि हुँदैन । तर त्यस्ता नचाहिँदा विवाद ल्याएर सदनलाई सदनका सदस्यहरूले अलमल्याउन खोज्छन् भने वा सदस्य नै सदन हो भन्ने हुङ्कार गर्छन् भने त्यस्ता सदस्यहरूलाई सदनको गरिमा, मर्यादा र विशेषाधिकारका बारेमा जान्नेले जानकारी दिनुपर्छ । यस्तो अवस्थामा सजग गराउने काम पत्रकार, राजनीतिक टिप्पणीकार तथा अन्य बौद्धिक समुदायको हो । असल मनसाय राखेर कसैका कमी-कमजोरीलाई औँल्याउँदा वा सचेत गराउँदा कसैको गरिमामा खलल पुऱ्याएको र मर्यादामा हनन गरेको हुँदैन । बरु यसबाट गलत बाटोलाई पन्छाएर असल र राम्रो बाटो हिँड्ने बानी बस्न सक्छ ।

असोज २० गते 'हिमालय टाइम्स' को 'सम्पादकीय' को सुरुमै भनिएको छ – "प्रजातन्त्रप्रति नै जनतामा वितृष्णा उत्पन्न गराउन षड्यन्त्र भइरहेको देखेर बेलाबखत चिन्ता प्रकट गर्न नेपाल अधिराज्यका जनप्रतिनिधि सांसदहरू धेरैजसो आ□नो क्रियाकलापले संसद्प्रति मात्र होइन, प्रजातान्त्रिक पद्धतिप्रति नै नकारात्मक प्रभाव परिरहेको तथ्यतर्फ अनभिज्ञ देखिएका छन् ।"

यो वाक्यले सांसद महोदयहरूलाई आ□नो स्वार्थमुखी क्रियाकलापलाई निरीक्षण गर्न बाध्य तुल्याएको छ भने त्यस 'सम्पादकीय' को अन्तिमतिर सांसदहरूलाई सचेत गराउन भनिएको छ – "अहिले जनसामान्यमा प्रजातन्त्रप्रति वितृष्णा छैन । राजनीतिक दलहरूप्रति पनि मोहभङ्ग नै भएको छ भन्न मिल्दैन । तर सांसद र मन्त्रीहरूको क्रियाकलाप र सुविधामुखी आचरणबाट चाहिँ जनसामान्य पनि आक्रोशित देखिएका छन् ।"

यस्तो वास्तविक तथा सत्य उद्गार व्यक्त भएको 'सम्पादकीय' प्रति सांसदहरूले किन रोष प्रकट गरेको हो, बुझ्न सकिएन ।

सायद यी तलका वाक्यदेखि सांसदहरू उतर्सेका हुन् कि, जुन 'सम्पादकीय' को मध्यमा उल्लेख गरिएको छ – "संयुक्त राष्ट्रसङ्घको महासभामा पठाइएको सरकारी प्रतिनिधिमण्डल स्वयं नै औचित्यहीन भएको र त्यसमा सामेल गरिएका व्यक्तिहरू तथा सङ्ख्याको कुनै सान्दर्भिकता नभएको तथ्यप्रति विरोध प्रकट गर्नुभन्दा आफू सामेल हुन नपाएको झोक मात्र देखाएकाले उनीहरूको विरोध विदेश-भ्रमण र नगद-आर्जनको मोहबाट मात्र प्रेरित देखा पऱ्यो । यसै पनि जनसाधारणको आँखामा



सुविधाभोगीका रूपमा सांसदहरूको नकरात्मक छवि बनिसकेको सन्दर्भमा यस प्रसङ्गले सम्मान र मर्यादा होइन, वितृष्णा नै थपेको छ ।"

यी वाक्यहरूभन्दा अगाडि सांसदहरूको मर्यादा र गरिमाको (प्रकट रूप होइन) सम्मान गर्दै भनिएको छ – "सरकारका कृपापात्रहरूको लावालस्करमा सामेल हुन नपाउँदा चर्को रोष प्रकट गरे ।"

यी माथिका कुनै पनि वाक्यले सदनको गरिमा वा मर्यादाको हनन भएको जनसाधारणले महसुस गर्न सक्तैनन् तर सांसद र मन्त्रीहरूको क्रियाकलाप गैरप्रजातान्त्रिक छ भन्नुचाहिँ खुला सत्य हो जो सबैका सामु छ र जो कसैले पनि लुकाउन सक्तैन । सांसद र मन्त्रीहरूको स्वार्थान्धताको कारणले गर्दा मुलुक दिनप्रतिदिन धापमा जाकिँदैछ । जनताको सेवकका रूपमा आएका प्रतिनिधिले 'विशेष व्यक्ति' को पगरी गुथेर मनपर्दो गरिरहँदा जनता र पत्रकारले केही बोल्न वा लेख्न पाउँदैन भन्ने प्रश्न उठ्तैन ।

विचार गरौँ – असोज १७ गतेका दिन राष्ट्रिय सभाका सांसदहरूले शून्य समयलाई बहिष्कार गर्दै सदनलाई होहल्लामा परिणत गरे । यसै क्रममा सरकारको तीव्र आलोचना भयो । बैठकका प्रमुख वक्ता थिए शङ्करप्रसाद उप्रेती, डिल्लीप्रसाद सिटौला, ओमकार श्रेष्ठ, महेन्द्रकुमार मिश्र, रत्नबहादुर विश्वकर्मा, प्रेमबहादुर सिंह, बलराम उपाध्याय तथा गोल्छे सार्की । यी सबै वक्ताहरूको एउटै बोली थियो – "संयुक्त राष्ट्रसङ्घको महासभामा भाग लिन जाने नेपाली प्रतिनिधिमण्डलमा प्रतिनिधिसभाका सदस्यलाई मात्र समावेश गरी राष्ट्रिय सभाका सदस्यहरूलाई समावेश नगराएबाट राष्ट्रिय सभाको गरिमा, प्रतिष्ठा र मान्यातमा गम्भीर आँच आउन पुगेको छ ।"

मैले सम्झेँ एउटा पाठशालाका विद्यार्थीहरूमध्ये माथिल्लो तहका विद्यार्थीहरूले पिकनिकमा लगेनन् भनेर तल्लो कक्षाका विद्यार्थीहरूले उत्तेजित भएर चिच्याएको । तिनीहरूले रोष प्रकट गर्दै कक्षा बहिष्कार गर्दा फजुलमा आफूलाई नोक्सानमा पारेका हुन्छन् । यो वास्तविकतालाई ती विद्यार्थीले त्यति खेर मात्र बुझ्छन् जति खेर ती बुझ्न सक्ने तहमा पुगेका हुन्छन् ।

यसै सन्दर्भमा राष्ट्रिय सभाका एक जना सांसदलाई सम्झना दिलाउन चाहन्छु । उहाँले १९९४ र १९९५ मा लगातार दुई वर्ष संयुक्त राष्ट्रसङ्घको महासभामा भाग लिन प्रतिनिधि भएर जाँदाका बखत प्रतिनिधिसभा र अन्य निकायले विरोध जनाए, किनभने महासभामा भाग लिने भन्ने कुरा कुनै ठूलो बाजी मार्ने कुरा थिएन र होइन । त्यहाँ गएर के गर्न सकिन्छ ? उहाँले दुई वर्ष लगातार प्रतिनिधित्व गर्दा के हासिल गर्नुभयो ? अन्तर्राष्ट्रिय स्तरमा नेपालको हैसियतको स्तर के छ ? हामीले बोलेका र पोखेका विचारहरू कसले सुन्छन् ? आदि-आदि प्रश्नको जवाफ उहाँ स्वयम्ले बुझ्नुभएको छ र भोग्नुभएको छ । उहाँलाई यो पनि थाहा छ – यहाँबाट खटिएका प्रतिनिधिहरूले पाएको भत्ता बचाउन कमसेकम खर्च गरेर समय गुजारा गर्छन् । उहाँ स्वयम् न्युयोर्कमा बस्ता पहिलो वर्ष केही दिन होटलमा र केही

दिन साथीभाइकहाँ बसेर गुजार्नुभयो भने दोस्रो वर्ष न्युयोर्कस्थित कोलम्बिया युनिभर्सिटीका एक नेपाली विद्यार्थीको डेरामा पूर्ण रूपमा पाहुना लागेर बिताउनुभयो। नदेखेकाले र नबुझेकाले त बुझेनन्, तर अनुभवी सांसदले त सांसदहरूलाई वास्तविकताको जानकारी गराउनुपर्ने हो।

हामीले संसदीय प्रजातन्त्र, बहुदलीय व्यवस्था यस कारणले हासिल गर्न खोजेका हौँ कि हामी आ□ना विचारको अभिव्यक्ति स्वतन्त्रतापूर्वक गर्न सकौँ। हाम्रो कलमलाई रोक्ने कुनै विशेष आधारयुक्त शस्त्र कुनै मूर्खको हातमा नरहोस् र नपरोस् भन्नका लागि हाम्रो कलम सधैँ सजग रहिरहनुपर्नेछ। यसबाट प्रजातन्त्रलाई शक्ति प्रदान गर्न सकिन्छ। त्यसैले यो सानो लेखलाई प्रतिवेदनका रूपमा स्वीकार गरिपाउन मर्यादित सदनको विशेषाधिकार समितिमा म विनम्र अनुरोध गर्दछु।

**हिमालय टाइम्स, २०५३ कात्तिक १४ गते बुधबार**

**भरत जङ्गम – 'पचास प्रसङ्ग' बाट**

### सरकारले अखबार चलाउनुपर्ने अवस्था

विकसित मुलुकको प्रजातान्त्रिक सरकारले अखबार चलाएको हुँदैन र चलाएको छैन। तर हाम्रो जस्तो मुलुक जहाँ विकास, चेतना र सम्पन्नता केही मुट्ठीभर नागरिकले मात्र उपभोग गरेका छन्, त्यस्तो समाजमा अखबार सरकारले नचलाए सरकार स्थायी हुन सक्तैन। सरकार स्थायी नभए राष्ट्रिय विकासको गति रोकिन्छ र यस्तो अस्थायी अवस्थामा नेता तथा कार्यकर्ता स्वेच्छाचारी हुन पुग्छन् र राष्ट्रिय हितभन्दा व्यक्ति र पार्टीको हित सर्वोपरि हुन सक्छ। यस्तो अवस्थामा राष्ट्र भ्रष्टाचार, अन्याय र अत्याचारको दलदलमा फस्तै जान्छ।

**– माध्यम निजीकरणलाई विचार गर्दा**



# प्रधानमन्त्री थापा र भ्रष्टाचार-निवारणको प्रसङ्ग

२०५४ फागुन ८ गते प्रतिनिधिसभाको रोस्ट्रममा उभिएर प्रधानमन्त्री सूर्यबहादुर थापाले स्पष्टरूपमा मुलुकमा भ्रष्टाचार भइरहेको प्रसङ्ग उल्लेख गर्नुभयो। यसका लागि पूर्वसरकारमा रहेका पार्टी र नेताहरूलाई उहाँले त्यति बेला दोषी ठहऱ्याउनुभयो। उहाँले सांसद र पार्टीनेताहरूलाई सुरा त सामान्य थियो, अब सुन्दरी पनि चाहिने भएको उल्लेख गर्नुभयो। कतिपय सांसदहरूको गैरजिम्मेवार र अनैतिक व्यवहारको कारण सत्ताराजनीति हुन पुगेको विचार प्रकट गर्दै यसको जिम्मेवारी हामी आफैँ हौँ भन्ने कुरा पनि उहाँले स्वीकार गर्नुभयो। अझ सांसदको किनबेच भएको बारेमा समेत जोड दिएर स्पष्ट शब्दमा उहाँले एक जना सांसदको मूल्य ५० लाखदेखि डेढ करोडसम्म निर्धारण भएको आफूले बुझेको समेत बताउनुभयो।

यी सबै कुराबाट सर्वसाधारण नेपाली जनता, जो अभावग्रस्त जीवन बिताउन बाध्य छन्, ले के सोचे होलान् ? एउटा सांसदले एक पटक सरकार फेरबदल हुँदा लाखौँ रुपियाँ पाउँछ भने सरकारमा जानेले राष्ट्रिय ढुकुटी कति साफ गर्ने रहेछन् त ? यो अत्यन्त गम्भीर प्रश्न हो। हरेक नेपालीले यसलाई मनमस्तिष्कमा राखेर सत्तामा पुगेका व्यक्तिहरूलाई यो प्रश्न बारम्बार सोधिरहने र तिनीहरूको बदलिएको रहनसहन, विधिव्यवहारलाई अध्ययन गरेर मूल्याङ्कन गर्नुपर्ने खाँचो देखिएको छ। कुनै पनि जनप्रतिनिधिले जनताको सेवा र मुलुकको विकासकोषलाई बेवास्ता गरी आफू मात्र बन्ने कार्य गरेको र विश्वासघात गरी धनसङ्कलन गर्ने कार्य गरेको ठहर हुन आएमा तिनीहरूलाई भ्रष्टाचारी मात्र होइन, राष्ट्रघातीको घोषणा गरेर उचित दण्ड दिने व्यवस्था गर्नुपर्ने खाँचो देखिएको छ।

नेपालको इतिहासमा संसद्को रोस्ट्रममा उभिएर सरकारप्रमुखले यसरी स्पष्टसँग बोलेर भ्रष्टाचार भइरहेको र भ्रष्टाचार हुने कुरा स्वीकार गरेको यो पहिलो पटक हो। मुलुकमा भ्रष्टाचार व्याप्त छ भनेर जनताले भन्नु वा एउटा नागरिकका हैसियतले सूर्यबहादुर थापाले भन्नुमा कुनै केही फरक पर्दैन र कुनै जिम्मेवारी र दायित्व तुरुन्तै बोक्नु पर्दैन। तर सरकारमा संलग्न कुनै उच्च कर्मचारी वा मन्त्रीले त्यही कुरा बोल्यो भने वा भ्रष्टाचार भएको छ भनेर स्वीकार गऱ्यो भने तुरुन्तै त्यसको निर्क्योल गर्नुपर्छ वा छानबिन सुरु गरेर जनसमक्ष यथार्थताको जानकारी गराउनुपर्छ। त्यसमा पनि मुलुकको प्रधानमन्त्रीले प्रतिनिधिसभामा बोल्नुभएको कुरालाई सरकारले कसरी लिएको छ, जनता थाहा पाउन उत्सुक छ।

त्यस दिन प्र० म० थापाको स्पष्टोक्ति सुनेर मुलुकको भ्रष्ट मनोवृत्तिबारेमा चिन्तित हजारौँ नागरिकहरू खुसी भए होलान्। धेरैले सोचे होलान् – अब

भ्रष्टाचारविरोधी आन्दोलन माथिबाट अर्थात् सरकारबाट नै छेडिनेछ, साथै चाँडै नै यसको नियन्त्रणका लागि योजनाहरू तर्जुमा हुनेछन् । अझ शक्तिहीन भएर भ्रष्टाचार नियन्त्रणको जिम्मा लिएर बसेका सरकारी निकायहरू, जस्तै अख्तियार दुरुपयोग अनुसन्धान आयोग, जो नेपाल अधिराज्यको संविधानमा संवैधानिक अङ्गका रूपमा रहेको छ, तथा गृह मन्त्रालयअन्तर्गतको विशेष प्रहरी विभाग, जो सरकारभित्र भ्रष्टाचार निवारणको जिम्मा लिएर बसेको छ, ले खुसीको सास फेरे होलान् ।

नेपाल अधिराज्यको संविधान, २०४७ मा भ्रष्टाचार-नियन्त्रण गर्नका लागि भाग १२ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको व्यवस्था गरी त्यसको काम, कर्तव्य र अधिकारलाई उल्लेख गरी शक्तिवान् देखाउन खोजिएको छ । विश्वको कुनै पनि मुलुकमा यसरी भ्रष्टाचार-निवारण वा नियन्त्रण गराउने एकाइलाई संविधानमा यसरी व्यवस्थित गरिएको छैन । तर आयोगको कार्यविधि बनाउँदा विधानका धाराहरूसँग बाझिने किसिमबाट बनाइदिँदा अख्तियार दुरुपयोग अनुसन्धान आयोग नाम मात्रको भएर बसेको छ । यससम्बन्धमा कानुन बनाउने र आयोगलाई क्रियाशील बनाउनेतर्फ कुनै नेता तथा सांसदहरूको पर्याप्त ध्यान गएको छैन ।

प्रधानमन्त्री सूर्यबहादुर थापा भ्रष्टाचारका विरोधी हुनुहुन्छ, भ्रष्टाचारलाई नियन्त्रण गर्नुपर्ने उहाँ महसुस गर्नुहुन्छ भने सर्वप्रथम उहाँले अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई बलियो र बढी क्रियाशील बनाउने कानुनको तर्जुमा गरेर तुरुन्त मन्त्रिपरिषद्बाट पास गराई अध्यादेश ल्याउने व्यवस्था मिलाउनुपर्‍यो । अथवा यही हिउँदे सेसनमा प्रतिनिधिसभामा प्रस्तुत गराउने व्यवस्था मिलाउनुपर्‍यो । आयोगलाई आवश्यक ऐनको व्यवस्थाका लागि तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको पालामा मस्यौदा भई कानुन मन्त्रालय र संसदीय बैठकमा पेस हुने चर्चासँगसँगै मस्यौदालाई काँटछाँट गर्न र शक्तिहीन बनाउने कार्य पनि रोकिएको छैन भन्ने चर्चा पनि उत्तिकै सुनिन्छ । उक्त विधेयक कुन रूपमा प्रस्तुत हुने हो र कसरी पारित हुने हो, त्यो हामी आम जनताका लागि चासोको विषय भएको छ ।

भ्रष्टाचार-नियन्त्रण हुनुपर्छ भन्न जति सजिलो छ यसको नियन्त्रणका लागि योजना बनाई कार्यान्वयन गर्न त्यत्तिकै गाह्रो छ । प्रधानमन्त्री थापाले भोलिदेखि नै कार्यसम्पादन हुन थाल्ने हो कि भन्ने किसिमको भान पार्दै बोल्नुभयो र हामीले खुसी भएर सुन्यौं । भ्रष्टाचारको नियन्त्रण हुनुपर्छ भन्ने विशाल चेतनशील समूह मन्त्रमुग्ध थियो । तर यससम्बन्धमा कार्यको थालनी कहिले हुन्छ भन्ने कुराचाहिँ प्रतीक्षाकै विषय बनेको छ । उहाँले बोल्ने क्रममा आफू स्वयम्लाई पनि प्रकारान्तरमा दोषी ठहर गर्नुभएको छ । अर्थात् सबै कारवाहीका भागी छन् । त्यसैले पनि भ्रष्टाचार-नियन्त्रण अत्यन्त अप्ठ्यारो कार्य देखिन आएको छ ।

थापाले रोस्ट्रमबाट आ□नो विवशता प्रकट गर्दै भन्नुभएको थियो – “किटानसाथ यही मन्त्रालय भए काम गर्छु, होइन भने सहमति जनाउन सक्तिनँ भन्नेजस्ता कुरा पनि आए ।”



प्र० म० थापाले स्पष्ट नभनेर पनि सबै भ्रष्टाचारीको अनुहारलाई साङ्केतिक रूपमा स्पष्ट पार्न खोज्नुभयो । आपूर्ति मन्त्रालयले नपुगी स्थानीय मन्त्रालयमा जान आतुर हुने, करोडौं रुपियाँ बटुल्न जलस्रोत मन्त्रालय नै चाहिने, सात पुस्तालाई खान पुग्ने गरी सम्पत्ति जोड्न सकिने निर्माण तथा यातायात मन्त्रालय र सुन ओसार्न गृह मन्त्रालय नपाए समीकरण नै नहुने तथा दलबदल गरेर पनि वन मन्त्रालय नै चाहिने कस्तो बिडम्बना हो यो ? थापाले जुन जोसका साथ भ्रष्टाचारका विरुद्ध प्रतिनिधिसभामा आ□नो आवाज बुलन्द गर्नुभयो, साधारण जनताले बोल्न नसकेका यथार्थ र सत्य कुरालाई स्पष्ट रूपमा नडराई, नहड्बडाई जसरी प्रस्तुत गर्नुभयो, त्यो अत्यन्त साहसिक कार्य हो । यसका लागि उहाँ धन्यवादका पात्र हुनुभएको छ ।

प्रधानमन्त्रीको बोलीजस्तै कार्ययोजना तर्जुमा भई कार्यसम्पादन सुरु हुन सक्यो भने सूर्यबहादुर थापाको नाम इतिहासमा स्वर्ण अक्षरले लेखिनेछ । अन्यथा यो प्रसङ्ग पनि मौकाको बोलीभन्दा बढी ठहरिने छैन ।

**कान्तिपुर दैनिक, २०५४ फागुन २१ गते बिहीबार**

**भरत जङ्गम – 'पचास प्रसङ्ग' बाट**

## प्रजातन्त्रमा पनि असल शासक चाहिन्छ

सरकारको ओहदामा पुगेपछि सुशासनद्वारा सर्वसाधारण जनताको विश्वास जित्न सक्नुपर्छ । मुलुकभरि शान्ति-सुव्यवस्था कायम नभएसम्म सरकार अस्थायी नै रहेको हुन्छ । त्यसैले यो अवधिमा सत्तासीनहरूले आ□नो दलीय र व्यक्तिगत स्वार्थभन्दा राष्ट्रिय स्वार्थलाई महत्त्व दिन सक्नुपर्छ र दिन-रातलाई एक बनाई शासन गर्न सक्षम सावित भएर देखाउन सक्नुपर्छ । यसैमा प्रजातन्त्र बाँच्न सक्छ ।

**– सरकारी असक्षमताको परिणाम नेपाल बन्द**

# प्रदीप नेपालको लेख र राष्ट्रसेवक

२०५५ माघ २५ गते सोमबारको 'कान्तिपुर' को 'दृष्टिकोण' मा 'काङ्ग्रेसभन्दा पनि ठूलो काङ्ग्रेस' भन्ने प्रदीप नेपालजीको लेख पढिसकेपछि मेरो मनमस्तिष्कमा केही प्रश्नहरू उब्जिन थाले। नाउँ मिल्ने कुनै एमालेका अर्का कार्यकर्ता पनि रहेछन् कि ? कुनै अन्य व्यक्तिले लेखेर उनको नाउँमा लेख छापिन गएको हो कि ? बेफुर्सदको कारणले विषयको गाम्भीर्यलाई ध्यान दिन नसकेको हो कि ? वा नलेखी नहुने र नपन्छाई नहुने अनिवार्यताको निर्वाह गर्न मात्र झटारो हानिएको हो ? आदि प्रश्नले यकिन निर्णय गर्न सकेन।

कथित सूचना प्राप्त भएको अर्थात् सुनिएको सात वटा जिल्लामा प्र० जि० अ० र प्रहरी प्रमुखमाथि लान्छना लगाउँदै राष्ट्रसेवकहरूको तेजोबध हुने किसिमबाट लेख सुरु भएको छ। साथै लेखमा एमालेले आगामी चुनाव बहुमत ल्याएर जित्ने र सरकार गठन गर्ने सङ्केत गर्दै 'आगामी जेठ महिनामा उनीहरूलाई राजनीति गर्ने बाटोतिरै लगाइदिन पनि एमालेलाई अप्ठ्यारो पर्ने छैन' भनेर सरकारी कर्मचारीलाई पूर्ण रूपले धम्की दिएर लेख टुङ्ग्याइएको छ।

लेखमा गलत गर्ने तथा गर्न खोज्ने सात जिल्लाका प्रमुख जिल्ला अधिकारी र प्रहरी हाकिमहरूका नाउँ र धाँधली गर्न खोजिएका जिल्ला वा निर्वाचनक्षेत्रका सम्बन्धमा उल्लेख गरिएको छैन। ती सात जिल्लामा ११ निर्वाचन क्षेत्र छन् र ती ११ क्षेत्रमध्ये पाँच क्षेत्रमा एमालेले जित्ने सम्भावना छ, जो कर्मचारीहरूले धाँधली गरेर वा गराएको कारणले हुन सक्छ भन्ने लेखले शङ्का जाहेर गरेको छ। ठोकुवाका साथ कर्मचारीहरू किरिया खाएर काङ्ग्रेसमा लागेको कुरा मन्त्रिपरिषद्मा बस्ने व्यक्तिलाई जानकारी भइसकेपछि त्यस्तो धाँधली गर्न वा गराउन खोज्ने कर्मचारीहरूलाई तुरुन्त कारवाही गरी यथोचित दण्ड दिनेतर्फ लाग्नुपर्नेमा एउटा निहत्था नागरिकले गुहार मागेजस्तो छाल पारेको पटक्कै सुहाएन।

लेखमा एकोहोरो रूपमा एमालेको बहुमत आउने कुरालाई बलजफ्ती दोहोऱ्याई काङ्ग्रेस र अन्य वामसमूहलाई समेत धम्कीपूर्ण भाषा प्रयोग गरिएको छ। ने० म० कि० पा० का अध्यक्ष नारायणमान बिजुक्छेलाई ठाडै भनिएको छ – "कमरेड रोहितले एमालेसँग शत्रुता मोल्नुभयो भने चुनावी समीकरणको नयाँ सम्भावना पनि त्यहाँ देखिनेछ र त्यो सम्भावनाले कमरेड रोहितको सांसद पद खोसेर अर्कैको पोल्टामा हालिदिनेछ।"

यो कुराले बताउँछ कि नारायणमान बिजुक्छेजी एमालेद्वारा संस्थापित तथा आशीर्वादप्राप्त एक दलका नायक हुन् जुन एमालेको बक्र दृष्टिपात हुनेबित्तिकै समाप्त हुन्छ। वास्तविकता यो होइन। त्यसैले एउटा जिम्मेवार व्यक्तिले यसरी कसैको अवमूल्यन गर्नु वा हुर्मत लिन खोज्नु राम्रो कुरा होइन।



शासनको बागडोर दाहिने हातले सम्हाल्ने, बायाँ हातले शासकले अन्याय गऱ्यो भनेर अपिल लेख्ने र न्याय पाऊँ भनेर निहत्था जनतासँग चिच्याउनेलाई जनताले पत्याउनुपर्छ भन्ने छैन।

प्रदीप नेपालजी मुलुकका मन्त्री हुनुहुन्छ। श्री ५ को सरकारमा कार्यरत सम्पूर्ण राष्ट्रसेवक कर्मचारी मन्त्रिपरिषद्अन्तर्गत हुन्छन् भन्ने सामान्य ज्ञानबाट नेपाली जनता अनभिज्ञ छैनन्। प्रदीप नेपालजीलाई पनि यो सामान्य व्यवस्थाको भरपूर ज्ञान हुनुपर्छ कि मन्त्रिपरिषद्को एक सदस्यले दिएको मुलुक र जनताको हित हुने कुनै पनि निर्देशनलाई राष्ट्रसेवक कर्मचारीहरूले पालन गर्नुपर्छ। कुनै कर्मचारी मुलुक र जनताको हितभन्दा दलीय स्वार्थपूर्ति गर्ने काममा लागेका छन् भन्ने जानकारी मन्त्रिपरिषद्का सदस्यलाई भएमा त्यस्ता कर्मचारीउपर तुरुन्त कारवाही चलाउनुपर्छ। त्यस्तो कारवाही चलाउन नसक्ने मन्त्रिपरिषद्का सदस्यले पदत्याग गरी जनतामा आएर विद्रोह बोल्न सक्नुपर्छ। द्वैधचरित्र र दुई बोलीले व्यक्तिको चरित्रको अवमूल्यन हुन्छ।

**कान्तिपुर दैनिक, २०५५ फागुन २ गते आइतबार**

**भरत जङ्गम – 'पचास प्रसङ्ग' बाट**

## कर्मचारीतन्त्रको बाहुल्य नै राजनीतिक शक्तिको कमजोरी

कर्मचारीतन्त्रको बाहुल्य हुनुको अर्थ राजनीतिक शक्ति कमजोर हुनु हो। यो देशमा कर्मचारीतन्त्रको बोलवाला चल्न अझ आधा शताब्दी लाग्छ तर कुशल एवम् सक्षम कर्मचारी प्रशासन स्थापित हुन सक्छ। यसका लागि ठोस नीति-निर्देशन गर्न सक्ने र पूर्ण अनुशासन कायम गराउन सक्ने जनप्रतिनिधिको खाँचो हुन्छ। असक्षम जनप्रतिनिधि भए भने प्रशासनयन्त्र पनि प्रभावहीन हुन्छ।

**– प्रशासनयन्त्र र कर्मचारीको तलब**

# माननीय सांसदहरूलाई नागरिकका तर्फबाट खुलापत्र

माननीय सांसद महोदय र जनताको दबाबका कारण श्री ५ को सरकारद्वारा हालै प्रतिनिधिसभामा भ्रष्टाचार-नियन्त्रणका लागि केही विधेयकहरू दर्ता भएका छन्। भ्रष्टाचार-नियन्त्रणका सवालमा पनि वर्तमान सरकारले चासो देखाएकोमा हामीजस्ता भ्रष्टाचारविरुद्धमा क्रियाशील व्यक्ति तथा संस्थाहरूको ध्यानाकर्षण हुनु स्वाभाविक हो। छलफलमा सरकारले भ्रष्टाचार निवारण ऐन, २०१७ लाई खारेज गरी भ्रष्टाचार निवारण ऐन, २०५७ का लागि र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ लाई केही संशोधन गर्न विधेयक प्रस्तुत गरेको छ, जुन अक्षरशः पारित भएमा मुलुक र जनता दुवैलाई एक पटक पुनः सरकारले आँखामा छारो हाल्न सफल हुनेछ।

अन्य मुलुकमा भ्रष्टाचार-नियन्त्रण गर्ने जिम्मा त्यस मुलुकको सरकारले लिएको हुन्छ र सरकारकै अन्तर्गत त्यस्ता भ्रष्टाचार-नियन्त्रण गर्ने निकायहरू कार्यरत हुन्छन्। भारतमा सी० बी० आई० कार्यरत भएजस्तै नेपालमा पनि २०३४ सालअघिसम्म विशेष प्रहरी विभाग भ्रष्टाचार नियन्त्रणका लागि कार्यरत थियो र त्यसले प्रभावकारी रूपमा कार्य गर्न समर्थ भएको थियो। तर नेपाल अधिराज्यको संविधान, २०१९ को तेस्रो संशोधनले २०३४ सालमा अख्तियार दुरुपयोग निवारण आयोग भ्रष्टाचार नियन्त्रण गर्ने संवैधानिक अङ्गका रूपमा खडा भयो। यी दुवै एकै उद्देश्यले व्यवस्था भएको हुँदा कामको बाँडफाँड गरी केही हदसम्म भए पनि भ्रष्टाचार-नियन्त्रणका कार्य गर्दै आएका थिए। पछि नेपाल अधिराज्यको संविधान, २०४७ तयार हुँदा 'निवारण' शब्दको स्थानमा 'अनुसन्धान' व्यवस्था भयो। त्यसपछि आयोग नाम मात्रको भयो।

विश्वको परिप्रेक्ष्यमा हेर्ने हो भने भ्रष्टाचार-नियन्त्रण गर्ने जिम्मा संवैधानिक अङ्गले पाएको यो पहिलो हो। यस दृष्टिले हेर्दा यो अत्यन्तै शक्तिशाली र योग्य भ्रष्टाचार-नियन्त्रक बन्नुपर्ने हो। तर दुःखलाग्दो कुरा, यो २०४७ देखि २०५३ सालसम्म त मृतप्रायः रह्यो, यद्यपि यसको कार्यविधि ऐन २०४८ सरकारले जारी गरिसकेको थियो। अर्थात् ऐन मात्र बनाएर पुग्दो रहेनछ भन्ने कटु अनुभव हामीले गरिसकेका छौं। पूर्वघटना स्मरण गराउन चाहन्छु, सर्वोच्च अदालतले २०५३ कार्तिक ६ गते दिएको निर्णयमा अख्तियारको ऐन २०४८ का केही दफाहरूलाई खारेज नगरेको भए आयोगको प्राणवायु हाल छुटिसकेको अवस्थामा हामीले देख्ने थियौं।

जब-जब भ्रष्टाचार-नियन्त्रणका लागि कुनै कार्यवाही अगाडि बढाइन्छ, तब-तब यो देशका नेता तथा नोकरशाही समूहसमेतको दृष्टि नकारात्मक भएको हामीले



पाएका छौं। आयोग र विशेष प्रहरी विभागलाई एक-आपसमा शत्रुताको विषवमन गराउँदै दुवैलाई कमजोर बनाएर भ्रष्टाचारमाथि हावी हुन समर्थ भएका छन्। कुन भ्रष्टाचार, कुन घूस वा कुन कमिसन हो भन्ने छुट्याउने कानुनको अपूर्णताले गर्दा जनतालाई अन्योलमा पार्न जिम्मेवार व्यक्तिहरू समर्थ भएका छन्। त्यस्तै, कानुनका लागि विधेयक आउँदैछ जसमा माननीय सांसदहरूले गम्भीरताका साथ विचार गर्नुपर्ने भएको छ।

सर्वप्रथम ऐनका मूल शब्दहरू परिभाषित गर्दा 'सार्वजनिक पद धारण गरेको व्यक्ति' भन्नाले यो-यो भनी १ देखि १२ सम्म उल्लेख भएका छन् जुन कुण्ठित र सीमाङ्कित देखिन्छ। यसरी शब्द परिभाषित हुँदा आयोगको क्षेत्र खुम्चिन थाल्छ र आयोग पुरानै अवस्थामा रुमल्लिन पुग्छ। त्यसैले आयोगको अधिकारक्षेत्र बढाउन चाहने हो भने त्यसका अतिरिक्त उपयुक्त कुनै वाक्य वा यो छोटो वाक्य जोडेर विचार गरौं – 'सार्वजनिक पद धारण गरेको व्यक्ति भन्नाले संविधान वा अन्य प्रचलित कानुन वा सम्बन्धित निकायको निर्णय वा आदेशबमोजिम कुनै अधिकार प्रयोग गर्न पाउने वा कुनै दायित्व वा कर्तव्यको पालना गर्नुपर्ने पदमा रहेको व्यक्तिसमेत सम्झनुपर्नेछ।'

साथै, परिभाषाको कारणले गर्दा बहालमा रहेका बखत भए-गरेको भ्रष्टाचारलाई निज भूतपूर्व भएका बखत आयोगले कार्यवाही चलाउन सक्ने वा नसक्ने विषय पनि निक्योल हुन सकिरहेको छैन। त्यसैले सार्वजनिक पद धारण गरेका पदलाई वर्गीकृत गरेको मिलेको छैन।

त्यस्तै, मूल ऐनको दफा ४ को (१) मा आयोगको अधिकारक्षेत्र निर्दिष्ट गरिएको छ, तापनि उपदफा (२) ले त्यसलाई राम्ररी काटेको छ, जस्तै : 'उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संसद्को कुनै सदन वा समितिको बैठकमा भएको काम-कारवाही वा निर्णय वा त्यस्तो बैठकमा कुनै सदस्यले बोलेको वा गरेको कुनै काम-कुराको सम्बन्धमा वा मन्त्रिपरिषद् वा त्यसको कुनै समितिले गरेको कुनै नीतिगत निर्णयका सम्बन्धमा वा अदालतको न्यायिक काम-कारवाहीको सम्बन्धमा आयोगले यस ऐनअन्तर्गत अनुसन्धान र तहकिकात तथा अन्य कुनै कारवाही गर्ने छैन।'

यसरी मन्त्रिपरिषद्का सदस्यहरू र न्यायाधीशहरूले गर्ने भ्रष्टाचारमा आयोगले अनुसन्धान र तहकिकात तथा तत्सम्बन्धी कुनै कारवाही गर्न नसकोस् भन्ने उद्देश्यका साथ संसद्को बैठकको आवरण पहिराएर यो दफा (२) बडो चलाकीपूर्ण ढङ्गले व्यवस्थित भएको देखिन्छ, जबकि संसद्मा भए-गरेको काम-कार्यवाही वा बोलेको वा निर्णयसँग भ्रष्टाचारले कुनै सरोकार राख्तैन। यसरी माननीय सांसद महोदयहरूलाई सरकारले आँखामा पट्टी बाँध्ने कोसिस गरिरहेको छ।

यो मुलुकमा भ्रष्टाचार उच्च पदमा बहाल भएका व्यक्तिहरूबाट सुरु भएको कसैबाट छिपेको छैन, त्यसैले कार्यपालिकामा मन्त्री र न्यायपालिकामा न्यायाधीशले छूट पाउने हो भने यहाँ भ्रष्टाचारको कार्यवाही देखावा मात्र हुनेछ। स्मरण रहोस्, मन्त्रिपरिषद्ले सधैं नीतिगत र कार्यगत निर्णय लिने गरेको हुन्छ। त्यही

कार्यान्वयनमा गएपछि भ्रष्टाचार हुने गर्छ । त्यस्तै, न्यायाधीशले भ्रष्टाचार न्यायिक काम-कारवाहीकै सिलसिलामा गरेका हुन्छन् ।

यो संशोधन हुन लागेको ऐनमा बैङ्क-डकैती गरिरहेका बैङ्कमाफियाहरूलाई कारवाही गर्ने र गर्न सक्ने दफाहरू व्यवस्थित हुन सकेका छैनन्, जुन आजको जल्दोबल्दो समस्याका रूपमा मुलुकसामु हाँकका साथ खडा भएको छ । बैङ्क-माफियाका कारण मुलुकको लगानीमा सञ्चालित ठूला दुई वटा बैङ्कहरू एकै पटक धराशायी हुने अवस्थामा पुगेका छन् । बैङ्कहरूमा घटेका काण्डहरू, जस्तै : धितोले नथाम्ने ऋण प्रवाह गर्ने, कागजी घोडाको आधारमा ऋण-रकम थप्तै जाने, कमिसन कुम्ल्याएर बैङ्क-सुविधा प्रदान गर्ने र प्रतीतपत्र घोटाला गर्ने आदि अनेक छन् । समयमा बैङ्क नबचाउने हो भने मुलुकमा यसले चाँडो आर्थिक विषमता निम्त्याउँछ ।

त्यस्तै, शैक्षिक क्षेत्र निरङ्कुश हुँदै गएको छ । शिक्षाको नाउँमा समाजका निमुखा जनताको खुलेआम शोषण भइरहेको छ । यो पवित्र क्षेत्रमा पनि भ्रष्टाचार हुन सक्छ वा हुँदो रहेछ भन्ने कुराको ज्ञान भरखरै बोध हुन थालेको छ । त्यस्तै, समाजसेवाको नाउँमा गैरसरकारी संस्थाहरूले स्वदेशी अस्मिता बेचेर विदेशी मुद्रा आर्जन गर्ने गरेकोमा सबै प्रकारका सामाजिक संस्थाहरूलाई अख्तियारको दायराभित्र सरकारले पार्न सकेको छैन । मरुभूमिमा सुन फलाउन सिपालु गैरसरकारी संस्थाका मालिकहरू पनि भ्रष्टाचारको परिभाषामा समावेश हुन सक्छन् भन्ने सरकारी अनभिज्ञता देखिन्छ । माननीय सांसद महोदयहरूले यसमा सम्झना दिलाउनुपर्ने भएको छ ।

अन्तमा, भ्रष्टाचार-नियन्त्रणका लागि आएको ऐनले भ्रष्टाचारीलाई कारवाही गर्न नसके पनि औँल्याउन सक्नेसम्मको ऐन तर्जुमा हुनु नै पर्छ । भ्रष्ट नोकरशाहीले गरेको मस्यौदा तथा भ्रष्ट नेताहरूको स्वीकृतिमा आएको विधेयकमाथि पूर्ण भर पर्नु हुँदैन । त्यसैले अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई मुलुकभरमा हुने सबै किसिमका भ्रष्टाचार र अनुचित कार्यमा विस्तृत छानबिन गर्न सक्ने र अनुसन्धान गर्न सक्ने बनाउन माननीय सांसदहरूको ध्यान जाओस् भन्ने अनुरोध छ ।

**कान्तिपुर दैनिक, २०५७ साउन २३ गते सोमबार**



# प्रतिनिधिसभामा तस्करहरूको लस्कर छ : मुलुकका प्रधानमन्त्री

तस्करी कार्यलाई भ्रष्टाचारको मुख्य अङ्गहरूमध्येको एक प्रमुख अङ्गका रूपमा लिनुपर्छ । तस्करीको अर्थ हो अवैध व्यापार । जसले राज्यको राजस्व छल्ने कामलाई प्राथमिकता दिई कारोबार सञ्चालन गरेको हुन्छ, त्यसलाई तस्कर भनिन्छ । तस्करलाई राज्यविरुद्धको कार्य गर्ने अपराधीका रूपमा राज्यले स्वीकार गरेको हुन्छ । त्यसैले जुन मुलुकमा तस्कर फस्टाएका हुन्छन्, त्यो मुलुकका राज्यसत्ता र राज्यकोष दुवै कमजोर हुन्छन्, साथै मुलुकमा गरिबी बढेर बहुसङ्ख्यक जनता अभावग्रस्त हुन पुग्छन् । अन्तमा राज्यका नागरिकहरूमा हुने र नहुनेका बीचको दूरी बढ्न थाल्छ र त्यसैले राज्यआतङ्कलाई जन्म दिन्छ ।

केही दिनअघि राजधानीमा आयोजित 'संसदीय मूल्य र मान्यताको सम्बर्द्धनमा सांसदहरूको भूमिका' विषयक अन्तर्क्रिया-कार्यक्रममा बोल्दै प्रधानमन्त्री गिरिजाप्रसाद कोइराले भन्नुभयो – 'संसद्मा तस्करहरूको प्रतिनिधित्व बढेको छ । यस्ता तस्कर नेपाली काङ्ग्रेसमा मात्र होइन अरू पार्टीको प्रतिनिधित्वमा पनि होलान् ।'

आ□नो पार्टीद्वारा प्रतिनिधित्व भएकोमा पक्कापक्की तस्करहरू भएका र अरू पार्टीको प्रतिनिधित्वमा भने अनुमानसम्म गर्नुहुँदै उहाँ किटानका साथ भन्नुहुन्छ – 'पैसा कमाउनका लागि सांसद हुने, सांसद भएपछि जसरी पनि पैसा कमाउने र जे गरे पनि छूट हुन्छ भन्ने मानसिकताका कारण संसद्मा विकृतिहरू बढेका हुन् ।'

यो शतप्रतिशत सत्य हो । सत्य यसै गरी अनायास उद्घाटित हुन्छ, विष्फोट हुन्छ । जति लुकाउन चाहेर पनि यो लुक्न र छुप्न सक्तैन । हामी आम नेपालीले देखेको र अनुभव गरिरहेको सत्यतालाई प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले पनि देख्न सक्नुभएकोमा खुसी लाग्यो । नेपालको राजनीतिक आकाशमा भ्रष्ट र तस्करहरू आकाशै ढाक्ने गरी सलबलाइराखेका सबैले देखेका छन् र अनुभव गरिरहेका छन् ।

तर प्रधानमन्त्रीको मुखबाट यो अनायास कसरी र किन यसरी छताछुल्ल भएर सार्वजनिक हुन आयो भन्नेतर्फ साधारण नागरिक र राजनीतिकर्मी दुवै पक्षका लागि चासोको विषय बनेको छ । मुलुक र जनताको भलो चिताएर यो तथ्य सार्वजनिक भएको होस् वा स्वार्थवश यो तथ्यलाई जनसमक्ष प्रस्तुत गरिएको होस्, यो स्वागतयोग्य विषय हो । तर गिरिजाप्रसादजीले यस्तो तथ्य उद्घाटित गर्नुभएको छ जसले उहाँ स्वयम्लाई तस्करका नाइकेमा पनि प्रमाणित गरेको छ । यो उहाँले स्वीकार्नुपर्ने भएको छ ।

२०५७ श्रावण २४ गते मन्त्रिपरिषद्का वरिष्ठ मन्त्री खुमबहादुर खड्कालाई प्रधानमन्त्रीले एक्कासि पदमुक्त गर्नुभयो । किन गर्नुभयो भन्ने कुनै स्पष्ट कारण जनसमक्ष आएन । सधैँ कमाउ मन्त्रालय पाउने नेपाली काङ्ग्रेसका भाग्यमानी व्यक्ति

एक्कासि मन्त्रिपरिषद्बाट हटाइएकोमा सबै मन्त्रिपरिषद्का सदस्यहरू र सांसदहरू गिरिजाप्रसादजीको यो कठोर निर्णयप्रति सशङ्कित भए । काङ्ग्रेसको मन्त्रिपरिषद्बाट यसरी कुनै मन्त्रीलाई पदमुक्त गरी हटाइएको थिएन । बिनाकारण हटाइनु हुँदैन, यो सर्वमान्य सिद्धान्तको परिणति थियो त्यो स्वागतयोग्य बोली ।

त्यस भनाइबाट प्रधानमन्त्री कोइराला भ्रष्टाचार र तस्करी-नियन्त्रणको रेखानजिक पुग्नुभएको आभास हुन्छ किनभने उहाँले तथ्य पहिचान गर्नुभएको छ । प्रतिनिधिसभामा तस्करहरूको लस्कर स्पष्ट देख्नुभएको छ । ती तस्करहरूलाई ठेगान लगाउने नीति-नियम तर्जुमा गर्न सक्छु भन्ने आँटले पनि यसरी निश्चिन्त बोल्नुभएको हुन सक्छ । धेरै बोल्ने, काम भने कम गर्ने नेताहरूकै हारमा उभिनुभएका कोइरालाले यो पटक मौसमी बोली बोलेको होइन होला भन्ने धरैले अनुमान गरेका छन् ।

भ्रष्ट एवं तस्करहरूको बोलवाला चलेको छ र त्यस्ता भ्रष्ट एवं तस्कर नेपाली राजनीतिमा हावी भइसकेको तथ्यलाई संसदले अङ्गिकार गरी २०५५ साल वैशाख २३ गते अर्थात् संसद्को तेह्रौं अधिवेशनबाट राजस्व चुहावटको छानबिन गरी सोसम्बन्धी प्रतिवेदन तयार गर्न संयुक्त संसदीय समिति गठन भएको थियो र त्यस समितिमा प्रतिनिधिसभाबाट ६ जना र राष्ट्रिय सभाबाट ३ जना गरी ९ जना सांसद सम्मिलित भएका थिए, जसको सभापति परी थापा हुनुभएको थियो । सो संयुक्त संसदीय समितिले प्रतिवेदन तयार गर्‍यो, तर समयमा त्यो समितिले प्रतिनिधिसभामा प्रस्तुत गर्न पाएन । २०५५ फागुन, संसद्को पन्ध्रौं अधिवेशनमा सो प्रतिवेदन पेस त भयो, तर त्यसै दिन प्रतिनिधिसभा समापन हुने हुँदा प्रतिवेदनमाथि कुनै छलफल हुन सकेन । तैपनि समितिका सभापति परी थापाले सो प्रतिवेदनको सारांश रिपोर्ट २०५५ साल माघ ८ गते नै स्थानीय बानेश्वरचोकमा आयोजित ‘स्वतन्त्र विचार मञ्च’ को भ्रष्टाचारविरुद्धको सडक-कार्यक्रममा प्रस्तुत गरेर प्रतिवेदनलाई सार्वजनिक गरिसक्नुभएको थियो । यति मात्र होइन, त्यो प्रतिवेदनले ‘नेपाली आवाज’ को भ्रष्टाचारविरुद्ध विशेषाङ्क २०५६ साल अङ्क १ मा छापिएर प्रचार हुने मौका पनि पाएको थियो । तर दुःखको कुरा, त्यस प्रतिवेदनमा उल्लिखित कुनै पनि भ्रष्ट एवं तस्करलाई सरकारले छुन र कारवाही गर्न सकेको छैन ।

संयुक्त संसदीय समितिको प्रतिवेदनमा मन्त्रीदेखि भन्सारनाकाका तस्करहरूका नालीबेली उल्लेख भएका छन् । देखावा रूपमा श्री ५ को सरकारले तस्करलाई कसरी कारवाही गर्ने भनेर बलराम के० सी० को एउटा आयोग पनि गठन गरेको छ । आयोगको अन्तिम प्रतिवेदन आजसम्म सार्वजनिक नभए पनि आयोगले किटानसाथ यस-यसलाई यसरी-यसरी भ्रष्टाचारविरुद्ध कारवाही गर्न मिल्छ भनेर भन्ने लक्षण देखिएको छैन ।

तस्करीको अर्थ हो राज्यविरुद्धको अपराध । अपराधीलाई कारवाही गर्ने कानुन छैन भन्न मिल्दैन । राज्यले चाहेमा कानुन तुरुन्त निर्माण हुन सक्छ, विधिवत सदनमा विधेयकका रूपमा प्रस्तुत होस् वा अध्यादेशका रूपमा जारी होस् ।



अपराधीले फैलने वा अपराधी झाङ्गिने वातावरण राज्यले लामो समयसम्म प्रदान गर्नु हुँदैन ।

गिरिजाप्रसाद कोइराला साधारण नागरिक मात्र होइन मुलुक र जनताले उहाँलाई देशको सर्वोच्च पद प्रधानमन्त्रीमा बहाली दिएको छ, मुलुकको सर्वाङ्गीण विकास गर्न शक्तिसम्पन्न तुल्याएको छ । नेपाल अधिराज्यको संविधान, २०४७ ले नेपालमा एक मात्र शक्तिशाली नागरिक प्रधानमन्त्रीमा बहाल रहेको व्यक्तिलाई मानेको छ । यस्तो पृष्ठभूमिमा उभिनुभएका प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले जे बोल्नुहुन्छ त्यो सत्य हुन्छ, अकाट्य हुन्छ र हाँकरहित हुन्छ । त्यसैले उहाँले प्रतिनिधिसभामा तस्करहरूको लस्कर देख्नुभएकोमा सबै बुद्धिजीवीहरूले ठीक ठानेका छन् र प्रधानमन्त्री गिरिजाप्रसादजीले तस्करको सङ्ख्या घटाउने उपचारविधि सुरु गरेमा पूर्ण सहयोग गर्ने अठोट गरेका छन् । बहुसङ्ख्यक नागरिक प्रधानमन्त्रीको ठोस कार्यक्रमको प्रतीक्षामा छन् ।

गिरिजाप्रसाद कोइरालाले प्रधानमन्त्री पद सम्हाल्नेबित्तिकै दिनुभएको मूल नाराको कुनै पनि पक्षको कार्यको सुरुवात आजसम्म हुन सकेको छैन । उहाँ यस्ता जनचासोका नारा दिन बडो सिपालु हुनुहुन्छ । प्रधानमन्त्रीको पद सम्हाल्नेबित्तिकै उहाँले भन्नुभएको थियो – “मुलुक आतङ्कवाद, भ्रष्टाचार र कुशासनले ग्रस्त भएको छ र यी शत्रुका रूपमा खडा भएका अतङ्कवादको अन्त, भ्रष्टाचारको नियन्त्रण र सुशासन-पद्धतिद्वारा चुस्त प्रशासन कायम गर्ने उद्देश्य लिएको छु ।” शोषित एवं पीडित जनता भने आतङ्क समाप्त हुन्छ, भ्रष्टाचार नियन्त्रण हुन्छ र मुलुकमा सुशासन सुरु हुन्छ भन्नेमा ढुक्क थिए । तर उहाँको बोली भाषणमा मात्र सीमित भयो । के यो प्रतिनिधिसभामा तस्करहरूलाई देख्नुभएको साँचो हो ? तस्कर र भ्रष्टहरूको पहिचान गर्न सक्ने उहाँमा क्षमता छ भने मुलुकका आम जनता उहाँका पक्षमा छन् ।

साँच्चै नै श्री कोइरालाले आ□नो सत्ताकालमा तस्कर एवं भ्रष्टाचार-नियन्त्रणका कार्यको थालनी गर्नुभयो भने उहाँको प्रथम उद्गार सुशासन र चुस्त प्रशासन स्वतः परिपूर्ति हुनेछन् । गरिब र निमुखा जनताले काम र माम पाए भने आतङ्कारी निस्तेज हुँदै जानेछन् । आजको मूल समस्या भनेको नै देशमा व्याप्त भ्रष्टाचार हो । त्यसैले आ□नै वरिपरि भएको र मौलाएको तस्करी एवं भ्रष्टाचारलाई नियन्त्रण गर्नु कुनै गाह्रो कार्य होइन, केवल गरूँ भन्ने बलियो भावना जागृत हुनुपर्नेछ, जो भएको देखिएको छ । यो मौका चुक्नुभयो भने गिरिजाप्रसाद कोइराला न घरको न घाटको अवस्थामा पुग्नुहुनेछ, अर्थात् मुलुक र जनता ठग्ने र लुट्ने अन्य पूर्वका क्रूर शासकको हारमा उहाँको पनि नाम समावेश हुन पुग्नेछ ।

**कान्तिपुर दैनिक, २०५७ भदौ १२ सोमबार**

## सन्दर्भ : न्यायक्षेत्रमा भएको भ्रष्टाचार

# न्यायाधीशहरूको क्रियाकलाप र अर्दलीको तलब

न्यायाधीशहरूलाई विशेषाधिकार सुविधासम्पन्न गरिनुको उद्देश्य न्याय प्रदान गर्नुपर्ने व्यक्ति स्वच्छ, नैतिकवान् तथा इमानदार रहिरहून् र प्रजातान्त्रिक विकासमा योगदान गर्न सकून् भन्ने हो । जिल्ला न्यायाधीशको स्तर कायम गर्दा श्री ५ को सरकारको प्रथम श्रेणीमा नियुक्त व्यक्तिले पाँच वर्ष सेवा गरिसकेपछि पाउनेबराबरको सुरु तलब पाउने व्यवस्था छ, जबकि जिल्लाको सम्पूर्ण शान्ति-सुरक्षा जिम्मा लिने प्रमुख जिल्ला अधिकारीको भन्दा ज्यादै नै बढी छ । त्यस्तै, पुनरावेदन अदालतका न्यायाधीशहरूको श्री ५ को सरकारको सिङ्गो मन्त्रालय जिम्मा लिनुपर्ने सचिवले पाउने सहुलियतभन्दा बढी कायम गरिएको छ । यस्तो विशेष व्यवस्था गरिनुको अर्थ न्याय दिनुपर्ने दायित्व बोकेका व्यक्तिहरूले अरू सरकारी कर्मचारीभन्दा पृथक् महसुस गर्न पाऊन् तथा कुनै लालच, प्रलोभन र प्रभावमा पर्ने बाध्यता-विवशता नरहोस् तथा इमानदारीपूर्वक आ□नो तोकिएको कार्य पूरा गरी मुलुकमा निष्पक्ष न्याय प्रदान गर्न सकून् भन्ने हो ।

तर हाल महालेखा परीक्षकको विभाग र प्रतिनिधिसभा सार्वजनिक लेखासमितिले न्यायाधीशहरूले गरेको आर्थिक अनियमित कार्यलाई प्रकाशमा ल्याएर सबैलाई चकित तुल्याइदिएको छ । जिल्ला, पुनरावेदन र सर्वोच्च गरी तीनै तहमा कार्यरत न्यायाधीशहरूमध्ये करिब १५० भन्दा बढी न्यायाधीशहरूले आर्थिक नियमविपरीत हुने गरी कुनै न कुनै शीर्षकबाट रकम भुक्तानी लिई व्यक्तिगत रूपमा आर्थिक सुविधा लिने गरेको विवरण प्रकाशमा आएको छ । सबै तहका न्यायाधीशहरूले कसैले अर्दली नै नराखी अर्दलीको तलबभन्दा बढी तलब बुझ्ने गरेको, कसैले सरकारी घरमा बसी घरभाडा सुविधा-रकम लिने गरेको, कसैले नपाउने स्थानीय भत्ता लिने गरेको र कसैले घरसफाइ र मर्मतखर्च लिएको आदि तथ्य किटानसाथ औँल्याइएको विवरणलाई सार्वजनिक गरिएको छ ।



महालेखा परीक्षकको विभागको प्रतिवेदनअनुसार कतिपय न्यायाधीशहरूले लाखौँ रुपियाँ अनियमित तबरले प्राप्त गरे । यो आफैँमा कुनै ठूलो रकम होइन । यसलाई श्री ५ को सरकारले नियमित गराउन निजहरूबाट भराउला वा त्यस्तो रकमलाई बेरुजु नभनेर माफी देला । तर यहाँ मूल चिन्ताको विषय 'बाखा हरायो भन्नुभन्दा बाघ पल्केला' भन्ने हो । न्यायसम्पादन स्वच्छ र इमानदारीपूर्वक हुन सकोस् भनेर दिएको सहुलियत तथा प्रदान गरिएको विशेषाधिकारलाई न्यायाधीश हुने सौभाग्यप्राप्त व्यक्तिहरूले मर्यादाको परिधिभित्र रहेर आ□नो स्वच्छ छवि सर्वसाधारणको अगाडि देखाउन सके धारण गरेको पदको गरिमा मात्र बच्ने होइन, ती व्यक्तिहरू वर्तमानमा र पछि पदमुक्त भइसकेपछि पनि समाजमा सधैँ मर्यादित तथा सम्मानित हुन सक्नेछन् । जनतालाई न्याय प्रदान गर्ने जिम्मा लिएका व्यक्तिहरू नै व्यवस्थित ऐन, नियम र कानुनलाई बेवास्ता गरी मनपर्दो गर्छन् भने तिनीहरूले पक्षरहित र आग्रहविहीन भएर न्यायिक रूपमा न्याय प्रदान गर्छन् भन्ने कुरामा कसरी विश्वास गर्ने ? जहाँ मान्छेले स्वार्थ अगाडि सार्छ, जहाँ व्यक्तिगत लाभका बारेमा छट्पटिएको हुन्छ र जहाँ अवसर छोप्न हतारिन्छ, त्यहाँ उसको लाज र सरम हराउँछ, उसले जिम्मेवारी बिर्सिन्छ र ऊ विवेकशून्य हुन पुग्छ । यो अवस्था कुनै पनि जिम्मेवार पद धारण गर्ने व्यक्तिका लागि लाभदायक हुन सक्तैन ।

न्यायाधीशजस्तो गरिमामय पद धारण गर्ने व्यक्तिहरूउपर आर्थिक अनियमितता गरेको आरोप लागेपछि सबै क्षेत्र यसतर्फ सजग हुनु स्वाभाविक हो । यसै सन्दर्भमा यस टिप्पणीकारले सर्वोच्च अदालतमा सम्पर्क राखी बुझ्दा केही तथ्यहरू जानकारी हुन आयो । सर्वोच्च अदालतका माननीय न्यायाधीशहरूले आफूले पाउने मासिक तलब बुझ्दा अर्दलीको तलब, ड्राइभरको तलब, पेट्रोलको सुविधा (प्रतिमास १५० लिटर पेट्रोल) र अन्य भत्ताहरूसमेत गाभेर एउटै चेकद्वारा एकमुस्ट रकम भुक्तानी लिने चलनबारेमा एक जना जिम्मेवार न्यायाधीशज्यूले भन्नुभयो – "हरेक शीर्षकमा पृथक्-पृथक् भौचर भर्नुपर्ने र चेक बनाउनुपर्दा लेखा शाखामा काम बढ्ने भएको हुँदा एकमुस्ट रकम भुक्तानी लिइने गरिन्छ ।"

यो जवाफ अत्यन्तै हचुवा र गैरजिम्मेवारीपूर्ण जवाफ हो । यद्यपि यी सहुलियत प्राप्त गरेबापत माननीय न्यायाधीशज्यूहरूले बिल, भौचर वा भरपाई पेस गर्नुपर्ने छैन भन्ने ऐनको पनि व्यवस्था छ, तर लेखा शाखामा भौचर पृथक् उठाउँदा शीर्षकअनुसारको हिसाब मिलान गर्न लेखा शाखालाई नै सजिलो पर्ने कुरातर्फ र परम्परा र नियम नबिथोलिनेतर्फ पनि ध्यान जानु जरुरी थियो ।

यसै गरी अर्दलीको सुविधा पाउने अन्य न्यायाधीशहरूले पनि अर्दलीको तलब आ□नो मासिक तलबमा गाभेर भुक्तानी लिने चलन चलाए, जसको कारणले आर्थिक अनियमितता ठहर भयो । त्यस्तो अनियमित भइसकेको रकम आज दुई-तीन वर्षपछि नियमित गराउन खोज्दा गैरकानुनी बाटो अख्तियार गर्नुपर्छ भने सहुलियत सम्झेर मासिक तलबमा गाभेर खाइपाइसकेपछि रकम जम्मा गर्न पनि तलब खाने कर्मचारीलाई ज्यादै गाह्रो हुन्छ । यो बेरुजुले न्यायाधीशहरूका लागि चुनौतीपूर्ण सवाल उब्जाएको छ ।

श्री ५ को सरकारले न्यायाधीशहरूलाई अर्दलीको सहुलियत प्रदान गर्दा स्पष्ट निर्देशन दिएको रहेछ। न्यायाधीशले आफू बहाल भएदेखि कार्यरत भएको अवस्थासम्म एक अर्दली मासिक ज्यालादारीमा नियुक्त गरी सेवा लिन सक्ने व्यवस्था भएको

रहेछ। त्यस्तो अर्दली भर्ना गर्दा योग्यता पुगेको नेपाली नागरिक भन्ने उल्लेख भएको र भर्ना गरेको सूचना सम्बन्धित लेखा शाखालाई अनिवार्य दिनुपर्ने व्यवस्थाले पनि अर्दली नै नियुक्त नगरी न्यायाधीशहरूले सुहलियत सम्झेर अर्दलीको तलब लिने काम उचित हो भन्न मिल्दैन। श्री ५ को सरकारले न्यायाधीशहरूलाई अर्दलीको सुविधा दिनुको अर्थ उसको सुरक्षाका साथै कार्यदक्षता बढोस् भन्ने पनि हो। यति मात्र होइन, सयौं बेरोजगार नागरिकलाई काम-माम प्रदान गर्नु पनि हो।

यसैबीच २०५५ असार १८ गते सर्वोच्च अदालतको एक विज्ञप्ति सार्वजनिक हुन आएको छ। विज्ञप्तिमा भनिएको छ – "न्यायाधीश आफैँले निजी निवासमा राखेको अर्दलीको तलब न्यायाधीशले नै सुविधासरह बुझी अर्दलीलाई दिने प्रक्रिया आफैँमा गलत छैन।"

अर्थात् न्यायाधीशले अर्दली अनिवार्य नियुक्त गर्नुपर्ने सत्यतालाई स्वीकार गरिएको छ। निजलाई मासिक तलब बुझाउँदा भरपाई गराएर बुझाउनुपर्ने हो वा भरपाई नगराई घटी-बढी पनि बुझाउन सकिने हो, सो कुरा भने विज्ञप्तिमा स्पष्ट खुल्न सकेको छैन। योग्यता पुगेकालाई निजी निवासमा काम लगाउन एक अर्दलीको भर्ना गर्न सक्ने र त्यस्तो भर्ना गरिएको सूचना लेखा शाखालाई दिनुपर्ने कुरामा पनि विज्ञप्ति मौन छ।

यो टिप्पणी मुलुकका सबै तहका अदातलहरूको गरिमा एवं प्रतिष्ठामा कुनै कतैबाट आँच नआओस् साथै अदालत सधैं सम्मानित रहिरहोस् भन्ने पवित्र उद्देश्यले प्रेरित भएर लेखिएको हो। न्यायाधीश हुने व्यक्तिले सानो पनि गल्ती गर्दा त्यसको असर व्यक्तिमा भन्दा पदमाथि पर्ने हुँदा पद धारण गर्ने व्यक्तिले सधैं सतर्क र सजगताका साथ कर्तव्य पूरा गर्ने गरेमा त्यसको असर र प्रभाव न्यायपालिकामा मात्र होइन मुलुकमा सञ्चालित प्रजातान्त्रिक व्यवस्थामा पनि पर्नेछ। न्यायाधीश नैतिक भए न्याय निष्पक्ष र सुलभ हुन्छ, न्याय निष्पक्ष र सुलभ भइदिँदा प्रजातन्त्र बलियो र मजबुत हुँदै जान्छ। न्यायपालिका र प्रजातन्त्र एक-अर्काका पूरक हुन् भन्ने सत्यलाई कसैले भुल्नु हुँदैन।

**देशान्तर साप्ताहिक, २०५५ असार २८ गते आइतबार**



# बेरूजुले उब्जाएका प्रश्नहरू

सेतो कपडामा चाहे एक थोपा मसी चुहियोस् या पूरै सिसीको मसी घोप्टियोस्, परिणाममा त्यहाँ 'दाग' रचना हुन्छ। अझ सेतो कपडामा लागेको सानो दागले दृष्टिलाई चाँडो खिच्ने काम गर्छ। त्यस्तै, न्यायपालिकामा भएको आर्थिक अनियमितताले सबैको ध्यान खिचेको छ।

न्यायपालिका स्वच्छ र निर्मल भएमा प्रजातन्त्र फस्टाउने हुनाले न्यायालयमाथि लागेका आक्षेपप्रति समाजको चिन्तनशील समुदायलाई चिन्तित पार्नु पनि स्वाभाविकै हो।

न्यायाधीशहरूले अर्दलीको तलब आ□नो मासिक तलबमा गाभेर, सहुलियत सम्झेर बुझ्न थालेको भेटिएर महालेखा परीक्षकको विभागको प्रतिवेदन, २०५४ मा उल्लेख भएका तथ्यहरूलाई प्रतिनिधिसभाको सार्वजनिक लेखासमितिले सार्वजनिक गरेपछि यससम्बन्धमा विवाद उब्जिएको छ र समाधानको उपाय पनि खोज्न थालिएको छ। न्यायालयबाट स्वच्छ र सुलभ न्याय प्रदान हुने-गराउने कार्यको जिम्मा आम जागरुक नागरिकको पनि हो, मात्र न्यायक्षेत्रको होइन। त्यसैले हाम्रा सञ्चारमाध्यमको ध्यान विशेष रूपले यसतर्फ खिचिएको छ। साथै पत्रकार, चिन्तक, बुद्धिजीवी र विश्लेषकहरूले यसलाई महत्त्व दिएर विचार गरिरहेका छन्। न्यायक्षेत्रको स्वतन्त्रता र विकासका लागि यो सकारात्मक पनि छ भन्ने कुरा न्यायपालिकाका जिम्मेवार व्यक्तिहरूले बुझ्न सक्नुपर्छ।

बरु न्यायक्षेत्रमै कार्यरत एक विद्वान् लेखकले बेरुजु र आर्थिक अनियमितता कर्म भएकोलाई 'भ्रष्टाचार' शब्द थपेर प्रश्न उठाउनुभएको छ, जबकि यसअघि कुनै पनि समाचारकै बेरुजुलाई 'भ्रष्टाचार' शब्द जोडिएको थिएन। २०५५ असार १८ गते यसै स्थानमा न्यायाधीश गौरीबहादुर कार्कीले 'न्यायपालिकाभित्र भ्रष्टाचार कि बेरुजु ?' शीर्षकमा सारगर्भित लेख प्रस्तुत गर्नुभएको छ। लेखक कार्कीले भन्नुभएको छ – "न्यायपालिकामा भएका बेरूजुमध्ये न्यायाधीशहरूको नामको बेरुजु करोडमा होइन, केही लाखमा सीमित रहेको छ। त्यो पनि तलब, भत्ता र सुविधासम्बन्धी हो।"

सबै बेरुजु भ्रष्टाचार हुँदैन। तर बेरुजु भ्रष्टाचारको प्रारम्भिक खुड्किलो भने पक्का हो। आर्थिक नियमअन्तर्गत राजस्व खर्च गरिनुपर्छ। तोकिएअनुसार खर्च लेखिँदा तथा आर्थिक नियमअन्तर्गत खर्च नगरिँदा वा नियमानुसार फछ्र्यौट नगर्दा बेरुजु ठहर्छ। रुजु गर्दा नियमानुसारको कागजपत्र मिलाउनुपर्छ। खर्च-फाँटबारी मासिएको छ भने रकम नै फिर्ता गर्नुपर्छ। राज्यव्यवस्थाले राष्ट्रिय सम्पत्तिको रक्षार्थ आर्थिक नियम लागू गरेको हुन्छ। चाहे त्यो कार्यपालिका होस्, विधायिका होस् वा न्यायपालिका होस्, सबैमा एउटै नियम लागू गरेर आर्थिक अनुशासनलाई कायम राख्न खोजेको हुन्छ र यसको सफलताका लागि राज्यव्यवस्थाले सबैको सहयोगको

अपेक्षा राखेको हुन्छ । त्यसैले सबैले इमानदारीपूर्वक आर्थिक नियमको पालना गरेमा मात्र यो सफल हुन सक्छ । 'होइन, उसले करोड र अरबौं खाने, हामीले हजार पनि खान नपाउने ?' भन्नेजस्ता गैरजिम्मेवारपूर्ण भनाइ बुद्धिजीवीहरूले सुन्नुपर्दा खिन्न भएका छन् । व्यक्तिहरूलाई विचलित बनाउन सक्ने यस्ता सतही कुराहरूलाई मस्तिष्कबाट पन्छाउनुपर्छ ।

यही असार १८ गते सर्वोच्च अदालतले यस प्रसङ्गमा प्रकाशित गरेको विज्ञप्तिमा भनिएको छ – "न्यायाधीशको निजी निवासमा कार्य गर्ने गरी सिर्जना भएको किताबखाना दर्ता गर्नु नपर्ने र ज्यालादारी अर्दली पद कुनै सरकारी काम वा कार्यालयका लागि नभएको स्पष्ट पारिएको छ ।" त्यसै विज्ञप्तिको सुरुमा नै भनिएको छ – "न्यायाधीश आफैँले निजी निवासमा राखेको अर्दलीको तलब न्यायाधीशले नै सुविधासरह बुझी अर्दलीलाई दिने प्रक्रिया आफैँमा गलत होइन ।"

उक्त विज्ञप्ति के र कुन आशयले प्रकाशित भयो भन्नेतर्फ तर्क गर्नुभन्दा विज्ञप्तिले बोलेको व्यहोरातर्फ विचार गरौँ – (१) अर्दली नियुक्त हुनुपर्छ सेवा प्राप्त गर्ने न्यायाधीशद्वारा नै । (२) सरकारले दिएको सहुलियतको उपभोग गर्न अर्दलीलाई निजी निवासमा कार्यरत गराउनुपर्छ, अड्डाको कामकाजमा पठाउनुपर्ने जरुरी छैन । (३) किताबखानामा दर्ता नहुने ज्यालादारी मासिक तलब पाउने अर्दली भएको हुँदा काम गरेको समयावधिको मात्र निजले तलब पाउँछ । त्यस्तो सूचना लेखा शाखामा रहनुपर्छ । (४) निज अर्दली अड्डामा आई आ□नो तलब बुझ्ने वा नआएमा वा आउन नसकेमा सहुलियतप्राप्त न्यायाधीशले नै निज अर्दलीको तलब बुझी पछि निजलाई बुझाउन सक्नेछन् ।

अर्दलीको तलब न्यायाधीशले बुझ्न पाउने कुरा त स्पष्ट भयो । अब अर्दलीको तलब बुझ्दा न्यायाधीशले भरपाई लेखा शाखालाई दिने तर अर्दलीलाई निजी निवासमा गएर निजको तलब दिएपछि न्यायाधीशले निजसँग भरपाई नलिने गर्नुको अर्थ के हो ? अथवा निज अर्दलीलाई निजको तलब घटिबढी हुने कारणले भरपाई लिन अप्ठ्यारो भएको हो कि ? अथवा अर्दली नै भर्ना नगरिएको हो ? आदि प्रश्न स्वाभाविक रूपले उब्जन्छन् ।

महालेखा परीक्षकको प्रतिवेदनमा केवल अनियमितता भएको प्रतिवेदन प्रस्तुत भएको छ । धेरैजसो न्यायाधीशहरूले त्यस्ता नियुक्त अर्दलीको भरपाई लेखा शाखामा बुझाएका र केही न्यायाधीशहरूले मात्र अर्दलीको तलबलाई पनि आ□नै तलब-सुविधासरह बुझी अर्दलीलाई नबुझाएकाहरूको मात्र बेरुजु देखाइएको छ । यस्तो स्पष्ट आर्थिक अनियमितता भएकोलाई ढाकछोप गर्दा र गर्न खोज्दा झन् बढी अप्रकाशित तथ्यहरू जनसमक्ष आउन सक्छन् । त्यसैले एक रुपियाँ मात्र अनियमित भएको छ भने पनि चाँडो नियमित वा फछ्र्यौट गर्ने वातावरण तयार गर्नुपर्छ । यसरी नियमित गर्दा र गराउँदा भविष्यमा हुने अरू अनियमित कार्यमा रोक लागी न्यायपालिका स्वच्छ र निर्मल प्रमाणित हुन्छ ।



'अहिले त स्थिति यस्तो भइसकेको छ कि न्यायपालिकाको नाम लिनेबित्तिकै समाजले नकारात्मक दृष्टिले हेर्न थाल्छ, स्वीकार गरे पनि नगरे पनि सत्य यही हो र यथार्थ पनि यही हो' भनेर न्यायाधीश कार्कीले वर्तमान न्यायपालिकाको अवस्थालाई स्पष्ट पार्नुभएको छ । कुनै पत्रकार अथवा टिप्पणीकारले लेख्ता 'मानहानि' को मुद्दा लाग्न सक्छ । यस कटुसत्यलाई न्यायाधीश कार्कीले स्पष्ट रूपमा हिम्मतका साथ व्यक्त गर्नुभएको छ – 'सिनियर र डाडू-पन्यू हातमा हुनेले गरेको भ्रष्टाचार, अन्याय र गैरकानुनी कार्यलाई विरोध गर्न र रोक्न सक्ने कुनै कानुनी क्षमता मजस्ता अन्यमा छैन । कानुनी रूपमा बलहीन र निरीह भएर उल्टी गङ्गा बगेको हेरिरहनुपर्छ । अर्को इजलासले गरेको जतिसुकै त्रुटिपूर्ण र गैरकानुनी कारवाहीमा चित्त नबुझे पनि बोल्न पाइँदैन ।' यसरी कार्यपालिकाभित्र जिम्मेवारीपूर्ण पदमा कार्यरत व्यक्तिले व्यक्त गर्छन् भने साधारण जनताले न्यायपालिकाको कुन विन्दुमा आ□नो विश्वास अड्याउने ? कसरी विश्वस्त रहने ?

यस्ता सत्य तथा यथार्थतालाई केलाउँदा सुधारका खुड्किला तयार हुन्छन् भन्ने कुरा साँच्चै नै पुरानो विचार बोकेका वरिष्ठ व्यक्तिहरूको मनमस्तिष्कले सोच्न सकेको देखिँदैन । प्रजातन्त्रलाई बलियो बनाएमा मात्र आफू शक्तिवान् बनिन्छ भन्ने कुरा न्यायपालिकामा कार्यरत सबैले बिर्सिसकेजस्तै छ । प्रजातन्त्र बलियो बनाउन न्याय निष्पक्ष र सुलभ कसरी हुन सक्छ, त्यसतर्फ सबैको सोच हुनु जरुरी छ ।

**कान्तिपुर दैनिक, २०५५ असार ३२ गते बिहीबार**

**भरत जङ्गम – 'पचास प्रसङ्ग' बाट**

कुनै पनि सुधारको अर्थ वैयक्तिक सम्पत्तिमा परिणत गरेर विकसित मुलुकको अनुकरण गर्न खोज्नु मूर्खहरूको समूहले प्रजातन्त्रको अर्थ लगाउनु र अन्धाको जमातले हात्तीको बयान गर्नुजस्तो हो ।

**– किन गर्ने रा० स० स० लाई निजीकरण ?**

# नेपालका न्यायाधीशहरू न्यायमूर्तिमा परिणत हुन सकेका छैनन्

यही भाद्र २२ गते तनहूँमा भएको एक सार्वजनिक भेलामा भ्रष्टाचार नियन्त्रणको आवश्यकतामाथि प्रकाश पार्दै उपप्रधानमन्त्री रामचन्द्र पौडेलले बोलेको विषयलाई लिएर एक जना अधिवक्ताले अदालतको अपहेलनामा भाद्र २९ गते सर्वोच्च अदालतमा मुद्दा दायर गरेको समाचार प्रकाशित भएको छ। कुन तहको अदालतको मानहानि भयो, त्यही तहको अदालतमा सजायका लागि मुद्दा दायर गर्नुपर्नेमा सोझै सर्वोच्च अदालतमा मुद्दा दायर भएको छ।

श्री पौडेलले अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचारीका विरुद्धमा ठीकसँग कारवाही अगाडि नबढाएको विषयलाई केन्द्र बनाउँदै गर्नुभएको विचार-अभिव्यक्तिका क्रममा भन्नुभएको थियो – "अख्तियारले मुद्दा चलाउनासाथ अदालतले भ्रष्टाचार गरेकोमा सफाई दिँदै भ्रष्टाचारीको पक्षमा निर्णय गर्नु हुँदैन।"

यसै क्रममा पौडेलले औंल्याउनुभयो – "भ्रष्टाचार नियन्त्रण गर्न कानुनको अभाव मात्र छैन, कार्यान्वयनको अभावसमेत छ।"

आपत्तिजनक मानिएका यी दुई वाक्यलाई नै केन्द्रविन्दु बनाई दायर भएको मुद्दामा अदालतको अपहेलना गरेको कसुर ठहर भएमा वक्तालाई एक वर्षसम्म कैद वा दस हजार रुपियाँसम्म जरिवाना वा दुवै सजाय हुने कानुनी प्रावधान छ।

भ्रष्टाचारसम्बन्धी मुद्दाको वास्तविक तथ्याङ्क यस प्रकार छ –

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अधिराज्यका विभिन्न पुनरावेदन अदालतहरूमा गरी जम्मा ६० वटा भ्रष्टाचारका मुद्दाहरू दायर गरेको थियो, जसमध्ये ३० केसको फैसला भएको छ र ३० केस पुनरावेदन अदालतमा विचाराधीन अवस्थामा नै छन्। ती फैसला भएका ३० मध्ये २० केसमा भ्रष्टाचारीले सफाई पाएका छन् भने १० केसमा पनि आंशिक सफाई पाएका छन्, अर्थात् फैसला भएका भ्रष्टाचारसम्बन्धी केसमा एउटा केसमा पनि पुनरावेदन अदालतले पूर्ण रूपमा भ्रष्टाचार गरेको ठहर गरेको छैन। त्यस्तै, सर्वोच्च अदालतमा पुनरावेदन दिएका २९ केसमा ४ केसको फैसला भएकोमा पनि भ्रष्टाचारीले सफाई पाएका छन्। यसरी भ्रष्टाचारीहरू कानुनद्वारा पूर्ण संरक्षित देखिएका हुँदा वक्ता श्री पौडेलले न्यायक्षेत्रमा संलग्न जिम्मेवार व्यक्तिहरूलाई सत्यताको जानकारी दिनुभएको हुन सक्छ।

सुनतस्करलाई सुन छोडी भ्रष्टाचार गरेको भन्ने लोकमानसिंह कार्कीसमेतको एउटा मुद्दामा सर्वोच्च अदालतका तत्कालीन प्रधानन्यायाधीश मोहनप्रसाद शर्मासमेतको संयुक्त बेन्चले २०५६।२।१२।४ मा गरेको फैसलाले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मुद्दा दिने अधिकारलाई कटौती गरेको छ। यस फैसलाले भ्रष्टाचारीले मात्र सफाई पाएनन्, संविधानले निर्दिष्ट गरेको आयोगको



अधिकारसमेतलाई हाँक दिन पुग्यो। त्यो फैसलाका विरुद्धमा पुनरवलोकनका लागि आयोग गएको छ भने यो लेखक निवेदक भई सर्वोच्च अदालतमा २०५६।५।२९ मा रिट-निवेदन दिन गएको छ। रिट-निवेदनमाथि एक वर्ष विचार गरी हालै सर्वोच्च अदालतको २०५७।५।२९ मा बसेको पूर्ण इजलासले यो केसलाई वृहत् पूर्ण इजलासले हेर्नुपर्ने ठहर गरेको छ। न्यायाधीशले गरेका सबै फैसला र गरेका निर्णयहरू अकाट्य हुने भए पुनरावेदनको र पुनरवलोकनको व्यवस्था नै गर्नुपर्ने थिएन।

छिमेकी मुलुक भारतमा न्यायाधीशहरूलाई 'न्यायमूर्ति' भन्ने पनि चलन छ। न्यायाधीश न्यायमूर्तिमा परिणत हुन सक्नुपर्छ, तब मात्र न्यायमूर्ति कहलिएको सार्थक हुन्छ। नेपालका न्यायाधीशहरू न्यायमूर्तिमा परिणत हुन धेरै समय लाग्नेछ। न्यायाधीशको कुनै सम्बन्धी हुँदैन, मन परेका वा मन नपरेका विषय हुँदैनन्, पूर्वाग्रह र नियोजित नियत मस्तिष्कमा कहिल्यै राख्नु हुँदैन र कसैलाई तेजोबध गर्ने सङ्कीर्ण मन हुनु हुँदैन। न्यायाधीशको पदमा आसीन कुनै पनि व्यक्ति यो साधारण सामाजिक बन्धनबाट पूर्ण मुक्त भएको हुनुपर्छ, अनि मात्र त्यसले न्यायमूर्तिको रूपमा न्याय बोल्न सक्छ। सामाजिक बन्धनबाट मुक्त छ र आर्थिक प्रलोभनमा फसेको छैन भने एउटा अनपढ पनि न्यायमूर्ति साबित हुन सक्छ। त्यसैले भनिने गर्छ – न्यायाधीश विद्वान् हुनुभन्दा बढी विवेकी हुनुपर्छ।

अदालत भनेको न्यायाधीश तथा न्यायाधीशको समूह होइन, इँटा, ढुङ्गा र सिमेन्टले निर्माण गरेको कुनै भवन पनि होइन र मुद्दाका मिसिल थन्किएका आलमारी-दराजको छेउमा बस्ने कारिन्दाहरू पनि होइनन्। अदालत त त्यो हो जति खेर न्यायिक निर्णय दिनका लागि न्यायाधीश पद धारण गरेका व्यक्तिले तोकिएको समयमा विधिवत इजलास कायम गर्छन्। हो, त्यति खेर कुनै व्यक्तिले इजलासको मर्यादा कायम गरेन वा अपहेलना हुने काम-कार्यवाही गऱ्यो वा बोली बोल्यो वा त्यस इजलासले गरेको आदेशको अपहेलना गऱ्यो भने अदालतको अपहेलना भएको हुन्छ। न्यायाधीश पद धारण गर्ने अमुक व्यक्ति वा न्यायक्षेत्रमा संलग्न व्यक्तिहरू भ्रष्टाचारमा संलग्न छन् भनेर भन्न मात्र होइन, उजुर गर्न र त्यसका विरुद्ध न्यायिक माग गर्न पनि कानुनले व्यवस्था गरेको छ। त्यसैले सत्य-तथ्य बोल्न कसैले बाधा दिन सक्तैन। न्यायाधीशहरूले कहिल्यै गल्ती गर्दैनन्, परिवारको माझमा रहँदा पनि न्यायाधीश नै भएर रहन्छन् र राति सुत्दा पनि न्यायाधीश भएर नै सुत्छन् भन्ने साँघुरो सोचबाट उठ्नुपरेको छ।

महालेखा परीक्षकको प्रतिवेदन, २०५४ मा विभिन्न तहका अदालतका केही न्यायाधीशहरूले अर्दली भर्ना नै नगरी अर्दलीको तलब बुझेकोमा बेरुजु देखाइएको थियो। त्यो बेरुजु भएको विषयलाई लिएर केही पत्रपत्रिकाले टिप्पणी गरेकोमा एक जना कानुन-व्यवसायीले अदालतको अपहेलना भएको भनी मुद्दा दायर गरेपछि यो विषय सार्वजनिक विवादको विषय बन्यो। अन्तमा काठमाडौं जिल्ला अदालतको फैसलाले केही पत्रकारहरूलाई अपहेलनाको कसुर ठहर गरी जरिवाना गर्ने फैसला पनि गऱ्यो। त्यस वर्षदेखि प्रत्येक वर्ष महालेखा परीक्षकको प्रतिवेदनमा न्यायाधीशले अर्दलीको तलब बुझेको बेरुजु नै ठहर गरी प्रतिवेदन प्रकाशित गरेको छ, तर कसैले

त्यसलाई प्रतिवाद गरेको छैन। साथै कसैले यो बेहिसाब भयो भनेर औँल्याउने आँट गर्न सकेका छैनन्। कारण न्यायाधीशले गल्ती गर्दैनन् भन्ने गलत धारणाको विकास गर्न केही चाकरी गर्न पोख्त वकिल र केही सर्वसत्तावादी प्रवृत्तिले ग्रस्त न्यायाधीशहरूको हैकम निर्बाध रूपमा चलिरहेको छ।

न्यायाधीश पद धारण गर्ने व्यक्ति पनि यो देशका अन्य नागरिकसरहकै हुन्। यो भ्रष्टाचारयुक्त समाजमा बसोवास गर्ने कुनै पनि सदस्य भ्रष्टाचारबाट मुक्त हुन सक्तैन र भ्रष्टाचारमा प्रत्यक्ष वा परोक्ष रूपमा संलग्न हुन सक्छ, त्यसैले तिनीहरू पनि सजायको भागी हुनुपर्छ भनेर नै नेपालको संविधान र न्यायपरिषद् ऐन, २०४७ ले न्यायपरिषद्लाई शक्तिवान् र उच्चस्तरीय निकायका रूपमा स्थापना गरेको छ। तापनि यसको नियमावली ठीक समयमा नबनेको र यसको सङ्गठन पनि न्यायाधीशहरूलाई कठोरताका साथ कारवाही गर्न सक्ने किसिमको नभएको कारण यो निस्क्रिय प्रतीत भएको छ। यो दस वर्षको अवधिमा न्यायपरिषद्मा उजुरी नपरेका होइनन्, परेका उजुरी बेनामी भएका कारण केही थन्किएका छन् भने केही प्रमाणका अभावमा कारवाही अगाडि बढ्न सकेका छैनन्। स्पष्ट भन्नुपर्दा न्यायपरिषद्बाट कुनै पनि न्यायाधीशलाई कारवाही भएको छैन। न्यायाधीशहरू कारवाहीमा परेका छैनन् भन्दैमा सबै न्यायाधीशहरू गङ्गाजलले धोइएका पवित्र वस्तु हुन् भनेर मान्न मिल्दैन।

बीसौँ शताब्दीको मध्यकालमा विश्वपरिप्रेक्ष्यमा देखा परेको अर्थात् जन्मेको यो भ्रष्टाचारजस्तो नौलो रोगले यो मुलुकको राजनीतिक र सामाजिक क्षेत्रलाई अतिक्रमण गरी जसरी रोगग्रस्त तुल्याएको छ, त्यस्तै यस मुलुकको न्यायिक क्षेत्रमा यसले अतिक्रमण गरेको छैन भनेर कसैले पनि ठोकुवा गरेर भन्न सक्तैन। आर्थिक उपार्जन गर्न खुला वातावरण भएको मुलुकमा शक्तिवान्हरूले मनग्य लुट्ने गरेका छन्। भ्रष्टाचारजस्तो सङ्क्रामक रोगले अतिक्रमित यो समाजमा सार्वजनिक पद धारण गर्ने व्यक्तिहरू बेलाबेलामा विवादमा आउने गर्छन्। यो प्राकृतिक कुरा हो भन्ने स्वीकार गरेर ती सार्वजनिक पदमा बसेका जिम्मेवार व्यक्तिहरूले आ□ना कमी-कमजोरीलाई सुधार गर्ने र गराउने वातावरणको विकास गरे मात्र मुलुक र समाज उँभो लाग्न सक्छ।

**कान्तिपुर दैनिक, २०५७ असोज २ गते सोमबार**



# न्यायक्षेत्रमा आएको अन्योलको समाधान अदालतबाट

अधिकारको खोजी गर्ने हरेक व्यक्ति वा निकायले एक पटक गम्भीरताका साथ पछाडि फर्केर आफूले कर्तव्यपालन गर्दा इमानदारीपूर्वक गरेको छ-छैन भन्नेबारेमा नियाल्ने बानी बसाल्नुपर्छ। अधिकार मात्र एकोहोरो प्रयोग गर्ने बानी बसेका उच्च पदाधिकारीहरू कर्तव्यको बोध नहुँदा अनावश्यक उल्झनमा फस्न पुग्छन्। त्यस्तै, अधिकारकै घमन्डले मदमत्त पदाधिकारीहरू कर्तव्यको ज्ञान नहुँदा आफूले मात्र हन्डर-ठोकर पाउँदैनन्, साथमा राज्यव्यवस्थालाई नै अन्योलको भुमरीमा फसाउँछन्। अधिकार र कर्तव्य एक-अर्काका पूरक हुन् वा कर्तव्यको पालनाबिना अधिकार प्राप्त हुन सक्तैन भन्नेजस्ता सामान्य नियमको जानकारीबाट पनि आजका सरकारी उच्च पदाधिकारी वञ्चित हुन पुगेका देखिन्छन्।

एक संवैधानिक अङ्गका प्रमुखले अधिकारको खोजी गर्ने क्रममा अर्को संवैधानिक अङ्गलाई विपक्षी बनाई यही २०५७ फाल्गुन ८ गते सर्वोच्च अदालतमा एक रिट-निवेदन दायर गरेका छन्। रिट-निवेदन साधारण माग राखेर प्रस्तुत भएको छ तापनि अदालतका सामु भने एक जटिल संवैधानिक प्रश्न खडा भएर उभिएको छ। संविधानको धारा ८८ (२) बमोजिम दर्ता भएको रिट-निवेदनका निवेदक महान्यायाधिवक्ता स्वयम् हुनुहुन्छ। हुन त निवेदन व्यक्तिगत रूपमा प्रस्तुत भएको देखिन्छ, तर निवेदनमा संविधानको धारा ११० को पूर्ण व्याख्या गरिएको र मागिएको मागबमोजिम त्यो निवेदन संस्थागत रूपमा प्रस्तुत भएको आभास हुन्छ। सरकारको हित र मुलुकमा ऐन-कानुनको पालनाका लागि सधैँ कार्यरत हुनुपर्ने निकाय आफैँ न्याय माग्न अदालतको ढोकामा उभिन पुगेको यो पहिलो पटक हो। हुन त यो विषय अदालतको विचाराधीन भएको अवस्थामा रहेको हुँदा यसका बारेमा किटानसाथ केही बोल्न मिल्दैन, तर जनचासोको विषय भएको हुँदा पन्छाउन पनि सकिँदैन, त्यसैले यसबारेमा चिन्तन हुँदा बेफाइदा पनि हुँदैन।

कुनै पनि महान्यायाधिवक्ताले आ□नो अधिकारको खोजी गर्ने क्रममा अदालतमा जानु अस्वाभाविक हो। सार्वजनिक सरोकार र चासोको विषयलाई सर्वदा संरक्षण गर्नुपर्नेले व्यक्तिगत प्रतिष्ठा र अधिकारको खोजी गर्न अदालतको शरण लिनुपर्ने अवस्था सिर्जना हुँदा पदीय दायित्व र जिम्मेवारी लिनेदिनेउपर शङ्का उब्जन्छ। किनभने कुनै पनि महान्यायाधिवक्तालाई त्यस मुलुकको संविधान र व्यवस्थित ऐन-कानुनले नै अधिकार सुम्पिएको हुन्छ। संविधान र ऐनले दिएको अधिकारअनुसार चल्नु र प्रयोग हुनु नै महान्यायाधिवक्ताको कर्तव्य हो। महान्यायाधिवक्ता भनेको सरकारी वकिल हो। आ-आ□नो मुलुकको राजनीतिक व्यवस्थाअनुसार त्यस्ता सरकारी वकिलको कानुनद्वारा काम, कर्तव्य र अधिकार

व्यवस्था गरिएको हुन्छ। त्यस्तै हाम्रो मुलुकमा पनि नेपाल अधिराज्यको संविधान, २०४७ को भाग १६ मा धारा १०९, ११० र १११ व्यवस्था गरी महान्यायाधिवक्ताको स्थापना गरिएको र संविधानको धारा ११० मा महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकारको व्याख्या गरिएको छ।

राज्यव्यवस्थाका विरुद्ध अपराध गर्ने व्यक्तिउपर कानुनी उपचार गर्ने अधिकार पाएको महान्यायाधिवक्ताले मुलुक, राज्यव्यवस्था र जनतामा न्याय प्रदान गर्न सदैव चनाखो र प्रयत्नशील रहनुपर्छ। सरकारलाई कानुनी सल्लाह दिँदा वा राज्यव्यवस्थामा हुने र भएको अन्यायको कानुनी उपचार खोज्न कानुनले दिएको अख्तियारीको इमानदारीका साथ पालना गर्नुपर्छ। सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची १ मा दिएको सम्पूर्ण मुद्दाको सुरु गर्ने अधिकार र किनारा नलागेसम्म राज्यका तर्फबाट बहस-पैरवी गरी मुद्दा किनारा लगाउने अधिकार महान्यायाधिवक्तालाई सुम्पेको छ। सबै फौजदारी अपराधका मुद्दाहरू गर्ने अधिकार महान्यायाधिवक्तालाई तोके तापनि संविधानको भाग १२ ले भ्रष्टाचारसम्बन्धी मुद्दाको सुरु कारवाहीदेखि अन्तिम किनारा नलागुन्जेल बहस-पैरवी गर्ने र मुद्दा गर्ने अधिकार अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई तोकेको छ।

भ्रष्टाचार भएकोमा र पदमा बहाल रहेकाले पाएको अख्तियार दुरुपयोग गरकोमा उजुर सुन्ने, अनुसन्धान तथा तहकिकात गर्ने र कानुनबमोजिम मुद्दा दायर गर्ने काम नेपाल अधिराज्यको संविधान, २०४७ ले अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई तोकेको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई संविधानमा स्थापना गर्दा राज्यको प्रमुख तीन अङ्ग, जस्तै : कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाको व्यवस्थापछि तुरुन्तै अन्य संवैधानिक अङ्गहरूमा प्रथम स्थान दिई संविधानमा स्थापित गरिएको छ। साथै, सर्वोच्च अदालतको २०५३ असोज ८ को विशेष इजलासको फैसलाले पनि आयोगको राज्यप्रतिको दायित्वका बारेमा अरू स्पष्ट व्याख्या भई सार्वजनिक पदधारण गर्ने पियनदेखि प्रधानमन्त्रीसम्मलाई भ्रष्टाचार गरेको सम्बन्धमा अनुसन्धान र तहकिकात गरी आयोगले कारवाही अगाडि बढाउन सक्नेछ भनिएको छ। अर्थात् भ्रष्टाचार गरेको वा अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा आयोगलाई मात्र अधिकार सुम्पेको छ।

हालको विवादलाई उब्जाउने घटना यस प्रकार छ – २०५५ जेठ १० गते एक तस्करले तस्करी गरी सिङ्गापुर लान लागेको ५०० मूल्यको १ करोड २१ लाख भारतीय मुद्रा पक्राउ गरी प्रहरीले कानुनबमोजिम कारवाही चलाउन राजस्व अनुसन्धान विभागमा बुझाएको थियो। कानुनबमोजिम यस्तो अपराधको सरकारी वकिलद्वारा मुद्दा दायर हुनुपर्नेमा कानुनअनुसार मुद्दा चल्ने वा नचल्ने भन्नेबारेको निर्णय दिने अधिकार रहेका महान्यायाधिवक्ताले सो भा० रु० विदेशी मुद्रा नभएकोले मुद्दा दायर गर्न नमिल्ने भनी दिएको निर्णयका आधारमा अभियुक्तलाई मुद्दा नचलाई सो भारतीय रुपियाँ निजलाई नै फर्काइएको थियो। सिङ्गापुर जान लाग्दा १४ के० जी० को एउटा मात्र सुटकेस चेकिङ भएको निजको टिकटमा स्पष्ट लेखिएको छ भने निज अभियुक्तले पछि भारतीय रुपियाँ बुझ्दा ३० के० जी० का दुई वटा सुटकेस



बुझेको देखिन्छ। त्यस्तै सिङ्गापुर हुँदै भारत जान लागेको भनी अभियुक्तले दिएको अपत्यारिलो बयानलाई मान्यता दिई मुद्दा नचल्ने निर्णय भएको देखिन्छ। यसरी सो मुद्दा नचल्ने भनी निर्णय गरेको लगत्तै विशेष प्रहरीका गङ्गा पाण्डेले यसका बारेमा लिखित विरोध सुरु गरे र पछि यो विषयमा भ्रष्टाचार भएको हो कि भन्नेसम्बन्धमा अनुसन्धान सुरु भएको हो।

माथिको विवरणभन्दा अझ तथ्यभित्र प्रवेश गरी आयोगले गम्भीरताका साथ अनुसन्धान सुरु गर्ने हो भने मुलुकमा तस्करीतन्त्रलाई बढाउने गिरोहको नकाब उत्रिन सक्छ। साथै, ती अदृश्य सञ्चालक, जो शक्तिकेन्द्रमा रहेका छन्, ले गरेका इसारामा चल्ने उच्च पदाधिकारीको योग्यताको पोल खुल्न सक्छ। भा० रु० तस्करी गरेर विदेश लाने र सो रकमको सुन खरिद गरी नेपाल हुँदै पुनः भारत नै सुन तस्कर गर्ने गिरोह पर्दापछाडि छन्। यस भा० रु० काण्डका नायक हाल भूमिगत भएका छन्। सुनिएको छ कि हालका अभियुक्त त केवल भरिया मात्र हुन्। यसका बारेमा वास्तविक र विस्तृत विवरण जनताले जान्न चाहेको छ।

आयोग र महान्यायाधिवक्ता दुवैलाई संविधान र ऐन-कानुनले अधिकार सुम्पेको छ। तोकिएको अधिकार दुवैले निर्बाध रूपमा प्रयोग गर्न पाउनुपर्छ। संविधानको धारा ११० ले दिएको अधिकारअन्तर्गत गरिएको निर्णयविरुद्ध आयोगले हात हालेर पुनः सोही मुद्दा दायर गराउन खोजिएको छ भने त्यो कानुनले स्वीकृति प्रदान गर्न सक्तैन। तर कुनै अधिकारीले कानुनले दिएको अधिकार प्रयोग गर्दा नै भ्रष्टाचार गरी मुलुकलाई नोक्सानी र आफूलाई फाइदा पुऱ्याएको छ भने संविधानको धारा ९८ को अधिकार प्रयोग गरी आयोगले अनुसन्धान नै गर्नु हुँदैन भन्न पनि मिल्दैन।

यस्तो स्पष्ट र सामान्य नीतिलाई संवैधानिक प्रश्न बनाई संवैधानिक अङ्गका व्यक्ति नै प्रस्तुत भइदिँदा वास्तविकताबाट जनतालाई गुमराह गर्न खोजेको हो कि भन्ने भान पर्न आएको छ। सर्वसाधारण जनता सशङ्कित छ, कतै आयोग र महान्यायाधिवक्ता आपसमा मिलेर उक्त भा० रु० काण्डमा भएको भ्रष्टाचार नै कतै दबाउने परिपन्च रचिरहेका त छैनन् † यो अनुसन्धानले शक्तिकेन्द्रको कुन तहसम्मलाई अङ्कुश लगाउन सक्ने हो, सो पनि जनताले बेचैनीपूर्वक प्रतीक्षा गरिरहेका छन्। आयोगका पूर्वकार्यहरूले यो शङ्का उब्जाएको हो। जब-जब आयोगको अनुसन्धानमा उच्च पदाधिकारीको संलग्नता देखिन्छ, तब-तब आयोगको निर्णय पनि लचिलो हुने गरेको छ। त्यसैले जनविश्वास गुमाइसकेका सरकारी निकाय र आयोग कसरी पुनः विश्वास स्थापना गर्न समर्थ हुन्छन्, सो जनचासोको विषय भएको छ।

**कान्तिपुर दैनिक, २०५७ फागुन २२ गते सोमबार**

# अन्धो कानुनका अगाडि उपस्थित छ न्यायक्षेत्रमा भएको घूसकाण्ड

'घूस लिन्या र दिन्या दुवै मुलुकका शत्रु हुन्' – यो श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहले करिब तीन शताब्दीअगाडि मुलुक र जनताको हित चिताउँदै भनेका हुन्। मुलुकमा आज त्यसको ठीक विपरीत घूस लिने र दिने नै राज्यका हालिमुहालीकर्ता भएका छन् र राज्यव्यवस्थाका मित्र ठहरिएका छन्। जसले जति बढी भ्रष्टाचार गर्‍यो वा गर्न सक्यो, त्यसले मुलुकमा त्यत्ति नै बढी मानसम्मान पाउने र उच्च पदमा त्यसको पदोन्नति हुने गरेको छ। त्यसैले वर्तमानमा कार्यरत रहेका उच्च पदाधिकारीहरूले उक्त दिव्य उपदेशलाई पुरानो सम्झेर औचित्यहीन ठहर गरेका छन् र धुल्याइदिएका छन्। साथै नयाँ मान्यतालाई स्वीकारेका छन् कि आजको खुला वातावरणमा प्रतिस्पर्धात्मक रूपमा अगाडि बढाउनुपर्ने भएको हुँदा जसले चाँडो आर्थिक उन्नति गर्न सक्छ त्यो नै सबैभन्दा योग्य तथा कुशल व्यक्तित्व साबित हुनेछ। चाहे घूस लेनदेन गरून् वा भ्रष्टाचार गरून्, जसरी पनि योग्यतालाई बढाउन आर्थिक रूपले सम्पन्न होऊन्। भ्रष्टाचारको ठहर प्रमाणका आधारमा मात्र हुने हुँदा अन्धो कानुनले त्यसलाई प्रमाणित गर्न सक्तैन तर कहिलेकाहीँ पाप धुरीबाट कराउँछ भनेझैँ छोपछाप गर्न खोजिएका अपराधको प्रमाण नाङ्गिएर त्यही अन्धो कानुनको उपहास गर्दै प्रत्यक्ष उपस्थित हुने गर्छ।

यी माथिका सत्य कथनलाई हालैको न्यायक्षेत्रमा भएको घूसकाण्डले प्रमाणित गरेको छ। एक उच्च पदाधिकारीले अर्को उच्च पदाधिकारीलाई दिएको घूससम्बन्धी काण्ड सार्वजनिक भएपछि यो प्रकरणलाई छोपछाप गर्न र सरम जोगाउन सरकारी पदाधिकारीहरू नै लागेका छन् र अर्कै रूपमा प्रस्तुत गर्न सबै संलग्न व्यक्तिहरू प्रयत्नशील भएका छन्। हिजोको बयान आज बदलिएको छ भने यो घूसप्रकरणको घटनाले भोलि अर्कै रूप दिने निश्चित भएको सङ्केत प्राप्त हुन थालेका छन्। त्यसैले यो घटनालाई तुलनात्मक रूपमा अध्ययन र अनुसन्धान गर्न सजिलो होस् भन्ने ध्येयले यहाँ सविस्तार प्रस्तुत गर्नु सान्दर्भिक सम्झेको छु।

दुई वर्षअगाडि स्थानीय पाटन बजारमा कुटपिटका कारण प्रेम अवाले नाम गरेका व्यक्तिको मृत्यु भएको थियो। निज अवालेको मृत्युपछि त्यस कुटपिटकाण्डमा संलग्न व्यक्तिहरू जम्मा १७ जवानलाई अभियुक्त हठर गरी जिल्ला सरकारी वकिलको कार्यालयले विधिवत ललितपुर जिल्ला अदालतमा ज्यानमुद्दा दायर गरेको थियो। त्यो ज्यानमुद्दामा अभियुक्तमध्ये लेकमान महर्जन पक्राउ परेका र अन्य १६ जना फरार रहेका छन्। यसैबीच यही २०५६ माग १० गते यो ज्यानमुद्दालाई श्री ५ को सरकारले फिर्ता लिने निर्णय गरेको देखिन्छ। सो मुद्दा फिर्ता लिने क्रममा एक



जना प्रथम श्रेणीका अधिकृतले न्यायाधीशलाई घूस दिई मुद्दा खारेज गराउन प्रयास गरिएको छ। बाहिरि घटनाको विवरण यही हो।

अब प्रश्न उब्जिएका छन् – यो मुद्दा श्री ५ को सरकारले किन दायर गर्‍यो र यति छोटै अवधिमा किन फिर्ता लिने निर्णय गर्‍यो ? के कारण र कसका भनाइका आधारमा यसलाई राजनीतिक रङ चढाइयो ? राजनीतिक प्रतिशोधको कारणले हुलहुज्जत भयो र ज्यान गुम्न गएको हो भन्ने कुरा महान्यायाधिवक्तालाई मुद्दा दिँदाका बखत किन थाहा हुन सकेन ? मन्त्रिपरिषद् कसको प्रभावमा पर्‍यो ? न्यायाधीशका लागि तीन लाख रुपियाँ छुट्टिएको केसमा कति रकमको बोलकबोलमा यो ज्यानमुद्दा फिर्ता हुने योजना बनेको थियो ? यो ज्यानमुद्दालाई निस्क्रिय गराउने जिम्मा पाएका ठेकेदार को हुन् र कति रकममा ठेक्का सकारेका छन् ? यो भ्रष्टाचारकाण्डको अनुसन्धान अख्तियार दुरुपयोग अनुसन्धान आयोग गर्न सक्छ वा सक्तैन ? आदि।

पछि कुरा बदलिएन भने र कथनले अर्को मोड लिएन भने यो बहुचर्चित घूसप्रकरणको रहस्यको घटनाक्रम यस प्रकारको छ –

२०५७ चैत २ गते श्री ५ को सरकारका एक जना सहन्यायाधिवक्ताले ललितपुर जिल्लाका मुख्य न्यायाधीश गोपालप्रसाद गुरागाईँसँग भेटेर उक्त मुद्दाका बारेमा ज्यानमुद्दा फिर्ता लिने सरकारी नीति भएको हुँदा सहयोगको प्रस्ताव राख्नुभएको थियो। सायद पैसाको संलग्नता नभएको भए ढिलोचाँडो यो टुङ्गोमा पुग्न पनि सक्थ्यो। वडा प्रहरी कार्यालय मङ्गलबजारमा परेको यस सम्बन्धको अर्को छुट्टै जाहेरी दरखास्त मिसिल सामेल गराउने आदेश दिएका न्यायाधीश गुरागाईँले मिसिल हेरर गर्छु भन्नु स्वाभाविक जवाफ थियो तर न्यायाधीशका तर्फबाट ढुक्क हुन निज सहन्यायाधिवक्ताले आ□नी श्रीमतीलाई प्रयोग गरे। एक दिन दिउँसो उनकी श्रीमती न्यायाधीशको बानेश्वरस्थित शान्तिनगरको घरमा गएर एक लाख पन्चानब्बे हजार रुपियाँ छोड्छिन्। सो छोडेको रकमका बारेमा घरबाट फोनद्वारा जानकारी पाएपछि अदालतमा कार्यरत न्यायाधीश भयभीत हुनु स्वाभाविक थियो। गुरागाईँले तुरुन्त सहन्यायाधिवक्तासँग फोनद्वारा वार्ता गर्छन्। उनले त्यसरी रुपियाँ छोडेकोमा आपत्ति जनाउँछन् र तुरुन्त कार्यालयका एक जना नायबसुब्बा र अदालतका स्रेस्तेदार विदुर कोइरालालाई साथ लिई महान्यायाधिवक्तासमक्ष उपस्थित हुन्छन्। महान्यायाधिवक्ता न्यायाधीशको घरमा दिएको घूसको रकम ल्याउन लगाउँछन्। महान्यायाधिवक्ताको टेबुलमा न्यायक्षेत्रमा भएको घूसप्रकरणको दसीका रूपमा पीताम्बर कपडाले बेरेको एक लाख पन्चानब्बे हजार रुपियाँ तेर्सिन्छ। छोपछाप गर्ने इरादाले सो कपडामा बेरिएको रुपियाँ सहन्यायाधिवक्तालाई फिर्ता गरी पदबाट राजीनामा मागिन्छ र यो घूसप्रकरणका मुख्य अभियुक्तको राजीनामा स्वीकृत हुन्छ।

श्री ५ को सरकारले फिर्ता लिने भन्ने मुद्दामा प्रायः कारण, आधार र औचित्य प्रमाणित गरी अदालतले मुद्दा खारेज गर्ने गरेको छ। यो साँच्चै नै त्यस्तो प्रकृतिको भएको भए यहाँ रुपियाँको कारोबार हुनुपर्ने जरुरी नै देखिँदैन। तर रुपियाँको कारोबार पनि सानो छैन।

यस्ता धेरै किसिमका भ्रष्टाचारकार्यमा संलग्न व्यक्तिहरूको कुकृत्य र स्वार्थी कार्यले गर्दा विशुद्ध र स्वच्छ हुनुपर्ने न्यायक्षेत्र धमिलिन पुगेको छ। हुन त सरकारी वकिलको कार्यालयमा भ्रष्टाचार चल्दो रहेछ भन्ने निम्न बुँदाले स्पष्ट गरेको छ –

सुनिएको छ – यो काण्डका मूल योजनाकार तत्कालीन र वर्तमान मन्त्रिपरिषद्का सदस्यसमेत भएका व्यक्ति हुन्। उनले मुद्दा दायर गर्नुभन्दा अगाडि नै यो ज्यानकेसका बारेमा जानकारी नपाएका थिएनन् तर पनि कानुनबमोजिम मुद्दा दायर भएपछि मात्र यसलाई किन र कसरी राजनीतिक रङ चढाइयो, यो नै मूल अनुसन्धानको विषय भएको छ। साथै महान्यायाधिवक्ताजस्तो सरकारको कानुनी सल्लाहकारले आ□नो टेबलमा बरामद भएको घूसको रकम बिगो ठहर गरी सरकारी कोषमा दाखिला गर्न र बिगोबमोजिमको दण्ड-सजाय गर्न मुद्दा तयार गर्नुपर्नेमा सो नगरी किन, कसको दबाबमा आपराधिक कार्यमा संलग्न सहन्यायाधिवक्तालाई फर्काउनुभयो र निज लेखनाथले सो रकम कसलाई फर्काए, यो गम्भीर प्रश्नको उत्तर जनताले खोजेको छ।

यो घूसप्रकरणले पुरानो र लामो समयदेखि न्यायक्षेत्रमा चलिआएको भ्रष्टाचारको पर्दाफास गरेको मात्रै छैन कि न्यायक्षेत्रजस्तो मुलुकको जिम्मेवार निकायमा के-कस्तो गरी भ्रष्टाचारकार्य सञ्चालन हुँदो रहेछ भन्ने रहस्यको पनि उद्घाटन गरेको छ। यसको पूर्ण अनुसन्धानको अपेक्षा आम नागरिकले राखेका छन्।

**कान्तिपुर दैनिक, २०५७ चैत २० गते सोमबार**

**भरत जङ्गम – 'पचास प्रसङ्ग' बाट**

### जूवा : मानव–समाजको शत्रु

जूवा खेल्नु-खेलाउनु कानुननिषेधित कार्य हो र बहिष्कारयोग्य हो। यो स्वच्छ मानव-समाजको शत्रु हो। यसैले त्यसलाई सबै क्षेत्रबाट त्याग गरिएको हुन्छ र गर्नुपर्छ। मुलुकमा कानुन नहुँदा पनि यो निषेध नै थियो। तर दुःखको कुरा, आज निषेध-कानुन छ तर खेल्न-खेलाउन छुट दिइएको छ।

**– चारखालमा चौकादाउ**



# न्यायपालिकाले नै उपभोग गरेको अवैधानिक बिदा

प्राचीन तथा मध्ययुगीन शासन-व्यवस्थामा लिखित कानुन निर्माण नभए पनि राज्य र जनताका बीच अत्यन्त निकटतम सम्बन्ध स्थापित हुनुका साथै दुवैबीच सदैव तत्परता र सतर्कता कायम रहने किसिमको व्यवस्था सञ्चालित थियो। तर आधुनिक युग सुरु भएदेखि नै विस्तारै शासन-व्यवस्थामा विधि निर्माण हुँदै विधिको अधिनमा शासन सञ्चालन हुन थाल्यो। वर्तमान शासन-व्यवस्था त पूर्णरूपमा विधिसम्मत नै चलाउनुपर्ने भएकाले राज्यको सेवाका निकायहरू सञ्चालन गर्न विधिद्वारा निश्चित समयावधि तोकिने व्यवस्था सुरु हुन थाल्यो। यसका लागि सत्तामा बसेका र सत्ताबाहिर बसेका अर्थात् शासक र शासित दुवैबीच समन्वयात्मक समझदारीको विकास भई राज्यव्यवस्था सञ्चालन हुनुपर्ने अनिवार्यता टड्कारो देखिन थाल्यो। यसैअन्तर्गत स्थापित व्यवस्थालाई प्रजातान्त्रिक व्यवस्था भनिन थालियो।

राज्यव्यवस्थाले जनता र मुलुक दुवैलाई सेवा दिनका लागि राज्यका सेवामूलक संयन्त्र ऐनद्वारा निश्चित गरेका हुन्छन्। अर्थात् सरकारी कार्यालयहरू सञ्चालन गर्ने र सेवाका लागि समय निश्चित हुने कार्य सबै विधिसम्मत व्यवस्था गरेका हुन्छन्। तर यस मुलुकमा भने बिदाका बारेमा पूरा अन्योल सिर्जना भएको छ। एक प्रधानमन्त्रीको पालामा सुरु भएको बिदा अर्काका पालामा कायम नरहने भएको छ। बिदालाई आ-आ□नै हिसाबले अर्थ्याउने र आ□नो अनुकूल निर्णय गर्ने, बिदा बस्ने प्रचलन बढ्न थालेको छ। यसमा अग्रणी न्यायपालिका नै देखिएको छ।

बिदा दुई प्रकारका हुन्छन् – (१) राज्यव्यवस्थाले जनता र मुलुकको सेवाका लागि कार्यालय खोल्ने र बन्द गर्ने अर्थात् कार्यालयको बिदा, र (२) त्यस कार्यालयमा काम गर्ने कर्मचारीलाई दिइने सहुलियत बिदा। यी दुवै बिदा भिन्नाभिन्नै प्रकृतिका हुन्। यी दुवै बिदाहरू विश्वका अन्य मुलुकको दाँजोमा निकै नै बढी छन्।

बढी बिदाले राज्य र जनता दुवै शोषित हुन पुग्छन्। यी दुवै बिदाहरूलाई व्यवस्थित गर्ने र ऐनको परिधिभित्र बाँध्ने मनसायले २०५७ सालको रिट नं० ३३९४, ३३९५ र ३४४२ अन्तर्गत चलेको अदालती विवादको परिणाम शून्य निस्कियो। अर्थात् बिदा दिने काम श्री ५ को सरकारको हो र संविधानको धारा ३५ ले मुलुकको कार्यकारिणी अधिकार पाएको निकायले बिदालाई तोक्न सक्नेछ भनी २०५८।१।१५ मा सर्वोच्च अदालतको विशेष इजलासले फैसला गर्‍यो। माथि उल्लिखित बिदामध्ये कार्यालय सञ्चालन हुने बिदा ऐनद्वारा व्यवस्थित हुनुपर्नेमा त्यसरी नभई गृह मन्त्रालयको सूचनाको आधारमा भएको हुँदा संविधानको धारा १२४ बमोजिम ऐनद्वारा मात्र बिदा व्यवस्थित हुनुपर्ने नागरिकको मागदावीलाई अदालतद्वारा लत्याइयो तर अदालत स्वयम् भने सो फैसलाको अवज्ञा गरेर गृह मन्त्रालयको सूचनाको विपरीत

कानुनदिवस र दसैंबिदा बस्न थालेको छ। मुलुकमा सुशासन चलाउन बल दिने न्यायपालिका नै सर्वोच्च अदालतको विशेष इजलासको आदेशको पालना गर्दैन भने अरू कसले गर्छ भनेर आशा राख्ने ?

सरकारी कार्यालयको सञ्चालन ऐनद्वारा व्यवस्थित हुनुपर्छ भन्ने सिद्धान्तकै आधारमा हुकुमी शासनमा पनि बिदाका लागि सनत-सवालमा उल्लेख भई बिदाको व्यवस्था हुने गर्दथ्यो। श्री ३ भीमशमशेरले १९८७ मा बिदाका बारेमा सवाल जारी गरेर बिदालाई कानुनी मान्यता प्रदान गरेका थिए। तर प्रजातन्त्र आएपछि सबै काम-कारवाही ऐन-नियमद्वारा निर्धारित हुनुपर्नेमा त्यसको उल्टो गृह मन्त्रालयको सूचनालाई प्रमुखता दिई प्रत्येक वर्ष बिदाहरू थपिने र काटिने कार्य जारी रह्यो। प्रधानमन्त्री र गृहमन्त्रीको सनकमा बिदा निश्चित हुने क्रम जारी भएपछि कृष्णप्रसाद भट्टराईको शासनकालमा उपत्यकाका सरकारी कार्यालयहरूलाई मात्र आइतबार बिदा दिने व्यवस्था परीक्षणका रूपमा सुरु भयो र पछि त्यही परम्परा कायम भयो। मुलुकभित्र केन्द्रीय र क्षेत्रीय सरकार छैनन्, तर पनि यहाँका सत्तासीनले भने भारतीय केन्द्रीय र राज्यसरकारको नक्कल गर्न पछि परेका छैनन्।

नागरिकलाई कुनै आपत्ति छैन ऐनले वर्षको तीन सय दिन बिदा तोकेको छ भने। त्यस्ता बिदा अधिराज्यका सबै जाति र वर्गविशेषका लागि मान्य हुन सक्छ। जातिविशेषका आधारमा बिदा तोकिनु हुँदैन र एक जातिले उपभोग गरेको बिदा अर्को जातिले पनि पाउनुपर्छ वा समानताका आधारमा राज्यबाट व्यवस्था गरिनुपर्छ। तर गृह मन्त्रालयको २०५८।१२।२६ को बिदाको सूचनामा सबै जाति, वर्गलाई समान व्यवहार गरिएको पाइँदैन। यो बिदाका बारेमा भएको कमजोरी ऐनको अभावको कारणले नै हो।

अर्को तातो उदाहरण न्यायपालिकाको हो। गृह मन्त्रालयले २०५७ सालको बिदाको सूचना प्रकाशित गर्दा अदालतलाई कानुनदिवस र दसैंमा पन्ध्र दिन बिदा दिने किटानीका साथ तोकिदिएर प्रकाशित गरेको थियो र त्यहीअनुरूप अदालत बन्द भएको थियो। त्यस्तै सूचना २०५८ र २०५९ सालका लागि प्रकाशित गर्दा भने अदालतलाई उक्त बिदा नदिने गरी अरू सरकारी कार्यालयसरह मात्र अदालतले बिदा बस्नुपर्ने गरी सूचना प्रकाशित भएको छ। तर न्यायपालिकाले भने राज्यको आदेशको अपहेलना गरी २०५८ सालको कानुनदिवस र दसैंमा पन्ध्र दिन अदालतलाई बन्द गराउने कार्यको थालनी गरेको छ। यो कानुनदिवस र दसैंमा अदालत बिदा गर्ने कार्य भने परम्परागत रूपमा चलिआएको दलिल दिँदै सर्वोच्च अदालतका न्यायाधीशहरूको फुलकोर्टले निर्णय गरी अदालत बन्द हुने कार्य सुरु भएको छ।

बिदाका सम्बन्धमा भएको सर्वोच्च अदालतको विशेष इजलासको २०५८।३।१५ को फैसलाले बोल्छ – 'संविधानको धारा ३५ ले सरकारी कार्यालय सञ्चालन गर्ने सम्पूर्ण अधिकार कार्यकारिणीमा निहित छ।' अर्कातर्फ त्यही सरकारको एक अङ्ग न्यायपालिकाको उच्च निकायमा कार्यरत न्यायाधीशहरूको पूर्ण बैठकले कार्यकारिणी अधिकारअन्तर्गत जारी भएको आदेशको विपरीत अदालत बन्द गर्ने निर्णय गर्छ र



अधिराज्यभरका अदालतहरू बन्द हुन्छन्। न्यायव्यवस्थाको स्वच्छ छविलाई सधैं अटल राखी सुशासनको माध्यमद्वारा प्रजातन्त्र बलियो बनाउँदै न्यायपालिकाको स्वतन्त्र अस्तित्वसमेत कायम राख्नुपर्ने गहन जिम्मेवारी बोकेका न्यायाधीशहरूको समूहको बैठकले नै कानुनको बाटोलाई छोडी परम्पराको जग र आधारलाई टेकेर निर्णय दिनु र त्यस निर्णयको कार्यान्वयन गर्न स्वतन्त्र न्यायपालिकाले व्याख्या गर्न खोज्नु प्रजातन्त्र र कानुनी राज्यस्थापनाका क्रमका लागि राम्रो सङ्केत होइन।

सर्वोच्च अदालत नियमावली, २०४९ को नियम १२ मा न्यायाधीशहरूको पूर्ण बैठकका बारेमा व्यवस्था भएको छ। नियमावलीमा भएको व्यवस्थाअनुसार पूर्ण बैठकले अदालत खोल्ने र बन्द गर्ने आदेश जारी गर्न सक्ने देखिँदैन। फेरि कानुनदिवस र दसैंको बिदाका लागि मात्र निर्णय गर्ने र अरू बिदा कार्यकारिणीले तोकेअनुसार स्वीकार गर्न मिल्छ वा मिल्दैन, यो अत्यन्तै गम्भीर प्रश्न उपस्थित भएको छ। हुन त यो पनि परम्परागत रूपमै मौलाउँदै आएको हो। तत्कालीन प्रधानन्यायाधीश विश्वनाथ उपाध्याय अमेरिका-भ्रमणबाट फर्किएपछि त्यहाँको बिदाको व्यवस्थाबाट प्रभावित भएर अदालतलाई आइतबार बिदा दिने कार्य सुरु भएको देखिन्छ। सर्वप्रथम २०५०।११।२७ का दिन बसेको पूर्ण बैठकले निर्णय गर्दा सर्वोच्च अदालतलगायत अधिराज्यका सबै अदालतलाई आइतबार बिदा दिने निर्णय गऱ्यो र सो निर्णयलाई वैधता दिन नेपाल राजपत्रमा प्रकाशित गर्न सरकारलाई अनुरोध गर्ने निर्णय पनि गरेको थियो तर सो निर्णयलाई तत्कालीन सरकारले कार्यान्वयनमा नल्याएपछि २०५१।३।३० मा बसेको पूर्ण बैठकले २०५१ साल साउन १ गतेदेखि उपत्यकाका अदालतहरू बन्द गर्ने निर्णय गऱ्यो। सोही निर्णयअनुसार अदालतहरू बन्द हुन थालेका हुन्। यसबारेमा न्यायिक निरूपण अदालतबाट नै हुनुपर्ने हो। तर न्यायाधीशहरूको समूहले नै गरेको निर्णयको विरुद्ध न्यायालयमा यस विषयमा हाँक दिन गाह्रो भएका कारणले गर्दा यो कार्य अवैध भए पनि चल्न थाल्यो र उपत्यकाका अदालतहरू आइतबार बिदा हुन थाले। पछि २०५७ साल भदौ १ गतेदेखि श्री ५ को सरकारले पनि परीक्षणका रूपमा बिदा गर्न थालेपछि एकरूपता कायम भएको थियो।

श्री ५ को सरकारले २०५७ सालमा बिदाको सूचना प्रकाशित गर्दासम्म अदालतलाई कानुनदिवस र दसैंमा १५ दिन बिदा दिने किटानीका साथ तोकेर प्रकाशित गरेको थियो र त्यहीअनुरूप अदालत बन्द भएका थिए। त्यस्तै, नेपाल राजपत्रमा २०५८ र २०५९ सालको बिदाका लागि क्रमशः २०५७।१२।६ र २०५८।१२।२६ मा प्रकाशित सूचनामा अदालतलाई उक्त बिदा नदिने गरी अरू सरकारी कार्यालयसरह एकरूपता कायम गर्ने उद्देश्यका साथ सूचना प्रकाशित भएको देखिन्छ। तर न्यायपालिकाले भने राज्यको आदेशको अपहेलना गरी कानुनदिवस र दसैंमा १५ दिन बिदा दिन अदालतलाई बन्द गराउने कार्यको थालनी गरेको छ। कानुनदिवस र दसैंमा अदालत बिदा गर्ने कार्य भने परम्परागत रूपमा चलिआएको दलिल दिँदै सर्वोच्च अदालतका न्यायाधीशहरूको पूर्ण बैठकले मात्र

निर्णय गरी अदालत बन्द हुने कार्य सुरु गरेको हो। यसको वैधानिकताको खोजी हुनुपर्ने आवश्यकता महसुस भएर यो टिप्पणी प्रस्तुत भएको हो।

स्मरण रहोस्, विश्वका विकसित मुलुकहरू, जस्तै : अमेरिका, बेलायत, जर्मनी र फ्रान्समा वर्षभरिमा १ सय दस दिनभन्दा बढी बिदा दिने व्यवस्था छैन। सार्क मुलुकहरूमा पनि पाकिस्तान, श्रीलङ्का र बङ्गलादेशमा वर्षभरिमा ८० दिनभन्दा बढी बिदाको व्यवस्था छैन। भारतमा केन्द्रसरकारले वर्षमा १ सय १४ दिन बिदा दिए पनि राज्यसरकारहरूले जम्मा ७५ दिन मात्र बिदा दिने गरेका छन्। तर दिन दुगुना र रात चौगुनाका रूपमा विकास गर्नुपर्ने अवस्थाको गरिब मुलुक नेपालमा भने राज्य-व्यवस्था सञ्चालन गर्ने जिम्मा पाएको समूहले १ सय ३० दिनभन्दा बढी सरकारी अड्डा-अदालतहरूलाई सार्वजनिक बिदा दिई र लिई बिदाका बारेमा विश्वकीर्तिमान कायम गरेका छन्।

**नेपाल समाचारपत्र, २०५९ भदौ २३ आइतबार**

**भरत जङ्गम – 'पचास प्रसङ्ग' बाट**

## राजनीतिक स्थिरता अनिवार्य

चुनावको समाप्तिपछि राजनीतिक वातावरणमा स्थिरता आउनुपर्छ। जनताले जुन दल वा व्यक्तिलाई आ□नो अधिकार सुम्पेको छ, त्यो अधिकारप्राप्त व्यक्तिले जनचाहनाअनुसार सेवा पुऱ्याउन कार्यरत हुनुपर्छ, साथै सबै क्षेत्रबाट निश्चित समयावधिसम्म उसलाई काम गर्न बल प्रदान गर्नुपर्छ। अनि कामको मूल्याङ्कन हुनुपर्छ। राम्रो कामका लागि समर्थन र नराम्रो कामको विरोध हुनुपर्छ। यही प्रजातान्त्रिक अभ्यासलाई हामीले अमल गर्न सक्यौं भने मुलुकमा प्रजातन्त्र दिगो हुन पुग्छ।

**– फैलिएको प्रदूषण र राजनीतिज्ञको दायित्व**



### सन्दर्भ : संवैधानिक प्रश्न र वैधानिक अड्चन

# सशस्त्र प्रहरी बल र क्षेत्रीय प्रशासक नाटकीय ढङ्गले स्थापित हुन खोजेका छन्

सशस्त्र प्रहरी बल र क्षेत्रीय प्रशासकको अध्यादेश गैरकानुनी बाटोबाट ल्याएर सरकारले बडो नाटकीय ढङ्गले त्यसलाई कानुनी हैसियत प्रदान गर्ने कोसिस गरिरहेको छ। अध्यादेशबाट सुरु गरेर ऐनमा परिणत गर्ने कार्य जारी राखेको छ। यसरी गलत बाटो अख्तियार गरी प्रजातान्त्रिक सरकारले कार्य गर्न हुँदैन र यसरी कार्य गर्दा त्यस्तो सरकारले जनविश्वास गुमाउने गर्छ। त्यसैले यो श्री ५ को सरकारले अपनाएको विधिनिर्माणको प्रक्रिया पूर्ण रूपले गलत भएको छ र अप्रजातान्त्रिक ठहर भएको छ। संसद्को उन्नाईसौं अधिवेशनअगाडि अध्यादेशबाट सुरु गरी एउटा अध्यादेश निस्क्रिय भएपछि दोस्रो अध्यादेश ल्याई संसद्को बीसौं अधिवेशनमा आवश्यक अनेक दफाहरूसमेत संशोधन गरी बल्लतल्ल दुवै सदनबाट पारित गर्न समर्थ भएको छ। मुलुक र जनतालाई सुरक्षा प्रदान गर्ने उद्देश्यले स्थापित ती निकाय नै गैरसंवैधानिक र गैरकानुनी तरिकाले प्रवेश गरेर कानुनी रूप लिन थालेको छ। मुलुकमा पाँच वर्षदेखि सञ्चालित माओवादी विद्रोह दमन गर्न र शान्तिसुरक्षा कायम गर्ने नाममा ल्याइएका ती अध्यादेशहरूले सफा र सहज बाटोबाट प्रवेश नगरेको कारणले सदनबाट पारित भए पनि त्यसको निरन्तरतामा भने प्रश्नचिह्न लागेको छ।

संसदीय शासन-प्रणालीमा संसद्लाई छलेर सरकारले अध्यादेशहरू ल्याउनु र अध्यादेशको बाटो गरी ऐनमा परिणत हुनु भनेको अप्रजातान्त्रिक अभ्यासको थालनी भएको मान्नुपर्छ। यसरी घुमाउरो बाटोबाट ऐन निर्माण हुनु भनेको बहुदलीय प्रजातन्त्रलाई नै खतराको सङ्घारमा पुऱ्याउनु हो। प्रजातन्त्र भनेको विधिको शासन हो। कुनै पनि सानो वा महत्त्वपूर्ण विधि वा नीति निर्माण गर्नुपर्दा सहज र सरल कानुनी निर्दिष्ट विधिद्वारा मात्र गर्नु-गराउनुपर्छ। जनप्रतिनिधिलाई छल्ने र मनपर्दो ढङ्गले शासन सञ्चालन गर्ने हो भने यो बहुदलीय प्रजातान्त्रिक व्यवस्था पनि राणाको हुकुमी शासन र पञ्चायतको एकतन्त्री शासनजस्तो हुन पुग्छ। त्यसैले प्रजातन्त्रको

रक्षा गर्नुमा राजनीतिक पार्टीहरू र त्यसका नेता तथा कार्यकर्ता मात्र नभई मुलुकभित्रका आम नागरिक खास गरी सचेत नागरिकको पनि त्यत्तिकै दायित्व छ भन्ने कुरा सबैले बुझ्नुपरेको छ ।

नेपाल राजपत्र खण्ड ५० अतिरिक्ताङ्क ५२ भाग २ मा २०५७ सालको अध्यादेश नं० २ नामकरण गरी सशस्त्र प्रहरी बलको गठन र सञ्चालनसम्बन्धी गर्न बनेको अध्यादेश र २०५७ सालको अध्यादेश नं० ३ नामकरण गरी स्थानीय प्रशासन ऐन, २०२८ लाई संशोधन गर्न बनेको अध्यादेश मिति २०५७।१०।९।२ मा प्रकाशित गरी श्री ५ को सरकारले ऐनसरह लागू गऱ्यो र तुरुन्त अध्यादेश नं० २ अनुसार सशस्त्र प्रहरी बल गठन र अध्यादेश नं० ३ अनुसार पाँचै विकासक्षेत्रमा क्षेत्रीय प्रशासकहरू नियुक्त गरी विकासक्षेत्रहरूमा क्षेत्रीय प्रशासन कार्यालय स्थापना गऱ्यो । ती दुवै निकायका कार्यालय र त्यसमा कार्यरत पदाधिकारीको कानुनी हैसियत २०५७ चैत्र २६ गते रातको १२ बजे समाप्त भएपछि पुनः पदस्थापन गरिएको छैन । त्यसैले ती दुवै सुरक्षा प्रदान गर्ने नाममा स्थापित सशस्त्र प्रहरी बल र क्षेत्रीय प्रशासन कार्यालय र त्यसका पदाधिकारीहरूले कानुनी हैसियत त्यसै बखतदेखि गुमाइसकेका छन् ।

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ७२ (१) मा अध्यादेश ल्याउन सक्ने प्रावधान छ । तर त्यही धाराले अध्यादेशलाई परिभाषित पनि गरेको छ । संविधानको धारा ७२ (२) (ग) मा संसद्को दुवै बैठक बसेको ६० दिनमा अध्यादेश निस्क्रिय हुने पनि स्पष्ट लेखिएको छ । अध्यादेशको व्यवस्था आकस्मिक उपचारको विधिअन्तर्गत राज्यव्यवस्था सञ्चालन गर्नेले ज्यादै अप्ठ्यारो परिस्थितिमा संसद् नबसेको समयमा तत्काल नगरी नहुने कार्यसम्म सम्पन्न गर्ने वा काम चलाउन पाउने एउटा अस्थायी व्यवस्था मात्र हो । कार्यकारिणी स्वेच्छाचारी नबनोस् वा बन्न नसकोस् भन्नाका लागि अध्यादेशलाई अत्यन्तै छोटो र सीमित अवधि मात्र संविधानले प्रदान गरेको छ । त्यसैले संविधानको धारा ७२ (२) (क) मा भनिएको छ – 'जारी भएपछि बसेको सदनको दुवै सदनमा पेस गरिनेछ ।' त्यस्तै धारा ७२ (२) (ग) मा भनिएको छ – 'सदनको बैठक बसेको साठी दिनमा स्वतः निस्क्रिय हुनेछ ।' यसबाट कुनै पनि विधिनिर्माण र विधिसम्बन्धी मूल निर्णायक थलो सदन हो, कार्यकारिणी होइन भन्ने स्पष्ट देखिन्छ ।

प्रथम पटक २०५७।१०।९ मा जारी गरेका अध्यादेशहरूलाई श्री ५ को सरकारले ऐनमा परिणत गर्न २०५७ माघ २४ गते सशस्त्र प्रहरी बलको गठन र सञ्चालनसम्बन्धी विधेयक, २०५७ र स्थानीय प्रशासन ऐन २०२८ संशोधन विधेयक, २०५७ क्रमशः विधेयक नं० १ र २ मा संसद् सचिवालयमा दर्ता गरेको थियो । यसै सिलसिलामा २०५७ माघ २६ गते संसद् बसेकै दिनमा अध्यादेश ल्याउनुपरेको कारण र औचित्य उल्लेख गर्दै गृहमन्त्रीबाट १९ औँ अधिवेशन सुरु भएकै दिन विधिवत प्रस्तुत भएका थिए । तर संसद्ले त्यसका बारेमा छलफलसम्म गरेन । सदन २०५७ साल चैत्र २३ गते समाप्त भयो र प्रस्तुत अध्यादेश चैत्र २६ गते साठी दिन पुगेको हुँदा स्वतः निस्क्रिय भयो । तर सो विधेयकका रूपमा दर्ता भई सदनमा प्रस्तुत



भएको दस्तावेजलाई अध्यादेश निस्क्रिय भएको चार दिनपछि जस्ताको तस्तै पुनः नेपाल राजपत्र भाग २ खण्ड ५० अतिरिक्ताङ्क ६७ मिति २०५७ चैत्र ३० गते अध्यादेशका रूपमा संविधानको धारा ६९ (१०) प्रतिकूल प्रकाशित गरियो ।

व्यवस्थित कानुनअनुसार संविधानको धारा ७२ (१) बमोजिम जारी गरेको अध्यादेश सोही धारा ७२ (२) (क) बमोजिम संसद् चलेपछि तुरुन्तै सदनमा पेस गर्नुपर्ने हुन्छ । त्यसरी पेस भएको अध्यादेश अस्वीकृत भएमा स्वतः निस्क्रिय हुनेछ र स्वीकार गरेमा सो अध्यादेश स्वतः विधेयकको रूप धारण गरी संविधानको भाग ९ को व्यवस्थापन कार्यविधि र प्रतिनिधिसभा नियमावली, २०५४ र राष्ट्रिय सभा नियमावली, २०५५ अनुसार ऐनको रूप लिन अगाडि बढ्ने व्यवस्था छ । प्रतिनिधिसभा नियमावली, २०५४ को नियम नं० १०४, १०९, ११३ र ११६ बमोजिम ऐनको रूप धारण गर्न अगाडि बढाइन्छ र दुवै सदनबाट पारित भएपछि श्री ५ को लालमोहर लागेपछि ऐनका रूपमा स्थापित हुन्छ ।

मुलुकमा शान्तिसुरक्षा कायम गर्नेजस्तो महत्त्वपूर्ण जिम्मेवारी बोक्नुपर्ने क्षेत्रीय प्रशासक र सशस्त्र प्रहरी बल कुनै अल्पकालका लागि मात्र स्थापना हुने प्रकृतिका निकाय नभई चिरकालसम्म मुलुकको शान्तिसुरक्षा कायम गर्नुपर्ने निकाय हुन् । मुलुकको शान्तिसुरक्षा कायम गर्नुपर्ने तथा श्री ५ को सरकारको पूर्ण प्रतिनिधित्व गर्ने निकायको स्थापना र गठन मुलुकको मूल नीतिभित्र समावेश भएको हुनुपर्ने हुन्छ । त्यस्तो जिम्मेवार स्थायी निकायहरू संसद्ले विधि र नीति निर्माण गरी श्री ५ को सरकारलाई जिम्मा दिएपछि मात्र विधिसम्मत सञ्चालन हुन्छन् । तर यसको विपरीत संसद्लाई पन्छाएर त्यस्तो स्थायी प्रकृतिको सरकारी निकाय स्थापना गर्न र सशस्त्र प्रहरी बल गठन गर्न संविधानले अख्तियारी प्रदान गरेको छैन । संविधानको धारा ७२ (१) मा भनिएको छ – 'यस संविधानमा लेखिएका कुराको प्रतिकूल नहुने गरी .... ।' तर संविधानको प्रस्तावनालगायत धारा २५, ४४, ६२, ६८, ६९, ७० र ७२ प्रतिकूल हुने गरी अध्यादेशहरू जारी गरिएका छन् ।

संसद्को १८ औँ अधिवेशन चार महिना लामो अवधिसम्म चलेको थियो । त्यस बखत सशस्त्र प्रहरी बल गठन गर्नुपर्ने आवश्यकता नठान्ने सरकारले १९ औँ अधिवेशन बस्नु दुई हप्ताअगाडि सशस्त्र प्रहरी बल गठनसम्बन्धी अध्यादेश ल्याएर मुलुकको जिम्मेवार संसद्लाई सरकारले छल्ने कोसिस गऱ्यो । संसद् बस्तानबस्तै हतार-हतार सशस्त्र प्रहरी बल गठन गऱ्यो । त्यस्तै, स्थानीय प्रशासनअन्तर्गत क्षेत्रीय प्रशासकहरू नियुक्ति गरेर कार्यरत गरायो । सफा नियत नराखी संसद्लाई झुक्याउने उद्देश्यका साथ अध्यादेश जारी गरेको हुँदा संसद्को १९ औँ अधिवेशन ५७ दिनसम्म चल्दा पनि अध्यादेशका विषयमा छलफल अगाडि बढ्न सकेन । अन्ततः अध्यादेश निस्क्रिय भयो । निस्क्रिय भएको अध्यादेशलाई ४ दिनपछि अर्थात् २०५७।१२।३० मा पुनः जारी गरियो । चार दिनसम्म कुनै पनि ऐनले पहिलो अध्यादेशद्वारा गठित प्रहरी बल र स्थानीय प्रशासकको पद कायम राख्न सक्तैन । तर सरकारले भने २०५७ चैत्र ३० गते जारी गरेको अध्यादेश बमोजिम पुनर्नियुक्ति गर्नु आवश्यक ठानेन र पहिलो अध्यादेशबमोजिम गरेको नियुक्तिलाई नै निरन्तरता दिएको छ, जो पूर्ण गैरकानुनी कार्य भएको छ ।

यो चालु २० औं अधिवेशनमा ती अध्यादेशहरू विधेयकका रूपमा दर्ता भएका छन् । तिनै अध्यादेशहरूका विरुद्धमा विपक्षी दलहरूले विरोधको सूचनासमेत दर्ता गराएका थिए र त्यही विरोधको सूचनाका बारेमा श्रावण २३ मा बसेको बैठकमा विपक्षी दल राप्रपाका डा० प्रकाशचन्द्र लोहनीको विरोधको भनाइ सक्नेबित्तिकै सभामुखले होहल्लाका बीच अध्यादेश र अनुमोदन भएको घोषणा गर्नुभयो । यसबाट सबै विपक्षी दलका सांसद महोदयहरूलाई झुक्याइएको छ । अब विधेयकमा प्रवेश गर्न सक्ने प्रावधान अगाडि आएको छ । अब यसलाई कसरी छल्छ भन्नेतर्फ पनि आमनागरिकको ध्यान खिचिएको छ । गत १९ औं अधिवेशनको अध्यादेश स्वीकृत हुन अलमलमा परेको हुँदा अधिवेशन समाप्त भएको ७ दिनपछि अर्थात् २०६७ चैत्र ३० गते दोस्रो पटक अध्यादेश जारी गरी सदन र जनता दुवैलाई झुक्याउन सफल भएको थियो । तर अब हेर्नुछ, श्री ५ को सरकार यी सशस्त्र प्रहरी बल र क्षेत्रीय प्रशासन निकायलाई कसरी निरन्तरता दिन सक्छ ।

**नेपाल समाचारपत्र, २०५८ भदौ ८ गते शुक्रबार**

**भरत जङ्गम – 'पचास प्रसङ्ग' बाट**

## छिमेकी मुलुकसँगको व्यवहार

असल छिमेकी सावित हुन छिमेकीसँग असल व्यवहार गर्नुपर्छ । सबलता र निर्बलताको स्थिति समयानुसार उत्पत्ति हुने गुण हो । आजको बलियो भोलि निर्बल हुन सक्छ । त्यसैले बलियो भएँ भन्दैमा छिमेकीलाई मिच्ने, हेप्ने र शक्तिको प्रभावले गाँजेर आ□नो निहित स्वार्थपूर्ति गर्ने कार्य गर्नु हुँदैन । यदि कुनै छिमेकीले यस्तो व्यवहार गऱ्यो भने त्यो छिमेकी असल नभएर 'दुष्ट' सावित हुन्छ । यसलाई 'माछो-न्याय' पनि भनिन्छ । यो वर्तमान प्रजातान्त्रिक युगको मूल तत्त्व मानव-अधिकारको विपरीत पनि हो ।

**– छिमेकी व्यवहार र भारतीय बाँध**



# प्रधानमन्त्रीय प्रणालीको सोच नै संविधानविपरीत

२०५९ असार २४ गते 'कान्तिपुर दैनिक' को 'दृष्टिकोण' स्तम्भमा 'प्रधानमन्त्रीय प्रणालीको बहस' शीर्षकमा डा० लोकराज बरालज्यूको लेख प्रकाशित भएको थियो । बहसका क्रममा लेख आएको र यो साँच्चै नै बहसको विषय भएको हुँदा तत्सम्बन्धमा दिन थालिएको राजनीतिक मोडलाई ठीक दिशा दिनुपर्ने भएकोले मेरो स्पष्ट दृष्टिकोण राख्न चाहन्छु ।

त्यो लेखलाई सारांशमा विचार गर्दा वर्तमान नेपालको संविधानद्वारा स्थापित प्रजातान्त्रिक बहुदलीय व्यवस्था नै प्रधानमन्त्रीय प्रणाली हो र यसको गलत प्रयोग भइरहेको कारणले गर्दा मात्र प्रधानमन्त्री पद निर्बल एवं प्रभावहीन हुन पुगेको हो भन्ने किसिमबाट व्याख्या गरिएको छ, साथै वर्तमानको व्यवस्थालाई प्रधानमन्त्रीहरूको क्रियाकलापले गर्दा प्रधानमन्त्रीय पद्धतिले गलत दिशा लिएको बारेमा पनि अनेक उदाहरण प्रस्तुत गरिएका छन् । सरसर्ती लेख पढ्दा मुलुकको राजनीतिक वातावरणले दिशाहीन बाटो अख्तियार गरेकोमा चिन्ता पनि व्यक्त गरिएको छ । तर लेखलाई लेखकको स्तर तथा लेखकीय जिम्मेवारीको मापदण्डमा राखी विचार गर्दा यो व्यवस्थाका बारेमा गलत सूचना प्रवाह भएको हो कि भन्ने लाग्दछ ।

प्रधानमन्त्रीय पद्धतिका बारेका गिरिजाप्रसाद कोइराला अन्तिम पटक प्रधानमन्त्री हुँदा गत २०५७ सालमा 'प्रधानमन्त्रीय प्रणाली' भनेर बोल्न थालिएको हो । यो शब्दलाई प्रधानमन्त्री हुने व्यक्तिले मन पराउनु स्वाभाविक पनि हो । अझ वर्तमान प्रधानमन्त्री शेरबहादुर देउवाले त प्रधानमन्त्री भएदेखि नै यस शब्दलाई पटक-पटक दोहोऱ्याइरहनुभएको छ अर्थात् उहाँका लागि यो प्रधानमन्त्रीय प्रणाली प्रिय हुन पुगेको छ । राजनीतिमा लागेका व्यक्तिले बोलेसम्म त्यसको कुनै मूल्य हुँदैन । कारण तिनीहरूले बोलेको बोलीलाई मुलुकका सचेत नागरिकले कहिल्यै विश्वास गरेका छैनन् र त्यस्ता स्वार्थवश बोलिने बोलीलाई मूल्यहीन सम्झने गरेका छन् । तर नेपाली समाजको एउटा जिम्मेवार व्यक्ति तथा बुद्धिजीवीले बोल्न थालेपछि भने यस शब्दले आम नागरिकको मनस्थितिमा खैलाबैला मच्चाएको छ । वर्तमानमा चलेको व्यवस्था के साँच्चै नै प्रधानमन्त्रीय प्रणाली हो त ? हो भने कसरी र होइन भने के हो त भन्ने प्रश्नको निराकरण हुनुपर्ने देखिन्छ ।

राजनीतिक सिद्धान्तका विश्लेषक, राजनीतिशास्त्रका प्राध्यापक, कूटनीतिक क्षेत्रमा कार्यरत व्यक्तित्व तथा लामो समयदेखि बहुदलीय प्रजातन्त्रका पक्षमा वकालत गर्दै आउनुभएका डा० बरालले नेपाल अधिराज्यको संविधान, २०४७ अन्तर्गत सञ्चालित बहुदलीय प्रजातान्त्रिक संसदीय शासन-प्रणालीलाई प्रधानमन्त्रीय प्रणालीको नामकरण गर्न खोज्नुभएकोमा कुनै पनि राजनीतिमा चासो राख्ने व्यक्तिका लागि

अनेक जिज्ञासा उत्पन्न हुनु स्वाभाविक हो। यसै सिलसिलामा मुलुकमा अहिले चलेको व्यवस्था प्रधानमन्त्रीय पद्धति हो वा अन्य कुनै पद्धति हो भन्नेतर्फ विचार गर्दा वर्तमानमा प्रतिपादित संविधानको प्रस्तावनामा 'बालिग मताधिकार, संसदीय शासन प्रणाली, संवैधानिक राजतन्त्र तथा बहुदलीय प्रजातन्त्रलाई सुदृढीकरण गर्न' भनेर बोलिएको छ। संविधानका कुनै पनि भागमा प्रधानमन्त्रीय प्रणाली भनेर लेखिएको वा बोलिएको छैन। त्यसैले यसलाई प्रधानमन्त्रीय प्रणाली भन्न मिल्लाजस्तो लाग्दैन।

प्रधानमन्त्रीय प्रणाली भनेको प्रधानमन्त्रीको वरिपरिको घेराभित्र मुलुकको सबै संयन्त्र घुम्ने व्यवस्था हो। प्रधानमन्त्री हुनुअगाडि उसले मुलुकका नागरिकका सामु आ□नो नीति तथा कार्यक्रम प्रस्तुत गरेको हुन्छ र त्यही घोषित नीति तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्ने भएको हुँदा प्रधानमन्त्रीमा नियुक्त व्यक्ति आ□नो अवधिभरि अत्यन्तै शक्तिवान् हुन्छ र हुनु पनि पर्छ। ऊ शक्तिसम्पन्न भएन भने उसले घोषणा गरेको नीति तथा कार्यक्रम सफलिभूत हुन सक्तैन। त्यसैले व्यवस्थित कानुनद्वारा कुनै पनि व्यक्ति एक पटक निर्वाचित भएपछि उसको कार्यकाल निर्विघ्न समाप्त हुन पाउनुपर्छ र उसले आ□नो कार्यकालभित्र पूर्वघोषित नीति तथा सिद्धान्तको प्रतिपादन गर्न पाउनुपर्छ। त्यो कार्यकालभित्रको जस-अपजसको भागी प्रधानमन्त्री नै हुन्छ। तर यो व्यवस्थाले प्रधानमन्त्रीय प्रणालीलाई कुन हदसम्म स्वीकार गर्छ भन्ने विचार गरौँ।

नेपाली काङ्ग्रेसका केन्द्रीय सदस्य नरहरि आचार्यले लेख्नुभएको 'अब प्रधानमन्त्रीको प्रत्यक्ष निर्वाचन गर्ने कि ?' भन्ने लेख कान्तिपुरमा २०५४ माघ १६ गते प्रकाशित भएको थियो। उनले प्रधानमन्त्रीय पद्धतिको विकास गर्ने हो भने प्रधानमन्त्रीको प्रत्यक्ष निर्वाचन हुनुपर्छ, त्यसपछि मात्र प्रधानमन्त्रीको जनताप्रति प्रत्यक्ष उत्तरदायित्व सिर्जना हुन जान्छ भनेर २०५५ जेठ ५ गते नेपाल राजनीतिशास्त्र सङ्घको चौथो अधिवेशनमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। यो विषय साँच्चिकै बहसको विषय भएको छ। तर यो बहसमा मात्र सीमित हुनेछ, कारण वर्तमानमा प्रतिपादित संविधानले यो प्रधानमन्त्रीय प्रणालीलाई स्वीकृति प्रदान गर्न सक्तैन।

नेपालमा २००७ सालअघि १०४ वर्षसम्म प्रधानमन्त्रीय प्रणालीले राज गरेको थियो। राणाशासन, जहानियाँ शासन वा एकतन्त्रीय शासन जे भने पनि प्रधानमन्त्रीय शासन भनेको त्यस्तै व्यवस्था हो जुन लामो अवधिसम्म यस मुलुक र जनतालाई राज गर्न सफल भयो। त्यस बखत पनि चुनाव गराउने परिपाटी भएको भए जङ्गबहादुर पनि चुनावकै माध्यमद्वारा सत्तामा स्थापित हुन पुग्ने थिए। त्यस बखत जनता वा राजाको सहमति लिएर नै जङ्गबहादुरले सत्ता कब्जा गरेका हुन्। त्यसैले सत्तामा जाने वा सत्ता कब्जा गर्ने माध्यम जेसुकै भए तापनि प्रधानमन्त्रीय प्रणाली भनेको प्रधानमन्त्री पदको विन्दुको वरिपरि त्यस व्यक्तिको सोच-विचारको घेराबन्दी तथा त्यसको आधारमा खडा हुने एउटा सशक्त नीति तथा कार्यक्रम हो। नेपालका नागरिकलाई सात सालअघिको प्रधानमन्त्रीय व्यवस्थाले पर्याप्त रूपमा मलजल गरेर हुर्काएको छ। त्यसैले यहाँ सत्तामा पुग्न खोज्ने प्रत्येक व्यक्ति सत्तामा नपुगेसम्म प्रजातन्त्रको दुहाई दिने गर्छन् र सत्ता प्राप्त हुनासाथ जङ्गबहादुरका भाइ बन्न पुग्छन्। नेपालको प्रजातान्त्रिक नेतृत्वजगत्मा पनि त्यही राणाकालीन सत्तामुखी



अवशेष बाँकी छ। यसरी विचार गर्दा प्रधानमन्त्री शक्तिवान् हुने गरेका छन्। यस्तै प्रधानमन्त्रीको खोजी प्रधानमन्त्रीय प्रणाली हो भने यो मुलुकमा प्रधानमन्त्री सधैँ शक्तिवान् छन्।

संविधानको भाग ७ मा कार्यपालिकाको व्यवस्था भएको छ। प्रधानमन्त्रीका लागि कार्यकारिणी अधिकार संविधानको धारा ३५ ले व्यवस्था गरेको छ। धारा ३५ (१) ले 'नेपाल अधिराज्यको कार्यकारिणी अधिकार श्री ५ र मन्त्रिपरिषद्मा निहित हुनेछ' भनेको छ भने (३) मा 'यो संविधान र अन्य कानुनको अधीनमा रही नेपाल अधिराज्यको शासन-व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा मन्त्रिपरिषद्उपर हुनेछ' भनिएको छ। नेपाल अधिराज्यको संविधान, २०४७ को मर्म, भावना र प्रस्तावनामा उल्लिखित शब्दका आधारमा विचार गर्दा हाल चलेको राजनीतिक व्यवस्था पूर्णरूपेण संवैधानिक राजतन्त्रात्मक बहुदलीय प्रजातान्त्रिक संसदीय व्यवस्था हो। संविधानको धारा ३ अनुसार मुलुकको सार्वभौमसत्ता नेपाली नागरिकमा रहेको छ र त्यसको प्रयोग कानुनबमोजिम हुने पनि कानुनी व्यवस्था छ। नागरिकले त्यही अधिकार प्रयोग गर्न पाउने गरी आफूमध्येबाट संसद्को तल्लो सदन प्रतिनिधिसभामा निर्वाचनका माध्यमद्वारा प्रतिनिधि पठाउने व्यवस्था छ। ती प्रतिनिधि दलीय नीति तथा घोषित कार्यक्रमका आधारमा निर्वाचित हुने र दलको नै प्रत्यक्ष उत्तरदायित्व हुने व्यवस्था भएकोले संसद्मा व्यक्तिको हैसियत नरहने र दलीय अस्तित्व कायम रहने व्यवस्था भएको हुँदा यस व्यवस्थामा संसद् नै शक्तिवान् हुन्छ। यस व्यवस्थामा प्रधानमन्त्रीय प्रणालीको कल्पना गर्नु वा त्यसका बारेमा बहस सुरु गर्नु निरर्थक हुनेछ। जहाँसम्म संविधानको संशोधनको प्रश्न छ, त्यो संशोधनको सीमामा पुगेपछि संशोधन यसरी नै हुनुपर्छ वा हुन्छ भनेर कसैले किटान गर्न सक्तैन। कारण, यहाँ विश्वमा प्रतिपादित अनेकानेक राजनीतिक व्यवस्था फस्टिने उर्बर भूमि भएको यो मुलुकमा जुन पनि राजनीतिक पद्धतिले संविधानमा स्थान ओगट्न सक्छ।

बहुदलीय प्रजातन्त्र र संसदीय व्यवस्थाको १२ वर्षको अवधिमा अनेकानेक पद्धतिको कुरा गर्ने, काम भने पटक्कै नगर्ने समूह राज्यसत्तामा हावी भएको छ। यस्ता अनावश्यक कुरामा बहस-पैरवी गरेर मुलुक र जनताको समय बर्बाद गर्नु ठीक होइन। जनताले राजनीतिक विवाद वा बहस चाहेका छैनन्, काम र मुलुकको विकास चाहेका छन्। यसै व्यवस्थाको माध्यमबाट मुलुकको सर्वाङ्गीण विकास गर्न सकिने यथेष्ट सम्भावना भएर पनि हामी त्यसतर्फ लाग्न सकेका छैनौँ। त्यसैले प्राप्त प्रजातन्त्रको सही उपभोग गर्न सक्ने वातावरणको तयारी गर्नु नै बुद्धिमानी ठहरिनेछ।

**नेपाल समाचारपत्र, २०५९ साउन ५ गते आइतबार**

# गैरसंवैधानिक सोचको उपज हो प्रधानमन्त्रीय प्रणाली

अहिले मुलुकका सबै क्षेत्र निस्क्रिय, निस्तेज र स्तब्ध रूपमा खडा भएर सर्वोच्च अदालतको साउन २१ गते हुने भनिएको निर्णयको प्रतीक्षामा छन्। जेठ ८ गते राति विघटन भएको प्रतिनिधिसभाले पुनर्जीवन पाउनुपर्ने माग राख्दै ५८ जना जनप्रतिनिधिहरू अदालतको शरणमा गएका छन्। २०५९ असार मसान्तमा म्याद सकिने स्थानीय जनप्रतिनिधिको निर्वाचन जेठभित्रै सम्पन्न गराई नयाँ जनप्रतिनिधिलाई साउन १ देखि स्थानीय निकायहरू सुम्पनुपर्नेमा सरकारले यो कार्य गर्नेतर्फ योजना नै नबनाएर कर्तव्यच्यूत भइसकेको प्रमाण देखिएको छ। समयमा निर्वाचन गराउन नसके त्यस्ता पदावधि सकिएका पदाधिकारीको एक वर्ष म्याद थप गर्न सकिने कानुनी व्यवस्थाको अपहेलना गरी सरकारले मुलुकका सम्पूर्ण स्थानीय निकाय प्रतिनिधिविहीन बनाउन पुगेको छ। सरकारको नियतका बारेमा जनताले शङ्का उत्पन्न गरेका छन् भने अविश्वासको खाल्डो बढिरहेको छ। यसैबीच सरकारले आ□नो कार्यकारिणी अधिकार प्रयोग गरी आ□नो अनुकूल स्थानीय निकाय बनाउने योजना बनाउँदै थियो। तर यससम्बन्धमा अन्य व्यवस्था गर्न पनि साउन ९ गते सर्वोच्च अदालतले सरकारलाई रोक लगाएको छ। यस अवस्थामा मुलुक अहिले जनप्रतिनिधिविहीन मात्र होइन, संवैधानिक सङ्कटको सीमामा उभिन पुगेको छ। यही अवस्थामा केही समूह योजनाबद्ध रूपमा प्रधानमन्त्रीय प्रणालीको स्वरलाई बढाइरहेका छन्।

बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको जिम्मेवारी बहन कसरी गर्नुपर्छ र जनताप्रति प्रधानमन्त्रीको के उत्तरदायित्व छ भन्ने कुराको प्रधानमन्त्रीलाई बोध गराई बुद्धिजीवी वर्गबाट तदनुसार प्रधानमन्त्रीलाई चलाउनुपर्नेमा केही अवसरवादी बोली र हठी चिन्तनले आगोमा घिउ थप्ने कार्य भएको छ। प्रधानमन्त्रीले सशक्त र शक्तिसम्पन्न हुनु हुँदैन भन्न खोजिएको होइन। संसदीय व्यवस्थामा प्रधानमन्त्री नै सरकारप्रमुख हो र मुलुकको कार्यकारिणी अधिकार पनि पूर्णरूपेण प्रधानमन्त्रीबाट नै उपभोग गर्न पाउनुपर्छ। तर कसरी प्रधानमन्त्रीले कार्यकारिणी अधिकार सञ्चालन गर्नुपर्छ भन्ने कुरा संविधानको धारा ३५ (१) मा तोकिएको छ। यसमा भनिएको छ – 'नेपाल अधिराज्यको कार्यकारिणी अधिकार श्री ५ र मन्त्रिपरिषद्मा निहित हुनेछ।'

प्रधानमन्त्रीय प्रणालीका बारेमा गत आइतबार सर्वसाधारण जनतामा केही जानकारी गराउने र तत्सम्बन्धमा केही चर्चा गर्ने मौका पाएको थिएँ। वास्तवमा अहिले नेपालमा चलेको राजनीतिक व्यवस्था स्पष्टतः बहुदलीय प्रजातान्त्रिक संसदीय व्यवस्था हो। यसमा कुनै मतमतान्तर हुनु नपर्ने हो, तापनि समय र अवसर छोप्नका



लागि खप्पिस केही व्यक्तिहरूले भने यस व्यवस्थालाई प्रधानमन्त्रीय प्रणालीको नामकरण गर्दै वर्तमानमा चलेको संवैधानिक व्यवस्थाको गलत अर्थ लगाई आ□नो अनुकूल व्याख्या गर्न खोजेका छन्। हाल मुलुकमा चलिरहेको राजनीतिक व्यवस्थालाई अन्य व्यवस्थाको सङ्ज्ञा दिन खोज्नु संविधानको अनुकूल छैन।

डा० लोकराज बरालले यस व्यवस्थालाई स्पष्ट प्रधानमन्त्रीय प्रणाली भन्न नसके पनि घुमाउरो किसिमबाट यसलाई प्रधानमन्त्रीय प्रणाली भएको पुष्टि गर्न खोज्नुभएको छ। असार २५ गते प्रकाशित एक लेखमा उहाँले प्रधानमन्त्री पद सम्हालेका व्यक्तिलाई राजा वा अन्य कुनै शक्तिकेन्द्रबाट दबाब आउने, त्यसैद्वारा प्रधानमन्त्री शक्तिहीन हुन पुग्ने रहस्योद्घाटन गर्न खोज्नुभएको छ। प्रधानमन्त्रीमाथि अनेक दबाब भएका कारण लेखकले प्रधानमन्त्रीय प्रणाली कमजोर भएको चिन्ता गर्नुभएको छ। वरिष्ठ अधिवक्ता गणेशराज शर्माले पनि साउनमा प्रकाशित एक पाक्षिक पत्रिकामा दिनुभएको अन्तर्वार्तामा यस व्यवस्थालाई 'प्रधानमन्त्रीय संसदीय पद्धति' भन्नुभएको छ। यस भनाइलाई पनि पूर्णरूपेण स्वीकार गर्न सकिँदैन।

प्रधानमन्त्रीय प्रणाली वा प्रधानमन्त्रीय संसदीय पद्धति, यी दुवै शब्दलाई प्रधानमन्त्री हुने व्यक्तिले मन पराउनु स्वाभाविक हो। प्रधानमन्त्रीका वरपर भौँतारिने व्यक्तिले त झन् यसलाई आत्मसात गर्ने नै भए। यो पद्धतिका बारेमा त्यस बेला सशक्त आवाज उठाइएको थियो, जब अख्तियार दुरुपयोग अनुसन्धान आयोगले लाउडा एयर भ्रष्टाचारकाण्डमा २०५८ वैशाख १९ गते प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई एक 'बन्द सवाल' पठाई जवाफ माग्यो। प्रधानमन्त्रीय पद पनि सार्वजनिक पद भएको भन्ने अदालत र कानुनको व्याख्याभित्र परेपछि तत्कालीन प्रधानमन्त्री कोइरालालाई आयोगले पठाएको बन्द सवालमा स्पष्ट भनिएको थियो – 'मन्त्रिपरिषद्को मिति २०५७।६।१७ को निर्णयले लाउडा एयरसँग विमान भाडामा लिने विषयमा स्वीकृति दिएको होइन भनी मान्नुपर्ने कारण र आधार के हुन् ?' आयोगबाट यसरी सोधिएको सवालको प्रधानमन्त्री कोइरालाले २०५८ वैशाख २० गते जवाफमा प्रधानमन्त्रीय पद्धतिको जिकिर गर्नुभएको छ र प्रधानमन्त्रीको कार्यकारिणी अधिकारको व्याख्या गर्न खोज्नुभएको छ। अन्तमा प्रधानमन्त्री पदमा आसीन व्यक्तिलाई आयोगबाट सचेत गराइने काम भयो। कारण, यो व्यवस्था प्रधानमन्त्री सर्वेसर्वा हुने राजनीतिक व्यवस्था होइन। यसरी प्रधानमन्त्रीय प्रणालीको सुरुवात कोइराला प्रधानमन्त्री भएपछि प्रयोगमा आउन थालेको हो, तापनि अहिले शेरबहादुर देउवाको कार्यकालमा यस शब्दले व्यापकता पाउन थालेको छ, जुन पूर्ण गैरसंवैधानिक हो।

नेपालमा सर्वप्रथम प्रधानमन्त्रीय प्रणाली १८६१ मा सुरु भएको हो। त्यस बखत प्रधानमन्त्रीय पद्धतिलाई विकसित गर्ने काम भीमसेन थापाले गरेका हुन्। त्यसअघि राज्यको कार्यकारिणी अधिकार प्रयोग गर्ने व्यक्तिलाई मुख्तियार भनिन्थ्यो। पछि त्यही मुख्तियार पद प्रधानमन्त्रीमा परिवर्तित भयो। प्रधानमन्त्री भीमसेन थापाले सुरुका ३४ वर्ष सम्पूर्ण मुलुकको संयन्त्रलाई आफूवरपर घुमाएर प्रधानमन्त्रीय प्रणालीको जग हालेका हुन्। पछिका प्रधानमन्त्रीहरूले पनि त्यसको सिको गर्दै

प्रधानमन्त्रीय प्रणालीलाई कायम गर्दै गए र १९०३ मा आएर प्रधानमन्त्री पदमा नियुक्ति पाएका जङ्गबहादुर राणाले भनेपछि 'श्री ३ महाराज' भन्ने नयाँ पद सिर्जना गरेर प्रधानमन्त्रीभन्दा पहिले त्यही शब्द प्रयोग गरी १०४ वर्षसम्म यो मुलुक र जनतालाई प्रधानमन्त्रीय प्रणालीअन्तर्गत राज गराइयो ।

प्रधानमन्त्रीय प्रणाली भनेको प्रधानमन्त्रीको वरपर मुलुकको सम्पूर्ण संयन्त्र घुमेर बस्ने व्यवस्था हो । त्यस व्यवस्थामा प्रधानमन्त्री मात्र एक व्यक्ति मियोका रूपमा स्थापित भएको हुन्छ । वर्तमान प्रजातान्त्रिक युगमा प्रधानमन्त्री पदमा जान चाहने व्यक्तिले मुलुकका नागरिकको अगाडि आ□नो नीति तथा कार्यक्रम प्रस्तुत गरेर भोट माग्दछ र त्यही घोषित नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्न प्रधानमन्त्री शक्तिवान् हुनुपर्ने हुन्छ । तर वर्तमानमा लागू भएको संविधानमा भने यस्तो कुनै व्यवस्था छैन । वर्तमानको संविधानबमोजिम मुलुक चलाउने त्यस्तो नीति तथा कार्यक्रम राजनीतिक दलले प्रस्तुत गर्नुपर्छ र भावी सरकारको बनोट र सिद्धान्त पनि राजनीतिक दलहरूमा निहित भएको हुन्छ । संसद्मा जुन राजनीतिक दलको बाहुल्य हुन्छ, त्यसैले सरकार बनाउने जिम्मा पाएको हुन्छ । त्यसरी जिम्मेवार राजनीतिक दलको संसदीय दलले छनोट गरेको नेता प्रधानमन्त्री हुने व्यवस्थालाई यो संविधानले अङ्गिकार गरेको छ । त्यसैअनुरूप २०५६ सालमा सम्पन्न भएको निर्वाचनमा नेपाली काङ्ग्रेसले बहुमत प्राप्त गरेकाले नेपाली काङ्ग्रेसको एकलौटी सरकार बन्यो र यसै तीन वर्षको अवधिभित्र क्रमशः कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला र शेरबहादुर देउवा नेपाली काङ्ग्रेसका नेताहरूले प्रधानमन्त्री पद सम्हाल्ने मौका पाए । प्रधानमन्त्रीय प्रणालीमा यसरी पृथक्-पृथक् व्यक्तिको आगमन र बहिर्गमन हुँदैन ।

संविधानको भाग १७ मा धारा ११२, ११३ र ११४ को व्यवस्था गरी राजनीतिक सङ्गठनहरूको व्यवस्था गरिएको छ । दलत्यागसम्बन्धी ऐन, २०५४ को व्यवस्थाले पनि शासन-व्यवस्थामा कानुनी रूपमा राजनीतिक दलको बाहुल्य कायम राखेको छ । संविधानको भाग २० को धारा ११७ को संवैधानिक परिषद्मा पनि प्रधानमन्त्रीको बहुमत कायम रहने अवस्था देखिँदैन । त्यस्तै धारा ११८ र १२० ले पनि प्रधानमन्त्रीलाई पूर्ण अङ्कुश लगाएको छ । नेपाल अधिराज्यको संविधान, २०४७ ले प्रधानमन्त्रीलाई एकल निर्णायक शक्ति प्रदान गरेको छैन । यस अवस्थामा वर्तमानमा चलेको राजनीतिक व्यवस्थालाई प्रधानमन्त्रीय प्रणाली वा प्रधानमन्त्रीय संसदीय पद्धति हो भनेर प्रमाणित गर्न खोज्नु निरर्थक हुनेछ । स्पष्ट छ, यो राजनीतिक व्यवस्था संवैधानिक राजतन्त्रात्मक बहुदलीय प्रजातान्त्रिक संसदीय व्यवस्था हो ।

**नेपाल समाचारपत्र, २०५९ साउन १२ गते आइतबार**



# शाही घोषणा र शून्यताको निकास

संविधानको मर्यादामा बस्न नसक्ता र संविधानको मर्म र भावनालाई कुल्चेर सत्ताको समयावधि बढाउन खोज्दा शेरबहादुर देउवा अक्षम प्रधानमन्त्री साबित हुन पुगे । हुन पनि नेपालको प्रधानमन्त्री पदमा काम गर्ने मौका पाएका मन्त्रीहरूमा देउवा सबभन्दा अयोग्य र नालायक नै थिए । २०५२ सालमा प्रधानमन्त्री हुँदा र यो २०५८ सालमा प्रधानमन्त्री हुँदा सबभन्दा ठूलो मन्त्रिमण्डल यिनै देउवाले बनाएका थिए र यिनैका पालामा भ्रष्टाचारसँग सम्बद्ध अनेकानेक विषयले वैधानिकता पाएका थिए, जस्तै : मोटर सुविधा, सल्लाहकार सुविधा र पेन्सन आदि । यिनले सत्तामोहकै कारण नेपाली काङ्ग्रेसजस्तो पुरानो पार्टीलाई दुई चिरामा विभाजित गरिदिए । कर्तव्य र दायित्वलाई भन्दा सत्तालाई बढी प्राथमिकता दिने कार्य प्रजातन्त्रमा चल्न सक्तैन भन्ने कुरा यस पटक साबित भएको छ ।

धारा १२७ बमोजिम आदेश जारी गराउने सिफारिसका लागि यही १७ गते बसेको मन्त्रिपरिषद्को बैठकमा लामो छलफल भयो । दिनभरि बसेको मन्त्रिपरिषद्मा मन्त्रीहरूको ठूलो समूह मन्त्री पद नछाड्ने अडानमा बस्यो भने खुमबहादुर खड्का पार्टीको महामन्त्री त्याग्ने तर गृहमन्त्री नछोड्ने अडानमा कायम नै रहे । निर्वाचन आयोगमा नयाँ दर्ता भएको नेपाली काङ्ग्रेस (प्रजातान्त्रिक) को एकमना मन्त्रिपरिषद्मा अनेक शङ्का र उपशङ्का उब्जाए । आपसमा चर्काचर्की भयो । सर्वदलीय सरकार गठन हुन लागेकोमा वरिष्ठ मन्त्रीहरूले खुलेर विरोध जनाए । अर्थात् मन्त्री पदलाई नछाड्ने अडानमा सबैजसो मन्त्रीहरू शेरबहादुर देउवाको विरोधमा खडा भए । सर्वदलीय मन्त्रणा र मन्त्रीहरूको होहल्लाका बीचमा पारित सिफारिस स्वयम्मा अवैधानिक भएको व्यहोरा भने प्रधानमन्त्री देउवालाई थाहा नै भएन ।

गत जेठको ८ गते प्रतिनिधिसभा विघटन गर्दा प्रधानमन्त्रीले संविधानको धारा ५३ (४) को आधारलाई टेकेर सिफारिस गरेका थिए र त्यही सिफारिसका आधारमा श्री ५ बाट प्रतिनिधिसभाको विघटन गरिबक्सेको थियो । उक्त धारा ५३ (४) ले प्रतिनिधिसभा विघटन गर्न श्री ५ मा प्रधानमन्त्रीले सिफारिस गर्न सक्ने बलियो प्रावधान उल्लेख भएको छ र त्यही धाराको अन्तिममा ६ महिनाभित्र प्रतिनिधिसभाको निर्वाचन गराइसक्नुपर्ने बाध्यात्मक व्यवस्था पनि उल्लेख भएको छ अर्थात् प्रतिनिधिसभा ६ महिनाभन्दा बढी विघटित अवस्थामा रहनु हुँदैन । जसरी पनि ६ महिनाभित्र प्रतिनिधिसभा स्थापित भइसक्नुपर्ने संविधानले निर्देश गरेको छ । त्यहीअनुरूप मार्गको ७ गते ६ महिना पुग्ने भएकाले १० दिनअगाडि निर्वाचन सम्पन्न गर्ने र संविधानले तोकेको समयभित्र नयाँ प्रतिनिधिसभा गठन गर्ने लक्ष्य लिएर कात्तिक २७ गते निर्वाचनको तिथि निश्चित भएको थियो । जसरी संविधानको धारा ५३ (४) बमोजिम प्रतिनिधिसभा विघटन गरी निर्वाचन गराउन सिफारिस प्रधानमन्त्रीले गरेका थिए, त्यसरी नै २०६० साल मङ्सिर ३ गतेसम्म निर्वाचनलाई

पर सार्ने सिफारिस संविधानको कुन धाराको आधारलाई टेकेर गरियो भन्ने कुरा खुल्न सकेको थिएन । एक वर्षको समय भनेको अत्यन्तै लामो समय हो ।

नेपाल अधिराज्यको संविधान, २०४७ मा लामो समय भनेको ६ महिनालाई मानेको देखिन्छ । संविधानको धारा ५३ (४) का अतिरिक्त अन्य धाराहरूमा पनि ६ महिनालाई बडो महत्त्व दिएर उल्लेख गरेको पाइन्छ, जस्तै : अध्यादेश जारी गर्ने विषयमा पनि धारा ७२ (२) (ग) मा अध्यादेश जारी भएको ६ महिनापछि स्वतः निस्क्रिय हुने व्यवस्था उल्लेख भएको छ । त्यसै गरी धारा ११५ को उपधारा ३ बमोजिम संसद्को दुई तिहाई बहुमतले अनुमोदन गरेमा ६ महिनासम्म (सङ्कटकाल) लागू हुनेछ भनिएको छ । त्यस्तै धारा ३८ मा संसद्को सदस्य नभएको व्यक्ति पनि मन्त्री पदमा नियुक्त हुन सक्नेछ तर त्यस्तो व्यक्तिले ६ महिनाभित्र संसद्को सदस्यता प्राप्त गर्नुपर्नेछ भनी किटानसाथ भनिएको छ । त्यसैले १७ गते मन्त्रिपरिषद्ले ६ महिनाको अवधिभन्दा बढाएर निर्वाचन पर सार्न खोजेको कार्य संविधानसम्मत थिएन ।

प्रतिनिधिसभा जेठ ८ गते विघटन भएको र विघटन भएको अवधि गन्ती गर्दा मङ्सिर ७ गते ६ महिना पुग्ने भएको हुँदा संविधानको धारा ३८ बमोजिम हालको मन्त्रिपरिषद्का सम्पूर्ण सदस्यको आयु मात्र ६ महिना थियो । त्यसमा पनि धारा ५३ (४) बमोजिम कार्यसम्पन्न गर्न नसक्ने व्यहोरा जनाएर जिम्मेवारीबाट पन्छिन खोजेपछि यो कामचलाउ मन्त्रिपरिषद्को कुनै औचित्य नै रहेन । त्यसैले यो श्री ५ महाराजाधिराजको घोषणा समयसापेक्ष छ र पूर्ण संवैधानिक छ । यद्यपि देउवाले यस कदमलाई असंवैधानिक र अप्रत्याशित भनेका छन् ।

संविधानको धारा १२७ द्वारा श्री ५ बाट आदेश जारी गराउन मन्त्रिपरिषद्ले बलियो सिफारिस गरेको देखिन्छ । साथै एक वर्षलाई चुनाव पर सार्ने र बहुदलीय सरकारको प्रधानमन्त्री भएर चुनावमा भाग लिनेजस्ता नसुहाउँदा कार्यहरू अगाडि बढाएको देखियो । सबै दलका नेताहरू मन्त्रीमा समावेश हुने र आ□नो दलका समर्थकहरूलाई निर्वाचित गराउने योजना बनाइएको थियो । तर श्री ५ बाट भएको घोषणाले भने पदमा बसेर निर्वाचनमा भाग लिने सबै नेताको सपनालाई धुल्याइदियो । निर्वाचनमा भाग नलिने स्वच्छ छवि भएका व्यक्तिहरूको अन्तरिम सरकारका लागि नाउँ सिफारिस गर्नसमेत घोषणामा आह्वान गरिएको छ ।

श्री ५ को यो घोषणालाई राजनीतिक व्यक्ति र बुद्धिजीवीहरूले आ-आ□ना हिसाब र स्वार्थवश व्याख्या गरिरहेका छन् । धारा १२७ ले प्रतिनिधिसभालाई पुनर्जीवित गराउन सक्छ भनेर ठोकुवा गर्ने व्यक्ति पनि यो सहज र संविधानसम्मत घोषणालाई अप्रत्याशित र असंवैधानिक भन्न थालेका छन् । धारा १२७ को प्रयोगले प्रतिनिधिसभा ब्यूँतन सक्छ भन्ने तर्क पेस गर्नेमध्ये भूतपूर्व प्रधानन्यायाधीश विश्वनाथ उपाध्याय अग्रपङ्क्तिमा उभिनुभएको छ । उहाँले संविधानको गतिरोध अन्त्य गर्न धारा १२७ को प्रयोग मात्र एक बाटो भएको कुरा उल्लेख गर्नुभएको छ । संविधानको धारा १२७ मा 'बाधा-अड्काउ फुकाउने अधिकार' भनेर यसरी उल्लेख भएको छ – "श्री ५ बाट यो संविधान कार्यान्वित गर्न कुनै बाधा-अड्काउ परेमा त्यस्तो बाधा-अड्काउ फुकाउन आदेश गरिबक्सनेछ र त्यस्तो आदेश संसद्समक्ष राखिनेछ ।"



साधारण अवस्थामा अर्थात् संविधान र कानुनअनुकूल परिस्थिति चलिरहेको अवस्थामा यो धारा १२७ ले कुनै किसिमको विशेष महत्त्व राख्दैन । तर जब-जब संविधानले निर्देश गरेको र प्रत्याभूति प्रदान गरेको कार्यमा बाधा-अवरोध पैदा हुन्छ र मुलुकमा संवैधानिक सङ्कट सुरु हुन्छ, यो धारा १२७ विस्तारै आफैँमा शक्तिशाली हुँदै आउँछ । हिजोसम्म उपेक्षित यो धारा १२७ आज समयचक्रको कारणले अत्यन्त सबल र सक्रिय रूपमा देखा परेको छ । संविधानको गतिरोध समाप्त नभएसम्म यस धाराले महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ । यसअघि सबै बुद्धिजीवी र कानुनविद्हरूले यही धाराद्वारा संवैधानिक सङ्कटबाट मुक्ति पाउन सकिन्छ भनेर बलियो तर्क पेस गरेका थिए, तर अहिले तिनै विरोधको बोली बोल्न कत्ति पनि लाज मानिरहेका छैनन् । सत्यलाई रोक्न, छोप्न र छेक्न कसैको ताकत छैन ।

संवैधानिक कुनै अङ्ग वा निकाय कमजोर भई संवैधानिक व्यवस्था कार्यान्वयन हुन नसक्ने अवस्था उत्पन्न भएमा वा संवैधानिक संयन्त्रले निर्देश गरेको परिस्थितिभन्दा अलग्गै परिस्थितिको सिर्जना भएर संविधानमा गतिरोध उत्पन्न भएमा त्यस संवैधानिक गतिरोध वा सङ्कटलाई अन्त्य गर्न र संविधानको संयन्त्रलाई सक्रिय र क्रियाशील अवस्थामा ल्याउनका लागि नेपाल अधिराज्यको संविधान, २०४७ को भाग २० मा यो धारा १२७ व्यवस्था भएको हो । यसको प्रयोग भएको खण्डमा मात्र संविधानको गतिरोध समाप्त गर्न सकिने र संविधानलाई क्रियाशील बनाई सहज स्थितिमा ल्याउन आवश्यक आदेश जारी गर्नुपर्ने आवश्यकता भई यही १८ गते श्री ५ महाराजाधिराजबाट शाही घोषणा भएको देखिन्छ । यस घोषणाले मुलुकको अस्थिर राजनीतिक वातावरणलाई स्थिरता प्रदान गर्नेछ, सही मार्गनिर्देश गर्नेछ र बिग्रेको आर्थिक अवस्थाको सुधारमा नयाँ नीति आउनेछ भन्नेमा बुद्धिजीवीहरू विश्वस्त छन् ।

धेरै राजनीतिक व्यक्तिहरूले यो घोषणालाई पचाउन सकेका छैनन् । यो घोषणाले प्रजातन्त्रलाई कुनै घात गर्दैन, बरु प्रजातन्त्र सबल र सुदृढ गर्न मद्दत गर्नेछ भन्नेमा धेरै बुद्धिजीवीहरू विश्वस्त छन् । संवैधानिक सङ्कटबाट मुक्ति पाउन संविधानको धारा १२७ ले आवश्यकताअनुसारको आदेश जारी गर्न सक्ने अधिकार सुरक्षित गरेको देखिन्छ । तर यो धारा १२७ बाट भएको आदेश दीर्घकालीन रूपमा कायम रहन सक्तैन र यो आदेशबाट प्राप्त अधिकार वा निर्देशन अल्पकालीन अवस्थाका लागि मात्र क्रियाशील रहने पनि स्पष्ट छ ।

**नेपाल समाचारपत्र, २०५९ असोज २० गते आइतबार**

# प्रतिनिधिसभाको विघटनले बल्झाएका सङ्कटहरू

आज २०५९ मार्ग ८ गते हो। पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले प्रतिनिधिसभा विघटन गरी नयाँ जनादेश लिन मध्यावधि निर्वाचन गराउने घोषित कार्यक्रमले नियमित र सहज किसिमबाट मूर्तरूप पाउन सकेको भए आज ताजा जनादेश बोकेको प्रतिनिधिसभा स्थापित हुने थियो र त्यस प्रतिनिधिसभाबाट मुलुक र जनताको भाग्यरेखा कोर्न सक्ने नौलो अनुहार बोकेको सरकारको उपस्थिति भइसक्ने थियो। कात्तिक २७ गते निर्वाचन हुने तिथि निश्चित गरेर गत जेठ ८ गते प्रतिनिधिसभा विघटन गरेपछि मध्यावधि नाम पाएको निर्वाचन भए पनि यो निर्वाचनबाट निर्वाचित प्रतिनिधिको समयावधि भने पाँच वर्षको नै कायम हुने थियो। यसरी पाँच वर्षका लागि जनादेशप्राप्त सरकारले मुलुक र जनताका लागि विशेष कार्यक्रम ल्याउन सक्ने थियो र लामो अवधिसम्म मुलुकको राज्यव्यवस्था सञ्चालन गर्न सक्ने थियो। तर अब ती सबै अनुमान कल्पनाका दोछायाँमा विलीन हुन पुगे।

राजनीति र प्रेमको सफलताका लागि बोलिने र गरिने सबै झूट क्षम्य हुन्छ भन्ने पश्चिमीहरूको कहावत यस पटक गलत सावित भएको छ, हुन त यो कथन गलत ढङ्गले राजनीतिलाई सञ्चालन गर्न पल्केका अवसरवादी र धूर्तहरूको मात्र हो। राजनीतिमा कहिल्यै पनि झूट र बेइमानी लामो समयसम्म टिकेको देखिँदैन। झूट र बदनियतका साथ गरिएको कुनै राजनीतिक चालले निश्चित स्थितिलाई केही मोड दिन र प्रतिपादित राजनीतिको आवरण बदल्न भने केही हदसम्म सफल भएको हुन्छ तर त्यसले दूरगामी रूपमा असल प्रभाव बटुल्न भने कुनै हालतले पनि सक्तैन। त्यसैले इमानदारी र जिम्मेवारीलाई सधैं राजनीतिक नेता तथा कार्यकर्ताले कवचका रूपमा प्रयोग गर्न सक्नुपर्छ, तब मात्र योग्य र कुशल राजनीतिज्ञ बन्न सकिन्छ भन्ने सत्यतालाई राजनीतिमा संलग्न व्यक्तिहरूले भुल्नु हुँदैन। यही साधारण र अनिवार्य तत्त्वलाई पन्छाएर बेइमानी नियत राखेर गरेको काम र कार्ययोजनाले गर्दा शेरबहादुर देउवासमूहले मुलुक, जनता र स्वयम् आफूलाई सङ्कटमा फसाउन पुग्यो।

असल नियतका साथ शेरबहादुरसमूह राजकाजमा संलग्न भइदिएको भए मुलुक र जनताले यस्तो दुर्गति भोग्नुपर्ने थिएन भन्ने कुरा आज चौतर्फी सङ्कटले घेराबन्दी ठोकिसकेपछि सबैले बुझेका छन्। तर अब कसरी यो सङ्कटबाट मुक्त हुने भन्नेबारेमा सबै क्षेत्र चिन्ताग्रस्त हुन पुगेका छन्। यस स्थितिमा कसैको पनि एक मत देखिँदैन। एकले भनेको भनाइसँग अर्को सहमत हुन सकेका छैनन्। सबैले आ-आ□नो फाइदा र नोक्सानीको हिसाबमा बोल्ने, लाञ्छना लाउने, विरोध जनाउने र नयाँ प्रस्ताव अगाडि राख्ने काम गर्न थालेका छन्। यसरी आएका बोलीहरूमा मुख्य-मुख्य यी हुन् – राजनीतिमा प्रतिगामी तत्त्वले शिर उठायो, गैरसंवैधानिक कार्य भयो, प्रजातन्त्र मास्ने षड्यन्त्र चल्न थाल्यो र संविधानसभाको निर्वाचनको आवश्यकता



भयो आदि। तर मुलुक र जनताको हित कसरी हुन्छ र कुन किसिमबाट सही प्रजातन्त्र स्थापना हुन सक्छ भन्ने वास्तविक सोच भने आउन सकेको देखिँदैन।

यो सङ्कट कसरी बल्झियो भन्नुपूर्व यसको पृष्ठभूमिलाई एक पटक नियालौं। आजभन्दा ठीक एक वर्षअगाडि मुलुकमा सङ्कटकाल लगाउनुपर्ने आवश्यकता महसुस गरी तत्कालीन प्रधानमन्त्रीको सिफारिसमा संविधानको धारा ११५ बमोजिम मुलुकमा सङ्कटकालीन अवस्थाको घोषणा भयो। तीन महिनाका लागि लागेको सो सङ्कटकालीन अवस्थाले माओवादी समस्यालाई समाधान गर्न नसकेपछि पुनः अर्को तीन महिना बढाउने काम सम्पन्न भयो। सरकारले सङ्कटकाल मात्र बढाउने कार्य गऱ्यो तर समस्यालाई भने समाधानको बाटोसम्म पनि लग्न सकेन। यसैबीच पुनः ६ महिना सङ्कटकालीन अवस्थालाई निरन्तरता दिने कार्यका लागि सत्तारूढ दल नेपाली काङ्ग्रेस र नेकपा (एमाले) दुवैले असहमति जनाएपछि प्रतिनिधिसभाका सहभागी प्रमुख दलहरूको नीतिका विरुद्ध तत्कालीन प्रधानमन्त्री देउवाले जेठ ८ गते प्रतिनिधिसभाको विघटन गर्ने सिफारिस गरेर आफूलाई नेपाली काङ्ग्रेसबाट अलग गराई सत्तालाई निरन्तरता दिने योजना बनाए। यसैअन्तर्गत असोज १७ गते देउवा मन्त्रिपरिषद्ले संविधानको धारा १२७ प्रयोग गरी घोषित कार्यक्रमअनुसार २०५९ साल कात्तिक २७ गते आमचुनाव सम्पन्न गरी मार्ग ८ गतेभित्र नयाँ जनादेशद्वारा प्रतिनिधिसभा अनिवार्य गठन गर्नुपर्नेमा सोका विरुद्ध २०६० साल मङ्सिर ३ गते मात्र निर्वाचन सम्पन्न हुन सक्ने गरी श्री ५ मा सिफारिस गऱ्यो। यसरी सुरु भएको गैरसवैधानिक अभ्यासमा श्री ५ बाट लालमोहर लागेको भए नेपालको राजनीतिमा एउटा नयाँ जङ्गबहादुरको जन्म हुने थियो र त्यो उत्तरदायित्वविहीन जङ्गबहादुरले प्रजातन्त्रको कवच लगाएर अधिनायकत्वको प्रदर्शन गर्ने थियो।

जेठ ८ गतेदेखि आजसम्म ६ महिनाभित्रमा के हुनुपर्ने थियो तर के भयो भन्ने मर्मलाई घातमा पारेको कुरा नेपाली काङ्ग्रेसले जति सजिलै बुझ्न सक्छ, अरूले बुझ्न सक्तैन। पचास वर्षको लामो इतिहास बोकेको नेपाली काङ्ग्रेसमाथि पहिलो प्रहार गर्ने यो समूहले के गर्थ्यो वा के गर्दैनथ्यो भन्ने कुरा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान सुरु गरेपछि सार्वजनिक भएको छ। यसका वरिष्ठ मन्त्रीहरूको असली रूपबाट सजिलै अनुमान लगाउन सकिन्छ कि यी देशद्रोही समूहका नाइके हुन्। अहिले चिरञ्जीवी वाग्ले, खुमबहादुर खड्का र जयप्रकाश गुप्ताजस्ता मन्त्रिपरिषद्का शक्तिशाली व्यक्तिहरूलाई आयोगले हिरासतमा लिएर भ्रष्टाचारको छानबिन गर्दैछ। यस्ता व्यक्तिहरूको समूहले २०६० साल मङ्सिर ३ गते निर्वाचन गराउने आदेश प्राप्त गर्न समर्थ भएको भए के-के गर्थे र गर्न सक्ने थिए भन्ने कल्पना गर्न पनि मुस्किल छ।

❑

# आसन्न निर्वाचन र संवैधानिक सङ्कट

प्रतिनिधिसभाको विघटनसँगै घोषित कात्तिक २७ गते सम्पन्न गर्नुपर्ने निर्वाचन निश्चित समयमा गराउन नसक्ने जनाई निर्वाचन अर्को एक वर्ष पर सार्न प्रधानमन्त्री शेरबहादुर देउवा समूहको मन्त्रिपरिषद्ले श्री ५ महाराजाधिराजमा संविधानको धारा १२७ लाई क्रियाशील बनाई आदेश जारी गराउन सिफारिस चढाएको छ। गत १७ गते बसेको मन्त्रिपरिषद्को बैठकमा लामो छलफल भयो, मन्त्रीहरूको ठूलो समूह यो अन्तरिम समयमा मन्त्री पद नछाड्ने अडानमा बसे भने खुमबहादुर खड्का पार्टीको महामन्त्री त्याग्ने तर गृहमन्त्री नछाड्ने अडानमा कायम रहे। निर्वाचन आयोगमा नयाँ दर्ता भएको नेपाली काङ्ग्रेस (प्रजातान्त्रिक) को एकमना मन्त्रिपरिषद्मा अनेक शङ्का र उपशङ्का उब्जिए, सत्तामा टिकिरहन अनेक तिकडमलाई अगाडि बढाए पनि सिफारिस अनिवार्य भएको हुँदा सदस्यहरूले नचाहँदा-नचाहँदै पनि सिफारिस तयार भयो। मुलुकलाई यो दुरावस्थाबाट कसरी मुक्ति दिने भनेर चिन्ता गर्नुको सट्टा मन्त्री पदलाई कसरी निरन्तरता दिन सकिन्छ भन्ने मन्त्रीहरूको चाखका बीचमा पारित सिफारिस स्वयम्मा अवैधानिक भएको कुरा भने प्रधानमन्त्री देउवालाई थाहै भएन।

गत जेठको ८ गते प्रतिनिधिसभाको विघटन गर्दा प्रधानमन्त्री देउवाले संविधानको धारा ५३ (४) को आधारलाई टेकेर सिफरिस गरेका थिए। धारा ५३ (४) मा प्रतिनिधिसभाको विघटन गर्न श्री ५ मा प्रधानमन्त्रीले सिफारिस गर्न सक्ने प्रावधान छ र त्यही धाराको अन्तिममा छ महिनाभित्र प्रतिनिधिसभाको निर्वाचन गराइसक्नुपर्ने बाध्यात्मक व्यवस्था उल्लेख छ, अर्थात् प्रतिनिधिसभा ६ महिनाभन्दा बढी विघटनको अवस्थामा रहनु हुँदैन, जसरी पनि ६ महिनाभित्र प्रतिनिधिसभा स्थापित भइसक्नुपर्ने संविधानको निर्देशन छ। त्यहीअनुरूप मार्गको ७ गते ६ महिना पुग्ने भएकोले १० दिनअगाडि निर्वाचन सम्पन्न गर्ने र संविधानले तोकेको समयभित्र नयाँ प्रतिनिधिसभाको गठन गर्ने लक्ष्य लिएर कात्तिक २७ गते निर्वाचन तिथि निश्चित भएको हो। जसरी संविधानको धारा ५३ (४) बमोजिम प्रतिनिधिसभा विघटन गरी निर्वाचन गराउने सिफारिस प्रधानमन्त्री देउवाले गरेका थिए, त्यसरी नै यो एक वर्ष निर्वाचनलाई पर सार्ने सिफारिस संविधानको कुन धाराको आधारलाई टेकेर गरे भन्ने कुरा खुल्न सकेको छैन। एक वर्षको समय भनेको अत्यन्तै लामो समय हो। त्यस्तो लामो समय लिएर अवैधानिक किसिमबाट सत्तामा टिक्ने दाउ खेल्न मिल्दैन।

नेपाल अधिराज्यको संविधान २०४७ मा लामो समय भनेको ६ महिनालाई मानेको देखिन्छ। संविधानको धारा ५३ (४) का अतिरिक्त अन्य धाराहरूमा पनि ६ महिनालाई बडो महत्व दिएर उल्लेख गरेको पाइन्छ, जस्तैः धारा ११५ को उपधारा ३ बमोजिम संसदको दुई तिहाई बहुमतले अनुमोदन गरेमा ६ महिनासम्म सङ्कटकाल



लागु हुनेछ भनिएको छ। त्यस्तै धारा ३८ मा संसद्को सदस्य नभएको व्यक्ति पनि मन्त्री पदमा नियुक्त हुन सक्नेछ तर त्यस्तो व्यक्तिले ६ महिनाभित्र संसद्को सदस्यता प्राप्त गर्नुपर्नेछ भनी किटानसाथ भनिएको छ। त्यसैले यो मन्त्रिपरिषद्ले ६ महिनाको अवधिभन्दा बढाएर निर्वाचन पर सार्न खोजेको कार्य संविधानसम्मत छैन। त्यसरी ६ महिनाका लागि निर्वाचन सार्न सिफारिस गरे तापनि यो मन्त्रिपरिषद्ले सिफारिसको साथै तत्काल राजिनामा दिएर संविधानको मर्यादामा रहनुपर्दथ्यो।

प्रतिनिधिसभा जेठ ८ गते विघटन भएको र विघटन भएको अवधि गन्ती गर्दा मार्ग ७ गते ६ महिना पुग्ने भएको हुँदा संविधानको धारा ३८ बमोजिम हालका मन्त्रिपरिषद्का सम्पूर्ण सदस्यले ६ महिनाभित्र अर्थात् यस अवधिभित्र संसद्को सदस्यता प्राप्त गर्नुपर्ने हुन्छ। नत्र संविधानबमोजिम यो मन्त्रिपरिषद्को कुनै पनि सदस्य मन्त्री पदमा बहाल भई मार्ग ७ गतेपछि मन्त्रीका हैसियतले गरेको सम्पूर्ण कामकाज गैरसंवैधानिक प्रमाणित हुन सक्छ। साथै निजहरूले उपभोग गरिआएको सबै तलबभत्ता र सुविधा राज्यकोषमा फर्काउनुपर्ने हुन्छ।

संविधानको धारा १२७ द्वारा श्री ५ बाट आदेश जारी गराउन मन्त्रिपरिषद्ले सिफारिस गरेको छ तर त्यो धाराको प्रयोग कसरी र कुन अवस्थामा हुनुपर्छ, कहीँ उल्लेख छैन। देशका बुद्धिजीवीहरू आ□नो स्वार्थवश व्याख्या गरिरहेका छन्। धारा १२७ ले प्रतिनिधिसभालाई पुनर्जीवित गराउन सक्छ भन्नेहरूमध्ये भूतपूर्व प्रधान न्यायाधीश विश्वनाथ उपाध्याय पनि हुनुहुन्छ। उहाँले संविधानको गतिरोध अन्त गर्न धारा १२७ को प्रयोग मात्र एक बाटो भएको कुरा उल्लेख गर्नुभएको छ। संविधानको धारा १२७ मा 'बाधा-अड्काउ फुकाउने अधिकार' यसरी उल्लेख भएको छ – "श्री ५ बाट यो संविधान कार्यान्वित गर्न कुनै बाधा-अड्काउ परेमा त्यस्तो बाधा-अड्काउ फुकाउन आदेश जारी गरिबक्सनेछ र त्यस्तो आदेश संसद्समक्ष राखिनेछ।"

संविधान र कानुनअनुकूल स्थिति चलिरहेको अवस्थामा धारा १२७ ले कुनै महत्व राख्तैन। जब संविधानले निर्देश गरेका र ग्यारेन्टी प्रदान गरेका कार्यमा अवरोध पैदा हुन्छ र मुलुकमा संवैधानिक सङ्कट सुरु हुन्छ, यो धारा १२७ विस्तारै आफैँमा शक्तिशाली हुँदै आउँछ। हिजोसम्म उपेक्षित यो धारा १२७ आज अत्यन्तै सबल र सक्रिय रूपमा देखा पर्न थालेको छ र सबैको ध्यान यसमा गएर अडिएको छ।

संवैधानिक कुनै अङ्ग वा निकाय कमजोर भई संवैधानिक व्यवस्था कार्यान्वयन हुन नसक्ने अवस्था वा संवैधानिक संयन्त्रले निर्देश गरेको परिस्थितिभन्दा अलग्गै परिस्थितिको सिर्जना भएर संविधानमा गतिरोध उत्पन्न भएमा त्यसलाई अन्त गर्न र संविधानको संयन्त्रलाई सक्रिय र क्रियाशील अवस्थामा ल्याउन यो धारा १२७ को प्रयोग हुने देखिन्छ। अहिले संवैधानिक गतिरोध उत्पन्न भई मुलुक संवैधानिक सङ्कटमा फस्न पुगेको छ। त्यसैले यो धारा १२७ ले अत्यन्तै महत्त्वपूर्ण स्थान ओगट्तै जान्छ।

❑

# अदालतबाट श्री ५ को अधिकारको संरक्षण

प्रधानमन्त्री शेरबहादुर देउवाको सिफारिसमा २०५९ जेठ ८ गते श्री ५ महाराजाधिराजबाट संविधानको धारा ५३ (४) बमोजिम प्रतिनिधिसभा विघटन गरिबक्सियो र आगामी कात्तिक २७ गते प्रतिनिधिसभाका लागि आमनिर्वाचन हुने मिति पनि तोकिबक्सियो। यो अदालतको विवादको विषय थियो वा थिएन भन्ने कुराको कुनै यकिन नभएको कारणले गर्दा यो विषय फेरि सर्वोच्च अदालतमा विचाराधीन हुन पुग्यो। यसभन्दा अघिका यस्तै प्रतिनिधिसभाका विघटनका विषयहरू सर्वोच्च अदालतको वृहत् इजलासमा छलफल भएका थिए। विभिन्न समयमा बेग्लाबेग्लै प्रकृति बोकेर अदालतमा प्रस्तुत भएका हुँदा अदालतले भिन्नाभिन्नै राय र आदेश दिएको थियो। अदालती कार्यवाही यस्तै र यही हुनुपर्छ भन्ने कुनै निश्चित मापदण्ड नभएको हुँदा अदालतबाट बेलामौकामा मौसमी निर्णय हुने गरेका छन्। बितेका समयमा भएका त्यस्ता अदालतका निर्णयहरू चाहेर वा नचाहेर पनि स्वीकार गरिएका छन्।

प्रतिनिधिसभाको विघटन र मध्यावधि निर्वाचनका लागि प्रधानमन्त्री देउवाले गरेको सिफारिसका विरुद्ध सर्वोच्च अदालतमा छुट्टाछुट्टै चार रिट-निवेदनहरू दायर भएका थिए। ती दायर भएका रिट-निवेदनहरूमाथि दुई महिनाभन्दा बढी लामो अवधिसम्म पक्ष-विपक्षका कानुन-व्यवसायीहरूको बहस-पैरवी सुनी यही साउन २१ गते सर्वोच्च अदालतको वृहत् इजलासले फैसला सुनाएर लामो समयदेखिको राजनीतिक अन्योलको वातावरणको अन्त्य गरी मुलुकको राजनीतिलाई एउटा दिशा प्रदान गरेको छ, साथै अदालतमा परेका रिट-निवेदन खारेज गरे पनि खारेज गर्दा बोलेको आदेशले संविधानको मर्म र भावनाको व्याख्या गरी आजभन्दा अगाडि भएका अदालतका निर्णयहरूलाई समेत चुनौती दिँदै नवीन मार्गनिर्देश गर्न कोसिस गरिएको छ। त्यो नवीन मार्ग भनेको श्री ५ को वैधानिक अधिकार हो।

मुलुकमा सङ्कटकाल लागू नै रहेको अवस्थामा सरकारले अल्पसूचनाका आधारमा बोलाइएको संसद्को दुवै सदन जेठ ९ गते बस्ने भएका थिए। सांसदहरू आ-आ□ना जिल्ला र क्षेत्रबाट काठमाडौं आइसकेका थिए र सरकारले पनि संविधानको धारा ११५ (५) बमोजिम सङ्कटकाललाई अरू ६ महिना थप गर्नका लागि विधिवत प्रस्ताव पनि संसद्मा दर्ता गराइसकेको थियो। यसैबीच अघिल्लो दिन संविधानको धारा ५३ (४) बमोजिम संसद्को एउटा सभा अर्थात् प्रतिनिधिसभा विघटन भयो। यद्यपि संसद्मध्येको राष्ट्रिय सभा विघटन हुन सक्तैन, कारण राष्ट्रिय सभालाई संविधानको धारा ४६ (२) ले संसद्को स्थायी सभा घोषित गरेको छ। प्रतिनिधिसभा विघटन भएको अवस्थामा राष्ट्रिय सभाले विधायिकाको पूर्ण कार्य गर्न सकोस् वा पाओस् भन्ने मनसायले नै राष्ट्रिय सभालाई संविधानमा स्थायी सभाका रूपमा व्यवस्था गरिएको हो। तर सरकारले यो संवैधानिक मर्यादाको उल्लङ्घन गरी



राष्ट्रिय सभालाई उपेक्षा गरेको छ। प्रतिनिधिसभा नभएको अवस्थामा सङ्कटकालको सबै काम-कार्यवाही राष्ट्रिय सभाले गर्नुपर्ने हो। राष्ट्रिय सभालाई यो अधिकार संविधानको धारा ११५ (६) ले स्पष्ट प्रदान गरेको छ तापनि श्री ५ को सरकारले राष्ट्रिय सभाबाट सङ्कटकाल अनुमोदन गराउने चासो राखेन।

प्रतिनिधिसभा विघटन भएपछि राजनीतिक क्षेत्रमा एउटा अन्योलको वातावरण सिर्जना भयो। देशका बुद्धिजीवी तथा पत्रकारहरूले वर्तमान र भविष्यको व्याख्या गर्दै विभिन्न राय व्यक्त गर्न थाले। साथै, मुलुकप्रति माया भएको एक समूह, जो ती घिनलाग्दो राजनीतिभन्दा टाढा बस्न रुचाउँछन्, तिनीहरूले पनि श्री ५ को सरकारको आधारहीन घोषणाले निम्त्याउने मुलुकको अनिश्चित भविष्यका लागि चिन्ता व्यक्त गर्न थाले। हुन पनि जनगणना, २०५८ लाई पूर्णता दिन नसक्ने, गाउँ-गाउँका महाविद्यालयहरूमा चलिरहेका परीक्षाकेन्द्रहरूलाई खारेज गरी जिल्लाको सदरमुकाममा परीक्षार्थीलाई बोलाई परीक्षा लिने तथा शान्तिसुरक्षाका लागि खटिएका प्रहरीहरूलाई जिल्ला सदरमुकाममा भेला गराई सदरमुकाम तारबारले घेरा लगाई बस्न सक्ने यो देउवा सरकारले यही कात्तिकको २७ गते आमनिर्वाचन विधिवत सम्पन्न गराउन सक्छ भन्ने विश्वासको एउटा सानो विन्दु पनि देखिएको छैन।

अदालतले फैसलामा 'मुलुकमा सुरक्षाका कारण शान्तिपूर्ण तरिकाले स्वच्छ एवं निष्पक्ष निर्वाचन हुन सक्छ-सक्तैन एवं निर्वाचनका लागि स्रोत-साधनहरूको अवस्थाको समेत मूल्याङ्कन गरी उपयुक्त व्यवस्थापनसमेत गर्ने कुराहरू कार्यकारिणीको कार्यक्षेत्रअन्तर्गतको विषय भएकोले' भनी बोलेर अदालत मुलुकको परिस्थितिबाट पन्छिन खोजेको छ। केवल संविधानको धारा ५३ (४) मा मात्र अदालत केन्द्रित भएको देखिन्छ। यो साउन २१ गतेको फैसलाले सबै रोगको दबाई अदालतबाट नै प्राप्त गर्ने हाम्रो कमजोर मनस्थितिलाई नयाँ उपचार प्रदान गरेको छ। फैसलामा स्पष्ट भनिएको छ कि कार्यकारिणीका राजनीतिक, आर्थिक र सामाजिक सुधारका कुनै पनि नीतिका बारेका अदालतले बेदखल गर्नु हुँदैन। वास्तवमा यो सत्य हो, तर अदालत यसरी पन्छिन मिल्दैन, किनभने अदालतको कुशल न्यायसम्पादनबाट नै कानुनी राज्यको स्थापनाका लागि बल मिल्छ। यसका अतिरिक्त संविधानमा धारा ८८ ले अदालतलाई सुशासनको क्षितिज उघार्न बल प्रदान गरेको छ।

बहुदलीय व्यवस्था सुरु भएयता मुलुकका सर्वसाधारण जनता अभिभावक-विहीन हुन पुगेका छन्। दलीय आधारमा नेतृत्वमा पुगेका कुनै समूह वा व्यक्तिले गरिब र निमुखा जनताको कल्याणका लागि एक रत्ति पनि सोचेनन्, तदनुसार कार्य पनि गरेनन्। नेताहरूले सत्तामा पुगेर मुलुक र जनताको सेवा गर्नुको साटो सत्तालाई धनसङ्कलन गर्ने अखडाका रूपमा परिवर्तित गरेर देखाए। सबैतर्फबाट शोषित जनतामा चौतर्फी अन्धकारले घेरा हालेको छ। जिल्लाका सदरमुकामबाहिरका गाउँ र जङ्गलमा माओवादीले कब्जा जमाउँदै गएका छन् भने सिंहदरबारमा खाओवादीहरू जमेर बसेका छन्। हिजोको अवस्थामा अन्याय पर्दा राजाको ढोका खुला थियो भने

राजाको ढोका बन्द हुँदा अदालतको ढोका खुला थियो । तर आज जनताका लागि दुवै ढोका बन्द भएको प्रतीत भएको छ ।

हुन त अदालतले संविधानको धारा ३१ को आदर गर्दै उक्त रिट खारेजीको फैसलामा त्यसतर्फ केही नबोले पनि श्री ५ को वैधानिक अधिकारको संरक्षण गरेको छ । धारा ३१ मा श्री ५ बाट गरिबक्सेको कुनै कामका सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाइने छैन भनिएको छ । त्यसैले अदालतले साङ्केतिक रूपमा श्री ५ को वैधानिक अभिभावकत्वलाई स्वीकार गरेको छ ।

केही बुद्धिजीवी भनाउँदा साथीहरू वर्तमानमा चलेको बहुदलीय प्रजातन्त्र र संसदीय व्यवस्थालाई प्रधानमन्त्रीय पद्धति हो भनेर प्रमाणित गर्ने होडबाजीमा लागेका छन् । यो विघटनविरुद्धका रिट-निवेदनहरू खारेज भएकोमा प्रधानमन्त्रीय प्रणाली बलियो भएको छ भन्नेमा तिनीहरूलाई भान परेको छ । तर त्यो केवल भ्रम हो । यहाँ बुझ्नुपर्ने कुरा के हो भने जुन आधारलाई टेकेर फैसला तयार भएको छ, त्यो हो संविधानको धारा ५३ (४) र धारा ३१ । यहाँ ती बुद्धिजीवी साथीहरूले विचार गर्नुपर्ने कुरा के हो भने प्रतिनिधिसभाको विघटनमा प्रधानमन्त्रीको विशेषाधिकार हुने हो भने संविधानको भाग ७ मा नै त्यो अधिकार उल्लेख भएर आउने थियो, किनभने संविधानको भाग ७ मा कार्यपालिकाको गठन, काम, कर्तव्य र अधिकारको व्यवस्था भएको छ ।

मुलुकको व्यवस्थापिकाको गठनमा श्री ५, प्रतिनिधिसभा र राष्ट्रिय सभा गरी तीन निकायलाई संयुक्त जिम्मेवारी प्रदान गरिएको छ । सोही व्यवस्थापिकाको धारा ५३ को (४) मा प्रतिनिधिसभाको विघटनको व्यवस्था भएको छ । त्यसमा स्पष्ट लेखिएको छ – 'श्री ५ बाट प्रधानमन्त्रीको सिफारिसमा प्रतिनिधिसभाको विघटन गर्न सकिबक्सनेछ ।' यस वाक्यमा अन्यत्रजस्तो 'गरिबक्सनेछ' भनिएको छैन, यसमा 'गर्न सकिबक्सनेछ' भनिएको हुँदा यो नितान्त श्री ५ को विवेकाधीन अधिकार हो । अर्थात् 'सक्नु' भनेपछि 'नसक्नु' पनि हुन्छ । तसर्थ प्रधानमन्त्रीको सिफारिस आउनेबित्तिकै श्री ५ ले गर्नैपर्ने भन्ने यस धाराले बाध्यात्मक व्यवस्था गरेको नहुँदा यो व्यवस्थापिकाको भागमा उल्लिखित धारा ५३ (४) धारा ३१ सँग आकर्षित हुन पुगेको हो । त्यसैले फैसलामा नबोलेर पनि श्री ५ को संवैधानिक अधिकारको सर्वोच्च अदालतले संरक्षण गरेको छ ।

**नेपाल समाचारपत्र, २०५९ साउन २८ गते मङ्गलबार**



# सङ्कटकाल लागू भएको अवस्थामा निर्वाचन गराउन मिल्दैन

सर्वोच्च अदालतको २०५९ साउन २१ गते भएको आदेशले राजनीतिक वातावरणमा अत्यन्तै धमिलोपन तथा अन्योल छाएको देखियो । सर्वोच्चको निर्णयले प्रजातान्त्रिक मूल्य र मान्यताका विरुद्धमा धेरै कुरा बोलेर राजनीतिक अन्योलको सिर्जना गर्‍यो भन्ने धेरै पक्षबाट गुनासो आउन थाल्यो । कार्यकारिणी अधिकार पाएको कार्यपालिकाले गरेको राजनीतिक, आर्थिक र सामाजिक विवादसँग सम्बद्ध रहेका प्रश्नहरूको अदालतले निर्णय गर्न मिल्दैन भनेर मुलुक र जनताका विरुद्धमा बेला-बेलामा कार्यपालिकाले गर्ने ज्यादतीबाट न्यायपालिका पन्छिन खोजेको देखियो । त्यसको अतिरिक्त सङ्कटकालमा आमनिर्वाचन हुन सक्छ भन्ने कुरा पनि साङ्केतिक रूपमा बोलेर वर्तमानमा लागू भएको सङ्कटकाललाई सरकारले निरन्तरता दिन सक्ने बाटो प्रशस्त गर्न खोजेको हो कि भन्ने शङ्का उब्जन थाल्यो ।

सङ्कटकालमा निर्वाचन हुन सक्छ वा सक्तैन भन्ने विवादले अहिले नेपालको राजनीतिक परिवेशलाई रङ्गाएको छ । पूर्वसत्तामा बसेका तर अहिले सत्ताबाट बाहिरिएर निर्वाचनमा भाग लिने समूहका लागि सङ्कटकालभित्र निर्वाचन भन्ने विषय फलामको चिउरा साबित भएको छ भने सत्तामा बसेर निर्वाचन गराउने पक्षका लागि यो सहज तथा स्वाभाविक भएको प्रचार गर्न थालेका छन् । सत्तासीनहरूका लागि सर्वोच्च अदालतको रिट-खारेजीको आदेशले पूर्ण बल प्रदान गरेको छ ।

रुख चिह्नलाई नै विजयको निर्णायक तत्त्व सम्झेर काङ्ग्रेसीहरू निर्वाचन आयोगमा धर्ना दिइरहेका छन् । काङ्ग्रेसी-काङ्ग्रेसीबीचमा चिह्नका लागि लडाइँ देखिएको छ । यहाँका जनतालाई वालिग मताधिकारभन्दा गाउँको विकास र गरिबी उन्मूलनका कार्यक्रम चाहिएका छन् भन्ने कुरा काङ्ग्रेसले अझै बुझेको छैन । यस तथ्यलाई कसैले अगाडि सार्न सकेका छैनन्, बरु उल्टो जनतालाई ठगी गर्ने, झुक्याएर फसाउने र जसरीतसरी चुनाव जित्ने भएकाले नै यसरी चिह्नका लागि मरिमेटेर लागिरहेका छन् । शुद्ध र धाँधलीबिना पनि चुनाव सम्पन्न हुन सक्छ भन्नेमा कुनै दलका नेतालाई पनि विश्वास छैन । यसबाट स्पष्ट हुन्छ कि सबै नेताहरूले झूटको खेती गर्ने र मुकुन्डो लगाएर मात्र चुनावमा भाग लिने गरेका रहेछन् ।

श्री ३ पद्मशमशेरले २००४ सालमा म्युनिसिप्यालिटी र राष्ट्रसभाका लागि गराएको निर्वाचन नै आधुनिक निर्वाचन प्रणालीअनुसार नेपालमा भएको पहिलो निर्वाचन हो । त्यस बेला कर्मचारीले नै मतदाताहरूसँग सोधी छाप लगाई ढ्वाङमा मत खसाल्ने काम गरी निर्वाचन सम्पन्न गरिएको थियो । २०१५ सालमा अधिकांश जनतालाई मतका बारेमा केही जानकारी थिएन, तापनि राणाहरूको ज्यादतीबाट वाक्क भएका कार्यकर्ताहरूको बलमा निर्वाचन सम्पन्न भयो । २०१९ सालको

पञ्चायती संविधानअन्तर्गत भएको चुनावमा बडाहाकिमको तजबिजले नै बढी काम गऱ्यो । नेपालको निर्वाचनमा २०३४ सालमा लागू भएको गाउँफर्के चुनाव-प्रणालीले एउटा अविस्मरणीय छाप छोडेको छ । अशिक्षित, बेरोजगार र गरिबले भरिएका गाउँका जनतालाई हेरेर मुलुकमा कुन निर्वाचन-प्रणाली ठीक छ भन्न अत्यन्तै कठिन भएको छ । यहाँ सम्पन्न हुने निर्वाचन पूरा बिहारी शैलीमा सम्पन्न हुने गरेका छन् । त्यसैले सबैमा निर्वाचन जसरी पनि सम्पन्न गराउन मिल्छ भन्ने भान परेको छ ।

'सङ्कटकाल' ले त्यस समयको असाधारण अवस्थाको बोध गराएको हुन्छ । सङ्कटको अर्थ हुन्छ विपतको स्थिति र ज्यादै अप्ठ्यारो तथा असाधारण अवस्था । सङ्कटकाल भनेको आपतविपत, आतङ्क आदि भएको कुरा जनाउँदै राज्यबाट घोषित समयावधि हो, मुलुक सङ्कटग्रस्त छ भनिएको हो । संविधानको धारा ११५ (१) मा भनिएको छ – 'नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा कुनै भागको सुरक्षा, युद्ध, बाह्य आक्रमण, सशस्त्र विद्रोह वा चरम आर्थिक विश्रृङ्खलताको कारणले गम्भीर सङ्कट उत्पन्न भएमा श्री ५ बाट नेपाल अधिराज्यभर वा कुनै खास क्षेत्रमा लागू हुने गरी सङ्कटकालीन अवस्थाको घोषणा गर्न वा आदेश जारी गर्न सकिबक्सनेछ ।'

यसरी संविधानले नै मुलुक सङ्कटग्रस्त अवस्थामा रहेको अवस्थाका बारेमा उल्लेख गरेबाट नै सङ्कटकालका बारेमा प्रस्ट बुझ्नुपर्छ । साथै सङ्कटकालमा नागरिकको मौलिक अधिकारलाई ग्यारेन्टी प्रदान गरिएका संविधानको धारा १२ को उपधारा (२) को खण्ड (क), (ख), (घ) र (ङ), धारा १३ को उपधारा (१), धारा १५, १६, १७, २२ र २३ निलम्बन हुन्छन् ।

प्रधानमन्त्री देउवाले प्रतिनिधिसभाको विघटनका लागि गरेको सिफारिस कानुनसम्मत भएको छ भनी सर्वोच्च अदालतको वृहत् इजलासले संविधानको धारा ५३ (४) को व्याख्या गर्दै परेका चारै वटा रिट-निवेदनहरू खारेज गर्ने आदेश गऱ्यो । यो आदेशको मूल तत्त्व भनेको प्रधानमन्त्रीको सिफारिसको अधिकार र त्यसपछि श्री ५ महाराजाधिराजबाट प्रतिनिधिसभा विघटन गरिबक्सेको कार्य विधिसम्मत छ भनिएको मात्र हो । यो मूल आदेशलाई पुष्टि गर्नका लागि आदेशका प्रकरण-प्रकरणमा प्रासङ्गिक कथनहरू उल्लेख भएका हुन्छन् । त्यस्ता प्रासङ्गिक कथनले कानुनी रूपमा वैधानिकता पाएका हुँदैनन् र सिद्धान्तका रूपमा परिवर्तित भइसकेका पनि हुँदैनन् । ती केवल रिट-खारेजीका लागि विवरणका रूपमा प्रस्तुत भएका कथन मात्र हुन् ।

उक्त रिट-खारेजीको आदेशको प्रकरण ५ मा प्रासङ्गिक कथनमा यसरी उल्लेख भएको छ – 'सङ्कटकालमा निर्वाचन गर्न संविधानले रोक लगाएको स्पष्टतः देखिँदैन । सङ्कटकालमा प्रतिनिधिसभाको विघटन संविधानले नै हुन सक्ने भनी देखाइएको अवस्थामा प्रतिनिधिसभाको विघटन गरी नयाँ निर्वाचन हुन नसक्ने जिकिर संविधानसम्मत देखिँदैन ।'

आदेशलाई यसरी सोझै बुझ्न खोज्दा सङ्कटकालमा निर्वाचन हुन सक्छ भन्ने बुझिन्छ, तर आदेशमा 'नागरिक अधिकारहरूको बन्देज हटाई' भन्ने पनि उल्लेख



भएको हुँदा वर्तमानको सङ्कटकालमा लागेको धारा ११५ (८) अन्तर्गत लागेको मौलिक हकको बन्देज हटाउनुपर्ने सङ्केत पनि दिइएको छ ।

कानुनद्वारा अधिकारसम्पन्न दुई प्रकारका व्यक्ति हुन्छन् – एक : प्राकृतिक, र अर्को : कानुनद्वारा निर्मित । प्राकृतिक व्यक्तिलाई कानुनले नगर्नु भनेका बाहेक सबै किसिमका काम गर्ने अधिकार प्राप्त हुन्छन् भने कानुनी व्यक्तिलाई कानुनले यो-यो गर्नु भनी किटान गरेको बाहेक कुनै काम गर्ने अधिकार हुँदैन । कानुनको दृष्टिकोणमा श्री ५ को सरकार एक कानुनी व्यक्ति हो र त्यस्तो कानुनी व्यक्तिलाई मुलुकमा प्रचलनमा आएको कुनै कानुनले किटानसाथ तोकेको भन्दा बाहिर गएर कुनै काम गर्न मिल्दैन । त्यसैले सङ्कटकालमा निर्वाचन गराउन मिल्छ भन्ने संविधानको कुनै धारा वा निर्वाचन आयोग ऐन, २०४७ को कुनै दफाले किटानसाथ नभनेको अवस्थामा सङ्कटकालमा कुनै हालतले पनि निर्वाचन गराउन मिल्दैन । संविधानको धारा ४५ (३) मा पनि लेखिएको छ – 'देशमा सङ्कटकालीन स्थितिको घोषणा लागू रहेको अवस्थामा एक वर्षमा नबढ्ने गरी ऐनद्वारा प्रतिनिधिसभाको कार्यकाल बढाउन सकिनेछ ।'

सङ्कटकालमा निर्वाचनको गुन्जायस हुन सक्ने अवस्था हुने थियो भने प्रतिनिधिसभाको म्याद ५ वर्षबाट थप १ वर्ष गरी ६ वर्ष पुऱ्याउनुपर्ने आवश्यकता नै थिएन । त्यसैले यो व्यवस्थाबाट सङ्कटकालमा प्रतिनिधिसभाको चुनाव हुन सक्तैन भन्ने स्पष्ट हुन्छ ।

निर्वाचन दुई प्रकारका हुन्छन्, एक नियमित हुने निर्वाचन र दोस्रो आकस्मिक रूपमा सम्पन्न गर्नुपर्ने निर्वाचन । नियमित निर्वाचनका लागि एक महिना प्रचारको समय पर्याप्त देखिन्छ । कारण यो मिति र तिथिमा निर्वाचन सम्पन्न हुन्छ भन्ने कुरा वर्षौं अगाडि जानकारी भएको हुन्छ र उम्मेदवार र मतदाता दुवैलाई भविष्यमा सम्पन्न हुने निर्वाचनका बारेमा पूर्ण ज्ञान हुन्छ । तर आकस्मिक रूपमा निश्चित भएको निर्वाचनमा भने निर्वाचन निश्चित तथा तय भएको मितिदेखि नै निर्वाचन सम्पन्न नभएसम्म उम्मेदवार र मतदाताका बीचमा संवाद सुरु हुनुपर्छ अर्थात् निर्वाचनका लागि प्रचार सुरु गर्न पाउनुपर्छ, नियमित निर्वाचनको जस्तो एक महिनाअगाडि मात्र निर्वाचनका लागि प्रचार सुरु गरेर पुग्दैन । त्यसैले त्यस्तो आकस्मिक निर्वाचन घोषणा भएकोमा घोषणा भएको मितिदेखि नै सङ्कटकाल अन्त गरेर राज्यका तमाम शक्ति निर्वाचन सम्पन्न गराउनमा लाग्नुपर्छ । त्यसैले अगामी हुने निर्वाचनमा भदौ ११ भन्दा अगावै सङ्कटकाललाई हटाएर आउँदो आकस्मिक हुन लागेको निर्वाचनमा सबै एकजुट भएर लाग्नुपर्छ, अन्यथा सङ्कटकाल लागू भएकै अवस्थामा निर्वाचन गराउन मिल्दैन ।

**नेपाल समाचारपत्र, २०५९ भदौ २ गते आइतबार**

# निर्वाचन आयोगका लागि बहसनोट

नेपाली काङ्ग्रेसको वैधताबारेमा प्रश्न खडा भएर अहिले नेपाली काङ्ग्रेस निर्वाचन आयोगको कठघरामा उभिएको छ। काङ्ग्रेस पार्टीको केन्द्रीय पदाधिकारी परिवर्तनको वैधताको प्रश्न त्यति खेर उठ्यो, जति खेर बानेश्वरभेलाले पार्टीका केन्द्रीय सभापति गिरिजाप्रसाद कोइरालालाई अविश्वासको प्रस्तावद्वारा निष्काशन गरी नयाँ सभापति शेरबहादुर देउवा चयन गरेको घोषणा गऱ्यो। सत्तामा रहेका प्रधानमन्त्री सभापति घोषित भएपछि काङ्ग्रेस पार्टीको ठूलो समूहले देउवापक्षलाई साथ दिएको र पार्टीभित्र ठूलो विभाजनको धाँजा फाटिएको देखियो। बलेको आगो ताप्ने नेपाली मनस्थितिले अहिले सत्तापक्षलाई साथ दियो भनेर देउवापक्ष रमाउनु हुँदैन, कारण भोलि वैधानिकता प्रमाणित भएपछि ती पिछलग्गूहरू वैधानिकता त्यतै रहेछ भनेर लाजै नमानी त्यो सत्तामुखी जमात फेरि शक्तिमुखीतर्फ नजिकिन सक्छ।

गत हप्ता ने० का० का पदाधिकारी चयन भएको प्रश्नलाई लिएर निर्वाचन आयोगका आयुक्तहरूको इजलास कायम भई केन्द्रीय समितिका पदाधिकारीको वैधताको निराकरण गर्न दुवै पक्षबाट बहसपैरवी गर्ने र सुन्ने कार्य सम्पन्न भयो। आयोगको इजलासले बहस-पैरवीसँग मात्र सन्तुष्ट नभई दुवै पक्षलाई लिखित बहसनोट पेस गर्नसमेत आदेश दियो। आयोगको आदेशअनुसार दुवै पक्षले लिखित बहसनोट आयोगसमक्ष पेस गरे। नागरिकका तर्फबाट पनि लिखित बहसनोट पेस भएको खण्डमा आयोगलाई निर्णय दिन मद्दत पुग्न सक्छ भन्ने असल नियतका साथ सार्वजनिक रूपमा प्रस्तुत गरिएको यो लिखित टिप्पणीलाई निर्वाचन आयोगले लिखित बहसनोटका रूपमा स्वीकार गरी मुद्दाको रोहमा राखी विचार गर्न मिलोस् भन्ने विश्वास लिंदै नेपाली काङ्ग्रेसको विधानका केही धाराहरूलाई प्रस्तुत गरिएको छ।

बहसपैरवीमा उठेका प्रश्नको मुख्य बुँदामा नेपाली काङ्ग्रेस पार्टीका दुई कार्यसमितिमध्ये एक कार्यसमितिको वैधता कायम गर्नु हो। यति खेर चार तारे झण्डा र रुख चिह्न कुन पक्षले पाउँछ भन्ने विषयमा पार्टीका नेता तथा कार्यकर्ता अलमलिएका छन् तर निर्वाचन आयोग ऐन, २०४७ अनुसार निर्णय गर्ने हो भने आयोग त्यसतर्फ लाग्नुपर्ने आवश्यकता नै देखिँदैन। निर्वाचन आयोगको काम त केवल नेपाली काङ्ग्रेसको कुन कार्यसमिति आधिकारिक हो र वैधानिक हो अर्थात् निर्वाचन आयोग ऐन र त्यसअन्तर्गतका नियमावलीबमोजिम पेस हुन आएका राष्ट्रिय दलका विधान र विधानबमोजिमको दलको कार्य ठीक किसिमबाट चले-नचलेकोसम्म हेर्ने र तदनुसारको निर्णय दिने हो। त्यसैले आयोगसमक्ष यस मुद्दासँग प्रत्यक्ष सरोकार राख्ने नेपाली काङ्ग्रेसको विधानका केही धाराहरू निम्नबमोजिम छन् –

नेपाली काङ्ग्रेस पार्टीको विधान, २०१७ (२०५७ मा संशोधित र परिमार्जित) को धारा १४ मा महाधिवेशनको कार्यविधि उल्लेख भएको छ। सोही धाराको उपधारा २ मा 'केन्द्रीय कार्यसमितिले आवश्यक ठानेमा वा महाधिवेशनका ४० प्रतिशत



सदस्यहरूले महाधिवेशनको बैठक बोलाउन विशेष कारण खुलाई केन्द्रसमक्ष अनुरोध गरेमा निवेदन परेको तीन महिनाभित्र विशेष अधिवेशन बोलाउनुपर्नेछ' भनिएको छ। विधानमा महाधिवेशन बोलाउनुपर्ने बाध्यात्मक व्यवस्था भएको अवस्थामा विशेष महाधिवेशन बोलाउन रोक लागेको देखिँदैन। त्यसरी बोलाइएको महाधिवेशनमा कुनै प्रस्ताव ल्याउनुपरेमा महाधिवेशन बस्नु १५ दिनअघि महाधिवेशन-प्रतिनिधिहरूले प्रस्ताव बुझाउने व्यवस्था पनि सोही धाराको उपधारा ३ मा उल्लेख भएको छ। यसरी विशेष महाधिवेशन बोलाउनुपर्ने र त्यस अधिवेशनमा छलफल र निर्णय हुने विषयसमेत विधिसम्मत आउन सक्ने व्यवस्था विधिमा प्रस्ट लेखिएको हुँदा दलको विधानको धारामा उल्लेख भएको कार्यविधिविपरीत हुने गरी दलका कुनै पनि पदाधिकारीले विशेष महाधिवेशन बोलाउन मिल्दैन।

कुनै पनि पदाधिकारीलाई अविश्वासको प्रस्ताव ल्याएर पदच्यूत गराउन सकिने व्यवस्था पनि नेपाली काङ्ग्रेसको विधानमा व्यवस्था छ। विधानको धारा ३४ अनुसार कुनै पनि तहको पदाधिकारीलाई सम्पूर्ण सदस्य सङ्ख्याको दुई तिहाई बहुमतले पारित गरी पदबाट मुक्त गर्न सक्नेछ। त्यसरी हटाउनुपर्दा निर्वाचकहरूको २५ प्रतिशत सदस्यहरूले त्यस्तो पदाधिकारी हटाउनुपर्ने अविश्वासको प्रस्ताव कार्यसमितिमा दर्ता गराउनुपर्नेछ। त्यसरी दर्ता हुन आएको प्रस्तावउपर आवश्यक छानबिन गरी ६० दिनभित्र सम्बन्धित निर्वाचकहरूको बैठक वा अधिवेशन बोलाई निर्णय गर्ने व्यवस्था छ। यसरी विधानमा किटानसाथ लेखिएको व्यवस्थाका विपरीत भएको काम-कारवाही वैधानिक हुन सक्तैन। अर्थात् भोज खाने प्रयोजनका लागि टुँडिखेलमा बोलाइएका सांसदहरूलाई संसद्को सम्पूर्ण सदस्य उपस्थित भए भन्दैमा त्यहाँ प्रतिनिधिसभाले पाएको अधिकारलाई त्यो टुँडिखेलमा भेला भएको सांसदसमूहले प्रयोग गर्न सक्तैन। जुन प्रयोजनका लागि जसरी व्यक्ति उपस्थित भएको हो, त्यही प्रयोजनका लागि मात्र त्यो व्यक्ति वा समूहले अधिकार प्रयोग गर्न सक्छ।

अब विचार गरौँ बानेश्वरभेलालाई। २०५९ असार ३ गते प्रधानमन्त्री देउवाले महाधिवेशन-प्रतिनिधिहरूलाई बोलाइएको भेला असार ४ गते महाधिवेशनमा परिवर्तन भएको घोषणा गरियो, सम्पूर्ण सदस्यसङ्ख्याको दुई तिहाई बहुमतको सट्टा उपस्थित सदस्य-सङ्ख्याको दुई तिहाई बहुमतले गर्न सक्ने गरी विधान संशोधन गरियो र सभापतिलाई हटाइएको घोषणासाथ अरू केन्द्रीय पदाधिकारीलाई कायम गरी निर्वाचन आयोगमा नामावली पठाउने कार्य भयो। पोखरा महाधिवेशनद्वारा निर्वाचित सबै सदस्यको नामावली समावेश गरिएको उक्त निवेदनमा केवल सभापतिको पद मात्र परिवर्तन भएको सूचनासम्म गरेको देखिन्छ तर नेपाली काङ्ग्रेसले भने तोकिएको समयअगावै पार्टी नवीकरणका लागि विधिवत दल दर्ता गराएको देखिन्छ।

मुद्दाको सुरु हो जेठ ८ गतेको प्रतिनिधिसभाको विघटन। काङ्ग्रेस पार्टीको अनुशासन समितिले शेरबहादुर देउवालाई जेठ ९ गते निलम्बन गर्दै तीन दिनभित्र स्पष्टीकरण माग गरेको थियो। सो स्पष्टीकरणबाट चित्त नबुझाई समितिले १२ गते देउवालाई पार्टीको साधारण सदस्यबाटै तीन वर्षका लागि निष्काशन गरेको थियो।

निजले त्यस्तो निष्काशनउपर नेपाली काङ्ग्रेसको केन्द्रीय समितिमा पुनरावेदनसमेत दिएका थिए। पछि निज शेरबहादुर देउवा आफैँले दिएको पुनरावेदनलाई नै अपहेलना गरे। यसरी पार्टीको अनुशासन समितिले गरेको निष्काशनउपर विधिसम्मत पुनरावेदन दिएका मुलुकका कार्यकारिणी प्रमुख भएका प्रधानमन्त्री शेरबहादुर देउवाले एकपछि अर्को गल्ती गर्दै गएको देखिन्छ र उनका गल्तीहरू दोहोरिँदै गएको कारणले गर्दा नै मुलुकका सरकारप्रमुख अहिले निर्वाचन आयोगको कठघरामा उभिन पुगेका छन्।

दलीय व्यवस्थामा दलको सिद्धान्त, नीति र विधानलाई मान्ने सर्तमा कुनै पनि नागरिकले दलको सदस्यता ग्रहण गरेको हुन्छ। दलका प्रत्येक सदस्यले दलको विधान र त्यसअन्तर्गत बनेका नीति-नियमको पालना गरी दलीय आचारको पनि पालना गर्नुपर्छ। कतिपय महत्त्वपूर्ण दलीय आचार र व्यवहारहरू दलका लिखित दस्तावेजमा लेखिएका हुँदैनन् तर पनि राजनीतिक दलमा संलग्न व्यक्तिहरूले आ□नो आचरण र व्यवहारलाई दलीय नीति तथा सिद्धान्तअनुरूपको बनाउनुपर्दछ। यो सत्यतालाई नछोड्ने समूह सम्मिलित राजनीतिक पार्टीले सबैतर्फ सफलता हासिल गरेको हुन्छ भने जथाभावी अवसर खोज्ने र छोप्नेको समूह भएको राजनीतिक दलले भने आ□नो दल मात्र होइन, त्यस मुलुक र जनता दुवैलाई विपतमा पारी असफलताको सङ्घारमा लगेर उभ्याइदिएको हुन्छ। विगतका १२ वर्षको अनुभवले यो मुलुकमा त्यस्तै अवसर छोप्ने र खोज्नेहरूका समूह नै दलहरूमा हावी भएका छन् र दलका माध्यमद्वारा सत्तामा पुगेका छन्। सत्तामा पुगेपछि टिकिरहन जति पनि अवैधानिक र गैरकानुनी कार्य गरिरहेका छन्। विधिको शासन-सञ्चालन गर्ने जिम्मा लिएका प्रजातन्त्रवादीले एक पल्ट आ□नो क्रियाकलाप राम्ररी नियालेर हेरे जानकारी हुन्छ कि तिनीहरूले कति अवैधानिक काम गरी मुलुक र जनतालाई धोका दिएका छन्।

निर्वाचन नजिकिँदै गएको अवस्था भएको र अन्ततोगत्वा दुवै थरीले निर्वाचनमा भाग लिनुपर्ने भएबाट निर्वाचन आयोगको निर्णयपश्चात् पुनः दल दर्ता गर्ने समय आयोगबाट प्राप्त भएको खण्डमा त्यो दलविहीन हुने समूहले पनि दलीय आधारमा निर्वाचनमा भाग लिन पाउन सक्नेछ। आयोगबाट यसतर्फ पनि गम्भीरताका साथ विचार गरी निर्णय भएमा पदाधिकारी परिवर्तनको मान्यता पाएका वा नपाएका दुवै समूहले आगामी हुने निर्वाचनमा दलीय आधारमा भाग लिने मौका पाउने थिए।

**नेपाल समाचारपत्र, २०५९ भदौ ९ गते आइतबार**



# संविधानको धारा १२७ को प्रयोग र त्यसले उब्जाएका प्रश्नहरू

सबैको ध्यान अहिले आगामी हुने निर्वाचन र निर्वाचन निश्चित भएको कात्तिक २७ गतेमा केन्द्रित हुन पुगेको छ। घोषित तिथिमितिमा निर्वाचन सम्पन्न हुन सकेन भने मुलुकमा संवैधानिक सङ्कट आउँछ भन्ने कुरामा कसैको दुई मत छैन। तर त्यस्तो आउन सक्ने संवैधानिक सङ्कटबाट कसरी मुक्त हुने भन्नेबारेमा भने एक राय हुन सकेको छैन। हरेक दिन विभिन्न विचारहरू आइरहेका छन्। राजनीतिक रङ्गमा मुछिएका केही समूहले राजालाई खबरदारी लगाइरहेका छन् भने तिनै समूहमध्येका केहीले राजाको राजशक्तिको प्रयोग गराउन प्रयत्न गरिरहेका छन्। साथै, अर्को समूह भने राजाको सक्रिय नेतृत्वको माग गर्दै सडकमा उत्रिएको छ। सङ्क्षेपमा भन्नुपर्दा हिजोसम्म राजाले राजकाजमा हस्तक्षेप गर्नु हुँदैन भनेर चिच्याउने ठूलो समूह नै आज राजाको मुख ताकेर बसेको छ।

प्रजातन्त्रको पक्षधर भनिने एक समूह यो विघटित प्रतिनिधिसभालाई नै पुनर्जीवन दिनुपर्छ भनी कस्सिएर विचारको मैदानमा मडारिन थालेको छ, त्यस्तै अर्को समूह भने विघटन भएको प्रतिनिधिसभा पुनर्स्थापित हुन सक्तैन भन्ने तर्क पेस गरिरहेको छ। प्रतिनिधिसभा-विघटनका विरुद्धमा परेको रिट-निवेदनमा लामो बहस-पैरवीपछि गत श्रावण २१ गते सर्वोच्च अदालतको वृहत् इजलासले ती सबै रिट-निवेदनहरू खारेज गरेको छ। सर्वोच्च अदालतले संविधानको धारा ५३ (४) बमोजिम भएको प्रतिनिधिसभाको विघटनकार्यलाई सदर गरेको छ। अर्थात् अदालतबाट प्रतिनिधिसभाको पुनर्स्थापना हुन सक्ने सम्भावनाको अन्त गरिदिएको छ।

यसरी विघटनमा परेको प्रतिनिधिसभालाई पुनर्जीवित गर्नुपर्ने वा घोषित निर्वाचन सम्पन्न गरी नयाँ जनादेशप्राप्त प्रतिनिधिसभाको स्थापना गर्नुपर्ने वा यी दुईभन्दा भिन्नै अवस्था केही समय कायम गरी मुलुकलाई ठीक दिशानिर्देश गर्ने बाटो अख्तियार गर्नुपर्ने भन्नेसम्बन्धमा अहिले राजनीतिक वृत्तका सारा बौद्धिक समुदाय चिन्तित देखिन्छन्। गत जेठ ८ गते संविधानको धारा ५३ (४) बमोजिम प्रतिनिधि सभाको विघटन भएको निर्णय र सोही धाराको निर्देशनअनुसार ६ महिनाभित्र निर्वाचन गराउनुपर्ने कार्यले गर्दा अहिले राजनीतिक क्षेत्रमा मात्र होइन, सर्वत्र अन्योल सिर्जना गरेको छ। निर्वाचनका लागि निश्चित भएको कात्तिक २७ गते आउन अब धेरै दिन बाँकी छैन, केवल ५९ दिन मात्र बाँकी छ। तर कहीँ-कतै निर्वाचन हुने वा हुन सक्ने सङ्केत सलबलाएको सम्म पनि देखिँदैन। निर्वाचन हुन सक्छ भन्ने दावी केवल सरकारमा सम्मिलित नेताहरूको मात्र रहेको छ भने अरू दलका नेता तथा कार्यकर्ता भने घोषित समयमा निर्वाचन हुन सक्छ भन्नेमा विश्वस्त हुन सकेका छैनन्।

यसैबीच निर्वाचन आयोग र सुरक्षा निकायको रायमा एकरूपता नआए पनि एकै पटक निर्वाचन सम्पन्न हुन नसक्नेमा भने दुवै एक मत हुन पुगेका छन् । श्री ५ को सरकारले बीस दिनको फरकमा आठ चरणमा निर्वाचन गराउन निर्वाचन आयोगलाई प्रस्ताव राखेको छ । अर्थात् अधिराज्यभरको निर्वाचन सम्पन्न हुन पाँच महिना लाग्ने देखिएको छ । यसै सन्दर्भमा निर्वाचन आयोगले यही भाद्र २७ गते भेला गरेको सर्वदलीय बैठकमा एक सुरक्षा निकायका प्रमुखले माघ-फागुनमा मात्र निर्वाचन गराउन सकिने राय व्यक्त गरेका छन् । यसबाट स्पष्ट हुन्छ कि तोकिएको मितिमा निर्वाचन सम्पन्न हुन सक्तैन । तोकिएको समयमा निर्वाचन हुन सकेन भने के गर्ने भन्नेबारेमा संविधान र कानुन मौन भएको अवस्थामा नेपाल अधिराज्यको संविधान २०४७ मा धारा १२७ यसरी उपस्थित भएको छ – "बाधा-अड्काउ फुकाउने अधिकार : श्री ५ बाट यो संविधान कार्यान्वित गर्न कुनै बाधा-अडकाउ परेमा त्यस्तो बाधा-अडकाउ फुकाउन आदेश जारी गरिबक्सनेछ र यस्तो आदेश संसद्समक्ष राखिनेछ ।"

संविधानमा भएको उक्त बाधा-अड्काउ फुकाउने अधिकार आजसम्म प्रयोगमा आएको छैन र यसबारेमा अदालतमा कुनै कानुनी प्रश्न पनि उत्पन्न भएको छैन । केवल सर्वोच्च अदालतले दासढुङ्गा-प्रकरणको जाँचबुझ आयोग गठन गर्नेसम्बन्धमा २०५० सालमा श्री ५ समक्ष राय पेस गर्दाका बखत यसरी बोलिएको छ – 'अप्रत्याशित रूपमा उत्पन्न संवैधानिक वा कानुनी विकल्प नभएको अवस्थामा मात्र धारा १२७ को प्रयोग हुन सक्नेछ ।' अहिले यो अवस्था सिर्जना हुने सङ्केत प्राप्त हुन थालेको हुँदा यससम्बन्धमा गम्भीरताका साथ विचार गर्नुपर्ने अवस्था आएको छ । निर्वाचन हुनै नसक्ने भएमा वा घोषित तिथिमा निर्वाचन नभएमा वा भए पनि पूर्ण प्रतिनिधित्व हुने गरी निर्वाचन सम्पन्न हुन नसकी आंशिक मात्र भएको खण्डमा पनि यो धारा प्रभावित हुनेछ । त्यस्तो बेलामा बाधा-अड्काउ फुकाउन श्री ५ बाट यो धाराको प्रयोग भई आवश्यक आदेश जारी गर्न सकिबक्सन्छ । साथै, श्री ५ लाई संविधानको यो धारा १२७ प्रयोग गर्न धारा ३६ (५) ले पनि बाध्य गराउँछ । संविधानको धारा ३६ (५) मा यसरी श्री ५ को जिम्मेवारीका बारेमा किटानसाथ भनिएको छ – "श्री ५ बाट नेपाली जनताको सर्वोत्तम हित र समुन्नतिका लागि यो संविधानको पालना र संरक्षण गरिबक्सनेछ ।"

धारा १२७ श्री ५ को स्वेच्छाले प्रयोग हुने हो वा मन्त्रिपरिषद्को सिफारिसमा मात्र यो धारा प्रयोग हुने हो भन्नेतर्फ पनि गहिरिएर विचार गर्नुपर्ने देखिन्छ । आज ठूला- ठूला स्वरमा धारा १२७ को प्रयोग गरेर श्री ५ ले विघटित प्रतिनिधिसभालाई पुनर्जीवन दिनुपर्छ भन्ने समूह नै यसअघि श्री ५ लाई मुलुक र जनताका बारेमा एक शब्द पनि बोल्ने अधिकार छैन भनेर पटक-पटक बोलिरहन्थे । तर आज कत्ति पनि लाज नमानी तिनै नेताहरू विघटित प्रतिनिधिसभालाई पुनर्जीवन दिन र दिलाउन श्री ५ मा पूर्ण अधिकार निहित भएको धारा १२७ को अधिकारलाई प्रयोग गराउन खुलेर लागेका छन् ।



वर्तमान अवस्थामा राज्यव्यवस्थामा जनप्रतिनिधिहरूको उपस्थिति शून्य छ, साथै मन्त्रिपरिषद्का सम्पूर्ण सदस्यहरूले जनप्रतिनिधिको हैसियत गुमाइसकेका छन् । यस परिप्रेक्ष्यमा संविधानको धारा ३ ले नेपाली जनतामा निहित रहेको सार्वभौमसत्ताको प्रयोग वर्तमानको श्री ५ को सरकारले प्रयोग गर्न सक्तैन, कारण प्रतिनिधिसभा विघटन भएपछि प्रतिनिधित्व गुमाएको र नयाँ प्रतिनिधिसभाबाट तोकिने नेपाली जनताको प्रतिनिधि निर्वाचित नभइसकेको अवस्थामा विद्यमान यो देउवा सरकार केवल अन्तरिम समयको कामचलाउ सरकार मात्र हो ।

धारा १२७ को प्रयोग श्री ५ को स्वेच्छाले हुने देखिन्छ । संविधानद्वारा राज्यका लागि निश्चित गरेको निर्देशक सिद्धान्त र नीति तथा संविधानको प्रस्तावनामा उल्लिखित मूलभूत आधार तथा संविधानको मर्म र भावनालाई निरन्तरता दिनका लागि श्री ५ बाट जुनसुकै आदेश जारी गरिबक्सन सक्ने व्यवस्था भएको देखिन्छ । सङ्कटलाई मुक्ति दिनका लागि जारी भएको त्यस्तो आदेश सदनसमक्ष राखिने व्यवस्था भएको हुँदा श्री ५ बाट जारी हुने कुनै पनि त्यस्तो आदेश हाल प्रतिनिधिसभा नभएको अवस्थामा संसद्को स्थायी सदन राष्ट्रिय सभामा राख्न सकिबक्सनेछ, अर्थात् सदनलाई जानकारी दिए मात्र पुग्छ । संविधानको धारा १२७ बमोजिम श्री ५ बाट जारी गरिबक्सेको आदेशउपर सदनमा छलफल वा निर्णय हुनुपर्ने बाध्यता भएको देखिँदैन । त्यस्तो आदेशले स्थायित्व प्राप्त गर्न सक्ने भने देखिँदैन, तापनि संवैधानिक सङ्कट-मुक्तिका लागि अर्थात् बाधा-अड्काउ फुकाउनसम्म अल्पकालीन रूपमा प्रयोग हुने गरी मुलुकलाई आवश्यक कुनै पनि किसिमको आदेश श्री ५ बाट धारा १२७ अन्तर्गत जारी गरिबक्सन सक्ने पूर्णाधिकार श्री ५ मा निहित भएको देखिन्छ ।

**नेपाल समाचारपत्र, २०५९ असोज १ गते मङ्गलबार**

**भरत जङ्गम – 'पचास प्रसङ्ग' बाट**

## कर्मचारी र जनताको दायित्व

कर्मचारीहरूले आ□नो जिम्माको काम गर्दा समाजको कुनै पनि वर्ग र समूहलाई पीर-मर्का नपारीकन राष्ट्रिय सम्पत्तिको संरक्षण गर्न सक्नुपर्छ । जनताले पनि सरकारको काम-कारवाहीलाई निगरानी गरी अनधिकार गर्न खोजेको कामको विरोध र असल कामका लागि सहयोग प्रदान गर्न सक्नुपर्छ ।

**– अवैध वनफँडानी र प्रकाशित समाचार**

# अस्थायी भनिएको स्थायी निर्णय र देउवाको हैसियत

निर्वाचन आयोगलाई यस पटक धन्यवाद दिनैपर्छ, किनभने तीन मिनेटको कामलाई तीन महिना लगाइसक्ता पनि कार्यवाही पूरा नगरेर अन्तरिम आदेशद्वारा समस्यापूर्ति गरेको छ र निर्वाचनका लागि तोकिएको कात्तिक २७ गतेको मितिमा निर्वाचन हुन सक्ने सङ्केत देखाउने कोसिस गरेको छ। ढिलै भए पनि आयोगले अस्थायी बोली बोलेर पनि सत्यताकै अनुसरण गर्न बाध्य भई विवादलाई बडो नाटकीय ढङ्गले टुङ्ग्याएको छ, यद्यपि आयोगले मुलुकको राजनीतिक जगत्‌लाई एक पटक नराम्रो र बेढङ्गका साथ व्यवहार गरेको महसुस भयो, तुरुन्त दिन सकिने प्रशासनिक निर्णयलाई तीन महिना लगाएर अलमलमा पारेको देखियो। आयोगको त्यस्तो क्रियाकलापले गर्दा राजनीतिकर्मीहरूमा मानसिक पीडा बढ्दै गयो भने आयोगप्रति अनेकानेक शङ्का उब्जिएको व्यहोराका वक्तव्यहरू बाहिर निस्कन थाले। यति मात्र होइन, सबै राजनीतिक दलका नेताहरू एउटै स्वरमा आयोगको खुलेर आलोचना गर्न पनि पछि परेनन्।

प्रजातन्त्रको मेरुदण्डका रूपमा रहेको निर्वाचनजस्तो संवेदनशील कार्य पूरा गरी मुलुकमा स्वच्छ राजनीतिक वातावरण सिर्जना गर्नुपर्ने गहन जिम्मेवारी बोकेको निर्वाचन आयोगमा नियुक्त आयुक्तहरूले यस पटक राजनीतिक क्षेत्रमा अत्यन्तै अन्योल सिर्जना गरे। साथै, राजनीतिक व्यक्तिहरूको धैर्यलाई अजमाएर हेर्ने कोसिस पनि गरे। अनि साधारण प्रशासनिक कार्यलाई पहाड बनाएर प्रयोगका रूपमा अदालती कारवाहीमा रूपान्तरित गर्न पनि पछि परेनन्। अदालती अभ्यास सुरु गराएर लामो समय लिने र न्यायपालिकाले दिने निर्णयजस्तो अन्तरिम आदेश तथा परमादेशको बोली बोल्न आयुक्तहरू कत्ति पनि हिचकिचाएनन्। अझ मुद्दा विचाराधीन अवस्थामा आयोगमा रहेको व्यहोरा देखाएका छन्। यो अत्यन्तै हास्यास्पद व्यहोरा सार्वजनिक भएको छ।

प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०४७ को परिच्छेद ५ मा उल्लेख भएका दफाहरूका आधारमा समस्याको समाधान नगरी आयोग आफैँले अनावश्यक विवादलाई उठान गर्‍यो र आफैँ त्यस विवादको भुमरीमा फस्तै गयो। अनाहकमा खडा भएको समस्यामा आयोग मात्र फसेन, विस्तारै सबै राजनीतिक दलहरूलाई पनि फसाउँदै गयो र संवैधानिक सङ्कट आउन सक्ने सम्भावनालाई पनि निम्त्याउँदै गयो। आयोगकै क्रियाकलापको कारणले गर्दा राज्य र राजनीतिक दलहरूले यो आउने संवैधानिक सङ्कटको कसरी मुकाबिला गर्ने भन्नेबारेमा सोच्न बाध्य बनाइदियो। यसै सन्दर्भमा आयोगले निर्वाचन ६ चरणमा गराउने र कमभन्दा कम एक चरणको फरक १५ दिनको रहने व्यहोरासमेत सार्वजनिक गरेको छ। यसबाट स्पष्ट हुन्छ कि घोषित



तिथिमा निर्वाचन सुरु भयो भने पनि आगामी माघको अन्तिम हप्तामा मात्र निर्वाचन पूरा हुनेछ। संविधानको धारा ५३ (४) अनुसार ६ महिनाभित्र चुनाव सुरु गर्ने होइन, समाप्त गर्नुपर्नेछ। त्यसअनुसार मङ्सिरको ७ गतेभित्र चुनाव सम्पन्न गरी नतिजासमेत आइसक्नुपर्ने हो। त्यही हिसाबले नै जेठ ८ गते विघटन भएको प्रतिनिधिसभाको निर्वाचन कात्तिक २७ गते तोकिएको हो। ६ महिनाभित्र चुनाव सम्पन्न हुन सकेन भने श्री ५ महाराजाधिराजबाट संविधानको धारा १२७ बमोजिम आवश्यक आदेश जारी गरिबक्सनुपर्नेछ। यो आदेश कस्तो र केका लागि भन्नेबारेमा विभिन्न विद्वान्‌मा मतान्तर देखिएको छ।

वास्तवमा गत असोज १ गते निर्वाचन आयोगले गरेको अस्थायी भनिएको स्थायी निर्णय आयोगले चाहेको भए गत असारको दोस्रो हप्तामा नै टुङ्गो लगाउन सक्थ्यो। त्यति खेर निर्णय नदिएर समस्यालाई तान्दै र बटार्दै, जालो बुन्दै, लम्ब्याउँदै गयो र प्रक्रियागत रूपमा गलत गर्दै अन्तमा अस्थायी बोली बोल्यो। सो अस्थायी भनिएको निर्णय स्थायी हो तापनि आयोगले अस्थायी भनेको छ, त्यो बुझ्न सकिएको छैन किनभने आयोगले गल्ती गर्न खोज्दाखोज्दै पनि ठीक निर्णय दिएको छ। निर्णयमा गिरिजाप्रसाद कोइराला सभापति भएको नेपाली काङ्ग्रेस पार्टी नै आधिकारिक पार्टी भनेको छ र शेरबहादुर देउवा सभापति भएको पार्टीलाई एक हप्ताको समय दिई नयाँ दल दर्ता गर्न आदेश दिएको छ।

केवल प्रशासनिक कार्यविधिको परिधिभित्र रही कारवाही टुङ्गो लगाउने कानुनी व्यवस्थालाई आयोगले प्रस्ट राजनीतिकरण गरेको देखियो र साधारण निर्णयलाई अनेक नाटकीय परिपञ्च रचना गरी जटिल बनाउने प्रयत्न गरेको देखियो। आदेशमा भनिएको छ – 'यो सम्पूर्ण कारवाहीमा आयोग सन्तुष्ट हुन सकेको छैन।' किन र कसरी आयोग सन्तुष्ट हुन सक्छ, त्यसबारेमा भने केही बोलिएको छैन। त्यस्तै 'महाधिवेशनमा सदस्यहरूको उपस्थिति' को प्रश्नको निराकरण पार्टीको विधानअनुसार महाधिवेशनले मात्र गर्न सक्छ र महाधिवेशनले टुङ्गो लगाएको कुरामा चित्त बुझेन भने वा कुनै वैधानिक प्रश्न उपस्थित भयो भने त्यसको निरूपण प्रचलित कानुनबमोजिम न्यायपालिकाले मात्र गर्न सक्छ। निर्वाचन आयोगले कुनै पार्टीको विधानको अधीनमा रही गरेका कुनै पनि क्रियाकलापलाई हस्तक्षेप गरी कुनै निर्णय बोल्न मिल्दैन तर निर्वाचन आयोगको उक्त आदेशमा 'महाधिवेशन प्रतिनिधिहरूको विभाजन बहुसङ्ख्या र अल्पसङ्ख्याको नभई करिब-करिब बराबरकै सङ्ख्यामा विभाजन देखिएबाट पछि निर्णय गर्दा ठहरेबमोजिम हुने गरी' भनी बोलिएको छ। यसबाट आयोगका आयुक्तहरूको नियतमा धमिलो रहेको व्यहोरा प्रस्ट देखिएको छ।

संविधानको धारा ११३ को बर्खिलाप गरी कुनै राजनीतिक दलले विवरण पेस गरेमा वा हुन गएमा ऐनको परिधिभित्र आयोगले कारवाही गर्न सक्ने कार्यविधि व्यवस्था भएको अवस्थामा अदालतजस्तो इजलास कायम गरी मुद्दा सुन्नुपर्ने, अदालतले पाएको अख्तियारीजस्तो अधिकार प्रयोग गरी आदेश दिने, कानुन-व्यवसायीहरूको जमात भेला गराएर बहस-पैरवी गराउनुपर्ने र लिखित बहसनोटसमेत माग गरी साधारण प्रशासनिक निर्णयलाई कानुनी मुद्दामा परिणत गरी

अदालतीकरण गर्ने आदि कार्य कत्ति पनि सुहाएको छैन। यसरी भविष्यमा त्यस्तो अभ्यास फेरि नदोहोरियोस् भन्नका लागि यो टिप्पणी प्रस्तुत भएको हो।

अब उक्त निर्णयबमोजिम शेरबहादुर देउवाले नेतृत्व गरेको दलले निर्वाचन आयोगलाई मान्य हुने गरी नयाँ नाम राखी भोलि सोमबारसम्म दर्ता गराउनुपर्नेछ। त्यो नयाँ दर्ता हुने दल (नेपाली काङ्ग्रेस प्रजातान्त्रिक समाजवादी) ले रुख चिह्नबाहेक अन्य निर्वाचनचिह्न पाउनेछ। साथै, संविधानको धारा ११३ (२) (घ) अनुसार आगामी निर्वाचनमा खसेको जम्मा मतको तीन प्रतिशत मत प्राप्त गरेपछि मात्र शेरबहादुर देउवाले नेतृत्व गरेको सो पार्टी राष्ट्रिय राजनीतिक पार्टी प्रमाणित हुन सक्नेछ। यसबीच नेपाली काङ्ग्रेस पार्टीसँग मिल्ने पनि धेरै सम्भावना देखिन्छ, किनभने काङ्ग्रेस र रुखचिह्नको अन्योन्याश्रित सम्बन्ध छ। यसका लागि असोज १४ र १५ गते हुने शेरबहादुर देउवा पक्षको भेलाको भूमिका महत्त्वपूर्ण हुनेछ।

निर्वाचन आयोगले गरेको निर्णयले देउवा सरकारलाई सङ्कटमा पारेको छ। निर्वाचन आयोगमा नयाँ पार्टी दर्ता गर्न गएको दिनमा शेरबहादुर देउवाको आज कायम रहेको संवैधानिक हैसियत समाप्त हुनेछ। कारण नयाँ दल दर्ता गर्न नगएसम्म २०५६ सालमा सम्पन्न आमचुनावद्वारा निर्वाचित बहुमत पाएको नेपाली काङ्ग्रेसको संसदीय दलका नेता भएकाले संविधानको धारा ३६ (१) बमोजिम प्रधानमन्त्री पदमा शेरबहादुर देउवाले नियुक्ति पाएका हुँदा भोलिसम्म सो संवैधानिक हैसियत कायम हुनेछ। साथै, सोही धारा ३६ को (७) बमोजिम यो मन्त्रिपरिषद्ले कार्यसञ्चालन गर्ने अधिकार पाएकाले सो पनि भोलिसम्म मात्र अख्तियारी कायम रहनेछ। भोलि नयाँ दल दर्ता गरेपछि शेरबहादुर देउवा नयाँ दलको नेता हुने भएकाले साबिक बहुमतप्राप्त दलको नेतृत्वबाट स्वतः च्यूत हुनेछन्। यसरी बहुमतको नेतृत्वबाट अलग भएपछि शेरबहादुर देउवालाई कानुन र नैतिकता दुवैले प्रधानमन्त्री पदमा रहिरहन स्वीकृति प्रदान गर्न सक्तैन। त्यसैले यी वैधानिक र नैतिकताका प्रश्न हुन्, तर मानवीय मूल्य र मान्यतालाई लत्याएर मात्र राजनीतिक व्यक्ति हुन सकिने हुँदा गलहत्याएर नफालेसम्म सजिलै कसैले पनि पदत्याग गर्दैन भन्नेबारेमा पनि कोही अनभिज्ञ छैनन्।

**नेपाल समाचारपत्र, २०५९ असोज ५ गते आइतबार**



# राष्ट्रिय सभा अन्यायमा, संविधान उपेक्षित

विश्वको राजनीतिक इतिहासमा दुई सदनात्मक संसदीय व्यवस्था सर्वप्रथम संयुक्त अधिराज्य ग्रेट ब्रिटेनले थालनी गरेको हो। यो व्यवस्था प्रजातान्त्रिक प्रतीत भएकै कारण विश्वका धेरै देशहरूले प्रजातन्त्रको बहाली हुनेबित्तिकै बेलायतको सिको गर्दै व्यवस्थापिकाको स्थापनामा दुई सदनात्मक व्यवस्थालाई अङ्गिकार गरी प्रजातन्त्रका नाउँमा शासन-व्यवस्था चलाउन थालेका हुन्। तर त्यसरी दुई सदनात्मक सदनको संसदीय व्यवस्था सुरु गर्नेबित्तिकै पूर्ण प्रजातन्त्र स्थापित हुन्छ र विधिको शासन चल्न सक्छ भन्नेमा धेरै शङ्का-उपशङ्काहरू उब्जन थालेका छन्। बेलायतमा जति बेला त्यस्तो दुई सदनात्मक संसद्को स्थापना भएको थियो, त्यति बेला विश्वका बहुसङ्ख्यक देशहरूलाई त्यस्तो किसिमको प्रजातान्त्रिक व्यवस्थाको ज्ञान थिएन। लिखित संविधानको अभावमा जन्मिएको त्यस्तो व्यवस्थाले बेलायती नागरिकलाई प्रजातन्त्र बहाली गरेर देखाए पनि विश्वका अन्य मुलुक र मानव मात्रलाई भने त्यही व्यवस्थाले क्रूर तथा शोषणयुक्त शासन-सञ्चालन गर्न निर्देश पनि गर्‍यो। त्यसैले विश्वराजनीतिक क्षितिजमा नाउँको प्रजातन्त्रले मात्र वास्तविक प्रजातन्त्रको स्थापना गर्न सक्तो रहेनछ भन्ने प्रमाणहरू पनि प्रशस्त देखिन थाल्यो।

नेपालमा चलेको हालको संवैधानिक राजतन्त्रात्मक बहुदलीय प्रजातन्त्र तथा संसदीय व्यवस्थामा पनि बेलायतको जस्तो दुई सदन कायम गरिएको छ र यस व्यवस्थालाई दुई सदनात्मक व्यवस्थापिका भनिन्छ। बेलायतमा र भारतमा चलेका दुई सदनात्मक व्यवस्थालाई माथिल्लो र तल्लो सदन भन्ने गरिएको छ, तर नेपालमा भने त्यसरी 'माथिल्लो' वा 'तल्लो' नै भनेर सङ्ज्ञा दिने कुनै कानुनी र व्यावहारिक आधार तयार भइसकेको छैन। कसैले बोलिचालीमा राष्ट्रिय सभालाई माथिल्लो सदन भने पनि संविधान, अन्य कानुन र व्यवहारमा भने त्यस्तो माथिल्लो वा तल्लो सदन भन्न मिल्ने देखिँदैन। बेलायतमा माथिल्लो सदनलाई 'हाउस अफ लर्डस्' भनिन्छ भने भारतमा 'राज्यसभा' भनिन्छ। माथिल्लो सदनमा साँच्चै नै माथिल्लो स्तरका व्यक्तिहरूको मनोनयन हुने गर्छ, त्यसैले होला यो 'माथिल्लो सभा' कहलाइएको छ।

प्रजातन्त्रलाई आदर गर्ने मुलुकहरूले दुई सदनात्मक व्यवस्थापिका भएको व्यवस्थामा माथिल्लो सदनलाई परीक्षण तथा सन्तुलनको नीतिअनुरूप बलवान् र शक्तिवान् बनाएर प्रयोगमा ल्याएका उदाहरणहरू प्रशस्तै छन्। प्रजातन्त्रको जननी बेलायतको अलिखित संविधान र विशाल लोकतन्त्रात्मक व्यवस्था सञ्चालन गर्ने भारतको लिखित संविधानले त्यहाँको माथिल्लो सभाको गरिमालाई यथेष्ट कायम गरेका छन्, तर यस मुलुकमा भने राष्ट्रिय सभालाई माथिल्लो सदनको इज्जत दिनु र गरिमा कायम राख्नु त परै जाओस्, संविधानले प्रदान गरेको अधिकारसमेतलाई कटौती गर्ने र अधिकारविहीन बनाई उपेक्षा गर्ने काम सत्तासीनहरूबाट भएको छ।

नेपालमा व्यवस्थापिकाको इतिहासलाई एक पटक नियालौँ। नेपाल अधिराज्यको संविधान, २०१९ मा एक सदनात्मक (राष्ट्रिय पञ्चायत) व्यवस्थापिकाको व्यवस्था गरिएको थियो। त्यस व्यवस्थामा पनि दुई सदनात्मक व्यवस्थाको नीतिअनुरूप निर्वाचित सदस्यको एक तिहाई सदस्य मनोनीत गरेर एकै सभाबाट व्यवस्थापिका सञ्चालन भएको थियो। तर बहुदलीय व्यवस्थामा आएको पहिलो संविधान नेपाल अधिराज्यको संविधान, २०१५ को धारा १८ मा यसरी व्यवस्थापिकाको व्यवस्था भएको थियो – 'श्री ५ महाराजाधिराज, महासभा र प्रतिनिधिसभा नामक दुई सदनसहितको एक संसद् रहनेछ।' धारा १९ (१) मा महासभामा ३६ जना सदस्यहरू रहने व्यवस्थामा १८ जना प्रतनिधिसभाबाट निर्वाचित हुने र १८ जना श्री ५ बाट मनोनीत हुने व्यवस्था गरिएको थियो। त्यस्तै २००४ सालमा श्री ३ महाराज पद्मशमशेरले जारी गरेको नेपाल सरकार वैधानिक कानुन, २००४ को धारा २२ मा पनि दुई सदनात्मक व्यवस्थापिकाको व्यवस्था गरिएको थियो। त्यस वैधानिक कानुनमा बेलायतको जस्तो भारदारी सभा र राष्ट्रसभा थिए। त्यो नेपाल सरकार वैधानिक कानुन, २००७ साल कात्तिकसम्म क्रियाशील भएको प्रमाण भेटिएको छ।

हाल प्रजातान्त्रिक नेपालमा नेपाल अधिराज्यको संविधान, २०४७ लागू भएको छ। व्यवस्थापिकाको गठन संविधानको धारा ४४ मा 'श्री ५, प्रतिनिधिसभा र राष्ट्रिय सभा नामक दुई सदनसहितको व्यवस्थापिका हुनेछ' भनिएको छ। प्रतिनिधसभाका सदस्यको पदावधि समाप्त हुने वा प्रतिनिधिसभाको विघटन पनि हुने संवैधानिक व्यवस्था भएकाले त्यस्तो बखतमा व्यवस्थापिकाको अस्तित्व कायम राख्नुपर्ने भएको हुँदा राष्ट्रिय सभालाई संविधानमा स्थायी सदनको नामकरण गरिएको छ। संसदीय प्रजातन्त्र चलेको मुलुकमा प्रतिनिधिसभाका सदस्यको एकै पटक निर्वाचनका लागि पदावधि समाप्त हुने हुँदा प्रजातन्त्रमा संसदको अस्तित्व कायम नै राख्नुपर्ने भएकाले संविधानको धारा ४६ (२) ले राष्ट्रिय सभालाई संसद्को एक स्थायी सदन कायम गरेको हो। त्यसैले प्रतिनिधिसभा नभएको अवस्थामा प्रतिनिधिसभाले गर्ने सबै काम-कारवाही संसद्को हैसियतले राष्ट्रिय सभाले गर्न पाउनुपर्छ, कारण राष्ट्रिय सभा संसद् हो र दुई सदनात्मक व्यवस्थामा स्थायी रूपमा संसद् कायम रहेको कारणले प्रतिनिधिसभाका सदस्यको पदावधि समाप्त भएको वा विघटनमा परेको अवस्थामा राष्ट्रिय सभा अधिकारसम्पन्न हुन्छ। तर हाल श्री ५ को सरकारले भने लिखित संविधानको अवहेलना गरी राष्ट्रिय सभालाई व्यवहारमा उपेक्षा गरेको छ भने कानुनी रूपमा अन्याय गरेको छ।

राष्ट्रिय सभाको गठनविधिलाई नियाल्दा बडो राम्रोसँग संयोजन गरिएको प्रतीत हुन्छ। प्रत्येक विकासक्षेत्रबाट ३ जनाको प्रतिनिधित्व हुने गरी १५ जना र प्रतिनिधिसभाबाट ३५ जना गरी जम्मा ५० जना निर्वाचनबाट पूर्ति हुने र १० जना श्री ५ बाट मनोनीत भई जम्मा ६० जना सदस्यहरूको समूह हुने व्यवस्था गरिएको छ। ती सदस्यहरूको ६ वर्षको पदावधि भएको हुँदा प्रत्येक २ वर्षमा एक तिहाईका दरले पदावधि समाप्त हुने र सोहीबमोजिम पूर्ति हुने व्यवस्था भएको राष्ट्रिय सभा



मुलुकको स्थायी व्यवस्थापिका हो। यस दृष्टिले विचार गर्दा राष्ट्रिय सभा व्यवस्थापिकाको सशक्त, अधिकारयुक्त र जिम्मेवार निकाय हुनुपर्ने हो। तर अभ्यासमा भने जिम्मेवारी बहन गर्नु नपर्ने एक अधिकारशून्य सभा साबित भएको छ।

सबभन्दा मूल विषय संसद्मा आउने सबैजसो विधेयकलाई अर्थविधेयकको परिभाषाको घेराबन्दी ठोकी सुरुदेखि नै राष्ट्रिय सभालाई श्री ५ को सरकारले उपेक्षा गर्दै आएको छ। एक रुपियाँ पनि दण्ड तोकिएको वा खर्च लेखिएको विधेयक अर्थविधेयकका नाउँमा आउने गरेको छ। अर्थविधेयक मात्र प्रतिनिधिसभामा प्रस्तुत हुन सक्ने र राष्ट्रिय सभाले त्यसमाथि संशोधन दिन नसक्ने गरी संविधानको धारा ६८ र ६९ ले अङ्कुश लगाएको छ। श्री ५ को सरकारले अर्थविधेयकलाई गलत किसिमबाट परिभाषित गरी राष्ट्रिय सभालाई औचित्यहीन बनाएको छ भने व्यवस्थित कानुनको अवहेलना पनि गरेको छ।

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११५ को ६ मा प्रतिनिधिसभा विघटन भएको अवस्थामा सङ्कटकालसम्बन्धी सबै प्रतिनिधिसभाले गर्ने कार्य राष्ट्रिय सभाले गर्न सक्नेछ भनी स्पष्ट लेखिएको छ। २०५९ जेठ ९ गते बस्नुपर्ने प्रतिनिधिसभालाई अघिल्लो दिन राति विघटन गरे पनि संसद् बस्ने भनेर तोकिएको समय २०५९ जेठ ९ गते राष्ट्रिय सभा बसेको थियो। संवैधानिक व्यवस्थाअनुसार राष्ट्रिय सभा संसद्को स्थायी सदन भएको हुँदा सोही सभामा संविधानको धारा ११५ (५) बमोजिम श्री ५ को सरकारले सङ्कटकालको म्याद बढाउनुपर्दथ्यो। सो कुनै कुरा पनि नगरी राष्ट्रिय सभालाई जेठ १० गते अन्त गरी श्री ५ को सरकारले संवैधानिक व्यवस्थाको ठाडो उल्लङ्घन गर्‍यो।

यस किसिमको श्री ५ को सरकारको गैरजिम्मेवार कार्यले गर्दा राष्ट्रिय सभामा कार्यरत माननीय सदस्य महोदयहरूको मनोबल खस्केको मात्र छैन, तिनीहरूको संवैधानिक जिम्मेवारीलाई पनि राज्यव्यवस्थाको मूल धारबाट पन्छाउने कार्य भएको छ। राष्ट्रिय सभामा कार्यरत ती ६० जना सांसदहरूले मुलुकको राज्यकोषबाट विधायकको हैसियतले पाउनुपर्ने सम्पूर्ण सुविधा उपभोग गरेको अवस्थामा राज्यले लगानीअनुसारको पूर्ण सेवा पाउनुपर्छ, तर श्री ५ को सरकारको अकर्मण्यताका कारण राष्ट्रिय सभालाई अन्याय परेको छ र मुलुक राष्ट्रिय सभाको सेवा पाउनबाट वञ्चित भएको छ।

❑

# नयाँ मन्त्रिपरिषद्‌को जिम्मेवारी र वर्तमान अवस्था

सङ्कटग्रस्त मुलुकले कुनै निकास खोजिरहेकै अवस्थामा गत असोज १८ गते नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२७ को प्रयोग गरी श्री ५ महाराजाधिराजबाट मुलुकको कार्यकारिणी अधिकार अल्पकालीन समयका लागि आफैँले लिइबक्सेको घोषणा गरिबक्सियो । त्यस घोषणाद्वारा कात्तिक २७ गते सम्पन्न गर्ने गरी निश्चित भएको चुनाव स्थगित भएको मात्र होइन, चुनाव सम्पन्न गर्ने जिम्मेवारी बोकेका शेरबहादुर देउवाको नेतृत्वमा रहेको मन्त्रिपरिषद् पनि विघटनमा परेको छ । यो घोषणाले नेपालको राजनीतिक आकाशमा एउटा नयाँ दृश्य देखिन थालेको छ भने नयाँ राजनीतिक वातावरण आउने सङ्केत पनि प्राप्त भएको छ । तर यसको भविष्यलाई भने तुरुन्तै कुनै अनुमान भने गर्न सकिएको छैन ।

यो सङ्कट यसै आएको होइन । तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले शासन लम्ब्याउन अनेक योजना बनाउँदा-बनाउँदै यो संवैधानिक सङ्कटलाई निम्त्याएका हुन् । हुन त मुलुकलाई यो अवस्थामा ल्याइपुऱ्याउने कार्यका लागि शेरबहादुर देउवा मात्र जिम्मेवार छैनन् । यो बाह्र वर्षको अवधिमा जस-जसले मुलुकको शासनको बागडोर सम्हाल्न पुगे, ती सबै राजनीतिक नेताहरू जिम्मेवार छन् । यो अवधिमा मुलुक र जनताले सुशासनको अनुभव गर्न सकेनन् । प्रजातन्त्रको नाउँमा मनपरीतन्त्रले शासन सञ्चालन गऱ्यो । राज्यसत्ताबाहिर र भित्र भ्रष्टाचारले खुला रूपमा विकसित हुने मौका पायो भने राजनीतिक दलहरूको अराजनीतिक निर्णय र क्रियाकलापका कारण मुलुकका सबै क्षेत्र क्षतविक्षत भए र सिङ्गो मुलुक अपाङ्ग हुन पुग्यो । यसैबीच बहुदलीय व्यवस्थाजस्तो विश्वकै उत्कृष्ट राजनीतिक व्यवस्थाप्रति जनताको वितृष्णा जाग्न थाल्यो । सर्वसाधारणदेखि बुद्धिजीवी जनताले समेत मुलुक अभिभावकविहीन भएको महसुस गर्न थाले र जनताकै माझबाट खुला विरोध सुरु हुन थाल्यो ।



तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले संविधानको धारा ५३ (४) बमोजिम प्रतिनिधिसभाको विघटन गर्न र छ महिनाभित्र प्रतिनिधिसभाका सदस्यको निर्वाचन गराउन श्री ५ मा सिफारिस गरेबमोजिम गत जेठ ८ गते मुलुकको जनप्रतिनिधिले प्रतिनिधित्व गर्ने प्रतिनिधिसभा विघटन भएको थियो । यसैबीच २०५९ साल असार मसान्तमा म्याद पुगेका स्थानीय निकायका पदाधिकारीहरूको नयाँ निर्वाचनद्वारा पदपूर्ति नभएसम्मका लागि पहिले निर्वाचित भई कार्यरत पदाधिकारीलाई नै एक वर्ष म्याद थप गरी निरन्तरता दिनुपर्नेमा सो म्याद थप गर्नुपर्ने कार्य पनि नगरी देउवा सरकारले मुलुकको राज्यव्यवस्थामा जनप्रतिनिधिशून्यताको अवस्था सिर्जना गरेको थियो । मुलुकलाई यो सङ्कटग्रस्त अवस्थामा पुऱ्याएर शेरबहादुर देउवाले के गर्ने योजना बनाएका थिए भन्ने नतिजा नआउँदै श्री ५ बाट निज शेरबहादुर देउवालाई प्रधानमन्त्री पदका लागि अक्षम भएको प्रमाणित गरी हटाइबक्सियो र त्यसको ठीक सातौँ दिनमा बहुदलीय व्यवस्थालाई यथावत कायम राखेर श्री ५ बाट यही असोज २५ गते लोकेन्द्रबहादुर चन्दको नेतृत्वमा नयाँ मन्त्रिपरिषद् गठन गरिबक्सी पाँचबुँदे निर्देशनसमेत बक्स भएको छ । यी निर्देशनमा पूर्वशासकका कमजोरी देख्न सकिन्छ ।

नवगठित चन्द मन्त्रिपरिषद्‌लाई दैनिक प्रशासन सञ्चालनका अतिरिक्त निम्नबमोजिम जिम्मेवारी पूरा गर्नसमेत श्री ५ बाट निर्देशन बक्स भएको छ – (१) राष्ट्रिय सहमतिसहितको अनुकूल परिस्थितिको सिर्जना गरी देशमा विद्यमान अशान्तिको वातावरण हटाउने, (२) स्थानीय र प्रतिनिधिसभाका लागि हुने निर्वाचन सम्पन्न गर्ने, (३) भ्रष्टाचार-नियन्त्रणको कार्य प्रभावकारी रूपमा सञ्चालन गर्ने, (४) आर्थिक अनुशासन कायम राखी सर्वसाधारणलाई सुशासनको प्रत्याभूति दिने, र (५) मुलुकको परिलक्षित परराष्ट्र नीतिअनुसार सबै मुलुकसँग दौत्य सम्बन्ध कायम राख्ने । उपर्युक्त निर्देशनलाई यो नवगठित मन्त्रिपरिषद्‌ले गम्भीरताका साथ ग्रहण गरी प्राथमिकताका साथ कार्यलाई अगाडि बढाउनुपर्ने देखिन्छ ।

### १. अशान्तिको बातावरण मेटाउने :

अशान्तिको मूल कारण नै माओवादी समस्या हो । अहिले मुलुकको धेरै ठूलो भूभाग माओवादी समस्याले प्रभावित भएको छ । यो समस्याको समाधान नभएसम्म मुलुकभित्र शान्तिको वातावरण कायम हुन सक्तैन । त्यसैले माओवादी समूहसँग प्रत्यक्ष वार्ताको वातावरण तयार गरी यो समस्याको समाधान गर्न सक्नुपर्छ । माओवादीलाई आतङ्ककारी भनेर घोषित गर्दैमा समस्या सुल्झन सक्तैन र आतङ्ककारी सङ्ज्ञा दिएर नोक्सानी पनि गर्न मिल्दैन । यसलाई पनि अन्य राजनीतिक शक्तिजस्तै राजनीतिक रूपमा स्वीकार गरेर वार्ताद्वारा समस्याको समाधान खोजिए मात्र राष्ट्रिय सहमतिसहितको अनुकूल परिस्थितिको सिर्जना हुन सक्छ ।

### २. निर्वाचन सम्पन्न गर्ने :

यति खेर राज्यव्यवस्थाको कुनै पनि निकायमा जनताले चुनेका पदाधिकारी कार्यरत छैनन्। गाउँ र नगरदेखि जिल्ला र राज्यको व्यवस्थापिकासमेतमा जनप्रतिनिधिशून्यता भएको हुँदा यो सरकारको पहिलो कार्य हो सबै तहको निर्वाचन सम्पन्न गराई जनप्रतिनिधिलाई राज्यव्यवस्थामा संलग्न हुने वातावरण तयार गर्नु। यसका लागि प्रतिनिधिसभा र स्थानीय निकायको चुनावको तिथि तय गरी क्रमशः निर्वाचनका कार्य सम्पन्न गर्दै जानुपर्छ।

**३. भ्रष्टाचार-नियन्त्रण गर्ने :**

आजको मूल समस्या भनेको मुलुकमा खुला रूपमा सञ्चालन भएको भ्रष्टाचारको नियन्त्रण गर्नु हो। भ्रष्टाचारको नियन्त्रण यति सजिलै हुने पक्षमा छैन। कानुनको अभाव, मानव-अधिकारको नारा र संविधानले ग्यारेन्टी प्रदान गरेका मौलिक हकहरू आदि नै भ्रष्टाचार-नियन्त्रणका बाधक तत्त्वहरू हुन्। वर्तमान नेपालमा प्रचलनमा रहेको कानुनी व्यवस्था र परम्परागत रूपमा चलिआएको व्यावहारिक तौरतरिकाले गर्दा भ्रष्टाचारले मौलाउने र फैलने मौका पाएको हो, त्यसैले यसको नियन्त्रणका लागि विशेष योजना नै सञ्चालन नगरी त्यति सजिलै यो समस्याको समाधान हुने देखिँदैन। नवगठित सरकारले यो चुनौतीको मुकाबिला गर्दा 'गर्नु वा मर्नु' को नीतिअनुरूप कार्ययोजना बनाएर कार्यसम्पादन गर्न सक्नुपर्छ।

**४. आर्थिक अनुशासन र सुशासन कायम गर्ने :**

प्रजातन्त्रको नाउँमा राज्यव्यवस्था सञ्चालन भए पनि मुलुकमा आर्थिक अनुशासन र कानुनी शासन प्रभावकारी रूपमा लागू हुन सकेको छैन। यो नहुनुको कारण पनि खुला रूपमा फैलिएको भ्रष्टाचार नै हो। यो सरकारले आर्थिक अनुशासन र पारदर्शिताको माध्यमद्वारा सर्वसाधारण जनताका लागि सेवामूलक कार्यक्रम सञ्चालन गरी सुशासनको प्रत्याभूति दिन सक्नुपर्छ।

**५. परराष्ट्रनीति :**

छिमेकी राष्ट्रसँग रहेको सुमधुर सम्बन्ध, समझदारी र मित्रतालाई बलियो तुल्याउँदै लैजानुपर्नेछ। साथै, दौत्य सम्बन्ध कायम भएका विश्वका अन्य राष्ट्रसँग मित्रता र शान्तिका लागि कूटनीतिक सम्बन्ध स्थापित गरी नेपाल र नेपालीको शान्तिका लागि मित्रराष्ट्रहरूसँग रहेको सम्बन्धलाई अझ सुदृढ र घनिष्ट तुल्याउँदै लैजानुपर्नेछ अर्थात् नेपाललाई पहिलेजस्तो घोषित 'शान्तिक्षेत्र' को वातावरण पुनर्स्थापित गर्नुपर्नेछ।

चन्द मन्त्रिपरिषद्ले राज्यव्यवस्थाअन्तर्गत चलाउनुपर्ने कार्यपालिकाको जिम्माको दैनिक प्रशासनका अतिरिक्त यी माथिका विशेष कार्यहरूसमेत सम्पन्न गर्नुपर्ने अनिवार्यता छ। यद्यपि माथिका निर्देशनले चन्द मन्त्रिपरिषद्लाई जिम्मेवारी बोकाएको छ, तर यी तोकिएका कार्यमा चन्द मन्त्रिपरिषद्ले सफलता पाउन सकेन



भने शेरबहादुर देउवा असक्षम भएजस्तै लोकेन्द्रबहादुर चन्द असक्षम सावित हुन भने सक्तैनन्, किनभने वर्तमान समयमा मुलुकको कार्यकारिणी अधिकार श्री ५ मा निहित रहेको छ। श्री ५ को काँधमा मुलुकको कार्यकारिणी अधिकार भएको हुँदा श्री ५ को सरकारले गर्ने राम्रो वा नराम्रो सबै कार्यको जस-अपजस पनि श्री ५ स्वयम्ले स्वीकार गर्नुपर्ने हुन्छ। त्यसैले यो अन्तरिम शासनकाल श्री ५ का लागि अत्यन्तै जोखिमपूर्ण छ। माथि उल्लेख भएका निर्देशनहरूलाई चन्द मन्त्रिपरिषद्ले पूर्णता प्रदान गर्न सकेको खण्डमा मुलुकमा सहज समय आउनेछ र पुनः मुलुकको कार्यकारिणी अधिकार जनप्रतिनिधिको काँधमा जानेछ।

माथिका निर्देशनलाई क्रमबद्ध रूप प्रदान गर्ने हो भने सर्वप्रथम पूर्वशासकहरूलाई भ्रष्टाचारमा कार्यवाही सुरु गरी भ्रष्टाचारबाट आर्जित सम्पत्तिलाई राष्ट्रियकरण गरेर राज्यकोषमा त्यो सम्पत्ति जम्मा गरेपछि मात्र माओवादीसँगको वार्ताका लागि बाटो सहज हुनेछ। अर्थात् पहिले खाओवादीलाई कारवाही सुरु गरेपछि मात्र माओवादी समस्याको समाधान गर्ने बाटो प्रशस्त हुनेछ। भ्रष्टाचार-नियन्त्रण र माओवादी समस्याको समाधान गर्न सकेमा मुलुकमा सर्वसाधारण जनताले शान्तिसुरक्षाको अनुभूति गर्न सक्नेछन्। यसरी शान्तिसुरक्षा कायम भएपछि मात्र सम्पन्न हुने निर्वाचनले निष्पक्षता र शुद्धता पाउन सक्नेछ।

**नेपाल समाचारपत्र, २०५९ कार्तिक ३ गते आइतबार**

**भरत जङ्गम – 'पचास प्रसङ्ग' बाट**

**स्थानीय चुनाव दलीय आधारमा गर्न हुँदैन**

राज्यसत्ता सञ्चालन गर्ने चुनाव दलीय विचारको आधारमा भएर दलीय सरकार खडा भएपछि स्थानीय विकासको चुनाव कुनै हालतमा पनि दलीय आधारमा हुन हुँदैनथ्यो, किनभने स्थानीय एकाइ सत्तासञ्चालन गर्ने नभएर विकासकार्यमा संलग्न हुनुपर्ने हो। राजनीतिक मतभिन्नता संसद्मा स्वीकार्य हुन्छ तर स्थानीय एकाइमा त्यही अभिशाप हुन पुग्छ। अब स्थानीय विकासभन्दा राजनीतिक विवाद सुरु हुन्छ र व्यक्तिको समस्याभन्दा दलीय स्वार्थ सर्वोपरि हुन्छ।

**– जि० वि० स० ले राजनीति गर्ने कि विकासतिर लाग्ने ?**

# व्यक्तिवादी सोच र सर्वदलीय बैठक

यति खेर मुलुकमा लोकेन्द्रबहादुर चन्दको प्रधानमन्त्रित्वमा अन्तरिम सरकार कार्यरत छ। यस सरकारले मुलुकको दैनिक प्रशासन सञ्चालन गर्नुका अतिरिक्त देशमा व्याप्त भ्रष्टाचारको नियन्त्रण, माओवादी समस्याको समाधान र स्थानीय निकायहरू तथा प्रतिनिधिसभाका सदस्यको निर्वाचन गराउने जिम्मेवारी पाएको छ। तर लोकेन्द्रबहादुर चन्द नेता घोषित राष्ट्रिय प्रजातन्त्र पार्टीसमेत सहभागी भएको सर्वदलीय बैठकले भने चन्द मन्त्रिपरिषद्लाई गैरसंवैधानिक भन्ने ठहर पनि गरेको छ।

संवैधानिक सङ्कट परेको हुँदा त्यसबाट मुक्ति पाउनका लागि सबै राजनीतिक दलहरू एक भएर कार्ययोजना बनाउन गत हप्ता नेकपा (एमाले) को कार्यालय बल्खुमा ६ राजनीतिक दलहरूको दुई पटक बैठक बस्यो। सो सर्वदलीय बैठकमा विघटित प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरूमा शेरबहादुर देउवा समूहको नेपाली काङ्ग्रेस (प्रजातान्त्रिक) बाहेक सबै राजनीतिक दलको सहभागिता थियो। विभिन्न राजनीतिक मत र सिद्धान्तलाई अवलम्बन गर्ने राजनीतिक दलहरूका प्रतिनिधिहरूले भाग लिएको सो बैठकमा एकै दलका प्रतिनिधिहरूको पनि एकै मत र विचार अभिव्यक्त हुन सकेन र राजनीतिक सिद्धान्त र दलीय नीतिभन्दा व्यक्तिगत सम्बन्धका आधारमा विचार अभिव्यक्त भएको देखियो। एक मत र एउटै स्वरले वर्तमान सरकारका विरुद्धमा धावा बोल्ने मनसायले बसेको बैठक तीन किसिमका पृथक्-पृथक् खेमामा विभक्त भएर एक मत हुन सकेन। तर पनि विरोधको कार्यक्रम भने क्रमबद्ध अगाडि बढाउने निर्णय गर्नुका साथै मौजुदा चन्द मन्त्रिपरिषद्लाई भने बढो अप्ठ्यारो परिस्थितिमा गैरसंवैधानिक भएको ठहर गऱ्यो। त्यस सर्वदलीय बैठकमा निर्णय जे गरे तापनि व्यक्तिगत र पार्टीगत रूपमा भने बैठकमा पारित निर्णयभन्दा अलग कसरत जारी भएको कुरा कसैबाट छुपेको छैन।

शेरबहादुर देउवाको सरकार विघटन गर्दाका बखत असोज १८ गते सरकार गठन गर्ने प्रयोजनका लागि निर्वाचनमा भाग नलिने उच्च छवि भएका व्यक्तिहरूको नामावली पाँच दिनभित्र सिफारिस गरी पठाउन राजनीतिक पार्टीहरूलाई श्री ५ बाट आह्वान गरिबक्सेको थियो। त्यसबीचमा सबै राजनीतिक दलका नेताहरूले श्री ५ को दर्शन पाएका थिए र सरकार गठन गर्नेबारेमा सुझाव पनि चढाएका थिए। कुनै पनि राजनीतिक दलले सरकारमा सामेल गर्न मिल्ने किसिमका नामावली दिन सकेनन् वा दिएनन्, बरु त्यसको उल्टो प्रधानमन्त्री पद आफैँलाई चाहिने र आ□नै तजबिजले अन्य मन्त्री पनि नियुक्त गर्न पाउनुपर्ने एकलौटी माग राख्न भने कुनै पनि राजनीतिक नेता पछि परेनन्। अन्तमा, सातौँ दिन बितेपछि राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता लोकेन्द्रबहादुर चन्दले प्रधानमन्त्री पदमा र नेपाल सद्भावना पार्टीका नेता बद्रीप्रसाद मण्डलले उप-प्रधानमन्त्री पदमा नियुक्ति पाए। नवगठित सरकारमा सम्मिलित नभएका अन्य राजनीतिक पार्टीलाई पनि सरकारमा सामेल गराउने उद्देश्यका कारण अहिले क्याबिनेटस्तरका मन्त्रीहरू नियुक्त हुन बाँकी नै देखिन्छन्। पुरानो फुटेको अवस्थाको राप्रपा (चन्द समूह) ले फेरि सूर्यबहादुर थापाको विरोधी



खेमामा उभिने र सकेसम्म यही चन्द मन्त्रिपरिषद्मा सम्मिलित हुने कोसिस गरिरहेको छ।

जुन राजनीतिक पार्टीलाई सरकार बनाउन दियो त्यो पार्टीले त्यो कार्यलाई ठीक भएको भन्ने र सरकारमा जान नपाउने अन्य पार्टीले भने संविधानको उल्लङ्घन भयो भनेर चिच्याउने रोग नयाँ होइन। त्यसैअनुसार सरकारमा सम्मिलित हुन नपाएका पार्टीले अहिले संवैधानिक सङ्कट मात्र देखेका छैनन्, प्रजातन्त्र नै हराएको महसुस गर्न थालेका छन्। धेरैले त २०१७ साल दोहोरिएको दलिल पेस गर्न पनि पछि परेका छैनन्। मुलुक र जनता जहाँसुकै जाउन् वा असुरक्षा र अशान्तिका कारण बाँच्न नसक्ने अवस्था सिर्जना भए पनि राज्यसत्ताचाहिँ राजनीतिक दलका नेताको हातबाट बाहिरिनु हुँदैन भन्ने मनस्थिति बोकेका छन्। राजनीतिमा संलग्न कुनै पनि व्यक्ति एकै क्षण पनि सत्ताबाहिर बस्न वा मुलुकको ऐन-कानुनको पालना गर्न नसक्ने र नरुचाउने रहेछन्।

वास्तवमा भन्ने हो भने प्रजातन्त्रको पहिचान नेपाली काङ्ग्रेस र नेकपा (एमाले) लगायतका राजनीतिक दलहरूले पूर्ण रूपले पाएजस्तो लागेन। कारण, बाह्र वर्षसम्म प्रजातन्त्रका नाउँमा शासन-सञ्चालनमा प्रत्यक्ष सहभागी भएका नेपाली काङ्ग्रेस र नेकपा (एमाले) दुवै प्रमुख दलहरू सत्ताभन्दा बाहिर बसेर राजनीतिक अभ्यास गर्न नसक्ने देखियो। सत्ताबाट टाढा हुनुपऱ्यो कि प्रजातन्त्र खतरामा भएको देख्ने र भएका काम-कारवाहीलाई सम्पूर्ण गैरसंवैधानिक भएको भनेर होहल्ला मच्चाउने काम गर्ने रहेछन्। होइन भने निर्वाचनको प्रयोजनका लागि गठन भएको सरकारलाई स्वीकार गर्न नसक्नु पूर्ण अप्रजातान्त्रिक व्यवहार हो। यस किसिमको रवैया यी राजनीतिक पार्टीहरूको रह्यो भने बरु प्रजातन्त्र गुम्न सक्ने डर रहन्छ।

यी राजनीतिक दलहरूमा प्रजातान्त्रिक गुण नै छैन। त्याग, सहनशीलता, अनुशासन, राजनीतिक सिद्धान्तमाथि आस्था र राष्ट्रप्रति प्रेम भन्ने कुन वस्तु हो भन्ने पनि राजनीतिक नेताहरूमा ज्ञान भएजस्तो लागेन। मुलुक र जनताको वृहत्तर हितलाई ध्यानमा राखेर दूरदर्शी नीति अवलम्बन गरी राज्यसञ्चालन गर्नु त परै जाओस्, दैनिक चलाउनुपर्ने साधारण प्रशासनिक योग्यताको समेत नेताहरूमा अभाव भएको देखियो। राजनीतिलाई व्यापारिक पेसाका रूपमा ग्रहण गरेको र सत्ताप्राप्तिलाई व्यवसाय सञ्चालनको थलो बनाएको कारण यहाँका सबै राजनीतिक दलहरूमा छुट्ने, फुट्ने र जुट्ने कार्य भइरहेको देखियो।

नेतृत्वतहमा बसेका नेताहरू राजनीतिक सिद्धान्तको आस्थाभन्दा हानि-नोक्सानीको हिसाबले बढी शासित भएको भेटियो। हाल यस मुलुकमा कार्यरत सबैजसो राजनीतिक दलहरू, जस्तै : नेकपा (एमाले), संयुक्त जनमोर्चा, नेपाल सद्भावना पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी र नेपाली काङ्ग्रेस सबै पार्टी छुट्ने र फुट्ने मामलामा कोहीभन्दा कोही कम देखिएनन्। आखिर किन फुटे भन्दा सत्ता नपाएका कारण भन्ने प्रमाणित भएको छ भने किन जुटे भन्दा सत्ताप्राप्तिकै आशाका कारण भन्ने स्पष्ट देखिएको छ। त्यसैले राष्ट्रिय प्रजातन्त्र पार्टीमा पनि यसै कारणले दुई खेमामा पार्टी विभाजित हुन थालेको प्रतीत हुन थालेको छ। यो प्रजातन्त्र हो र

नेताहरू प्रजातन्त्रका हिमायती हुन् भने यस्तो सत्तामुखी प्रजातन्त्र कुनै मुलुकमा पनि टिक्न सक्तैन, किनभने मुलुक र जनताले यस्तो घिनलाग्दो खेलमा अलमलिएर उन्नतिको बाटो अवरुद्ध गर्न र विकासको ढोका बन्द गर्न चाहँदैनन् ।

शेरबहादुर देउवा पदच्यूत भएपछि मुलुकमा नयाँ राजनीतिक वातावरणको थालनी भएको देखियो । यस अवधिमा राजनीतिक नेता तथा कार्यकर्ताहरूमा संयमता जाग्नुपर्थ्यो र स्थितिलाई राजनीतिक अवस्थामा ल्याउन धैर्यको बाटो अवलम्बन गर्न सक्नुपर्थ्यो । सो कुनै कार्य नगरी यस्तो जटिल परिस्थितिमा पनि राज्यसत्ता हत्याउने रणनीतिमा संलग्न भएका छन् । कुनै पनि राजनीतिक दलहरूको मागमा पनि एकरूपता देखिँदैन । कोही संविधानको धारा १२७ को प्रयोगले प्रतिनिधिसभा पुनर्जीवित गर्नुपर्ने माग राख्छन् भने कोही धारा १२८ (२) बमोजिम सर्वदलीय सरकार गठन हुनुपर्ने माग राखेर सङ्घर्षमा उत्रने धम्की दिइरहेका छन् । प्रतिनिधिसभाको विघटन र नयाँ जनादेश लिने कार्यको स्वागत गर्ने नेकपा (एमाले) अहिले आएर चन्द सरकारले कार्यकारिणी अधिकार पाएको खण्डमा सरकारमा सम्मिलित हुने आशय व्यक्त गर्न पनि पछि परेको छैन । यस किसिमको राजनीतिक दृश्य देखेर ठीक-बेठीक छुट्याई निर्णय दिनुपर्ने जनता अन्योलमा परेका छन् र बुद्धिजीवीहरू अन्धकारमा रुमल्लिन पुगेका छन् ।

विगतको लामो समय राजनीतिक खिचातानीमा बितेको हुँदा अब जनता त्यसरी कुनै भुलभुलैयामा अलमलिने छैनन् भन्ने कुरा राजनीतिक पार्टीहरूले बुझ्े हुन्छ । बरु जनताले राजनीतिक पार्टीका नेताहरूले कमाएको अवैध सम्पत्ति बाहिर नजाओस् र निर्वाचनमा नै नेताहरूले खर्च गरून् भन्नेमा पर्खेर बसेका छन् । कुनै नचाहिँदो सङ्घर्षमा अलमलिनुभन्दा आउँदो स्थानीय निकायको निर्वाचन र प्रतिनिधिसभाका सदस्यको निर्वाचनका लागि नयाँ जनादेश प्राप्त गर्न जनताको घरदैलोमा गई प्रजातन्त्रको पाठ सिकाउने काम राजनीतिक दलहरूबाट भएको खण्डमा आउँदो चुनाव शुद्ध र धाँधलीरहित हुन सक्ने थियो ।

**नेपाल समाचारपत्र, २०५९ कार्तिक ११ गते सोमबार**

# अवसरको खोजमा राजनीतिक दल र जनचेतना–कार्यक्रम



केही राजनीतिक दलहरूले जनताका बीचमा जाने र जनचेतना जगाउने कार्यक्रमको आयोजना गर्ने कार्यक्रम हालै प्रकाशित भएको छ । यो सुन्दा खुसी लाग्नु स्वाभाविक हो । निर्वाचनको प्रयोजनका लागि मात्र जनताको घरदैलो घचघच्याउने र निर्वाचनमा विजयी हुन मात्र जनतालाई चिन्ने राजनीतिक नेता र कार्यकर्ताहरूले अब जनताको घरदैलोमा जाने गरी तय गरेको कार्यक्रमलाई सकारात्मक नै मान्नुपर्छ । चाहे विरोध कार्यक्रम लिएर जाउन् वा पार्टीसुदृढीकरणको कार्यक्रम लिएर जाउन् तर जाउन् जनताकै घरदैलोमा ती राजनीतिकर्मीहरू । किनभने जनताकै माझबाट आएको भनेर राजनीतिमा संलग्न व्यक्तिहरूले भन्ने गरे पनि जनताका दुःख-दर्दलाई तिनीहरूले बुझ्न सकेका छैनन् । राजधानी र सदरमुकाममा बसेर जनताको वकालत गर्ने र भुइँफुट्टा राजनीतिक नाराबाजी गर्ने राजनीतिक पार्टीका नेता तथा कार्यकर्ताहरू जनताको आँगनमा पुगेर वास्तविकताको पहिचान गरेपछि मात्र जनताको आवश्यकता र तिनलाई परेको मर्का बुझ्न सक्नेछन् ।

कुनै राजनीतिक परिवर्तन भयो वा हुन लाग्यो भने दलहरूले नै जनताको प्रतिनिधित्व गरेको हवाला दिँदै होहल्ला मच्चाउँछन् र अनेक वक्तव्यबाजी गरेर जनपक्षीय कार्य गरेको प्रमाणित गराउन खोज्छन् । यो भुलभुलैयामा जनता अब लामो समयसम्म पर्ने छैनन् भन्ने कुरा पनि राजनीतिक दलहरूले बुझ्न सकेका छैनन् । किनभने कुनै पनि राजनीतिक दल जनता होइनन् र राजनीतिक दलमा सम्मिलित हुने व्यक्ति सर्वसाधारण जनता ठहरिँदैनन् । राजनीतिक दल भनेको एक किसिमको राजनीतिक विचार बोक्ने समूह हो भने त्यसमा सम्मिलित व्यक्ति सर्वसाधारण जनताभन्दा भिन्नै उद्देश्य लिएर हिँड्ने क्रियाशील व्यक्तित्व मात्र हुन् । यी दुवैको इच्छा, आकाङ्क्षा र उद्देश्यमा आकाश-जमिनको अन्तर हुन्छ । यस तथ्यबाट राजनीतिक दलहरू अनभिज्ञ हुनु भनेको प्रजातान्त्रिक व्यवस्थाले यस मुलुकमा ठीक दिशा लिन नसकेको पनि भन्न सकिन्छ । त्यसैले जनताको सर्वतोमुखी विकास गर्ने राजनीतिक व्यवस्थामा राजनीतिक दलहरू सधैँ र जहिले पनि जनतासँग प्रत्यक्ष सम्पर्कमा रहनुपर्छ ।

मुलुकका दुई प्रमुख राजनीतिक दल नेपाली काङ्ग्रेस पार्टी र नेकपा (एमाले) ले एकै पटक जनचेतना र जनजागरण गराउने कार्यको घोषणा एकै पटक सार्वजनिक गरेका छन् । नेपाली काङ्ग्रेसले प्रथम चरणमा कात्तिक २२ गतेदेखि मङ्सिर १० गतेसम्म सबै जिल्लाहरूमा पार्टीसुदृढीकरण तथा जनचेतना अभियान सञ्चालन गर्ने भएको छ र नेकपा (एमाले) ले एक महिने जागरण अभियानअन्तर्गत जनआन्दोलनका उपलब्धिको रक्षा र प्रतिगमनको षड्यन्त्रविरुद्ध जनजागरण ल्याउन मङ्सिरको एक महिना लामो सचेतना अभियान सञ्चालन गर्ने भएको छ । विरोध र समर्थन जे भए तापनि जनताको दैलोमा जाने र वास्तविकताको पहिचान गराउँदै जनचेतना जगाई जनजागरण गर्ने कार्यक्रम भएको हुँदा यो प्रजातन्त्रको हितमा देखिएको छ ।

अहिले सरकारमा भाग नलिने सबै राजनीतिक दलहरूले यो वर्तमान अन्तरिम सरकारको खुलेर विरोध गर्ने र वर्तमान सरकारका विरुद्धमा सङ्घर्ष गर्ने पनि घोषणा गरेका छन्। राजनीतिक दलहरूले समय-सयममा यस्ता सङ्घर्षको घोषणा गरिरहने भएकाले यो घोषणालाई पनि कसैले पनि गम्भीरताका साथ स्वीकार गर्न र बुझ्ने कोसिस गरेका छैनन्। कारण सत्तामा सहभागी हुन नपाउने भएपछि र सत्ताबाट बाहिरिनेबित्तिकै यस्ता विरोधी कार्यक्रमको घोषणा गर्नु राजनीतिक दलहरूका लागि कुनै नौलो कुरा होइन। तर यस पटक भने पार्टीहरूले जनतामा जाने बोली र कार्यक्रमको तरिका फरक-फरक प्रस्तुत गरेका छन्। यसरी जनचेतना जगाउन जाने राजनीतिक दलहरूले पहिले सत्तामा बस्ता गरेका गैरजिम्मेवारी कार्य र तिनीहरूले गरेका भ्रष्टाचारको जुन पर्दाफास भएको छ, त्यो सूचना पनि जनसमक्ष जानेछ भन्नेमा कुनै शङ्का छैन। त्यसपछि ती जनसमक्ष जाने समूहले बुझ्नेछन् कि जनताको के माग रहेछ।

कुनै पनि प्रजातान्त्रिक मुलुकमा राजनीतिको मूल मियो जनताको चेतनाको केन्द्रविन्दुमा उभिएको हुनुपर्छ र जनताको सर्वाङ्गीण विकासको परिवेशको धुरीभित्र मात्र घुमेको हुनुपर्छ। राजनीतिक व्यवस्थालाई जनताबाट अलग गराएर वा बेग्लै किसिमबाट अर्थ्याएर प्रयोग गर्न मिल्दैन। त्यसैले जहिले पनि जनता राजनीतिको केन्द्रविन्दु हुनुपर्छ। कुनै मुलुकमा चलेको राजनीतिक व्यवस्था सर्वसाधारण जनताभन्दा बाहिर गयो भने त्यो व्यवस्था पूर्ण अप्रजातान्त्रिक हुन्छ। जनता र राजनीति, राजनीति र प्रजातन्त्र, प्रजातन्त्र र सुशासन तथा सुशासन र विकास एक अर्काका पूरक हुन्, यिनीहरूलाई पृथक् राख्न मल्दैन र यिनीहरूलाई अलग्याएर कुनै राजनीतिक व्यवस्था सञ्चालन गर्न पनि सकिँदैन।

प्रजातान्त्रिक मुलुकको सरकारले जहिले पनि मुलुक र जनताको शान्तिसुरक्षा कायम गरी त्यसको प्रतिफल सर्वसाधारण जनतामा पुऱ्याउन सक्नुपर्छ। प्रजातन्त्रको आवश्यकता मुलुक र जनताको सर्वोपरि हितका लागि भएको हो। मुलुकमा चलेको राजनीतिक व्यवस्थाले मुलुक र जनताको हित र उन्नति गर्न सक्तैन भने त्यो राजनीतिक व्यवस्था मुलुक र जनताका लागि अहितकर साबित हुन्छ र चलेको राजनीतिक व्यवस्था अप्रजातान्त्रिक घोषित हुन सक्छ। विश्वमा विभिन्न किसिमका राजनीतिक व्यवस्था प्रतिपादन भएका छन्। त्यसको कार्यान्वयनपक्ष राम्रो भएमा र जनताको बढी हित गर्न सकेको खण्डमा त्यो राजनीतिक व्यवस्था प्रजातान्त्रिक ठहरिएको छ भने मुलुक र जनताको अहित र अवनति गर्ने राजनीतिक व्यवस्था अप्रजातान्त्रिक ठहर भएको छ। त्यसैले हाम्रो मुलुकमा पनि यो चलिरहेको राजनीतिक व्यवस्थामा प्रश्नचिह्न लागेको छ।

बहुसङ्ख्यक जनता गरिब र अशिक्षित भएको यस मुलुकमा त झन् राजनीतिक दल सर्वसाधारण जनताबाट अलग्गिएर बाहिर बस्न मिल्दैनथ्यो। तर नेपालको भौगोलिक अवस्था र चलिआएको परिपाटीअनुसार राजनीतिक दलहरू सधैँ र जहिले पनि सर्वसाधारणबाट अलग भएर राजधानी र जिल्लाका सदरमुकाममा मात्र सीमित रहने र निर्वाचनको समयमा मात्र जनताको घरदैलोमा जाने व्यवस्थाले गर्दा



जनता र राजनीतिक दलमा दूरी बढेको थियो। यसरी देशभित्र उत्पन्न भएको कुनै पनि इस्युको विरोध वा समर्थनमा लागेर जनचेतना जगाई जनजागरण ल्याउने कार्य राजनीतिक दलबाट हुनुपर्छ।

संविधानको धारा ३ अनुसार मुलुकको सार्वभौमसत्ता जनतामा निहित रहेको छ। त्यही जनताको अधिकार प्रयोग गर्ने अधिकार लिएर सत्तामा पुगेका दलीय नेताहरूले जहिले पनि जनतालाई उपेक्षा नै गरिरहने परिपाटीले गर्दा आज बहुदलीय व्यवस्था सञ्चालन भएको तेह्र वर्ष बितिसक्ता पनि मुलुक र जनता भने सबै पक्षबाट शोषित भएका छन्। राजनीतिक दलहरू जनचेतना जगाउन र जनजागरण ल्याउन गाउँ-गाउँ र बस्ती-बस्तीमा जान लागेका छन्। अब एकले अर्को राजनीतिक दललाई दोष दिनेबाहेक अरू जनतासामु केही भन्न सक्ने अवस्था छैन। यो तेह्र वर्षको अवधिमा राजसंस्था पनि मूकदर्शक भएर बसेको र संविधानको अक्षरशः पालना गरेको हुँदा कुनै पनि राजनीतिक दलले यो परिस्थितिको सिर्जना हुनमा राजसंस्थालाई दोषी ठहऱ्याउन सक्ने अवस्था पनि देखिँदैन।

चिल आयो भनेर चिच्याउने र सबैले आकाशतर्फ हेरेपछि कुखुरा चोर्ने स्याललाई जनताले नचिनेका होइनन्। जनतालाई भुलभुलैयामा पार्न प्रयोग हुने शब्द 'ग्र्यान्ड डिजाइन' को अर्थ प्रयोग गर्ने नेताले नै बुझेका छैनन् भने जनताले कसरी बुझ्ने ? त्यही पनि त्यो शब्द प्रयोगको बेग रोकिएको छैन। अहिले जनताका आँखा खुलेका छन्। जनता यस्ता चोर स्यालको चिच्याहटलाई पत्याउने पक्षमा छैनन्। विरोध वा समर्थन जुन कार्यक्रम लिएर राजनीतिक दल गए पनि जनताले वास्तविकताको पहिचान चाहेको छ भन्ने कुरा कसैले पनि भुल्नु हुँदैन। त्यसैले असोज १८ गतेको शाही घोषणालाई असंवैधानिक भनेर चिच्याउने स्वरको आवाज जतिसुकै ठूलो भए पनि जनताले सुन्न सक्ने छैनन् भन्ने कुरा राजनीतिक दलहरू जनताको घर-आँगनमा पुगेपछि बुझ्नेछन्।

**नेपाल समाचारपत्र, २०५९ कार्तिक १७ गते आइतबार**

# चन्द मन्त्रिपरिषद्ले गति लिन सकेन

नेपालको राजनीतिक आकाशमा कालो बादल मडारिएर मुलुक सङ्कटग्रस्त अवस्थामा पुगेकै बेला बिजुलीयुक्त चट्याङको बेगमा गत असोज १८ गते भएको

शाही घोषणाले सिर्जना गरेको परिवर्तित अवस्थादेखि सङ्कटमुक्त नवक्षितिज उघ्रिएला भन्ने हरेक नेपालीको मनमस्तिष्कमा आशाका किरण सलबलाउन थालेका छन् । त्यो घटनालाई त्यति खेर सबै राजनीतिक दलहरू र अन्य गैरराजनीतिक समूहहरूसमेतले सहज रूपमा स्वीकार गरेका थिए र विरोधको सानो स्वरसम्म पनि कसैले निकाल्ने हिम्मत गरेका थिएनन् र प्रचारमा पनि आएनन् । सङ्कटग्रस्त मुलुकले कुनै निकास खोजिरहेकै अवस्थामा भएको परिवर्तनकारी श्री ५ को घोषणाप्रति त्यति खेर कसैले पनि विरोध जनाएनन् । शेरबहादुर देउवा सरकारले घोषणा गरेअनुसार कात्तिक २७ गते निर्वाचन गराउन सकेको भए सबै गाउँ र सहरहरू आज चुनावको सरगर्मीले तातिरहेका हुन्थे । तर आज आम नागरिक नवगठित चन्द सरकारले मुलुकमा शान्तिसुरक्षा र विकासका लागि कुनै ठोस बाटो चाँडो तय गर्न सकोस् भनी मूक रूपमा पूर्ण आशा र विश्वास बोकेर बसेका छन् ।

यो स्पष्ट भइसकेको छ, शेरबहादुर देउवाले शासन लम्ब्याउन अनेक योजना बनाउँदा-बनाउँदै यो सङ्कटलाई निम्त्याएका हुन् । साथै संविधानको धारा ५३ (४) अनुसार घोषित कार्यक्रमअनुसार प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गराउन पाएको जिम्मेवारी पूरा गर्न नसकेका कारणले नै शेरबहादुर देउवा प्रधानमन्त्री पदका लागि असक्षम साबित हुन पुगेका हुन् । यो सूत्र नवनियुक्त प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दलाई पनि लागू हुन सक्छ भन्ने कुरालाई वर्तमानको सरकारको मन्त्रिपरिषद्मा सम्मिलित प्रत्येक सदस्यले भुल्नु हुँदैन । साथै राजकीय नीतिको परिधिभित्र बाँधिन बाँकी रहेका ती मन्त्रिपरिषद्का सदस्यहरूले आ-आ□नो हिसाबले चल्ने, बोल्ने र खेल्ने काम पनि बन्द गर्नुपर्छ । अर्थात् मन्त्रिपरिषद्को प्रत्येक सदस्यको संयोजन पूर्णरूपमा प्रधानमन्त्रीबाट हुन सक्नुपर्छ ।

लोकेन्द्रबहादुर चन्द प्रधानमन्त्रीमा नियुक्त हुनुभएको आज ठीक एक महिना पुग्यो । एक महिनाको अवधि कुनै सानो र छोटो अवधि होइन । जुन राजनीतिक परिप्रेक्ष्यमा परिवर्तन भएर चन्दज्यूले प्रधानमन्त्री पद ग्रहण गर्नुभएको छ, त्यो समयलाई विचार गर्दा उहाँले यति लामो समय व्यर्थमा नष्ट गरेको भन्ने सबैलाई लाग्न थालेको छ । हुन पनि जुन स्थितिमा उहाँले प्रधानमन्त्री पद सम्हाल्नुभएको छ, यति खेर प्रतिनिधिसभा र जनप्रतिनिधिको कुनै दबाबलाई खप्नुपर्ने अवस्था पनि छैन । मैदान खुला छ । उहाँको क्षमतानुसार उहाँको घोडाको बेग तय हुन सक्छ । यस्तो सुवर्ण अवसरलाई गुमाएर उहाँले लङ्गडा र पुराना घोडाहरूलाई बटुल्न र त्यसैलाई टटोल्न व्यस्त हुनुभयो भने बाजी अर्काले माथ गर्न सक्छ । प्रधानमन्त्री चन्दले बुझ्नुपर्ने कुरा के हो भने यो बीस वर्षअगाडिको व्यवस्था होइन र पहिलेको जस्तो सुस्त बेगमा गैरजिम्मेवारी र उत्तरदायीविहीन तरिकाले राज्य चलाउने अवस्था आज रहेको पनि छैन ।

कुनै पनि क्षणमा भएको राजनीतिक परिवर्तनले एउटा सीमारेखा खिचेर पहिलेको र वर्तमानको अवस्थालाई भिन्न रूपमा छुट्याएको हुन्छ । त्यो रेखाले छुट्याएको परिवेशभित्र एउटा छुट्टै अस्तित्व कायम हुन खोज्छ । यसरी नवीन



अस्तित्व कायम हुन खोज्दा अनेक उतारचढाव र उथलपुथलका सङ्केत देखिन थाल्छन् । तिनै परिवर्तनका सूचक पनि हुन् । राजनीतिक वातावरण जब परिवर्तन हुन्छ, चौबीस घन्टाभित्र नै त्यसको राम्रो वा नराम्रो असर सबै क्षेत्रमा पर्न जान्छ र त्यो असरले एउटा नवीन वातावरणलाई जन्म दिन्छ । अर्थात् परिवर्तनको असर सर्वत्र पर्नुपर्छ । तर यहाँ भएको राजनीतिक परिवर्तन र त्यसको असरबाट भएको नयाँ मन्त्रिपरिषद्ले भने यति लामो समय बित्दा पनि कुनै ठोस गति लिन नसकेकोमा आम बुद्धिजीवी आश्चर्यचकित परेका छन् ।

एक महिनाअघि गठन भएको मन्त्रिपरिषद्लाई मुलुकको दैनिक प्रशासन-सञ्चालनका अतिरिक्त श्री ५ बाट पाँच निर्देशन बक्स भएको छ – १. राष्ट्रिय सहमतिसहितको अनुकूल परिस्थितिको सिर्जना गरी देशमा विद्यमान अशान्तिको वातावरण हटाउने, २. स्थानीय र प्रतिनिधिसभाका लागि हुने निर्वाचन सम्पन्न गर्ने, ३. भ्रष्टाचार-नियन्त्रणको कार्यवाही प्रभावकारी रूपमा सञ्चालन गर्ने, ४. आर्थिक अनुशासन कायम राखी सर्वसाधारणलाई सुशासनको प्रत्याभूति दिने, र ५. मुलुकको परिलक्षित परराष्ट्र नीतिअनुसार सबै मुलुकसँग दौत्य सम्बन्ध कायम राख्ने ।

यी निर्देशनहरूलाई वर्तमान मन्त्रिपरिषद्ले बुझ्न नसकेको हो वा बुझेर पनि कार्यबोझले गर्दा कार्यारम्भ गर्न नसकेको हो वा निर्देशनलाई गम्भीरताका साथ ग्रहण गर्न नसकेको हो, बुझ्न सकिएको छैन । माथिका निर्देशनहरूमध्ये एउटाको पनि सही कार्यान्वयन हुन सक्ने किसिमको यो सरकारले कार्ययोजना बनाउन र तदनुसारको नीति निर्माण गर्न सकेको देखिएन । मन्त्रिपरिषद्मा निहित रहेको जिम्मेवारी र पाएको अख्तियारीलाई बुद्धिमत्तापूर्ण तरिकाले सम्हाल्न नसकेर केवल समयलाई मात्र नष्ट गर्नु भनेको नेपाल र नेपाली जनताको भाग्यसँग खेलवाड गर्नु हो । किनभने हामी गरिब देशका गरिब नागरिकले दिन दुगुना रात चौगुनाको हिसाबले कार्ययोजना बनाएर लागू गरी त्यसको फलसमेत प्राप्त गर्न सक्नुपर्छ । यति खेर हाम्रो सामु गर्ने र मर्नेबाहेक यसमा कुनै सम्झौता गर्ने गुन्जायस देखिएको छैन ।

अहिले मुलुक अशान्त छ । गाउँ र सहर सबै क्षेत्रमा कसैले सुरक्षित महसुस गर्न सकेका छैनन् । सारा उद्योगधन्दा बन्द भएका छन् । एक ठाउँबाट अर्को ठाउँमा ढुक्क भएर कोही चलफिर गर्न सक्ने अवस्था छैन । सदरमुकाममा सरकारले कर्फ्यु लगाउने र जनताको अधिकारलाई कुण्ठित गर्ने तथा गाउँ-गाउँमा माओवादीले जनतालाई आरामसँग बस्न नदिई लखेट्ने कार्य रोकिएको छैन । जनता आक्रान्त छ । सबै विकास र सिर्जना रोकिएका छन् । यस अवस्थामा सरकारका मन्त्रीहरू पुरानै शैलीमा मन्त्रिपदीय भाषण ठोक्न व्यस्त छन् । एक मन्त्रीको भनाइ अर्कासँग मेल खाँदैन । देउवा सरकारले माओवादीहरूलाई आतङ्ककारी घोषित गरेर त्यसका विरुद्धमा राज्यशक्तिलाई पूर्ण रूपमा परिचालन गराएको थियो, त्यो अवस्था अहिले पनि जारी नै छ । तर प्रधानमन्त्रीलगायतका अन्य मन्त्रीहरूले भने अहिले माओवादीलाई आतङ्ककारी होइन भन्न थालेका छन् । ठीक छ, ती आतङ्ककारी होइनन् र विरोधी

राजनीतिक शक्ति हुन् भन्ने मन्त्रिपरिषद्लाई लाग्छ भने त्यहीअनुसारको सरकारी नीति तय भएर पूर्वसरकारले गरेको घोषणालाई बदर गरी नयाँ सरकारी नीति स्पष्ट रूपमा जनसमक्ष ल्याउन सक्नुपर्‍यो। माओवादी शक्तिका अगाडि राम्रो बन्नका लागि मात्र व्यक्तिगत रूपमा भाषण गर्दा त्यस्तो सरकारी नीतिको विरुद्धको बोली बोल्न मिल्दैन र त्यसरी मन्त्रिपरिषद्का सदस्यहरूले दोहोरो मापदण्डको नीतिलाई अख्तियारी गर्न कानुनले छूट दिन सक्तैन।

वर्तमान सरकारले पाएको पाँचबुँदे निर्देशनमा सबैभन्दा महत्त्वपूर्ण र प्राथमिकताको आधारमा गर्नुपर्ने काम भनेको भ्रष्टाचार-नियन्त्रणको कार्य हो। पूर्वशासकहरूलाई भ्रष्टाचारमा कारवाही सुरु गरी भ्रष्टाचारबाट आर्जित सम्पत्तिलाई राष्ट्रियकरण गरेर राज्यकोषमा त्यो सम्पत्ति जम्मा गरेपछि मात्र भ्रष्टाचार-नियन्त्रणमा कारवाही गरेको ठहर हुन्छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गरेको र गर्ने काम-कारवाही भनेको नियमित र निरन्तर रूपमा चलिरहने भ्रष्टाचारविरुद्धको कारवाही हो। आयोगको कारवाहीले कुनै ठूलो परिवर्तनकारी नतिजा देखाउन सक्तैन। आयोगको काम-कारवाही जुनसुकै र जस्तोसुकै सरकार भए पनि आयोगले पाएको संवैधानिक र कानुनी अधिकारबमोजिम भ्रष्टाचारीलाई निरन्तर रूपमा कारवाही गरिरहेको हुन्छ। उदाहरणका लागि देउवा सरकारकै समयमा राजस्वसमूहका २२ जनाको घरमा छापा मारेर निजहरूलाई तुरुन्त हिरासतमा लिई भ्रष्टाचारमा अनुसन्धान सुरु गरेको थियो। त्यस्तै, पूर्वमन्त्रीद्वय खुमबहादुर खड्का र जयप्रकाश गुप्तालाई हाल कारवाही सुरु गरेको छ। त्यसैले भ्रष्टाचार-नियन्त्रणका लागि प्रभावकारी रूपमा कारवाही सञ्चालन गर्ने हो भने एउटा विशेष योजना बनाई यो नवगठित मन्त्रिपरिषद् भ्रष्टाचार-नियन्त्रणका लागि बेग्लै किसिमबाट प्रस्तुत हुन सक्नुपर्छ।

पाँचबुँदे निर्देशनले चन्द मन्त्रिपरिषद्लाई गहन जिम्मेवारी बोकाएको छ। यो निर्देशन यसै आएको होइन भन्ने कुरा वर्तमानको मन्त्रिपरिषद्ले राम्ररी बुझ्नुपरेको छ। अहिले देशमा सर्वत्र भ्रष्टाचारले किलो गाडेको छ र मुलुकको धेरै ठूलो भूभाग माओवादी समस्याले प्रभावित भएको छ। यी समस्याको समाधान नभएसम्म मुलुकभित्र शान्तिको वातावरण कायम हुन र जनतालाई सुशासनको प्रत्याभूति दिन सकिँदैन। साथै, यो अवस्थामा निर्वाचन पनि हुन सक्तैन। ती तोकिएका निर्देशन अनुरूपको कार्यमा चन्द मन्त्रिपरिषद्ले सफलता पाउन सक्ने वा नसक्ने भन्ने कुरा सरकारले गर्ने नीतिमा निर्भर हुनेछ।

त्यसैले लोकेन्द्रबहादुर चन्दको मन्त्रिपरिषद्ले ठीक समयमा गति लिन सकेको खण्डमा मात्र राज्यको नीति र राष्ट्रिय सहमतिसहितको अनुकूल परिस्थितिको सिर्जना हुन सक्नेछ र निर्देशनअनुसारको कार्य सम्पन्न हुन सक्नेछ। देशका आम बुद्धिजीवीहरू लोकेन्द्रबहादुर चन्दको सरकारले गति लिन नसकेकोमा चिन्तित छन्।



**नेपाल समाचारपत्र, २०५९ कार्तिक २४ गते आइतबार**

**भरत जङ्गम – 'पचास प्रसङ्ग' बाट**

## आजको अदालती न्यायव्यवस्था

न्याय सत्य हो भने असत्य अन्याय हो। अर्को अर्थमा, सत्य-असत्यका बीचको द्वन्द्वमा सत्यको पक्षमा निर्णय दिनु न्याय हो भने त्यस्तो निर्णय असत्यको पक्षमा पर्न गयो भने अन्याय हो। कुनै अदालतबाट भएको फैसला चाहे त्यो सत्यको वा असत्यको पक्षमा होस्, त्यसलाई भनिँदा न्याय दिएको भनिन्छ। त्यहाँ अन्याय नै भए पनि न्याय भएको ठहरिन्छ। यो प्रजातान्त्रिक परिपाटीको न्यायव्यवस्था हो। यसलाई मान्नुपर्छ, नमान्दा असभ्य सावित हुन्छ।

आजको अदालती न्यायव्यवस्था युरोपेली न्यायव्यवस्थाको सिद्धान्तअनुरूप प्रचलनमा आएको व्यवस्था हो। यस व्यवस्थाअन्तर्गत न्याय पाउन बढी से बढी समयको आवश्यकता मात्र पर्ने होइन, ठूलो धनराशिको पनि त्यत्तिकै खाँचो हुन्छ। त्यसपछि पनि कुन हदसम्म न्याय हुन्छ, त्यो हामी सबैले भोगे-जानेकै कुरा हो। स्पष्ट भाषामा भन्ने हो भने यो न्यायिक व्यवस्था हाम्रो जस्तो अशिक्षित नागरिकको बाहुल्य भएको देशमा सफल सावित हुन सक्तैन, बरु वकिल र न्यायाधीश पेसाका व्यक्तिहरू यस व्यवस्थामा रमाइला नाटक गरेर जनतालाई कानुनी रूपले शोषण गर्न समर्थ भएका हुन्छन्।

**– न्यायिक व्यवस्था : न्यायमूर्तिको छनोट**

## सन्दर्भ : शाही नेपाल वायुसेवा निगम र भ्रष्टाचार

# कहिले सुध्रेला शानेवानिको अवस्था ?

नेपाल सरकारको पूर्ण स्वामित्वमा सञ्चालन हुने गरी शाही नेपाल वायुसेवा निगम ऐन, २०१४ अन्तर्गत शानेवानिको स्थापना भएको हो । सुरुका दुई दशक निगमको सञ्चालन राम्ररी गरिएको देखिए तापनि सत्तापक्षको निरन्तर परिरहने मारबाट भने कहिल्यै उम्कन सकेन । पञ्चायती शासनकालमा पनि पार्टपुर्जा खरिद र जहाज खरिद गर्ने कार्यमा सत्तापक्षको हस्तक्षेप कम थिएन । जुनसुकै राजनीतिक व्यवस्था भए पनि सधैं सत्तासीनहरूको गिद्धेदृष्टिले सताइएको शानेवानिले यो दस वर्ष नोक्सानै-नोक्सान व्यहोर्नुपरेको छ । शानेवानि पूर्णरूपेण हवाइमाफियाको नियन्त्रणभित्र फसिसकेको छ ।

जहाज भाडामा लिँदा टेन्डर गराएर मात्र लिनुपर्ने सामान्य नियमलाई निगमले पटक-पटक उल्लङ्घन गरेको छ । अ० दु० अ० आ० र सार्वजनिक लेखासमितिको टेन्डरबाट मात्र जहाज भाडामा लिनुपर्ने कडा निर्देशन हुँदाहुँदै पनि हालै निगमले अस्ट्रियाको लाउडा एयरसँग १२ वर्ष पुरानो बोइङ ७६७-३०० विमान भाडामा लिने सम्झौता गर्‍यो । माफियाको निर्देशनमा उक्त कम्पनीलाई २० हजार डलर पेस्की दिएर आर्थिक नियमसमेतलाई निगमका पदाधिकारीले हाँक दिएका छन् ।

अस्ट्रेलियाको एन सेट वर्ल्डवाइड सर्भिसेजसँग सम्झौता भएर पनि जहाज किन आएन भन्नेबारेमा निगमले केही बोलेको छैन । हरेक यस्ता सम्झौतामा निगम नोक्सानीमा पर्ने गरेको छ । जस्तै, दुई वर्षअघि दिनेश धमिजालाई एकमुस्ट १५ करोड रुपियाँ बुझाएर शानेवानिले राहतको सास फेरेको थियो ।

श्री ५ को सरकारले शानेवानिलाई निजीकरण गर्ने पङ्क्तिमा उभ्याइसकेको छ । कसरी गर्ने र के-कति कमिसनको बाँडफाँडमा गर्ने भन्ने गृहकार्य पूरा भइनसकेको हुँदा मात्र केही समय रोकिएको छ । हवाइनीति, २०५१ बनाएर पहिले आन्तरिक सेवालाई निजी क्षेत्रमा हस्तान्तरण गर्दै अन्तर्राष्ट्रिय क्षेत्रमा पुग्ने लचिलो नीति लिएको सरकारले मौका पर्नेबित्तिकै शानेवानिलाई जो-कोहीलाई पनि हस्तान्तरण गर्न सक्छ । यी सबै कार्य गर्न सरकारमा आसीन भ्रष्टहरू र माफियाहरूलाई आर्थिक उदारीकरणको सूत्रले टेवा दिएको छ ।



केही महिनाअघि निगमको राष्ट्रिय ध्वजावाहक बोइङ ७५७ जेट विमान दुई वटा बिक्री गरी फ्रान्सेली कम्पनीको एयरबस विमान खरिद गर्ने निर्णय भएको थियो । निगमसँग भएका दुई वटा बोइङ ७५७ जहाजहरूमध्ये एउटा १३ वर्षअगाडि र अर्को १२ वर्षअगाडि किस्ताबन्दीमा खरिद गरिएका थिए । प्रत्येक वर्ष ५० करोड रुपियाँका दरले किस्ता बुझाउँदै आएको शानेवानि यही वर्षदेखि उक्त दुई वटा बोइङ ७५७ को ऋणबाट मुक्त भएको छ । यो तिर्दै आएको रकम मात्र निगममा बचत भयो भने सालको ५० करोड मुनाफा आर्जन गर्न सक्नेछ । तर शानेवानिलाई ऋणमुक्त अवस्थामा देख्न नचाहने भ्रष्ट तत्त्वहरूले यी १० वर्ष पुराना जहाज काम नलाग्ने ठहर बिक्री गर्ने योजना बनाएका छन् ।

आजभन्दा आठ वर्षअघि यस्तै राजनीतिक वातावरण अर्थात् गिरिजाप्रसाद कोइरालाको नेतृत्वको सरकार भएको समयमा चलिरहेका बोइङ ७२७ दुई वटा विमान त्रि० वि० एयरपोर्टबाट उडाएर नै अमेरिका लगिएका थिए । चालु अवस्थामा यहाँबाट उडेर गएका ती दुई वटा विमान अमेरिका पुगेपछि निगम-प्रशासनले पत्रु घोषित गरी बिक्री गर्ने कार्यविधि अघि बढायो । सत्तामा रहेका भ्रष्टहरूले माफियासमूहले कति करोड रुपियाँ कुम्ल्याए, त्यो भन्न र अनुमान गर्न सकिएन । तर निगमले भने शुद्ध ११ करोड रुपियाँ मात्र पायो । स्मरण रहोस्, नेपालजस्तो गरिब मुलुकले काम नलाग्ने घोषित गरी पत्रुका भाउमा ८ वर्षअगाडि बिक्री गरेका ती विमानहरू अहिलेसम्म पनि अरब मुलुकका आकाशमा उडिरहेका छन् ।

प्रजातान्त्रिक प्रणाली भनेको लुटतान्त्रिक प्रणाली होइन, जसले जे गरे पनि छुट हुने राजनीतिक व्यवस्था पनि होइन, साथै सार्वजनिक सम्पत्तिलाई निजी सम्पत्तिसरह उपभोग गर्न पाउने निजतान्त्रिक व्यवस्था पनि होइन । तर सरकारमा पुगेका दलीय नेताहरूले कहिल्यै सम्झन र बुझ्न सकेनन् कि उनीहरूलाई जनताले निश्चित समयावधिका लागि निश्चित काम तोकेर पठाएका हुन्छन् र उनीहरूले व्यवस्थित ऐन-कानुनको मर्यादाभित्र रहेर आ□नो कार्यकाल र निर्देशित कार्य सम्पन्न गरेर फर्कनुपर्छ । ती नेतृत्वमा रहेका व्यक्तिहरूलाई जानकारी हुनुपर्छ कि उनीहरूको कार्यकालमा भए-गरेका बदमासीको पछि पनि छानबिन हुन सक्छ र त्यसको पूर्ण जिम्मेवारी तिनै व्यक्तिले मात्र लिनुपर्छ । जस्तो, गत हप्ता भारतका पूर्वप्रधानमन्त्री नरसिंह रावलाई प्रधानमन्त्री हुँदा भ्रष्टाचार गरेबापत अदालतले तीन वर्षको जेलसजाय सुनाएको छ । त्यसैले यहाँ पनि वर्तमानका सत्तासीनहरूमा भोलि कार्यवाही हुँदैन र हुन सक्तैन भन्ने सोच रहनु हुँदैन ।

सरकार परिवर्तन हुनेबित्तिकै शानेवानिमा ठूलो भुइँचालो आउने गर्छ र गत दस वर्षको अवधिमा मात्र कार्यकारी अध्यक्ष र निर्देशक गरी १९ जना नयाँ अनुहार आए र गए । प्रत्येक नयाँ भर्ती भएर आउने अध्यक्ष तथा सञ्चालकहरूले निगमलाई आ-आ□नो किसिमबाट सञ्चालन गर्न खोजे र गरे । राज्यकोषको पूँजीबाट सञ्चालित शानेवानिजस्तो नाफामूलक सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्छ भन्ने भावनाबाट वञ्चित आजका राजनीतिक दलका नेता तथा कार्यकर्ताका कारणले चार दशकअघिदेखि सञ्चालित शानेवानिको विमानसेवा बन्द हुने अवस्थामा पुगेको छ ।

शानेवानिसँगसँगै सञ्चालन भएको थाई इन्टरनेसनल एयरलाइन्सले अरबौँ डलर मुनाफा कमाई विश्वभरि आ□नो सेवा सञ्चालन गरेको छ भने दुई दशकको छोटो इतिहास भएको विमान बङ्गलादेश इन्टरनेसनल एयरलाइन्सले पनि अरबौं डलरको सम्पत्ति जोड्न सक्षम भइसकेको छ। तर शानेवानि भने बोइङकाण्ड, धमिजाकाण्ड, जी० एस० ए० काण्ड र चाइना साउथ एयर काण्ड आदि काण्डैकाण्डले घेरिएर बसेको छ।

शानेवानिमा कसरी भ्रष्टाचार हुने गर्छ भन्नेबारेमा तत्कालीन कार्यकारी निर्देशक कल्याणदेव भट्टराईले एउटा श्वेतपत्र जारी गर्नुभएको थियो। त्यो श्वेतपत्रलाई 'नेपाली आवाज' ले आ□नो 'भ्रष्टाचारविरुद्ध विशेषाङ्क' मा छापेर सार्वजनिक गरिदिएको छ। निगमको सुरुदेखिको उतारचढावको घटनादेखि लिएर बहुचर्चित धमिजाकाण्डको सम्झौतासमेत सार्वजनिक भएका छन्। यसबाट सत्तापक्षबाट भएका अनेकानेक अन्याय-अत्याचारलाई निगमले कसरी सहन गरेर ४३ वर्ष पार गरेको छ भन्नेबारेमा पनि अध्ययन गर्न सकिन्छ।

शानेवानिमा भएका अनियमितताका बारेमा अनेक जाँच आयोग गठन भएका थिए। तीमध्ये महत्त्वपूर्ण आयोग हो न्यायाधीश मीनबहादुर रायमाझीको अध्यक्षतामा गठित आयोग। यो आयोगले श्री ५ को सरकारलाई प्रतिवेदन बुझाएको वर्षौं भइसक्यो तर कार्यवाही भने शून्य छ। केवल थामथुम नीतिअन्तर्गत आयोग गठन गर्न र प्रतिवेदन लिन थालेपछि त्यसले औंल्याएअनुसार कार्यवाही पनि नगर्ने साथै त्यस्तो प्रतिवेदन सार्वजनिक पनि नगरी गुपचुप गायब गर्ने नीतिअनुसार त्यो रायमाझी-प्रतिवेदन पनि गायब गरिएको छ। सरकारको यस्तो नीचतापूर्ण कार्यले गर्दा आम बुद्धिजीवी चिन्तित भएका छन्।

**साप्ताहिक विमर्श, २०५७ कार्तिक ४ गते शुक्रबार**

**भरत जङ्गम – 'पचास प्रसङ्ग' बाट**

### विरोधमा पनि सन्दर्भ आवश्यक

विरोध हुनुपर्छ तर समय र सन्दर्भ मिल्नुपर्छ। ठीक समयमा ठीक बाटो औंल्याउन सके मात्र ठीक बाटोमा लाग्न सक्छ। जथाभावी, अनिश्चित एवम् असान्दर्भिक विरोधले यात्रा तय हुन सक्तैन।

**– थाल ठटाउँदैमा अधिनायकत्व पाइँदैन**

# जहाजमाफियाको नियोजित व्यवस्थाउपर कानुनी उपचारको खाँचो



धमिजाकाण्डले चर्चित 'फस्ट एयरलाइन्स रिप्रिजेन्टेसन युरोप लिमिटेड' नामक संयुक्त अधिराज्यमा केवल एक पाउन्ड (अर्थात् करिब १०० रुपियाँ) पूँजीमा दर्ता भएको व्यापारिक कम्पनीलाई शानेवानिले कुन परिस्थिति र दबाबबाट युरोपका लागि जनरल सेल्स एजेन्ट नियुक्त गऱ्यो भन्ने विषय यसअघि नै चर्चामा आएको थियो।

भारतीय मूलका दिनेश धमिजा नामक व्यक्ति मालिक रहेको उक्त फेयर लिमिटेडसँग शानेवानिले ३१ मार्च १९९३ का दिन करोडौं रुपियाँको कारोबार गर्न विधिवत सम्झौता सम्पन्न गऱ्यो र लाखौं रुपियाँको टिकट सुम्पेर एजेन्ट मुकर्रर गऱ्यो। फेयर लिमिटेडले युरोपको जी० एस० ए० पाएपछि शानेवानिबाट बढीभन्दा बढी सहुलियत प्राप्त गर्न थाल्यो। निगमबाट वार्षिक सयौं थान लन्डन-काठमाडौं-लन्डन टिकट फेयर लिमिटेडले निःशुल्क पाउने पनि सम्झौतामा व्यवस्था भएको थियो। शानेवानिको रेकर्डमा २०५० देखि २०५२ दुई आर्थिक वर्षमा ३ करोड १० लाख मूल्यबराबरको जम्मा ९७६ थान निःशुल्क टिकट वितरण भएको देखिन्छ जसको ठूलो सङ्ख्या फेयर लिमिटेडले प्राप्त गरेको थियो।

निगमलाई नोक्सानमा पार्ने र फेयर लिमिटेडलाई फाइदा दिलाई सत्तासीनका नजिकका व्यक्तिहरूले कमिसन कुम्ल्याउने योजनारचित घटना नै पछि धमिजाकाण्डका रूपमा चर्चित हुन पुग्यो। शानेवानिले उक्त एजेन्टसँग यू० एस० डलर २४ लाख अर्थात् त्यस बखतको विनिमय मूल्यअनुसार १३ करोड रुपियाँ असुल गर्न बाँकी भएपछि निगम र एजेन्टका बीचमा समस्या सिर्जना भयो। कमिसनखोरकै नियोजित व्यवस्थाअनुरूप फेयर लिमिटेडले लन्डनको अदालतमा निगमविरुद्ध मुद्दा दायर गऱ्यो। निगम कुनै प्रतिवाद गर्न नगई चुप लागेर बस्यो, अर्थात् निगमलाई प्रतिवाद नगर्न निर्देशन दिइयो। यो सबै हवाइमाफियाको परिपञ्च र खेल थियो। अन्तमा शानेवानिले १५ करोड रुपियाँ एकमुस्ट दिनेश धमिजालाई बुझाई निगम दिनेश धमिजाको पञ्जाबाट मुक्त भयो। शानेवानिका तर्फबाट सम्झौतामा दस्तखत गर्ने कार्यकारी निर्देशक प्रदीपराज पाण्डेलगायत अन्य सञ्चालकहरू बदनामीका साथ शानेवानिबाट हटाइए। सरकारले न्यायाधीश मीनबहादुर रायमाझीको अध्यक्षतामा छानबिन आयोग गठन गऱ्यो। छानबिन आयोगले श्री ५ को सरकारलाई प्रतिवेदन पेस गऱ्यो तर आयोगको प्रतिवेदन आजसम्म कार्यान्वयन हुन सकेको छैन। आयोगको प्रतिवेदनमा स्पष्ट भनिएको छ कि दिनेश धमिजालाई एजेन्ट नियुक्त गर्ने शानेवानिको सञ्चालक समितिको बैठक प्रधानमन्त्री निवास बालुवाटारमा बसेको थियो। सञ्चालक समितिको बैठक बस्ने निगमको आ□नै कार्यकक्ष छ तर पनि किन निगमको कार्यकक्षबाट बाहिरिएर सञ्चालक समितिको बैठक बस्नुपऱ्यो, यसबारेमा पछिका अनुसन्धानकर्ताले निर्क्योल गर्नुपर्नेछ।

हालै शानेवानिले अस्ट्रियाको लाउडा एयरसँग १२ वर्ष पुरानो बोइङ ७६७-३०० विमान भाडामा लिने सम्झौता गऱ्यो। यति मात्र होइन, निगमले बिनाग्यारेन्टी सो लाउडा एयरलाई यू० एस० डलर १० लाख नगद पेस्की र १० लाखको बैङ्क

ग्यारेन्टी गरी जम्मा यू० एस० डलर २० लाख अग्रिम पेस्की दिएर मुलुकको आर्थिक नियमलाई उल्लङ्घन गरेको छ । यो पेस्की दिलाइएको थिएन भने सम्बन्धित पक्षले यहाँको कामको चाँजापाँजो मिलाउनेहरूलाई कमिसनको रकम भुक्तनी सुरु गर्न पनि सक्तैनथ्यो । यसरी नै चेज एयरको काण्ड सुरु भएको थियो । यसको कथा बेग्लै छ । अन्तमा करोडौँ रुपियाँको नोक्सानीपछि निगमले राहतको सास फेरेको थियो ।

यो लाउडा एयरसँग सम्झौता गर्नु केही महिनाअघि निगमले सत्ताधारीको दबाबमा र कमिसनको चक्करमा एउटा रमाइलो निर्णय गरेको थियो – शानेवानिको चलिरहेको बोइङ ७५७ जेट विमान दुई वटा बिक्री गरी फ्रान्सेली कम्पनीको एयरबस विमान खरिद गर्ने । निगमसँग भएका दुई वटा बोइङ ७५७ जहाजहरूमध्ये एउटा १३ वर्षअगाडि र अर्को १२ वर्षअगाडि किस्ताबन्दीमा खरिद गरिएका थिए । प्रत्येक वर्ष ५० करोड रुपियाँका दरले किस्ता बुझाउँदै आएको शानेवानि यही वर्षदेखि उक्त दुई वटा बोइङ ७५७ को ऋणबाट मुक्त भएको छ । यो वर्षेनी तिर्दै आएको रकम मात्र पनि बचत भयो भने निगमले सालको ५० करोड मुनाफा बचाउन सक्नेछ । तर निगमको हाडखोरसम्म बाँकी नराखी लुट्न व्यस्त समूहले भने १० वर्ष पुरानो जहाज राख्न नहुने तर्क दिएर बिक्री गर्ने निर्णय गरिसकेका छन् ।

केही महिनाअघि शानेवानिले अस्ट्रेलियाको 'एन सेट वर्ल्ड सर्भिसेज' सँग जहाज भाडामा लिने सम्झौता गरेको थियो । यू०एस० डलर ४३०० सय प्रतिघन्टाको दरले भाडामा लिने प्रथम सहमतिलाई कहिले जहाजको आकार र उमेरमा परिवर्तन गर्दै त कहिले उडानघन्टाको परिवर्तन गर्दै अन्तमा यू०एस० डलर ३५०० प्रतिघन्टा निश्चित भएको जानकारी पाइएको थियो । पछि के भयो, कुनै जानकारी पाइएन । तर यसबारेमा निगमले आधिकारिक रूपमा कुनै जानकारी नदिए पनि अन्तमा कमिसनकै लेनदेनको कारण सम्झौता कार्यान्वयन हुन सकेन भन्ने बुझियो ।

अर्को जानकारी राख्नुपर्ने घटना – नेपाली आकाशमा उडिरहेको बोइङ ७२७ दुई वटा जहाज काम नलाग्ने भनी आजभन्दा आठ वर्षअघि अमेरिका लगी पत्रुको भाउ अर्थात् दुई वटा बोइङ जहाज जम्मा ११ करोड रुपियाँमा बिक्री गरेर यिनै कमिसनखोरले करोडौँ रुपियाँ कुम्ल्याएका थिए । जहाज काठमाडौँ एयरपोर्टबाट उडाएर अमेरिका लगिएका थिए । नेपालजस्तो गरिब मुलुकका लागि ती दुवै जहाज काम नलाग्ने ठहर भए पनि जहाज खरिदकर्ताले भने ती दुवै बोइङ ७२७ जहाजलाई खाडीका मुलुकहरूको आकाशमा अहिलेसम्म उडाइरहेका छन् ।

प्रजातान्त्रिक प्रणाली भनेको लुटतान्त्रिक राजनीतिक प्रणाली होइन, जसले जे गरे पनि छुट हुने व्यवस्था पनि होइन, साथै सार्वजनिक सम्पत्तिलाई निजी सम्पत्तिसरह उपभोग गर्न पाउने निजतान्त्रिक परिपाटी पनि होइन । ती सत्तामा पुगेका दलीय नेताहरूले कहिल्यै सम्झन र बुझ्न सकेनन् कि उनीहरूलाई जनताले निश्चित समयावधिका लागि निश्चित काम गर्न तोकेर पठाएका हुन्छन् र उनीहरूले व्यवस्थित ऐन-कानुनको मर्यादाभित्र रहेर आ□नो कार्यकाल र निर्देशित कार्य सम्पन्न



गरेर जनसमाजमै फर्कनुपर्छ । जनताको नेतृत्व लिएर सत्तामा पुगेकाहरूले आ□नो कार्यकालमा भए-गरेका सबै गलत कामको जिम्मेवारी व्यक्तिगत रूपमा लिनुपर्छ ।

भारत नयाँ दिल्लीको एक विशेष अदालतले लाखौँ डलरबराबरको घूसकाण्डमा संलग्न रहेको आरोपमा दोषी ठहरिएका भारतका पूर्वप्रधानमन्त्री पी० भी० नरसिंह रावलाई यही अक्टोबर १२ तदनुसार २०५७ असोज २६ गते तीन वर्षको कारावास-सजाय तोकेको छ । पूर्वगृहमन्त्री बुटा सिंहलाई पनि तीन वर्षकै कारावास-सजाय तोक्नुका साथै उहाँहरू दुवै जनालाई एक-एक लाख डलर जरिवाना गर्ने सजाय पनि अदालतले सुनाएको छ । ७९ वर्षीय राव आपराधिक क्रियाकलापमा दोषी ठहराइएका पहिलो भारतीय पूर्वप्रधानमन्त्री हुनुहुन्छ । भारत तामिलनाडुका पूर्व मुख्यमन्त्री जयललितालाई पनि सत्ताकालमा सरकारी सामान खरिदकार्यमा करोडौँ रुपियाँ घूस खाएको अभियोगमा मुद्दा चली निर्णय हुँदा तीन वर्षको कारावास तोकिएको छ ।

यो उदाहरण नेपाली समाजमा अनुकरणयोग्य भएको छ । शानेवानिको सम्पत्तिमा गिद्देदृष्टि राख्ने समूह कसैबाट छुपेको वा लुकेको छैन, केवल न्यायिक प्रविधि जुटाउने गृहकार्यको मात्र खाँचो छ । चाँडोभन्दा चाँडो आवश्यक गृहकार्य गरेर ती जहाजमाफिया र तिनका मतियारहरूलाई अदालतको कठघरामा उभ्याउनुपरेको छ । यसपछि मात्र शानेवानि उन्नति र विकासको बाटोमा लम्कन सक्नेछ ।

**कान्तिपुर दैनिक, २०५७ कार्तिक २१ गते सोमवार**

**भरत जङ्गम – 'पचास प्रसङ्ग' बाट**

## दलीय स्वार्थ हेर्दाको असर

सरकारमा पुगेकाहरूले मुलुकको स्वार्थभन्दा दलीय स्वार्थ हेर्न थालेपछि गल्तीहरू दोहोरिँदै जान्छन्, अनि एक दिन सरकार, प्रचलित व्यवस्था र जनता सबै दलदलमा फस्छन् । त्यति खेर झल्याँस्स ब्यूँझन्छन् र आ□नो गल्ती सम्झन्छन्, जति खेर उत्रन नसक्ने अवस्थामा डुबिसकेका हुन्छन् ।

**– निजी हवाईसेवा र राष्ट्रिय सुरक्षा**

# शानेवानिको जहाज बिक्री, धमिजा र लाउडा काण्डमा एउटै गिरोह

प्रतिनिधिसभाको बैठकले २०५७ फागुन ४ गते बिहीबार पनि आ□नो नियमित कार्य अगाडि बढाउन नसकेपछि बैठक चार दिनपछि आज सोमबार बस्ने गरी स्थगित भएको थियो । प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको राजीनामा माग गर्दै प्रमुख प्रतिपक्षी दलको नेतृत्वमा सुरु भएको बैठक-अवरोध-कार्यक्रमले आजसम्म निकास पाएको छैन । माघ २५ गतेदेखि आरम्भ भएको २०५७ सालको शीतकालीन प्रतिनिधिसभाको अधिवेशन प्रारम्भ भएदेखि नै गतिरोध उत्पन्न भएकाले तोकिएका चार बैठक नियमित कार्य अगाडि बढ्न नसकी अवरुद्ध भएका छन् । यसबाट मुलुकलाई कति घाटा भएको छ र यस्ता अवरोध-कार्यक्रमले कति घाटा पार्छ भन्ने सत्तापक्ष र प्रतिपक्षका सांसदहरूलाई कुनै मतलब छैन । लाग्छ, यी सबै मुलुक-सञ्चालन गर्न जनप्रतिनिधि भएका होइनन्, केवल सत्तामा चिप्किरहन, भ्रष्टाचारलाई बढाउन मात्र कार्यरत भएका छन् ।

प्रमुख प्रतिपक्षी एमालेको नेतृत्वमा एकबद्ध भएका प्रतिपक्षी दलहरूले यो पटक जायज माग राखेर घेराउ सुरु गरेका छन् । कति कुराहरू कानुनको विपरीत हुँदा पनि ठीक भन्नुपर्छ, कारण बहुमतको प्रधानमन्त्रीले नैतिकतालाई बिर्सिदिँदा यसै गरी निजलाई नैतिकताको पाठ सिकाउनुपर्छ । यस पटक विपक्षी दलबाट लाउडा एयर भाडामा लिनेसम्बन्धमा भएको भ्रष्टाचारलाई मूल मुद्दा बनाइएको छ । आरोपमा भनिएको छ – 'प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला भ्रष्टाचारमा संलग्न भएका छन्, अनुसन्धानका लागि बाटो खुला गर्न राजीनामा अनिवार्य छ ।' यससम्बन्धमा कोइरालाले प्रतिनिधिसभा सार्वजनिक लेखासमितिमा समेत गएर बयान दिइसक्नुभएको छ । त्यसैले यो कुनै नौलो कुरा पनि होइन र प्रधानमन्त्री स्वयम्लाई पनि यस प्रकरणमा को-को दोषी छन् भन्नेबारेमा पनि भरपूर जानकारी छ । उहाँ पूर्णरूपमा संलग्न भएर पनि यस कारवाहीलाई अगाडि बढाउन चाहनुहुन्न । तर उहाँले यसबारेमा सरम भने मान्नुभएको छ । यस अधिवेशनको चार बैठकमा उहाँको अनुपस्थिति नै मूल प्रमाण हो ।

बहुमतको सरकार छ भन्दैमा सत्तासीनले जे मनमा लाग्यो त्यो गर्न पाउने छुट व्यवस्थित संविधान र प्रचलित कानुनले दिन सक्तैन । कानुनभन्दा माथि बस्न खोज्दा जहिले पनि शिखरबाट झरेर फेदीमा पछारिन्छ भन्ने सत्यलाई कसैले भुल्नु हुँदैन । यो दस वर्षको अवधिमा सबैभन्दा बढी समय सत्तामा बस्न पाउनुभएका गिरिजाप्रसादजीले त अझ बिर्सनु हुँदैन । पदत्याग गर्नेबित्तिकै मृत्यु नै हुन्छ भन्ने भावनाबाट उहाँ अलग्गिन सक्नुभयो भने उहाँको नै विजय हुन्छ ।



थोरै कमिसन खाने लोभमा भाडामा दिइएको लाउडा-प्रकरणले शानेवानिलाई टाट पल्टाउन थालिसकेको छ । सो कुरामा शानेवानिका कर्मचारीले प्रेसविज्ञप्ति प्रकाशित गरी यथार्थ जानकारी दिएका छन् । यससम्बन्धमा सरकार र जहाजमाफिया दुवै मौन छन् । शानेवानिलाई बचाउने जिम्मा कसको हो ? निकमको बढ्दो घाटा कसले बेहोर्ने हो ? कमिसनको खेल खेल्ने जहाजमाफियाबाट निगमको घाटा पूर्ति गराउने कानुनी प्रावधान छ ? आदि प्रश्नले आम नागरिकलाई चिन्ताग्रस्त तुल्याएको छ । कर्मचारीको विज्ञप्तिमा भनिएको छ – 'लाउडा एयर प्रकरणको कारणले गर्दा प्रतिमहिना १५ करोड रुपियाँ शानेवानिलाई घाटा लाग्न सुरु भएको छ ।'

स्मरण रहोस्, धमिजा काण्डले चर्चित 'फस्ट एयरलाइन्स रिप्रिजेन्टेसन युरोप लिमिटेड' नामक संयुक्त अधिराज्यमा केवल एक पाउन्ड (अर्थात् करिब १०० रुपियाँ) पूँजीमा दर्ता भएको कम्पनीलाई शानेवानिले जनरल सेल्स एजेन्ट नियुक्त गरेको थियो । भारतीय मूलका दिनेश धमिजा नामक व्यक्ति मालिक रहेको उक्त फेयर लिमिटेडसँग शानेवानिले ३१ मार्च १९९३ का दिन करोडौं रुपियाँको कारोवार गर्न विधिवत सम्झौता सम्पन्न गऱ्यो । शानेवानिले उक्त एजेन्टसँग यू० एस० डलर २४ लाख अर्थात् त्यस बखतको विनिमय मूल्यअनुसार १३ करोड रुपियाँ असुल गर्न बाँकी भएपछि निगम र एजेन्टका बीचमा समस्या सिर्जना भयो । कमिसनखोरहरूकै नियोजित व्यवस्थाअनुरूप फेयर लिमिटेडले लन्डनको अदालतमा निगमविरुद्ध मुद्दा दायर गऱ्यो । निगमले कुनै प्रतिवाद गर्न नगई चुप लागेर बस्यो, अर्थात् निगमलाई प्रतिवाद नगर्न निर्देशन दिइयो । यो सबै हवाइमाफियाको परिपञ्च र खेल थियो । अन्तमा शानेवानिले १५ करोड रुपियाँ एकमुस्ट दिनेश धमिजालाई बुझाई निगम दिनेश धमिजाको पञ्जाबाट मुक्त भयो । पछि सरकारले न्यायाधीश मीनबहादुर रायमाझीको अध्यक्षतामा छानबिन आयोग गठन गऱ्यो । छानबिन आयोगले श्री ५ को सरकारलाई प्रतिवेदन पेस गऱ्यो तर आयोगको प्रतिवेदन आजसम्म कार्यान्वयन हुन सकेको छैन । आयोगको प्रतिवेदनमा स्पष्ट भनिएको छ कि दिनेश धमिजालाई एजेन्ट नियुक्त गर्ने शानेवानिको सञ्चालक समितिको बैठक प्रधानमन्त्री निवास बालुवाटारमा बसेको थियो । सञ्चालक समितिको बैठक बस्ने निगमको आ□नै कार्यकक्ष छ तर पनि किन निगमको कार्यकक्षबाट बाहिरिएर सञ्चालक समितिको बैठक बस्नुपऱ्यो, यो अनुसन्धानको विषय देखिएको छ ।

त्यस्तै अर्को महत्त्वपूर्ण घटना हो – नेपाली आकाशमा उडिरहेको बोइङ ७२७ दुई वटा जहाज काम नलाग्ने भनी आजभन्दा आठ वर्षअघि अमेरिका लगी पत्रुको भाउ अर्थात् दुई वटा बोइङ जहाज जम्मा ११ करोड रुपियाँमा बिक्री गरेर यिनै कमिसनखोरले करोडौं रुपियाँ कुम्ल्याएका थिए । जहाज काठमाडौं एयरपोर्टबाट उडाएर अमेरिका लगिएका थिए । नेपालजस्तो गरिब मुलुकका लागि ती दुवै जहाज काम नलाग्ने ठहर भए पनि जहाज खरिदकर्ताले भने ती दुवै बोइङ ७२७ जहाजलाई खाडीका मुलुकहरूको आकाशमा अहिलेसम्म उडाइरहेका छन् ।

यी पुराना धमिजा काण्ड र जहाज बिक्रीकाण्डका योजनाकार नै वर्तमानका लाउडा प्रकरणका सर्जक हुन् । ती जहाजमाफियाका मतियारहरू वर्तमानमा पनि कोही पर्यटन विकास बोर्डमा र कोही नेपाल राष्ट्र बैङ्कमा कार्यरत छन् ।

अस्ट्रियाको लाउडा एयरसँग १२ वर्ष पुरानो बोइङ ७६७–३०० विमान भाडामा लिने सम्झौता गराउन कार्यरत व्यक्ति हुन् दिनेश श्रेष्ठ । दिनेश श्रेष्ठ एक व्यापारी भएको हुँदा व्यापार बढाउने कोसिस गर्नु उनको धर्मभित्र पर्छ तर एउटा निगमलाई घाटा पारी कुनै काम मिलाउन दबाब सिर्जना गर्नु र अनुचित लाभका लागि भूमिगत रूपमा काम गर्नुचाहिँ जघन्य अपराध हो र भ्रष्टाचार हो । जहाजको आवश्यकता परी शानेवानिले कुनै विज्ञापन गरी जहाज भाडामा मागेको पनि होइन र वास्तवमा शानेवानिलाई जहाज भाडामा चाहिने अवस्था पनि थिएन, तर यो सबै कमिसनको भुमरीले निम्त्याएको घटना थियो । एकपछि अर्को नाटकको दृश्य बदलिँदै सम्झौतामा उल्लेख भएको अग्रिम भुक्तानीलाई निगमले यू० एस० डलर २० लाख नगद पेस्की दिएपछि मामिला चर्कियो र यो मुद्दा प्रतिनिधिसभाको सार्वजनिक लेखासमितिले केलाउन थाल्यो । मुलुकको आर्थिक नियमलाई उल्लङ्घन गरेर पठाएकोमा आपत्ति जनाउँदै यो कार्य पूर्ण रूपले अवैध भएको विषयलाई सार्वजनिक गर्दै यो लाउडा जहाज प्रकरणलाई रोक लगाउन श्री ५ को सरकारलगायत शानेवानिलाई समेत समितिले निर्देशन दियो । तर कार्य रोकिएन, जहाज आयो ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले लाउडा एयर भाडामा लिने कार्यमा भ्रष्टाचार भएको छ भनी तत्सम्बन्धमा अनुसन्धान सुरु गरिरहेको छ । निगमका कार्यकारी अध्यक्ष हरिभक्त श्रेष्ठ निलम्बित भएका छन् भने मन्त्री तारिणीदत्त चटौतले मन्त्री पदबाट राजीनामा दिइसकेका छन् । यसमा गिरिजाप्रसादका अत्यन्त निकटका नातेदारहरू नोना कोइराला र सुजाता कोइरालाको संलग्नता छ भनेर पत्रपत्रिकाले स्पष्ट लेखिरहेका छन् । तर आयोगले पुर्जी काट्ने हिम्मत गरिरहेको छैन, अरू थप प्रमाणको खोजीमा छ । किनभने जसको नाउँ पत्रपत्रिकाले छापेका छन्, ती व्यक्तिहरूको शानेवानिमा कुनै वैधानिक संलग्नता देखिँदैन । प्रधानमन्त्रीले आयोगलाई अनुसन्धान गर्न बाटो खुला गरिदिनुपर्ने राय धेरै बुद्धिजीवीहरूबाट आउन थालेको छ । आई० सी० टी० सी० का रामलाल श्रेष्ठको नोना कोइरालासँग र दिनेश श्रेष्ठको सुजाता कोइरालासँग कुनै सम्पर्क नै छैन भनेर कसैले भन्न सकेका छैनन् । उता लाउडा एयरका आधिकारिक नेपाली एजेन्ट दिनेश श्रेष्ठ हुन् भन्ने प्रमाण अनुसन्धानको फाइलमा पेस भइसकेको छ ।

प्रजातान्त्रिक प्रणाली भनेको लुटतान्त्रिक राजनीतिक प्रणाली होइन, जसले जे गरे पनि छुट हुने व्यवस्था पनि होइन, सार्वजनिक सम्पत्तिलाई निजी सम्पत्तिसरह उपभोग गर्न पाउने निजतान्त्रिक परिपाटी पनि होइन, साथै कुनै परिवारविशेषले मात्र शक्ति परिचालन गर्न पाउने जहानियाँ शासन पनि होइन । तर युगौँयुगदेखि हुकुमी शासनले शासित नेपालीको मनस्थिति भने त्यही सामन्ती युगको घेराबाट मुक्ति पाउन सकेको छैन । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बुझ्न सक्नुपर्छ कि नेपाली समाजको संरचना, मान्यता र चलिआएका प्रचलनका आधारमा लामो अवधि



र चार पटक सरकारप्रमुख हुने सौभाग्य पाएका प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले यथेष्ट शक्ति उपभोग गर्ने अवसर पाएका छन् र गरेका छन् । यो सबैले बुझेसरह आयोगले पनि बुझ्नुपर्‍यो । साथै, त्यसतर्फ आयोग सतर्क हुनुपर्‍यो । आयोगले आ□नो अनुसन्धानको सिलसिलामा कसैलाई सोधपुछ नै गर्नु हुँदैन भन्ने कुनै कानुनले बन्देज लगाएको छैन । जनता चाहन्छ – शानेवानिको दस वर्षका सबै घोटाला र काण्डहरूलाई एकै मिसिलमा समावेश गरी अनुसन्धान गरोस् र वास्तविक भ्रष्टाचारीलाई नङ्ग्याउन समर्थ होस् ।

**कान्तिपुर दैनिक, २०५७ फागुन ८ गते सोमबार**

**भरत जङ्गम – 'पचास प्रसङ्ग' बाट**

## कुभावनालाई परित्याग गरौं

प्रजातन्त्र सद्विचार, सद्भाव र स्व-अनुशासनको नाम हो । कुभाव, कुविचार र मनपर्दो गर्नु त मुलुकमा प्रजातन्त्रको हत्या र अधिनायकवादलाई निम्तो दिनु हो । त्यसैले पार्टीका सबै नेताहरूलाई मेरो अनुरोध छ – कुभावनालाई परित्याग गरी सद्भावनालाई अङ्गीकार गरौं ।

**– कुभावना परित्याग गरी सद्भावनालाई स्वीकारौं**

**भरत जङ्गम – 'पचास प्रसङ्ग' बाट**

## स्ट्यान्डिङ अर्डरको मर्म

अख्तियारको दुरुपयोग भनेको घूस लिने र दिने मात्र होइन, पदीय दायित्व निर्वाह गर्न नसक्नु र पदीय आचरण नहुनु पनि हो । त्यसैले स्ट्यान्डिङ अर्डरको प्रयोग गर्दा व्यक्तिको स्वार्थभन्दा माथि उठेर राष्ट्र, राष्ट्रियता र जनताको हितलाई सर्वोपरि राखेर हेर्नुपर्छ । यही नै जङ्गीतर्फ रहेको स्ट्यान्डिङ अर्डरको मर्म हो, जो अख्तियारप्राप्त व्यक्तिले बुझ्न सक्नुपर्छ ।

**– पदाधिकारी र झन्डाको प्रयोग**

# काण्डैकाण्डले पुरिएको शानेवानि र मन्त्री शर्माको कथन

नेपाल उद्योग-वाणिज्य महासङ्घले गत मङ्सिर १५ गते आयोजना गरेको नवनियुक्त मन्त्रीहरूको स्वागत-समारोहको कार्यक्रममा पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सम्हालेका मन्त्री कुबेर शर्माले नेपालका नामुद व्यापारीहरूको उपस्थितिका माझमा सबैले बुझ्न सक्ने भाषामा शाही नेपाल वायुसेवा निगम १ अरब ५० करोड रुपियाँमा बिक्री गर्ने जानकारी दिनुभयो । मन्त्रीजीको त्यस्तो स्पष्ट र आधिकारिक सूचना सुनेपछि त्यस समारोहमा उपस्थितमध्ये प्रायः धरैले निगम खरिद गर्न उत्सुकता जाहेर गरे । यति मात्र होइन, निगम खरिद-बिक्रीमा मन्त्रीजीलाई आ□नो पक्षमा ढल्काउनका लागि त्यसै साँझदेखि मन्त्रीजीको आफन्तको खोजतलास गर्दै केही व्यापारीहरूको दौड सुरु भएको कुरा छापाहरूमा आउन थाल्यो । तर ४८ घन्टा बित्न नपाउँदै अर्थात् १७ गते मन्त्रीजीको गर्जनलाई संशोधन गरेर मन्त्रीजीले बोल्दै नबोलेको भनी सचिवालयबाट विज्ञप्ति प्रकाशित भयो । यसले सबै उपस्थित उद्योग-वाणिज्य क्षेत्रको ठूलो समुदाय र विद्वान् पत्रकारलाई आश्चर्यचकित तुल्यायो ।

यो उहाँका लागि नौलो थिएन । कारण, यसै गरी पाटन, मङ्गलबजारमा बोल्दा भ्रष्टाचारीले आत्मालोचना गरून् भन्ने कुरालाई पनि भोलि पल्टको समारोहमा 'बोलेकै होइन' भनेर जित्नुभयो र 'बोल्दै नबोलेका कुराहरू पनि पत्रकारहरूले लेखिदिनुहुन्छ' भनेर पत्रकारलाई लान्छना लगाउनुभयो, जबकि उहाँले बोलेको आवाजलाई रेकर्ड गरेको भाषण एक जना पत्रकारले सुनाएपछि उहाँप्रति मेरो दृष्टिकोण बदलियो । हुन त मन्त्री शर्माले उक्त १५ गतेको कार्यक्रममा शानेवानिको भ्रष्टाचारकाण्डको छानबिन भएमा गिरिजाप्रसाद कोइराला र माधव नेपालसमेत निजी क्षेत्रका उद्योग-व्यापारीहरू पनि जेल जान सक्ने कुरा उक्काउनुभएको थियो । यो अभिव्यक्तिसँग भने यो टिप्पणीकार पनि सहमति जनाउँछ । यो कुरा भने उहाँले साँच्चै नै जानेर बोलेजस्तो भान पर्न गएको छ । तर वास्तवमा उहाँलाई यति जानकारी छ जस्तो लाग्दैन । त्यसैले यो लेखमा शानेवानिका तालुक, मन्त्रालयका जिम्मेवार पदाधिकारीको जानकारीका लागि सङ्क्षेपमा शानेवानिलाई प्रत्यक्ष नोक्सानी दिने काण्डका बारेमा उल्लेख गर्ने अनुमति चाहन्छु ।

**धमिजाकाण्ड :**

दिनेश धमिजा नाम गरेको भारतीय मूलका ब्रिटिस नागरिकले पश्चिमका लागि शानेवानिको जनरल सेल्स एजेन्ट लिनका लागि तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाका सबैभन्दा नजिकका नातेदारलाई हिस्सेदार कायम गरी योजनाको तानाबाना बुन्न सुरु गरे । योजनाअनुसार सिङ्गो १ पाउन्ड (तत्कालीन रु.



१०० बराबर) पूँजी भएको फेयर लिमिटेड नामक एउटा कम्पनी बेलायतमा दर्ता भयो । प्रधानमन्त्री निवास बालुवाटारको एक कोठामा बसेको निगमको सञ्चालक समितिको बैठकले बढीभन्दा बढी सहुलियत दिँदै दिनेश धमिजा एकलौटी मालिक भएको फेयर लिमिटेडलाई युरोपका लागि एजेन्ट नियुक्त गऱ्यो र तत्कालै लाखौँलाख रुपियाँ बराबरको सुविधा पनि प्रदान गऱ्यो ।

पछि एमालेको नौमहिने शासनकालमा कल्याणदेव भट्टराई निगममा कार्यकारी निर्देशक भएर आएपछि उक्त फेयर लिमिटेडको एजेन्सी त खारेज भयो, तर कानुनी झमेला सुरु हुनबाट भने कसैले रोक्न सकेन । बेलायतमा भएको कानुनी कारवाहीमा वकिलको कामका लागि बेकर एन्ड म्याकान्जीलाई नियुक्त गरियो । एमालेका एक जना प्रभावशाली नेतासहित सम्मिलित भएको नेपालको कानुन व्यवसायी कम्पनीले समेत हिस्सा पाउने गरी बेकर एन्ड म्याकान्जी कानुनी सल्लाहकार मुकर्रर भएका थिए । सो कानुनी परामर्शदाताले मात्र यो धमिजा काण्डमा निगमबाट ३९ करोड रुपियाँ शुल्क असुल गरेको देखिन्छ । पछि पुनः नेपाली काङ्ग्रेसका चक्र बाँस्तोला पर्यटनमन्त्री रहँदा मन्त्रिपरिषद्को निर्णयले निज धमिजालाई क्षतिपूर्तिबापत १५ करोड रुपियाँ एकमुस्ट दिएर पठाइयो । यस काण्डमा मात्र शानेवानि करिब १ अर्ब रुपियाँ नोक्सानीमा परेको छ ।

**बोइङकाण्ड :**

शानेवानिसँग बोइङ ७२७ नाम गरेका पुराना दुइटा जहाज थिए । ती दुवै जहाज पुराना थिए, तर चलिरहेका थिए । कमिसनखोरहरूको गिद्धेदृष्टि परेपछि पुरानो जहाजलाई मर्मत गर्नुपर्ने ठहर गरियो र मर्मत गर्न भनी काठमाडौँबाट उडाएर नै अमेरिका लगियो । अमेरिका पुगेपछि ती दुवै जहाज पत्रुमा परिणत भए र जम्मा ११ करोड नेपाली रुपियाँमा बिक्री गर्ने निर्णय गरी बिक्री गरियो । वास्तवमा ती दुवै जहाज २२ करोडमा बेचिएका थिए । अनौठो कुरा के भने करिब दस वर्षअगाडि काम नलाग्ने भनी पत्रुको भाउमा बेचिएका ती जहाज आजसम्म पनि मध्यपूर्वका आकाशमा उडिरहेका छन् ।

**चेज एयर काण्ड :**

अमेरिकाको मियामी राज्यमा अफिस भएको भनिएको चेज एयर कम्पनीको जहाज भाडामा ल्याउने तय भई अग्रिम पेस्कीबापत ८ लाख अमेरिकी डलर निगमबाट भुक्तानी पठाउने काम भयो । कमिसनको चक्करमा भुक्तानी पठाउँदा निगमले अन्य कम्पनीलाई पठाउने काम गऱ्यो । त्यसपछि त्यो जहाज भाडामा दिने भनिएको चेज एयर कम्पनी कुनै किसिमको जहाजको कारोबार नै नगर्ने भन्ने रहस्य खुल्यो । कार्यकारी निर्देशक हङकङ राणाले गरेको उक्त कारोबारमा चेज एयरले लगेको ८ लाख अमेरिकी डलरमध्ये ४ लाख नेपालमा दिएको कमिसन कटाई ४ लाख अमेरिकी डलर मात्र निगममा फर्काइयो । यस काण्डमा निगमले करिब १२ करोड नोक्सानी बेहोर्नुपरेको छ । यस चेज एयर काण्डमा प्रत्यक्ष रूपमा सिसिल

विन्टर भन्ने मान्छे देखिए पनि प्रमुख नाइके भने भारतीय मूलका अमेरिकी नागरिक गोविन्द श्रीवास्तव थिए ।

**साउथ चाइना भाडाकाण्ड :**

चीनको साउथ चाइनाको बोइङ ७५७ जहाज प्रतिघन्टा ३ हजार १ सय पचास अमेरिकी डलर तिर्ने गरी निगमले भाडामा लिएको थियो । प्रतिघन्टा २ हजार ४ सय अमरिकी डलर मात्र भुक्तानी दिए पुग्ने आन्तरिक सम्झौता भए पनि कार्यकारी निर्देशकहरू परिवर्तित भइरहने व्यवस्थाले गर्दा भुक्तानीमा विवाद खडा हुन थाल्यो । कम्पनीले सम्झौताअनुसार माग गर्ने र पदाधिकारीले नदिने प्रक्रिया सुरु हुन थालेपछि निगम र कम्पनीबीच विवाद बढ्दै गयो । कार्यकारी निर्देशक बी० के० मान सिंहको पालामा सुरु भएको सो सम्झौता दुई वर्षसम्म कायम रह्यो । तर पछि भुक्तानीकै विवादको कारण सो कम्पनीलाई निगमले करिब ५६ लाख तिर्न बाँकी रह्यो । यसै सिलसिलामा चीनको एमेको भन्ने कम्पनीमा बोइङ जहाजको इन्जिन बनाउन पठाइएकोमा सो कम्पनीले करोडौं मूल्यको सो इन्जिन रोकेको छ । यस काण्डमा शानेवानिले करिब १ अर्ब रुपियाँको क्षति बेहोर्नुपरेको छ ।

**लाउडा एयर भाडाकाण्ड :**

शानवानि र अस्ट्रियाको लाउडा एयर कम्पनीबीच १२ वर्ष पुरानो बोइङ ७६७-३०० विमान भाडामा लिने सम्झौता भियनामा सम्पन्न भएको थियो । तत्कालीन कार्यकारी निर्देशक हरिभक्त श्रेष्ठ र निर्देशक तीर्थलालको अगुवाइमा भएको सो जहाज भाडामा लिने सम्झौतामा प्रतिघन्टा ३ हजार ६ सय अमेरिकी डलर दिने व्यहोरा लेखिए पनि अनेक सहुलियत दिनुपर्ने प्रावधानका कारणले प्रतिघन्टा ४ हजार ८ सय अमेरिकी डलर भुक्तानी गर्नुपर्ने बाध्यता थियो । यो लाउडा एयर काण्ड अरू काण्डभन्दा चाँडो भन्डाफोर भएको हुँदा समयमै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार भएको बारेमा अनुसन्धानको कारबाही थाल्यो । चलेको ७ महिनाको अवधिमा मात्र लाउडा एयर भाडामा चलाउँदा ६८ करोड रुपियाँ नोक्सान भएको तथ्य जानकारी निगमको लेखा शाखाले दिए पनि यो काण्डमा निगमको खुद नोक्सानी १ अर्ब रुपियाँ भएको व्यहोरा हालै सार्वजनिक भएको छ ।

यसरी शानेवानिको सम्पत्तिको खुला लुट भएका सबैजसो काण्डहरू हाल सेलाउँदै र हराउँदै जान थालेको समयमा मन्त्री शर्माको भनाइले सबैलाई बिउँझाएको छ । मन्त्री शर्मा एक जना पुराना चार्टर्ड एकाउन्टेन्ट पनि भएका कारणले उहाँको पहिलो धर्म हो लेखालाई ठीक-दुरुस्त राख्नु र राख्न लगाउनु । शानेवानिमा २०५३-२०५४ सम्म मात्र लेखापरीक्षण भएको व्यहोरा सार्वजनिक भएको छ । त्यसपछिका चार वर्षको लेखाले के भन्छ भन्नेबारेमा जानकारी राख्नु उहाँको कर्तव्यको परिधिभित्र पर्छ ।



शानेवानिको सम्पत्ति अहिले कुन अवस्थामा छ भनेर यकिनका साथ भन्न नसकिए पनि मोटामोटी हिसाबले अनुमान गर्दा करिब १० अर्ब रुपियाँको सम्पत्ति देखिन्छ । अहिले निगमको करिब दुई अर्ब रुपियाँको मात्र दायित्व छ । हाल नेपालका वाणिज्य बैङ्कहरूमध्येमा निगमको ठूलो साहू राष्ट्रिय वाणिज्य बैङ्क नै हो । शानेवानिको उपर्युक्त स्थितिलाई मन्त्रीजीले बुझ्नुभएको छैन भने यस लेखलाई प्रमाण मानी भ्रष्टाचारको कारबाही सुरु गरेर आफूले बोलेको कुरा पूरा गर्ने कार्य गर्नुभयो भने भविष्यमा कुवेर शर्मा साँच्चिकै भ्रष्टाचारविरोधी व्यक्ति साबित हुन सक्नुहुनेछ । होइन भने निगमका पाइलट वाई० के० भट्टराईले भनेबमोजिम मन्त्रीको भनाइ हावादारी गफ ठहर हुनेछ । साथै हरियाली पार्टीका नेताका रूपमा मन्त्री हुनुभएका कुवेर शर्मालाई पार्टीका कार्यकर्ताहरूले पनि पत्याउन छाड्नेछन् । त्यसैले शानेवानिमा भएका भ्रष्टाचारको कारबाही अगाडि बढाउन मन्त्री कुवेर शर्मामा अनुरोध छ ।

**नेपाल समाचारपत्र, २०५९ मङ्सिर २२ गते आइतबार**

**भरत जङ्गम – 'पचास प्रसङ्ग' बाट**

### कर्मचारीमा लाग्न नहुने राजनीतिक रङ्ग

सरकारी सेवामा कार्यरत कर्मचारी कुनै पनि राजनीतिक रङ्गमा मुछिनु हुँदैन । यदि कर्मचारीलाई राजनीतिक रङ्ग लाग्यो भने ऊ कर्मचारी भएर बाँच्न सक्तैन । राजनीतिक सिद्धान्तको आग्रहले उसलाई एकोहोऱ्याएर कर्मचारीको जिम्मेवारीबाट विचलित गराइदिन्छ र सैद्धान्तिक मतभेद पैदा भई समूह विभाजित हुन पुग्छ, अनि मतान्तरको कारणले सेवाकार्य बन्द हुन्छ । त्यसैले सरकारी सेवामा कार्यरत रहुन्जेल राजनीतिक रङ्गबाट बच्न सक्नुपर्छ ।

**– कर्मचारीको विभाजन : स्वच्छ प्रशासन ?**

# भ्रष्टाचारको छानबिन गर्ने अधिकारीले नै बदनियत गरेमा कसले छानबिन गर्ने ?

माथि शीर्षकको प्रश्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पुनरावेदन दिन पाउनुपर्छ भन्ने रिट-निवेदनको सुनुवाइका क्रममा सर्वोच्च अदालतको विशेष इजलासमा सम्मिलित न्यायाधीश केदारनाथ उपाध्यायले राख्नुभएको थियो । यद्यपि त्यो प्रश्न विवादित विषयभन्दा अलग थियो तर गम्भीर र महत्त्वपूर्ण थियो । त्यो अनुत्तरित प्रश्नले मलाई चुटुक्क चिमोट्यो र मस्तिष्कमा एउटा लहर छुटायो । त्यस बखत विचार गर्नुपर्ने बाटोसम्म प्रदान गऱ्यो तर तुरुन्तै त्यस बखत यसतर्फ सोचिहाल्नुपर्ने थिएन । तर अहिले आएर यसले मलाई अत्यन्तै पीडा दियो र निकास खोज्न बाध्य तुल्यायो ।

जिम्मेवारी पाएका कुनै व्यक्तिले बदनियतका साथ काम-कार्यवाही गरी आर्थिक फाइदा उठाएको वा उठाउने नियत राखेमा त्यसका उपर कार्यवाही चलाई भ्रष्टाचारको अभियोग लगाएर कानुनसमक्ष पुऱ्याउने अधिकार संविधानको धारा ९८ र भ्रष्टाचार निवारण ऐन, २०१७ ले अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई सुम्पेको छ । भ्रष्टाचारका विरुद्ध प्रधानमन्त्रीदेखि पियनसम्मका सबैलाई औंल्याउने, सचेत गराउने, विभागीय कार्यवाही गर्ने-गराउने, नोक्सानी भराउने तथा बिगो र बिगोबमोजिम दण्ड-जरिवानाका लागि माग गरी मुद्दा दायर गर्ने अधिकार पाएका व्यक्तिले नै बदनियत राखी काम-कार्यवाही गरेमा कसले र कुन निकायले हेर्ने भन्ने कानुनी मौनताको कारण केही पदाधिकारीहरू स्वेच्छाचारी हुन पुगेको देखिन थाल्यो । घटना २०५८ साल जेठ १० गते भएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको निर्णय हो । सो दिनको आयोगको निर्णयलाई विचार गर्न कुनै अनुसन्धानविज्ञ वा कुनै कानुनविद् हुनुपर्दैन, साधारण व्यक्तिले पनि सहज निर्णय दिन सक्छ कि लाउडा एयर भ्रष्टाचारकाण्डमा को-को अभियुक्त हुन सक्छन् वा हुन सक्तैनन् ।

२०५८ जेठ १० गते आयोगबाट निर्णय गरी २०५८ जेठ १२ गते पुनरावेदन अदालत पाटनमा मुद्दा दायर गरेको कुरा तथा मुद्दा दायर गर्दा तयार गरिएको अभियोगपत्र र सोसम्बन्धी आयोगले गरेको निर्णय पनि सार्वजनिक भएको छ । त्यसैले यो पूर्ण सार्वजनिक चासोको विषय भएको छ । आयोगको प्रकाशित तथ्यलाई अध्ययन र अभियोगपत्र तथा निर्णयलाई विचार गर्दा आयोगले त्यस भ्रष्टाचारकाण्डका रचनाकार स्थानीय प्रतिनिधिलाई अभियोग नलगाई मुद्दा दायर गर्ने गरेको निर्णय कानुनी र प्राविधिक दुवै दृष्टिकोणले त्रुटिपूर्ण देखिएको छ । आयोगले विज्ञप्ति पनि प्रकाशित गरेको छ र बहुमतको आधारमा दिनेशलाल श्रेष्ठलाई अभियुक्त बनाउन नसकिएको कारण विज्ञप्तिमा उल्लेख भएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०४८ को नियम ३ (२) मा व्यवस्था भएको छ – 'बैठकमा बहुमतको निर्णयलाई आयोगको निर्णय मानिनेछ । कुनै निर्णयमा बहुमत कायम हुन नसकेमा प्रमुख आयुक्तको निर्णयलाई आयोगको निर्णय मानिने छ ।' वर्तमानमा आयोगको बैठकमा ५ जना आयुक्तहरूको आयोग भए तापनि एक जना अनुसन्धान अधिकृत नियुक्त भएका र प्रमुख आयुक्तले पछि निर्णायक विचार दिनुपर्ने हुँदा उक्त जेठ १० गते बसेको आयोगको बैठकमा जम्मा ३ जना आयुक्तले मात्र विचार गर्नुपर्ने देखिन्छ । त्यसमध्ये पनि आयुक्त माधवदत्त भट्टले



राय दिने सिलसिलामा स्पष्टतः 'तारिणीदत्त चटौत र मेरा बीचमा नातासम्बन्ध पर्ने भएकाले निजको हकमा भएको आयोगको निर्णयमा मैले कुनै अभिव्यक्ति दिन नहुने' भनी मुलुकी ऐन अ० बं० ३० नं० बमोजिम कैफियत लेखेर आफूलाई फुर्सद दिलाउनुभएको छ । अनुसन्धान अधिकृतको हैसियतले प्रतिवेदन पेस गर्ने जिम्मा पाएका वासुदेव लामिछानेको सोही विवादित केसमा र सोही समयमा आयुक्तको हैसियत कायम रहन सक्तैन । त्यसैले उक्त बैठकमा प्रस्तुत प्रतिवेदनमाथि सहमत हुने वा थप मत राख्न सक्ने अधिकार २ जना आयुक्तहरूमा मात्र भएको देखिन्छ । यससम्बन्धमा आयुक्त इन्द्रबहादुर शेरचनले अनुसन्धान अधिकृतले तयार गरेको प्रतिवेदनलाई स्वीकार गरेको र आयुक्त कृष्णबल्लभ शर्मा काफ्लेले पेस भएको प्रतिवेदनलाई स्वीकार गरी थप राय दिएको देखिन्छ ।

शानेवानिलाई नोक्सान पुऱ्याउने र व्यक्तिगत फाइदा पुऱ्याउने उद्देश्यका साथ रचिएको लाउडा एयर भ्रष्टाचारकाण्डमा २०५७ चैत्र मसान्तसम्मको मात्र आयोगले हिसाब गरी जम्मा ३८ करोड ९७ लाख ६७ हजार ३१ रुपियाँ शानेवानिलाई हानि-नोक्सानी भएको कायम गरेको छ । आयोगले त्यही चैत्र महिनासम्मको हानि-नोक्सानीमा मात्र दाबा गरी अभियोगपत्र दावी गरेको देखिन्छ । निगमको नोक्सानी हुने क्रम भने आजका मितिसम्म जारी छ । जेठ मसान्तसम्म थप २० करोड रुपियाँ नोक्सान हुने प्रस्ट छ । चैत्र मसान्तपछिको नोक्सानीका सम्बन्धमा आयोगले कुनै विचार गरेको देखिएन । साथै लाउडा एयरको सम्झौताअनुसार पूरै अवधि जहाज चल्यो भने करिब रु. १ अरब ३५ करोड निगम नोक्सानीमा पर्ने स्पष्ट छ । साथै हाल दुई हप्तादेखि काम बन्द गरी बसेको लाउडा जहाज वर्तमान व्यवस्थापक राजेशराज दलीसँग साँठगाँठ मिलाएर सी चेकका लागि सिङ्गापुर जाँदैछ । १५०० घन्टा पनि त्यो जहाज निगमको भाडामा आएपछि उडेको छैन भने कसरी यति चाँडो सी चेकमा जान सक्छ, जबकि ८ देखि १० हजार घन्टा उडेपछि मात्र सी चेकको आवश्यकता पर्छ । स्मरण रहोस्, निगमले सी चेकमा दसौं करोड रुपियाँ बेहोर्नुपर्छ । आयोगका साथै सम्बन्धित सरकारी पदाधिकारीहरू यसतर्फ मौन छन् ।

सर्वत्र भ्रष्टाचार फैलिएको र यसै रोगले ग्रस्त समाजका सदस्य नै त्यस्ता भ्रष्टाचार नियन्त्रण गर्ने निकायका जिम्मेवार व्यक्ति हुने हुँदा तिनीहरूको नियत जाँच गर्ने कसी तयार नभएसम्म यी त्रुटिपूर्ण कार्यहरू दोहोरिनेछन् । तर यस्तो कानुनको मौनतामा मुलुक र जनताले अन्याय सहन गर्न नपरोस् भनेर नै संविधानले दरिलो न्यायपालिकाको व्यवस्था गरेको छ ।

शाही नेपाल वायुसेवा निगमले लाउडा एयरसँग जहाज भाडामा लिँदा भ्रष्टाचार भयो भनेर अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा हरिहर पोखरेलसमेतको दर्ता नं० १३५ मिति २०५७।८।२७ मा उजुर परेपछि आयोगकै आयुक्तमध्येबाट एक जना अनुसन्धान अधिकृत नियुक्त भई अनुसन्धान सुरु भएको थियो । अनुसन्धानको सिलसिलामा निगमका प्रायः सबै जिम्मेवार पदाधिकारी र सम्बन्धित मन्त्रीलगायत प्रधानमन्त्रीसमेतलाई बन्द सवाल सोधी अनुसन्धान सुरु भएको थियो । अनुसन्धानको तरिका हेर्दा अत्यन्तै गहिराइमा पुगेको भान पारिएको

थियो, तर जेठ १२ गते मुद्दा दायर हुँदा भने केवल देखावा मात्र सावित भयो, नतिजा भने शून्य हुने कार्य गरियो अर्थात् चोरलाई चौतारो दिएर सत्यतालाई गुमराह गराइयो। स्थानीय प्रतिनिधिलाई छोडी लाउडा एयरका इटाली र अस्ट्रियाका पदाधिकारी दुई जनालाई बिनासोधपुछ अभियुक्त ठहर गरिएको देखियो जुन कानुनी रूपमा कमजोर देखियो। हुन त अदालतलाई त्यस्ता अभियुक्तहरूलाई फुर्सत दिने र अभियोगमा छुट दिन खोजिएको दोषीलाई झिकाउन सक्ने र अरू अभियुक्तसरह मुद्दामा समावेश गराउन सक्ने कानुनी व्यवस्था छ, तर सुरुमै भएको भए सुनमा सुगन्ध हुन्थ्यो भन्ने मात्र हो।

❑

भरत जङ्गम – 'पचास प्रसङ्ग' बाट

## नागरिकले गर्ने जमिनको उपभोग

राष्ट्रको सीमाक्षेत्रभित्रको जमिन राष्ट्रको सम्पत्ति हो। यसैले राष्ट्रले आ□नो सम्पत्तिको बहाल, कर वा निश्चित राज्यले तोकेको रकम असुल गर्न सक्छ। त्यति मात्र होइन, त्यतिभित्र कोही-कसैलाई मुफ्त दिन अथवा निश्चित बहाल वा कर निश्चय गरी अरू कसैलाई हस्तान्तरण गर्न सक्छ। त्यसैले यही व्यवहारअन्तर्गत राज्यभित्र बसोबास गर्ने नागरिकले जमिन उपभोग गर्न पाएको हुन्छ।

**– सार्वजनिक सम्पत्ति : राष्ट्रिय दायित्व**





# मुलुकलाई नैतिक पुरुष र कुशल शासकको खाँचो छ

खन्चुवा र लोभी मान्छे भान्से बन्न सक्तैन। यो नेपाली समाजको भनाइ हो। त्यस्तै बेइमान, भ्रष्ट र असक्षम व्यक्तिको नेतृत्व सफल हुन सक्तैन। यो सर्वमान्य सिद्धान्त हो। राज्यव्यवस्था सञ्चालन गर्छु भनेर अघि सरेका व्यक्तिहरूले मुलुकको राजकाज सम्हाल्न सक्नुपर्छ। आफू असक्षम भए सक्षम तथा इमानदार व्यक्तिलाई राज्यव्यवस्था सञ्चालन गर्न जिम्मा दिन पनि सदैव तयार हुनुपर्छ। अनाहकमा बूढो गोरुले गाई ओगटेजस्तो अलमल्याउन पाइँदैन र सिँगौरी खेलेर मूर्ख सावित हुनु पनि हुँदैन। प्रजातन्त्र भनेको भ्रष्ट र बेइमानहरूले नाङ्गो नाच नाच्ने व्यवस्था होइन र मूर्ख तथा असक्षमको हुलले राज्य चलाउने राजनीतिक प्रणाली पनि होइन। अभ्रष्ट, नैतिक र दक्ष पुरुषले मात्र प्रजातन्त्र सञ्चालन गर्न सक्छ। भ्रष्ट, बेइमान र अदक्ष व्यक्तिहरूको राज्यमा बोलवाला चल्दा राज्यको राजनीतिक, आर्थिक र सामाजिक नुर गिर्छ। प्रसङ्ग हालै राज्यको सम्पत्तिको व्यवस्थापनकार्यका लागि विदेशमा प्रकाशित पत्रिकामा गरिएको विज्ञापनको हो।

बेलायतबाट प्रकाशित हुने 'द इकोनोमिस्ट' को सेप्टेम्बर ३० को अङ्कमा नेपाल सरकारले एउटा बोलपत्र आह्वानको विज्ञापन प्रकाशित गरी मुलुकभित्र वित्तीय तथा बैङ्किङ व्यवस्थापक नभएको प्रमाणित गरेको छ। विज्ञापनमा नेपालका दुई ठूला वाणिज्य बैङ्कहरूको व्यवस्थापनकार्य गर्न सक्षम व्यक्ति वा संस्थाको माग गरिएको छ। विज्ञापनमा बैङ्कहरूको नाम उल्लेख नगरे तापनि पूर्ण सरकारी स्वामित्व भएको राष्ट्रिय वाणिज्य बैङ्क र अर्धस्वामित्वको नेपाल बैङ्क लिमिटेडलाई श्री ५ को सरकारले विदेशी व्यवस्थापकलाई जिम्मा दिने तरखर गरेको देखिन्छ। आजभन्दा ६० वर्षअगाडि श्री ३ जुद्धशमशेरले नेपालमा आर्थिक विकास गर्न खोलेको नेपाल बैङ्क लिमिटेड र २५ वर्षअगाडि पञ्चायती शासन-व्यवस्थामा मुलुकको ग्रामीण विकास गर्न खुलेको राष्ट्रिय वाणिज्य बैङ्क, यी दुवै के-कति कारणले डुब्ने स्थितिमा पुगे भन्नेतर्फ विचार र त्यसतर्फ अध्ययन नै नगरी एकाएक बैङ्क-व्यवस्थापनका लागि

विज्ञापन गरेर वर्तमानमा सरकारमा बसेकाहरूले विश्वसामु आफ्नो बौद्धिक दिवालियापनको प्रदर्शन गरेका छन् ।

स्थापनाकालदेखि नेपालमा राम्ररी चलिरहेका यी दुवै बैङ्कहरू बहुदलीय व्यवस्था सुरु भएदेखि खस्कँदै गएका छन् र अवनतिको बाटोमा लागेका छन् । त्यसरी उँधो लाग्न थालेका बैङ्कहरूलाई कसरी माथि उठाऊँ भन्नेतर्फ नसोची त्यसैमाथि चढाइँ गर्न सत्तामा पुगेका कमिसनखोरहरू रत्ति हिचकिचाएका छैनन् ।

वित्तीय सुधार गर्ने गहन जिम्मा लिएको बैङ्कमाथि नै सत्तासीनहरूको कुदृष्टि परेपछि सरकारी स्वामित्वका बैङ्कहरूको उँभो लाग्ने गति रोकिनु स्वाभाविक थियो । साथै यी बैङ्कहरूलाई स्वदेशी पूँजीपतिको हातमा सुम्पिएर बढी कमिसन आउँछ कि विदेशीको हातमा सुम्पिँदा बढी कुम्ल्याउन सकिन्छ भन्ने नीतिअनुरूप नेपाल बैङ्क लिमिटेडमा रहेको श्री ५ को सरकारको सेयर खुला बजारमा बिक्री गर्ने निर्णय गरी केही सेयर मुलुकका नाफाखोरहरूलाई बिक्री गऱ्यो । सेयर खरिददार सञ्चालकमा आए र बैङ्कलाई अगाडि-पछाडि सबैतर्फबाट इज्जतआबरु खुस्कने गरी लुटे र त्यसरी खुला लुटिरहँदा पनि हामीले मूकदर्शक भएर हेरिरहनुपर्ने भयो । गोल्छासमूहको बपौती सम्पत्तिका रूपमा रहेको नेपाल बैङ्क लिमिटेड अब जीतबहादुरको दुहुनो गाई प्रमाणित भएको छ ।

सरकारको पूर्ण स्वामित्वमा रहेको राष्ट्रिय वाणिज्य बैङ्कमा पुरानो व्यवस्थापन अक्षम ठहर गरी नयाँ व्यक्तिहरू भर्ती गर्न थालियो । सत्ताको जिम्मा पाएकाहरूले सर्वप्रथम राजेश्वर आचार्यलाई राष्ट्रिय वाणिज्य बैङ्कको कार्यकारी अध्यक्षमा भर्ती गरे । सत्ताधारीको सेवाको पारितोषिकबापत उनले चीनको राजदूत पाए र हालसम्म बहालमा छन् । किन पाए, कसरी पाए, सर्वसाधारणको चासोको विषय त होइन, तर बैङ्कलाई उँधो गति दिने कार्य भए-गरेको व्यक्तिले त्यसरी राष्ट्रकै प्रतिनिधि भई विदेशमा सम्पर्क कायम गर्न पाउने अवसर पाउनु ठूलै चासोको विषय भएको छ । निज आचार्यको कार्यकालमा बैङ्कभित्र के भयो र के भएन, त्यसबारेमा हाल अध्ययन र अनुसन्धान सुरु भएको बुझिन्छ । कुन हदसम्म अनुसन्धान हुने हो, त्यो त भविष्यको गर्भभित्र छ ।

यसै क्रममा यही आश्विन १६ गते मन्त्रिपरिषद् सचिवालयले निज आचार्यसमेत राष्ट्रिय वाणिज्य बैङ्कका १९ जना पदाधिकारीमाथि कारवाही गर्न अर्थ मन्त्रालयलाई निर्देशन दिएको छ । श्री ५ को सरकारलाई निज आचार्य राजदूत पदमा बहाल छन् वा ढाके भइसके, सोको ज्ञान नभएजस्तो छ । किनभने राजदूत आचार्यलाई मन्त्रिपरिषद्ले कारवाही गर्न अर्थ मन्त्रालयलाई आदेश जारी गरेको छ । यो देखावा आदेश हो, सबैले बुझेका छन् ।

शेरबहादुर देउवाको मिलिजुली सरकारको समय अर्थात् २०५२ सालमा कृषिविज्ञ अर्का एक जनाले राष्ट्रिय वाणिज्य बैङ्कको व्यवस्थापन जिम्मा पाएका थिए । पुरानो ऋण उठाउने नाउँमा अर्थ मन्त्रालयबाट पूर्ण अधिकार प्राप्त गरी बैङ्क सञ्चालन गर्न जिम्मा लिएका निजले बैङ्कले कमाएको ब्याजको करोडौँ अङ्क ऋणीलाई माफी दिएर बैङ्कको डुबेको ऋण असुल गरेको बहादुरी देखाए र देखिन खोजे । निजले



बैङ्क डुबाउन गरेको कार्यको अनुसन्धान पनि देखावा रूपमा नै गर्न लागेको बुझिएको छ । प्रकाशित समाचारअनुसार रा० वा० बैङ्कले लगानी गरेको कूल कर्जा २८ अरब रुपियाँमध्ये भाका नाघेको कर्जा १६ अरब पुगिसकेको छ । यसरी भाका नाघेका कर्जाहरूमध्ये अधिकांश निज रावलको कार्यकालमा लगानी गरिएको हो भन्ने बताइएको छ ।

बैङ्कमाफियाको पूरा पकड भएको रा० वा० बैङ्कमा भीरपाखाका जग्गाको मूल्याङ्कन काठमाडौँ नगरको बराबर गरेर ऋण लगानी गरिन्छ, विदेशी नागरिकलाई बिनाधितो बैङ्क कारोबारको नाउँमा करोडौँ लगानी गरिन्छ, कागजी योजनाको उद्योगमा करोडौँ रुपियाँ लगानी गरिएको छ, ३० लाखको मूल्याङ्कन भएको घरजग्गा ५१ हजारमा लिलाम बिक्री हुन्छ र एक करोडको जायजेथा नभएको कारखानालाई ७० करोड ऋण प्रदान गरिन्छ, आदि ।

यस हिसाबले विचार गर्दा यो बैङ्कलाई विदेशी व्यवस्थापकलाई तुरुन्त हस्तान्तरण गर्नुपर्ने देखिन्छ । तर माफियाकै जालको कारण बैङ्कको यो गति भएको हुँदा र अन्तमा बैङ्कलाई अन्य कसैको जिम्मा लगाइने योजना भएको हुँदा आम चिन्तनशील एवं जागरुक नागरिकले यसतर्फ आवाज बुलन्द गर्नुपर्ने समय आएको छ ।

हुन त यो विज्ञापनको रहस्य बेग्लै छ । विकासोन्मुख मुलुकमा भ्रष्टाचारको वातावरणलाई कायम राख्ने काम विश्वमा संस्थापित वित्तीय संस्थाहरू र त्यसमा कार्यरत कर्मचारीहरूको बदनियतका कारण पनि हुन् । अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरू सबै चोखा र असल नियतका हुन्छन् भनेर ठोकुवा गर्न कठिन छ । साथै त्यस्ता वित्तीय संस्थाहरूले गरेका सबै कार्य राम्रा हुन्छन् भन्न पनि गाह्रो छ ।

नेपालका यी दुई ठूला बैङ्कलाई विदेशीको हातमा हस्तान्तरण गर्नुपर्छ भन्ने आग्रहका साथ सुरु भएको यो खेलको धेरै उतारचढावपछि नेपाल राष्ट्र बैङ्कले विदेशी कम्पनीलाई अध्ययन गराउन मञ्जुर गऱ्यो । नेपालमा सञ्चालन भइरहेका ठूला दुई बैङ्कहरूको मूल्याङ्कन प्रतिवेदन तयार गर्न विश्व बैङ्कले यू० एस० डलर ६ लाख लगानी गरी अन्तर्राष्ट्रिय लेखापरीक्षक के० पी० एम० जी० ब्यारेन्टलाई जिम्मा दियो । लेखापरीक्षकले आफ्नो प्रतिवेदनमा नेपाल बैङ्क लिमिटेडको कूल सम्पत्ति दायित्वहरूभन्दा ६ देखि १० अरब रुपियाँसम्मले कम रहेको तथा राष्ट्रिय वाणिज्य बैङ्कको त यसभन्दा पनि प्रतिकूल रहेको उल्लेख गरेको छ । साथै प्रतिवेदनमा स्पष्ट लेखिएको छ – 'यी दुवै बैङ्क धराशायी हुनुको कारण बैङ्कमाथि ठाडो राजनीतिक हस्तक्षेप हो ।'

कुरा ठीक हो, तर यो खेलको थालनी शङ्कास्पद विन्दुबाट सुरु भएको कारणले यसमाथि सन्देह पनि उब्जेको छ ।

कुनै विदेशी संस्थाले भन्दैमा बैङ्क-व्यवस्थापनको जिम्मा विदेशीलाई नै दिनुपर्छ भन्ने निर्णयमा पुग्न सक्ने व्यक्तिले राज्यको व्यवस्थापनमा भएका कमी-कमजोरी किन देख्न सकेको छैन ? कसको कमजोरी र लापरवाहीको कारणले बैङ्कहरू यो दुर्गतिमा पुगे भन्ने किन बुझ्न सकेको छैन ? बैङ्कमाफियाको इसारा र पूर्ण

निर्देशनमा रचिएको जाल र परिपञ्चको कारण विदेशी पत्रिकामा विज्ञापन प्रकाशित भयो र विश्वभरि प्रचार भयो कि नेपालमा कुशल व्यवस्थापकको कमी छ।

कुरा ठीक हो, नेपालमा राज्यसत्ता सम्हाल्ने दक्ष व्यक्तिको पनि कमी छ, साथै राजनीतिक नेतृत्वमा अभ्रष्ट र नैतिक पुरुषको खाँचो छ। यो सत्यलाई तमाम नेपालीले बुझिसकेका छन् र हामीले पनि प्रजातन्त्रको उपहास भएको महसुस गरेका छौँ। तर सरकारमा भएका निर्लज्जहरू किन स्वदेशी वा विदेशी पत्रिकामा विज्ञापन गर्न सरम मानिरहेका छैनन् ? वास्तवमा मुलुकलाई नैतिक पुरुषको र कुशल शासकको खाँचो छ।

**कान्तिपुर दैनिक**, २०५७ असोज ३० गते सोमबार

**भरत जङ्गम – 'पचास प्रसङ्ग' बाट**

## मनोनयन नै प्रजातान्त्रिक मान्यताविपरीत

व्यवस्थित विधिविधान तथा प्रजातान्त्रिक मूल्य र मान्यतालाई एकातर्फ पन्छाएर षड्यन्त्रको आडमा व्यक्तिको नेतृत्वलाई खडा गर्दा वा कायम गर्न खोज्दा नेतृत्व लिने र दिने दुवै पक्षका बीचमा अविश्वासको खाल्डो गहिरिँदै जान्छ र एक दिन दुवै थरी त्यसभित्र फस्छन्। अनि त्यति खेर प्रजातन्त्र मर्न सक्छ। यसमा हामी अत्यन्त चनाखो हुनुपर्छ।

**– अध्यक्षको मनोनयन : प्रजातन्त्र खतरामा**



# कुमारी बैङ्कको कुमारीत्वमाथि प्रश्नचिन्ह

विश्वका अन्य प्रजातान्त्रिक मुलुकहरूले अपनाएको आर्थिक उदारीकरणको नीतिलाई यो गरिब मुलुकले पनि जानेर वा नजानेर अवलम्बन गर्दै आएको छ। यो मुलुकमा जब आर्थिक उदारीकरणको नीति श्री ५ को सरकारले सुरु गर्‍यो, तबदेखि नै राज्यको सम्पत्ति हिनामिना हुन, सार्वजनिक सम्पत्ति व्यक्तिगतमा परिणत हुन र चलिरहेका उद्योगधन्दा एकाएक बन्द हुन थालेका छन्। भृकुटी कागज कारखाना, हरिसिद्धि इँटा कारखाना र बाँसबारी छाला-जुत्ता कारखानाजस्ता उद्योगहरू निजी क्षेत्रलाई हस्तान्तरण गरेर असफल नतिजा प्राप्त गरेको सरकारले निजी क्षेत्रमा बैङ्कहरू खुलुन् भनेर पनि नरम नीति अपनाएको थियो। विदेशी बैङ्कको सम्बद्धतामा नेपाल अरब बैङ्क, नेपाल इन्डोस्वेज बैङ्क र नेपाल ग्रिनलेज बैङ्कजस्ता बैङ्कहरूको स्थापनाले बैङ्क-व्यवसायमा नेपालका नवपूँजीपति र टाटपूँजिया टाठाबाठाको ध्यान खिच्न समर्थ भयो। थोरै लगानीमा धेरै फाइदा हुने काम बैङ्क-व्यवसाय देखिएपछि बैङ्क खोल्ने स्वीकृति प्राप्त गर्न नेपाल राष्ट्र बैङ्कमा धेरै अवसरवादीको घुइँचो भयो। परिणामतः साना फाइनान्स कम्पनीदेखि सहकारी संस्था लिमिटेडहरू बेहिसाबसँग खुल्न थाले। स्वदेशी लगानीमा खोल्ने सर्त राखी कुमारी बैङ्क पनि नेपाली बैङ्किङ क्षेत्रमा देखियो।

नेपालमा विद्यमान कानुनले बैङ्कलाई विशेष संरक्षण प्रदान गरेको छ। नेपाल राष्ट्र बैङ्कबाट सञ्चालनको स्वीकृति लिनेबित्तिकै बैङ्कले 'वाणिज्य बैङ्क ऐन, २०३४' को उपभोग गर्न पाउने व्यवस्था छ, जबकि अरू व्यवसायजस्तै बैङ्क-व्यवसाय पनि 'कम्पनी ऐन, २०५३' को अधीनमा खडा हुन्छ तर अन्य कम्पनीभन्दा बैङ्क-व्यवसायले विशेषाधिकार पाएको छ। श्री ५ को सरकारले बैङ्क-व्यवसायलाई यसरी बलियो बनाउनुपर्ने र विशेष ऐन दिनुपर्ने बाध्यताको कारण हो त्यस बखत केवल सरकारी स्वामित्वमा स्थापित दुई बैङ्कहरू नेपाल बैङ्क लिमिटेड र राष्ट्रिय वाणिज्य बैङ्क मात्र मुलुकभित्र वाणिज्य बैङ्कका रूपमा कार्यरत थिए र तिनको संरक्षणका लागि बलियो ऐन राज्यले प्रदान गरेको थियो। अहिले विदेशी सहभागिता र व्यक्तिगत संलग्नतामा खुलेका बैङ्कहरूलाई छुट्टै ऐनको व्यवस्था हुनुपर्ने थियो, तर सोही विशेष ऐनको प्रयोग निजी क्षेत्रका बैङ्कले पनि गरिरहेका छन्। यसरी विशेष ऐनको सुविधा उपभोग गर्न पाएका बैङ्क-व्यवसायीहरूले दिन दुगुना रात चौगुनाका रूपमा आर्थिक उन्नति गरिरहेका छन्। फलस्वरूप बैङ्किङ सेवा लिने ग्राहक टाट पल्टने र सेवा दिने बैङ्कले अकूत धन कमाउन पाउने व्यवस्थाले गर्दा आम जनतामाथि अन्याय भएको छ।

सरकारी नीतिअनुरूप नेपाल राष्ट्र बैङ्कले वाणिज्य बैङ्क, विकास बैङ्क र फाइनान्स कम्पनी भनी बैङ्कहरूलाई विभिन्न वर्गमा वर्गीकृत गरी त्यसैअनुसार त्यस प्रकृतिका बैङ्कहरूलाई पूँजीको सीमा तोकेको छ। विकास बैङ्कलाई राष्ट्रिय, क्षेत्रीय र स्थानीय स्तरमा सञ्चालन गर्न मिल्ने व्यवस्था पनि गरेको छ। नेपालमा अरू व्यवसायभन्दा बढी मुनाफा बैङ्क-व्यवसायमा देखेपछि धेरै बैङ्कहरू खुल्न सुरु भयो।

हुँदाहुँदा सहकारी संस्थाहरूले पनि निक्षेप जम्मा लिन थाले। यसैबीच धेरै फाइनान्स कम्पनी र सहकारी संस्थाहरूले जनताले जम्मा गरेको रकम खाएर भागेका छन्। केही मुलुकी ऐनको ठगीको महलअन्तर्गत अदालतको कठघरामा उभिन पुगेका छन्, केही अख्तियारको चङ्गुलमा फस्न पुगेका छन्। स-साना बैङ्किङ कारोबार गर्न स्वीकृति पाएका संस्थाहरूलाई जनताले जम्मा गरेको रकम दिलाउन र निजहरूलाई कुनै पनि सरकारी निकायले कार्यवाही गरेर देखाउन सकेका छैनन्। जनताले भने त्यो जम्मा भएको रकम फिर्ता पाउन जिल्ला प्रहरी कार्यालय र जिल्ला प्रशासन कार्यालयमा उजुरी तथा अदालतहरूमा मुद्दा दायर गरेका छन्। वास्तवमा यस क्षेत्रलाई नियन्त्रण गर्न अहिले कानुनको अभाव छ। त्यसको फाइदा सबै बैङ्कव्यवसायीले उठाएका छन्।

नेपाल राष्ट्र बैङ्कमा धेरै समूहले दरखास्त गरेका थिए। यसै क्रममा वाणिज्य बैङ्कका लागि चाहिने आवश्यक सम्पूर्ण सर्त एक वर्षभित्रमा पूरा गर्ने गरी कुमारी बैङ्क लिमिटेडले नेपाल राष्ट्र बैङ्कबाट २०५६ मार्ग २४ गते सहमतिपत्र (लेटर अफ इन्टेन्ट) पाएको थियो। बैङ्कलाई चाहिने पूर्वाधार तयार भएको र ३५ जना संस्थापक सदस्यहरूले दामासाहीले ३५ करोड बैङ्कको सेयर खरिद गर्ने मन्जुरीसमेतको कबोल गरी २०५६ जेठ ३० मा निवेदन दिएको कुमारी बैङ्क लिमिटेडले एक वर्षभित्र सो कबोल गरेको सेयरको रकम ३५ करोड रुपियाँ दरखास्तमा उल्लेख भएका ३५ जना संस्थापकबाट चुक्ता गरी बैङ्क-सञ्चालनको स्वीकृति लिनुपर्ने थियो तर सो समयभित्र कबोल गरेको रकम जम्मा गर्न सकेन। '२०५७ वैशाख ३१ मा राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरेकोले कबोल गरेको सेयरको रकम राष्ट्रिय वाणिज्य बैङ्कको खाता नं० २८३३ मा तीन महिनाभित्र जम्मा गर्नुहोला, अन्यथा सेयर जफत गरिनेछ' भन्ने व्यहोराको संस्थापकहरूलाई २०५७ असार २५ गते सूचना जारी गरियो। सूचनाका विरुद्धमा उजुरी हाल्ने नाटकीय योजनाअनुसार त्यस्तो कुनै सूचना नै जारी भएको छैन भनेर केही संस्थापकहरू कम्पनी रजिस्ट्रारको कार्यालय र नेपाल राष्ट्र बैङ्कमा उजुरी दर्ता गराउन पुग्छन्। जसरी पनि समय लम्ब्याउने र लगानी खोज्नमा लागेका मुख्य संस्थापकहरू सहमतिपत्रको म्याद अरू ४ महिना बढाउन समर्थ हुन्छन्।

बैङ्क-सञ्चालन हुनुअगावै राज्यको कानुन, नेपाल राष्ट्र बैङ्क र कम्पनी रजिस्ट्रारको कार्यालयसमेतलाई अलमलमा पारी अनुकूल समयको खोजी भएको देखियो। अनुकूल समय पाएपछि नेपाल राष्ट्र बैङ्क र कम्पनी रजिस्ट्रारको कार्यालयका पदाधिकारीसँग साँठगाँठ मिलाई पहिले कबोल गरेका संस्थापकहरूबाट सेयर फिर्ता लिई ३५ करोडमध्ये १६ करोड रुपियाँको सेयर अरू थप ११७ जना व्यक्तिहरूलाई बिक्री गरी ३३ करोड रुपियाँ जम्मा गरी बैङ्क-सञ्चालनको स्वीकृति लिएको देखियो। सुनिएको छ – 'सो १६ करोडको कागजी सेयर ४० करोड रुपियाँमा ११७ जनालाई बिक्री गरियो।' हुन त लिनेले खुसीसँगले लिए र दिनेले दिए। कानुनको नजरमा नआएसम्म त्यो अपराध ठहर्दैन। जुन गैरकानुनी प्रक्रियाद्वारा अन्तिम एक हप्ताभित्र चाँजोपाँजो मिलाइयो, नयाँ सेयरहोल्डर खडा गरियो, त्यो साँच्चै नै अनुसन्धानको विषय भएको छ। कम्पनी रजिस्ट्रारको कार्यालयदेखि नेपाल राष्ट्र बैङ्कलगायत अन्य बैङ्कका उच्च पदाधिकारी र तिनका नाताले सेयर खरिद गरेका छन्। सर्वसाधारणलाई



बिक्री गर्नुपर्ने १५ करोडको सेयर निष्काशन हुन बाँकी छ। स्मरण रहोस्, नोक्सानीमा चलेको नेपाल बैङ्क लिमिटेडको सेयर रु. १०० को हाल बजारमूल्य करिब ४०० रुपियाँ कायम भएको छ भने अन्य बैङ्कको सेयर करिब २००० कायम भएका छन्।

कम्पनी ऐन, २०५३ को दफा ४९ मा कारोबार सञ्चालन गर्न कम्पनी रजिस्ट्रारको कार्यालयसँग स्वीकृति लिनुपर्ने व्यवस्था छ। ऐनमा भनिएको छ – 'संस्थापकले खरिद गर्न कबुल गरेको सेयरको पूरा रकम चुक्ता भएपछि सोको प्रमाण समावेश गरी कारोबार गर्ने स्वीकृतिका लागि कार्यालयसमक्ष निवेदन दिनुपर्नेछ।' यो स्वीकृतिले केवल कम्पनीको अस्तित्वसम्म कायम गर्छ। बैङ्कको कारोबार सञ्चालन गर्न पहिले दरखास्त गरेका संस्थापकहरू, जसले ३५ करोड रुपियाँ बुझाउने कबोल गरेका छन्, ती संस्थापकहरूले बैङ्कमा जम्मा गरेपछि मात्र नेपाल राष्ट्र बैङ्कले दिएको सहमतिपत्र न्याययुक्त (भ्यालिड) हुन्छ, अन्यथा स्वतः रद्द हुन्छ। यी कुनै कुरालाई ध्यान नदिई पेस भएका ३५ जना सञ्चालकहरूमा अरू ११७ जना थप गरी जम्मा १५२ जना सेयरहोल्डरबाट ३३ करोड रुपियाँ जम्मा गराई बैङ्क-सञ्चालनको स्वीकृति प्रदान गरेको देखिन्छ। यससम्बन्धमा सुरुका संस्थापकको लिस्टमा नाम समावेश भएका रामअवतार मित्तलले उजुरी गरेका छन् भने ३५ जनाको लिस्टमा समावेश भएका केही सञ्चालकहरू अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी दिन जाने कुरा बुझिन्छ। बैङ्कजस्तो जनआस्था र विश्वास बटुल्नुपर्ने कम्पनीले सुरुदेखि नै आफैंभित्र झैझगडा र बखेडा खडा गरी सेवाभन्दा लाभलाई मात्र हेरेको कत्ति मिलेको छैन।

व्यापारीहरू बैङ्क-व्यवसायमा आकर्षित भएका छन्। बैङ्क-व्यवसायमा बिनालगानी जनताको धन सङ्कलन गरेर व्यवसाय सञ्चालन गर्न पाइन्छ। पाँच प्रतिशत मात्र ब्याज दिने सर्तमा निक्षेपमा जम्मा गरेको जनताको रकम जनतासँग सुरक्षणमा सम्पत्ति पास गरेर लिई १६ प्रतिशत ब्याज असुल गर्ने गरी लगानी गर्न पाइन्छ। त्यसैले यहाँका नवधनाढ्य र बाठाटाठाहरू बैङ्कमा आबद्ध हुन पुगेका छन्। नयाँ व्यापारीहरू बैङ्क-स्वीकृति लिन करोडौं रुपियाँको पोको बोकेर नेता र गभर्नरका पछि लागेका छन्। हाल बैङ्क-स्वीकृति लिन केही कडा सर्तहरू भए पनि समयानुसार नीति बदल्न सिपालु पदाधिकारीहरूले कुमारी बैङ्क लिमिटेडकै नजिरलाई हेरर अरू बैङ्कलाई स्वीकृति नदेलान् भन्न सकिन्न। त्यसैले सम्बन्धित निकायले वाणिज्य बैङ्क ऐन, २०३४ लाई सुधार गरी न्याय हुनुपर्नेछ भने बैङ्कहरूलाई निरीक्षण, अनुगमन र निर्देशनका लागि एउटा सशक्त छुट्टै निकाय खडा गर्नुपर्ने आवश्यकता देखिएको छ।

**घटना र विचार साप्ताहिक, २०५८ असार २० गते बुधबार**

# कमिसनको खेलमा अन्योलग्रस्त बैङ्किङक्षेत्र

विदेशी लगानीलाई आकर्षित गर्दै मुलुकको आर्थिक विकास गर्ने उद्देश्य राखी तत्कालीन पञ्चायती सरकारले विदेशी लगानी तथा प्रविधिसम्बन्धी ऐन, २०३८ जारी गरेको थियो। सोही ऐनअन्तर्गत त्यस बखत केही विदेशी बैङ्कहरू नेपालमा भित्रिएका हुन्। सर्वप्रथम कूल पूँजी १२ करोड भए पनि रु. ६ करोड मात्र जारी पूँजी चुक्ता गरी फ्रान्सेली इन्डोस्वेज बैङ्कको संयुक्त लगानीमा २०४२ सालमा नेपालको कानुनको अधीनमा नेपाल इन्डोस्वेज बैङ्क लिमिटेडको स्थापना भयो, जसमा फ्रान्सेली कम्पनी इन्डोस्वेजको ५० प्रतिशत, राष्ट्रिय वाणिज्य बैङ्कको १५ प्रतिशत, राष्ट्रिय बीमा संस्थानको १५ प्रतिशत र बाँकी नेपाली नागरिकको २० प्रतिशतको सहभागिता जुटाइएको थियो। बैङ्कले दरबारमार्गमा मूल कार्यालय खोली सुरु गरेको बैङ्किङ व्यवसायले खुलेको वर्षदेखि आजसम्म करोडौंको मुनाफा हिस्सेदारलाई बाँडिरहेको छ। बैङ्क खुलेदेखि प्रत्येक वर्ष मुनाफामा रहेको सो बैङ्कले गत वर्ष मात्र रु. १३ करोड मुनाफा कमाएको थियो। हाल उक्त बैङ्कको करिब रु. १७ करोडको पूँजी देखिएको छ। सेयरबजारमा यो बैङ्कको रु. १०० मूल्यको सेयर हाल प्रतिकित्ता रु. १,१०० कायम भई खुला बजारमा बिक्री भइरहेको छ। रु. ३ करोड लगानी गरेको फ्रान्सेली कम्पनीले प्रत्येक वर्ष करोडौं मुनाफा लिइरहँदा पनि हाल निजसँग रु. १०० को दरका करिब ८,४६,२५० थान सेयर छन्। यस हिसाबले हेर्ने हो भने नेपालमा बैङ्क-व्यवसाय नै सबैभन्दा गतिलो व्यापार ठहर भएको छ।

२०५८ साउनको दोस्रो सातामा फ्रान्सेली कम्पनी आ□नो पूरै सेयर बिक्री गरेर जाने तरखर गरेको समाचार धेरैजसो छापाहरूमा पढ्न पाइयो। यो फ्रान्सेली कम्पनीको पूरै सेयर पृथ्वीबहादुर पाण्डेसमेतका समूहले रु. २९ करोड ६० लाखमा खरिद गर्ने भएको कुरासमेत सार्वजनिक भएको छ। यसरी विदेशी कम्पनीले खुला बजारमा सेयर बिक्री गर्न सक्छ-सक्तैन वा कसरी बिक्री हुन सक्छ भन्नेबारेमा विचार गर्नुभन्दा पहिले बैङ्कजस्तो मुनाफायुक्त व्यापारलाई पनि किन विदेशीहरू छाड्दैछन् भन्ने प्रश्न गम्भीर रूपमा खडा भएको छ। केही अखबारहरूले जवाफमा नेपालमा लगानीको अवसरको कमी, आर्थिक विकासमा आएको मन्दी, सानो बजार र अस्थिर राजनीतिक कारण जनाएर व्याख्या गरेका छन्। संयुक्त लगानीमा स्थापित यस बैङ्कमा फ्रान्सेली इन्डोस्वेज बैङ्कको बढी सेयर छ भने मुख्य कार्यकारी निर्देशक उनीहरूको पक्षलाई नै दिइएको छ। सुरुमा त विशेषाधिकार नै प्रदान गरिएको थियो। नेपालको कानुनबमोजिम दर्ता भएको नेपाल इन्डोस्वेज बैङ्क लिमिटेडले नेपालको कानुनले निर्दिष्ट गरेको आधारमा मात्र आ□नो अस्तित्व समाप्त गर्न सक्छ अन्यथा यो बैङ्कको अस्तित्व स्थापित नै रहन्छ। यस तथ्यको जानकारी नपाएको फ्रान्सेली कम्पनीले बेकारमा सेयर बेच्ने हल्ला चलाएर आ□नो अस्तित्वलाई अवमूल्यन गर्न थालेको छ।

क्रेडिट एग्रिकोल इन्डोस्वेजले नेपालको सानो बजारमा नअल्मलिने नीति लिएको सुनिएको छ। तर सो फ्रान्सेली कम्पनीले उक्त बैङ्कको दुई तिहाई सेयर पाएमा आ□नो सहभागितालाई निरन्तरता दिने मनसाय पनि समय-समयमा व्यक्त गर्दै आएको छ। यसैका आधारमा झन्नै दुई वर्षअघि ५० प्रतिशतबाट ६७ प्रतिशत सेयर बढाउन सरकारसँग अनुरोध गरेको थियो र सरकारले पनि नियम पुऱ्याई दिने



सदासय राखेर यस बजेटमा यस नीतिलाई समावेश गरेर प्रतिनिधिसभामा प्रस्तुत गरेको छ। यद्यपि बैङ्क-व्यवसायमा त्यसरी विदेशी कम्पनीलाई सञ्चालक समितिमा बहुमत दिनु अत्यन्तै जोखिमपूर्ण कार्य ठहरिनेछ। किनभने सेयरहोल्डर नागरिकको हितलाई ध्यानमा राख्ने हो भने श्री ५ को सरकारले यसरी विदेशी कम्पनीलाई बढी हिस्सा प्रदान गर्न मिल्दैन र दिनु हुँदैन। तर यो मर्म बुझ्ने व्यक्तिको अभाव भएको यो मुलुकमा जे पनि निर्णय हुन सक्छ।

एकातर्फ बैङ्कको सञ्चालक समितिमा बहुमत बढाउन सेयर खरिद गर्न सरकारलाई दबाब दिने र अर्कोतर्फ आ□नो सेयर बजारमा बिक्री गर्न व्यापारीहरूसँग भाउताउ गर्ने। विश्वमा ख्याति पाएको क्रेडिट एग्रिकोल इन्डोस्वेजजस्तो कम्पनीले यसरी दोहोरो मापदण्डको नीति अख्तियार गरेको पटक्कै मिलेको छैन।

यस बैङ्कका संस्थापकहरूबीच २३ सेप्टेम्बर १९८५ मा एउटा सम्झौता भएको थियो। सो सम्झौताको सेक्सन ४.२ मा एकको सेयर अर्कोले लिएसम्म अन्यत्र बिक्री गर्न नपाउने बलियो व्यवस्था उल्लेख भएको छ। सोअनुसार निजले संस्थापकमध्ये राष्ट्रिय वाणिज्य बैङ्क वा राष्ट्रिय बीमा संस्थानलाई मात्र सेयरको हिस्सा बिक्री गर्नुपर्ने हुन्छ। त्यसका अतिरिक्त नागरिकहरूको पनि ठूलो सङ्ख्यामा सो संयुक्त लगानीको बैङ्कमा सहभागिता भएको हुँदा निजहरूले पनि निश्चित भएको मूल्यमा खरिद गर्न पाउने कानुनी हक सुरक्षित देखिन्छ। तर यी सबै तथ्यलाई लत्याउँदै यही २०५८ साउन १७ मा बैङ्कका मुख्य कार्यकारी मार्क डुमेज नेपाल राष्ट्र बैङ्कको २०५२ भाद्र १२ को परिपत्रको हवाला दिँदै भन्छन् कि राष्ट्रिय वाणिज्य बैङ्क र राष्ट्रिय बीमा संस्थानले सो सेयर खरिद गर्न सक्तैनन्। सम्झौताअनुसार सेयर बिक्री गर्नेले सोही व्यहोराको जानकारी र बिक्री गर्ने मूल्य तोकी अर्को पक्षलाई जानकारी दिनुपर्नेमा उल्टो सेयर खरिद गर्न नसक्ने व्यहोराको पत्र लेखी संस्थापकहरूको अधिकारलाई सीमित गराउन खोजेको देखिन्छ। सेयर बिक्री गर्न पूर्ण षड्यन्त्र रचिएको छ र सम्बन्धित सरकारी पक्षलाई मात्र होइन, रा० वा० बैङ्क र बीमा संस्थानका पदाधिकारीसमेतलाई मिलाइएको आभास प्राप्त भएको छ। सञ्चालक समितिमा विधिवत सेयर बिक्री गर्ने कुराको जानकारीसम्म दिन नसक्ने मार्क डुमेजले के अधिकारले संस्थापकहरूलाई सात दिनको म्याद दिई सेयर खरिद गर्नेसम्बन्धमा २०५८ साउन १७ गते लेखापढी गरेका हुन्, बुझ्न सकिएको छैन।

सेयर बिक्रीकार्य त पूर्ण पारदर्शी हुनुपर्ने हो। बढी मूल्य दिनेलाई सेयर बिक्री गर्ने अधिकार सेयरधनीलाई हुन्छ। सुनिएको छ – सबैभन्दा बढी रु. ४१५।- प्रतिसेयर अफर आएको थियो भने सबैभन्दा कम रु. ३५०।- थियो। तर सबैभन्दा कमलाई सेयर बिक्री गर्ने तरखर गरिएको बुझिएको छ। कममा भए पनि सेयर बेचेर हिँड्न तयार भएको फ्रान्सेली कम्पनीले चाँजोपाँजो मिलाउन सक्नेलाई मात्र सेयर बिक्री गर्ने निर्णय गरेको बुझिएको छ। यसरी सेयरै बिक्री भएपछि कसले सो कारोबारको स्वीकृति प्रदान गर्ने र कसरी नयाँ सेयरहोल्डरलाई बैङ्कमा स्थापित गर्ने भन्ने कुरामा कानुनी मौनता भए पनि श्री ५ को सरकारको सहमति लिई नेपाल राष्ट्र बैङ्कले

त्यस्तो स्वीकृति प्रदान गरी इच्छाअनुसार पदाधिकारी स्थापित गर्ने गरेको छ, जो पूर्ण गैरकानुनी छ। यसरी नेपाल राष्ट्र बैङ्कले गैरकानुनी ढङ्गले कार्य गर्दा पनि कोही यस्तो त्रुटिपूर्ण कार्यको कानुनी निरूपणतर्फ नलागेको हुँदा कानुन नै स्वीकार्य हो कि भन्ने भान परेको छ। तर कमिसनको खेलमा बैङ्कपद्धति बिग्रिए पनि र कानुनी त्रुटि भए पनि चाँजोपाँजोका आधारमा स्वीकृति प्रदान गर्ने काम भने नेपाल राष्ट्र बैङ्कबाट रोकिएको छैन। नेपाल राष्ट्र बैङ्कले बैङ्किङ व्यवस्थालाई नै बिगार्ने गरी धेरै त्यस्ता त्रुटिपूर्ण निर्णयहरू गरेको पाइएको छ।

नेपालमा विद्यमान कानुनले बैङ्कलाई विशेष संरक्षण प्रदान गरेको छ। नेपाल राष्ट्र बैङ्कबाट सञ्चालनको स्वीकृति लिनेबित्तिकै स्वदेशी वा विदेशी लगानीका बैङ्कहरूले 'वाणिज्य बैङ्क ऐन, २०३४' भन्ने विशेष कानुनको उपभोग गर्न पाउने व्यवस्था छ। बैङ्क-व्यवसाय पनि कम्पनी ऐन, २०५३ को अधीनमा खडा हुन्छन् र कम्पनी ऐनले नै सो संस्थालाई यथेष्ट कारोबार गर्न सक्ने अधिकार प्रदान गरेको छ। परिणामस्वरूप विदेशी सहभागीहरूले यो गरिब देशको करोडौँ रुपियाँ प्रतिवर्ष मुनाफाका रूपमा रकम लाने गरेका छन्। हिजो कमाइ हुने समयसम्म कमाइ गर्ने र मुनाफा लाने र अहिले प्रतिकूल परिस्थिति आउने सम्भावना देखेर भाग्ने तरखर गर्नु व्यावसायिक नीतिका विरुद्ध भएको देखियो। त्यसैले विश्वमा ख्याति आर्जन गरेको क्रेडिट एग्रिकोलले व्यावसायिक नीतिका विरुद्धमा निर्णय विचार पुऱ्याएर मात्र निर्णय लिँदा सो कम्पनीको ख्यातिमा असर पर्दैन। साथै कानुनले नै हस्तान्तरण गर्न निर्देशन नदिएको अवस्थामा कसरी फ्रान्सेली कम्पनीको सेयर बिक्री हुन्छ, यो आश्चर्यको विषय भएको छ।

यो स्पष्ट हो कि विदेशीको संयुक्त लगानीमा चलेको बैङ्कको मूल उद्देश्यको नै प्रतिकूल हुने गरी कसैले पनि निर्णय गर्न मिल्दैन। विदेशी कम्पनी निश्चित रूपमा व्यवसाय छोडेर जाने नै हो भन्नेमा नेपाल राष्ट्र बैङ्क पूर्णरूपेण विश्वस्त हुन सक्छ भने बैङ्किङ पद्धतिलाई कायम राख्न सो बैङ्कमा हस्तक्षेप गरी त्यस्ता भाग्न खोजेका ( भगौडा) विदेशीको सेयर आफैँले खरिद गर्नुपर्छ। त्यसरी हस्तक्षेप गरी खरिद गरेको सेयरलाई ग्लोबल टेन्डरद्वारा अन्य त्यस्तै विदेशी बैङ्कलाई बढी भाउमा सेयर बिक्री गरेर बैङ्कलाई यथास्थितिमा कायम गर्न सक्नुपर्छ, किनभने त्यहाँ त्यस्तै उद्देश्य राखी नागरिकलाई सहभागिता प्रदान गरिएको छ। अथवा ने० रा० बैङ्कले साधारणसभाको स्वीकृति लिई नेपाली व्यवसायीहरूलाई बिक्री-वितरण गरी बैङ्कको उद्देश्यपूर्ति हुने गरी बैङ्कको सञ्चालन गर्न र गर्न लगाउनुपर्छ। नेपाल राष्ट्र बैङ्कका पदाधिकारीको काम केवल गैरकानुनी काम गरेर कमिसन मात्र खानु होइन, चलिरहेको बैङ्कलाई यथास्थितिमा चलाउनुपर्ने उसको मूल दायित्व हो। यसका लागि नेपाल राष्ट्र बैङ्क ऐन, २०१२ ले यथेष्ट अधिकार प्रदान गरेको छ। यसरी बैङ्किङ पद्धति बिग्रन लाग्यो भने ठाडै हस्तक्षेप गरेर सुधार गर्ने जिम्मा कानुनले ने० रा० बैङ्कलाई सुम्पेको छ।



हाल प्रतिसेयर रु. ३५० का दरले क्रेडिट एग्रिकोलले बेच्न तयार भएको अवस्थामा नेपाल राष्ट्र बैङ्कले हस्तक्षेप गरी सो सेयर खरिद गरेको खण्डमा नेपाल राष्ट्र बैङ्कलाई करोडौँ रुपियाँ लाभ हुन सक्ने स्पष्ट देखिएको छ। त्यस बैङ्कका हजारौँ सेयरहोल्डरहरू ने० रा० बैङ्कसँग लागतको रकममा रु. २००।- बढी दिई सेयर खरिद गर्न मन्जुर छन्। यसरी रु. २००।- बढी तिर्दा सेयरको भाउ रु. ५५०।- कायम हुनेछ, जसअनुसार नेपाल राष्ट्र बैङ्कलाई करिब रु. १६ करोड फाइदा हुन आउँछ। स्मरण रहोस्, उक्त बैङ्कको सेयरको हालको बजारभाउ रु. १,१००।- कायम छ।

नेपाल इन्डोस्वेज बैङ्कले यस मुलुकको उन्नतिका लागि खासै सहयोग पुऱ्याएको देखिएको छैन। बैङ्किङ कामको १६ वर्षको अवधिमा केवल अन्य ५ शाखाहरू मात्र खुलेका छन्। त्यो पनि नखोली नहुने कारणले मात्र ती शाखाहरू खुलेका हुन्। रु. ३ करोड लगानी गरेको फ्रान्सेली कम्पनीले करोडौँ रुपियाँ मुनाफाका रूपमा आ□नो देशमा लगिसकेको छ भने हाल निजको सेयर करिब रु. ८ करोड ४६ लाखको लगानी भएको देखिन्छ र सो सेयर रु. २९ करोड ६० लाखमा बिक्री गर्न लागेको छ। साँच्चै नै, नेपालको आर्थिक विकासमा सहभागिता जनाउन विदेशीहरू ओइरो लाग्छन् भन्ने त्यस बखतको हाम्रो सोच माटोमा मिलेको छ। केवल कमाउ क्षेत्रमा मात्र विदेशी कम्पनीहरू संलग्न भएको व्यहोरा जगजाहेर छ।

**नेपाल समाचारपत्र, २०५८ श्रावण २५, बिहीबार**

# तनावग्रस्त आर्थिक क्षेत्र र मुलुकको भविष्य

मुलुकको गिर्दो र बिग्रँदो आर्थिक अवस्थाप्रति चिन्ता व्यक्त गर्दै एक सज्जनले भन्नुभयो – "मकैबारीमा बाँदरलाई रखवाला बनाएपछि बाली साबुत भित्र्याउन पाइँदैन ।"

हो, बालीको रेखदेख जति स्वामीभक्त कुकुरले गर्छ त्यति बाँदरले कहिल्यै गर्न सक्तैन । बाँदरले बाली मात्र सखाप पार्छ अर्थात् मकैको घोगा चिथोरेर बारीमै फाल्छ, तर अनावश्यक सञ्चय गर्दैन र बोकेर अन्य स्थानमा लग्दैन । बाँदरले रेखदेख गरेको बारीको बाली साबुत नआए पनि धेरथोर बाली फेला पर्छ । तर मुलुकको सम्पत्तिको रखवाला भ्रष्टाचारी भएपछि मुलुकको ढुकटी मात्र निमिट्यान्नै पारी रित्याउने होइन, उल्टो ऋणको भार बोकाएर जन्मजात ऋणी बनाइदिन्छन् ।

वर्तमान नेपालका राजनीतिक नेता तथा शासनमा संलग्न भएका उच्च पदाधिकारीको बाँदरेप्रवृत्ति मात्र भएको भए पनि मुलुकको आर्थिक अवस्था यसरी लथालिङ्ग हुँदैनथ्यो र यस्तो तनावग्रस्त हुँदैनथ्यो होला । तर यिनीहरूले पशुभन्दा पनि तल्लो प्रवृत्ति धारण गरेका हुँदा मुलुक र जनता आर्थिक रूपमा अत्यन्तै दयनीय अवस्थामा गुज्रन बाध्य हुन पुगेका छन् । आज प्रत्येक नेपाली नागरिकको टाउकोमा आठ हजार रुपियाँको ऋण-भार बोकाउन समर्थ भएका यी राजनीतिक नेता तथा वर्तमान नेपालका उच्च पदाधिकारीहरू अर्थात् नवसामन्तहरूको नामको फेहरिस्त मात्र तयार गर्ने होइन, यिनीहरूका आफन्तसम्मको नामावली अङ्कित भएको एउटा विस्तृत दस्तावेज तयार गर्नुपर्ने आवश्यक भएको छ ।

प्रबुद्ध नागरिकको आँखामा ओफेल पार्दै दस वर्षअगाडि श्री ५ को सरकारले आर्थिक उदारीकरणको नीतिलाई अगाडि सार्‍यो, यद्यपि नेपाली काङ्ग्रेस पार्टीको समाजवादी सिद्धान्त पार्टीको उद्देश्यबाट मासिएको थिएन । समयको माग थियो होला भन्नेमा आम नागरिक परे र सरकारी नीतिलाई स्वीकार्दै गए । साथै, सरकारका तर्फबाट विश्वका साना-ठूला मुलुकमा चलेको औद्योगिकीकरणको प्रलोभन देखाउँदै मुलुकलाई विकासको बाटोमा लम्काउन विदेशी पूँजी भित्र्याउने कागजी योजना बनाए । जनसमर्थन नभए पनि भए पनि आदि-इत्यादि जोरजाम गर्दै विकास गर्न खोजेको नाटक तयार गर्न थाले । विदेशी लगानीलाई आकर्षित गर्दै मुलुकको आर्थिक विकास गर्ने उद्देश्य राखी विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन जारी गरे र गराउन लगाए । सरकारी स्वामित्वमा सञ्चालित उद्योगहरूलाई सरकारको प्रत्यक्ष स्वामित्व हस्तान्तरण गर्ने नीति निर्माण गरी कौडीको भाउमा चलिरहेका उद्योग र उद्योगको सम्पत्ति बिक्री गर्न थाले । यसैअन्तर्गत सरकारी स्वामित्वमा सञ्चालन भइरहेका उद्योग-व्यवसायहरू, जुन विदेशीले सहयोगस्वरूप प्रदान गरेका थिए, लाई स्वदेशी र विदेशी व्यापारीहरूलाई हस्तान्तरण गर्ने कामलाई अगाडि बढाए ।



कमिसनकै चक्करमा केही उद्योग स्वदेशी छद्म व्यापारीले हात पारे भने केही विदेशी बदमास गिरोहले लिन समर्थ भए । नाम मात्रको रकम राज्यकोषमा दाखिला भएको देखाइयो । अन्ततः विदेशीले पाएको उद्योगको मेसिन-औजार गायब भयो र स्वदेशीले लिएका उद्योगको सम्पत्ति व्यक्तिगतमा परिणत भई कामदार तथा मजदुरहरू बेरोजगार हुन पुगे । आर्थिक उदारीकरणको नीतिले उद्योगधन्दा बन्द भयो भने बेरोजगारी समस्या थप भयो । यसरी विस्तारै आर्थिक सङ्कट निम्त्याइयो ।

केही वर्षयता बैङ्कलाई घाटा र बैङ्ककर्मचारी र व्यापारीलाई फाइदा पुग्ने अनेकानेक बैँङ्कठगी-प्रकरणहरू क्रमैसँग रङ्ग र प्रकृति फेरिँदै देखा पर्न थालेका छन् । सरकारी लगानीको बैङ्कमा काम गर्ने कुनै पनि कर्मचारीको आर्थिक हैसियत कमजोर छैन । ती पहिलेका गाउँका ब्याजको स्याज असुल गर्ने सामन्तमा रूपान्तरित भए । सरकारी लगानीका बैङ्कबाट केवल दुई वर्गलाई फाइदा पुगेको देखियो । एउटा वर्ग हो ठूला व्यापारी, र अर्को वर्ग हो त्यसै बैङ्कका कर्मचारी । सर्वसाधारण जनता बैङ्किङ सेवाबाट वञ्चित हुन पुगे । सरकारी पूर्ण लगानीको राष्ट्रिय वाणिज्य बैङ्कका लागि नेपाल राष्ट्र बैङ्कले गरेको सर्भेक्षणले भन्छ – 'राष्ट्रिय वाणिज्य बैङ्क रु. ६ अरब घाटामा छ ।' सो प्रतिवेदनअनुसार बैङ्क पूर्ण रूपले घाटामा गएकोले व्यवस्थापन विदेशीलाई करारमा दिने व्यवस्था हुँदैछ । कस्तो लाजमर्दो कुरा, मुलुकभित्र एक जनासम्म पनि इमानदार तथा सक्षम व्यवस्थापक नेपाल राष्ट्र बैङ्कले देख्न सकेन । हुन त सबैलाई जानकारी भएकै कुरा हो कि आँखा खुल्ने र बन्द हुने काम कमिसनले मात्र निर्धारित गर्छ, नीति र योजनाले होइन ।

हालै नेपाल प्रोफेसनल गार्मेन्ट नामक कम्पनीका मालिक के० के० खन्ना चलिरहेको उद्योग छाडी भागेको सबै क्षेत्रले जानकारी पायो । ललितपुर इमाडोलमा रहेको तयारी पोसाकको कारखानालाई राष्ट्रिय वाणिज्य बैङ्क बानेश्वर शाखाले रु. ८ करोड लगानी गरेको थियो । त्यस्तै, नेपाल अरब बैङ्क र एभरेस्ट बैङ्कको र बजारको रकमसमेत जम्म थप रु. ४ करोड सो तयारी पोसाकको कारखानामा लगानी भएको छ । तर यति ठूलो रकम कसरी लगानी भयो र यति ठूलो कारोबार गर्ने व्यापारी कसरी चलिरहेको कारखाना छोडी भाग्न समर्थ भयो, यो साँच्चै नै अनुसन्धानको विषय भएको छ । रा० वा० बैङ्क बानेश्वर शाखाका प्रबन्धक र कर्मचारीलाई निज भाग्ने कुराको पत्तो नै थिएन भन्न सकिन्न । निज भगौडा खन्नासँग कारोबार गर्दा वा लगानी गर्दा कुनै ठोस सुरक्षणबिना नै लगानी गर्ने गरेको देखियो । यस्तो लगानी बैङ्कको नियमानुसार लगानी भएको नभई बैङ्क-कर्मचारीको मिलेमतो र कमिसनको चक्करबाट ऋण-लगानी हुने गर्छ जो सर्वविदितै छ । तर यसतर्फ सरकारी पक्षले कुनै प्रभावकारी योजना तयार नगरेको र बैङ्क ठग्ने व्यापारीलाई कुनै ठोस कार्यवाही नगरेको हुँदा खास गरी सरकारी बैङ्कसँग कारोबार गर्ने धेरै व्यापारीहरू बैङ्कको कर्जा चुक्ता नगरी भाग्ने मनस्थिति बनाइरहेका छन् । ती भाग्न समर्थ भए भने राष्ट्रिय वाणिज्य बैङ्कले रु. ६ अरबबाट बढेर करिब रु. १५ अरब घाटा बेहोर्नुपर्ने स्पष्ट देखिएको छ ।

अदूरदर्शीपूर्ण सरकारी घोषणाको कारणले गर्दा अहिले मुलुकको आर्थिक क्षेत्र तनावग्रस्त छ। वाणिज्य बैङ्कहरूबाट निक्षेपकर्ताले रकम झिक्न थालेका छन्। कसैले नगदै राख्ने र कसैले सोबाट सुन किन्न थालेका छन्। जनतामा सरकारप्रति अविश्वास र एउटा त्रासको वातावरण पैदा भएको छ। बिनागृहकार्य भूमिको हदबन्दीको घोषणाले सरकार ओल्लो तीर न पल्लो तीरको अवस्थामा पुगेको छ। कहिले चार बिगाहा र कहिले दस बिगाहाको सीमानिर्धारण कायम गर्न नसक्ता भूमिसम्बन्धी ऐन, २०२१ लाई संशोधन विधेयकका रूपमा प्रतिनिधिसभामा प्रस्तुत गर्न सकिरहेको छैन। यता बजारमा भने सुनको भाउ अप्रत्याशित रूपमा बढ्न थालिसकेको छ।

भारतीय मूलका व्यापारीहरू र नवधनाढ्यहरूले भारत र अन्य मुलुकमा नगद रकम सरुवा गराउने कार्य जारी राखेका छन्। भारतीय एक सय रुपियाँको सरकारी निर्धारित अङ्क रु. १६० भए पनि आजअघि रु. १५८ मा हुन्डी चलिरहेको थियो, तर अहिले रु. १६३ कायम भएको छ। अर्थात् रु. ५ ले नेपाली मुद्रा अवमूल्यन भएको छ। त्यस्तै, यू० एस० डलर एकको पनि रु. ७९ कायम हुन पुगेको छ, जबकि सरकारी मूल्य रु. ७५ कायम भएको छ। यति हुँदा पनि मौद्रिक स्थितिलाई नियन्त्रित अवस्थामा राख्नुपर्ने पदाधिकारीहरू आ□नो असक्षमता स्वीकार गर्न तयार छैनन्, उल्टै हामीसँग नगद मौज्दात छ भनेर झूटा कुरा बोल्न पछि परेका छैनन्। बजार यति गिरेको छ कि सधैँ बढिरहने वाणिज्य बैङ्कहरूको सेयरका भाउहरू घट्न थालेका छन्। आर्थिक क्षेत्रमा देखिएको यो विषम परिस्थितिको मुकाबिला कसरी गर्ने भन्नेमा बुद्धिजीवीहरू चिन्तित छन्, साथै मुलुकमा आर्थिक सङ्कट आउन थालेका दृश्यहरू टड्कारो देखिन थालेका छन्।

**नेपाल समाचारपत्र, २०५८ भाद्र १६ गते शनिबार**



# बैङ्क र बैङ्किङक्षेत्र ठूलो भ्रष्टाचारको अखडा

नेपाल राष्ट्र बैङ्क ऐन, २०१२ ले स्थापित गरेको केन्द्रीय बैङ्क अर्थात् नेपाल राष्ट्र बैङ्कले राणाको पालाको मुलुकीखानाको सबै दायित्व बोकेर अधिराज्यका विभिन्न जिल्लामा शाखा-प्रशाखा खोली मुलुकमा सरकारी स्तरबाट बैङ्किङ सेवा सुरु गरेको थियो। हुन त यसभन्दा पनि अघि श्री ३ जुद्धशमशेरको पालामा वाणिज्य बैङ्कका रूपमा १९९७ सालमा नेपाल बैङ्क लिमिटेड स्थापना भएको थियो। सरकारको र जनताको लगानीमा खुलेको नेपाल बैङ्क लिमिटेड नै नेपालको प्रथम बैङ्क हो। पछि नेपाल राष्ट्र बैङ्कले वाणिज्य बैङ्कले गर्ने कार्य गर्नु बेठीक सम्झेर सो नेपाल राष्ट्र बैङ्कले सञ्चालन गर्दै आएका शाखा-प्रशाखाहरूलाई श्री ५ को सरकारले राष्ट्रिय वाणिज्य बैङ्क खडा गरी सुम्पेर मुलुकमा दुई वाणिज्य बैङ्कहरूलाई क्रियाशील गरायो। नेपाल राष्ट्र बैङ्कचाहिँ सरकारको मात्र कारोबार हेर्ने र केन्द्रीय रिजर्भ बैङ्कका रूपमा काम गर्न थाल्यो। लामो समयसम्म नेपालको वाणिज्य क्षेत्रमा नेपाल बैङ्क लिमिटेड र राष्ट्रिय वाणिज्य बैङ्कले काम गर्ने मौका पाए र अधिराज्यभरि करिब ५०० शाखा-प्रशाखा खोलेर बैङ्किङ सेवा गर्ने मौका पाए। तर अहिले यी दुवै पुराना बैङ्कहरूलाई श्री ५ को सरकारले विदेशीलाई सुम्पने तरखर गरिरहेको छ। यसबाट राज्यलाई कति लाभ र हानि हुन्छ भन्ने कुराको पुष्टि नभए पनि यो बैङ्क विदेशीलाई सुम्पिँदा मोटो रकम कमिसनका रूपमा लेनदेन हुँदैछ भन्ने समाचार भने प्रशस्त प्रकाशित भएका छन्।

आर्थिक विकासबिना देशको सर्वपक्षीय विकास हुन सक्तैन भन्ने सिद्धान्तकै आधारमा हाल विश्वका अन्य प्रजातान्त्रिक मुलुकहरूले अपनाएको आर्थिक उदारीकरणको नीतिलाई यो सानो र गरिब मुलुकले पनि जानेर वा नजानेर अवलम्बन गर्दै आएको छ। यो मुलुकमा जब आर्थिक उदारीकरणको नीति श्री ५ को सरकारले सुरु गऱ्यो, तबदेखि नै राज्यको सम्पत्ति हिनामिना हुन, सार्वजनिक सम्पत्ति व्यक्तिगतमा परिणत हुन र चलिरहेका उद्योगधन्दा एकाएक बन्द हुन थालेका छन्। राज्यले उद्योग सञ्चालन गर्नु हुँदैन भन्ने नीति लिएर भृकुटी कागज कारखाना, हरिसिद्धि इँटा कारखाना र बाँसबारी छालाजुत्ता कारखानाजस्ता उद्योगहरू निजी क्षेत्रलाई हस्तान्तरण गरेर असफल नतिजा प्राप्त गरेको सरकारले निजी क्षेत्रमा बैङ्कहरू खुलुन् भनेर पनि नरम नीति अपनाएको थियो। यसअन्तर्गत विदेशी बैङ्कको सम्बन्धनमा नेपाल अरब बैङ्क, नेपाल इन्डोस्वेज बैङ्क र नेपाल ग्रिनलेज बैङ्क आदिजस्ता बैङ्कहरूको स्थापनाले बैङ्क-व्यवसायमा नेपालका नवपूँजीपति र टाटपूँजिया टाठाबाठाको ध्यान खिच्न समर्थ भयो। थोरै लगानीमा धेरै फाइदा हुने काम बैङ्क-व्यवसाय एक मात्र देखिएपछि बैङ्क खोल्ने स्वीकृति प्राप्त गर्न नेपाल राष्ट्र बैङ्कमा धेरै अवसरवादीहरूको घुइँचो बढ्यो। परिणामस्वरूप साना-ठूला फाइनान्स कम्पनीदेखि

सहकारी संस्था लिमिटेडहरू पनि वित्तीय कारोबार गर्न अघि सरे र वित्तीय कारोबार गर्ने संस्थाहरू बेहिसाबसँग खुल्न थाले । यसै दौरानमा स्वदेशी लगानीमा पनि वाणिज्य बैङ्कहरू खुले र दर्जनौं समूहहरू वाणिज्य बैङ्कहरू सञ्चालन गर्न स्वीकृति प्राप्त गर्न हालसम्म पनि नेपाल राष्ट्र बैङ्कमा लाममा खडा भएका छन् । लाग्छ, नेपालमा एक मात्र मुनाफायुक्त व्यवसाय बैङ्किङ क्षेत्र हो ।

हाल नेपालमा विद्यमान कानुनले बैङ्कलाई विशेष संरक्षण प्रदान गरेको छ । नेपाल राष्ट्र बैङ्कबाट सञ्चालनको स्वीकृति लिनेबित्तिकै त्यस्ता वाणिज्य बैङ्कहरूले 'वाणिज्य बैङ्क ऐन, २०३४' भन्ने विशेष कानुनको उपभोग गर्न पाउने व्यवस्था छ । त्यस्तै 'विकास बैङ्क ऐन, २०५३' ले विकास बैङ्कहरूलाई संरक्षण प्रदान गरेको छ भने फाइनान्स कम्पनीलाई 'वित्तीय कम्पनी ऐन, २०४२' भन्ने विशेष ऐनले संरक्षण प्रदान गरेको छ, जबकि अरू व्यवसायहरूलाई यसरी ऐनद्वारा संरक्षण प्रदान गरिएको छैन । बैङ्क-व्यवसाय पनि कम्पनी ऐन, २०५३ को अधीनमा खडा हुन्छ र कम्पनी ऐनले नै सो संस्थालाई यथेष्ट कारोबार गर्न सक्ने अधिकार प्रदान गरेको छ तर पनि बैङ्क-व्यवसायीलाई यो खुला र प्रतिस्पर्धात्मक बजारमा विशेषाधिकार दिनुपर्ने आवश्यकता देखिँदैन । यही कारणले बैङ्किङ क्षेत्रमा कमिसन र अवैध लेनदेनको चलन चलेको छ ।

श्री ५ को सरकारले बैङ्क-व्यवसायलाई यसरी बलियो बनाउनुपर्ने र विशेष ऐन दिनुपर्ने बाध्यताको कारण हो त्यस बखत केवल सरकारी स्वामित्वमा स्थापित दुई बैङ्कहरू अर्थात् नेपाल बैङ्क लिमिटेड र राष्ट्रिय वाणिज्य बैङ्क मात्र मुलुकभित्र वाणिज्य बैङ्कका रूपमा कार्यरत हुनु । त्यसैले तिनका संरक्षणका लागि अत्यन्तै बलियो ऐन राज्यले प्रदान गरेको थियो । परिणामस्वरूप विदेशी सहभागीहरूले यो गरिब देशको करोडौं रुपियाँ प्रतिवर्ष मुनाफाका रूपमा लाने गरेका छन् । यसतर्फ कसैले गम्भीरताका साथ सोचेको छैन । वास्तवमा विदेशी सहभागिता र व्यक्तिगत संलग्नतामा खुलेका बैङ्कहरूलाई छुट्टै ऐनको व्यवस्था हुनुपर्ने थियो । त्यसतर्फ श्री ५ को सरकारको ध्यान नगएका कारण मुलुकका बुद्धिजीवीहरू दुःखित हुन पुगेका छन् । यहाँ स्पष्ट देखिएको छ कि विशेष ऐनको सुविधा उपभोग गर्न पाएका बैङ्क-व्यवसायीहरूले दिन दुगुना रात चौगुनाका रूपमा आर्थिक उन्नति गरिरहेका छन् । फलस्वरूप बैङ्किङ सेवा लिने ग्राहक शोषित भई टाट पल्टने र सेवा दिने बैङ्कले भने अकूत धन कमाई नवसामन्त बन्न पुगेका छन् ।

सरकारी नीतिअनुरूप नेपाल राष्ट्र बैङ्कले वाणिज्य बैङ्क, विकास बैङ्क र फाइनान्स कम्पनी भनी बैङ्कहरूलाई विभिन्न वर्गमा वर्गीकृत गरी त्यसैअनुसार त्यस प्रकृतिका बैङ्कहरूलाई पूँजीको सीमा तोकेको छ । विकास बैङ्कलाई राष्ट्रिय, क्षेत्रीय र स्थानीय स्तरमा सञ्चालन गर्न मिल्ने व्यवस्था पनि गरेको छ । नेपालमा अरू व्यवसायभन्दा बढी मुनाफा बैङ्क-व्यवसायमा देखेपछि धेरै बैङ्कहरू खुल्न सुरु भए । सेयरबजारतर्फ हेर्दा पनि बैङ्किङ क्षेत्रको मात्र सूचीकरण गरिएको र यसैको मात्र कारोबार भएको देखिन्छ । नोक्सानमा चलेको भनिएको नेपाल बैङ्कको रु. १०० सेयरको बजारमूल्य हाल करिब रु. ४०० छ भने विदेशी लगानीका बैङ्कहरूको



प्रतिसेयर करिब रु. २००० कायम भएका छन् । यस स्थितिमा बैङ्क खोल्न लाममा बसेका समूहहरूले मोटो रकम खर्च गरेर पनि बैङ्कको स्वीकृति लिने योजना बनाइरहेका छन् ।

अन्तर्राष्ट्रिय बैङ्किङ कारोबार गर्न पाउने वाणिज्य बैङ्क मात्र होइन, स्वदेशमै वाणिज्यक्षेत्रमा काम गर्न पाउने वित्तीय क्षेत्रमा पनि त्यत्तिकै आकर्षण छ । हुँदाहुँदा सहकारी संस्थाहरूले पनि निक्षेप जम्मा लिन थालेपछि सहकारी संस्थाको पनि सङ्ख्यामा बढोत्तरी भएको छ । यसैबीच धेरै फाइनान्स कम्पनी र सहकारी संस्थाहरूले जनताले जम्मा गरेको रकम खाएर भागेका समाचार पनि प्राप्त हुन थालेका छन् । केही संस्था र त्यसका सञ्चालक मुलुकी ऐनको ठगीको महलअन्तर्गत अदालतको कठघरामा उभिन पुगेका छन् भने केही अख्तियारको चङ्गुलमा फस्न पुगेका छन् । स-साना बैङ्किङ कारोबार गर्न स्वीकृत पाएका संस्थाहरूलाई जनताले जम्मा गरेको रकम दिलाउन र निजहरूलाई कुनै पनि सरकारी निकायले कार्यवाही गरेर देखाउन सकेका छैनन् । जनताले भने त्यो जम्मा भएको रकम फिर्ता पाउन जिल्ला प्रहरी कार्यालय र जिल्ला प्रशासन कार्यालयमा उजुरी तथा अदालतहरूमा मुद्दा दायर गरेका छन् । वास्तवमा यस क्षेत्रलाई नियन्त्रण गर्ने अहिले कानुनको अभाव छ, त्यसको फाइदा सबै बैङ्क-व्यवसायीहरूले उठाएका छन् ।

सहकारी आन्दोलनलाई अगाडि बढाउने उद्देश्यका साथ आएको सहकारी ऐनको गलत अर्थ लगाई हाल सहकारी संस्थाहरूलाई वित्तीय कारोबार गर्न छुट दिइएको छ । अहिले मुलुकभित्र सयौँको सङ्ख्यामा खुलेका सहकारी संस्थाहरूमध्ये केवल एक प्रतिशतले मात्र नेपाल राष्ट्र बैङ्कसँग वित्तीय कारोबार गर्न पाउने स्वीकृति लिएका छन् भने अधिकांश सहकारी संस्थाहरूले बिनास्वीकृति बजारमा खुला रूपमा वित्तीय कारोबार गरिरहेका छन् । त्यसरी गैरकानुनी ढङ्गले सहकारी संस्था सञ्चालन गर्ने संस्थाहरूलाई त्यस्तो कारोबार गर्न रोक लगाउने कुनै सरकारी निकाय कार्यरत नभएको हुँदा तिनीहरू खुला रूपमा प्रचार-प्रसार गरेर जनतासँग निक्षेप सङ्कलन गरिरहेका छन्, जबकि सहकारी संस्थाका सदस्यभित्र मात्र त्यस्तो कारोबार गर्नुपर्ने र सदस्यको हितका लागि मात्र क्रियाकलाप केन्द्रित हुनुपर्ने थियो । त्यस्ता सहकारी संस्थाहरूलाई गैरसदस्यसँग निक्षेप सङ्कलन गर्नमा र वित्तीय कारोकार गर्नमा रोक लगाउने नीति तयार भएको छैन । यसबाट पनि ठूलो सङ्ख्यामा मान्छेहरू शोषित हुन पुगेका छन् ।

साना वित्तीय संस्था मात्र होइन, ठूला वाणिज्य बैङ्कहरूका कारोबारले पनि जनता र मुलुकलाई शोषण गरेका छन् । धेरै वाणिज्य बैङ्कहरूले जनताका निक्षेपमा लिएको रकम कथित ठूला-ठूला उद्योगहरूलाई लगानी गरेको देखिन्छ । ती लगानी भएका उद्योगहरू उत्पादन र रोजगारमूलक हुनुभन्दा अन्य हुन गएको कारणले बैङ्कको लगानी साँवा-ब्याज समयमा चुक्ता गर्न सक्ने देखिँदैन । हालको लगानीको तरिकालाई हेर्दा यस्तो अनुमान गर्न सकिन्छ कि एक दिन बैङ्कले ती कथित उद्योगको

भौतिक सम्पत्ति मात्र कब्जा गर्नुपर्ने हुन्छ। अर्थात् मूल धन त परै जाओस्, ब्याजसम्म पनि असुल हुन सक्तैन। उदाहरणका लागि रेडिसन, तारागाउँ, हयात रिजेन्सी र फूलबारी नामक ठूला होटलहरूलाई लिन सकिन्छ। सरकारी स्वामित्वका बैङ्कहरूको ठूलो लगानी भएका यी उद्योगहरूको भविष्य राम्रो देखिँदैन। लगानी भएका उद्योगले साँवा-ब्याज बुझाउन नसकेपछि बैङ्कलाई असर पर्छ र बैङ्कलाई असर पर्दा जनता सोझै मर्कामा पर्छ। त्यसैले सरकारी र निजी क्षेत्रका दुवै बैङ्कहरूले गरेको कार्य पृथक् प्रकृतिको देखिए तापनि नतिजा भ्रष्टाचार र जनशोषण देखिएका छन्।

**कान्तिपुर दैनिक**, २०५८ असार

**भरत जङ्गम – 'पचास प्रसङ्ग' बाट**

## सहकारी कार्यक्रम फलदायी हुन्छ

हाम्रो जस्तो स्रोत र साधन कम भएका मुलुकहरूका लागि सहकारी कार्यनीतिको आधारमा सञ्चालन हुने कार्यक्रम नै फलदायी हुन सक्छ।

**– मौलिक सहकारी कार्यक्रम र गुठी बन्दोबस्त**



# भ्रष्टाचारकै कारणले बैङ्क डुबानमा तर उद्योगी विदेशमा

नेपाल प्रोफेसनल गार्मेन्टका मालिक के० के० खन्ना नाम गरेका उद्योगी तथा व्यापारी ललितपुर इमाडोलमा रहेको तयारी पोसाकको चलिरहेको कारखाना छोडी भागेको समाचार आएको थियो। राष्ट्रिय वाणिज्य बैङ्क बानेश्वर शाखाका ग्राहक के० के० खन्नालाई यसरी भाग्नुपर्ने स्थिति किन आयो र भाग्नका लागि कसले मद्दत गर्‍यो भन्नेतर्फ गम्भीरताका साथ अनुसन्धान गर्नुपर्ने अवस्था आएको छ। रा० वा० बैङ्क बानेश्वर शाखाका प्रबन्धक र कर्मचारीलाई निज भाग्ने कुराको पत्तो नै थिएन भन्न सकिन्न, किनभने ललितपुर इमाडोलमा निर्मित कारखाना भवन र त्यसमा जडान भएका मेसिन-औजारले निजमाथि बैङ्कले लगानी गरेको ऋणभार बोक्न नसक्ने कुरा सबैलाई थाहा थियो। साथै भारतीय नागरिक के० के० खन्नामाथि लगानी भएको ऋण २०५४ सालदेखिको भएको हुँदा यसको असुलीतर्फ अपनाइएको नरम नीतिले नै यो घटनाको रचना गरेको हो। निज भगौडा खन्नासँग रा० वा० बैङ्क बानेश्वर शाखाले करिब ८ करोड रुपियाँ असुल गर्नुपर्नेछ।

यहाँ प्रश्न उठ्छ – नेपाली नागरिकलाई लगानी गर्दा यथेष्ट सम्पत्ति अर्थात् घरबार दृष्टिबन्धकी पास गरेर पनि व्यक्तिगत जमानीमा मात्र लगानी गर्ने बैङ्कले विदेशी नागरिकलाई लगानी गर्दा भने कुनै सुरक्षणबिना नै लगानी गर्ने गरेको छ। यस्तो लगानी बैङ्क प्रचलन वा बैङ्क ऐन र नियमानुसार लगानी भएको नभई बैङ्कका कर्मचारीको मिलेमतो र कमिसनको चक्करबाट ऋण लगानी हुने गर्छ। यस्ता लगानीमा फाइदा भए बैङ्कका कर्मचारीको पदोन्नति हुने र नोक्सानी हुँदा भने बैङ्कले बेहोर्नुपर्ने परिस्थितिको सिर्जना भएको छ। यस्तो एकोहोरो र एकतर्फी नोक्सानीको रोकथाम कसरी गर्ने भन्नेतर्फ कसैको ध्यान गएको छैन।

यति ठूलो लगानी असुल हुन बाँकी भएको ऋणी खन्ना भागेको गत हप्ता पत्रिकामा छापिएको समाचार पढेपछि मात्र आधिकारिक रूपमा खबर पाउने बानेश्वर शाखाले सो कारखानामा कहिले बैङ्कको ताला लगाउने हो, थाहा हुन सकेको छैन। हुन सक्छ, कारखानाका सबै मेसिन-औजारहरू बाहिरिएपछि मात्र कारखानामा बैङ्कको ताला लाग्छ। अर्थात् बैङ्कले अन्तमा मुस्किलले उक्त लगानीको ब्याजसम्म उठाएर अरू साँवालाई नोक्सानीमा परिणत गर्छ। यो कार्य कुनै नौलो होइन। यसै गरी केही वर्षपूर्व राष्ट्रिय वाणिज्य बैङ्क विशालबजार शाखाको करिब रु. १२ करोड लिएर रामकुमार भद्रपुरिया नामका व्यापारी भारत प्रस्थान गरेका थिए। यसबीचमा धेरै यस्ता व्यापारीहरू बैङ्कको कर्जा बाँकी राखेर विदेशिएका छन्। यसतर्फ सरकारी पक्षले कुनै प्रभावकारी योजना तयार नगरेको र बैङ्क ठग्ने व्यापारीलाई कुनै ठोस

कार्यवाही गरेर नदेखाएको हुँदा खास गरी सरकारी बैङ्कसँग कारोबार गर्ने धेरै व्यापारीहरू बैङ्कको कर्जा चुक्ता नगरी भाग्ने मनस्थिति बनाइरहेका छन् ।

नेपाल अधिराज्यका विभिन्न व्यापारी तथा औद्योगिक फर्महरूले नेपालका विभिन्न बैङ्कबाट प्रतीतपत्र खोली उल्लिखित सामान पैठारी नगरी नक्कली कागजातका आधारमा सञ्चित विदेशी मुद्रा अपचलन गरेको भन्नेबारेमा जाँचबुझ गरी सत्यतथ्य पत्ता लगाई श्री ५ को सरकारसमक्ष राय-ठहरसहितको प्रतिवेदन तयार गर्न २०५२ सालमा लवराज शर्माको अध्यक्षतामा एक आयोग गठन गरेको थियो । त्यो आयोगले २०५१ साउन १ देखि २०५२ कात्तिक १५ सम्ममा वाणिज्य बैङ्कहरूमा खुलेका १५ हजार प्रतीतपत्रहरूमा भएको घोटालाका बारेमा विस्तृत छानबिन गरी दोषीलाई औँल्याउँदै प्रतिवेदन तयार गरी श्री ५ को सरकारलाई बुझाएको थियो । मुलुकको सञ्चित कोषमा रहेको विदेशी मुद्राको ठूलो मात्रामा अपचलन भएको देखेपछि दोषीउपर कारवाही गर्नुपर्नेमा कुनै कारवाही अगाडि बढेको देखिएन । २०५१-२०५२ सालमा एल० सी० काण्डका रूपमा अत्यधिक चर्चामा आएको त्यो प्रतीतपत्र घोटालाकाण्डलाई सरकारले कुनै कारवाही नै नगरी छोपछाप गर्नेतर्फ लागेको हुँदा सोही प्रतिवेदनलाई सर्वसाधारणलाई बढीभन्दा बढी जानकारी प्राप्त होस् भन्ने उद्देश्यका साथ 'नेपाली आवाज' ले सो प्रतिवेदनलाई जस्ताको तस्तै छापेर प्रचारमा समेत ल्याएको थियो तर सरकारको वक्रदृष्टिका कारण जतिसुकै प्रचारमा आए पनि आयोगको प्रतिवेदन केवल प्रतिवेदनमा मात्र सीमित रह्यो । परिणामस्वरूप त्यस्ता बैङ्क घोटालाकाण्डहरू अनेकानेक रूप र रङ्ग बदल्दै नेपाली समाजमा क्रमशः प्रस्तुत हुन थालेका छन् ।

राष्ट्रिय वाणिज्य बैङ्कको विशालबजार शाखाको मात्र नेपाल राष्ट्र बैङ्कले २०५५ पुसमा एक सर्भेक्षण गरी एक प्रतिवेदन तयार गरेको थियो । सो प्रतिवेदनलाई विचार गर्दा बैङ्क पूर्ण रूपले घाटामा जान सक्ने सङ्केत देखा परेको छ । त्यसमा त्यस्ता १५ उद्योगहरूको अध्ययन गरिएको छ जुन बैङ्किङ दृष्टिकोणले अत्यन्तै शङ्कास्पद छन् ।

यसरी राष्ट्रिय वाणिज्य बैङ्कको करिब १ अरब ५९ करोड रुपियाँ असुल हुन बाँकी देखिन्छ । यी माथिका कम्पनी र फर्ममध्ये हाल धेरै सञ्चालनमै रहेका छन् तापनि बैङ्कको ऋणको साँवा-ब्याज तिर्न सक्छन् भन्नेमा कोही पनि विश्वस्त हुने अवस्था छैन । प्रतिवेदनमा भनिएको छ – 'ऋणीहरूले बैङ्कलाई आवश्यकताअनुसार सम्पत्ति सुरक्षणमा राखेका छैनन् र लगानी खतरायुक्त छ ।' यी माथिका ऋणीमध्ये केहीले मुलुक छोडिसकेका छन् र केही छोड्ने तरखरमा छन् । यसको रोकथामका लागि सरकारको सम्बन्धित निकायले के पहल गर्छ भन्नेबारेमा जनप्रतीक्षा जारी छ ।

मुलुकको आर्थिक विकास गर्ने जिम्मा लिएका बैङ्कहरूले जनताको निक्षेपमा सङ्कलित रकमको लगानी गरिब जनताको जीवनस्तर उठाउन बढीभन्दा बढी तल्ला तथा निमुखा जनताको आयवृद्धि हुने कार्यमा लगानी गरी देश र जनताको जीवनस्तर उठाउने कार्यमा केन्द्रित हुनुपर्नेमा बैङ्क-कर्मचारीले कमिसनको चक्करमा त्यस्ता नामधारी उद्योगीहरूलाई लगानी गरी बैङ्कको उद्देश्यविपरीत कार्य गरिरहेका छन् । ती उद्योगी बैङ्कको पैसामा खेलेर उद्योगपति हुन पुगेका छन् । एक दिन उद्योगमा आगो



लागेको वा कुनै भवितव्य भएको नाटक रचना गर्नेछन् र बैङ्कको लगानीलाई माफी गराउने कोसिस गर्नेछन् वा मुलुक नै छोडी भाग्नेछन्, साथै बैङ्क-पदाधिकारी पनि साथै लानेछन् । हिजो रामकुमार भद्रपुरियासँग वाणिज्य बैङ्क विशालबजारका एकाउन्टेन्ट सुरेन्द्र राजभण्डारी पनि फरार भएका थिए । निज भगौडा खन्नाको समाचारपछि भाग्नुपर्ने बैङ्क-व्यवस्थापक श्रीकृष्ण श्रेष्ठ हाल विदेशी मुद्रा अपचलनमा कार्यवाहीमा परी थुनामा नपरेको भए खन्नासँगै भाग्ने थिए । लगानी उठाउँदाको प्रत्येक ताकेतामा कमिसन प्राप्त गरी खन्नालाई भगाउन मद्दत गर्ने हालका व्यवस्थापक लक्ष्मणकृष्ण ताम्राकार पानीमाथिको ओभानो देखिएका छन्, कारण लगानी उनको समयमा भएको होइन ।

सरकारले अपनाएको आर्थिक उदारीकरणको नीतिको गलत अर्थ लगाई विदेशी छट्टु व्यापारीलाई बिनासुरक्षण ऋण लगानी गर्दा उठाउनुपर्ने जोखिम केवल बैङ्कले मात्र उठाउनुपर्ने हो वा बैङ्क-कर्मचारीहरूले पनि त्यसमा बराबरको जिम्मेवारी हुनुपर्ने हो भन्नेबारेमा मुलुकको कानुन मौन भइदिएको अवस्थामा श्री ५ को सरकार मौन दर्शकका रूपमा रहन मिल्दैन । ती कर्मचारीले बैङ्क मुनाफामा हुँदा बोनस खान्छन् भने नोक्सानीमा पनि तिनीहरूले पूर्ण जिम्मेवारी लिनु नै पर्छ ।

दस वर्षयता बैङ्कलाई घाटा र बैङ्क-कर्मचारी र व्यापारीलाई फाइदा पुग्ने अनेकानेक बैङ्क-ठगीका प्रकरणहरू क्रमैसँग रङ्ग र प्रकृति फेरिँदै देखा पर्न थालेका छन् । सरकारी लगानीको बैङ्कमा काम गर्ने कुनै पनि कर्मचारीको आर्थिक हैसियत कमजोर छैन । सरकारी लगानीका बैङ्कबाट फाइदा पुगेको छ भने ठूला व्यापारीलाई र त्यसै बैङ्कका कर्मचारीलाई मात्र फाइदा पुगेको छ, सर्वसाधारण जनता बैङ्किङ सेवाबाट वञ्चित छ । तर हामीलाई खाँचो छ गरिब एवं निमुखा जनताको गरिबी उन्मूलन गर्ने बैङ्किङ व्यवस्थाको स्थापना गर्नु । यो कार्य यस अवस्थामा सम्भव देखिँदैन किनभने सरकारमा भएका जिम्मेवार व्यक्तिहरूमा जानकारीको अभावका साथै चासो राखेर काम गर्ने प्रवृत्तिको विकास भएको छैन । त्यसैले यस परिप्रेक्ष्यमा आमजनता अभावग्रस्त जीवन गुजार्न बाध्य भएका छन् भने ठगसमुदायले हालको बैङ्किङ व्यवस्थाबाट यथेष्ट फाइदा उठाइरहेका छन् ।

**कान्तिपुर दैनिक**, **२०५८ साउन**

# यसै पुस्तकबाट

***त्रिभुवन विश्वविद्यालयको समाजशास्त्र, राजनीतिशास्त्र, अर्थशास्त्र, व्यवस्थापन, जनप्रशासन तथा कानुन सङ्कायका स्नातकोत्तर तहका विद्यार्थीहरूले गर्नुपर्ने अनुसन्धानमा भ्रष्टाचारविरुद्ध विज्ञानका बारेमा अनुसन्धान सुरु गर्दा अनुसन्धाता विद्यार्थीहरूलाई मद्दत पुगोस् भन्ने हेतुले यस पुस्तकमा प्रकाशित प्रबन्धहरूबाट मुख्य-मुख्य विचारहरूलाई यहाँ प्रस्तुत गरिएको छ ।***

**भ्रष्टाचार नयाँ रोग**

भ्रष्टाचार बीसौं शताब्दीको उपज हो। विकासोन्मुख मुलुकमा लागेको यो रोगको निदान साधारण उपचार-विधिले हुन सक्तैन भन्ने कुरा यसले गाड्दै गएको र फैलाउँदै गएको जराबाट नै प्रमाणित भएको छ। (पृष्ठ ७)

**भ्रष्टाचार अनुकरणीय हुन्छ**

यो (भ्रष्टाचार) अनुकरणीय हुन्छ, जस्तै एउटाले देखेपछि अर्काले त्यसै गर्न खोज्छ। (पृष्ठ ७)

**देखावटी विरोध**

सबैले (भ्रष्टाचारको) विरोध गरेको देखिन्छ तर मौका पाएपछि त्यही विरोधी पनि यसको लपेटाबाट बच्न सकेको छैन। त्यसैले यो केवल देखावटी विरोध मात्र भएको छ। ( पृष्ठ ७)

**भ्रष्टाचार बढ्ने कारण**

मुलुकमा ठीक-दुरुस्त तथ्याङ्क नहुनु, आयकर प्रभावकारी रूपमा लागू नहुनु, सम्पत्ति कर असुल गर्ने रेकर्ड नहुनु, सार्वजनिक पद धारण गर्ने व्यक्तिले गोलमटोल सम्पत्ति विवरण दिनु वा नदिनु र पछि धन-सङ्कलन गरेपछि पैतृक सम्पत्ति भनेर प्रमाण जुटाउनु र जुट्नु, उद्योगको नाममा फेक उद्योगहरू सञ्चालित हुनु र वैध व्यापारभन्दा अवैध व्यापार सञ्चालित हुनु आदि-आदिले गर्दा यसले बढावा पाएको छ। (पृष्ठ ७-८)

**पार्टीले गोप्य चन्दा लिन हुँदैन**

पार्टीलाई आर्थिक अनुदान सङ्कलन हुने विभिन्न स्रोतलाई गोपनीय राख्ने विधि नै भ्रष्टाचार बढाउने बलियो पक्ष हो। पार्टीले अनुदान खुला स्वीकार्नुपर्छ र गोप्य अर्थसङ्कलन बहिष्कार गर्नुपर्छ, वा सकेसम्म पार्टीले अनुदान-चन्दा लिनु नै हुँदैन। (पृष्ठ ८)

**भ्रष्टाचारको अन्त नहुने अवस्था**

उचित वा अनुचित जसरीसुकै पैसा कमाओस्, पैसा कमाएका व्यक्तिहरूको समाजमा सम्मान हुन्छ। एकतन्त्रीय राणाशासन र निर्दलीय व्यवस्थाका अनैतिक व्यक्तिबाट प्रभावित यो समाज आज पनि उही दबाइएको मनस्थिति बोकेर भ्रष्टाचारी व्यक्तिलाई साथ दिन्छ र भ्रष्टाचार गर्न अझ उक्साउँछ। यस्तो सामाजिक मनोवृत्ति रहेसम्म भ्रष्टाचारको अन्त हुँदैन। (पृष्ठ ८)

**भरपाई गरेर कसैले घूस खाँदैन**

यति रकम बुझिलिएँ भनेर भरपाई दिएर वा लिएर कसैले घूस लेनदेन गर्दैन। तसर्थ यसको प्रमाण हुँदैन। (पृष्ठ ८)



**भ्रष्टाचारविरुद्ध राज्यको दायित्व**

- सरकारले विभिन्न किसिमका नियन्त्रणका कानुन बनाउन सक्छ र लागू गर्न सक्छ। तर सरकारमा गरौं भन्ने उत्कट इच्छा हुनुपर्छ।
- भ्रष्टाचारद्वारा जम्मा गरेको सम्पत्तिलाई सरकारले जफत गर्न सक्छ। यति मात्र होइन, बिगोबमोजिम अन्य सम्पत्ति पनि दण्डस्वरूप जफत गर्न सक्छ। यसरी प्राप्त सम्पत्तिको केही अंश भ्रष्टाचारविरुद्ध उजुरी गर्नेलाई पुरस्कृत गर्ने व्यवस्था गरेर भ्रष्टाचारीलाई निरुत्साहित बनाउनुपर्छ।
- भ्रष्टाचार-निवारणको कार्यमा निकायलाई पूर्ण सहयोग पुऱ्याउनुपर्छ। यथेष्ट रकमको निकासा गरेर, आवश्यकताअनुसारका कर्मचारी जुटाइदिएर, कामअनुसार मूल्याङ्कन गरी उत्साहित बनाइराख्ने काम गरेर र अनुसन्धान तहकिकातमा हस्तक्षेप नगरेर सहयोग पुऱ्याउन सकिन्छ।
- पार्टीले आ□नो उद्देश्यभित्र नै भ्रष्टाचार-निवारण गर्ने विषयलाई समावेश गरी भ्रष्टाचारविरुद्धमा अभियान सञ्चालन गर्नुपर्छ। यसो भएमा मात्र पार्टीको असल छवि जनताले देख्न पाउनेछ। (पृष्ठ १०)

**विकासोन्मुख देशको रोग**

सङ्क्रामक रोगको रूपमा फैलिएको भ्रष्टाचारले हाम्रो जस्तो गरिब मुलुकलाई ज्यादै सताएको छ। यो रोगले ग्रस्त मुलुकहरूमा राजनीतिक आर्थिक, एवं सामाजिक जीवन भयावहपूर्ण स्थितिमा गाँजिएको छ। यसको रोकथामको उपाय प्रभावकारी रूपमा फेला परिसकेको छैन। त्यसैले भ्रष्टाचार फैलिने क्रिया जारी छ। (पृष्ठ ११)

**घूसका विरुद्ध धार्मिक र सामाजिक भय**

यो मुलुकमा आजको जस्तो खुलेआम भ्रष्टाचार हिजो थिएन। हिजोका दिनहरूमा भ्रष्ट व्यक्ति थिएनन् भन्न खोजिएको होइन, तर तिनीहरूमा सरम भन्ने वस्तु थियो जो उनीहरूको मनमस्तिष्कबाट हटिसकेको थिएन। तिनीहरू आपसमा सोच्ने र भन्ने गर्थे – 'घूस खानु पाप हो।' यसका अतिरिक्त भोलि मर्नुपर्छ भन्ने धर्मको चेष्टा पनि थियो। यस्ता धार्मिक तथा सामाजिक भयका कारण पनि केही हदसम्म भ्रष्टाचारमा नियन्त्रण हुने गर्थ्यो। (पृष्ठ १२)

**भ्रष्टाचारको प्रेरक वर्ग**

पदमा पुगेपछि आर्थिक लाभ अनिवार्य जुट्ने र जुटाउने मनस्थिति बोकेका पार्टीनेता, कार्यकर्ता तथा पढे-लेखेका देखावा शिक्षितवर्ग नै यसका प्रेरक तत्त्व हुन्, जुन समुदायलाई जनता र मुलुकले विश्वास सुम्पिनुपर्छ। (पृष्ठ १४)

**भ्रष्टाचारको फराकिलो परिभाषाको आवश्यकता**

तलबले खान नपुग्दा काम गरी रिझाएर पुरस्कारको आशा राख्ने तल्लो वर्गका कर्मचारी, आर्थिक लाभ लिने उद्देश्य राखेर मसिनो बोली बोल्दै जनता र सरकार झुक्याउन सिपालु कर्मचारी, बदनियत नै राखेर आफूले पाएको अधिकार दुरुपयोग गर्ने भ्रष्टाचारी, ढिलासुस्ती वा विपरीत कार्य गर्ने मनोवृत्ति राख्ने राष्ट्रसेवकका नाउँमा कार्यरत देशद्रोही, सरकारलाई हानिनोक्सानी नपुऱ्याई व्यापारीहरूको कमजोरीको आडमा अर्थसङ्कलन गर्ने बाठा कर्मचारी, खुलेआम मुलुकको राजस्व मार्ने काम गर्ने अख्तियारसम्पन्न अधिकारी,

अल्पबुद्धिको आडमा गरेको निर्णयले मुलुक र जनतालाई पर्न जाने वा पार्ने सत्तासीन पदाधिकारी तथा जानाजान जनता र मुलुकलाई धोका दिई व्यक्तिगत वा सामूहिक लाभ पुऱ्याउने राजनेता एवं राजनीतिक व्यक्तिहरू आदिलाई भ्रष्टाचारको परिधिभित्र समावेश गरी छुट्टाछुट्टै परिभाषित गर्नुपर्ने आवश्यकता भएको छ। भ्रष्टाचारको व्यापकतालाई अर्थमा सीमित नगराएसम्म यसको मर्मलाई बुझ्न कठिन हुनेछ। (पृष्ठ १४)

**कमिसन लिनु-खानु अपराध हो**

भ्रष्टाचारीहरू कमिसनलाई भ्रष्टाचार मान्न तयार छैनन्। वर्तमानको विवादमा एकले भन्छ कमिसन खानु भ्रष्टाचार हो, तर अर्कोले भन्छ यो विश्वव्यापी आम रूपमा स्वीकार्य भएको हुँदा भ्रष्टाचार होइन। यो विवादको टुङ्गो पनि चाँडै नै नलगाएमा भोलि कमिसनको गलत व्याख्या लगाएर आजका राजनेताहरूले भोलि मुलुकलाई नै विप्लव गराउन बेर लगाउँदैनन्। (पृष्ठ १४)

**भ्रष्टाचार हिजो : लूट आज**

अस्ति घूस चल्थ्यो, हिजो भ्रष्टाचार चल्यो र आज लूट चलिरहेको छ। घूस खानेलाई घुस्याहा भन्दा लज्जित हुन्थे र शिर निहुऱ्याएर हिँड्थे। भ्रष्टाचार गर्नेलाई भ्रष्टाचारी भन्दा छाती तन्काएर भ्रष्टाचारको परिभाषा माग्छन्, जवाफशून्य भएपछि नवधनाढ्य कहलिन्छन्। यसै प्रकार सबैको मान बढ्दै गयो। हिजोको भ्रष्टाचार आज लूटमा परिणत भयो। (पृ. १६)

**भ्रष्टाचारको कारणले तानाशाही उत्पत्ति हुन्छ**

सङ्क्रामक रोगका रूपमा मानसिक विकृतिको रोग 'भ्रष्टाचार' ले गरिब एवम् विकासोन्मुख सबैजसो मुलुकहरूलाई ढपक्क ढाकिसक्यो। यो नयाँ रोगको उपचार-विधि के हो ? कसरी निदान गर्ने ? यी प्रश्नहरू उत्तररहित भएर बसेका छन्। त्यसैले हामीजस्ता विकासोन्मुख मुलुकमा समय-समयमा तानाशाहीले टाउको उठाउने गर्छ। (पृष्ठ १७)

**भ्रष्टाचारका मूल नायक**

विश्वको राजनीतिक परिप्रेक्ष्यमा जब दुई महाशक्तिहरूले साना, गरिब एवम् विकासोन्मुख राष्ट्रहरूलाई आ□नो ढाल बनाई राजनीतिको आडमा अवसर छोप्ने खेल सुरु गरे, त्यहीँदेखि गरिब देशमा धनी राजनेताहरू पैदा हुन थाले। राजनेतालाई भ्रष्ट बनाइदिएपछि आ□नो स्वार्थ सजिलै पूरा गर्दै शक्तिसम्पन्न राष्ट्र झन् सम्पन्न हुँदै गए भने गरिब राष्ट्र झन्-झन् गरिब हुँदै उनीहरूकै आशामुखी भएर बाँच्न बाध्य भए। (पृष्ठ १७-१८)

**प्रजातन्त्रको गलत अर्थ र भ्रष्टाचारको विकास**

सत्ताको दुरुपयोग र राष्ट्रिय धनको शोषणद्वारा मुट्ठीभर व्यक्तिहरू राज्यसत्ता कब्जा गर्न समर्थ भए। यो घिनलाग्दो खेललाई प्रजातान्त्रिक अभ्यास गरेको भनी दलिल पेस गर्न थालियो। निमुखा र गरिब जनता पनि सत्तासीन व्यक्तिहरूले अर्थ-सङ्कलन गर्न पाउनुपर्छ र ती अन्य साधारण जनताभन्दा बेग्लै वर्ग हो तथा समाजमा उनीहरूको भिन्नै अस्तित्व कायम हुनुपर्दछ भन्ने मनस्थितिको सिकारमा परे। (पृष्ठ १८)

**पानी र भ्रष्टाचार एकै प्रकृतिका**



पानीको प्रकृति हुन्छ माथिबाट तल झर्नु। त्यस्तै, भ्रष्टाचार पनि माथि सुरु नभई तल देखा नै पर्दैन। पानीको मूल नै विषाक्त भएपछि स्वच्छ पानीको आशा राख्नु मूर्खता हो। (पृष्ठ १८)

**भ्रष्टाचारविरुद्ध सबै क्षेत्र क्रियाशील रहनुपर्छ**

भ्रष्टाचार संस्थागत रूपमा झाङ्गिएर सर्वत्र यसको जरा फैलिएको अवस्थामा नैतिकता, वैधानिक जिम्मेवारी, पदीय दायित्व वा कर्तव्य तथा नीतिगत मूल्यको कुरा उक्साउनु व्यर्थ हुनेछ, तर पनि चुप लागेर बस्ता त्यस्ता भ्रष्टाचारी समूहलाई बल पुग्न जाने हुन्छ। त्यसैले यसबारेमा सबै बुद्धिजीवी, चिन्तक, पत्रकार र राष्ट्रवादी समूहले बोल्ने, लेख्ने वा औँल्याउने कार्यलाई निरन्तरता दिइरहनुपर्छ र यसको खुलेर विरोध गर्ने वातावरण तयार हुनुपर्छ। (पृष्ठ १९)

**भ्रष्टाचार-नियन्त्रणमा प्रबल इच्छाशक्तिको खाँचो**

केवल भ्रष्टाचार-नियन्त्रण गर्छु भन्ने प्रबल इच्छाशक्ति बोकेको राजनेताको मात्र खाँचो छ। (पृष्ठ २२)

**भ्रष्टाचारमा कमजोर राजनेता फस्छन्**

जहाँ अशिक्षित र गरिब नागरिकहरूको बसोबास छ, जहाँ आर्थिक विकासको अत्यन्तै खाँचो छ र मान्छे भएर बाँच्ने आधारभूत आवश्यकता परिपूर्ति गर्नु नितान्त अनिवार्य छ, त्यस्तो मुलुक सञ्चालन गर्ने जिम्मा लिएका र लिन खोज्ने अवसरवादीको जमातलाई यो रोगले बढो चाँडो आक्रमण गर्ने गरेको छ। सत्तामा पुगेका र पुग्ने कोसिसमा लागेका सम्पूर्ण राजनीतिकर्मीहरू यो सरुवा रोगको लपेटामा फस्न पुगेका छन्। (पृष्ठ २३)

**नैतिकवान् र इमान्दार राजनेता हुनुपर्छ**

यो विश्वमा धेरै कम राजनेता मात्र नैतिक र इमानदार देखिएका छन्। अधिकांश राजनीतिक नेताहरू लुच्चा र चटकीजस्ता भएर जनतालाई झुक्याई आफू मात्र बन्ने काम गरिरहेका छन्। (पृष्ठ २३)

**सम्पन्न मुलुकका कर्मचारीको बदनियत**

भ्रष्टाचारको वातावरणलाई कायम राख्ने काम विश्वमा संस्थापित वित्तीय संस्थाहरू र सम्पन्न मुलुकका सरकारमा कार्यरत कतिपय कर्मचारीको बदनियतपूर्ण कार्यले गरेको छ। गरिब मुलुकका सरकार र सरकारसँग सम्बद्ध निकायहरूमा भ्रष्टाचार व्याप्त भएको महसुस गरेर विश्वका धेरै संस्थाहरू यसप्रति चिन्तित हुन थालेको पनि देखिएको छ। तर यस्ता संस्थाहरूले पनि भ्रष्टाचारको निराकरणको उपाय यही हो र यसै गरी नियन्त्रण गर्नुपर्छ भनेर किटान भने गर्न सकेका छैनन्। हुन पनि यो रोग शरीरसँग सम्बन्धित नभएर भावनासँग सम्बन्धित भएको कारण छिट्टै र चाँडै उपाय पहिल्याउन गाह्रै हुन्छ। (पृष्ठ २३)

**भ्रष्टाचार र प्रजातन्त्रको सम्बन्ध**

भ्रष्टाचार-नियन्त्रणबिना राजनीतिक वातावरण स्थिर हुन सक्तैन। अस्थिर राजनीतिक वातावरणमा देशविकास सम्भव छैन। देशको आर्थिक विकासबिना सर्वसाधारण जनताको जीवनस्तर उठ्न सक्तैन। जनताको जीवनस्तर उठाउन नसक्ने व्यवस्था कुनै पनि हालतमा 'प्रजातन्त्र' हो भनेर प्रमाणित हुन सक्तैन। (पृष्ठ २४)

**भ्रष्टाचार कानुनी प्रमाणभन्दा बाहिर**

मुलुक र समाज जति नयाँ युगमा प्रवेश गर्दै गयो, भ्रष्टाचारको रूप पनि बदलिँदै जटिल रूपमा प्रस्तुत हुन थाल्यो। घूस लिएको दिएको वा भ्रष्टाचार गरेको कुनै ठोस कानुनी प्रमाण हुँदैन, केवल घूस खाने र खुवाउने व्यक्तिको जीवनस्तर बढ्दै र घट्तै गएको परिवर्तित अवस्थालाई विश्लेषण गरेर किटान गर्न सक्नुपर्छ। यसमा अदालतले अन्य अपराधको जस्तो प्रकृतिले प्रमाण जुटाउन सक्तैन। (पृष्ठ २६)

**भ्रष्टाचारको जन्म र यसबाट मनपरीतन्त्रलाई बढावा**

राजनीतिमा संलग्न व्यक्तिहरूमा यो (आर्थिक रूपमा सम्पन्न हुने) इच्छा जाग्रत हुनु भनेको वर्तमानले स्वीकार गर्न खोजेको प्रजातन्त्र अर्थात् असल शासन-पद्धतिविरुद्धको वातावरण तयार हुनु हो। प्रजातन्त्रको चाहना राख्नेले भ्रष्टाचार-नियन्त्रणको विधिलाई हार्दिक रूपमा अङ्गिकार गर्नुपर्छ, अन्यथा प्रजातन्त्र मनपरीतन्त्रमा परिणत हुन्छ र मनपरीतन्त्र कुनै पनि मुलुकमा लामो अवधि टिक्न सक्तैन। त्यसैले प्रजातन्त्र र भ्रष्टाचार एकै साथ रहन र बाँच्न सक्तैनन्। (पृष्ठ २८)

**नेतृत्व वर्गलाई रोगको अतिक्रमण**

धेरै मुलुकका जिम्मेवार व्यक्तिहरू यसका सिकार हुन पुगेका छन् र भ्रष्टाचार गर्न विवश भएका छन्। चाहे ती सम्पन्न मुलुकका पढे-लेखेका विद्वान् होउन् वा गरिब मुलुकका सर्वहारा विद्वान् होउन्, सबै-सबै नै बिनापरिश्रम र बिनाविलम्ब आर्थिक रूपले सम्पन्न हुन लालायित देखिन्छन्। यो आधुनिक विश्वको नयाँ रोग हो। यो नयाँ समस्याले विश्वका सबैजसो राजनीतिक समुदायलाई नराम्रोसँग प्रभावित पारेको छ र सबैजसो राजनीतिक नेताहरूको मनमस्तिष्कलाई यसले आफूतर्फ खिच्न समर्थ भएको छ। (पृष्ठ २८)

**भ्रष्टाचारको जन्म**

विकासोन्मुख मुलुक, जहाँ अशिक्षित र गरिब नागरिकहरूको बसोबास छ र जहाँ आर्थिक रूपमा विपन्न वर्गको बाहुल्य छ, त्यहाँ यो भ्रष्टाचारको रोगले चाँडो अतिक्रमण गर्छ र गर्ने गरेको छ। किनभने त्यस्ता मुलुकमा विकासको अत्यन्तै खाँचो हुन्छ र मान्छे भएर बाँच्ने आधारभूत आवश्यकता परिपूर्ति गर्नु नितान्त अनिवार्य हुन्छ। त्यस्तो समयमा आन्तरिक र बाह्य जुनसुकै स्रोतबाट भए पनि रकम जुटाएर विकासका लागि लगानी गर्नुपर्ने हुन्छ। त्यस्तो जुटाउनुपर्ने रकम सहयोग वा ऋण केही पनि हुन सक्छ। त्यो रकम जुटाउँदा संलग्न व्यक्तिहरूको मनोभावमा आएको र आउने विकृतिले नै भ्रष्टाचारलाई जन्म दिन्छ। (पृष्ठ २८ – २९)

**भ्रष्टाचारको गर्भाधान**

सम्पन्न मुलुक अर्थात् दातृ मुलुकका सहयोग वा ऋण रकमको निकासा गर्ने जिम्मा पाएकाहरूका गिद्धेदृष्टिकै कारण भ्रष्टाचारको गर्भाधान हुन्छ। (पृष्ठ २९)

**भ्रष्टाचारको गतिसँग सरकार-परिवर्तनको गतिको सामन्जस्य**

अल्पविकसित एवं विकासोन्मुख मुलुकमा सरकार परिवर्तन भइरहने कारण समाजमा व्याप्त भ्रष्टाचार हो। तर यो सरकार परिवर्तनको विन्दुको दूरीलाई भने त्यहाँको भ्रष्टाचारको फैलावटले निश्चित गरेको हुन्छ। अर्थात् भ्रष्टाचार ज्यादै तीव्र गतिले अगाडि बढिरहेको भए परिवर्तनको अवधि छोटिन्छ र भ्रष्टाचारको गति कम भएको भए सत्तापरिवर्तनको अवधि केही लम्बिन सक्छ। परिवर्तन भने निश्चय हुन्छ। परिवर्तनले अस्थिरता कायम गर्छ र अस्थिरताले अविश्वास जन्माउँछ। अविश्वासको साथमा अनैतिकता



जोडिन्छ। यी सबै सत्तापरिवर्तनका लागि भ्रष्टाचारले निम्त्याएर ल्याउने तत्त्वहरू हुन्। (पृष्ठ ३२)

अस्थिरताको कारण भ्रष्टाचार

भ्रष्टाचारव्याप्त समाजले मुलुकमा राजनीतिक स्थिर वातावरण रचना गर्न सक्तैन र राजनीतिक रूपले अस्थिर समाजले विकासको बाटो समाउन र उन्नतितर्फ लम्कन पनि सक्तैन। त्यसैले ती मुलुक, जो अस्थिर राजनीतिक वातावरणमा लपेटिएका छन्, का प्रमुख तथा प्राथमिक कार्य नै भ्रष्टाचार-नियन्त्रण हो। (पृष्ठ ३२)

**भ्रष्टाचार गर्न मन्त्रालय छनोट**

बढी ऋण-सहयोगले चल्ने मन्त्रालयबाहेक अन्य मन्त्रालयमा मन्त्री नहुने अडानमा बस्ने निर्लज्ज व्यक्तिहरू पनि देखिए। (पृष्ठ ३४)

**भ्रष्टाचारबाट धनी मस्तिष्कमा तालाबन्दी**

राजनीतिक रूपमा असफल भएका राष्ट्रहरूले स-साना राज्यलाई दयाको भिख दिने र आर्थिक सहयोग गर्ने नयाँ योजना बनाए। यसले ती मुलुकप्रति आकर्षण कायम राख्न सफल त भए, तर पनि त्यसबाट चित्त नबुझाई ती गरिब राष्ट्रका धनी मस्तिष्कलाई तालाबन्दी गर्ने अनेकानेक योजनाहरू सञ्चालन गर्न थाले। आज त्यसैको फलस्वरूप विश्वका अल्पविकसित र विकासोन्मुख राष्ट्रहरू भ्रष्टाचारको दलदलमा फसेका छन्। (पृष्ठ ३५)

**भ्रष्टाचारको कारणले परतन्त्रता स्वीकार्नुपर्छ**

भ्रष्टाचारले ग्रस्त कुनै पनि मुलुकका सम्पूर्ण जनता र मुलुकको भविष्य अनिश्चित बाटोमा डोरिएको हुन्छ। राज्यले गर्ने सबै काम बन्द हुन्छन्। राज्यसत्ता सधैं अर्को मुलुकको भरमा रहनुपर्ने हुन्छ। राजनीतिक रूपले हेर्दा स्वतन्त्र भए पनि वास्तविक रूपमा त्यस राज्यले परतन्त्रलाई बाध्यताका साथ स्वीकार गर्नुपर्ने परिस्थिति सिर्जना हुन्छ। (पृष्ठ ३५)

**भ्रष्टाचारविरुद्ध अध्ययन-अध्यापन आवश्यक**

भ्रष्टाचारविरुद्धका विषयमा विश्वका कुनै पनि विश्वविद्यालयले आजसम्म पठनपाठन सुरु गराएका छैनन्। त्यसो हुँदैमा यो अध्ययनको विषयमा पर्दैन भन्न मिल्दैन। भ्रष्टाचार सामाजिक समस्याका रूपमा खडा भएको छ भने आर्थिक अवरोधक पनि साबित भइसकेको छ, यति मात्र होइन कानुनी राज्य र सुशासनलाई स्पष्ट हाँक दिइसकेको छ। यस परिप्रेक्ष्यमा विषयको महत्ता र गाम्भीर्यलाई हेरी यसको अध्ययन आवश्यक भएको छ। (पृ. ३७)

**नवीन अध्ययन सुरु गर्न-गराउन मिल्छ**

भ्रष्टाचारविरुद्धको नौलो विषयको अध्ययन सुरु गराएर यसको पहिचान र आवश्यकतालाई हामीले चाँडोभन्दा चाँडो विश्वका अन्य विश्वविद्यालयमा पुऱ्याउनुपरेको छ। यो असम्भव छैन। कारण केही वर्षअघिसम्म व्यवस्थापन र वातावरणविज्ञानको पहिचान नपाएका विश्वसमुदायले तिनलाई सर्वस्वीकृति प्रदान गरिसकेका छन्। (पृष्ठ ३७)

**भ्रष्टाचार नदेखिने अपराध**

(भ्रष्टाचार) नदेखिने अपराध हो भन्ने बुझेर वा प्रमाण जुटाउन सकिन्न भन्ने जानकारी पाइसकेपछि पनि यसको नियन्त्रणको उपाय नखोज्नु (हाम्रो) गल्ती हो। (पृष्ठ ३९)

**भ्रष्टाचारबाट राज्य-आतङ्क**

सरकारमा बसेकाले भ्रष्टाचार भएको महसुस गरिसकेको राम्ररी देखिसकेपछि बुझ पचाएर जनतालाई धोका दिनु हुँदैन। सरकारमा सम्मिलित व्यक्तिको पूर्ण जानकारीमा योजनाको सत्तरी प्रतिशत रकम व्यक्तिगत सम्पत्तिमा परिणत भएको छ भने त्यो भ्रष्टाचार हुनुलाई आर्थिक क्षेत्रमा राज्य-आतङ्क भएको मान्नुपर्छ। (पृष्ठ ४२)

**भ्रष्टाचारबाट परतन्त्रता र अस्तित्वहीनता**

भ्रष्टाचारले ग्रस्त कुनै पनि मुलुकको सम्पूर्ण जनता र मुलुकको भविष्य अनिश्चित बाटोमा डोहोरिएको हुन्छ। राज्यले जनताका लागि गर्ने र गर्नुपर्ने काम बन्द हुनेछन्। राज्यसत्ता सधैँ विदेशी मुलुकको निगाहमा बाँच्नुपर्ने हुन्छ। राज्यले परतन्त्रलाई बाध्यताका साथ स्वीकार गर्नुपर्ने परिस्थितिको सिर्जना हुन्छ। त्यसपछि मुलुक र त्यहाँ बसोबास गर्ने जनताको कुनै इज्जत र अस्तित्व कायम रहन सक्तैन। (पृष्ठ ४६ – ४७)

**भ्रष्टाचार र अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरू**

सम्पन्न मुलुकको सरकारमा कार्यरत कतिपय कर्मचारीको कूटनीतिक दाउपेच र व्यक्तिगत लाभ लिने लालची प्रवृत्तिका कारणले पनि गरिब मुलुकका सरकारमा संलग्न व्यक्तिहरू भ्रष्ट भएका हुन्छन्। दातृ मुलुक र अन्य अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूको गलत नीतिका कारण पनि गरिब मुलुकका जिम्मेवार व्यक्तिहरू प्रभावित भएका हुन्छन्। यो कटु सत्यलाई पनि कसैले भुल्नु हुँदैन। (पृष्ठ ५०)

**भ्रष्टाचार नै आतङ्कवादको स्रोत**

मुलुकको राज्यव्यवस्थामा संलग्न व्यक्तिहरू स्वच्छ, इमानदार र नैतिकवान् हुनु अनिवार्य छ। ती व्यक्तिहरू बेइमान, अवसरवादी र अनैतिक भइदिए भने साधारण जनताको जीवनस्तर उठ्न सक्तैन। त्यसरी जनताको जीवनस्तर माथि उठ्न नसक्ने अवस्थामा सर्वसाधारण जनता पनि विद्रोहमा उत्रिन पुग्छन्। यही परिप्रेक्ष्यमा मुलुकमा आतङ्कवादले फैलन पाएको हो। (पृष्ठ ५०)

**भ्रष्टाचार विद्युत-प्रकृतिको हो**

विद्युत-प्रसारणजत्तिकै तेजिलो र द्रुतगतिमा यसले आफ्नो प्रभावलाई जमाएको हुन्छ। यसको प्रभावमा एक पटक जो पर्छ, त्यसको अस्तित्व नै समाप्त गरी यसले रूपान्तरित गराइदिन्छ। (पृष्ठ ५१)

**प्रजातन्त्र अराजकतामा रूपान्तरित**

प्रजातन्त्रमा कानुनले राज गर्नुपर्छ, व्यक्ति वा समूहले होइन। तर यहाँ दल र समूहले राज गर्नुपर्छ भन्ने धारणाको विकास भएकोले अन्योलको वातावरण सिर्जना भएको हो। यसको निर्क्योल चाँडो नगरे यस्तै अराजकतालाई प्रजातन्त्रको सङ्ज्ञा दिएर सत्तासीनहरू लुटपाट गर्न व्यस्त रहन सक्छन्। (पृष्ठ ५६)

**कमिसनको चलखेलको प्रभाव**

कानुनको पालना गर्दा कुनै पनि कार्य सामान्य देखिन्छ भने कानुनभन्दा बाहिर गएर काम-कारवाही गर्दा सर्वत्र हलचल मच्चिन्छ। अझ कमिसनको चलखेल हुने खरिद-बिक्रीमा त मुलुक मात्र होइन, विश्वका अन्य मुलुकहरूसमेत प्रभावित हुने गर्छन्। (पृष्ठ ५८ – ५९)

**संस्थागत विकासको परिणाम**



भ्रष्टाचार संस्थागत रूपमा झाङ्गिएर सर्वत्र यसको जरा फैलिएको अवस्थामा नैतिकता, संवैधानिकता वा वैधानिक जिम्मेवारी र नीतिगत मूल्यको कुरा उठाउनु व्यर्थ हुनेछ। (पृष्ठ ६२)

**कानुनले नसमाते पनि अपराध हुन्छ**

कतिपय अपराध कानुनले नियन्त्रण गर्न सक्छ त कतिपय कानुनको नजरभन्दा बाहिर हुन्छ। कुनै कुरा कानुनले स्पष्ट समात्न सकेन भन्दैमा त्यो अपराध होइन भन्न मिल्दैन। (पृष्ठ ६३)

**राज्यकोषबाट दोहोरो सुविधा लिनु अनैतिक**

एक व्यक्तिको भरणपोषणका लागि राज्यकोषबाट दोहोरो रकम प्राप्त गर्ने गरिएको छ, जो पूर्ण रूपमा अवैध छ र नैतिकताका दृष्टिले पनि अमान्य छ। (पृष्ठ ६४)

**राज्यकोषबाट दोहोरो रकम लिनु अपराध**

राज्यकोषबाट दोहोरो रकम एकै व्यक्तिले बुझिलिनु अपराध हो र भ्रष्टाचार हो। (पृष्ठ ६५)

**घिनलाग्दो खेल प्रजातन्त्र भयो**

सत्ताको दुरुपयोग र राष्ट्रिय धनको शोषणद्वारा व्यक्तिहरूले राज्यसत्ता कब्जा गर्न समर्थ भए। यो घिनलाग्दो खेललाई प्रजातान्त्रिक अभ्यास गरेको दलिल पेस गर्न थालियो। (पृष्ठ ६७)

**उदारीकरणको नाउँमा भ्रष्टाचार**

अर्थतन्त्रमा उदारीकरण नीतिको अख्तियारी भनेको सार्वजनिक सम्पत्ति बिक्री गर्नु होइन र मुलुकले जनहितका लागि चलाएको उद्योग वा सेवालाई निजी क्षेत्रमा हस्तान्तरण गर्नु पनि होइन। (पृष्ठ ७२)

**आर्थिक उदारीकरणको गलत अर्थ**

प्रजातान्त्रिक सरकारले उद्योग चलाउँदैन र बन्द-व्यापार गर्दैन भन्ने कुरा केही हदसम्म सत्य हो तर हाम्रो जस्तो मुलुक, जहाँका असी प्रतिशत जनता अशिक्षित छन् र पन्चानब्बे प्रतिशत जनता गरिबीले सताइएका छन्, त्यस मुलुकमा सारा उद्योगधन्दा र व्यापारका सबै क्षेत्र निजी क्षेत्रलाई सुम्पने हो भने मुलुक र जनता दुवै ती खुङ्खार व्यापारीहरूबाट शोषित हुन पुग्छन्। (पृष्ठ ७३)

**वैधानिकताको प्रश्न**

वैधता भन्ने कानुनमा मात्र लेखिने वस्तु होइन र अदालतको बेन्चले बोल्ने निर्णय मात्र पनि होइन, यो त जनजीवनले स्वीकार गर्न सक्ने र अङ्गिकार गरेको सम्पत्ति पनि हो। (पृष्ठ ८०)

**अनिवार्य वस्तुको निःशुल्क प्राप्ति नै प्रजातन्त्रको उपभोग**

शिक्षा, स्वास्थ्य र न्यायजस्ता आधारभूत र मानवीय जीवनका अनिवार्य आवश्यक वस्तु जुन मुलुकका जनताले निःशुल्क प्राप्त गर्छन् ती मुलुकका जनताले नै वास्तविक प्रजातन्त्रको उपभोग गर्न पाएका हुन्छन्। (पृष्ठ ८७)

**शैक्षिक माफियाको बिगबिगी**

निजी विद्यालय र महाविद्यालयहरूमा शैक्षिक माफियाहरूको प्रत्यक्ष वा परोक्ष हात भएको कारणले गर्दा शिक्षाक्षेत्रमा जुनसुकै सुधारका नीति लागू गर्न खोजिए पनि ती सुधारका कार्यक्रमहरू बीचैमा तुहिने गरेको व्यहोरा कसैबाट छिपेको छैन। (पृष्ठ ८८ – ८९)

**जनप्रतिनिधिले राष्ट्रघाती हुनुपर्ने अवस्था**

कुनै पनि जनप्रतिनिधिले जनताको सेवा र मुलुकको विकासकोषलाई बेवास्ता गरी आफू मात्र बन्ने कार्य गरेको र विश्वासघात गरी धनसङ्कलन गर्ने कार्य गरेको ठहर हुन आएमा तिनीहरूलाई भ्रष्टाचारी मात्र होइन, राष्ट्रघातीको घोषणा गरेर उचित दण्ड दिने व्यवस्था गर्नुपर्ने खाँचो देखिएको छ। (पृष्ठ ९५)

**भ्रष्टाचार र न्यायपालिका**

यो मुलुकमा भ्रष्टाचार उच्च पदमा बहाल भएका व्यक्तिहरूबाट सुरु भएको कसैबाट छिपेको छैन, त्यसैले कार्यपालिकामा मन्त्री र न्यायपालिकामा न्यायाधीशले छूट पाउने हो भने यहाँ भ्रष्टाचारको कार्यवाही देखावा मात्र हुनेछ। स्मरण रहोस्, मन्त्रिपरिषद्ले सधैं नीतिगत र कार्यगत निर्णय लिने गरेको हुन्छ। त्यही कार्यान्वयनमा गएपछि भ्रष्टाचार हुने गर्छ। त्यस्तै, न्यायाधीशले भ्रष्टाचार न्यायिक काम-कारवाहीकै सिलसिलामा गरेका हुन्छन्। (पृ १०१-१०२)

**तस्करीबाट राज्य-आतङ्कको जन्म**

जुन मुलुकमा तस्कर फस्टाएका हुन्छन्, त्यो मुलुकका राज्यसत्ता र राज्यकोष दुवै कमजोर हुन्छन्, साथै मुलुकमा गरिबी बढेर बहुसङ्ख्यक जनता अभावग्रस्त हुन पुग्छन्। अन्तमा राज्यका नागरिकहरूमा हुने र नहुनेका बीचको दूरी बढ्न थाल्छ र त्यसैले राज्यआतङ्कलाई जन्म दिन्छ। (पृ० १०३)

**बेरुजु र भ्रष्टाचार**

सबै बेरुजु भ्रष्टाचार हुँदैन। तर बेरुजु भ्रष्टाचारको प्रारम्भिक खुड्किलो भने पक्का हो। (पृष्ठ १०९)

**न्यायाधीश हिँड्नुपर्ने विवेकबाट**

न्यायाधीशको कुनै सम्बन्धी हुँदैन, मन परेका वा मन नपरेका विषय हुँदैनन्, पूर्वाग्रह र नियोजित नियत मस्तिष्कमा कहिल्यै राख्नु हुँदैन र कसैलाई तेजोबध गर्ने सङ्कीर्ण मन हुनु हुँदैन। न्यायाधीशको पदमा आसीन कुनै पनि व्यक्ति यो साधारण सामाजिक बन्धनबाट पूर्ण मुक्त भएको हुनुपर्छ, अनि मात्र त्यसले न्यायमूर्तिको रूपमा न्याय बोल्न सक्छ। सामाजिक बन्धनबाट मुक्त छ र आर्थिक प्रलोभनमा फसेको छैन भने एउटा अनपढ पनि न्यायमूर्ति हुन सक्छ। त्यसैले भनिने गर्छ – न्यायाधीश विद्वान् हुनुभन्दा बढी विवेकी हुनुपर्छ। (पृ ११३)

**अदालतको अर्थ**

अदालत त त्यो हो जति खेर न्यायिक निर्णय दिनका लागि न्यायाधीश पद धारण गरेका व्यक्तिले तोकिएको समयमा विधिवत इजलास कायम गर्छन्। (पृष्ठ ११३)

**न्यायाधीशप्रतिको साँघुरो सोच**



न्यायाधीशहरूले कहिल्यै गल्ती गर्दैनन्, परिवारको माझमा रहँदा पनि न्यायाधीश नै भएर रहन्छन् र राति सुत्दा पनि न्यायाधीश भएर नै सुत्छन् भन्ने साँघुरो सोचबाट उठ्नुपरेको छ। (पृष्ठ ११३)

**भ्रष्टाचारमा संलग्न हुन्छ न्यायाधीश पनि**

न्यायाधीश पद धारण गर्ने व्यक्ति पनि यो देशका अन्य नागरिकसरहकै हुन्। यो भ्रष्टाचारयुक्त समाजमा बसोवास गर्ने कुनै पनि सदस्य भ्रष्टाचारबाट मुक्त हुन सक्तैन र भ्रष्टाचारमा प्रत्यक्ष वा परोक्ष रूपमा संलग्न हुन सक्छ। (पृष्ठ ११४)

**न्यायाधीश भन्दैमा पवित्र भन्न मिल्दैन**

न्यायपरिषद्बाट कुनै पनि न्यायाधीशलाई कारवाही भएको छैन। न्यायाधीशहरू कारवाहीमा परेका छैनन् भन्दैमा सबै न्यायाधीशहरू गङ्गाजलले धोइएका पवित्र वस्तु हुन् भनेर मान्न मिल्दैन। (पृष्ठ ११४)

**कर्तव्यपालन आवश्यक**

अधिकारको खोजी गर्ने हरेक व्यक्ति वा निकायले एक पटक गम्भीरताका साथ पछाडि फर्केर आफूले कर्तव्यपालन गर्दा इमानदारीपूर्वक गरेको छ-छैन भन्नेबारेमा नियाल्ने बानी बसाल्नुपर्छ। अधिकार मात्र एकोहोरो प्रयोग गर्ने बानी बसेका उच्च पदाधिकारीहरू कर्तव्यको बोध नहुँदा अनावश्यक उल्झनमा फस्न पुग्छन्। (पृष्ठ ११५)

**राजनीतिक व्यक्तिहरूको कवच**

इमानदारी र जिम्मेवारीलाई सधैं राजनीतिक नेता तथा कार्यकर्ताले कवचका रूपमा प्रयोग गर्न सक्नुपर्छ, तब मात्र योग्य र कुशल राजनीतिज्ञ बन्न सकिन्छ भन्ने सत्यतालाई राजनीतिमा संलग्न व्यक्तिहरूले भुल्नु हुँदैन। (पृष्ठ १३८)

**प्रजातान्त्रिक दलभित्र अप्रजातान्त्रिक क्रियाकलाप**

सत्यतालाई नछोड्ने समूह सम्मिलित राजनीतिक पार्टीले सबैतर्फ सफलता हासिल गरेको हुन्छ भने जथाभावी अवसर खोज्ने र छोप्नेको समूह भएको राजनीतिक दलले भने आ□नो दल मात्र होइन, त्यस मुलुक र जनता दुवैलाई विपतमा पारी असफलताको सङ्घारमा लगेर उभ्याइदिएको हुन्छ। यो मुलुकमा त्यस्तै अवसर छोप्ने र खोज्नेहरूका समूह नै दलहरूमा हावी भएका छन् र दलका माध्यमद्वारा सत्तामा पुगेका छन्। सत्तामा पुगेपछि टिकिरहन जति पनि अवैधानिक र गैरकानुनी कार्य गरिरहेका छन्। विधिको शासन-सञ्चालन गर्ने जिम्मा लिएका प्रजातन्त्रवादीले एक पल्ट आ□नो क्रियाकलाप राम्ररी नियालेर हेरे जानकारी हुन्छ कि तिनीहरूले कति अवैधानिक काम गरी मुलुक र जनतालाई धोका दिएका छन्। (पृष्ठ १५०)

**नाउँको प्रजातन्त्र र वास्तविक प्रजातन्त्र**

त्यही (संसदीय) व्यवस्थाले क्रूर तथा शोषणयुक्त शासन-सञ्चालन गर्न निर्देश पनि गऱ्यो। त्यसैले विश्वराजनीतिक क्षितिजमा नाउँको प्रजातन्त्रले मात्र वास्तविक प्रजातन्त्रको स्थापना गर्न सक्तो रहेनछ भन्ने प्रमाणहरू पनि प्रशस्त देखिन थाल्यो। (पृष्ठ १५७)

**भ्रष्टाचार-नियन्त्रणका बाधक तत्त्वहरू**

कानुनको अभाव, मानव-अधिकारको नारा र संविधानले ग्यारेन्टी प्रदान गरेका मौलिक हकहरू आदि नै भ्रष्टाचार-नियन्त्रणका बाधक तत्त्वहरू हुन्। (पृष्ठ १६२)

**माओवादीसँगको वार्ता**

सर्वप्रथम पूर्वशासकहरूलाई भ्रष्टाचारमा कार्यवाही सुरु गरी भ्रष्टाचारबाट आर्जित सम्पत्तिलाई राष्ट्रियकरण गरेर राज्यकोषमा त्यो सम्पत्ति जम्मा गरेपछि मात्र माओवादीसँगको वार्ताका लागि बाटो सहज हुनेछ। (पृष्ठ १६३)

**राजनीतिक दलमा प्रजातान्त्रिक गुणको अभाव**

राजनीतिक दलहरूमा प्रजातान्त्रिक गुण नै छैन। त्याग, सहनशीलता, अनुशासन, राजनीतिक सिद्धान्तमाथि आस्था र राष्ट्रप्रति प्रेम भन्ने कुन वस्तु हो भन्ने पनि राजनीतिक नेताहरूमा ज्ञान भएजस्तो लागेन। (पृ. १६५)

**राजनीति व्यापारिक पेसा होइन**

राजनीतिलाई व्यापारिक पेसाका रूपमा ग्रहण गरेको र सत्ताप्राप्तिलाई व्यवसाय सञ्चालनको थलो बनाएको कारण यहाँका सबै राजनीतिक दलहरूमा छुट्ने, फुट्ने र जुट्ने कार्य भइरहेको देखियो। (पृष्ठ १६५)

**राजनीतिक दल जनता होइनन्**

राजनीतिक दल भनेको एक किसिमको राजनीतिक विचार बोक्ने समूह हो भने त्यसमा सम्मिलित व्यक्ति सर्वसाधारण जनताभन्दा भिन्नै उद्देश्य लिएर हिँड्ने क्रियाशील व्यक्तित्व मात्र हुन्। (पृष्ठ १६७)

**राजनीतिको मूल मियो**

कुनै पनि प्रजातान्त्रिक मुलुकमा राजनीतिको मूल मियो जनताको चेतनाको केन्द्रविन्दुमा उभिएको हुनुपर्छ र जनताको सर्वाङ्गीण विकासको परिवेशको धुरीभित्र मात्र घुमेको हुनुपर्छ। राजनीतिक व्यवस्थालाई जनताबाट अलग गराएर वा बेग्लै किसिमबाट अर्थ्याएर प्रयोग गर्न मिल्दैन। त्यसैले जहिले पनि जनता राजनीतिको केन्द्रविन्दु हुनुपर्छ। ( पृष्ठ १६८)

**प्रजातन्त्रको आवश्यकता जनताका लागि**

प्रजातान्त्रिक मुलुकको सरकारले जहिले पनि मुलुक र जनताको शान्तिसुरक्षा कायम गरी त्यसको प्रतिफल सर्वसाधारण जनतामा पुऱ्याउन सक्नुपर्छ। प्रजातन्त्रको आवश्यकता मुलुक र जनताको सर्वोपरि हितका लागि भएको हो। मुलुकमा चलेको राजनीतिक व्यवस्थाले मुलुक र जनताको हित र उन्नति गर्न सक्तैन भने त्यो राजनीतिक व्यवस्था मुलुक र जनताका लागि अहितकर साबित हुन्छ र चलेको राजनीतिक व्यवस्था अप्रजातान्त्रिक घोषित हुन सक्छ। विश्वमा विभिन्न किसिमका राजनीतिक व्यवस्था प्रतिपादन भएका छन्। त्यसको कार्यान्वयनपक्ष राम्रो भएमा र जनताको बढी हित गर्न सकेको खण्डमा त्यो राजनीतिक व्यवस्था प्रजातान्त्रिक ठहरिएको छ भने मुलुक र जनताको अहित र अवनति गर्ने राजनीतिक व्यवस्था अप्रजातान्त्रिक ठहर भएको छ। (पृष्ठ १६८ – १६९)



**राजनीतिक परिवर्तनको असर**

राजनीतिक वातावरण जब परिवर्तन हुन्छ, चौबीस घन्टाभित्र नै त्यसको राम्रो वा नराम्रो असर सबै क्षेत्रमा पर्न जान्छ र त्यो असरले एउटा नवीन वातावरणलाई जन्म दिन्छ। (पृष्ठ १७१)

**लूटतन्त्र, निजीतन्त्र र प्रजातन्त्र**

प्रजातान्त्रिक प्रणाली भनेको लुटतान्त्रिक प्रणाली होइन, जसले जे गरे पनि छुट हुने राजनीतिक व्यवस्था पनि होइन, साथै सार्वजनिक सम्पत्तिलाई निजी सम्पत्तिसरह उपभोग गर्न पाउने निजतान्त्रिक व्यवस्था पनि होइन। (पृष्ठ १७५)

**तोकिएको समयभित्र काम गर्न सक्नुपर्छ**

सरकारमा पुगेका दलीय नेताहरूले कहिल्यै सम्झन र बुझ्न सकेनन् कि उनीहरूलाई जनताले निश्चित समयावधिका लागि निश्चित काम तोकेर पठाएका हुन्छन् र उनीहरूले व्यवस्थित ऐन-कानुनको मर्यादाभित्र रहेर आ□नो कार्यकाल र निर्देशित कार्य सम्पन्न गरेर फर्कनुपर्छ। (पृष्ठ १७५)

**नाफामूलक संस्था बन्द हुने अवस्था**

राज्यकोषको पूँजीबाट सञ्चालित शानेवानिजस्तो नाफामूलक सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्छ भन्ने भावनाबाट वञ्चित आजका राजनीतिक दलका नेता तथा कार्यकर्ताका कारणले चार दशकअघिदेखि सञ्चालित शानेवानिको विमानसेवा बन्द हुने अवस्थामा पुगेको छ। (पृष्ठ १७६)

**जिम्मेवारी लिनुपर्ने**

जनताको नेतृत्व लिएर सत्तामा पुगेकाहरूले आ□नो कार्यकालमा भए-गरेका सबै गलत कामको जिम्मेवारी व्यक्तिगत रूपमा लिनुपर्छ। (पृष्ठ १७९)

**सत्तासीनले मनपरी गर्न हुँदैन**

बहुमतको सरकार छ भन्दैमा सत्तासीनले जे मनमा लाग्यो त्यो गर्न पाउने छुट व्यवस्थित संविधान र प्रचलित कानुनले दिन सक्तैन। कानुनभन्दा माथि बस्न खोज्दा जहिले पनि शिखरबाट झरेर फेदीमा पछारिन्छ। (पृष्ठ १८०)

**भ्रष्टाचारको जाँच गर्ने कसी तयार हुनुपर्ने**

सर्वत्र भ्रष्टाचार फैलिएको र यसै रोगले ग्रस्त समाजका सदस्य नै त्यस्ता भ्रष्टाचार नियन्त्रण गर्ने निकायका जिम्मेवार व्यक्ति हुने हुँदा तिनीहरूको नियत जाँच गर्ने कसी तयार नभएसम्म यी त्रुटिपूर्ण कार्यहरू दोहोरिनेछन्। (पृष्ठ १८९ – १९०)

**नेतृत्व असक्षममा हुँदाको असर**

अभ्रष्ट, नैतिक र दक्ष पुरुषले मात्र प्रजातन्त्र सञ्चालन गर्न सक्छ। भ्रष्ट, बेइमान र अदक्ष व्यक्तिहरूको राज्यमा बोलवाला चल्दा राज्यको राजनीतिक, आर्थिक र सामाजिक नुर गिर्छ। (पृष्ठ १९१)

**नित्तीय संस्थानप्रति कुदृष्टि**

वित्तीय सुधार गर्ने गहन जिम्मा लिएको बैङ्कमाथि नै सत्तासीनहरूको कुदृष्टि परेपछि सरकारी स्वामित्वका बैङ्कहरूको उँभो लाग्ने गति रोकिनु स्वाभाविक थियो। (पृष्ठ १९२)

**बैङ्क-व्यवसायको आकर्षण**

व्यापारीहरू बैङ्क-व्यवसायमा आकर्षित भएका छन्। बैङ्क-व्यवसायमा बिनालगानी जनताको धन सङ्कलन गरेर व्यवसाय सञ्चालन गर्न पाइन्छ। पाँच प्रतिशत मात्र व्याज दिने सर्तमा निक्षेपमा जम्मा गरेको जनताको रकम जनतासँग सुरक्षणमा सम्पत्ति पास गरेर लिई १६ प्रतिशत व्याज असुल गर्ने गरी लगानी गर्न पाइन्छ। (पृष्ठ १९७)

**बैङ्किङ पद्धति कायम राख्ने उपाय**

विदेशी कम्पनी निश्चित रूपमा व्यवसाय छोडेर जाने नै हो भन्नेमा नेपाल राष्ट्र बैङ्क पूर्णरूपेण विश्वस्त हुन सक्छ भने बैङ्किङ पद्धतिलाई कायम राख्न सो बैङ्कमा हस्तक्षेप गरी त्यस्ता भाग्न खोजेका (भगौडा) विदेशीको सेयर आफैँले खरिद गर्नुपर्छ। त्यसरी हस्तक्षेप गरी खरिद गरेको सेयरलाई ग्लोबल टेन्डरद्वारा अन्य त्यस्तै विदेशी बैङ्कलाई बढी भाउमा सेयर बिक्री गरेर बैङ्कलाई यथास्थितिमा कायम गर्न सक्नुपर्छ। (पृष्ठ २०० – २०१)

**जन्मजात ऋणी हुनुपर्ने अवस्था**

मुलुकको सम्पत्तिको रखवाला भ्रष्टाचारी भएपछि मुलुकको ढुकुटी मात्र निमिट्यान्नै पारी रित्याउने होइन, उल्टो ऋणको भार बोकाएर जन्मजात ऋणी बनाइदिन्छन्। (पृष्ठ २०२)

**सामन्तमा रूपान्तरित**

केही वर्षयता बैङ्कलाई घाटा र बैङ्ककर्मचारी र व्यापारीलाई फाइदा पुग्ने अनेकानेक बैँङ्कठगी-प्रकरणहरू क्रमैसँग रङ्ग र प्रकृति फेरिँदै देखा पर्न थालेका छन्। सरकारी लगानीको बैङ्कमा काम गर्ने कुनै पनि कर्मचारीको आर्थिक हैसियत कमजोर छैन। ती पहिलेका गाउँका व्याजको स्याज असुल गर्ने सामन्तमा रूपान्तरित भए। (पृष्ठ २०३)

**बैङ्कहरूको कार्य जनशोषण**

लगानी भएका उद्योगले साँवा-व्याज बुझाउन नसकेपछि बैङ्कलाई असर पर्छ र बैङ्कलाई असर पर्दा जनता मर्कामा पर्छ। त्यसैले सरकारी र निजी क्षेत्रका दुवै बैङ्कहरूले गरेको कार्य पृथक् प्रकृतिको देखिए तापनि नतिजा भ्रष्टाचार र जनशोषण देखिएका छन्। (पृष्ठ २०८)

❑

**ॐ शिवम् भूयात्ः**